नेकाप

२०७५

भदौ

अङ्क

५

नेपाल कानून पत्रिका

भाग-६० **२०७५ भदौ** अङ्क-५

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np, Web: www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत	- अध्यक्ष
मुख्य रजिस्ट्रार श्री राजनप्रसाद भट्टराई	- सदस्य
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय	- सदस्य
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	- सदस्य
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री रामप्रसाद पौडेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दीरा शाही
कम्प्युटर अधिकृत श्री बिक्रम प्रधान
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

प्रकाशित सङ्ख्या : २५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०७५... ... ... , नि.नं. ...., पृष्ठ ...

...... साल .... महिना ....

उदाहरणार्थ : *नेकाप,* २०७५, भदौ, नि.नं.१०००२, पृष्ठ ८११

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

सअ बुलेटिन, २०७५, ... १ वा २, पृष्ठ ...

...... साल .... महिना ....

उदाहरणार्थ : *सअ बुलेटिन*, २०७५, भदौ – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

www.supremecourt.gov.np

- यो वेभसाइट खोलेपछि दायाँतर्फ **प्रकाशनहरू** मा क्लिक गर्नुहोस् त्यसमा **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिन** देखिन्छ त्यसमा क्लिक गर्नुहोस्।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल नि:शुल्क डाउनलोड गर्न सकिनेछ।

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)
हेर्न, पढ्न तथा सुरक्षित गर्न
www.nkp.gov.np मा जानुहोला।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेभसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

मूल्य रू.४०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

विषय सूची

क्र. स.	नि.नं./इजलास/ विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	१०००२ पूर्ण उत्प्रेषण / परमादेश	अधिवक्ता विदुरप्रसाद अधिकारीसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	▪ बढुवा जस्तो नितान्त प्रशासनिक विषयमा मर्का पर्ने वा सो कार्यबाट हक हनन् भएको व्यक्ति मात्र बढुवाको विषयमा चुनौती दिँदै आउनुपर्ने हुन्छ । कानूनबमोजिम सेवासँग सम्बन्धित संगठनमा कार्यरत् कर्मचारीको पदोन्नतिको विषयलाई मर्का पर्ने पक्षले बाहेक चुनौती दिने हकदैया अन्य व्यक्तिमा रहन सक्ने देखिएन । यसरी विवादको विषयसँग कुनै पनि प्रकारको सम्बन्ध नरहेको विषयवस्तुलाई सार्वजनिक सरोकारको विषयको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने । ▪ मानव अधिकारको उल्लङ्घनका घटनालाई समयमा सम्बोधन हुन नसकेमा पीडितले न्यायको अनुभूति गर्न नसक्ने र दोषी देखाइएका व्यक्तिहरूले सफाइको उचित अवसर पाउन नसक्ने र अनावश्यक लाञ्छनाको शिकार बन्न पुग्दछ । सार्वजनिक जवाफदेहीको पदमा आसिन व्यक्तिका उपर लाग्ने मानव अधिकार उल्लङ्घनका घटनाहरू झन बढी संवेदनशील हुन्छन् । त्यस्ता घटनाहरूलाई समयमा टुंगो लगाई पीडित एवं आरोपित व्यक्ति दुवैको लागि शीघ्र अनुसन्धान, अभियोजन र निरूपण गर्नु अत्यावश्यक हुने ।	८११

२.	१०००३ पूर्ण लागु औषध खैरो हेरोइन	नेपाल सरकार विरूद्ध राजेशकुमार लामा	▪ प्रतिवादीसँग लागु औषध फेला परेको अवस्थामा प्रतिवादीले त्यसको वैधता प्रमाणित गर्नै पर्दैन भन्ने होइन । यसो भन्नुको मतलब लागु औषधको कसुरमध्ये प्रतिवादीले कुन कसुर गरेको हो, सेवनको कसुर हो वा कारोबारको कसुर हो भन्ने कुरालाई स्पष्ट गर्नुपर्ने, तत्सम्बन्धी आवश्यक कुरा खुलाउनु पर्ने र सोको प्रारम्भिक प्रमाण पुऱ्याउनु पर्ने वादीको दायित्वलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले समाप्त गरेको हो भन्न पनि नमिल्ने । ▪ बरामदित लागु औषधको मात्रा थोरै छ बरामद भएको मात्रालाई नै अदालतले आधारको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । बरामदित मात्रा थोरै छ बरामद भएको मात्रालाई पन्छाएर हचुवाको भरमा बरामद थोरै भए पनि कारोबारी नै हुन् भनी भन्न पनि मिल्दैन । अर्कोतर्फ एकै व्यक्तिको साथबाट खैरो हेरोइन र चरेस दुई फरक लागु औषध फेला परेको कारणले मात्रै निजलाई लागु औषधको कारोबारी ठहर गर्नु न्यायोचित नहुने ।	८३१
३.	१०००४ पूर्ण बन्दीप्रत्यक्षीकरण	सुनिल तामाङ विरूद्ध उच्च अदालत पाटन, ललितपुरसमेत	▪ मुद्दाका पक्ष (प्रतिवादी) स्वयम्ले उल्लेख गरेको निजको ठेगाना (वतन) लाई अन्यथा भन्नु पर्ने पर्याप्त र मनासिब कारण नभएसम्म त्यस्तो वतनलाई नै वास्तविक वतन मानेर काम कारबाही गर्नुपर्ने हुन्छ । अदालतमा बयान गर्दा खुलाएको वतनमा पछि कुनै परिवर्तन भएमा सो कुराको जानकारी अदालतलाई दिनु सम्बन्धित व्यक्तिको कर्तव्य बन्दछ । यी निवेदकउपर दायर भएको अभियोग पत्रमा समेत सोही वतन उल्लेख भएको	८४२

			देखिँदा उक्त वतन गलत भए अदालतमा बयान गर्दा वतन सच्याउनु पर्नेमा सो खुलाउन सकेको देखिँदैन । यसरी अदालतलाई जानकारी नदिएको अवस्थामा पक्षले पहिले बयान गर्दा खुलाएको वतनलाई नै कानूनी रूपमा वास्तविक वतन मान्नुपर्ने र त्यस्तो वतनमा जारी गरिएको र तामेल भएको म्याद कानूनसम्मत र रीतपूर्वक मानिने।	
४.	१०००५ संयुक्त आयकर	ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर विरूद्ध वीरेन्द्र कुमार संघाई	▪ आयकर शब्द स्वयम्ले "आय" भएमा "कर" लाग्ने कुरा बोध हुन्छ । यसरी कसैले "आय" आर्जन गरेको छ वा छैन, के कति आय आर्जन गरेको छ भनी यकिन गर्न कानूनले केही खास सर्त र मापदण्ड निर्धारण गरेको पाइन्छ । करदाताले गरेको खर्च वास्तविक, प्रमाणिक र कानूनद्वारा तोकिएको सर्त वा सीमाभित्र रहेर गरिएको भएमा मात्र छुट वा कट्टी गर्न पाउने हुन्छ । खासगरी व्यापारिक कारोबारको सिलसिलामा खर्च कट्टी हुनका लागि आय आर्जनका लागि भएको वास्तविक खर्चलाई मात्र कानूनले तोकेको सीमा र परिधिभित्र रहेर कट्टी वा छुट दिन सकिने अवस्था रहने।	८५१
५.	१०००६ संयुक्त उत्प्रेषण	तेजबहादुर कार्की विरूद्ध न्याय परिषद्, मुकाम सर्वोच्च अदालत परिसर, काठमाडौंसमेत	▪ न्यायाधीशको जवाफदेहिता प्रचलित संविधानअन्तर्गत बनेको ऐन, कानून एवं न्यायिक व्यवहारमा आधारित हुन्छ । अनुशासनात्मक वा फौजदारी कसुर वा अयोग्यताका कारण आफ्नो पदीय कर्तव्य पालना गर्नमा असक्षम प्रमाणित भएमा मात्र स्वच्छ प्रक्रियाको अवलम्बन गरी न्यायाधीशलाई पदमुक्त गर्न सकिने। ▪ न्यायाधीशले आफ्नो ओहदाको कर्तव्य	८५६

			पालनाको सिलसिलामा सम्पादन गरेको न्याय निरूपणसम्बन्धी कार्य त्रुटिपूर्ण छ, छैन भन्ने कुरा पुनरावेदकीय अधिकार क्षेत्रको प्रयोगबाट हेरिने र बोलिने विषय हुन् । मुद्दाको रोहमा न्यायाधीशबाट हुने आदेश वा निर्णयका सम्बन्धमा अनुशासनसम्बन्धी कारबाही गर्नुभन्दा अगाडि संवेदनशील भई न्यायाधीशको स्वतन्त्रतासम्बन्धी स्थापित मान्यतातर्फ सचेत रही न्यायिक प्रक्रियाको पूर्ण पालनाका साथ अनुसन्धान गरी त्यस अनुसन्धानबाट प्राप्त प्रतिवेदनको औचित्यको पुष्टि तथ्यपरक ढङ्गबाट भएमा मात्र कारबाही अगाडि बढाइनु न्यायिक स्वतन्त्रताको लागि हितकर हुने।	
६.	१०००७ संयुक्त जबरजस्ती करणी	दिपक रावल विरूद्ध नेपाल सरकार	▪ जबरजस्ती करणीको कार्य लुकीछिपी गरिने आपराधिक कार्य भएकाले त्यसमा प्रत्यक्षदर्शी साक्षी हुन सक्दैन । यस्तो अपराधमा पीडित महिलाको भनाइलाई अन्यथा नभएसम्म सर्वमान्य प्रमाणको रूपमा लिनुपर्दछ। अन्य वस्तुगत प्रमाणले पीडितको भनाइलाई गलत साबित नगराएसम्म त्यसलाई स्वीकार गर्नुपर्ने। ▪ सात वर्षकी कुनै पनि नाबालिकाले जबरजस्ती करणी जस्तो गम्भीर आपराधिक कार्यका बारेमा पर्याप्त मात्रामा बुझिसकेको नहुनुका साथै त्यस्तो विषयका बारेमा बनावटी रूपबाट विविध कुरा भन्न सक्ने क्षमता र चेतनासमेतको	८७४

			विकास निज जस्तो बालिकामा भइसकेको हुँदैन । यस्तो अवस्थाका अवोध बालिकाले अदालतमा समेत उपस्थित भई गरेको बकपत्रबाट पीडितउपर नै सो आपराधिक कार्य भएको रहेछ भनेर अन्यथा प्रमाणित भएमा बाहेक विश्वास गर्नुपर्ने।	
७.	१०००८ संयुक्त कर्तव्य ज्यान	देवीप्रसाद पराजुलीसमेत विरूद्ध नेपाल सरकार	▪ ज्यानसम्बन्धीको १३(४) नं. अनुसारको "ज्यान मार्नमा वचन दिने" भन्ने शब्दको निरपेक्ष अर्थ नगरी समय सापेक्ष अर्थ गर्नुपर्ने हुन्छ। 'मार' भनी भनेकोलाई सबै सन्दर्भ परिस्थितिमा कानूनअनुसार सजाय गर्दा व्यावहारिक नहुने र यसो गर्दा अन्यायसमेत पर्न जान्छ । त्यसैले 'मार् हान्' भनी भनेको कुरा साँच्चिकै मार्ने मनसायसहित भनेको हो, होइन? यसरी 'मार्' भनी वचन दिएकोले मात्र मारेको हो, होइन? भन्ने जस्ता कुरा यसमा विचारणीय हुन आउने।	८८५
८.	१०००९ संयुक्त अपुताली हक कायम दर्ता चलन	नन्दलाल प्रसाद यादव विरूद्ध ओमप्रकाश राय यादवसमेत	▪ अंश र अपुतालीका विषयहरू झट्ट हेर्दा उस्तै देखिने भए पनि पृथक विषयहरू हुन्। अंशको विवादमा अंशियार हुनलाई नाता सम्बन्ध महत्त्वपूर्ण हुन्छ । तर अपुतालीको सम्बन्धमा स्याहार सम्भार गर्ने व्यक्तिलाई मर्ने व्यक्तिको सम्पत्तिको हकदार मानिएको देखिन्छ । बाँचुञ्जेल मर्ने व्यक्तिलाई स्याहार सम्भार नगर्ने, आफ्नो कर्तव्य निर्वाह नगर्ने तर मरेपछि मर्ने व्यक्तिसँग केवल नाता र हकदार हुनुको आधार देखाएर अपुतालीको सम्पत्ति दाबी गर्ने र त्यस्तो सम्पत्तिमा हक प्राप्त गर्ने कुरालाई प्रस्तुत कानूनी व्यवस्थाले अनुमति दिएको नदेखिने।	८९८

९.	१००१० संयुक्त उत्प्रेषण	नारायण दास श्रेष्ठसमेत विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत	▪ विवादित जग्गा नेपाल सरकारको नाउँमा आउनको लागि मुलुकी ऐन अपुताली महलको उल्लिखित १७ नं. ले तोकेको उल्लिखित प्रक्रिया पूरा गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको र सो कार्य गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै ऐनले नदिएको अवस्थामा प्रचलित कानूनविपरीत नेपाल सरकारको नाउँमा कायम गर्नु गराउनु भनी आदेश दिने कानूनी अख्तियारी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहेको नदेखिने।	९०५
१०.	१००११ संयुक्त लागु औषध खैरो हेरोइन	शोभित गौतमसमेत विरूद्ध नेपाल सरकार	▪ कुनै आपराधिक कार्य गर्ने व्यक्तिले त्यस्तो कार्य गरेको वा गरिरहेको अवस्थामा अन्य सो अपराधमा संलग्नता नै नभएका व्यक्ति विभिन्न कारण, प्रयोजन वा संयोगको कारणबाट त्यस्तो आपराधिक कार्य गर्ने व्यक्तिसमक्ष पुग्न सक्ने वा रहन सक्ने सम्भावना रहन्छ । यसबाट कुनै आपराधिक क्रिया भएको समयमा त्यस्तो कार्य गर्ने व्यक्तिसमक्ष पुगेकै वा रहेकै आधारमा निजको समेत त्यस्तो अपराधमा निरपेक्षरूपमा सो आपराधिक कार्य गर्ने व्यक्तिसरह आपराधिक दायित्व हुन्छ भन्नु फौजदारी अपराधमा व्यक्तिगत दायित्व हुन्छ भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेतको विपरीत हुन जान्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी अभियोग दाबीमा इन्कार रहेको, निजबाट लागु औषध बरामद नभएको अवस्था	९१५

			रहेको र वादी पक्षले यी प्रतिवादीको मौकाको साबितीलाई पुष्टि गर्ने अन्य प्रमाण गुजार्न सकेको अवस्था नहुँदा यी प्रतिवादीले आरोपित कसुर गरेको स्थापित हुन नआउने ।	
११.	१००१२ संयुक्त उत्प्रेषण	किरण तण्डुकार विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत	▪ अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन,२०४८ दफा १२ (ख) को प्रतिबन्धात्मक वाक्यांशले न्यायिक प्रकृतिको निर्णयमा दुष्परिणाम सच्याउन नहुने सीमा **(Limitation as regards to Judicial Issue having Appeal Rights)** तोकेको देखिन्छ । जुन कानूनत: अभिव्यक्त सीमा **(Expressed Limitation)** को रूपमा रहेको देखिन्छ । प्रस्तुत संवैधानिक तथा कानूनी दायित्वबाट विपक्षी आयोगसमेतले उन्मुक्ति नपाउने स्पष्ट छ । अदालतका फैसलाहरूको सम्मान तथा परिपालना **(Respect and Adherence to Verdicts of Court)** गर्नुपर्नेमा सो नगरी नेपाल सरकार यू.एन.पार्क विकास समितिको नाममा दर्ता भई हक भोगमा रहेको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने गरी भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उक्त निर्णय विधिसम्मत र न्यायिक रहेको भन्नसमेत नमिल्ने ।	९२६
१२.	१००१३ संयुक्त जबरजस्ती करणी	नेपाल सरकार विरूद्ध जसवन्त सिंह	▪ क्षतिपूर्तिको उद्देश्य पीडितको पुनर्स्थापना र परिपूरणसँग सम्बन्धित हुन्छ । प्रतिवादी विदेशी नागरिक भएकाले निजबाट क्षतिपूर्ति भराउन नसकिने हुँदा क्षतिपूर्ति भराउनु पर्दैन भनी अर्थ गर्न नमिल्ने । ▪ प्रतिवादी विदेशी नागरिक भएकै आधारमा	९४१

			जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनुपर्ने भनी जबरजस्ती करणीको महलको १० नं. को कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा पीडितको अधिकारमा संकुचन आउने अवस्था रहन्छ । यसबाट पीडितले क्षतिपूर्ति नपाउने अवस्थाको सिर्जना हुन गई पीडितले न्यायप्राप्त गर्नबाट वञ्चित हुनुपर्ने अवस्था पैदा हुन जाने।	
१३.	१००१४ संयुक्त बकसपत्र लिखत बदर	मन्जुर आलम विरूद्ध कल्याण महत	▪ मुलुकी ऐन, अंशबन्डाको १ नं. हेर्दा, "अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जीयजीयैको अंश गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । सो कानूनी व्यवस्थाले बाबुआमा, छोराछोरी, लोग्ने स्वास्नीसम्मका नाता पुस्तामा जीवित अंशियारहरूको बीचमा नै अंशबन्डा हुने भन्ने देखिन्छ तापनि नातिको अंशहक आफ्नो बाबुमार्फत प्राप्त हुने हुँदा बाबुले प्राप्त गर्ने अंशहक सम्पत्तिमा नातिको अंशहक निहित रहन जाने। ▪ माथिल्लो पुस्ताका व्यक्तिहरू मिली तेस्रो पुस्ताका व्यक्तिको अंशहक नियतवश अहित गर्ने उद्देश्यले सम्पत्ति हिनामिना गर्ने कार्य भएको प्रमाणित हुने अवस्थामा तेस्रो पुस्ताका व्यक्तिको अंशहक अंशबन्डाको १ नं. ले संरक्षण गर्न नमिल्ने हुँदैन । पिता जीवित नरहेको अवस्थामा पिताको अंश हकमा तेस्रो पुस्ताका नातिले सो ऐनबमोजिम आफ्नो पितातर्फको अंशहक संरक्षण गर्न नपाउने भन्न नमिल्ने।	९४८

१४.	१००१५ संयुक्त बन्दीप्रत्यक्षीकरण	खुमबहादुर तक्मेल खत्री विरूद्ध सशस्त्र प्रहरी विशेष अदालत, काठमाडौंसमेत	▪ कुनै अभियुक्तउपर एकपटक अभियोगपत्र दायर भइसकेपछि थप अनुसन्धान गर्दै जाँदा नयाँ तथ्यहरू खुल्न आए वा सम्बद्ध थप प्रमाणहरू फेला परेमा मुद्दा हेर्ने विशेष अदालतको अनुमतिले थप अभियोगपत्र लगाउन मिल्ने नै देखिने। ▪ विशेष अदालत ऐन, २०५९ को दफा ९ को व्यवस्थाअनुसार साबिकमा भएको अनुसन्धान कायमै राखी थप अनुसन्धान गर्न पहिले लिएको सजायको माग दाबी थप गर्न सक्ने नै देखिन्छ। यस्तो अवस्था छ भनी मुद्दा हेर्ने विशेष अदालतसमक्ष अनुमति माग गरेको छ र विशेष अदालतले कारण मनासिब ठहऱ्याई थप अभियोग पेस गर्न अनुमति दिएको छ भने थप अभियोगपत्र पेस गर्न सक्ने नै देखिन्छ । पछि मुद्दाको रोहमा कुन अभियोग दाबी मनासिब र उपयुक्त देखिन आउँछ सो हेरी विशेष अदालत निर्णय निष्कर्षमा पुग्न सक्ने नै हुन्छ। यस्तोमा थप अभियोग लगाउँदा अभियोग प्रतिस्थापन हुन पुग्यो भन्न नमिल्ने।	९५५
१५.	१००१६ संयुक्त उत्प्रेषण	वीरबहादुर भण्डारी विरूद्ध शिक्षा मन्त्रालय, सिंहदरबारसमेत	▪ नेपाल सरकारले कुनै पनि व्यक्तिलाई निजको स्थायी पदमाथिको पदाधिकार यथावत् कायम राखी माथिल्लो कुनै पदमा कार्य गर्न लगाएको अवस्थामा माथिल्लै पदको सेवा सुविधा दिएको भन्ने मात्र आधारमा त्यस्तो पदमा निजको अधिकार सिर्जना हुँदैन। त्यस्तो व्यक्तिको अधिकार स्थायी पद अर्थात् लियन पदमा	९६५

			नै रहेको हुँदा त्यस्तो पदाधिकार रहेको पदमा फर्काउने गरी नेपाल सरकारले निर्णय गर्न वा त्यस्तो निर्णय कार्यान्वयन गर्न मिल्दैन भनी अर्थ गरी अधिकार स्थापित नै नभएको पदमै रहेर काम गराउनु भनी आदेश गर्न मिल्ने नदेखिने।	
१६.	१००१७ संयुक्त वैदेशिक रोजगार	भवानी काफ्ले तुलाधर विरुद्ध नेपाल सरकार	▪ विवादमा आएको कुनै पनि लिखतमा लेखिएको बेहोरा अवस्था परिस्थितिअनुसार फरकफरक प्रकृतिबाट अन्य तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट समर्थित हुनु पनि आवश्यक हुन्छ। सदैव लिखतको शब्दबाट मात्र फौजदारी दायित्व सृजना हुँदैन, यसको लागि मनसाय र क्रियाको साथसाथै पक्षहरूको परिस्थितिजन्य प्रमाणको विश्वसनीयता आवश्यक हुन्छ। व्यक्तिव्यक्तिबीच भएको लिखतको हरेक अवस्थामा वैदेशिक रोजगारी भन्ने शब्दको प्रयोग हुनासाथ यान्त्रिक तवरबाट सजाय गरिहाल्ने प्रवृत्ति विकास भएमा न्याय मर्ने सम्भावना रहन्छ। यस अवस्थामा पक्षहरूले आफ्ना लेनदेन वा अन्य मनसायबाट खडा भएको कुनै लिखतमा त्यसको कार्यान्वयन गर्न दबाब सृजना गर्ने उद्देश्यले वैदेशिक रोजगार शब्दको प्रयोग गर्दैमा स्वतः दण्डनीय अपराध मानिएमा यसको दुरूपयोग भई परिबन्धबाट निरपराधी पनि सजायको भागी हुन जानेतर्फ अनुसन्धान एवं अभियोजनकर्ता, अदालत तथा न्यायिक निकाय सदैव सचेत हुनुपर्ने।	९७२

१७.	१००१८ संयुक्त परमादेश	अधिवक्ता विकास भट्टराईसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत	▪ ट्राफिक व्यवस्थापन सन्दर्भमा ट्राफिक प्रहरीले गरेको जरिवाना नै अन्तिम रहन सक्ने गरी कानूनी व्यवस्था गरेको नभई ट्राफिक प्रहरीले गरेको कारबाहीउपर यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन लाग्न सक्ने र विभागले गरेको निर्णयउपर उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेबाट ट्राफिक प्रहरीमा रहेको जरिवाना गर्न सक्ने विषयवस्तु निर्विकल्प नरही कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्ने प्रस्ट कानूनी व्यवस्था रहेबाट ट्राफिक प्रहरीले प्राप्त गरेको अधिकार कानूनविपरीत रहेको देखिँदैन । कानूनले नै गरेको उपचारसम्बन्धी व्यवस्था तथा पुनरावेदकीय अधिकारसमेत दिएको देखिएबाट स्वेच्छाचारी विषयसमेत रहेको देखिन नआउने ।	९७८
१८.	१००१९ संयुक्त जबरजस्ती करणी र अप्राकृतिक मैथुन	बमबहादुर खत्री विरूद्ध नेपाल सरकार	▪ सामान्यत: महिला र पुरूषबीच स्वभाविकरूपमा हुने यौन एवं मैथुनको क्रियालाई प्राकृतिक मैथुन मानिने र प्राकृतिक तवरमा गरिने स्वभाविक मैथुनको क्रियाबाहेक अन्य अस्वभाविक एवं अप्राकृतिक तरिकाबाट हुने विभिन्न प्रकारका यौनजन्य क्रियाकलाप र मैथुनलाई अप्राकृतिक मैथुन भनी बुझ्नुपर्ने हुन्छ । यो क्रियामा पुरूषको लिङ्ग महिला एवं स्त्रीको योनिमा प्रवेश गराउने क्रियादेखि बाहेक अन्य क्रियाकलापहरू जस्तै पुरूषको लिङ्ग खेलाउन लगाउने,	९८४

			लिङ्ग चुसाउने, लिङ्गलाई योनिबाहेक गुद्द्वार एवं मुखमा हाल्ने, निकाल्ने क्रिया गर्ने, लिङ्गलाई स्तन, मुख एवं गुद्द्वारको वरिपरि दल्ने, नाबालिका केटीहरूको स्तन समाउने, यौनाङ्ग मुसार्ने, स्त्री यौनाङ्गमा औंला छिराउने आदि जस्ता क्रिया पर्ने ।	
१९.	१००२० संयुक्त बन्दीप्रत्यक्षीकरण	शारदा पाण्डे विरूद्ध नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत	▪ संविधान र प्रचलित कानूनबमोजिम राज्य सञ्चालनको व्यवस्थाले मात्र कानूनी राज्यको स्थापना र प्रवर्द्धनमा सहयोग पुग्ने हुन्छ । सार्वजनिक अधिकारप्राप्त निकाय वा पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा नगर्दा कानूनको परिधिभित्र रहेर कानूनबमोजिम गरेमा मात्र कानूनको शासन स्थापित गर्न मद्दत पुग्ने ।	१००१

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन् ।

– सम्पादक

निर्णय नं. १०००२

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री मीरा खड्का
आदेश मिति : २०७३।१२।१७
०७३-WF-०००१

मुद्दाः उत्प्रेषण / परमादेश

निवेदक : मकवानपुर जिल्ला बज्रबाराही गा.वि.स. वडा नं.५ स्थायी घर भई हाल इन्हुरेड इन्टरनेसनल, ल.पु.जि, ल.पु.उ.म.न.पा. वडा नं.२ सानेपा ललितपुरमा वकालत निर्देशक पदमा कार्यरत अधिवक्ता विदुरप्रसाद अधिकारीसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **बढुवा जस्तो नितान्त प्रशासनिक विषयमा मर्का पर्ने वा सो कार्यबाट हक हनन् भएको व्यक्ति मात्र बढुवाको विषयमा चुनौती दिँदै आउनुपर्ने हुन्छ । कानूनबमोजिम सेवासँग सम्बन्धित संगठनमा कार्यरत् कर्मचारीको पदोन्नतिको विषयलाई मर्का पर्ने पक्षले बाहेक चुनौती दिने हकदैया अन्य व्यक्तिमा रहन सक्ने देखिएन । यसरी विवादको विषयसँग कुनै पनि प्रकारको सम्बन्ध नरहेको विषयवस्तुलाई सार्वजनिक सरोकारको विषयको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.६)

- **संक्रमणकालीन न्यायमा मुद्दा अभियोजनको माध्यमबाट मात्र पीडितले न्याय प्राप्त गर्ने होइन । समान प्रकृतिका घटनाहरू पुनः दोहोरिन नदिन सत्य अन्वेषण गर्ने निकायको सुधार, प्रभावकारी तथा पीडित सन्तुष्ट हुने प्रकृतिको परिपूरणको व्यवस्था, गल्ती गर्ने व्यक्तिको औपचारिक जानकारी र जिम्मेवारी संक्रमणकालीन न्याय व्यवस्थाका अनिवार्य र विचारणीय पक्षका रूपमा रहेका हुन्छन् । अभियोजन मात्रले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितको मागलाई पूरा गर्न सक्दछ भन्न सकिँदैन । त्यसैले निर्णय गर्दा पीडित र सम्बन्धित पक्षको चासोलाई केन्द्रमा राख्नु पर्दछ । सत्य उदघाटित नगरिकन र परिपूरणको प्रयास नगरिकन पीडकको सानो हिस्सालाई मात्र दण्डित गर्ने कार्यले राजनीतिक प्रतिशोधलाई दर्शाउने ।**
- **द्वन्द्वकालमा भएका विभिन्न कसुरजन्य कार्यलाई सम्बोधन गरी न्याय सम्पादन गर्दा संविधान, कानून, सेना परिचालनको अवस्था, विस्तृत शान्ति सम्झौता र यस अदालतबाट विगतको द्वन्द्वलाई सम्बोधन हुने गरी भएका सम्पूर्ण आदेश तथा फैसलाको समग्र विश्लेषण गरी न्यायको माध्यमबाट द्वन्द्वकालीन घटनाहरूको सुरक्षितरूपमा अन्त्य गर्नु उपयुक्त हुने ।**

(प्रकरण नं.११)

- **सैनिक ऐन, २०६३ को दफा ३ बमोजिम सैनिक ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले कर्तव्य पालनको सिलसिलामा**

कानूनविपरीतका कार्य गरेको देखिएमा त्यस्ता कार्यका सम्बन्धमा सैनिक न्याय प्रणालीबाट परीक्षण गर्न नसकिने भन्न पनि नमिल्ने ।

(प्रकरण नं.१२)

- **मानव अधिकारको उल्लङ्घनका घटनालाई समयमा सम्बोधन हुन नसकेमा पीडितले न्यायको अनुभूति गर्न नसक्ने र दोषी देखाइएका व्यक्तिहरूले सफाइको उचित अवसर पाउन नसक्ने र अनावश्यक लाञ्छनाको शिकार बन्न पुग्दछ । सार्वजनिक जवाफदेहीको पदमा आसिन व्यक्तिका उपर लाग्ने मानव अधिकार उल्लङ्घनका घटनाहरू झन बढी संवेदनशील हुन्छन् । त्यस्ता घटनाहरूलाई समयमा टुंगो लगाई पीडित एवं आरोपित व्यक्ति दुवैको लागि शीघ्र अनुसन्धान, अभियोजन र निरूपण गर्नु अत्यावश्यक हुने ।**

(प्रकरण नं.१४)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री विदुरप्रसाद अधिकारी, अधिवक्ताहरू श्री एकराज भण्डारी, श्री कान्तिराम ढुङ्गाना

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, विद्वान् अधिवक्ताहरू श्री सरोज रेग्मी र श्री महेन्द्रजंग शाह

अवलम्बित नजिर :

- ने.का.प. २०७३, अंक ३, नि.नं.९५६०
- ने.का.प. २०६९, अंक १२, नि.नं.८९२६
- ने.का.प. २०६९, अंक १२, नि.नं.८९३३
- ने.का.प. २०६८, अंक ९, नि.नं.८६८०

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३
- नेपालको संविधान
- सैनिक ऐन, २०६३
- सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२०

यस अदालतको संयुक्त इजलासबाट फैसला गर्नेः

माननीय न्यायाधीश श्री गोपाल पराजुली

मा. न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

आदेश

न्या. दीपकराज जोशी : यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीशहरूबीच मिति २०७२/०९/०५ मा रायबाझी भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासको दायरीमा दर्ता भई यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ ।

मिति २०६९ साल आश्विन १९ गतेको कान्तिपुरमा "बस्नेतको सहायक रथीमा बढुवा" शीर्षकमा समाचार प्रकाशित भएको रहेछ । मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोप खेपिरहेका तत्कालीन भैरवनाथ गण महाराजगञ्जमा नेपाली सेनाको सेनानी पदमा कार्यरत राजु बस्नेतलाई नेपाली सेनाको सहायक रथी जस्तो अति महत्त्वपूर्ण पदमा नेपाल सरकारले बढुवा गरेको भन्ने समाचारप्रति हामी मानव अधिकारकर्मी तथा बेपत्ता परिएका व्यक्तिहरूका आफन्तहरूको गम्भीर ध्यानाकर्षण भएको ।

विपक्षी नं. ६ तत्कालीन अवस्थामा भैरवनाथ गण महाराजञ्जमा कार्यरत रहँदा अर्जुन पोखरेल (थानापति गा.वि.स. वडा नं. ९ नुवाकोट) लगायत ४३ जना व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएको भन्नेसमेतका आधारमा राष्ट्रिय मानव अधिकार आयोगले थालेको अनुसन्धानबाट उल्लिखित व्यक्तिहरूलाई बेपत्ता पार्ने कार्यमा भैरवनाथ गणका

तत्कालीन कर्णेल राजु बस्नेत, मेजरहरू पदमसिंह खत्री, राजाराम के.सी., विवेक विष्ट, हरेन्द्रबहादुर सिंह, क्याप्टेन इन्द्रवर राणा र सागर के.सी., लेफ्टिनेन्टहरू जगनाथ खड्का, राजेन्द्र बोगटी, हरिवोल के.सी. र रामहरि विष्ट, हवल्दारहरू खड्ग बहादुर महत, मिनानाथ पन्त, दिनेश पौडेल, केशव ढकाल, जमदारहरू धनवीर खत्री, वेणु गोपाल श्रेष्ठ, लालबहादुर चन्द, रणबहादुर बुढाथोकी र शंकर बस्नेत, नायकहरू सूर्य के.सी. र गिरीराज घिमिरे तथा सिपाहीहरू शिव किरण के.सी., विनोद थापा, अर्जुन सापकोटा, हरिशरण खड्का, कुलप्रसाद वन्जारा, बाबुराम परियारसमेतको संलग्नमा रहेको देखियो। यति ठूलो संख्यामा सुनियोजित रूपमा बेपत्ता पार्ने कार्यको बारेमा सेनाको १० नं. बाहिनीका तत्कालीन बाहिनी एवं उच्च तहका सैनिक अधिकारी तथा तत्कालीन प्रधान सेनापतिसमेत जिम्मेवार हुनुपर्ने देखिन्छ भन्ने बेहोराको अनुसन्धान प्रतिवेदनका आधारमा राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस खण्डको नं. १ मा उल्लिखित नेपाली सेनाका व्यक्तिहरू समेत माथि प्रचलित कानूनबमोजिम कारबाही अगाडि बढाउन नेपाल सरकारलाई लेखी पठाउने भन्ने निर्णयसाथ मिति २०६६।५।२८ मा विपक्षी नं. १ लगायतलाई आयोगको निर्णय कार्यान्वयन गरी सोको जानकारी आयोगलाई गराउने भन्नेसमेत पत्राचार भएको तथ्यहरू सार्वजनिक भएका थिए।

उल्लिखित व्यक्तिहरू बेपत्ता पार्ने कार्यबाट तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ मा उल्लिखित स्वतन्त्रताको हक, धारा १४ मा उल्लिखित फौजदारी न्यायसम्बन्धी हक तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ मा उल्लिखित स्वतन्त्रताको हक, धारा २४ मा उल्लिखित न्यायसम्बन्धी हक तथा धारा २६ मा उल्लिखित यातनासम्बन्धी हकसमेत उल्लङ्घन भएको देखिन्छ । साथै नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको धारा ५(२)(३), नागरिक अधिकार ऐन, २०१२ को दफा १५, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४ र १५, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३, कारागार ऐन, २०१९ को दफा ७, तत्कालीन आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐन, २०५८ को दफा ९ तथा सरकारले मानव अधिकार तथा मानवीय कानूनको कार्यान्वयनमा मिति २०६०।१२।१३ को प्रतिबद्धताको नं. १, २, ३, ४, ५, ६, ७, ८, २२ र २३ समेत उल्लङ्घन हुन गएको देखिन्छ। साथै नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा ७, ९, १० यातना र अन्य निर्दयी अमानवीय अपमानजनकको व्यवहार वा दण्ड सजाय विरूद्धको महासन्धि १९८४ को धारा १, २(१) र (२) धारा ४, १०, १२ र १३ तथा जेनेभा महासन्धिको साझा धारा ३ समेतको उल्लङ्घन भएको हुँदा सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम बेपत्ता पार्ने कार्य गैरकानूनी एवं दण्डनीय कार्य हो । त्यसको विपरीत विपक्षी नं. ६ लाई कारबाही हुनुपर्नेमा प्रमोसन गरिनुबाट माथि उल्लिखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनविपरीतको कार्य हो। विस्तृत शान्ति सम्झौताका धारा ५.२.५ र नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा बेपत्ताको अवस्था सार्वजनिक गर्न बेपत्ता छानबिन गर्ने उच्चस्तरको आयोग निर्माणको व्यवस्था गरिए तापनि हालसम्म उक्त कार्य नहुनु तथा हाल व्यवस्थापिका संसद्समेत नरहेको अवस्थामा विपक्षी नं. १ ले अध्यादेशमार्फत उक्त आयोगसम्बन्धी कानूनको तर्जुमा गर्ने प्रयत्न गरेको देखिए तापनि उक्त प्रस्तावित अध्यादेशमा पीडकलाई आममाफीसम्मको व्यवस्था गरी विधेयक तयार गरिएकाले हामी निवेदक मानव अधिकारकर्मी तथा पीडित परिवारहरूको असहमति रहेको छ। साथै उक्त कार्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापक विरोध हुनुले र सम्मानित राष्ट्रपतिबाट हालसम्म उक्त अध्यादेश जारी नहुनुले

बेपत्ता छानबिन गर्ने कार्य तथा पीडकलाई न्यायको कठघरामा उभ्याउनु पर्ने दायित्वबाट विपक्षीहरू भाग्न खोजेको तथ्यहरू प्रमाणित भएका छन्।

यसैबीच बेपत्तासम्बन्धी छानबिन आयोग निर्माणको प्रक्रिया रोकिन गएको तथा सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ३५७५ समेत ३४ वटा रिट निवेदनउपर अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा निजको भाइ रविन्द्रप्रसाद ढकालसमेत निवेदकहरू र विपक्षी नेपाल सरकार गृह मन्त्रालयसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दासमेतका विभिन्न मुद्दाहरूमा बेपत्ता तथा सत्य निरूपणसम्बन्धी आयोगका सन्दर्भमा नेपाल सरकारका नाममा जारी गरिएका विभिन्न निर्देशनात्मक आदेशहरू र फैसलामा उल्लिखित विभिन्न व्याख्यात्मक टिप्पणीहरूको हाल कार्यान्वयन हुन नसक्ने अवस्था भएबाट पीडितहरूले न्याय पाउने हक पूर्णतः बन्द भएकोले सम्मानित अदालतबाटै पुनः आवश्यक प्रभावकारी कदम चालिनु वाञ्छनीय भएको र विपक्षीहरूको गैरसंवैधानिक एवं गैरकानूनी कार्य तत्काल रोकी संवैधानिक एवं फौजदारी न्याय प्रशासनलाई दर्बिलो बनाउनु पर्ने टड्कारो आवश्यकता छ।

अतः माथि प्रकरण प्रकरणमा उल्लिखित संवैधानिक एवं कानूनी उल्लङ्घनलाई तत्काल रोकी कानूनी राजको स्थापना गर्न विपक्षी नं. १ र २ बाट विपक्षी नं. ६ लाई सहायक रथी पदमा बढुवा गर्ने गरी गरिएको मिति २०६९।६।१८ को निर्णय र सोका आधारमा गरिएको पत्राचारहरू समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ तथा विपक्षी नं. ३ लाई संविधानको धारा १३२ ले दिएको अधिकार कार्यान्वयन सम्बन्धमा विपक्षीहरूबाट पटक-पटक उल्लङ्घन भइरहेकाले संविधानको धारा १३२ को अधिकारको बारेमा विस्तृत व्याख्या गरी विपक्षीहरूबाट भए / गरेका मानव अधिकार विरोधी एवं संवैधानिक र कानूनी व्यवस्थाविपरीतको कार्य रोक्न उत्प्रेषण, परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ।

प्रत्यर्थीहरूको कार्य प्राइमाफेसी, सुविधा सन्तुलन र अपूरणीय क्षतिका हिसाबले समेत गैरकानूनी, गैरसंवैधानिक र कानूनी शासनको विपरीत भएकाले प्रत्यर्थी नं. १ र २ बाट प्रत्यर्थी नं. ६ लाई सहायक रथीमा बढुवा गर्ने गरी गरिएको मिति २०६९।६।१८ को निर्णय तथा सोका आधारमा गरिएका पत्राचारहरूसमेतका कार्यहरू तत्काल कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी प्रत्यर्थीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६९/६/२८ गतेको निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका सरकारी निकायहरूलाई सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पठाई दिनु र निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिमार्फत उपस्थित हुनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी अन्य विपक्षीलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू।

प्रस्तुत रिट निवेदनमा माग गरिएको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा अन्तरिम आदेश जारी गर्नुपर्ने / नपर्ने सम्बन्धमा विपक्षीलाई समेत राखी छलफल गर्नु उपयुक्त देखिएकोले सो सम्बन्धमा छलफलको लागि मिति २०६९।७।१९ को पेसी तोकी

सोको सूचना विपक्षीहरूलाई दिनू।

अन्तरिम आदेश जारी गर्नुपर्ने / नपर्ने सम्बन्धमा अन्तिम किनारा नभए सम्म मिति २०६९।६।१८ को प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विपक्षी राजु बस्नेतलाई बढुवा गर्ने निर्णय जे जो अवस्थामा छ सोही रूपमा यथास्थितिमा राख्नु भनी विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट मिति २०६९।६।२९ गते भएको आदेश।

विपक्षी निवेदकले दाबी लिनु भएको विषयमा यस कार्यालयको के कस्तो संलग्नता रहेको हो ? भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्नुभएको छैन । यस कार्यालयलाई विपक्षी बनाउन पर्नाको कुनै कारण र आधार निवेदनमा उल्लेख गरिएको छैन । विवादको विषयवस्तुसँग कुनै सम्बन्ध नै नरहेको र संविधान तथा कानूनबमोजिम पूरा गर्नुपर्ने के, कुन दायित्व पूरा नगरेको कारण यस कार्यालयलाई प्रत्यर्थी बनाउनु परेको हो? भन्ने आधारभूत तथ्य नै स्थापित हुन नसकेको प्रस्तुत निवेदन प्रथमदृष्टिमा नै खारेज भागी हुँदा खारेज गरिपाऊँ । जहाँसम्म मिति २०६९।६।१८ को निर्णयसम्बन्धी प्रश्न छ, सो निर्णय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नभई मन्त्रिपरिषद्बाट भएको भनी विपक्षीहरूले नै निवेदनमा उल्लेख गर्नुभएको छ । निर्णय गर्ने आधिकारिक निकाय मन्त्रिपरिषद्लाई नै प्रस्तुत निवेदनमा विपक्षी कायम गरेको पाइँदैन । मन्त्रिपरिषद् र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एउटै निकाय नभई दुई बेग्लाबेग्लै निकाय हुनुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सो विषयमा निर्णय गर्ने अधिकारसमेत प्राप्त छैन । साथै मन्त्रिपरिषद्को निर्णयउपर यस कार्यालयलाई जिम्मेवार मानी रिट निवेदन दिन र अदालतबाट आदेश जारी हुन पनि नसक्ने भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६९।७।२७ गतेको लिखित जवाफ।

प्रस्तुत रिट निवेदनका सन्दर्भमा रिट निवेदनको उठान नै आयोगले गरेको निर्णयको कार्यान्वयनको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गरिएको मिति २०६६।५।२८ को पत्राचारको आधारमा भएको देखिन्छ । उक्त पत्राचार आयोगबाट मिति २०६६।५।२६ गते भएको निर्णयको आधारमा गरिएको हो। उक्त निर्णयमा भैरवनाथ गण र युद्ध भैरव गणबाट सुरक्षाकर्मीले पक्राउ गरी कम्तीमा ४३ जनालाई बेपत्ताको अवस्थामा राखेको देखिएकोले निजहरूको स्थिति सार्वजनिक गरी कानूनी प्रक्रियामा लैजान तथा लामो समयसम्म व्यक्तिलाई गैरकानूनीरूपमा बेपत्ताको अवस्थामा राख्ने कार्यमा जिम्मेवार देखिएका तत्कालीन कर्णेल राजु बस्नेतसमेतका जिम्मेवार सैनिक अधिकारीहरू समेत माथि प्रचलित कानूनबमोजिम कारबाही तत्काल अगाडि बढाउन नेपाल सरकारलाई लेखी पठाउने भन्नेसमेत रहेको छ। आयोगबाट भएको निर्णयको प्रभावकारी कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व हो। आयोगको निर्णय कार्यान्वयन हुनुपर्नेमा आयोग दृढ छ । यसको लागि आयोगले विभिन्न पहलहरू समेत गरेको छ । यस क्रममा आयोगको निर्णय कार्यान्वयन गर्न ध्यानाकर्षण गराउँदै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गर्ने, सरोकारवाला निकायलाई आयोगमा बोलाई निर्णय कार्यान्वयन गर्न आग्रह गर्नेलगायतका कार्य आयोगबाट पटकपटक भएको छ।

प्रस्तुत रिट निवेदनका सन्दर्भमा रिट निवेदनको मुख्य आधार नै आयोगको निर्णय कार्यान्वयनको लागि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगले गरेको पत्राचारको आधार भएबाट यस आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ तथा

अन्य प्रचलित कानूनले प्रदान गरेको अधिकार, कर्तव्य र दायित्वलाई पूरा गरेको छ । भविष्यमा पनि दृढ संकल्पित छ । आयोगले आफ्नो कर्तव्य निर्वाह गर्दागर्दै पनि निवेदकहरूले के कस्तो कारणले आयोगलाई विपक्षी बनाउनु भएको हो, स्पष्ट छैन। अतः निवेदकहरूले आयोगलाई विपक्षी बनाउनु पर्ने होइन तसर्थ निवेदकहरूले लगाएको आरोपबाट उन्मुक्ति पाउँ भन्नेसमेत बेहोराको विपक्षी राष्ट्रिय मानव अधिकार आयोगको मिति २०६९।८।१ गतेको लिखित जवाफ।

मेरो महासेनानीबाट सहायक रथीमा बढुवा गर्ने गरी नेपाल सरकारबाट मिति २०६९।६।१८ गते भएको निर्णय बदर गरिपाउँ भन्ने मागदाबी लिई उक्त पदोन्नतिको विषयलाई सार्वजनिक सरोकारको विषय भनी प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ । म सैनिक ऐन लागू हुने सैनिक व्यक्ति हुँ । सैनिक ऐन, २०६३ को दफा २१ मा बढुवासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ भन्ने उल्लेख भएकोमा सैनिक नियुक्ति, प्रमोसन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० को नियम १६ मा सैनिक अदालतमा कुनै मुद्दा परी सफाइ नहुन्जेल सैनिक व्यक्तिको प्रमोसन नसुनाइने व्यवस्था भएको तथा सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६४ को दफा ३९ को खण्ड (घ) मा कोर्ट अफ इन्क्वायरी वा विशेष छानबिन समितिबाट अभियोग लागि कुनै सैनिक अदालत वा सैनिक विशेष अदालतमा मुद्दा दायर भएको वा हुने क्रममा रहि सम्बन्धित अदालतबाट सफाइ नपाएसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने भन्ने व्यवस्था भएको । उल्लिखित सेवासम्बन्धी कानूनअनुसार म बढुवाको लागि योग्य भएको कुरामा कुनै विवाद देखिँदैन। सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६४ को दफा ३८ बमोजिम तोकिएको तालिम र सेवा अवधि पूरा गरी म जेष्ठता क्रममा रहेकोले ऐ.को दफा ३७ बमोजिमको बढुवा समितिले सहायक रथी पदमा बढुवाको लागि मिति २०६९।३।२२ को सिफारिसमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।६।१८ को निर्णयले सहायक रथी दर्जामा पदोन्नति भई मिति २०६९।६।२१ मा दर्ज्यानी चिह्न ग्रहण गरेको छु। प्रचलित सेवासम्बन्धी कानूनको आधारमा भएको पदोन्नतिको निर्णय के कसरी संविधान र कानूनविपरीत भएको हो र उक्त बढुवाको निर्णयबाट निवेदकहरूको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारमा आघात पुग्न गएको हो ? र यस्तो विषय कसरी सार्वजनिक सरोकारको विषय भएको हो? विपक्षीहरूलाई मेरो बढुवाले के कस्तो क्षति हुन पुगेको छ र मेरो बढुवामा निवेदकहरूको के सार्थक सम्बन्ध छ भन्ने कुरा रिट निवेदनमा उल्लेख नभएबाट मप्रति पूर्वाग्रह राखी रिट निवेदन दायर भएको प्रस्ट नै छ। यस सम्मानित अदालतबाट यस्तै प्रकृतिको प्राड सहायक रथी विए कुमार शर्मालाई प्राड उपरथीमा बढुवा गर्ने गरी नेपाल सरकारले निर्णय गरेउपर अधिवक्ता जितमान बस्नेतले यस सम्मानित अदालतमा दायर गर्न खोजिएको रिटमा सम्मानित अदालतका तत्कालीन रजिस्ट्रार डा. रामकृष्ण तिमिल्सेनाबाट मिति २०६६।३।३१ मा दरपिठ आदेश भई उक्त आदेश अन्तिम भएर बसेको अवस्थासमेतबाट प्रस्तुत रिटमा मेरो बढुवा सम्बन्धमा Public Interest Litigation अन्तर्गतको हकदैया नै नभएको र विपक्षीको meaningful relation समेत नभएकोले प्रथम दृष्टिमा खारेजभागी छ।

श्री भैरवनाथ गणमा गणपतिको रूपमा रहँदा ४३ जनालाई बेपत्ताको अवस्थामा राखिएको देखिएकोले बेपत्ताहरूको स्थिति सार्वजनिक गरी कानूनी प्रक्रियामा लैजान तथा उक्त कार्यमा जिम्मेवार देखिएका मलगायतका सैनिक अधिकारीहरू समेत माथि प्रचलित कानूनबमोजिम कारबाही अघि बढाउन भनी राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस कार्यान्वयन नगरी बढुवा गरेकोले उक्त बढुवा

गैरसंवैधानिक र गैरकानूनी छ भन्ने रिट निवेदकहरूले दाबी गरेको सन्दर्भमा मेरो मिति २०६२।७।३ मा प्रमुख सेनानीबाट महासेनानीमा पदोन्नति र मिति २०६७।७।३ मा महासेनानीको पदावधि थप भई हाल सहायक रथी दर्जामा पदोन्नतिसमेत विवादरहित ढंगबाट भइसकेको अवस्था छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०० र १०१ बमोजिमको सक्षम अदालत वा निकायले मात्र कसैलाई दोषी ठहर गर्ने वा नगर्ने निर्णय गर्न सक्छ । राष्ट्रिय मानव अधिकार आयोगले व्यक्तिलाई गैरकानूनीरूपमा बेपत्ता अवस्थामा राख्ने कार्यमा जिम्मेवार देखिएका भनी मसमेत उपर प्रचलित कानूनबमोजिम कारबाही अगाडि बढाउन नेपाल सरकारलाई लेखी पठाउने भन्ने सिफारिसको आधारमा मेरो बढुवा निर्णय बदर हुनुपर्ने होइन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२(२)(क) बमोजिम मानव अधिकार उल्लङ्घनको छानबिन तथा अनुसन्धान गरी सिफारिस गर्ने, धारा १३२(२)(क) बमोजिम मानव अधिकार उल्लङ्घनको छानबिन तथा अनुसन्धान गरी सिफारिस गर्ने धारा १३२(२)(ग) बमोजिम कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने कार्यसम्म राष्ट्रिय मानव अधिकार आयोगले गर्दछ । राष्ट्रिय मानव अधिकार आयोगलाई अभियोजन गर्ने अधिकार छैन र ठहर कसरी गर्ने ? आयोगको सिफारिस केवल प्रारम्भिक प्रतिवेदनसरह मात्र हो । अनुसन्धान प्रतिवेदनले सबै दोषी ठहर्दैन, सफाइ पनि पाउन सक्छ । जहाँसम्म बेपत्तासम्बन्धी कसुर सैनिक ऐन, २०६३ को दफा ६२ बमोजिम पर्दछ, धारा १३२(४) ले आयोगको क्षेत्राधिकारअन्तर्गत पर्दैन । धारा २४(५) बमोजिम कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने निर्दोषिताको अनुमानको संवैधानिक प्रत्याभूतिसमेत रहेकोमा, यसरी बढुवा समितिबाट भएको सिफारिसको आधारमा कानूनबमोजिम गरिएको बढुवा र उक्त बढुवाको कार्यान्वयनसमेत भइसकेको अवस्थामा सुविधा र सन्तुलनको दृष्टिले समेत मेरो बढुवा निर्णय विपक्षीहरूको निवेदनको आधारमा बदर हुनुपर्ने अवस्था नभएकोले सम्मानित अदालतबाट मिति २०६९।६।२९ गते भएको आदेशसहित प्रस्तुत रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाली सेना जंगी अड्डा भद्रकाली काठमाडौंमा सहायक रथीमा कार्यरत विपक्षी राजु बस्नेतको मिति २०६९।८।१५ गतेको लिखित जवाफ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ को खण्ड (घ) र उक्त संविधानको अनुसूची ४ को बुँदा नं. ५.२.५ मा रहेको विस्तृत शान्ति सम्झौताबमोजिम सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने व्यवस्था छ । उपर्युक्त संवैधानिक व्यवस्थाबमोजिम आयोग गठन भई कुनै पनि पदाधिकारी मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न भएको प्रमाणित भएको अवस्थामा नेपाल सरकारले प्रचलित कानूनअनुसार कारबाही हुने निर्विवाद नै छ । कुनै पनि अभियोग प्रमाणित नभएसम्म निर्दोष मानिने न्यायको सिद्धान्त रहेको र सोबमोजिम सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको छ । संवैधानिक व्यवस्थाबमोजिमको आयोग गठन हालसम्म नभई अभियोग प्रमाणित नभएकोले नियमित प्रक्रियाअनुरूप बढुवा भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको विपक्षी नेपाल सरकार रक्षा मन्त्रालयको मिति २०६९।८।१३ गतेको लिखित जवाफ।

सहायक रथी राजु बस्नेत सैनिक ऐन लागू हुने सैनिक व्यक्ति हुन । नेपालको अन्तरिम संविधान, २०६३ को भाग २०, धारा १४४ मा सेनासम्बन्धी

व्यवस्था गरी धारा १४४(५) मा नेपाली सेनासम्बन्धी अन्य कुरा कानूनमा व्यवस्था भएबमोजिम हुनेछ भन्ने व्यवस्था भएअनुसार सैनिक ऐन, २०६३ को तर्जुमा भई लागू भएको छ । सैनिक ऐन, २०६३ को दफा २१ मा बढुवासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ भन्ने उल्लेख भएकोमा सैनिक नियुक्ति, प्रमोसन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० को नियम १६ मा सैनिक अदालतमा कुनै मुद्दा परी सफाइ नहुञ्जेल सैनिक व्यक्तिको प्रमोसन नसुनाइने व्यवस्था भएको तथा सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६४ को दफा ३९ को खण्ड (घ) मा कोर्ट अफ ईन्क्वायरी वा विशेष छानबिन समितिबाट अभियोग लागी कुनै सैनिक अदालत वा सैनिक विशेष अदालतमा मुद्दा दायर भएको वा हुने क्रममा रही सम्बन्धित अदालतबाट सफाइ नपाएसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने भन्ने व्यवस्था छ। निज राजु बस्नेत उल्लिखित सेवासम्बन्धी कुनै पनि कानूनी प्रावधानअनुसार बढुवाको लागि योग्य भएको कुरामा कुनै विवाद देखिँदैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६(५) बमोजिम लोक सेवा आयोगको परामर्शमा निर्माण भएको सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६४ को दफा ३८ बमोजिम तोकिएको तालिम र सेवा अवधि पूरा गरी जेष्ठताक्रममा रहेका तत्कालीन महासेनानी राजु बस्नेतलाई ऐ.को दफा ३७ बमोजिमको बढुवा समितिले नेपाली सेनाको सहायक रथी पदमा बढुवाको लागि मिति २०६९।३।२२ मा सिफारिस गरेपश्चात् तत्कालीन प्रधान सेनापतिबाट मिति २०६९।३।२४ मा बढुवा समितिको सिफारिस समर्थनसहित सिफारिस गरी पदोन्नतिको लागि नेपाल सरकार रक्षा मन्त्रालयमा पठाइएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।६।१८ को निर्णयले सहायक रथी दर्जामा पदोन्नती भई मिति २०६९।६।२१ मा दर्ज्यानी चिह्न प्रदान भएको हो । रिट निवेदकले कानूनबमोजिम गठित बढुवा समितिबाट भएको मिति २०६९।३।२२ गतेको बढुवाको सिफारिसलाई अन्यथा भन्न नसकेको अवस्थामा बढुवा समितिको सिफारिसको आधारमा भएको पदोन्नतिको निर्णय के कसरी संविधान र कानूनविपरीत भएको हो र उक्त बढुवाको निर्णयबाट निवेदकहरूको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारमा आघात पुग्न गएको हो? रिट निवेदकहरूको सहायक रथी राजु बस्नेतको बढुवासँग के सार्थक सम्बन्ध छ? स्पष्ट नखुलाई मात्र सार्वजनिक हक र सरोकारको नाममा दायर गरेको हकदैयाविहीन रिट निवेदन प्रथम दृष्टिमै (Prima facie) खारेजभागी छ।

जहाँसम्म श्री भैरवनाथ गणमा गणपतिको रूपमा कार्यरत रहँदा ४३ जनालाई बेपत्ताको अवस्थामा राखिएको देखिएकोले बेपत्ताहरूको स्थिति सार्वजनिक गरी कानूनी प्रक्रियामा लैजान तथा उक्त कार्यमा जिम्मेवार देखिएका तत्कालीन प्रमुख सेनानी राजु बस्नेतलगायतका सैनिक अधिकारीहरू समेत माथि प्रचलित कानूनबमोजिम कारबाही अघि बढाउन भनी राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस कार्यान्वयन नगरी बढुवा गरेकोले उक्त बढुवा गैरसंवैधानिक र गैरकानूनी छ भन्ने रिट निवेदकहरूको दाबी रहेको सन्दर्भमा निज राजु बस्नेत मिति २०६२।७।३मा प्रमुख सेनानीबाट महासेनानीमा पदोन्नति र मिति २०६७।७।३ मा महासेनानीको पदावधि थप भई हाल सहायक रथी दर्जामा पदोन्नतिसमेत विवादरहित ढंगबाट भइसकेको विद्यमान अवस्था छ । हालसम्म पनि निज राजु बस्नेतका विरूद्धमा कानूनबमोजिम न्याय निरूपण गर्न सक्षम कुनै अदालत वा निकायमा उल्लिखित विषयमा मुद्दा दायर भइ दोषी ठहर भएको अवस्था नरहेको, नभएकोले सहायक रथी पदमा बढुवा हुनका लागि आवश्यक सम्पूर्ण योग्यता पूरा गरी प्रचलित सेवासम्बन्धी ऐन, नियमअनुसार बढुवाको लागि

योग्य भएका र कुनै कानूनले बढुवाको लागि अयोग्य नठहरिएको व्यक्ति उपर केवल शंका र अनुमान गरी राष्ट्र सेवक सैनिक व्यक्तिको वृत्ति विकास हुन पाउने संवैधानिक र कानूनी अधिकारमा वन्देज लगाउन नमिल्ने साथै बढुवा समितिबाट भएको सिफारिसको आधारमा कानूनबमोजिम गरिएको बढुवा र उक्त बढुवाको कार्यान्वयनसमेत भइसकेको अवस्था रहेकोले कार्य सम्पन्न भइसकेको हकमा सुविधा र सन्तुलनको दृष्टिले समेत सम्मानित अदालतबाट मिति २०६९।६।२९ गतेको आदेशसहित प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी नेपाली सेना जंगी अड्डा, भद्रकाली काठमाडौं र नेपाली सेनाका प्रधान सेनापति गौरव शमशेर ज.ब.रा. को तर्फबाट पेस भएको मिति २०६९।८।१४ गतेको लिखित जवाफ।

यसमा राष्ट्रिय मानव अधिकार आयोगबाट मिति २०६६।५।२८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आयोगको निर्णय कार्यान्वयन गरी सोको जानकारी आयोगलाई गराउने बारेको पत्र लेखिएकोमा सोको हालसम्मको कार्यान्वयन स्थिति स्पष्ट हुने गरी पन्ध्र दिनभित्र यस अदालतमा प्रतिवेदन पेस गर्नु भनी विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत लेखी पठाई प्रतिवेदन प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७१।२।२१ गते भएको आदेश।

भैरवनाथ गण र युद्ध भैरव गणबाट बेपत्ता पारिएका ४३ जना व्यक्तिहरूका सम्बन्धमा छानबिन गर्न प्रतिनिधि सभा परराष्ट्र सम्बन्ध तथा मानव अधिकार समितिबाट नेपाल सरकारलाई आदेश दिएपछि रक्षा मन्त्रालयको निर्देशनमा नेपाली सेनाले २०६३ साल जेष्ठ २ गते तत्कालीन सहायक रथीको अध्यक्षतामा ५ सदस्यीय उच्चस्तरीय टाक्स फोर्स गठन गरी छानबिन गर्ने जिम्मा दिइएको थियो। सशस्त्र द्वन्द्वको क्रममा मृत्यु भएका वा लामो समयसम्म बेपत्ता रहेका कारण पीडित परिवारजन एवं निकटवर्ती व्यक्तिहरूमा पुग्न गएको पीडाको क्षतिपूर्ति राहत रकमबाट हुन नसक्ने भए पनि त्यस्तो रकमबाट पीडित परिवारको जीविकाको लागि सघाउ पुऱ्याउने नेपाल सरकारको इमान्दार प्रयासलाई पीडितका परिवारजनहरूले सकारात्मक अर्थमा ग्रहण गर्नुहुने अपेक्षा नेपाल सरकारले गरेको छ। तत्कालीन राहतस्वरूप हाल उपलब्ध गराइएको रकम "अन्तरिम" भएको र निकट भविष्यमा नै गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रहरूको सिफारिससमेतको आधारमा पीडित परिवारलाई थप राहतका प्याकेजहरू उपलब्ध गराउन नेपाल सरकार प्रतिबद्ध रहेको भन्नेसमेत बेहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७१।३।४ को प्रतिवेदन।

यसमा, २०६३ साल जेष्ठ २ गते तत्कालीन सहायक रथीको अध्यक्षतामा गठन गरिएको ५ सदस्यीय उच्चस्तरीय Task Force समितिले छानबिन गरी प्रतिवेदन दिएको छ, छैन, दिएको छ भने सो प्रतिवेदन पेसीको दिन विपक्षी नेपाली सेना जंगी अड्डातर्फको कानून व्यवसायीमार्फत झिकाई पेस गर्न लगाउनुको साथै प्रस्तुत मुद्दाको जटिलता हेरी दुवैतर्फका कानून व्यवसायीहरूबाट बहस नोटसमेत दाखिल गर्न लगाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७२।३।१७ गते भएको आदेश।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २६ को उपधारा (२) ले "यातना दिने कार्य कानूनबमोजिम दण्डनीय हुनेछ" भन्ने स्पष्ट व्यवस्था गरेको छ। यातना तथा क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि, १९८४ लाई नेपालले १४ मे १९९१ मा अनुमोदन गरेको छ। उक्त महासन्धिको धारा १६ मा सरकारी पदमा रहनेले यातना दिने, बेपत्ता पार्ने कार्य अपराध हो भनिएको छ। यसको अनुमोदनपश्चात् नेपालले २०६३ सालमा सैनिक ऐन जारी गऱ्यो। उक्त महासन्धिको

भावनाअनुसार सैनिक ऐनको दफा ६२ मा बेपत्ता पार्ने कार्य विशेष कसुर हो भन्ने उल्लेख गरिएको छ। यसैगरी दफा ६८ मा यो अपराध वा कसुर सैनिक अदालतको क्षेत्राधिकारभित्र नपर्ने भन्ने उल्लेख गरिएको छ भने दफा ७१ मा यस्ता क्रियाकलापको हदम्याद पनि नलाग्ने भन्ने उल्लेख गरिएको छ । यस्तै दफा १३ मा मानव अधिकार हनन्मा कसुरदार ठहरिएकालाई नेपाली सेनामा नियुक्ति गर्न नमिल्ने भन्ने उल्लेख छ। राष्ट्रिय मानव अधिकार आयोगले दोषी ठहऱ्याएको व्यक्तिले उक्त निर्णयलाई चुनौती नदिएको अवस्थामा स्वीकारोक्ति रहेकोले उक्त निर्णयलाई आधार मान्दा त्यस्तो व्यक्तिलाई नेपाली सेनामा नियुक्ति, बढुवालगायत गर्नु हुँदैन भन्ने सिद्धान्त नेपाल कानूनले स्थापित गरिसकेको मान्नुपर्दछ । यस्तो अवस्था जान्दाजान्दै मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोप खेपिरहेका निज बस्नेतको बढुवा सैनिक ऐनसमेतको विरूद्ध भई बदर भागी छ भन्नेसमेत बेहोराको रिट निवेदकहरूको तर्फबाट अधिवक्ता विदुरप्रसाद अधिकारीसमेतका कानून व्यवसायीहरूले मिति २०७२।४।२६ गते पेस गरेको संयुक्त बहसनोट।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम सार्वजनिक सरोकारको विवाद बनाई रिट दायर गर्नको लागि उक्त विषयसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्ति हुनुपर्दछ तर सहायक रथी राजु बस्नेतको पदोन्नति कसरी सार्वजनिक सरोकारको विषय बन्न पुग्यो भन्ने निवेदनमा खुलाउन सकेको देखिँदैन । सार्वजनिक सरोकारको विवादमा संवैधानिक तथा कानूनी प्रश्न पनि समावेश भएको हुनुपर्नेमा त्यस्तो संवैधानिक तथ्य कानूनी प्रश्न समावेश भएको अवस्था छैन। बढुवा जस्तो नितान्त प्रशासनिक प्रकृतिको कार्यबाट हुन सक्ने हक हननमा त्यस्तो कार्यबाट मर्का पर्ने वा सो कार्यबाट हक हनन् भएको व्यक्ति उक्त बढुवालाई चुनौती दिई अदालतसमक्ष उपस्थित हुनु वाञ्छनीय हुन आउँछ भनी ०६७-WO-११९८ को मुद्दामा सर्वोच्च अदालतबाट समेत निरूपण भइसकेकोले रिट निवेदन दायर गर्न हकदैया निवेदकहरूमा सर्वथा अभाव छ । सहायक रथी राजु बस्नेत, बेपत्ता पार्ने घटनामा संलग्न भएको भनिएको घटनापछि निज अधिकृतको मिति २०६२/७/३ गते प्रमुख सेनानीबाट महासेनानीमा बढुवा भई मिति २०६७/६/१८ गते सहायक रथीमा बढुवा भइसकेको छ । यसअघिको पदमा बढुवा हुँदा निवेदकहरूले आपत्ति नगरेकोले अहिले आपत्ति गर्नुपर्ने कारण खुलाउन सकेको देखिँदैन भनी अधिवक्ता सुनिल रञ्जन सिंह विरूद्ध कुवेर सिंह रानासमेत भएको मुद्दामा बोलिएको विषयसमेत सान्दर्भिक रहेको छ । अनुसन्धानबाट दोषी देखिनु र अदालतबाट दोषी ठहर हुनु भिन्न अवस्था हो। नेपालको अन्तरिम संविधान २०६३ को धारा २४ (५) मा कुनै अभियोग लगाइएको व्यक्तिले निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन भनी मौलिक हकको व्यवस्था गरिएको छ। द्वन्द्वकालीन घटनाहरूको अनुसन्धान गरी सत्य निरूपण गर्ने तथा कसुरदारहरूलाई कारबाहीको दायरामा ल्याउने उद्देश्यले "बेपत्ता पारिएको व्यक्तिको छानबिन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१" जारी भई ऐनबमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोग गठन भई कार्य प्रारम्भ भइसकेको अवस्था र सहायक रथी राजु बस्नेतले मानव अधिकार तथा मानवीय कानूनविपरीत कार्य गरेको देखिएमा निजउपर सैनिक अदालतबाट पुर्पक्ष हुने नै हुँदा उक्त वियषवस्तु श्री सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रबाट हेर्न मिल्दैन भन्ने नेपाली सेना जङ्गी अड्डा काठमाडौंसमेतको तर्फबाट अधिवक्ता प्राड प्रमुख सेनानी डा. महेन्द्रजङ्ग शाहसमेतको पेस गरेको बहसनोट।

नेपाली सेना कार्यरथीको कार्यालय जङ्गी अड्डाले पेस गरेको उच्चस्तरीय टास्क फोर्सको प्रतिवेदन मिसिल सामेल रहेछ।

सत्य तथ्य पत्ता लगाई दोषीहरूलाई कानूनको दायरामा ल्याउन छुट्टै कानून निर्माण गर्न उल्लिखित रि.नं. ३५७५ समेतमा नेपाल सरकारलाई निर्देशनात्मक आदेश जारी गरिसकेको र सोअनुरूप नेपाल सरकारले प्रतिबद्धता जनाई ऐन जारी गर्नेसमेतको कार्य गरी यस अदालतका पूर्व आदेशहरू कार्यान्वयनको चरणमा प्रवेश गरेको र आदेश कार्यान्वयनपश्चात् निवेदकको माग सम्बोधन हुने नै देखिन्छ। यसमा निवेदकले उठाएका प्रश्नहरू सैनिक अधिकृतको बढुवाबाहेक अन्य विषय मूलत: यसपूर्व रिट नं. ३५७५ को रिट एवं राममाया नकर्मी निवेदक र विपक्षी राजु बस्नेतसमेत भएको परमादेश मुद्दा (०६३-WO-०६१५) को रिटको सार विषयवस्तुभन्दा भिन्न देखिन नआएको परिप्रेक्ष्य र रि.नं. ३५७५ को निर्देशनात्मक आदेश जारी भएकोमा सोअनुरूप नेपाल सरकारले आफ्नो प्रतिबद्धतासमेत प्रकट भइरहेको विषयमा पटक-पटक सोही विषयमा आधारित भएर रिट जारी गर्नु औचित्यपूर्ण हुन सक्दैन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। जहाँ उत्प्रेषणद्वारा कुनै निर्णय बदर हुँदैन त्यस्तो अवस्थामा परमादेशको आदेश जारी हुन सक्दैन । माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायज्यूले भइरहेको बढुवालाई उत्प्रेषणद्वारा बदर नगरी परमादेशको आदेश जारी गर्ने गरेको आदेशमा सहमत नभएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ (१) (क) बमोजिम प्रस्तुत रिट पूर्ण इजलासमा पेस गर्नु भन्नेसमेत बेहोराको माननीय न्यायाधीश श्री गोपाल पराजुलीको राय।

राष्ट्रिय मानव अधिकार आयोगले विपक्षी राजु बस्नेतलाई कारबाहीको सिफारिस गरेको छ । राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसको ठूलो प्रभाव हुन्छ। राष्ट्रिय मानव अधिकार आयोगले दोषी देखाएको व्यक्ति पदमा रहिरहने वा बढुवा पाउने कुरा सेवा नीतिविपरीत हुन्छ । यस्तो विषयमा छानबिन हुँदा सो क्रममा राष्ट्रसेवक कर्मचारी भए राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसपछि निजलाई निलम्बन गर्ने र अरूहरूको हकमा राहदानी जफत, खाता रोक्का आदि गरिने चलन विश्वभर छ। मानव अधिकार आयोग संवैधानिक निकाय हो। मानव अधिकार आयोग गठन गर्ने त्यसलाई संवैधानिक मान्यता दिने अनि उक्त आयोग महज प्रतिवेदक हो उसको सिफारिस भएर मात्र पुग्दैन। सक्षम अदालतबाट दोषी ठहर नभएसम्म त्यस्ता व्यक्तिलाई सिफारिसले केही गर्न सक्तैन भनी मान्दा संविधानको व्यवस्था देखावटी मात्र हुन पुग्छ। अरू कानून र निकायको तुलनामा मानव अधिकारसम्बन्धी कानून र निकायको ठूलो महत्त्व र शक्ति हुन्छ र तिनले overriding effect पाउँछन् भन्ने कुरा मानव अधिकारसम्बन्धी विधिशास्त्रका अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३४ बाट पनि प्रस्ट छ। प्रस्तुत सन्दर्भमा भोजबहादुर ऐर स.अ. बुलेटिन वर्ष १७ अंक २ पृष्ठ १५ मा मानव अधिकारका सम्बन्धमा दिएका सुझाव, प्रतिक्रिया एवं निर्देशन पालन गर्नु सरकारको कर्तव्य हुन आउँछ । ...आयोगबाट गरिएको सिफारिस वा सुझाव कार्यान्वयन गर्न सरकारले कुनै ifs and buts गर्नु हुँदैन भनी स्पष्ट व्याख्या गरिएबाट आयोगको सिफारिस कार्यान्वयन गर्नु सरकारको दायित्व भएको स्पष्ट देखिएकोले विपक्षी राजु बस्नेतको हकमा राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन गर्न गराउन र कानूनबमोजिम उपयुक्त निर्णय गर्नसमेतका लागि विपक्षीहरूको नाममा परमादेशको आदेशसम्म जारी हुने ठहर्छ । निवेदकले यसबाटै सक्षम उपचार पाउने अवस्था रहेकोले उत्प्रेषणको आदेश जारी गरिरहनु परेन। रिट निवेदन खारेज गर्नु भएको मा.न्या. श्री गोपाल पराजुलीको रायसँग सहमत हुन नसकेकोले छुट्टै राय व्यक्त गरेको छु। सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१)(क) बमोजिम निर्णयको लागि प्रस्तुत रिट निवेदनको मिसिल पूर्ण इजलासमा पेस गर्नु भन्नेसमेत बेहोराको माननीय न्यायाधीश श्री

गोविन्दकुमार उपाध्यायको राय ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट उपस्थित हुनु भएका निवेदकसमेत रहनुभएका विद्वान् अधिवक्ता श्री विदुरप्रसाद अधिकारी, अधिवक्ताहरू श्री एकराज भण्डारी, श्री कान्तिराम ढुङ्गानाले विपक्षी राजु बस्नेत भैरवनाथ गणमा हुँदा मानिस बेपत्ता पार्ने कार्यमा सहभागी रहेकोले मानव अधिकार आयोगले कारबाहीको सिफारिस भएका व्यक्ति हुनुहुन्छ । निजलाई बरखास्त गरी नियमित अदालती प्रक्रियाबाट कारबाही अगाडि बढाउनु पर्नेमा उल्टै बढुवा गरिएको छ । यसले पीडितहरू थप पीडामा पर्दै जाने अवस्था आएको छ । सैनिक ऐनको दफा ६२ ले पनि यातना र बेपत्तालाई सैनिक अदालतको क्षेत्राधिकारभित्र पारेको छैन । TRC गठन भएन भन्दै नियमित अदालतमा प्रवेश गरेका मुद्दामा अदालत चुप लागेर बस्न मिल्दैन । यसले पीडितलाई थप पीडामा पार्दै जाने अवस्था आउँछ । यातना दिने र व्यक्ति बेपत्ता पार्ने कार्य संविधान र कानूनबमोजिम अपराधजन्य कार्य हो । व्यक्ति बेपत्ता पार्ने र यातना दिने कार्यमा दोषी देखिएका व्यक्तिलाई कारबाही गरी सजाय ठहर गर्न सैनिक ऐनको व्यवस्थाले पनि रोक लगाएको छैन । तसर्थ रिट निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्दछ भन्नेसमेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाली सेनाको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, विद्वान् अधिवक्ताहरू श्री सरोज रेग्मी र श्री महेन्द्रजंग शाहले उत्प्रेषणको आदेश खारेज हुने भन्ने विषयमा संयुक्त इजलासका माननीय न्यायाधीशज्यूहरूबीच मतैक्यता रहेकै छ । बढुवाको विषय पहिले नै Settle भइसकेको छ । सिफारिसकर्ताले गरेको सिफारिस रायसम्म हो । त्यसरी दिइएको राय बाध्यात्मक हुन सक्दैन । सिफारिसकै आधारमा दोषी करार गर्दै जाने हो भने अनुसन्धान र अभियोजनको कुनै उपादेयता रहँदैन । Presecution Executive को Sovereign भित्रको विषय हो । मानव अधिकार आयोग Watch Dog को भूमिकामा रहेको हुन्छ । उसले आफैँले कसैलाई दोषी ठहर गर्न पनि सक्दैन र उसको सिफारिस बाध्यात्मक पनि हुँदैन । कुनै पनि व्यक्तिलाई दोषी करार गर्ने विषय अदालतबाहेक अरू कसैबाट हुन पनि सक्दैन । अदालतले गरेको निर्णय मात्र अन्तिम र बाध्यात्मक हुन्छ । अन्य निकायको सिफारिस त परीक्षण पनि हुन सक्छ बाध्यकारी र अन्तिम मान्न सकिँदैन । सैनिक सेवा नियमावली, २०६९ को नियम ३६ ले सम्भाव्य उम्मेदवार हुन नसक्ने विषयवस्तु उल्लेख गरेको छ । नियम ३६ मा उल्लिखित विषयवस्तुले निवेदकको बढुवामा कुनै प्रकारको रोक लगाएको अवस्था नहुँदा कुवेरसिंह राना, राजेन्द्रप्रसाद ढकाललगायतको रिटमा सम्मानित अदालतबाट सिद्धान्त स्थापित भइसकेको अवस्था हुँदा निवेदकको रिट खारेज गर्ने माननीय न्यायाधीश श्री गोपाल पराजुलीले व्यक्त गर्नुभएको राय सदर हुनुपर्दछ भन्ने समेत बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

पक्ष विपक्षका तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताहरू तथा विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसमेत सुनी मिसिल संलग्न रिट निवेदन र लिखित जवाफसहितका मिसिल कागजातसमेत अध्ययन गरी हेर्दा देहायका विषयमा केन्द्रित रही निर्णय दिनुपर्ने देखियो ।

१) निवेदकले उठाएको बढुवाको विषय सार्वजनिक सरोकारको विषय हो वा होइन ? बढुवाको विषयमा उजुरी गर्ने हकदैया रिट निवेदकमा रहेको छ छैन ?
२) मानव अधिकार आयोगले गरेको सिफारिसको आधारमा दोषी करार गर्न मिल्छ वा मिल्दैन ?
३) रिट निवेदकको माग दाबीबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन ?

२. माथि उल्लिखित निर्णयार्थ पहिलो प्रश्नतर्फ विचार गर्दा, मानव अधिकारको गम्भीर उल्लङ्घनको आरोप खेपिरहेका तत्कालीन भैरवनाथ गण महाराजगञ्जमा नेपाली सेनाको सेनानी पदमा कार्यरत राजु बस्नेतलाई नेपाली सेनाको सहायक रथी जस्तो अति महत्त्वपूर्ण पदमा नेपाल सरकारले बढुवा गरेको भन्ने समाचारप्रति हामी मानव अधिकारकर्मी तथा बेपत्ता परिएका व्यक्तिहरूका आफन्तहरूको गम्भीर ध्यानाकर्षण भएको छ । उल्लिखित व्यक्तिहरू बेपत्ता पार्ने कार्यबाट तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ मा उल्लिखित स्वतन्त्रताको हक, धारा १४ मा उल्लिखित फौजदारी न्यायसम्बन्धी हक तथा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ मा उल्लिखित स्वतन्त्रताको हक, धारा २४ मा उल्लिखित न्यायसम्बन्धी हक तथा धारा २६ मा उल्लिखित यातनासम्बन्धी हकसमेत उल्लङ्घन भएको देखिन्छ । साथै नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता नागरिक अधिकार ऐन, २०१२ सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १४ र १५, यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ३, कारागार ऐन, २०१९ को दफा ७, तत्कालीन आतङ्ककारी तथा विध्वंशात्मक कार्य नियन्त्रण तथा सजाय ऐन, २०५८ को दफा ९ तथा सरकारले मानव अधिकार तथा मानवीय कानूनको कार्यान्वयनमा मिति २०६०।१२।१३ को प्रतिबद्धताको समेत उल्लङ्घन हुन गएको देखिन्छ । साथै नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिलगायतका नेपाल पक्ष भएका सन्धि तथा महासन्धिहरूको व्यापक उल्लङ्घन हुन गएको छ । त्यसको विपरीत विपक्षी नं. ६ लाई कारबाही हुनुपर्नेमा प्रमोसन गरिनुबाट माथि उल्लिखित राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनविपरीतको कार्य भएको छ । बेपत्ता छानबिन गर्ने कार्य तथा पीडकलाई न्यायको कठघरामा उभ्याउनु पर्ने दायित्वबाट विपक्षीहरू भाग्न खोजेको देखिएको छ । अधिवक्ता राजेन्द्रप्रसाद ढकालको हकमा निजको भाइ रविन्द्र प्रसाद ढकालसमेत निवेदकहरू र विपक्षी नेपाल सरकार गृह मन्त्रालयसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दासमेतका विभिन्न मुद्दाहरूमा बेपत्ता तथा सत्य निरूपणसम्बन्धी आयोगका सन्दर्भमा नेपाल सरकारका नाममा जारी गरिएका विभिन्न निर्देशनात्मक आदेशहरू हाल कार्यान्वयन हुन नसकेको र पीडितहरूले न्याय पाउने हक पूर्णतः बन्द भएकोले सम्मानित अदालतबाटै पुनः आवश्यक प्रभावकारी कदम चालिनु वाञ्छनीय भएकोले प्रत्यर्थी नं. १ र २ बाट प्रत्यर्थी नं. ६ लाई सहायक रथीमा बढुवा गर्ने गरी गरिएको मिति २०६९।६।१८ को निर्णय तथा सोका आधारमा गरिएका पत्राचारहरू समेतका कार्यहरू उत्प्रेषणको आदेशले बदर गरी राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन गर्न गराउन र कानूनबमोजिम उपयुक्त निर्णय गर्नसमेतका लागि विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदनको मुख्य जिकिर रहेको देखिन्छ ।

३. विपक्षीमध्येका राजु बस्नेतको लिखित जवाफ हेर्दा सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६४ को दफा ३८ बमोजिम तोकिएको तालिम र सेवा अवधि पूरा गरी म जेष्ठता क्रममा रहेकोले ऐ.को दफा ३७ बमोजिमको बढुवा समितिले सहायक रथी पदमा बढुवाको लागि मिति २०६९।३।२२ को सिफारिसमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।६।१८ को निर्णयले सहायक रथी दर्जामा पदोन्नति भई मिति २०६९।६।२१ मा दर्ज्यानी चिह्न ग्रहण गरेको छु । आयोगको सिफारिस केवल प्रारम्भिक प्रतिवेदनसरह मात्र हो । संविधानको धारा २४(५) बमोजिम कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने निर्दोषिताको अनुमानको संवैधानिक

प्रत्याभूतिसमेत रहेकोमा, यसरी बढुवा समितिबाट भएको सिफारिसको आधारमा कानूनबमोजिम गरिएको बढुवा र उक्त बढुवाको कार्यान्वयनसमेत भइसकेको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ भने विपक्षी नेपाल सरकार रक्षा मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ हेर्दा कुनै पनि पदाधिकारी मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्न भएको प्रमाणित भएको अवस्थामा नेपाल सरकारले प्रचलित कानूनअनुसार कारबाही हुने निर्विवाद नै छ। कुनै पनि अभियोग प्रमाणित नभएसम्म निर्दोष मानिने न्यायको सिद्धान्त रहेको र संवैधानिक व्यवस्थाबमोजिमको आयोग हालसम्म गठन नभई अभियोग प्रमाणित नभएकोले नियमित प्रक्रियाअनुरूप बढुवा भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोरा उल्लेख भएको पाइन्छ । प्रचलित सेवासम्बन्धी ऐन, नियमअनुसार बढुवाको लागि योग्य भएका र कुनै कानूनले बढुवाको लागि अयोग्य नठहरिएको व्यक्तिउपर केवल शंका र अनुमान गरी राष्ट्र सेवक सैनिक व्यक्तिको वृत्ति विकास हुन पाउने संवैधानिक र कानूनी अधिकारमा बन्देज लगाउन नमिल्ने भन्ने प्रधान सेनापति गौरव शमशेर राणाको लिखित जवाफबाट देखिन आएको छ।

४. विपक्षीमध्येका राजु बस्नेतलाई नेपाली सेनाको सहायक रथीमा गरेको बढुवा बदरको माग गर्दै सार्वजनिक सरोकारको विवादको रूपबाट पेस हुन आएको देखिन्छ । रिट निवेदकहरूले विपक्षी राजु बस्नेतलाई सहायक रथीमा गरिएको बढुवाको विषयलाई लिएर यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत सार्वजनिक सरोकारको विषयको माध्यमबाट प्रवेश गरेको देखिन्छ। बढुवा समितिले मिति २०६९।३।२२ मा विपक्षीमध्येका राजु बस्नेतलाई बढुवा गर्न भनी नेपाल सरकारसमक्ष सिफारिस गरेको र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।६।१८ को निर्णयले विपक्षीमध्येका राजु बस्नेत सहायक रथी दर्जामा पदोन्नति भई मिति २०६९।६।२१ मा दर्ज्यानी चिह्न प्राप्त गरी कामकाज गरी आएको रिट निवेदन तथा लिखित जवाफबाट खुल्न आएको देखिन्छ । रिट निवेदकहरूले बढुवाको विषयमा विवाद सृजना गरेको भएपनि बढुवाको विषयमा निवेदकहरू बढुवाको सम्भाव्य उम्मेदवार रहेको र निजको बढुवाबाट आफूलाई मर्का परेको भन्ने देखाउन नसकेको अवस्था हुँदा रिट निवेदकहरूले उक्त बढुवाको विषयमा कुनै सार्थक सम्बन्ध स्थापित गराउन सकेको देखिँदैन।

५. "सार्वजनिक सरोकारको विषयमा निवेदन दिने निवेदकले विवादको विषयवस्तुसँग सार्थक सम्बन्ध र तात्त्विक सरोकार (Meaningful Relation and Substantial Interest) रहेको कुरा देखाउन सक्नुपर्दछ । अन्यथा निवेदन गर्ने हकदैया स्थापित हुन सक्दैन । सार्वजनिक सरोकारका विवादहरूमा हकदैयाको सीमालाई बढाइएको हुन्छ भन्दैमा सबैलाई सबै विषयमा स्वतः निवेदन गर्ने हकदैया हुन्छ भनी अर्थ गर्न नमिल्ने" (ने.का.प. २०७३, अंक: ३ निर्णय नं. ९५६०, संयुक्त इजलास), "सार्वजनिक सरोकारको विषयको पहिचान गर्दा कुनै विवाद खास व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारसँग सम्बन्धित छ वा सर्वसाधारण नागरिक वा जनसमुदायको सामूहिक हक वा सरोकारसँग छ भन्ने कुरा हेर्नुपर्ने" (ने.का.प. २०६८, अङ्क ९ निर्णय नं. ८६८०, संयुक्त इजलास) र "कुनै विवाद सार्वजनिक हक वा सरोकारको हो वा होइन भन्ने कुराको निर्णय त्यो विवाद सर्वसाधारण जनताको वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसँग सम्बन्धित छ वा कुनै खास व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारसँग मात्रै सम्बन्धित छ भन्ने आधारमा गर्नुपर्ने " (ने.का.प. २०६९, अङ्क १२ निर्णय नं. ८९२६, पूर्ण इजलास) भनी उल्लेख भएसमेतका थुप्रै मुद्दामा यसै अदालतबाट व्याख्या भई सिद्धान्तसमेत प्रतिपादन भइसकेको छ।

६. बढुवासँग सम्बन्धित विषय विशुद्ध

रूपमा सेवासम्बन्धी कानूनको प्रशासनिक विषय हो । सेवासम्बन्धी कानूनबमोजिम आफ्नो स्वार्थ वा सरोकार रहेको व्यक्तिले बढुवाको विषयमा मर्का परेको कुरामा बाहेक अरूले प्रश्न उठाउन सक्ने विषय नै होइन । विपक्षी राजु बस्नेतको बढुवाको विषयले निवेदकहरूलाई के कुन प्रकारको असर परेको हो सो कुरा स्पष्ट रूपमा खुलाउन सकेको देखिँदैन । बढुवा जस्तो नितान्त प्रशासनिक विषयमा मर्का पर्ने वा सो कार्यबाट हक हनन् भएको व्यक्ति मात्र बढुवाको विषयमा चुनौती दिँदै आउनुपर्ने हुन्छ । कानूनबमोजिम सेवासँग सम्बन्धित संगठनमा कार्यरत् कर्मचारीको पदोन्नतिको विषयलाई मर्का पर्ने पक्षले बाहेक चुनौती दिने हकदैया अन्य व्यक्तिमा रहन सक्ने देखिएन । यसरी विवादको विषयसँग कुनै पनि प्रकारको सम्बन्ध नरहेको विषयवस्तुलाई सार्वजनिक सरोकारको विषयको रूपमा ग्रहण गर्न मिल्ने देखिँदैन ।

७. खासगरी मानव अधिकारसम्बन्धी उल्लङ्घनको विषयलाई सार्वजनिक सरोकारको तत्त्व विद्यमान रहेकोले बढुवाकै विषय भए पनि सार्वजनिक सरोकारको विषयको रूपमा ग्रहण गरी हेरिनुपर्दछ भन्ने निवेदकहरूको प्रश्नमा विचार गर्दा, विगतको सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकार उल्लङ्घनका घटनामा दोषी देखिएका व्यक्तिहरूलाई कारबाही गर्ने संयन्त्र निर्माण गरी त्यस्ता संयन्त्रमार्फत कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्ने हुन्छ । विगतको सशस्त्र द्वन्द्वको समयमा मानिस बेपत्ता पार्नेसम्बन्धी विषयको कुरालाई जोडेर बढुवासम्बन्धी विवादमा जोड्ने भन्ने विषयलाई माथिको प्रकरणमा विश्लेषण गरिसकिएको छ । अर्कोतर्फ मानव अधिकारको उल्लङ्घन गरी व्यक्ति बेपत्ता पारिएको भनिएका पीडित वा निजको परिवारको तर्फबाट निजहरूको हकको प्रतिनिधित्व गर्ने गरी रिट निवेदन प्रस्तुत हुन आएको अवस्थासमेत होइन ।

८. विवादको रूपमा आएको बढुवासम्बन्धी विषयका बारेमा सैनिक ऐनमा के कस्तो व्यवस्था रहेको छ त भन्ने सम्बन्धमा हेर्दा, सैनिक ऐन, २०६३ को दफा २१ मा बढुवासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ भन्ने उल्लेख भएको देखिन्छ । सैनिक नियुक्ति, प्रमोसन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० को नियम १६ मा सैनिक अदालतमा कुनै मुद्दा परी सफाइ नहुन्जेल सैनिक व्यक्तिको प्रमोसन नसुनाइने व्यवस्था रहेको पाइन्छ । सैनिक सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६४ को दफा ३९ को खण्ड (घ) मा कोर्ट अफ इन्क्वायरी वा विशेष छानबिन समितिबाट अभियोग लागी कुनै सैनिक अदालत वा सैनिक विशेष अदालतमा मुद्दा दायर भएको वा हुने क्रममा रही सम्बन्धित अदालतबाट सफाइ नपाएसम्म बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने भन्ने व्यवस्था रहेको पाइन्छ । यिनै निवेदकमध्येकी राममाया नकर्मी निवेदक र विपक्षी राजु बस्नेतसमेत भएको परमादेश मुद्दामा (०६३-WO-०६१५) भैरवनाथ गणमा भएको यिनै विपक्षी राजु बस्नेतसमेतले यातना दिएको, बेपत्ता पारेको र हत्या गरेको भन्ने सम्बन्धमा यिनै विपक्षीसमेत उपर मुलुकी ऐन ज्यानसम्बन्धीको महलबमोजिम कारबाही हुनका लागि विपक्षीहरूलाई तत्काल पक्राउ गरी जागिरबाट बर्खास्त गरी अनुसन्धान कार्य अविलम्ब सुरू गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेतको आदेश जारी गरिपाउँ भनी परेको रिट निवेदनमा यस अदालतबाट मिति २०६७।५।१० मा रिट निवेदन खारेज हुने ठहरी फैसला भएको पाइन्छ । उपर्युक्त फैसलासमेतका कुनै पनि मिसिल प्रमाणबाट यी विपक्षी राजु बस्नेत अदालतबाट दोषी ठहरिएको भन्ने देखिन आउँदैन । साथै सो फैसलाले यी विपक्षी राजु बस्नेतको सैनिक अधिकारीको पदको निरन्तरतालाई कुनै असर परेको देखिँदैन । यी विपक्षी राजु बस्नेत उल्लिखित बेपत्ता पार्ने घटनामा संलग्न भएको भनिएको घटनापछि निज सैनिक अधिकृतको मिति २०६२।७।३ मा प्रमुख सेनानीबाट महासेनानीमा पदोन्नति भएको र मिति

२०६९।६।१८ मा सहायक रथीमा बढुवा भएको देखिएको छ । यसरी सैनिक अधिकारीको पदको निरन्तरता कायम रही रहेको अवस्था र प्रस्तुत मुद्दाको विषयवस्तु पनि सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरूद्धको अपराधसम्बन्धी घटनासँग सम्बन्धित देखिएको र उनै सैनिक अधिकारीको उही विषयसँग जोडी पछिल्लो पटक भएको निज सैनिक अधिकारीको बढुवाको विषयलाई लिएर प्रस्तुत रिट निवेदन परेको देखिन्छ ।

९. यसै सन्दर्भमा निवेदक अधिवक्ता सुनिल रञ्जनसिंहसमेत विरूद्ध विपक्षी कुवेरसिंह रानासमेत भएको उत्प्रेषण (ने.का.प. २०६९ अंक १२ निर्णय नं.८९३३, ०६७-WO-११९८) को रिटमा ***बढुवा विशुद्ध सेवासम्बन्धी कानूनको प्रशासनिक विषय भएकोले सोको सम्बन्धमा सेवासम्बन्धी कानूनबमोजिम आफ्नो स्वार्थ वा सरोकार रहेको व्यक्तिबाहेक अरूले प्रश्न उठाउन नसक्ने, नितान्त भिन्न प्रकृतिको सेवासम्बन्धी कानूनबमोजिम गरिने बढुवाको विषयमा सार्थक सरोकार नभएको व्यक्तिको निवेदनबाट मागबमोजिम आदेश जारी गर्ने अवस्था नदेखिने***, भनी सिद्धान्तसमेत स्थापित भइसकेको छ । प्रस्तुत रिट निवेदनमा रिट निवेदकले विपक्षी राजु बस्नेतको विवादित बढुवाको विषयसँग आफ्नो कुनै सार्थक सम्बन्ध स्थापित गर्न सकेको देखिँदैन । विपक्षी राजु बस्नेतका विरूद्ध कुनै अभियोग लागी सैनिक अदालत वा सैनिक विशेष अदालतमा कुनै मुद्दा दायर भएको अवस्था पनि होइन । कुनै नियमित अदालतमा मुद्दाको कारबाही चली सजाय पाएका व्यक्तिसमेत होइनन । रिट निवेदकहरूले बढुवाको विषयमा विवाद सृजना गरेको भएपनि निवेदक सैनिक अदालत वा सैनिक विशेष अदालतमा मुद्दा दायर भएको वा मुद्दा दायर गर्ने क्रममा रहेका व्यक्ति हुँदा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने व्यक्ति हुन् भन्नसमेत सकिने अवस्था नहुँदा सेवासम्बन्धी कानूनबमोजिमको प्रक्रिया पूरा गरी भएको बढुवाको विषयमा मर्का पर्ने व्यक्तिबाहेक अरूले दिएको रिट निवेदनका आधारमा गरिएको बढुवाको विषय कानूनसम्मत नै रहेको देखियो ।

१०. मानव अधिकार आयोगले गरेको सिफारिसको आधारमा दोषी करार गर्न मिल्छ वा मिल्दैन भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को दफा २४ को उपधारा ५ र वर्तमान नेपालको संविधानको धारा २० को उपधारा ५ मा कुनै अभियोग लगाइएको व्यक्तिलाई निजले गरेको कसुर प्रमाणित नभएसम्म कसुरदार मानिने छैन भन्ने संवैधानिक व्यवस्था गरेको पाइन्छ । प्रस्तुत विवादमा विपक्षी राजु बस्नेत सक्षम अदालतबाट दोषी ठहर भएका व्यक्ति हुन् भन्नेसमेत निवेदकहरूले प्रमाणित गर्नसकेको अवस्था पनि छैन । सक्षम निकायबाट अनुसन्धान गरी दोषी देखिए अदालतमा अभियोजन पक्षले अभियोजन गरी अदालतबाट दोषी प्रमाणित भएको देखिनु पर्दछ । मानव अधिकार आयोग सजाय ठहर गर्ने र दोषी ठहर गर्ने निकाय नभई कारबाहीको सिफारिससम्म गर्ने क्षेत्राधिकार प्राप्त निकायको रूपमा रहेको पाइन्छ । मानव अधिकार आयोगले गरेको सिफारिसकै आधारमा कानूनबमोजिम अनुसन्धान र अभियोजन भई अधिकारप्राप्त अदालतबाट दोषी ठहर नभई दोषी करार गर्ने अवस्था हुँदैन । राष्ट्रिय मानव अधिकार आयोगले विवादित घटनाका बारेमा अपराध अनुसन्धान एवं कारबाही गर्नुपर्ने ठहऱ्याई सो प्रयोजनको लागि लेखी पठाएको देखिन्छ । सोबमोजिम अपराध अनुसन्धान गरी अभियोजन गरेको वा न्यायिक निर्णय भएको भन्ने अवस्था भने होइन । कसुरको अनुसन्धानका लागि लेखी पठाउने कार्य स्वयंमा अभियोजन वा न्यायिक निर्णय हुन सक्दैन । अनुसन्धानका लागि लेखी पठाउने कार्य र कसुर ठहर हुनुको बीचमा ठूलो अन्तर रहेको

छ । मानव अधिकार आयोगले गरेको कारबाहीको सिफारिस केवल सिफारिससम्म हो । सिफारिस आफैँमा आदेश हुन सक्दैन । सिफारिस गरेकै आधारमा दोषी ठहर गर्न पनि मिल्दैन ।

११. सशस्त्र द्वन्द्वको समयमा भएको मानवीय कानून र मानव अधिकार कानूनको उल्लङ्घनमा संलग्न पीडक र पीडितबीचको तिक्ततापूर्ण सम्बन्धलाई सत्य स्थापना, मेलमिलाप, परिपूरण र पुन:स्थापना गर्ने असाधारण समयको विशेष न्यायका रूपमा संक्रमणकालीन न्यायको अभ्यास विश्वका विभिन्न देशहरूमा भएको देखिन्छ । संक्रमणकालीन न्यायले कानूनी, सामाजिक, आर्थिक र राजनीतिक जवाफदेहिताको लागि न्यायिक निशस्त्रीकरण, स्थिरीकरण र सामाजिक केन्द्रविन्दुमा राखी सदाका लागि शान्ति एकता र न्याय स्थापित गर्दछ भन्ने मान्यताबमोजिम नेपालमा संक्रमणकालीन न्यायलाई सम्बोधन गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ र विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भई सोबमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग गठन भई कार्य भइरहेको देखिन्छ तथापि सशस्त्र द्वन्द्वमा भएका आतंककारी वा विध्वशांत्मक वा अपराधजन्य कार्य राजनीतिक आवरणमा संक्रमणकालीन न्यायको दायराभित्र पर्ने नभई फौजदारी न्याय प्रणालीका विषय हुन । संक्रमणकालीन न्यायमा मुद्दा अभियोजनको माध्यमबाट मात्र पीडितले न्याय प्राप्त गर्ने होइन । समान प्रकृतिका घटनाहरू पुनः दोहोरिन नदिन सत्य अन्वेषण गर्ने निकायको सुधार, प्रभावकारी तथा पीडित सन्तुष्ट हुने प्रकृतिको परिपूरणको व्यवस्था, गल्ती गर्ने व्यक्तिको औपचारिक जानकारी र जिम्मेवारी संक्रमणकालीन न्याय व्यवस्थाका अनिवार्य र विचारणीय पक्षका रूपमा रहेका हुन्छन । अभियोजन मात्रले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितको मागलाई पूरा गर्न सक्दछ भन्न सकिँदैन । त्यसैले निर्णय गर्दा पीडित र सम्बन्धित पक्षको चासोलाई केन्द्रमा राख्नु पर्दछ । सत्य उद्घाटित नगरिकन र परिपूरणको प्रयास नगरिकन पीडकको सानो हिस्सालाई मात्र दण्डित गर्ने कार्यले राजनीतिक प्रतिशोधलाई दर्शाउँछ । यसर्थ द्वन्द्वकालमा भएका विभिन्न कसुरजन्य कार्यलाई सम्बोधन गरी न्याय सम्पादन गर्दा संविधान, कानून, सेना परिचालनको अवस्था, विस्तृत शान्ति सम्झौता र यस अदालतबाट विगतको द्वन्द्वलाई सम्बोधन हुने गरी भएका सम्पूर्ण आदेश तथा फैसलाको समग्र विश्लेषण गरी न्यायको माध्यमबाट द्वन्द्वकालीन घटनाहरूको सुरक्षित रूपमा अन्त्य गर्नु उपयुक्त हुने देखिन्छ ।

१२. सैनिक ऐन, २०६३ को दफा ३ बमोजिम सैनिक ऐनको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले कर्तव्य पालनको सिलसिलामा कानूनविपरीतका कार्य गरेको देखिएमा त्यस्ता कार्यका सम्बन्धमा सैनिक न्याय प्रणालीबाट परीक्षण गर्न नसकिने भन्न पनि मिल्दैन । नेपालको संविधानको धारा १५२ (२) मा सैनिक अदालतलाई विशिष्टिकृत अदालतको रूपमा व्यवस्था गरेको छ । यातना र बेपत्ता सम्बन्धमा यातना तथा क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरूद्धको महासन्धि, १९८४ लाई नेपालले १४ मे १९९१ मा अनुमोदन गरेपछि सैनिक ऐन, २०६३ जारी भई उक्त महासन्धिको व्यवस्था र भावनाबमोजिम यातना र बेपत्ता पार्ने कार्यलाई सैनिक ऐनको दफा ६२ ले सैनिक कसुरको रूपमा व्यवस्था गरेको छ भने यातना दिने र बेपत्ता पार्ने कार्यलाई छानबिन गर्न सैनिक ऐनभित्रकै अन्य कसुरमा हुने छानबिनभन्दा विशेष व्यवस्था गरी छानबिन भई सैनिक विशेष अदालतमा मुद्दा दायर गर्न सकिने र सैनिक विशेष अदालतबाट भएको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने व्यवस्थासमेत गरेको देखिन्छ । यातना र बेपत्ताको कसुरमा अनुसन्धान, अभियोजन र पुर्पक्ष

सैनिक न्याय प्रणालीबाट भई अन्तिम सुनुवाइ सर्वोच्च अदालतबाट हुने व्यवस्थासमेत भएको देखिन्छ ।

१३. जहाँसम्म श्री भैरवनाथ गणमा गणपतिको रूपमा कार्यरत रहँदा ४३ जनालाई बेपत्ताको अवस्थामा राखिएको देखिएकोले बेपत्ताहरूको स्थिति सार्वजनिक गरी कानूनी प्रक्रियामा लैजान तथा उक्त कार्यमा जिम्मेवार देखिएका तत्कालीन प्रमुख सेनानी राजु बस्नेतलगायतका सैनिक अधिकारीहरू समेत माथि प्रचलित कानूनबमोजिम कारबाही अघि बढाउन भनी राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस कार्यान्वयन नगरी बढुवा गरेकोले उक्त बढुवा गैरसंवैधानिक र गैरकानूनी छ भन्ने रिट निवेदकहरूको दाबी रहेको सन्दर्भमा निज राजु बस्नेत मिति २०६२।७।३ मा प्रमुख सेनानीबाट महासेनानीमा पदोन्नति र मिति २०६७।७।३ मा महासेनानीको पदावधि थप भई हाल सहायक रथी दर्जामा पदोन्नती भएको अवस्था छ । विपक्षी राजु बस्नेतलाई जुनसुकै तह वा पदमा रहे पनि कानूनबमोजिम अपराध अनुसन्धान हुनसक्ने नै देखिन्छ । कोही व्यक्ति कुनै पदमा बहाल रहेको र सो पदमा रहेकै कारणले यदि अपराधको अनुसन्धानपश्चात् दोषी ठहर भए सजायको भागीदार हुन नसक्ने भन्ने देखिँदैन । विपक्षी राजु बस्नेत सहायक रथीमा बढुवा पाएको भन्ने आधारमा कसुरको दायित्वबाट मुक्ति नै पाएका हुन् भन्ने अर्थको रूपमा ग्रहण गर्न मिल्ने देखिँदैन ।

१४. मानव अधिकारको उल्लङ्घनका घटनालाई समयमा सम्बोधन हुन नसकेमा पीडितले न्यायको अनुभूति गर्न नसक्ने र दोषी देखाइएका व्यक्तिहरूले सफाइको उचित अवसर पाउन नसक्ने र अनावश्यक लाञ्छनाको शिकार बन्न पुग्दछ । सार्वजनिक जवाफदेहीको पदमा आसिन व्यक्तिका उपर लाग्ने मानव अधिकार उल्लङ्घनका घटनाहरू झन् बढी संवेदनशील हुन्छन् । त्यस्ता घटनाहरूलाई समयमा टुंगो लगाई पीडित एवं आरोपित व्यक्ति दुवैको लागि शीघ्र अनुसन्धान, अभियोजन र निरूपण गर्नु अत्यावश्यक हुन्छ । छानबिन गरी तथ्यगत निष्कर्षमा पुग्नुभन्दा आरोप प्रत्यारोपमा उत्रिन सक्ने खतरा भई न्यायको निकास बन्द हुन सक्दछ ।

१५. यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट रिट नं.३५७५ समेत ३४ वटा रिट निवेदनउपर अधिवक्ता राजेन्द्र प्रसाद ढकालको हकमा निजको भाई रविन्द्रप्रसाद ढकालसमेत निवेदकहरू र विपक्षी नेपाल सरकार गृहमन्त्रालयसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दासमेतका विभिन्न मुद्दाहरूमा ***जबरजस्ती बेपत्ता पार्ने कार्यलाई सम्बोधन गर्ने गरी विशेष किसिमको कानून बनाउनु, बेपत्ता पारिएका तथा मृत्यु भएकाको तत्काल राहतका लागि हकवालालाई एक लाखदेखि दुई लाख रूपैयाँसम्म रकम दिनु*** भन्ने आदेश जारी भएकोमा मृत्यु भएका र बेपत्ता पारिएकाको हकवालालाई राहत प्रदान गर्न निर्देशिका, २०६५ निर्माण गरी एक लाखदेखि दुई लाख रूपैयाँसम्म रकम प्रदान गर्ने व्यवस्था भएको देखिन्छ । लिलाधर भण्डारी विरूद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदनमा ***अदालतले द्वन्द्वको समयमा निवेदकहरूको सम्पत्ति कब्जा गरिएकोमा कब्जा गरिएको सम्पत्ति फिर्ता गर्न र सम्पत्तिको अपहरणबाट पर्न गएको क्षतिसमेत मूल्याङ्कन गरी क्षतिपूर्तिसहित सम्पत्ति फिर्ता दिन दिलाउन र त्यसका लागि पीडित समुदायका प्रतिनिधिसमेत रहेको जिल्ला स्तरीय समिति गठन गर्न*** नेपाल सरकार मन्त्रिपरिषद्का नाममा परमादेश जारी भएकोमा सो आदेशानुसार सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका सार्वजनिक तथा निजी घर जग्गा सम्पत्ति फिर्तासम्बन्धी उच्च स्तरीय कार्यदल र जिल्ला कार्यान्वयन समिति मिति २०६८/६/१० मा मन्त्रिपरिषद्को निर्णयबाट गठन भएको देखिन्छ । रिट निवेदक राजेन्द्र घिमिरे विरूद्ध मन्त्रिपरिषद् कार्यालयसमेत भएको रिट

निवेदनमा ***यातना दिने कार्यलाई अपराध घोषित गरी यातना पीडितलाई क्षतिपूर्ति दिने कानून बनाउनु*** भनी मिति २०६४/९/२ मा आदेश भएको ...। यसरी बेपत्ता तथा सत्य निरूपणसम्बन्धी आयोगका सन्दर्भमा नेपाल सरकारका नाममा जारी गरिएका विभिन्न निर्देशनात्मक आदेशहरू र फैसलामा उल्लिखित विभिन्न व्याख्यात्मक टिप्पणीहरूको हाल कार्यान्वयनको क्रममा रहेको भन्ने देखिन आएको छ। नेपाल सरकारका मुख्य सचिवले मिति २०६७।५।७ मा सर्वोच्च अदालतको पत्रको जवाफमा लेखेको पत्रमा मानव अधिकार आयोग ऐन, २०५३ को दफा १३ अनुसार राष्ट्रिय मानव अधिकार आयोगको निर्णय सिफारिस कार्यान्वयन गर्न नेपाल सरकार प्रतिबद्ध छ। तदनुसार पीडितहरूलाई रू. ६ करोड ५४ लाख २४ हजार रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराउन २०६६।८।१६ मा निर्णय भएको, राष्ट्रिय मानव अधिकार आयोगको २०६६।५।३२ को प्रतिवेदनबाट बेपत्ता पारिएका भनिएका ४३ जनामध्ये ३८ जनाका हकदारले जनही १ लाखका दरले राहत रकम पाएका, बेपत्ता पारिएका नाम समावेश भएका नागरिकका बढीमा ३ सन्ततिलाई १८ वर्ष नपुगेसम्म बेपत्ता अवधिभर प्राथमिक, नि.मा.वि., मा.वि. र प्रमाणपत्र वा उ.मा.वि. तहमा रू १०, १२, १४ र १६ हजारका दरले एकमुष्ट वार्षिक छात्रवृत्ति उपलब्ध गराउने, द्वन्द्व पीडितहरूको लगत संकलनको काम भइरहेको समेतका र विभिन्न पीडितहरू जस्तो कि सोलुका जीतमान आदिको लागि रकम निकासा भइसकेको, राष्ट्रिय मानव अधिकार आयोगको २०६६।५।२२ को प्रतिवेदनमा उल्लेख भएका बेपत्ता व्यक्तिहरूको वास्तविक स्थिति पत्ता लगाउनका लागि विस्तृत शान्ति सम्झौताको धारा ५.२.५ एवं अन्तरिम संविधानको धारा ३३ अनुसार भएको सर्वोच्च अदालतको २०६४।२।१८ को निर्देशनात्मक आदेशबमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग एवं बेपत्ता ...छानबिन आयोग गठन गर्ने दिशामा नेपाल सरकार प्रतिबद्ध छ । ती विधेयकहरू संसद्समक्ष प्रस्तुत छन् । व्यक्ति बेपत्ता पार्नेलाई क्षमादान हुन नसक्ने कानूनी व्यवस्था भनी उल्लेख भएको कुराबाट राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने दिशातर्फ अगाडि बढेकै देखिन आएको छ।

१६. रिट निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, रिट निवेदकहरूले बढुवाको विषयमा विवाद सृजना गरेको भएपनि बढुवाको विषयमा निवेदकहरू बढुवाको सम्भाव्य उम्मेदवार रहेको र निजको बढुवाबाट आफूलाई मर्का परेको भन्ने देखाउन नसकेको उक्त बढुवाको विषयमा कुनै सार्थक सम्बन्ध स्थापित गराउन सकेको देखिँदैन भने बढुवा जस्तो नितान्त प्रशासनिक विषयमा मर्का पर्ने वा सो कार्यबाट हक हनन् भएको व्यक्ति मात्र बढुवाको विषयमा चुनौती दिँदै आउनुपर्नेमा सोबमोजिम आएको पनि देखिँदैन । मानव अधिकारको उल्लङ्घन गरी व्यक्ति बेपत्ता पारिएको भनिएका पीडित वा निजको परिवारको तर्फबाट निजहरूको हकको प्रतिनिधित्व गर्ने गरी रिट निवेदन प्रस्तुत हुन आएको अवस्थासमेत होइन । कानूनबमोजिम सेवासँग सम्बन्धित संगठनमा कार्यरत् कर्मचारीको पदोन्नतिको विषयलाई मर्का पर्ने पक्षले बाहेक चुनौती दिने हकदैया अन्य व्यक्तिमा रहन सक्दैन।

१७. राष्ट्रिय मानव अधिकार आयोगले विवादित घटनाका बारेमा अपराध अनुसन्धान एवं कारबाही गर्नुपर्ने ठहऱ्याई सो प्रयोजनको लागि लेखी पठाएको देखिन्छ । सोबमोजिम अपराध अनुसन्धान गरी अभियोजन गरेको वा न्यायिक निर्णय भएको भन्ने अवस्था छैन । कसुरको अनुसन्धानका लागि लेखी पठाउने कार्य स्वयंमा अभियोजन वा न्यायिक निर्णय हुन सक्दैन । मानव अधिकार आयोगले गरेको कारबाहीको सिफारिस केवल सिफारिससम्म हो ।

सिफारिस आफैँमा आदेश हुन सक्दैन । सिफारिस गरेकै आधारमा दोषी ठहर गर्न पनि मिल्दैन ।

१८. कोही व्यक्ति कुनै पदमा वहाल रहेको र सो पदमा रहेकै कारणले यदि अपराधको अनुसन्धानपश्चात् दोषी ठहर भए सजायको भागिदार हुन नसक्ने भन्ने देखिँदैन । विपक्षी राजु बस्नेत सहायक रथीमा बढुवा पाएको भन्ने आधारमा कसुरको दायित्वबाट मुक्ति नै पाएका हुन् भन्ने अर्थको रूपमा ग्रहण गर्न मिल्ने देखिँदैन भने राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने दिशातर्फ सरकार अगाडि बढेकै देखिन आएकोले रिट निवेदकहरूको मागबमोजिम आदेश जारी गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ ।

१९. माथि उल्लिखित केही रिट निवेदनहरूमा विगतमा यस अदालतबाट दिइएका निर्देशनात्मक आदेशहरूको कार्यान्वयन भएको देखिए पनि यस अदालतबाट मिति २०६५/९/२३ मा लिलाधर भण्डारीको निवेदन तथा सुनिलरञ्जन सिंह विरूद्ध कुवेरसिंह रानासमेत भएको रिट निवेदनमा मिति २०६९/४/२८ मा विगतको मानव अधिकार उल्लङ्घनको घटनामा संलग्न भए नभएको र मानव अधिकार एवं कानूनी राज्यमा आस्था भए नभएको नहेरी कुनै सार्वजनिक उत्तरदायित्व बहन गर्ने व्यक्तिलाई राज्यसत्ताको उपयोग गर्ने किसिमको खास जिम्मेवारी दिँदा राज्य र सर्वसाधारण थप संकटमा पर्नसक्ने हुनाले संक्रमणकालीन न्यायको व्यवस्था गर्न र खास गरी सार्वजनिक पदमा नियुक्ति तथा बढुवालगायतका अन्य कारबाही गर्दा उपर्युक्तबमोजिम जिम्मेवारी दिन सार्वजनिक उत्तरदायित्व बहन गर्ने त्यस्तो पदाधिकारीले मानव अधिकार उल्लङ्घन गरे नगरेको कुराको परीक्षण गरी जिम्मेवारी सुम्पने सम्बन्धमा परीक्षण प्रक्रिया (Vetting Process) सम्बन्धी खास कानूनको व्यवस्था हालसम्म निर्माण भएको नदेखिएकोले यस सम्बन्धमा आवश्यक प्रबन्ध गर्नु भनी दिएको आदेश कार्यान्वयनका सम्बन्धमा तदारूखताका साथ काम कारबाही अगाडि बढाएको नदेखिँदा माथि उल्लिखित रिट निवेदनहरूमा जारी भएको निर्देशनात्मक आदेशहरूको कार्यान्वयन गर्नेतर्फ आवश्यक पहल गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा पुनः यो निर्देशनात्मक आदेश जारी हुने ठहर्छ । उक्त आदेशहरूको हाल के कति कार्य प्रगति भएको छ भन्नेतर्फ सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयबाट सम्बन्धित क्षेत्रमा पहल गरी प्राप्त प्रतिवेदन वा जवाफ ३/३ महिनामा यस अदालतका मुख्य रजिस्ट्रारलाई पठाउनू । यस आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा हामी सहमत छौं ।
न्या. दीपककुमार कार्की
न्या. मीरा खड्का

इजलास अधिकृत: रामप्रसाद बस्याल
इति संवत् २०७३ साल चैत १७ गते रोज ५ शुभम् ।

निर्णय नं. १०००३

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई
फैसला मिति : २०७३।८।१६
०७२-CF-०००७

मुद्दाः लागु औषध खैरो हेरोइन

पुनरावेदक / वादी : प्र.ना.नि. उमाशंकरप्रसाद गुप्ताको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका वडा नं.१४ घर भई ऐ. वडा नं.१३ मा डेरा गरी बस्ने राजेशकुमार लामा

- **प्रतिवादीसँग लागु औषध फेला परेको अवस्थामा प्रतिवादीले त्यसको वैधता प्रमाणित गर्नै पर्दैन भन्ने होइन । यसो भन्नुको मतलब लागु औषधको कसुरमध्ये प्रतिवादीले कुन कसुर गरेको हो, सेवनको कसुर हो वा कारोबारको कसुर हो भन्ने कुरालाई स्पष्ट गर्नुपर्ने, तत्सम्बन्धी आवश्यक कुरा खुलाउनु पर्ने र सोको प्रारम्भिक प्रमाण पुऱ्याउनु पर्ने वादीको दायित्वलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले समाप्त गरेको हो भन्न पनि नमिल्ने ।**

(प्रकरण नं.१०)

- **कसुरको दफा मात्र उल्लेख गरेर पुग्दैन सो दफाबमोजिमको काम प्रतिवादीबाट भएको भन्ने कुरा र तत्सम्बन्धी प्रमाण पनि दाबीमा खुल्नु आवश्यक हुने ।**

(प्रकरण नं.१२)

- **बरामदित लागु औषधको मात्रा थोरै छ बरामद भएको मात्रालाई नै अदालतले आधारको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । बरामदित मात्रा थोरै छ बरामद भएको मात्रालाई पन्छाएर हचुवाको भरमा बरामद थोरै भए पनि कारोबारी नै हुन् भनी भन्न पनि मिल्दैन । अर्कोतर्फ एकै व्यक्तिको साथबाट खैरो हेरोइन र चरेस दुई फरक लागु औषध फेला परेको कारणले मात्रै निजलाई लागु औषधको कारोबारी ठहर गर्नु न्यायोचित नहुने ।**

(प्रकरण नं.१५)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठक
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- लागु औषध (नियन्त्रण) ऐन, २०३३

सुरू फैसला गर्नेः-
जिल्ला न्यायाधीश श्री पशुपति आचार्य
पर्सा जिल्ला अदालत ।

पुनरावेदन तहमा फैसला गर्नेः-
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
माननीय न्यायाधीश श्री सत्यमोहन जोशी
पुनरावेदन अदालत, हेटौंडा ।

संयुक्त इजलासबाट फैसला गर्नेः
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
मा. न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय

फैसला

न्या.जगदीश शर्मा पौडेल : यस अदालतको संयुक्त इजलासबाट मिति २०७२/०६/११ मा सर्वोच्च अदालत नियमावली २०४९, को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासको दायरीमा दर्ता भई यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ।

जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका वडा नं.१३ स्थित पूर्वमा घण्टाघर जाने सडक, पश्चिममा खाली जग्गा, उत्तरमा हरेन्द्र किशोर पंडितको घर, दक्षिणमा मुकेश कलवारको घर यति चार किल्लाभित्र अशोककुमार वर्माको घरमा राजेशकुमार लामा कोठा लिई बसेकोमा निजको कोठा खानतलासी लिँदा कोठाको दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम बरामद भएको भन्ने मिति २०६६।४।२७ को खनतलासी तथा बरामदी मुचुल्का।

मिति २०६६/४/२७ गते राति २४:३० बजेको समयमा जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका वडा नं.१४ घर भई ऐ. वडा नं.१३ मा अशोक वर्माको घरमा कोठा लिई बसेको राजेशकुमार लामाको कोठा खानतलासी गर्दा निज राजेशकुमार लामा भागी गएको र सो कोठाको दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम तथा चरेस १० ग्राम र रू.२/- को नोट दुवैतिर आगो लागेको र सो कोठामा बसेका सर्लाही जिल्ला, वरहथवा गा.वि.स. वडा नं.८ घर भएका सञ्जय दास, ऐ.ऐ. बस्ने नविनकुमार दास र ऐ. हरिवन-९ बस्ने ललन दासलाई पक्राउ गरी सोधपुछ गर्दा हामीहरू लागु औषध सेवन गर्ने व्यक्ति होइनौं। बरामद भएको लागु औषध राजेशकुमारले के कहाँबाट ल्याएको हो, हामीलाई थाहा छैन भनी बताएकोले तीनै जनालाई पक्राउ गरी कारबाहीको लागि यसै प्रतिवेदनसाथ दाखेल गरेको भन्नेसमेत बेहोराको प्र.ना.नि. उमाशंकर गुप्ताको प्रतिवेदन।

मेरी भान्जी किरण देवी सुत्केरी व्यथा लागी वीरगञ्ज लगेकोले म पनि निजलाई हेर्न वीरगञ्ज गएको थिएँ। बेलुकाको समयमा म नविनकुमार दास र भान्जा ललन दास घुम्न भनी वीरगञ्जको घण्टाघरमा गएका थियौं। त्यहाँ मेरो काठमाडौंमा खाना खाने होटलको साहुनी इन्दिरा लामासँग भेट भयो। निजले मेरो दिदी भिनाजुको कोठा यहीँ छ, जाउँ भनेकीले हामी तीनै जना इन्दिराको भिनाजुको कोठामा गई खाना खाई निजको भिनाजु राजेशकुमार लामासँग सुतेका थियौं। राति प्रहरी आई कोठा चेकजाँच गर्दा निज राजेशकुमार लामा भागी फरार भएको र कोठाको दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम बरामद भएकोले प्रहरीले हामीलाई पनि पक्राउ गरेको हो। म लागु औषध सेवन गर्ने व्यक्ति होइन। सो लागु औषध मेरो होइन। हामीलाई पक्राउ गर्नुभन्दा अगाडि उक्त कोठामा लागु औषध छ भनि हामीलाई थाहा थिएन भन्नेसमेत बेहोराको सञ्जय दासले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मेरी दिदी किरण देवीलाई डेलिभरीको व्यथा लागेकोमा दिदीसँगै वीरगञ्ज आएकोमा मिति २०६६/४/२७ गते मामा सञ्जयदास र नविनकुमार दास पनि वीरगञ्ज आएकोमा बेलुका हामी घण्टाघर घुम्न गएका थियौं। त्यहाँ मामाको साथी इन्दिरासँग भेट भई इन्दिराले मामालगायत मलाई पनि निजको भिनाजुको कोठामा जान आग्रह गरेकोले हामी तीनै जना निजको दिदी भिनाजु राजेशकुमार लामाको कोठामा गई रातिको खाना खाई सुतेका थियौं। रातिको समयमा प्रहरी आएकोले निज राजेशकुमार लामा भागी गएको र प्रहरीले कोठा खानतलासी गर्दा दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम बरामद भएको हो। त्यही समयमा हामीलाई पनि प्रहरीले पक्राउ गरेको हो। म लागु औषध सेवन गर्ने व्यक्ति होइन। हामी सुतेको कोठामा लागु औषध छ भनी हामीलाई

थाहा थिएन । प्रहरीले बरामद गरेको लागु औषध राजेशकुमार लामाको हो भन्नेसमेत बेहोराको ललन दासले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६६/४/२७ गते म वीरगञ्ज बसपार्कमा आएकोमा गाउँका छिमेकी दाजु सञ्जयसँग भेट भई कुराकानी गर्दा निज सञ्जयले मेरो भान्जी किरण देवीलाई सुत्केरीको ब्यथा लागेकोमा वीरगञ्ज लिई आएको छु हेर्न जाउँ भनेकोले म पनि निज सञ्जय दाससँग निजको भान्जी किरण देवी भएको स्थानमा गएको हो । हामी निजको कोठामा बसी बेलुका हामी तीनै जना वीरगञ्जको घण्टाघर घुम्न गएकोमा सञ्जय दासको साथी इन्दिरासँग भेट भयो । निज इन्दिराले मेरो दिदी भिनाजुको कोठामा जाउँ भनेकोले हामी तीनै जना निजले भनेको कोठामा गई रातिको खाना खाई निज इन्दिराको भिनाजु नाताका राजेशकुमार लामासँगै सुतेका थियौं । रातिको समयमा प्रहरी आएको देखी निज राजेशकुमार लामा भागी गएका र प्रहरीले कोठा तलासी गर्दा कोठामा रहेको दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम बरामद गरेको हो । म लागु औषध सेवन गर्दिन । बरामद भएको लागु औषध राजेशकुमार लामाको हो भन्नेसमेत बेहोराको नविनकुमार दासले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मेरो विवाह १२ वर्ष अगाडि राजेशकुमार लामासँग भएको हो। मेरो श्रीमान् राजेशकुमार लामाले लागु औषध सेवन गर्ने गर्दछन् । उल्लिखित दिनमा पनि लागु औषध सेवन गरी हल्ला गर्न लागेकोले सोको जानकारी प्रहरीलाई गराएकी थिएँ । प्रहरी आएको देखी राजेशकुमार लामा भागी गएको र बहिनीको साथी सञ्जय दास, ललन दास र नविनकुमार दासलाई पक्राउ गरी कोठाको दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम बरामद गरेको हो । बरामद भएको लागु औषध मेरो श्रीमान्ले खरिद गरी सेवन गर्नको लागि लिई आएको हो । पक्राउ परेका संजय दास, ललन दास र नविनकुमार दास लागु औषध सेवन गर्ने व्यक्ति होइनन् । निजहरू पाहुनाको रूपमा आएका हुन् भन्नेसमेत बेहोराको पूजा लामाले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज।

मिति २०६६/४/२७ गते म काम विशेषले वीरगञ्जको घण्टाघर गएकोमा मेरो चिनेका साथी संजय दाससँग भेट भयो । निजसँग ललन दास, नविन दास पनि आएकोले मैले निजहरूलाई मेरो दिदी भिनाजुको कोठा यहीँ छ भनी कोठामा जाउँ भन्दा निजहरू पनि आई रातिको खाना खाई म दिदीसँग र निज साथी सञ्जय दास, नविनकुमार दास भिनाजुसँग सुतेकोमा रातिको समयमा प्रहरी आइपुगेको हो। लागु औषध के कहाँबाट बरामद गरेको हो मलाई थाहा छैन भन्नेसमेत बेहोराको इन्दिरा लामाले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज।

मलाई सुत्केरीको ब्यथा लागेकोले चेक जाँच गर्नको लागि वीरगञ्ज आई चेक जाँच गराई वीरगञ्जमा बसेकोमा मिति २०६६/४/२५ गते मेरो भाई ललन दास घरबाट आएका र मिति २०६६/४/२७ गते मेरो मामा संजय दास र गाउँले मामा नविनकुमार दास बजार घुम्न गएका हुन्। बेलुकासम्म पनि निजहरू फर्की आएनन् र फोन गर्दा निजहरूले हामी साथीको कोठामा बस्छौं भनेका हुन् । निजहरू लागु औषध सेवन गर्ने व्यक्तिहरू होइनन् भन्नेसमेत बेहोराको किरण देवीले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज।

मिति २०६६/४/२७ गते राति जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका वडा नं.१३ स्थित राजेशकुमार लामाको डेरा कोठाबाट प्रहरीले लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम बरामद गरेको हो । सञ्जय दास, ललन दास र नविनकुमार दासलाई प्रहरीले पक्राउ गरेको सुनी थाहा पाएको हो । बरामद भएको लागु औषध राजेशकुमार लामाको हो, पक्राउ परेका मानिसहरूको होइन भन्नेसमेत बेहोराको सत्यनारायण साहसमेतका व्यक्तिहरूले

गरिदिएको वस्तुस्थिति मुचुल्का ।

भौतिक सबुद नं.१ मा हेरोइन (Heroin) र भौतिक सबुद नं.२ मा चरेस (Hashis) पाइएको छ भन्नेसमेत बेहोराको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन ।

मैले लागु औषध सेवन गर्न थालेको ६ / ७ महिना भयो । आफैँ सेवन गर्नको लागि मैले मिति २०६६/४/२७ गते बिहान भारतको रक्सौल गई भारतीय मानिससँग रू.१,०००/- नेपालीमा लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम किनी घरमा आई दराजमा राखेको थिएँ । सोही बेलुका मेरो साली इन्दिराले ३ जना साथीहरूलाई लिई आएकोमा निजहरूसँग परिचय गराउँदा सञ्जय दास, ललन दास, नविनकुमार दास भनी परिचय भएकोमा हामी सबैजना मिली रातिको खाना खाई सुतेका थियौं । पाहुनाहरू निदाई सकेकोले म उठी दराजबाट लागु औषध निकाली २ रूपैयाँको नोटमा आगो लगाई खाने क्रममा घरबाहिर प्रहरीको गाडी आएको देखी बाँकी लागु औषध दराजमा राखी पर्खालबाट हाम फाली भागी गएको हुँ । प्रहरीले मेरो कोठाको दराज तलासी गर्दा मैले राखेको लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम तथा सेवन गर्ने सामग्री प्रहरीले बरामद गरी सालीका साथीहरू सञ्जय दास, ललन दास र नविन दासलाई पक्राउ गरी लगेको हो । उक्त बरामद भएको लागु औषध मैले आफूले सेवनको लागि किनी ल्याएको हो । निजहरू सेवन गर्ने व्यक्ति होइनन् भन्नेसमेत बेहोराको प्रतिवादी राजेशकुमार लामाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६६/६/२७ गते राति प्रहरीले राजेशकुमार लामाको कोठा दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम बरामद गरेको कुरा सुनी थाहा पाएको हो । उक्त लागु औषध राजेशकुमार लामाले किनी ल्याएको हो । निज लागु औषध सेवन गर्ने व्यक्ति हुन् भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्का ।

राजेशकुमार लामाले आफूले सेवन गर्नको लागि कोठामा अवैध लागु औषध ल्याई राखेको देखिँदा प्रतिवादी राजेशकुमार लामालाई लागु औषध खैरो हेरोइनको सम्बन्धमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) को कसुर अपराध गरेको देखिँदा निजलाई सोही ऐनको दफा १४(१)(ङ) तथा (छ)(१) बमोजिम सजाय हुन र लागु औषध चरेसको सम्बन्धमा सोही ऐनको दफा ४(क) को कसुरमा सोही ऐनको दफा १४(१)(क) तथा घ(१) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग पत्र ।

मलाई मेरो श्रीमतीले प्रहरीमा फोन गरेकोले प्रहरी आई पक्राउ गरी लगेको हो । मैले लागु औषध खरिद बिक्री गर्ने गरेको छैन, तर सेवन गर्ने गरेको छ भन्नेसमेत बेहोराको प्रतिवादी राजेशकुमार लामाले अदालतमा गरेको बयान ।

प्रतिवादी राजेशकुमार लामा लागु औषधको ओसारपसार गर्ने व्यक्ति होइनन् । निजले सेवन मात्र गर्ने हुन् भन्नेसमेत बेहोराको प्रतिवादीको साक्षी मैया लामाले गरेको बकपत्र ।

वीरगञ्ज उपमहानगरपालिका वडा नं. १३ स्थित अशोककुमार वर्माको घरमा केही व्यक्तिहरू लागु औषध सेवन गरिरहेको भन्ने सूचनाको आधारमा सम्बन्धित ठाउँमा गई घरको कोठा खोल्नासाथ प्रहरीलाई देख्ने बित्तिकै एक जना व्यक्ति झ्यालबाट हाम फाली भागेको र ३ जना व्यक्तिलाई नियन्त्रणमा लिएको हो । घर खानतलासी गर्दा दराजभित्रबाट ३ ग्राम खैरो हेरोइन, १० ग्राम चरेस, १ वटा लाइटर, दुवैपट्टि जलेको रू.२/- को कागजको नोट र राजेशकुमार लामाको नागरिकताको प्रतिलिपि फेला परेकोले बरामद गरेको हो भन्नेसमेत बेहोराको प्रतिवेदक प्र.ना.नि. उमाशंकर प्रसाद गुप्ताले गरेको बकपत्र ।

लागु औषधको परिमाण, प्रतिवादीको बयान, बकपत्रसमेतका परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादीको कोठाबाट बरामद भएको लागु औषध

बेचबिखन, ओसारपसार गर्न राखेको नभई सेवनको प्रयोजनको लागि राखेको भन्ने देखिँदा प्रतिवादी राजेशकुमार लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम ४ महिना ५ दिन कैद र रू.२०००।– जरिवानासमेत हुने ठहर्छ भनी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६६/१०/१२ गते भएको फैसला।

प्रतिवादी राजेशकुमार लामाको कोठाको दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम बरामद भएको भन्ने खानतलासी तथा बरामदी मुचुल्काबाट देखिएको र सो बरामद लागु औषध प्रतिवादीले रू.१,०००/- मा भारत रक्सौलबाट खरिद गरी घरमा ल्याई दराजमा राखी रहेको अवस्थामा बरामद भएको भन्ने कुरालाई स्वीकार गरी बयान गरेको छ। प्रतिवादीको उक्त क्रियाकलाप लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) बमोजिम जुनसुकै प्रयोजनका लागि भए पनि लागु औषध खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसारपसार गर्ने कार्य गर्न निषेध गरेको र दफा ४(छ) ले लागु औषध सेवन गर्ने कार्यलाई निषेध गरी कसुर मानेको अवस्था हुँदा निज प्रतिवादीले गरेको उक्त कार्यबाट उल्लिखित दुवै कसुर भएको पुष्टि भइरहेको देखिन्छ। यसरी अलग अलग कसुर गरेको व्यक्तिलाई कसुर स्वीकार गरिसकेको अवस्थामा दुवै कसुर कायम गरी सोहीअनुसार दुवैमा सजाय गर्नुपर्नेमा केवल सेवन गर्न ल्याएको भनी प्रतिवादीले जिकिर लिएको भरमा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम सेवनको कसुर कायम गरी सोअनुसार सजाय गर्ने गरी भएको फैसला सो हदसम्म मिलेको नदेखिई त्रुटिपूर्ण हुँदा बदर भागी छ भन्ने बेहोराको मिति २०६८/९/१८ गतेको नेपाल सरकारको पुनरावेदन पत्र।

यसमा चरेससमेत बरामद भएकोमा त्यसतर्फ विवेचना नभई भएको सुरूको फैसला फरक पर्नसक्ने देखिँदा छलफलको निमित्त मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थीलाई झिकाई आए वा अवधि भुक्तान भएपछि पेस गर्नु भन्ने मिति २०६८/१२/१४ गतेको आदेश।

प्रतिवादीहरूको कोठाबाट बरामद भएको ३ ग्राम खैरो हेरोइन र १० ग्राम चरेस सेवन गर्ने प्रयोजनको लागि राखेको कसुर गरेको देखिँदा चरेस राखेको हकमा केही नबोली भएको फैसला केही उल्टी भई चरेस सेवन र खैरो हेरोइन सेवन गर्नेलाई फरकफरक सजायको व्यवस्था भएकोमा ठूलो सजाय हुने खैरो हेरोइन सेवनतर्फमा निज प्रतिवादी राजेशकुमार लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम ४ महिना ५ दिन कैद र रू.२,०००/- जरिवाना हुने ठहराई सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६६/१०/१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९/४/१६ को फैसला।

यसमा प्रतिवादी राजेशकुमार लामाको कोठाबाट लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम बरामद भएको र उक्त लागु औषध भारतको रक्सौलबाट खरिद गरेको हो भन्ने तथ्यलाई प्रतिवादीले स्वीकार गरी बयान गरेको अवस्थामा निजको उक्त कसुरबाट लागु औषधको खरिद, ओसारपसार र सञ्चय गरेको पुष्टि भइरहेको अवस्थामा निजलाई अलगअलग कसुर कायम गरी सजाय हुनुपर्दछ। लागु औषधको खरिद, ओसारपसार तथा सञ्चय प्रथम दृष्टिमा नै अपराधजन्य कसुर भएको र प्रतिवादीलाई सेवन गर्दागर्दैको अवस्थामा पक्राउ परेको नभई घर कोठाबाट बरामद भएको अवस्थामा सेवन गर्न ल्याएको भन्ने गलत तर्कको सहारामा भएको फैसला त्रुटिपूर्ण रहेको छ। अतः बरामद भएको लागु औषधको मात्रा र परिमाणसमेतको आधारमा कसुर कायम गरी अलगअलग कसुरमा अलगअलग सजाय गर्नुपर्नेमा सेवनमा मात्र सजाय गरेको पुनरावेदन अदालत

हेटौंडाको मिति २०६९/४/१६ को फैसला त्रुटिपूर्ण हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) क बमोजिम मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी वादी नेपाल सरकारको मिति २०६९/७/३ मा यस अदालतमा परेको निवेदन।

यसमा प्रतिवादीको कोठाबाट ३ ग्राम खैरो हेरोइन र १० ग्राम चरेस बरामद भएकोमा प्रतिवादी राजेशकुमार लामालाई एकातर्फ ठूलो कैदको हदतर्फ मात्र सजाय गर्ने भनी हेरोइनतर्फ पनि सेवनतर्फ मात्र सजाय गरेको तर लागु औषधको परिमाणसमेतको प्रमाणहरूको अध्ययन गर्दा सेवनतर्फ मात्र सजाय गरिनु कानूनसङ्गत नहुँदानहुँदै सेवनतर्फ मात्र सजाय गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलामा मुलुकी ऐन, दण्ड सजायको ४१ नं., अ.बं. १८४क, १८५ नं., प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ तथा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) को त्रुटि भएको विद्यमान देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०७०/४/२८ को आदेश।

सेवन र सञ्चय अलगअलग कसुर हो, यसलाई एकैसाथ राखी एउटै कसुर कायम गरी सजाय गर्न मिल्ने होइन। सेवनकर्ता हुँ भन्ने व्यक्तिले जति पनि सञ्चय गर्न पाउने भने होइन। सञ्चय गर्नासाथ त्यो सञ्चयको कसुर हुन्छ। कानूनले नै सेवन र सञ्चयमा अलगअलग कसुर कायम गरी सजायको व्यवस्था गरिरहेको अवस्था छ। तथापि सञ्चयको परिमाण हेरी कसुर कायम गर्नुपर्ने हुन आउँछ। एक दुई पटक सेवन गर्नसक्ने सम्मलाई सेवनको कसुर भन्नु पर्ने हुन्छ। प्रस्तुत मिसिल संलग्न बरामदी मुचुल्काबाट बरामद भएको लागु औषधको मात्रा र परिमाणसमेतलाई अन्देखा गरी प्रतिवादीलाई सेवनमा मात्र सजाय गरेको फैसला मिलेको नदेखिँदा प्रतिवादी राजेशकुमार लामा लागु औषधको सेवन कर्ता मात्र नभई निजले गरेको कसुर लागु औषध नियन्त्रण ऐन, २०३३ दफा ४(च) र (छ) विपरीत रहेको हुँदा निजलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम पाँच वर्ष कैद र रू.५०००।– जरिवानासमेत हुने ठहर्छ। माननीय न्यायाधीश श्री गोविन्द कुमार उपाध्यायको रायसँग सहमत हुन नसकी छुट्टै राय व्यक्त गरेको छु भन्नेसमेत बेहोराको माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्यायको राय।

एकै व्यक्तिको साथबाट खैरो हेरोइन र चरेस दुई फरक लागु औषध फेला परेको कारणबाट मात्रै उसलाई कारोबारी ठहर गर्नु उपयुक्त हुँदैन। दुर्व्यसनीले खैरो हेरोइन र चरेस दुवै खाँदैनन् भन्न मिल्दैन। बरामद लागु औषधको मात्राको आधारबाट सेवन वा कारोबारको टुंगो लगाउनु पर्दछ। प्रतिवादीसँग बरामद भएको लागु औषधको मात्रा अत्यन्त न्यून रहेको छ। न्यून मात्राको लागु औषध बरामद भएको भन्दैमा कारोबारी नभई सेवनकर्ता मात्र हुन् भनी अनुमान गर्न मिल्ने हुँदैन। कारोबारी नै रहेको पनि हुन सक्दछ तर त्यसका लागि प्रतिवादी कारोबारी भएको पुष्ट्याई वादी पक्षले वस्तुनिष्ठ प्रमाणका आधारमा गर्नुपर्दछ। प्रतिवादी विरूद्ध लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुरलाई वादीले शंकारहित तवरबाट प्रमाणित गर्न नसकेकोले प्रतिवादीले उक्त ऐनको दफा ४(छ) को लागु औषध सेवनको कसुर गरेको ठहऱ्याई निजलाई दफा १४(१)(ङ) बमोजिम ४ महिना ५ दिन कैद र रू. २ हजार जरिवाना गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।४।१६ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन। माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायको रायसँग सहमत हुन नसकी छुट्टै राय व्यक्त गरेको छु भन्नेसमेत बेहोराको माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा

चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठकले प्रतिवादीको कोठाबाट ३ ग्राम खैरो हिरोइन र १० ग्राम चरेस बरामद भएको अवस्था छ । यो ठूलो परिमाण हो । यति ठूलो परिमाण सञ्चय गरी राखेको अवस्था हुँदा प्रतिवादीलाई सेवनमा मात्र सजाय गर्न मिल्ने अवस्था हुँदैन । प्रतिवादी लागु औषधको कारोबारी नै भएको हुँदा कारोबारमा सजाय गर्नुपर्नेमा सेवनमा मात्र सजाय गरेको मिलेको छैन । सुरू तथा पुनरावेदन अदालतले गरेको फैसला उल्टी गरी अभियोग माग दाबीबमोजिम कारोबारमा सजाय गर्ने गरी माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्यायले व्यक्त गर्नुभएको राय कायम हुनुपर्दछ भन्ने बेहोराको बहस जिकिर प्रस्तुत गर्नुभयो ।

विद्वान् उपन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसमेत सुनी मिसिल संलग्न रहेका सुरू तथा पुनरावेदन अदालतले गरेको फैसला तथा यस अदालतको संयुक्त इजलासबाट भएका फैसलासहितका कागज प्रमाणसमेत अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादीलाई लागु औषधको कारोबारमा सजाय गर्नुपर्छ भनी माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्यायले व्यक्त गर्नुभएको राय मनासिब हुने वा लागु औषध सेवनमा सजाय गर्ने ठहर गरेको माननीय न्यायाधीश श्री गोविन्द कुमार उपाध्यायको राय कायम हुने हो भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. प्रतिवादी राजेशकुमार लामाले सेवन गर्नको लागि कोठामा अवैध लागु औषध ल्याई राखेको देखिँदा प्रतिवादी राजेशकुमार लामालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) मा उल्लिखित खैरो हेरोइन कसुरमा उक्त ऐनको दफा १४(१)(ङ) तथा (छ१) र सोही ऐनको दफा ४(क) मा उल्लिखित चरेस कसुरमा दफा १४(१)(क) तथा (घ)(१) बमोजिम सजाय गरिपाउँ भनी अभियोगपत्र दायर भएकोमा प्रतिवादी राजेशकुमार लामालाई लागु औषध कारोबारमा नभई सेवन प्रयोजनको लागि राखेको देखिँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम ४ महिना ५ दिन कैद र रू. २ हजार जरिवानासमेत हुने ठहऱ्याई भएको सुरू पर्सा जिल्ला अदालतको फैसला वादीको पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन परी पुनरावेदन अदालत हेटौंडाले सुरू पर्सा जिल्ला अदालतकै फैसला सदर हुने ठहर गरी फैसला भएउपर वादी नेपाल सरकारको यस अदालत समक्ष मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी निवेदन परेकोमा दोहोऱ्याई हेर्ने निस्सा प्राप्त भई संयुक्त इजलाससमक्ष पेस भएकोमा संयुक्त इजलासका माननीय न्यायाधीशहरूको राय बाझी भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासको दायरीमा दर्ता हुन आई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको देखियो । प्रतिवादी राजेशकुमार लामाको कोठा खानतलासी लिँदा कोठाको दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम मिति २०६६।४।२७ मा बरामद भएपछि प्रस्तुत मुद्दाको अनुसन्धानको प्रक्रिया अगाडि बढेको देखिन्छ भने निज प्रतिवादीसँग लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम खानतलासी तथा बरामद भएको भन्ने विषयमा कुनै विवाद देखिँदैन ।

३. मिति २०६६/४/२७ गते राति २४:३० बजेको समयमा जिल्ला पर्सा, वीरगञ्ज उपमहानगरपालिका वडा नं. १४ घर भई ऐ. वडा नं. १३ मा अशोक वर्माको घरमा कोठा लिई बसेको राजेशकुमार लामाको कोठा खानतलासी गर्दा निज राजेशकुमार लामा भागी गएको र सो कोठाको दराजबाट लागु औषध खैरो हेरोइन ३ ग्राम तथा चरेस १० ग्राम र रू.२/- को नोट दुवै तिर आगो लागेको र सो कोठामा बसेका सञ्जय दास, नविन कुमार दास र ललन दासलाई पक्राउ गरी सोधपुछ गर्दा हामीहरू

लागु औषध सेवन गर्ने व्यक्ति होइनौं । बरामद भएको लागु औषध राजेशकुमारले के कहाँबाट ल्याएको हो, हामीलाई थाहा छैन भनी बताएका र तीनै जनालाई पक्राउ गरी कारबाहीको लागि यसै प्रतिवेदनसाथ दाखेल गरेको भन्ने प्र.ना.नि. उमाशंकर गुप्ताको प्रतिवेदन परेको देखिन्छ भने पक्राउमा परेका तीनै जनाले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा लागु औषध आफूहरूको नभएको बेहोरा अनुसन्धान अधिकारीसमक्ष लेखाइदिएको देखिन्छ ।

४. प्रतिवादी राजेशकुमार लामाले आफूले सेवन गर्नको लागि कोठामा अवैध लागु औषध ल्याई राखेको देखिँदा प्रतिवादी राजेशकुमार लामालाई लागु औषध खैरो हेरोइनको सम्बन्धमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) को कसुर अपराध गरेको देखिँदा निजलाई सोही ऐनको दफा १४(१)(ङ) तथा (छ)(१) बमोजिम सजाय हुन र लागु औषध चरेसको सम्बन्धमा सोही ऐनको दफा ४(क) को कसुरमा सोही ऐनको दफा १४(१)(क) तथा घ(१) बमोजिम सजाय गरिपाउन माग दाबी लिई प्रतिवादी राजेशकुमार लामाका हकमा मात्र अभियोगपत्र दायर भएको देखिन्छ ।

५. प्रतिवादी राजेशकुमार लामाको अनुसन्धान अधिकारीसमक्ष भएको बयान बेहोरा हेर्दा मैले लागु औषध सेवन गर्न थालेको ६ / ७ महिना भयो । आफैँ सेवन गर्नको लागि मैले मिति २०६६/४/२७ गते बिहान भारतको रक्सौल गई भारतीय मानिससँग रू. १,०००/- नेपालीमा लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम किनी घरमा आई दराजमा राखेको थिएँ । प्रहरी आएको थाहा पाई म भागी गएको हुँ । प्रहरीले मेरो कोठाको दराज तलासी गर्दा मैले राखेको लागु औषध खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम तथा सेवन गर्ने सामग्री प्रहरीले बरामद गरी सालीका साथीहरू सञ्जय दास, ललन दास र नविन दासलाई पक्राउ गरी लगेको हो । उक्त बरामद भएको लागु औषध मैले आफूले सेवनको लागी किनी ल्याएको हो । निजहरू सेवन गर्ने व्यक्ति होइनन् भन्नेसमेत बेहोरा उल्लेख भएको देखिन्छ भने अदालतसमक्ष भएको बयान बेहोरामा आफूले लागु औषध खरिद बिक्री गर्ने गरेको छैन, तर सेवन गर्ने गरेको छु भन्नेसमेत बेहोरा लेखाएको देखिन्छ । बरामदी लागु औषध केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालामा परीक्षणको लागि पठाइएकोमा भौतिक सबुद नं. १ मा हेरोइन (Heroin) र भौतिक सबुद नं. २ मा चरेस (Hashis) पाइएको छ भन्ने बेहोरा उल्लेख भएको देखिँदा बरामदी वस्तु लागु औषध भएकोमा समेत विवाद देखिएन ।

६. संकलित तथ्यबाट प्रतिवादीको कोठाको दराजमा लागु औषध रहेको तथ्यमा विवाद रहेको छैन भने प्रतिवादीको कोठाको दराजबाट बरामद भएको लागु औषध सेवन गर्ने प्रयोजनका लागि निजले आफ्नो कोठामा राखेका थिए वा यी प्रतिवादी लागु औषधका कारोबारी नै हुन् भन्ने ठहर गर्नुपर्ने मुख्य प्रश्न उपस्थित भएको छ । सो सम्बन्धमा विचार गर्दा प्रतिवादी राजेशकुमार लामालाई लागु औषध खैरो हेरोइनको सम्बन्धमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) र (छ) को कसुर अपराधमा निजलाई सोही ऐनको दफा १४(१)(ङ) तथा (छ)(१) बमोजिम सजाय हुन र लागु औषध चरेसको सम्बन्धमा सोही ऐनको दफा ४(क) को कसुरमा सोही ऐनको दफा १४(१)(क) तथा घ(१) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोगपत्र मागदाबी रहेको देखिन्छ । उक्त ऐनको दफा ४ ले निषेध गरिएका कार्यहरू भनी देहाय (क) मा "गाँजाको खेती गर्न, उत्पादन गर्न, तैयारी गर्न, खरिद गर्न, बिक्री वितरण गर्न, निकासी वा पैठारी गर्न, ओसार पसार गर्न, सञ्चय गर्न वा सेवन गर्न", देहाय (च) मा "लागु औषधको खरिद गर्ने, सञ्चय गर्ने, राख्ने वा ओसार पसार गर्ने" र देहाय (छ) मा "गाँजाबाहेक अन्य लागु औषध सेवन गर्ने" कार्य भनी उल्लेख गरेको देखिन्छ ।

७. प्रतिवादी राजेशकुमार लामाले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा लागु औषध सेवनकर्ता मात्र रहेको लागु औषधको कारोबार आफूले नगर्ने भनी अभियोग दाबीमा इन्कार भई बयान गरेको पाइन्छ । प्रतिवेदक उमाशंकरको अदालतमा भएको बकपत्र बाहेक प्रतिवादी राजेशकुमार लामा लागु औषधकै कारोबारी हुन् भन्ने वस्तुनिष्ठ प्रमाण वादी पक्षले गुजार्न सकेको पाइँदैन । प्रतिवेदक उमाशंकरले गरेको बकपत्रको जवाफ ५ मा अशोककुमार वर्माको घरमा केही व्यक्तिहरू लागु औषध सेवन गरिरहेको भन्ने सूचना प्राप्त भएको सो सूचना बाटोमा हिँडिरहेको व्यक्तिले दिएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ भने जवाफ १२ मा जलेको रू. २।- को कागजको नोटको आधारमा उक्त लागु औषध सेवन गर्ने प्रयोजनको लागि राखिएको हुन सक्ने देखिन्छ भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ । प्रतिवेदक उमाशंकरको बकपत्र बेहोराले समेत प्रतिवादीले लागु औषध सेवन गर्ने गरेको कुरालाई संकेत गरेको देखिन्छ ।

८. लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ ले "कुनै व्यक्तिको साथमा कुनै लागु औषध भएको फेला परेमा ...त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशबमोजिम प्राप्त गरेको वा राखेको हो भन्ने कुराको प्रमाण निजले पेस गर्नुपर्नेछ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ ।" भनी कुनै व्यक्तिको साथमा लागु औषध रहेको पाइएमा त्यसको वैधतालाई प्रतिवादीले प्रमाणित गर्नुपर्ने भनी प्रमाणको भारको व्यवस्था गरेको पाइन्छ । लागु औषध प्रतिवादीसँग के कसरी रहेको हो भन्ने कुरा प्रतिवादीको जानकारी (knowledge) भित्र पर्ने कुरा भएकोले यसलाई प्रतिवादीले नै यसको प्रमाण गुजार्नु पर्दछ भन्ने विषयलाई उल्लेख गरेको पाइन्छ ।

९. खासगरी लागु औषधको अवैध दुर्व्यसन र तस्करीको समस्या विश्वकै लागि चुनौतीपूर्ण भएको र यसको नियन्त्रणका लागि कुनै एउटा राष्ट्रले नियन्त्रण गर्न नसक्ने र यो अपराध अन्तरदेशिय संगठित अपराध (Transnational Organised Crime) का रूपमा विकसित भइरहेको अवस्था छ । लागु औषधको सेवन नभई दुर्व्यसन, वैध नभई अवैध उत्पादन, तस्करीले आर्जित अकूत धनराशिको गलत कार्यमा दुरूपयोग हुनाले विश्वमा जटिल समस्या उत्पन्न भएको छ । यस्ता अपराध नियन्त्रणमा सबैको सामूहित चासो र सरोकारको विषय पनि बन्दै गएको पाइन्छ । त्यसैले यस्ता अपराधमा निर्दोषिताको प्रमाण पुऱ्याउने भारसमेत प्रतिवादीलाई तोकेर कानून बनाउने गरेको पाइन्छ ।

१०. लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ को कानूनी व्यवस्थाले प्रतिवादीले लागु औषध आफ्नो साथमा रहेकोमा अवैध तरिकाले लागु औषध नराखेको कुरा प्रमाण पुऱ्याउनु पर्दछ भन्ने विषयमा उक्त दफामा भएको व्यवस्था स्पष्ट नै रहेको छ । प्रतिवादीसँग लागु औषध फेला परेको अवस्थामा प्रतिवादीले त्यसको वैधता प्रमाणित गर्नै पर्दैन भन्ने होइन । यसो भन्नुको मतलब लागु औषधको कसुरमध्ये प्रतिवादीले कुन कसुर गरेको हो सेवनको कसुर हो वा कारोबारको कसुर हो भन्ने कुरालाई स्पष्ट गर्नुपर्ने, तत्सम्बन्धी आवश्यक कुरा खुलाउनु पर्ने र सोको प्रारम्भिक प्रमाण पुऱ्याउनु पर्ने वादीको दायित्वलाई उक्त दफा १२ ले समाप्त गरेको हो भन्न पनि मिल्दैन ।

११. प्रस्तुत मुद्दाको वारदातको अवस्थालाई हेर्दा जलेको रू. २।- को नोटको मिति २०६६।४।२७ को बरामदी मुचुल्काले लागु औषध सेवनतर्फ संकेत गरेको अवस्था छ । प्रहरीले अनुसन्धान गर्नको लागि तयार गरेको प्रतिवेदनमा वडा नं. १३ स्थित लागु औषध दुर्व्यसनीहरू लागु औषध सेवन गरिरहेको भन्ने सूचना प्राप्त हुन आएको भन्ने बेहोरा रहेको देखिन्छ । प्रतिवादीको श्रीमती पूजा लामाले गरेको

मौकाको कागजमा श्रीमान राजेश लामाले लागु औषध सेवन गर्ने गर्दछन्। उल्लिखित दिनमा पनि लागु औषध सेवन गरी हल्ला गर्न लागेकोमा सोको जानकारी प्रहरीलाई गराएकी थिएँ। बरामद भएको लागु औषध श्रीमानले खरिद गरी सेवन गर्नको लागि लिई आएको हो भन्ने बेहोरा उल्लेख भएको अवस्था छ । मिति २०६६।५।१२ र २०६६।७।२३ को वस्तुस्थिति मुचुल्कामा प्रतिवादी राजेश लामा धेरै पहिलादेखि लागु औषध सेवन गर्ने व्यक्ति हुन कारोबार गर्ने व्यक्ति होइनन्। सधैँ मादक पदार्थ सेवन गरी होहल्ला गरी आएकोमा निजको श्रीमतीले प्रहरीलाई जानकारी गराई प्रहरी आएपछि राजेश भागेको हो भन्ने बेहोरा उल्लेख छ । घरधनी विकासकुमार वर्माले राजेश लामा सेवन गर्ने खालका व्यक्ति हो भन्ने बेहोराको कागज गरेको देखिन्छ। प्रतिवादी राजेशकुमार लामाले आफूले लागु औषध सेवन गर्न थालेको ६।७ महिना भयो। २०६६।४।२७ गते बिहान भारतको रक्सौल गई भारतीय मानिससँग रू १ हजारमा खैरो हेरोइन ३ ग्राम र चरेस १० ग्राम किनी दराजमा राखेको थिएँ। २ रूपैयाँको नोट निकाली लागु औषध खाने क्रममा प्रहरीको गाडी आएको देखी बाँकी लागु औषध दराजमा राखी भागी गएको हुँ। बरामद लागु औषध मैले सेवनको लागि किनी ल्याएको हो भनी सेवनमा सम्म साबित भई मौकामा बयान गरेको देखिन्छ।

१२. वादीले नै सेवन गर्नको लागि लागु औषध ल्याएको उल्लेख गरी सोहीअनुरूपको प्रमाण राखी अभियोगपत्र दायर गरेको र लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को दाबीतर्फ सो दफा मात्र उल्लेख गरी तत्सम्बन्धमा कुनै पनि प्रमाण पेस गर्न नसकेको र दफाको उल्लेखनबाहेक अरू जिकिरसमेत लिन नसकेको दाबीलाई दफा ४(च) को सन्दर्भमा स्पष्ट दाबी लिएको भन्न मिल्दैन। कसुरको दफा मात्र उल्लेख गरेर पुग्दैन सो दफाबमोजिमको काम प्रतिवादीबाट भएको भन्ने कुरा र तत्सम्बन्धी प्रमाण पनि दाबीमा खुल्नु आवश्यक हुन्छ।

१३. अदालतमा संकलित प्रमाणको विश्लेषण गर्दा प्रतिवादी राजेशकुमार लामाले अभियोगदाबीमा इन्कार भई अदालतमा बयान गरेको अवस्था छ । प्रतिवेदक उमाशंकरले अदालतमा बकपत्र गरेबाहेक वादीले अरू कुनै प्रमाण अदालतमा पेस गर्न सकेको देखिँदैन । प्रतिवेदक उमाशंकरले गरेको बकपत्रको जवाफ ५ मा अशोक कुमार वर्माको घरमा केही व्यक्तिहरू लागु औषध सेवन गरिरहेको भन्ने सूचना प्राप्त भएको सो सूचना बाटोमा हिँडिरहेको व्यक्तिले दिएको भन्ने बेहोरा र जवाफ १२ मा जलेको रू. २।- को कागजको नोटको आधारमा उक्त लागु औषध सेवन गर्ने प्रयोजनको लागि राखिएको हुन सक्ने देखिन्छ भन्ने बेहोरा रहेको पाइन्छ। ती बेहोराहरूले समेत लागु औषध सेवनको कार्यलाई नै इंगित गरेको देखिन्छ।

१४. प्रतिवादी राजेशकुमार लामाको कोठाको दराजबाट बरामद भएको लागु औषधको मात्रा हेर्दा रू. १ हजारको ३ ग्राम खैरो हेरोइन र १० ग्राम चरेस पैसा र मात्रा दुवै हिसाबले थोरै मात्राको देखिन्छ भने त्यति थोरै मात्राको लागु औषध भेटिनु सेवनभित्र नपर्ने भन्ने कुनै कारण देखिँदैन। प्रतिवादीसँग रहेको लागु औषधको मात्रा हेर्दा निकै न्यून अवधिलाई पुग्ने खालको मात्र देखिन्छ । दुर्व्यसनीको लत कस्तो छ एक्लै सेवन गर्ने हो वा साथीभाइसँग मिलेर सेवन गर्ने हो भन्ने आधारमा पनि कतिपय कुरा निर्क्यौल गर्न सकिने हुन्छ। मात्रात्मक हिसाबले अत्यन्त न्यून मात्राको लागु औषध बरामद भएको अवस्था छ भने एक्लै खाने भएपनि धेरै दिनलाई नपुग्ने र साथीभाइसँग मिलेर खाने भए झन् थोरै अवधिको लागि पुग्ने अवस्थाको देखिन्छ । होइन मात्रा थोरै भए पनि बरामदित लागु औषध धेरै दिनलाई पुग्ने मात्रा हो कारोबार नै गर्न मिल्ने मात्रा हो भनी जिकिर लिने हो भने त्यसको प्रमाण वादीले नै गुजार्नु पर्ने हुन्छ । यस सम्बन्धमा वादीको

कुनै वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिँदैन।

१५. अर्कोतर्फ एकै व्यक्तिको साथबाट खैरो हेरोइन र चरेस दुई फरक लागु औषध फेला परेकै कारणबाट मात्र उसलाई लागु औषधको कारोबारी ठहर गर्न मिल्दैन। दुर्व्यसनीले खैरो हेरोइन र चरेस दुवै खाँदैनन भन्न मिल्दैन। पहिले पहिले लागु औषधको कारोबार गर्ने गरेको बरामद मात्र थोरै भएको हो भन्ने भनाइ पनि वादीको रहेको देखिँदैन। बरामदित लागु औषधको मात्रा थोरै छ बरामद भएको मात्रालाई नै अदालतले आधारको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ। बरामदित मात्रा थोरै छ बरामद भएको मात्रालाई पन्छाएर हचुवाको भरमा बरामद थोरै भएपनि कारोबारी नै हुन भनी भन्न पनि मिल्दैन। अर्कोतर्फ एकै व्यक्तिको साथबाट खैरो हेरोइन र चरेस दुई फरक लागु औषध फेला परेको कारणले मात्रै निजलाई लागु औषधको कारोबारी ठहर गर्नु न्यायोचित हुँदैन। त्यसैगरी लागु औषधका दुर्व्यसनीले खैरो हेरोइन र चरेस दुवै खाँदैनन भन्न पनि मिल्दैन। प्रतिवादी राजेशकुमार लामा लागु औषधको ओसारपसार गर्ने व्यक्ति होइनन् निजले सेवन मात्र गर्ने हुन् भनी प्रतिवादीको साक्षी मैया लामाले गरेको बकपत्रसमेतबाट प्रतिवादी राजेशकुमार लामा कारोबारी नभई सेवनकर्ता रहेको भन्ने थप पुष्टि हुन आएको देखिन्छ।

१६. तसर्थ माथि विश्लेषण गरिएका आधार कारण र प्रमाणसमेतबाट प्रतिवादी राजेशकुमार लामा विरूद्ध लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(च) को कसुरलाई वादीले शंकारहित तवरबाट प्रमाणित गर्न नसकेकोले प्रतिवादीले उक्त ऐनको दफा ४(छ) को लागु औषध सेवनको कसुर गरेको ठहर्‍याई निज प्रतिवादी राजेशकुमार लामालाई दफा १४(१)(ङ) बमोजिम ४ महिना ५ दिन कैद र रू. २ हजार जरिवाना गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।४।१६ को फैसला मनासिब देखिँदा सो फैसला सदर हुने ठहर्‍याएको माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्यायको राय मनासिब देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन। प्रतिवादी राजेशकुमार लामालाई लागु औषधको कारोबारमा सजाय हुने ठहर गर्नुहुने माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायको राय तथा लागु औषधको परिमाणसमेतबाट सेवनतर्फ सजाय गरेको फैसला फरक पर्न सक्ने भनी यस अदालतको संयुक्त इजलासले मुद्दा दोहोर्‍याई हेर्ने भनी दिएको मिति २०७०/४/२८ को निस्साको आदेशसँग सहमत हुन सकिएन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसला अपलोड गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. ईश्वरप्रसाद खतिवडा
न्या.डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृतः- रामप्रसाद बस्याल
इति संवत् २०७३ साल मंसिर १६ गते रोज ५ शुभम्।

निर्णय नं. १०००४

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
आदेश मिति : २०७४।८।१४
०७४-WF-०००४

मुद्दाः बन्दीप्रत्यक्षीकरण

निवेदक : सनमानको छोरा काठमाडौं जिल्ला, सीतापाइला गा.वि.स. वडा नं.४ घर भई हाल काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं.११ मा बसी हाल कारागार कार्यालय जगन्नाथ देवलमा थुनामा रहेको सुनिल तामाङ

विरूद्ध

विपक्षी : उच्च अदालत पाटन, ललितपुरसमेत

- **मुद्दाका पक्ष (प्रतिवादी) स्वयम्ले उल्लेख गरेको निजको ठेगाना (वतन) लाई अन्यथा भन्नु पर्ने पर्याप्त र मनासिब कारण नभएसम्म त्यस्तो वतनलाई नै वास्तविक वतन मानेर काम कारबाही गर्नुपर्ने हुन्छ । अदालतमा बयान गर्दा खुलाएको वतनमा पछि कुनै परिवर्तन भएमा सो कुराको जानकारी अदालतलाई दिनु सम्बन्धित व्यक्तिको कर्तव्य बन्दछ । यी निवेदकउपर दायर भएको अभियोग पत्रमा समेत सोही वतन उल्लेख भएको देखिँदा उक्त वतन गलत भए अदालतमा बयान गर्दा वतन सच्याउनु पर्नेमा सो खुलाउन सकेको देखिँदैन । यसरी अदालतलाई जानकारी नदिएको अवस्थामा पक्षले पहिले बयान गर्दा खुलाएको वतनलाई नै कानूनी रूपमा वास्तविक वतन मान्नुपर्ने र त्यस्तो वतनमा जारी गरिएको र तामेल भएको म्याद कानूनसम्मत र रीतपूर्वक मानिने ।**

(प्रकरण नं.४)

- **कानूनबमोजिम जारी गरिएको म्याद सम्बन्धमा झिनामसिना र असङ्गत तर्कअगाडि सारेर फैसला कार्यान्वयनका क्रममा पक्राउ परी कैदमा रहेका कसुरदारलाई उन्मुक्ति प्रदान गर्नु उचित हुँदैन । यदि त्यस प्रकारबाट उन्मुक्ति प्रदान गर्ने गरियो भने निर्णयको अन्तिमता (Finality of judgement) को सिद्धान्तको पालना गर्ने कुरामा गम्भीर विचलन आउने अवस्था रहने ।**

(प्रकरण नं.६)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री कल्याण पोखरेल र श्री रामचन्द्र न्यौपाने
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

न्या.दीपककुमार कार्की : नेपालको संविधानको धारा ४६ र धारा १३३(२) बमोजिम दायर भई यस अदालतको संयुक्त इजलासको आदेश अनुसार सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२) को खण्ड (क) बमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छः-

म निवेदकसमेतको विरूद्धमा काठमाडौं

जिल्ला अदालतमा मिति २०७०/४/३० मा लागु औषध (चरेस, गाँजा) मुद्दाको अभियोग-पत्र दर्ता भई काठमाडौं जिल्ला अदालतबाट मुलुकी ऐन, अ.बं. ४७ नं बमोजिम साधारण तारेखमा रही मुद्दाको पुर्पक्ष गर्नेगरी थुनछेकको आदेश भएको थियो। मुद्दा पुर्पक्षको सिलसिलामा म निवेदकले आरोपित कसुरबाट सफाइ पाउने गरी मिति २०७०/११/२८ मा फैसला भएको थियो । मिति २०७४/४/१७ मा म काम विशेषले काठमाडौं जिल्ला अदालतमा जाँदा तपाइँको नाममा लागु औषध मुद्दाको कैद र जरिवानाको लगत बाँकी छ भनी काठमाडौं जिल्ला अदालतका कर्मचारीहरूले प्रहरी लगाई पक्राउ गरी लगत नं. १९४२६, मिति २०७४/४/१७ को दुई वर्ष कैद र २०,०००।– रूपैयाँ जरिवाना तोकिएको कैदी पुर्जी दिई कारागार कार्यालय, जगन्नाथदेवलमा थुनामा पठाएकोले हाल म मिति २०७४/४/१७ देखि कारागार कार्यालय जगन्नाथदेवलमा गैरकानूनी थुनामा छु।

मलाई गैरकानूनी थुनामा राखेपछि यस सम्बन्धमा अदालतबाट नक्कल सारी हेर्दा काठमाडौं जिल्ला अदालतको मिति २०७०/११/२८ को फैसलाउपर नेपाल सरकारको पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी पुनरावेदन अदालत पाटनबाट मिति २०७३/१/९ मा मैले सफाइ पाउने गरी सुरू अदालतबाट भएको फैसला उल्टी गरी मलाई २ वर्ष कैद र २०,०००।– जरिवाना हुने ठहर्‍याई फैसला भएको रहेछ । काठमाडौं जिल्ला अदालतबाट म निवेदकले आरोपित कसुरबाट सफाइ पाइसकेपछि मेरो विरूद्धमा पुनरावेदन परेको, मलाई झिकाएको र फैसला भएको विषयमा कुनै जानकारी गराइएको थिएन। पुनरावेदन अदालत पाटनबाट मेरो नाममा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश भएपश्चात पुनरावेदन अदालत पाटनबाट जारी भएको १५ दिने सूचना म्याद २०७२/८/१८ मा काभ्रेपलाञ्चोक जिल्ला श्यामपाटी सिमलचौर गा.वि.स. वडा नं. ५ मा गएको र म्याद सूचनामा म्यादवाला व्यक्तिको घरद्वार र व्यक्ति पत्ता नलागेको भन्दै सम्बन्धित वडाको सामुदायिक भवनमा टाँस गरी बेपत्ते तामेल गरिएको र फैसलाको जानकारी (पुनरावेदन म्याद) म्याद पनि सोही स्थानमा सोही बेहोराले तामेल गरिएको रहेछ।

म निवेदकको साबिकमा काभ्रेपलाञ्चोक जिल्ला श्यामपाटी गा.वि.स. वडा नं. ५ मा जन्म भएको र मिति २०५८/८/१४ मा काठमाडौं जिल्ला सितापाइला ४ मा बसाई सराई गरी साबिक ठाउँको घर जग्गा, जायजेथा बिक्री गरी काठमाडौं जिल्ला सामाखुसीको हाल टोखा नगरपालिका वडा नं. ११ मा बसोबास गरिरहेको छु। प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा म स-परिवारसँग काठमाडौं सामाखुसीमा बस्छु भनी बयानमा खुलाई लेखाइदिएको छु । मिति २०७४/४/१७ मा मात्र पुनरावेदन अदालत पाटनबाट मिति २०७३/१/९ मा मेरो विरूद्धमा फैसला भएको जानकारी पाएकोले काठमाडौं जिल्ला अदालतमा गई बुझ्दा मेरो वास्तविक ठेगानामा म्याद तामेल नभई बेपत्ते तामेल भएको म्यादको आधारमा भएको फैसलाले म गैरकानूनी थुनामा बस्नुपर्ने होइन । म निवेदकले मलाई लगाएको आरोपित कसुरको प्रतिवाद गर्ने अधिकारबाट वञ्चित गरिनु हुँदैन। गैरकानूनीरूपमा भएको बेपत्ते तामेली म्यादको आधारमा भएको फैसला र सोको आधारमा दिइएको कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्नेसमेत बेहोराको सुनिल तामाङको मिति २०७४/४/२७ को निवेदन।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक ३ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश

र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नु भन्ने बेहोराको यस अदालतको मिति २०७४/४/२९ को आदेश।

विपक्षी रिट निवेदक सुनिल तामाङ, काठमाडौं जिल्ला अदालतको च.नं. २५८, मिति २०७४/४/१७ को कैद म्याद ठेकी पठाइएको पत्रानुसार मिति २०७४/४/१७ गतेदेखि नै यस कारागारमा लागु औषध मुद्दामा थुनामा रही आएका छन्। अधिकारप्राप्त निकाय तथा अधिकारप्राप्त अधिकारीको आदेशले कानूनबमोजिम थुनामा राखिएको हुँदा यस कार्यालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कारागार कार्यालय जगन्नाथदेवलको तर्फबाट कारागार प्रमुख वेदप्रसाद खरेलको लिखित जवाफ।

प्र.ना.नि. वंशिराज आचार्यसमेतको प्रतिवेदन जाहेरीले वादी नेपाल सरकार प्रतिवादी काभ्रेपलाञ्चोक जिल्ला श्यामपाटी गा.वि.स. वडा नं. ५ बस्ने सनमान तामाङको छोरा सुनिल तामाङसमेत भएको २०७० सालको स.फौ.नं. ०२०६ को लागु औषध (चरेस र गाँजा) मुद्दामा यस अदालतको मिति २०७०/११/२८ को फैसलाले प्रतिवादी सुनिल तामाङले सफाइ पाउने ठहरेकोमा उक्त फैसला उल्टी भई निज प्रतिवादी सुनिल तामाङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(घ)(४) बमोजिम २ वर्ष कैद र २०,०००।– रूपैयाँ जरिवाना हुने ठहरी उच्च अदालत पाटनबाट मिति २०७३/१/९ मा भएको फैसलाले निजलाई लागेको कैद वर्ष दुईबाट थुनामा बसेको अवधि कटाई बाँकी कैद १।१०।१० कैद र जरिवाना रू.२०,०००।– असुल गर्नु भनी फैसला भएकोले बाँकी कैद १।१०।१० र जरिवाना रू. २०,०००।– बेरूजु रहेकोमा यस अदालतको फैसला कार्यान्वयनको पूर्णकालीन दस्ता (कार्य समूह) ले मिति २०७४/४/१७ मा पक्राउ गरी प्रतिवेदनसहित पेस गरेको हुँदा कैदबापत सोही पक्राउ मिति २०७४/४/१७ देखि कैद कट्टा हुने गरी मिति २०७६/२/२६ गतेसम्म नियमानुसार सिधा खान दिई थुनामा राखी निजलाई लागेको जरिवाना बुझाउन चाहे यस अदालतको धरौटी खातामा जम्मा गर्न पठाई सोको जानकारी प्राप्त भएपछि अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको हकमा मात्र प्रतिवादी सुनिल तामाङलाई मिति २०७६/२/२७ गते कैद मुक्त गरिदिनु। निजलाई लागेको जरिवाना रू. २०,०००।– दाखिला नगरे सो जरिवानाबापत मुलुकी ऐन, दण्ड सजायको महलको ३८, ४० र ५३ नं. समेतका आधारमा २।२।० (दुई वर्ष दुई महिना) कैद हुने र सोबापत कैद गर्नु पर्दा मिति २०७६/२/२७ देखि २०७८/४/२६ गतेसम्म थुनामा राखी अन्य मुद्दा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत लागु औषध मुद्दाको हकमा मात्र प्रतिवादी सुनिल तामाङलाई मिति २०७८/४/२७ गतेदेखि कैद मुक्त गरिदिनु हुन भनी यस अदालतको लगत नं. १९४२६ कैदी ढड्डा नं. ५६ च.नं. २५८ मिति २०७४/४/१७ को पत्रबाट कारागार कार्यालय जगन्नाथदेवलमा कैद ठेकी निज निवेदक सुनिल तामाङको नाममा कैदी पुर्जी जारी गरी पठाइएको देखिन्छ।

तसर्थ, तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७३/१/९ को फैसलाअनुसार फैसला कार्यान्वयनको सिलसिलामा निज प्रतिवादी सुनिल तामाङलाई लागेको कैद तथा जरिवानाबापत यस अदालतबाट कैद म्याद ठेकी कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा थुनामा पठाइएको हुँदा निजको थुना गैरकानूनी नभई कानूनसम्मत हुँदा यस अदालतको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था नहुँदा निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

यसमा वादी नेपाल सरकार प्रतिवादी

सुनिल तामाङसमेत भएको लागु औषध (चरेस गाँजा) मुद्दा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/११/२८ मा भएको फैसलाउपर नेपाल सरकारको यस अदालतमा पुनरावेदन परी मिति २०७२/६/१२ मा प्रत्यर्थी झिकाउने आदेश भएकाले पुनरावेदन पत्रमा उल्लेख भएको निजको वतन जिल्ला काभ्रेपलाञ्चोक श्यामपाटी गा.वि.स.वडा नं. ५ बस्ने सुनिल तामाङको नाममा १५(पन्ध्र) दिने सूचना म्याद जारी गरी पठाइएको हो। सो म्याद मिति २०७२/८/१८ मा सम्बन्धित वडाको सार्वजनिक स्थान सामुदायिक भवनमा टाँस भई आएपश्चात् मिति २०७३/१/९ मा सुनिल तामाङलाई सफाइ दिने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला उल्टी भई निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) घ (४) बमोजिम दुई वर्ष कैद र रू. २०,०००।– जरिवाना हुने ठहरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट फैसला भएको हुँदा पहिले अनुसन्धानको क्रममा थुनामा रहेको दिन कट्टा गरी १।१०।१० कैद र रू. २०,०००।– जरिवाना असुल गर्नु भनी काठमाडौं जिल्ला अदालतमा लगत पठाइएको हो । प्रतिवादी सुनिल तामाङको नाममा पुनरावेदनपत्रमा लेखिएकै वतनमा पुनरावेदनको म्याद जारी गरी पठाउँदा मिति २०७३/४/३२ मा सामुदायिक भवनमा उक्त सूचना म्याद बेपत्ते तामेली भई आएको हो भन्ने बेहोराको उच्च अदालत पाटनको लिखित जवाफ।

प्रस्तुत निवेदनमा उल्लेख गरिएअनुसारको पुनरावेदक वादी नेपाल सरकार प्रतिवादी सुनिल तामाङ भएको मु.नं. ०७१-CS-१४५७ को रेकर्ड मिसिल उच्च अदालत पाटनबाट झिकाई नियमानुसार पेस गर्नु भन्ने बेहोराको यस अदालतको आदेश।

सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/११/२८ मा फैसला भएको २०७० सालको स.फौ.नं. ०२०६ को लागु औषध मुद्दाको सक्कल मिसिल झकाई पेस गर्नु भन्ने यस अदालतको आदेश।

पुनरावेदन अदालत पाटनबाट यी निवेदकलाई सुनुवाइको मौकानै नदिई निजको प्रतिकूल हुने गरी फैसला भएको देखिएकोले पुनरावेदन अदालत पाटनबाट जारी भएको मिति २०७२/६/१५ मा १५ दिने सूचना म्याद मिति २०७३/१/९ को फैसला, सोअनुरूप मिति २०७३/४/१४ मा जारी भई मिति २०७३/४/३२ मा तामेली भएको पुनरावेदन म्याद, काठमाडौं जिल्ला अदालतबाट मिति २०७४/४/१७ को कैदी पुर्जी तथा सो फैसला कार्यान्वयनका सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । सो बदर भएकोले निवेदक सुनिल तामाङलाई उक्त तत्कालीन पुनरावेदन अदालत पाटनमा चलेको ०७१-CS-१४५७ को लागु औषध (चरेस र गाँजा) मुद्दामा निजले यस बन्दीप्रत्यक्षीकरणको निवेदनमा उल्लेख गरेको वतन काठमाडौं जिल्ला हालको टोखा नगरपालिका वडा नं. ११ मा र सोमा पनि म्याद तामेल हुन नसके पुनरावेदक वादी नेपाल सरकारबाट वतन खुलाउन लगाई सूचना जारी गरी सुनुवाइमा सहभागी गराउनु भनी परमादेशको आदेश जारी गरिदिएको छ । साथै हाल यी निवेदक सुनुवाइको मौका नै नपाई भएको फैसलाअनुसार कैदमा बसिरहेको देखिँदा निजलाई उक्त मुद्दामा कैदबाट मुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ । सहयोगी माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाबाट रिट खारेज गर्ने गरी व्यक्त भएको रायमा म सहमत हुन नसकेको हुँदा निर्णयार्थ सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (क) बमोजिम पूर्ण इजलाससमक्ष पेस गर्नु भन्ने माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीको राय।

निवेदक सुनिल तामाङको नाउँमा मिति २०७२/६/१५ मा जारी गरिएको अ.बं. २०२ नं. बमोजिम लागु औषध मुद्दामा प्रत्यर्थीलाई झिकाउने गरी भएको आदेशअनुसारको म्याद सूचनामा उल्लेख गरिएको ठेगाना (वतन) सहितको बेहोरा कानूनअनुकूल

र रीतपूर्वक नै देखियो । सो म्याद सूचना मिति २०७२/८/१८ मा तामेल गर्दा ***"यसैबमोजिम लेखिएका म्यादवाला मानिस र निजको घरद्वारसमेत खोजतलास गर्दा फेला पार्न नसकिएकोले निजका नामको यसैबमोजिमको एकप्रति म्याद सम्बन्धित वडाको सार्वजनिक स्थान सामुदायिक भवनमा टाँस गरिदिएको छ"*** भन्ने बेहोरा उल्लेख गरी सुजाता तामाङ र सरला तामाङलाई साक्षीको रूपमा तथा स्थानीय गाउँ विकास समितिका कर्मचारी श्री शंकर भट्टराईलाई समेत रोहबरमा राखी तामेल गरिएको पाइयो । मुलुकी ऐन, अ.बं. ११२ नं. मा ***"घरद्वारको पत्ता नभएको मानिसलाई समाह्वान इतलायनामा म्याद सूचना जारी गर्नुपर्दा उसको गाउँ, सहर, टोल लेखिएको भए सोही ठाउँमा र गाउँ, सहर, टोल पनि पत्ता नलागेको भए अड्डाको नजिक सबैले देख्ने ठाउँमा टाँसी दिनुपर्छ"*** भन्ने प्रावधान रहेको देखिन्छ । कानूनद्वारा निर्धारित यही प्रक्रियाअनुसार म्याद सूचना तामेल भएको देखिँदा यसलाई बेरीतसँग तामेल भएको मान्न मिल्ने देखिँदैन ।

अतः रिट निवेदक सुनिल तामाङको नाउँमा पुनरावेदन अदालत, पाटनबाट लागु औषध मुद्दामा मिति २०७२/६/१५ मा जारी भई मिति २०७२/८/१८ मा तामेल भएको म्याद रीतपूर्वकको र कानूनबमोजिमको देखियो । कानूनको उचित प्रक्रिया अनुशरण गरी जारी गरिएको म्याद तामेली र तत्पश्चात् पुनरावेदन अदालत, पाटनबाट मिति २०७३/१/९ मा भएको फैसला र सो फैसलाअनुसार निवेदक (प्रतिवादी) सुनिल तामाङबाट असुल गर्नुपर्ने कैद तथा जरिवाना असुलउपर गर्ने (फैसलाको कार्यान्वयन गर्ने) क्रममा पक्राउ गरी मिति २०७४/४/१७ मा कैदीपुर्जीसमेत दिई कैदमा राखिएको देखिँदा निजलाई गैरकानूनी थुनामा राखेको अवस्था नदेखिएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । निवेदन खारेज हुने ठहर्छ । सहयोगी माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्ने गरी व्यक्त गर्नुभएको रायसँग म सहमत हुन नसकेकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम २ को खण्ड (क) बमोजिम संयुक्त इजलासको लगत कट्टा गरी सुनुवाइको लागि पूर्ण इजलासमा पेस गर्नु भन्ने माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाको राय ।

यसमा यस अदालतको संयुक्त इजलासबाट रायबाझी फैसला भएकोले सर्वोच्च अदालत नियमावली २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (क) बमोजिम पूर्ण इजलास दायरीमा दर्ता भई यस इजलाससमक्ष पेस हुन आएको देखियो ।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री कल्याण पोखरेल र श्री रामचन्द्र न्यौपानेले निवेदकले अनुसन्धानको क्रममा बयान गर्दा काभ्रे जिल्ला श्यामपाटी गा.वि.स. ५ मा जन्म भएको र काठमाडौं जिल्ला सितापाइलामा र सो ठाउँबाट समेत हाल सामाखुसीमा बसी आएको भनी खुलाएको र अभियोगपत्रमा समेत सो कुरा उल्लेख भएको थियो । निवेदकले सुरू अदालतबाट सफाइ पाउने गरी फैसला भएकोमा पुनरावेदन अदालतबाट प्रत्यर्थी झिकाउने आदेश हुँदा पुरानो काभ्रे जिल्लाको ठेगानामा म्याद सूचना जारी गरी निवेदकले सूचना पाउने हकबाट वञ्चित गरी निवेदकको वास्तविक ठेगानामा म्याद तामेल नभई बेपत्ते तामेल भएको म्यादको आधारमा भएको फैसलाले गैरकानूनी थुनामा बस्नुपर्ने अवस्थाको सृजना भएको छ । संविधानले नै स्वच्छ सुनुवाइको मौका दिने ग्यारेण्टी गरेको अवस्थामा निवेदकलाई लगाएको आरोपित कसुरको प्रतिवाद गर्ने अधिकारबाट वञ्चित गरिएको छ । गैरकानूनी रूपमा भएको बेपत्ते तामेली म्यादको आधारमा भएको फैसला र सोको आधारमा दिइएको कैदी पुर्जीसमेत उत्प्रेषणको

आदेशले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरी पुनः सुनुवाइको मौका प्रदान गरी मुद्दाको पुर्पक्ष हुनुपर्दछ भनी गर्नुभएको बहस सुनियो।

विपक्षीको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले निवेदकलाई तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७३/१/९ को फैसलाअनुसार फैसला कार्यान्वयनको सिलसिलामा निजलाई लागेको कैद तथा जरिवानाबापत कैद म्याद ठेकी कारागारमा थुनामा पठाइएको हो । निवेदकले सुरू अदालतमा गरेको बयानमा खुलाएको वतनमा म्याद जारी भएको छ । सुनुवाइको क्रममा साक्षी परीक्षण भइसकेको अवस्थामा सुनुवाइको मौका प्रदान नगरेको भन्न मिल्दैन। अदालतमा बयान गर्दा वतन खुलाइसकेपछि वतन फरक परेमा जानकारी गराउनु पर्ने हो। मुद्दामा फैसला भई फैसला कार्यान्वयनको क्रममा आएर प्रश्न उठाएको हुँदा मागबमोजिमको रिट जारी हुन सक्ने अवस्था छैन । बन्दीप्रत्यक्षीकरणको निवेदनबाट गैरकानूनी थुनाको परीक्षण गरिने हो । अदालतको अन्तिम फैसला कार्यान्वयनको क्रममा थुनामा रहेकोमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्दैन। निजको थुना गैरकानूनी नभई कानूनसम्मत हुँदा निवेदकको माग दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने अवस्था नहुँदा निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

उपरोक्तानुसार दुवै पक्षको तर्फबाट प्रस्तुत भएको बहस जिकिर सुनी प्रस्तुत रिट निवेदनसहितको संलग्न मिसिलसमेत अध्ययन गरी हेर्दा निवेदकको निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने हो होइन? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

यसमा निवेदकसमेतको विरूद्धमा काठमाडौं जिल्ला अदालतमा मिति २०७०/४/३० मा लागु औषध (चरेस, गाँजा) मुद्दाको अभियोग-पत्र दर्ता भई काठमाडौं जिल्ला अदालतबाट म निवेदकले आरोपित कसुरबाट सफाइ पाउने गरी मिति २०७०/११/२८ मा फैसला भएको थियो । उक्त फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी पुनरावेदन अदालतबाट अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश भई जारी भएको १५ दिने सूचना म्याद २०७२/८/१८ मा काभ्रेपलाञ्चोक जिल्ला श्यामपाटी गा.वि.स. वडा नं. ५ मा गएको र म्याद सूचनामा म्यादवाला व्यक्तिको घरद्वार र व्यक्ति पत्ता नलागेको भन्दै सम्बन्धित वडाको सामुदायिक भवनमा टाँस गरी बेपत्ते तामेल गरिएको र फैसलाको जानकारी पनि सोही स्थानमा सोही बेहोराले तामेल गरिएको रहेछ । म निवेदकको साबिकमा काभ्रेपलाञ्चोक जिल्ला श्यामपाटी गा.वि.स. वडा नं. ५ मा जन्म भएको र मिति २०५८/८/१४ मा काठमाडौं जिल्ला सितापाइला ४ मा बसाई सराई गरी हाल काठमाडौं जिल्ला सामाखुसीको टोखा नगरपालिका वडा नं. ११ मा बसोबास गरिरहेको छु। मिति २०७४/४/१७ मा पुनरावेदन अदालत पाटनबाट मिति २०७३/१/९ मा मेरो विरूद्धमा फैसला भएको जानकारी पाएकोले काठमाडौं जिल्ला अदालतमा गई बुझ्दा मेरो वास्तविक ठेगानामा म्याद तामेल नभई बेपत्ते तामेल भएको म्यादको आधारमा भएको फैसलाले म गैरकानूनी थुनामा बस्नुपरेको छ। मलाई लगाएको आरोपित कसुरको प्रतिवाद गर्ने अधिकारबाट वञ्चित गरिनु हुँदैन । गैरकानूनी रूपमा भएको बेपत्ते तामेली म्यादको आधारमा भएको फैसला र सोको आधारमा दिइएको कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेशले थुनाबाट मुक्त गरिपाउँ भन्ने सुनिल तामाङको निवेदन देखिन्छ।

रिट निवेदक सुनिल तामाङसमेत उपर चलेको लागु औषध (चरेस, गाँजा) मुद्दामा तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७३/१/९

फैसला हुँदा निज सुनिल तामाङलाई २ वर्ष कैद र रू. २०,०००।– जरिवाना हुने ठहरी फैसला भएकोले फैसलाअनुसार निजको नाममा रहेको कैद भुक्तान गर्नको लागि कैदी पुर्जी दिई कारागार पठाइएको हो । पुनरावेदन अदालतबाट भएको फैसलाअनुसार फैसला कार्यान्वयनको सिलसिलामा निज प्रतिवादी सुनिल तामाङलाई कैद म्याद ठेकी कारागार कार्यालय, जगन्नाथदेवलमा थुनामा पठाइएको हुँदा निजको थुना गैरकानूनी नभई कानूनसम्मत भएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने अवस्था नहुँदा निवेदन खारेज गरिपाउँ भन्ने काठमाडौं जिल्ला अदालतको लिखित जवाफ रहेको र काठमाडौं जिल्ला अदालतको च.नं. २५८, मिति २०७४/४/१७ को कैद म्याद ठेकी पठाइएको पत्रानुसार मिति २०७४/४/१७ गतेदेखि नै यस कारागारमा लागु औषध मुद्दामा थुनामा रही आएका छन् । अधिकारप्राप्त निकाय तथा अधिकारीको आदेशले कानूनबमोजिम थुनामा राखिएको हुँदा रिट खारेज गरिपाउँ भन्ने बेहोराको कारागार कार्यालय जगन्नाथदेवलको लिखित जवाफ रहेकोमा यस अदालतको संयुक्त इजलासमा मुद्दाको सुनुवाइ हुँदा माननीय न्यायाधीशहरूका बीचमा रायमा एकरूपता हुन नसकी फरकफरक राय व्यक्त भएको हुँदा रायबाझी भई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२) को खण्ड (क) बमोजिम यस इजलाससमक्ष पेस हुन आएको देखियो ।

२. निर्णयतर्फ विचार गर्दा निवेदक सुनिल तामाङसमेत उपर चलेको लागु औषध (चरेस, गाँजा) मुद्दा सुरू काठमाडौं जिल्ला अदालतबाट यी निवेदक सुनिल तामाङले सफाइ पाउने गरी भएको फैसलाउपर नेपाल सरकारको पुनरावेदन परी सुरू अदालतको फैसला उल्टी भई निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) घ (४) बमोजिम २ वर्ष कैद र रू. २०,०००।– जरिवाना हुने ठहरी पुनरावेदन अदालत पाटनबाट फैसला भएको हुँदा निजका नाममा बेरूजु रहेको कैद र जरिवाना असुल गर्ने प्रयोजनको लागि पुनरावेदन अदालत पाटनको मिति २०७३/१/९ को फैसला कार्यान्वयनको क्रममा निज निवेदक थुनामा रहेको देखिन्छ ।

३. निवेदकउपर उक्त मुद्दा पुनरावेदन परी पुनरावेदन अदालत पाटनबाट लागु औषध (चरेस र गाँजा) मुद्दामा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश भई निवेदकका नाममा काभ्रे जिल्ला श्यामपाटी गा.वि.स. वडा नं. ५ मा जारी भएको १५ दिने सूचना म्यादमा “यसैबमोजिमका म्यादवाला मानिस र निजको घरद्वारसमेत खोजतलास गर्दा फेला पार्न नसकिएकोले निजका नामको यसैबमोजिमको एकप्रति म्याद सम्बन्धित वडाको सार्वजनिक स्थान सामुदायिक भवनमा टाँस गरिदिएको छ” भनी दुई जना साक्षी राखी श्यामपाटी गा.वि.स. का कार्यालय सहायक शंकर भट्टराईलाई रोहबरमा राखी मिति २०७२/८/१८ मा तामेली भएको देखिन्छ । साथै निज निवेदक सुनिल तामाङको नामको पुनरावेदनको म्यादसमेत मिति २०७३/४/३२ मा सोहीबमोजिम तामेल भएको देखियो ।

४. निवेदक सुनिल तामाङले आफूसमेत उपर चलेको लागु औषध (चरेस र गाँजा) मुद्दामा अनुसन्धानका सिलसिलामा प्रहरीमा बयान गर्दा आफ्नो स्थायी ठेगाना "काभ्रेपलाञ्चोक जिल्ला, श्यामपाटी गाउँ विकास समिति वडा नं. ५" हो हाल काठमाडौंको सामाखुसीमा डेरा गरी बसेको भनी खुलाएको र सुरू काठमाडौं जिल्ला अदालतमा बयान गर्दा "काभ्रेपलाञ्चोक जिल्ला, श्यामपाटी गा.वि.स. वडा नं. ५" आफ्नो स्थायी ठेगाना (वतन) हो भनी हाल डेरा गरी बस्ने गरेको भनी अनुसन्धानमा खुलाएको वतनसमेत उल्लेख नगरी स्पष्टसँग आफ्नो वतन खुलाएको देखिन्छ । उक्त लागु औषध मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परेपछि तत्कालीन

पुनरावेदन अदालत, पाटनबाट विपक्षी झिकाउने आदेश भएको र आदेशबमोजिम निजको नाममा जारी भएको १५ दिने सूचना म्याद निजले उल्लेख गरेको वतनमा जारी गरिएको र तामेल भएकोमा उक्त म्याद बेरीतको भयो भन्ने जिकिर लिएको देखियो । यसरी निवेदकले आफूउपर चलेको लागु औषध मुद्दामा अनुसन्धानमा गरेको बयानमा तथा जिल्ला अदालतमा बयान गर्दासमेत आफ्नो स्थायी वतन "काभ्रेपलाञ्चोक जिल्ला, श्यामपाटी गाउँ विकास समिति वडा नं. ५" भनी प्रस्ट र किटानीसाथ उल्लेख गरेको देखिन्छ । अनुसन्धानको क्रममा भएको बयानमा काठमाडौंमा डेरा गरी बस्ने भनी उल्लेख गरेको देखिए पनि बसाई सराई गरी आएको भनी उल्लेख गर्न सकेको देखिँदैन। सो मुद्दाका पक्ष (प्रतिवादी) स्वयम्ले उल्लेख गरेको निजको ठेगाना (वतन) लाई अन्यथा भन्नु पर्ने पर्याप्त र मनासिब कारण नभएसम्म त्यस्तो वतनलाई नै वास्तविक वतन मानेर काम कारबाही गर्नुपर्ने हुन्छ । अदालतमा बयान गर्दा खुलाएको वतनमा पछि कुनै परिवर्तन भएमा सो कुराको जानकारी अदालतलाई दिनु सम्बन्धित व्यक्तिको कर्तव्य बन्दछ। यी निवेदकउपर दायर भएको अभियोग पत्रमा समेत सोही वतन उल्लेख भएको देखिँदा उक्त वतन गलत भए अदालतमा बयान गर्दा वतन सच्याउनु पर्नेमा सो खुलाउन सकेको देखिँदैन । यसरी अदालतलाई जानकारी नदिएको अवस्थामा पक्षले पहिले बयान गर्दा खुलाएको वतनलाई नै कानूनी रूपमा वास्तविक वतन मान्नुपर्ने र त्यस्तो वतनमा जारी गरिएको र तामेल भएको म्याद कानूनसम्मत र रीतपूर्वक मानिन्छ।

५. निवेदक सुनिल तामाङले काभ्रेपलाञ्चोक जिल्लाको श्यामपाटी गा.वि.स. बाट बसाई सरी २०६३ सालमा काठमाडौंको सितापाइलामा आएको भनी बसाई सराई गरेको भन्ने सिफारिससमेत पेस गरी काभ्रेपलाञ्चोक जिल्लाको वतनमा आफू बसोबास नगरेको भनी जिकिर लिएको देखियो। २०६३ सालमा नै बसाई सरी काठमाडौंको सितापाइला आएको भनी हाल दाबी गर्ने निज निवेदकले २०७० सालमा अदालतसमक्ष बयान गर्दा आफ्नो वतन सोहीअनुसार उल्लेख किन नगरेको हो ? भन्नेतर्फ कुनै उचित कारण खुलाउन सकेको देखिँदैन । निवेदक २०६३ सालमा नै बसाई सरेर काठमाडौं सितापाइला आएको भए २०७० सालमा प्रहरीसमक्ष र अदालतमा बयान गर्दासमेत काठमाडौं सितापाइलाकै वतन खुलाई बयान गर्नुपर्ने हो। लागु औषध मुद्दामा २०७० सालमा बयान गर्दा आफ्नो वतन "काभ्रेपलाञ्चोक जिल्ला, श्यामपाटी गा.वि.स. वडा नं. ५" भनी किटानीसाथ उल्लेख गरेको हुँदा २०६३ सालमा बसाई सरेको भन्ने जिकिर निजले २०७० सालमा प्रहरी र अदालतमा गरेको बयान बेहोराबाट खण्डित भएको देखिन आयो। त्यसैगरी निजले पेस गरेको बसाईसराईको प्रमाणपत्रमा २०५८/८/१४ मा बसाई सरी गएको भन्ने उल्लेख गरेको देखिएको र निजले २०५९ सालमा लिएको नागरिकताको प्रमाणपत्रमा जन्मस्थान र हाल बसोबास गरेको स्थानसमेत काभ्रे जिल्लाको श्यामपाटी गा.वि.स. वडा नं. ५ भनी उल्लेख भएको देखिँदा निजले पेस गरेको बसाईसराईको प्रमाणपत्रअनुसार २०५८ सालमा नै बसाई सराई गरी काठमाडौं आएको भन्ने जिकिर युक्तिसङ्गत देखिन आएन।

६. प्रस्तुत विषयमा फौजदारी कसुरको अभियोग सम्बन्धमा प्रतिवाद वा सुनुवाइको अवसर नै प्रदान नगरी निर्णय गरिएको भन्ने देखिँदैन। लागु औषध मुद्दामा निवेदक सुनिल तामाङलाई प्रहरीले पक्राउ गरी अनुसन्धानपश्चात् अभियोगपत्रसाथ अदालतमा उपस्थित गराइएपछि निजको अदालतसमक्ष बयान भएको र थुनछेकको आदेशबाट निजलाई मुद्दा पुर्पक्षका लागि तारेखमा राखिएको देखिन्छ। निजलाई सुनुवाइको पर्याप्त अवसर प्राप्त नभएको भन्ने देखिँदैन । मुद्दाको कारबाहीमा संलग्न रहेको तथा तारेखमा रहेको व्यक्तिका हकमा सुनुवाइको अवसरबाट

वञ्चित गरी प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल निर्णय भएको मान्नु पर्ने कुनै कारण देखिएन। प्रस्तुत विवादका सन्दर्भमा हेर्दा लागु औषध मुद्दामा प्रतिवादी (निवेदक) सुनिल तामाङले न्यायिक प्रक्रिया सम्बन्धमा जानकारी राख्न नसक्ने अवस्थाको सृजना भएको भन्नेसमेत देखिँदैन । निवेदकका नाममा कानूनबमोजिम जारी गरिएको म्याद सम्बन्धमा झिनामसिना र असङ्गत तर्क अगाडि सारेर फैसला कार्यान्वयनका क्रममा पक्राउ परी कैदमा रहेका कसुरदारलाई उन्मुक्ति प्रदान गर्नु उचित हुँदैन। यदि त्यस प्रकारबाट उन्मुक्ति प्रदान गर्ने गरियो भने निर्णयको अन्तिमता (Finality of judgement) को सिद्धान्तको पालना गर्ने कुरामा गम्भीर विचलन आउने अवस्था रहन्छ। न्यायिक प्रक्रियालाई छल्ने, दुरूपयोग गर्ने वा अवाञ्छित छिद्रको खोजी गरी कसुरदारलाई उन्मुक्ति दिन सकिने हुँदैन।

७. यसरी पुनरावेदन अदालत पाटनबाट लागु औषध मुद्दामा प्रत्यर्थी झिकाउने गरी भएको आदेशअनुसार निवेदक सुनिल तामाङको नाउँमा जारी गरिएको म्याद सूचना निजले बयानको क्रममा उल्लेख गरेको ठेगाना (वतन) मा कानूनबमोजिम र रीतपूर्वक तामेल भएको देखियो । कानूनद्वारा निर्धारित प्रक्रियाअनुसार म्याद सूचना तामेल भएको देखिँदा यसलाई बेरीतसँग तामेल भएको भन्ने नदेखिँदा अदालतको अन्तिम फैसलाबमोजिम फैसला कार्यान्वयनको क्रममा थुनामा रहेको देखिएकाले मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने देखिएन।

८. अतः उल्लिखित आधार कारण एवं तथ्यबाट रिट निवेदक सुनिल तामाङको नाउँमा पुनरावेदन अदालत, पाटनबाट लागु औषध मुद्दामा मिति २०७२/६/१५ मा जारी भई मिति २०७२/८/१८ मा तामेल भएको म्याद निज निवेदकले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा उल्लेख गरेको र निजको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको वतन काभ्रे जिल्ला श्यामपाटी गा.वि.स. वडा नं. ५ मा तामेल भएको देखिएको तथा निजले बयानको क्रममा हाल बसोबास गरेको भनेको वतन खुलाउन नसकेको हुँदा सो म्याद रीतपूर्वकको र कानूनबमोजिम तामेल भएको देखियो। यसरी कानूनको उचित प्रक्रियाअनुसार जारी भई म्याद तामेल गरिएको तथा पुनरावेदन अदालत, पाटनबाट लागु औषध मुद्दामा मिति २०७३/१/९ मा भएको फैसलाअनुसार निवेदक सुनिल तामाङबाट असुल गर्नुपर्ने कैद तथा जरिवाना असुल गर्ने अर्थात् फैसला कार्यान्वयन गर्ने क्रममा पक्राउ गरी कैदीपुर्जीसमेत दिई कैदमा राखिएको देखिँदा निजलाई गैरकानूनी थुनामा राखेको अवस्था नदेखिएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिल्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने ठहर्‍याई माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडाले व्यक्त गर्नु भएको राय मनासिब देखिँदा रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. केदारप्रसाद चालिसे
न्या. सारदाप्रसाद घिमिरे

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल
इति संवत् २०७४ साल मङ्सिर १४ गते रोज ५ शुभम्।

निर्णय नं. १०००५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
फैसला मिति : २०७४।१।१९
०७३-RB-०४५१

मुद्दाः आयकर (आ.व. २०६३।०६४)

पुनरावेदक / वादी : ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : स्थायी लेखा नम्बर ५०००० १३१६८ को श्री पशुपति सिमेन्ट प्रा.लि.को तर्फबाट ऐ. का अधिकारप्राप्त वीरेन्द्र कुमार संघाई

- **आयकर शब्द स्वयम्ले "आय" भएमा "कर" लाग्ने कुरा बोध हुन्छ । यसरी कसैले "आय" आर्जन गरेको छ वा छैन, के कति आय आर्जन गरेको छ भनी यकिन गर्न कानूनले केही खास सर्त र मापदण्ड निर्धारण गरेको पाइन्छ । करदाताले गरेको खर्च वास्तविक, प्रमाणिक र कानूनद्वारा तोकिएको सर्त वा सीमाभित्र रहेर गरिएको भएमा मात्र छुट वा कट्टी गर्न पाउने हुन्छ । खासगरी व्यापारिक कारोबारको सिलसिलामा खर्च कट्टी हुनका लागि आय आर्जनका लागि भएको वास्तविक खर्चलाई मात्र कानूनले तोकेको सीमा र परिधिभित्र रहेर कट्टी वा छुट दिन सकिने अवस्था रहने ।**
- **करदाताले ऋण लिई वास्तवमा खर्च गरेको भए पनि आय आर्जनसम्बन्धी व्यापारिक कारोबारको कुरामा बाहेक अन्य निजी प्रयोजनमा गरिएको खर्चलाई छुट वा कट्टा गर्ने विषय बनाउन मिल्दैन । त्यसैले करदाताले छुटको दाबी गरेको खर्च करदाताको कारोबारको प्रकृतिअनुसारको र कारोबारकै सिलसिलामा भएको वास्तविक खर्च हो भन्ने तथ्य स्थापित हुन आवश्यक देखिन्छ । यस प्रतिकूलका खर्चलाई कट्टी गर्न पाउने छुट नहुने ।**

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ताद्वय श्री हरिशंकर ज्ञवाली र श्री ज्ञानप्रसाद भुषाल

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- आयकर ऐन, २०५८

सुरू निर्णय गर्ने अधिकारी:-

प्रमुख कर प्रशासक श्री खुमराज पुँजाली

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय अध्यक्ष श्री दीपककुमार कार्की
सदस्य श्री हरि पोखरेल
सदस्य श्री मणिदेव भट्टराई
राजस्व न्यायाधिकरण, काठमाडौं

फैसला

न्या.ईश्वरप्रसाद खतिवडा : राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।३।२७ गतेको फैसलाउपर राजस्व न्यायाधिकरण ऐन, २०३१

को दफा ८ को खण्ड (घ) बमोजिम पुनरावेदनको अनुमति प्रदान भई निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एव ठहर यसप्रकार रहेको छः-

करदाता श्री पशुपति सिमेन्ट प्रा.लि.ले आ.व.२०६३।०६४ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य रू.६३,८९,२५०।- नोक्सानी कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६४।९।२९ गते आय विवरण पेस गरेको रहेछ।

प्रस्तुत करदाताको यस आ.व. २०६३।०६४ को सम्बन्धमा कम्पनीले आयकर ऐन, २०५८ बमोजिम मुनाफा र लाभमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको साथै कट्टी गर्न नपाउने खर्चहरू समेत दाबी गरेको पाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गरी कर निर्धारण गर्नुपर्ने भएकोले सोबमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ दिनभित्र पेस गर्न आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिम करदातालाई मिति २०६४।९।१७ गते जारी गरेको सूचना मिति २०६४।९।१९ गते बुझी लिएको।

भारतको मध्य प्रदेशमा रहेको Diamond Cement लाई कच्चा पदार्थ खरिद गर्नका लागि दिएको रू.१,८९,२२,६५६।- रकममध्ये आ.व. २०६३।०६४ मा माल नआएकोले उक्त संस्थालाई पटक-पटक पत्राचार गर्दा आ.व. २०६४।०६५ मा उक्त संस्थाले केही रकम फिर्ता पठाएको र बाँकी रकमको माल सो संस्थाले २०६५।०६६ मा पठाइसकेको हुँदा माथि उल्लिखित रकमको ब्याज गणना गरी कर निर्धारण होस् भन्ने बेहोरा उल्लेख गरी करदाताको तर्फबाट प्रत्यर्थी कार्यालयमा मिति २०६६।९।३० मा जवाफ दर्ता भएको।

करदाताको आ.व. २०६३।०६४ को लागि आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करयोग्य आय रू.७६,०९,६३१।- कायम गरी संशोधित कर निर्धारण गर्ने भन्ने ठूला करदाता कार्यालयबाट भएको मिति २०६६।९।३० गतेको निर्णयबमोजिम करदाताको नाममा मिति २०६६।९।३० गते जारी भएको संशोधित कर निर्धारणको सूचना।

संशोधित कर निर्धारण गर्दा उद्योगले आफ्नो कार्य सञ्चालनको लागि लिएको कर्जाको ब्याजलाई समेत खर्च कट्टी नदिएको ठूला करदाता कार्यालयको मिति २०६६।९।३० गतेको निर्णय र संशोधित कर निर्धारणको सूचनासमेत बदर गरिपाउँ भनी करदाताले आन्तरिक राजस्व विभागमा दिएको निवेदन।

करदाताको निवेदन, कार्यालयको प्रतिक्रिया तथा सक्कल फायल संलग्न कागजात अध्ययन गर्दा कार्यालयले गरेको निर्णय आयकर ऐन, २०५८ को दफा ७ र १४ समेतको प्रावधानबमोजिम मिलेकै देखिँदा सोउपर करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागबाट मिति २०६६।१२।२९ गते भएको निर्णय।

ब्याज खर्च शीर्षकमा उल्लिखित खर्च रकम रू.१२,११,०५०।- आयमा समावेश गर्ने र खर्च कट्टी नदिने गरी भएको ठूला करदाता कार्यालय, ललितपुरको मिति २०६६।९।३० गतेको निर्णय र सो निर्णयको संशोधित कर निर्धारण आदेश, सो कर निर्धारण आदेशलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६६।१२।२९ गतेको निर्णय बदर गरिपाउँ भनी राजस्व न्यायाधिकरण काठमाडौंमा परेको करदाताको पुनरावेदन पत्र।

यसमा पेस्की दिएको रकममा पेस्की पाउने आपूर्तिकर्ताले सामान उपलब्ध नगराएको भनी उद्योगले सो वर्ष लिएको कर्जाको औसत ब्याज हिसाव गरी ब्याज खर्च अमान्य गर्ने गरेको सुरू कार्यालयको निर्णय फरक पर्न सक्ने देखिँदा छलफलको लागि उपस्थित हुन अ.बं. २०२ नं. बमोजिम सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेसीको सूचना

दिई नियमानुसार पेस गर्नु भन्ने राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६७।८।३ गतेको आदेश।

करदाताले ब्याज खर्च कट्टी माग गरेको अवस्थामा निर्णयकर्ताले कानूनको स्पष्ट व्यवस्थाको गलत व्याख्या गरी खर्च कट्टी पाउने शीर्षकअन्तर्गतको रकमलाई समेत नपाउने भनी निर्णय गरेको पाइन्छ। गलत कानून प्रयोगको भार करदाताले बेहोर्नु लेखाको सर्वमान्य सिद्धान्तविपरीत हुन जान्छ। बैंकलाई ब्याजबापत तिरेको भन्ने कुरामा विवाद छैन। यसरी करदाताले आफूले खर्च कट्टी पाउनु पर्छ भनी आफ्नो भनाइलाई पुष्टि गर्ने प्रमाणसहित पेस गरिरहेको अवस्थामा निर्णयकर्ताले सो कुरालाई स्पष्ट आधार र कारण विना खर्च कट्टी नदिई भएको कर निर्धारण आदेश त्रुटिपूर्ण हुने हुँदा प्रस्तुत शीर्षकअन्तर्गतको रकमलाई खर्च कट्टी नदिई आयमा समावेश गर्ने गरी ठूला करदाता कार्यालयबाट मिति २०६६।९।३० गते गरेको निर्णय र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६६।१२।२९ गतेको निर्णयसमेत मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ भन्ने राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।३।२७ को फैसला।

करदाताले बैंकबाट कर्जा लिई पेस्की दिएकोमा विवाद छैन। तर जुन आ.व.मा जे प्रयोजनका लागि कर्जा लिएको हो सोही प्रयोजनका लागि काम भएको देखिएको छैन। उक्त खर्च आ.व. २०३/०६४ व्यवसायको आय आर्जनसँग सम्बन्धित भन्न नमिल्ने आधार लिई कर कार्यालयबाट निर्णय भएको अवस्था छ। करदाताले व्यावसायिकताको सिद्धान्तविपरीत अपत्यारिलो कारण देखाई जवाफ फिराएको छ। उक्त आ.व.मा आय आर्जन प्रयोजनका लागि खर्च भएको देखिँदन। पर्याप्त कारण तथा औचित्य पुष्टि नभएको अवस्थातर्फ विवेचना नै नगरी राजस्व न्यायाधिकरण, काठमाडौंले गरेको फैसला त्रुटिपूर्ण भई बदरभागी छ भनी ठूला करदाता कार्यालयको तर्फबाट अनुमतिको लागि परेको निवेदन।

<u>पुनरावेदन गर्न अनुमति दिने यस अदालतको आदेश बेहोरा</u>

यसमा आयकर ऐन, २०५८ को दफा १४ मा "ब्याज कट्टीः (१) कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनका लागि सो व्यक्तिको देहायको ऋण दायित्वअन्तर्गत सो वर्षमा लागेका सबै ब्याज कट्टी गर्न पाउनेछः

(क) कुनै रकम ऋण लिएबापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्ष प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएको, वा

(ख) अन्य कुनै अवस्थामा सो ऋण दायित्व सिर्जना हुन गएको तर यस्तो ऋण दायित्व व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको हुनुपर्नेछ" भन्ने कानूनी व्यवस्था छ।

यी करदाताले कच्चा पदार्थ खरिदको लागि Diamond Cement लाई दिएको पेस्की रकमबमोजिम लगानी गर्ने प्रयोजनका लागि सो पेस्कीबापतको वस्तु नआई रकम नै फिर्ता हुन आएको अवस्थामा उक्त रकमको ब्याज खर्च कट्टा गर्न पाउने व्यवस्था नदेखिँदा सो दफा १४ र यसै अदालतबाट प्रतिपादित (ने.का.प. २०६९ अङ्क ७ नि.नं. ८८६२ कानूनी सिद्धान्तसमेतको त्रुटि विद्यमानता देखिँदा पुनरावेदन गर्न अनुमति दिइएको छ भन्ने मिति २०७२।११।१४ गतेको यस अदालतको आदेश।

<u>कानून व्यवसायीको बहस</u>

नियमानुसार साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल

संलग्न कागजहरू समेतको अध्ययन गरी पुनरावेदक नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताद्वय श्री हरिशंकर ज्ञवाली र श्री ज्ञानप्रसाद भुषालले प्रस्तुत मुद्दामा करदाताले बैंकबाट कर्जा लिएको भए पनि सो कच्चा पदार्थ आएको अवस्था छैन । जुन आ.व. मा जे प्रयोजनको लागि कर्जा लिएको हो सोही प्रयोजनको लागि खर्च भएको देखिँदैन । बैंकबाट लिएको कर्जा व्यवसायको लागि प्रयोग नभएकाले बैंकको ऋणबापतको ब्याज कर कट्टी गर्न नपाउने भएकाले राजस्व न्यायाधिकरणको फैसला उल्टी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो । विपक्षी तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले बैंकको ऋण उद्योगको सामान खरिदको लागि दिएको स्पष्टै छ । आ.व. २०६३।०६४ मा माल नआए पनि आ.व. ०६४।०६५ मा केही पैसा फिर्ता पठाएको र केही सामान आ.व. ०६५।०६६ मा पठाएको अवस्था हो । आयकर ऐन, २०५८ को दफा १४(१) र दफा १४(१) (क) मा उल्लिखित कानूनी प्रावधानअनुसार ब्याज खर्च मिन्हा हुनुपर्छ । बैंकबाट लिएको ऋण रकम उद्योगको काममा नै प्रयोग भएको हो । अन्यत्र लगानी गरेको छैन । आयकर ऐन, २०५८ को दफा ११९ को प्रयोग गरी ब्याज निर्धारण गर्न मिल्ने होइन । राजस्व न्यायाधिकरण काठमाडौंको फैसला कानूनसम्मत भएकाले सो फैसला सदर हुनुपर्छ भनी बहस गर्नुभयो ।

अब यसमा ब्याज खर्च कट्टा गर्ने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेको छ छैन ? ठूला करदाता कार्यालयको पुनरावेदन जिकिर पुग्ने हो वा होइन ? सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

<u>यस अदालतको ठहर / फैसला</u>

यसमा करदाता श्री पशुपति सिमेन्ट प्रा. लि. ले बैंकबाट ऋण लिएर कच्चा पदार्थ आपूर्तिको लागि पेस्की स्वरूप Diamond Cement लाई रू.१,८९,२२,६५६।- रकम दिएकोमा पटक-पटक पत्राचार गर्दासमेत कच्चा पदार्थ नपठाई आ.व. ०६४।०६५ मा मात्र केही रकम फिर्ता पठाएको र बाँकी रकमको सामानसमेत सो कम्पनीले आ.व. ०६५।०६६ मा पठाएको भन्ने करदाताको जिकिर रहेको पाइयो । ठूला करदाता कार्यालयले आ.व. ०६३।०६४ को लागि कर निर्धारण गर्दा उल्लिखित रकमको ब्याज खर्चलाई छुट वा कट्टा नगरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करयोग्य आय भनी रू.७६,०९,६३१।- कायम गरी संशोधित कर निर्धारण आदेश गरेको देखियो । सो आदेशउपर करदाताले आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा सो विभागले सुरू कर निर्धारण आदेशलाई सदर गरेको पाइयो । विभागको निर्णयउपर करदाताको पुनरावेदन परेकोमा राजश्व न्यायाधिकरणले सुरू कर निर्धारण आदेश बदर गरेको देखियो । सो फैसलाउपर पुनरावेदन गर्न अनुमति प्रदान भई प्रस्तुत मुद्दा निर्णयार्थ पेस हुन आएको पाइयो ।

२. निर्णयतर्फ विचार विचार गर्दा करदाता पशुपति सिमेन्ट प्रा.लि. लाई आवश्यक पर्ने कच्चा पदार्थ खरिद / आपूर्तिको लागि भारतको Diamond Cement लाई पेस्की स्वरूप रू.१,८९,२२,६५६।– पठाएको भनिएको रकमको ब्याज खर्च कट्टा गर्न पाउने हो वा होइन ? भन्ने नै निर्णय गर्नुपर्ने मूल प्रश्न रहेको देखियो । उल्लिखित रकमबापत आ.व. ०६४।०६५ सम्म कुनै मालसामान आपूर्ति नगरेको कुरा स्वयं करदाताले स्वीकार गरेको पाइन्छ । आ.व. ०६४।०६५ सम्म सामान नपठाई केही पैसासम्म फिर्ता गरेको र आ.व. ०६५।०६६ मा मात्र बाँकी रकमको समान पठाएको तथ्य प्रस्तुत हुन आएको छ । आ.व. ०६३/०६४ को अवधिमा उल्लिखित रू.१,८९,२२,६५६।– यी करदाताको व्यापारिक कारोबारमा आय आर्जन गर्ने प्रयोजनका लागि खर्च भएको थिएन भन्ने तथ्य निर्विवाद रूपमा स्थापित

भएको देखिन्छ । यसरी आय आर्जन गर्ने कार्यमा प्रयोगमा नै नआएको रकमबापतको ब्याज खर्च कट्टा गर्न मिल्दैन भन्ने नै पुनरावेदकको मुख्य जिकिर रहेको देखियो।

३. आयकर ऐन, २०५८ को दफा १४(१) मा खर्च कट्टी गर्न पाउने सम्बन्धमा देहायबमोजिमको व्यवस्था रहेको छः-

"कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिको देहायको ऋण दायित्वअन्तर्गत सो वर्षमा लागेको सबै ब्याज कट्टी गर्न पाउने छः-

(१) कुनै रकम ऋण दिएबापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्ष प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएकोमा, वा

(२) अन्य कुनै अवस्थामा सो ऋण दायित्व सिर्जना हुन गएकोमा

तर यस्तो ऋण दायित्व व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको हुनुपर्नेछ" ।

४. माथि उल्लिखित कानूनी व्यवस्थाबमोजिम कुनै रकम ऋण लिएबापत दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्षको आय आर्जनसम्बन्धी कारोबारमा प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएको अवस्थामा ब्याज खर्च भनी कट्टी गर्न पाउने देखिन्छ। सो आय वर्षको व्यावसायिक कारोबारमा प्रयोगमा नआएको रकमबापत ब्याज खर्च भनी कट्टा गर्न पाउने भनी आयकर ऐन, २०५८ को दफा १४(१) ले छुट दिएको देखिँदैन। करदाता स्वयंले नै बैंकबाट लिएको ऋण रकम रू.१,८९,२२,६४६।- मध्येबाट आ.वं. ०६३।०६४ मा कुनै कच्चा पदार्थ नआएको भन्ने तथ्य स्वीकार गरेको छ। उक्त आ.व. मा करदाताको आय आर्जन व्यवसायमा प्रयोगमा नै नआएको रकमबापत ब्याजको दायित्व देखाई ब्याज कट्टी भनी छुट पाउने कुरा कानूनअनुकूल हुँदैन।

५. आयकर निर्धारण गर्ने सम्बन्धमा केही निश्चित सैद्धान्तिक मान्यताहरू रहेका छन्। आयकर शब्द स्वयम्ले "आय" भएमा "कर" लाग्ने कुरा बोध हुन्छ । यसरी कसैले "आय" आर्जन गरेको छ वा छैन, के कति आय आर्जन गरेको छ भनी यकिन गर्न कानूनले केही खास सर्त र मापदण्ड निर्धारण गरेको पाइन्छ। करदाताले गरेको खर्च वास्तविक, प्रमाणिक र कानूनद्वारा तोकिएको सर्त वा सीमाभित्र रहेर गरिएको भएमा मात्र छुट वा कट्टी गर्न पाउने हुन्छ । खासगरी व्यापारिक कारोबारको सिलसिलामा खर्च कट्टी हुनका लागि आय आर्जनका लागि भएको वास्तविक खर्चलाई मात्र कानूनले तोकेको सीमा र परिधिभित्र रहेर कट्टी वा छुट दिन सकिने अवस्था रहन्छ। करदाताले ऋण लिई वास्तवमा खर्च गरेको भए पनि आय आर्जनसम्बन्धी व्यापारिक कारोबारको कुरामा बाहेक अन्य निजी प्रयोजनमा गरिएको खर्चलाई छुट वा कट्टा गर्ने विषय बनाउन मिल्दैन । त्यसैले करदाताले छुटको दाबी गरेको खर्च करदाताको कारोबारको प्रकृतिअनुसारको र कारोबारकै सिलसिलामा भएको वास्तविक खर्च हो भन्ने तथ्य स्थापित हुन आवश्यक देखिन्छ। यस प्रतिकूलका खर्चलाई कट्टी गर्न पाउने छुट हुँदैन। आय कर ऐन,२०५८ को दफा १४ लगायतका कानूनले यिनै मान्यतालाई आत्मसात् गरेर खर्च कट्टीसम्बन्धी व्यवस्था गरेको देखिन्छ । यस प्रसङ्गमा प्रस्तुत विवादको सन्दर्भमा विचार गर्दा प्रत्यर्थी करदाताले बैंकबाट ऋण लिएको कुरामा सम्म विवाद देखिँदैन । तर सो ऋण रकम आ.व. ०६३/०६४ को अवधिमा यी करदाताको आय आर्जनसम्बन्धी कारोबारमा खर्च भएको पाइएन। यस अवस्थामा उद्योगको कारोबारमा खर्च नै नगरिएको रकमको ब्याजबापतको रकमलाई

आयकर प्रयोजनका लागि खर्चको रूपमा कट्टा गर्न मिल्ने देखिँदैन ।

६. अतः प्रत्यर्थी करदाता उद्योगले भारतीय Diamond Cement लाई पेस्की दिएको भनिएको रू.१,८९,२२,६४६।- को आ.व.०६३।०६४ को ब्याजबापतको रू.१२,११,०५०।- खर्च कट्टी गर्न पाउने गरी ठहर गरिएको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९/३/२७ गतेको फैसला आयकर ऐन, २०५८ को दफा १४ लगायत आयकरसम्बन्धी सिद्धान्त एवं मान्यता प्रतिकूल देखिँदा सो फैसला उल्टी हुन्छ र उक्त रकम आ.व. ०६३।०६४ को ब्याज खर्चको रूपमा कट्टी गर्न नपाइने गरी ठूला करदाता कार्यालयले मिति २०६६।९।३० गते गरेको संशोधित कर निर्धारण आदेशलाई सदर गरेको मिति २०६६।१२।२९ गतेको आन्तरिक राजस्व विभागको अन्तिम कर निर्धारण आदेश सदर हुने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।३।२७ गतेको फैसला उल्टी हुने ठहरी फैसला भएकोले आ.व. ०६३।०६४ मा ब्याज खर्चबापतको रू.१२,११,०५७।- खर्च कट्टी नहुने भएकाले सोहीबमोजिम आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय कायम गर्नु भनी ठूला करदाता कार्यालय, हरिहरभवनमा लेखी पठाउनू ...१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू २

उक्त रायमा सहमत छु ।
न्या.दीपकराज जोशी

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७४ साल वैशाख १९ गते रोज १ शुभम् ।

निर्णय नं. १०००६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री मीरा खड्का
आदेश मिति : २०७४।३।७
०६८-WO-०१४०

विषय :- उत्प्रेषण

निवेदक : जिल्ला धनुषा वेगाडावर नगरपालिका वडा नं. ७ बस्ने तेजबहादुर कार्की

विरूद्ध

विपक्षी : न्याय परिषद्, मुकाम सर्वोच्च अदालत परिसर, रामशाहपथ, काठमाडौंसमेत

- **न्यायाधीशको जवाफदेहिता प्रचलित संविधानअन्तर्गत बनेको ऐन, कानून एवं न्यायिक व्यवहारमा आधारित हुन्छ । अनुशासनात्मक वा फौजदारी कसुर वा अयोग्यताका कारण आफ्नो पदीय कर्तव्य पालना गर्नमा असक्षम प्रमाणित भएमा मात्र स्वच्छ प्रक्रियाको अवलम्बन गरी न्यायाधीशलाई पदमुक्त गर्न सकिने ।**
- **न्यायाधीशउपरको कारबाहीका लागि संविधान एवं कानूनले स्पष्ट आधार र उचित प्रक्रियाहरूको व्यवस्था गरेकोले स्वेच्छाचारीरूपमा कारबाही गर्न सकिने स्थितिको परिकल्पना हुन नसक्ने ।**

(प्रकरण नं.३)

- **उत्तरदायी न्यायपालिकाबेगर न्यायिक निष्पक्षताको कल्पना गर्न सकिँदैन । न्यायिक निर्भिकताको नाममा**

न्यायाधीशको स्वच्छन्दतालाई पनि बढावा दिनु हुँदैन । त्यसकारण न्यायपालिकाप्रतिको जनआस्था र विश्वास जगेर्ना गर्नका लागि न्यायाधीशलाई स्वच्छन्द हुनबाट रोक्नका लागि न्यायाधीशउपरको अनुशासनसम्बन्धी कारबाही र बर्खासीसमेतका लागि संविधानले न्याय परिषद् जस्तो स्वतन्त्र निकायको व्यवस्था गरेको हो । तर अनुशासनसम्बन्धी वा बर्खासीको कारबाही गर्ने निकाय स्वयंले पनि न्यायिक मूल्य र मान्यतामा आधारित कारबाही प्रक्रिया अँगाल्नु पर्ने ।

- **न्यायाधीशले आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा सम्पादन गरेको न्याय निरूपणसम्बन्धी कार्य त्रुटिपूर्ण छ, छैन भन्ने कुरा पुनरावेदकीय अधिकार क्षेत्रको प्रयोगबाट हेरिने र बोलिने विषय हुन् । मुद्दाको रोहमा न्यायाधीशबाट हुने आदेश वा निर्णयका सम्बन्धमा अनुशासनसम्बन्धी कारबाही गर्नुभन्दा अगाडि संवेदनशील भई न्यायाधीशको स्वतन्त्रतासम्बन्धी स्थापित मान्यतातर्फ सचेत रही न्यायिक प्रक्रियाको पूर्ण पालनाका साथ अनुसन्धान गरी त्यस अनुसन्धानबाट प्राप्त प्रतिवेदनको औचित्यको पुष्टि तथ्यपरक ढङ्गबाट भएमा मात्र कारबाही अगाडि बढाइनु न्यायिक स्वतन्त्रताको लागि हितकर हुने ।**
- **वैयक्तिक मूल्याङ्कन वस्तुपरक नभई आत्मपरक हुने हुँदा वस्तुनिष्ठ आधार र प्रमाणबेगर न्याय परिषद्का पदाधिकारीहरूको वैयक्तिक मूल्याङ्कनको आधारमा न्यायाधीशको न्यायिक काम कारबाहीको मूल्याङ्कन गर्ने परिपाटीले न्याय सम्पादनको कार्य स्वतन्त्र रूपबाट सम्पादन गर्न दुरूह हुन जाने ।**

(प्रकरण नं.१७)

- **आत्मनिष्ठ भई प्रवृत्त भावनाबाट प्रेरित भई गरेको निर्णयले संवैधानिक तथा कानूनी मान्यता प्राप्त गर्न सक्दैन र कानूनको शासन (Rule of Law) अनुरूप पनि नहुने ।**

(प्रकरण नं.१९)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बद्रीबहादुर कार्की, श्री शम्भु थापा, श्री तुलसी भट्ट, श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ताहरू श्री परशुराम कोइराला, श्री गोविन्द बन्दी, श्री इन्द्र खरेल, श्री रक्षा बस्याल

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री लोकराज पराजुली

अवलम्बित नजिर :

- ने.का.प. २०६९, अंक ७, नि.नं.८८५७, पृ.३८१

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३
- न्याय परिषद् ऐन, २०४७

आदेश

न्या.ओमप्रकाश मिश्र : तत्कालीन नेपालको अन्तरिम संविधान,२०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः–

म निवेदक २०३९ सालमा नेपाल न्याय सेवाको अधिकृत पदमा सेवा प्रवेश गरी सरकारी वकिल तथा इजलास अधिकृतको रूपमा सेवा गर्दै आएकोमा

२०५२ सालमा जिल्ला न्यायाधीश पदमा नियुक्त भई विभिन्न जिल्ला अदालतहरूमा सफलतापूर्वक सेवा गरेको थिएँ। मेरो कार्य क्षमताको मूल्याङ्कन गरी विपक्षी न्याय परिषद्ले मलाई २०६६/५/२३ मा पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति तथा पदस्थापन गरेकोमा पुनरावेदन अदालत हेटौंडामा कार्यरत थिएँ। यसरी न्यायाधीश पदमा कार्यरत रहँदाकै अवस्थामा विभिन्न तालिम तथा अध्ययन गरी आफ्नो क्षमता अभिवृद्धिसमेत गरेको छु।

यसरी पदस्थापन भएको अदालतमा पदीय जिम्मेवारी पूरा गरिरहेको अवस्थामा मिति २०६७/३/३१ मा विपक्षी न्याय परिषद्को बैठक बसी काठमाडौं जिल्ला अदालतको न्यायाधीश पदमा कार्यरत रहँदा फौ.नं. २१९० र २१९१ का अपहरण तथा शरीर बन्धक मुद्दामा भएको आदेशको सम्बन्धमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क(२)(घ) को सम्बन्धमा दफा ६ बमोजिम सर्वोच्च अदालतको माननीय न्यायाधीश श्री बलराम के.सी.को अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समिति गठन भई कारबाही प्रारम्भ भएकाले आफ्नो पदको कार्य नगर्नु भनी विपक्षी न्याय परिषद्को च.नं.७ मिति २०६७/४/२को पत्र प्राप्त हुन आएको थियो। जाँचबुझ समितिको पत्रानुसार २०६७ साउनमा म न्याय परिषद्मा उपस्थित भई बयान दिएको र विपक्षी न्याय परिषद्मै नियमित हाजिर भई बसेको थिएँ।

यसै क्रममा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२)(घ) बमोजिम भए नभएको सम्बन्धमा जाँचबुझ गर्न गठित समितिले दिएको प्रतिवेदनसमेतबाट सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र समावेश भएका तीन वर्ष वा सोभन्दा बढी कैद हुने गम्भीर प्रकृतिका अपहरण र शरीरबन्धक मुद्दामा थुनामा राख्नुपर्नेमा धरौटी माग्ने गरी भएको आदेशका कारण मुद्दामा अनुचित प्रभाव पर्न गएको हुँदा सो आदेश गर्ने काठमाडौंका तत्कालीन जिल्ला न्यायाधीश हाल पुनरावेदन अदालत हेटौंडाका न्यायाधीश तेजबहादुर कार्कीलाई न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२)(घ) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९(१०) को देहाय (ग) बमोजिम कार्य क्षमताको अभाव र इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेको आधारबाट तपाईँलाई किन कारबाही नगर्ने भनी ७ दिनभित्र स्पष्टीकरण पेस गर्नु भनी न्याय परिषद्बाट मिति २०६७/९/१ मा पत्र प्राप्त भएको थियो।

विपक्षीबाट स्पष्टीकरण माग भएकोमा समितिको प्रतिवेदनलगायतका कुनै पनि कागजात प्राप्त हुन नसकेको र म जिल्ला न्यायाधीश रहँदा माथि उल्लिखित अपहरण तथा शरीर बन्धक मुद्दामा परेको जाहेरी दरखास्त र तहकिकातसम्बन्धी कागजातहरूबाट विवादित मिति र कसुर विवादित देखिएको र अपहरण कसुरमा पक्राउ परेका अभियुक्तहरूलाई अभियोजन पक्षले हातहतियार तथा खरखजना मुद्दा मात्र चलाई सो मुद्दा फैसला भइसकेपछि मुद्दा तहकिकातमा नै गम्भीर लापरवाही गरी अदालतमा अभियोगपत्र दायर गरेको देखिएकोले सो मुद्दामा पेस भएका कागज प्रमाणहरूमा रहेका विरोधाभाष र अभियोजनमा देखिएका त्रुटि तथा कमजोरीका कारण धरौटी जमानत माग्ने आदेश भएको हो। निज प्रतिवादीहरू हातहतियार तथा खरखजाना मुद्दामा कैदमा बसिरहेको देखिँदा पूर्ववत रूपमा कैद भुक्तानका लागि कारागारमा फिर्ता पठाइएको हुँदा मेरो आदेशका कारण प्रतिवादीहरू थुनामुक्त भएका होइनन्। मेरो इमान्दारिताको जाँचबुझ नै नगरी ममाथि लागेको आरोपको सम्बन्धमा मिति २०६७/९/७ गते स्पष्टीकरण पेस गरेको थिएँ।

मैले स्पष्टीकरण पेस गरेको भोलिपल्ट मिति २०६७/९/८ गते नागरिक दैनिक पत्रिकामा प्रकाशित समाचारअनुसार एक सदस्यीय छानबिन समितिले थुनछेक आदेश गर्ने जिल्ला न्यायाधीशलाई पहिलो

पटकको लागि सचेत गराउने राय दिएको भनी समाचार प्रकाशित भएको र सो समाचारलाई विपक्षीहरूले कुनै खण्डन गरेको नदेखिँदा म निर्दोष छु भन्ने कुराको पुष्टि भएको थियो । त्यसपश्चात् न्याय परिषद्ले मिति २०६७/१२/२८ गते मलाई पदमुक्त गरिएको भन्ने बेहोराको विपक्षी श्री सर्वोच्च अदालतका रजिस्ट्रारले जारी गरेको पत्र मिति २०६७/१२/३० गते प्राप्त भयो । पत्रको बेहोरा हेर्दा न्याय परिषद्को सिफारिसमा कार्य क्षमता र इमान्दारिताको अभावमा पदमुक्त गरिएको भन्ने बेहोरा उल्लेख भएको रहेछ । मलाई पदमुक्त गर्दा लिइएका आधार र कारण के रहेछन भनी विपक्षी न्याय परिषद्मा निर्णयसहितका कागजातहरूको नक्कल माग्न जाँदा निकै आलटाल गरी लामो समयपश्चात् केही कागजातको मात्र नक्कल दिइएको र अन्य कागजातहरू गोप्य रहने भनी मलाई उपलब्ध गराउन इन्कार गरिएको थियो । जाँचबुझ समितिले पेस गरेको प्रतिवेदन न्याय परिषद्ले अध्ययन नगर्दै पत्रिकामा प्रकाशित हुने तर मलाई निर्णय भइसकेपछि पनि उपलब्ध गराउन गोप्य राख्नु पर्ने भनी इन्कारी गर्नु आफैंमा हास्यास्पद एवं औचित्यहीन छ । यसरी मलाई विपक्षीहरूले पदमुक्त गरिएको पत्र बुझाएकाले सो निर्णयउपर कतै पुनरावेदन लाग्ने व्यवस्था नभएकाले विपक्षीहरूको असंवैधानिक तथा अपारदर्शी एवं गैरकानूनी र स्वेच्छाचारी निर्णयबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३(१)(२) द्वारा प्रदत्त मौलिक हक हनन् भएकाले सोको प्रचलनको लागि संविधानको धारा ३२ र १०७ बमोजिम उक्त गैरकानूनी निर्णय एवं पत्रहरू बदर गराई पाउन सम्मानित अदालतसमक्ष उपस्थित भएको छु।

मलाई पदमुक्त गर्दा मउपर आरोप लागेको मुद्दा अर्थात् अपहरण तथा शरीर बन्धक मुद्दामा आदेश भएको हो । सो मुद्दामा पेस भएका प्रतिवादीहरू हातहतियार मुद्दामा कैदमा बसिरहेकै अवस्थामा मिति २०६५/२/३० गते निज प्रतिवादीहरूउपर काठमाडौं जिल्ला अदालतमा उपर्युक्त फौ.नं.२१९० र २१९१ का अपहरण तथा शरीर बन्धक मुद्दाको अभियोगपत्र दायर भएको थियो । फौ.नं.२१९०को मुद्दामा जाहेरवालालाई अपहरण गरी जाहेरवालाकी श्रीमतीसँग फिरौती लिएकोले निज प्रतिवादीहरूउपर मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलबमोजिम सजायको माग दाबी लिएको र फौ. नं.२१९१ को मुद्दामा समेत सोहीअनुसारको मागदाबी लिएको देखिएको थियो । निज प्रतिवादीहरू हातहतियार मुद्दामा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६४/१२/२० को फैसलाअनुसार जनही ३ वर्ष कैद र रू.१,००,०००।- जरिवाना हुने ठहरी कैद भुक्तानको लागि थुनामा रहेको देखिएको थियो । यसरी थुनामा रहेका प्रतिवादीहरूलाई धरौटी माग भएको भए तापनि निजहरूलाई पूर्ववत् रूपमा कारागारमा नै पठाएको हो । निज प्रतिवादीहरू मैले अपहरण तथा शरीर बन्धक मुद्दामा गरेको थुनछेक आदेशका कारण नभई पुनरावेदन अदालतबाट हातहतियार मुद्दामा भएका फैसलाले थुनामुक्त भएका हुन् । मैले थुनछेक आदेश गर्दा कुनै बदनियत राखी आदेश गरेको होइन ।

जाँचबुझ समितिले अपहरण तथा शरीर बन्धक मुद्दाको मात्र जाँचबुझ गर्ने नभई हातहतियार तथा खरखजाना मुद्दाको समेत जाँचबुझ गर्ने अधिकार पाएको थियो । मैले आदेश गरेको मुद्दा जिल्ला अदालतको क्षेत्राधिकारअन्तर्गतको मुद्दा भएको र मैले जिल्ला न्यायाधीशको हैसियतले थुनछेक आदेश गरेको हुँ । जाँचबुझ समितिले प्रतिवेदन बुझाएपछि विपक्षीले मलाई स्पष्टीकरण सोधेकोमा सोबमोजिमको स्पष्टीकरण मैले पेस गरेको तर मलाई पदमुक्त हुने गरी विपक्षीबाट भएको निर्णयमा मैले पेस गरेको स्पष्टीकरण स्वीकार नहुनुको कुनै कारण उल्लेख गरिएको छैन ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ ले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रदान गर्नुको साथै कानूनबमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रता अपहरण गरिने छैन भन्ने

व्यवस्था गरेको छ जुन हक म निवेदक न्यायाधीशको रूपमा सेवामा कार्यरत रहेको भएपनि पाउनु पर्ने हो। मलाई पदमुक्त गर्ने कारबाही गर्दा विपक्षीहरूले कानूनी प्रक्रिया पूरा गरेको देखिँदैन। न्यायाधीशउपर कारबाही चलाउँदा संविधानको धारा ११३(५) बमोजिम प्रारम्भिक जाँचबुझ गराउनु पर्ने बाध्यता छ। सो व्यवस्था क्रियाशील हुन न्याय परिषद् ऐन, २०४७ को दफा ५ बमोजिमको विधि प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ। विपक्षी परिषद्ले मउपर कारबाही गर्दा सोअनुसारको प्रारम्भिक जाँचबुझ नगरी जाँचबुझ समिति गठन गरेको देखिन्छ। यस अर्थमा विपक्षी न्याय परिषद्बाट भएको निर्णय संविधानसम्मत छैन। विपक्षीहरूबाट म निवेदकको हक प्रतिकूल हुने गरी मिति २०६७/३/३१ मा भएको निर्णय संविधानको धारा ११३(५) को प्रतिकूल छ।

विपक्षीहरूले न्याय परिषद्को निर्णयबमोजिम भनी म निवेदकसँग स्पष्टीकरण माग गर्दा सो पत्रमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क बमोजिम भनी उल्लेख गरिएको छ जुन दफा उक्त ऐनमा कहीँकतै पाइँदैन। यसरी स्पष्टीकरण माग गर्दा नै ऐनमा नभएको दफा उल्लेख गरिएको छ। त्यसैगरी मलाई पदमुक्त गरिएको भनी दिइएको पत्रमा समेत सोही त्रुटिपूर्ण दफा नै उल्लेख गरिएको छ। जाँचबुझ गर्न गठित समितिले पेस गरेको प्रतिवेदनमा म निवेदकलाई पदमुक्त गर्ने नभई एक पटकलाई सचेत गराउने भन्ने उल्लेख गरिएकोमा सो रायविपरीत मलाई कारबाही गरिएको छ। जाँचबुझ समितिले पेस गरेको प्रतिवेदनलाई न्याय परिषद्बाट अन्यथा गर्न सक्दैन र संविधानको धारा १०९(१०)(ग) को प्रतिबन्धात्मक व्यवस्थाबमोजिम पनि परिषद्ले समितिको प्रतिवेदनविपरीत निर्णय गरी आफैँले गठन गरेको समितिको रायलाई उल्लङ्घन गरेको छ। तसर्थ आफैँले गठन गरेको समितिको प्रतिवेदनको विपरीत म निवेदकलाई पदमुक्त गर्ने गरी विपक्षी न्याय परिषद् तथा सर्वोच्च अदालतबाट भएको निर्णय अत्यन्त आत्मनिष्ठ र अपारदर्शी हुनुका साथै संविधान र न्याय परिषद् ऐनको दफा ७(५) को प्रतिकूल भएकाले बदरभागी छ।

न्याय परिषद् ऐनमा भएको व्यवस्थाअनुसार कुनै पनि न्यायाधीशलाई कारबाही गर्दा आवश्यकताअनुसार सचेत गराउनु पर्ने र सोअनुसार सुधार नभएमा मात्र कारबाही गर्ने भन्ने व्यवस्थाविपरीत मलाई पहिलो पटक नै पदमुक्त गर्ने गरी कारबाही गरिएको छ। म निवेदक न्यायाधीशको हैसियतमा १४ वर्षसम्म काम गर्दा करिब ७००० थान मुद्दा फैसला गरेको र हजारौँको संख्यामा आदेश गरेकोमा हालसम्म मलाई सचेत गराउनु पर्ने कुनै अवस्था नै आएको थिएन। यति लामो समयसम्म इमान्दारीपूर्वक कर्तव्य पालन गरेको न्यायाधीशलाई एकाएक पदमुक्त गर्ने गरी विपक्षी न्याय परिषद्बाट भएको निर्णय प्रत्यक्षरूपमा त्रुटिपूर्ण छ। मुद्दामा फैसला गर्दा सबै मुद्दामा समान अवस्था नभई मुद्दाको विषयवस्तुअनुरूप फरक हुन सक्ने तर्फ विपक्षीले कुनै ध्यान दिएको देखिँदैन। कुनै न्यायाधीशको कार्यक्षमता तथा आचरणको जाँचबुझ गर्ने कार्य उसले गरेको न्यायिक निर्णयको ठीक बेठीक के हो भनी जाँचबुझ हुन सक्दैन। विपक्षीहरूको सो निर्णय न्यायाधीशको पदीय सुरक्षा एवं न्यायिक स्वतन्त्रताको विपरीत छ।

न्यायाधीशले न्यायिक काम कारबाही र निर्णयको लागि पूर्णरूपमा उन्मुक्ति (Judicial Immunity) पाउँछ, त्रुटिपूर्ण निर्णयको (Error of judgement not to be punishment) लागि समेत दण्डको भागी बनाउन मिल्दैन। यो सिद्धान्तअनुसार पनि न्यायाधीशले गरेको काम कारबाहीलाई लिएर उसलाई दण्डित बनाउनु हुँदैन। मैले उक्त मुद्दामा गरेको आदेश प्रारम्भिक आदेश मात्र हो मुद्दाको फैसला होइन। जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट जुनसुकै अवस्थामा गर्न सकिने आदेश गरेकोमा मलाई झुट्ठा आरोप लगाई कारबाही गरिएको हुँदा सो कारबाही गर्ने गरी भएको निर्णय न्यायका मान्य सिद्धान्त तथा

मापदण्डविपरीत छ।

विपक्षी न्याय परिषद्ले मलाई न्याय परिषद्को निर्णयअनुसार पदीय कार्य नगर्नु भनी पत्र दिएकोमा मलाई पत्र दिने गरी न्याय परिषद्बाट मिति २०६७/३/३१ मा भएको निर्णय नै अवैध छ। न्याय परिषद् ऐनको दफा १३(३) ले न्याय परिषद्को बैठक बस्नुभन्दा ४८ घण्टाअगाडि नै परिषद्को सचिवले बैठकमा छलफल हुने विषयको सूचीसहित सबै सदस्यहरूलाई जानकारी पठाउनु पर्ने भन्ने व्यवस्था भएकोमा सो प्रक्रिया पूरा नै नगरी परिषद्का एकजना सदस्यको अनुपस्थितिमा नै परिषद्को बैठक बसी निर्णय भएको हुँदा सो निर्णय त्रुटिपूर्ण छ। सम्माननीय प्रधानन्यायाधीश सदस्य रहने संवैधानिक परिषद्को बैठकको निर्णय सम्बन्धमा पुष्पकमल दाहाल विरूद्ध संवैधानिक परिषद्समेत भएको उत्प्रेषण मुद्दामा प्रारम्भिक चरणमै कानूनी त्रुटि देखिएको अवस्थामा कुनै निकायबाट भएको निर्णयमा वैधानिकताको तत्त्व रहन नसक्ने भनी उत्प्रेषणको आदेश जारी भई नजिर नै प्रतिपादन भएको छ (ने.का.प.२०६७, पृष्ठ १०८३) यस अवस्थामा न्याय परिषद्को सो निर्णयसमेत बदरभागी छ।

न्याय परिषद्को मिति २०६७/१२/२८ मा बसेको बैठकमा माननीय न्यायाधीश श्री बलराम के.सी. ले पेस गरेको रायसहितको प्रतिवेदनलगायत अन्य केही न्यायाधीशउपरको उजुरी सम्बन्धमा जाँचबुझ भएका प्रतिवेदनसमेत पेस भएकोमा अन्य आरोप तथा प्रतिवेदनहरूलाई समर्थन हुने गरी परिषद्ले निर्णय गरेको र मेरो हकमा मात्र जाँचबुझ समितिको राय एवं सुझावलाई इन्कार गरी भिन्न आरोप थप गरेको देखिन्छ। यसरी हेर्दा पनि न्याय परिषद्को सो निर्णयहरू न्याय परिषद् ऐन, २०४७ को दफा ४क(५) प्रतिकूल भई संविधानको धारा १३(१) र (२) द्वारा प्रत्याभूत समानताको हकविपरीत छ।

विपक्षीहरूले यसरी वर्तमान संवैधानिक व्यवस्थाविपरीत प्रक्रिया चलाई गैरकानूनी तवरले पदमुक्त गर्दा प्रतिरक्षा गर्न पाउने प्राकृतिक न्यायको मान्य सिद्धान्त तथा सारभूत हकबाट म निवेदकलाई वञ्चित गरिएको छ। जाँचबुझको क्रममा र त्यसपश्चात् मलाई कारबाही गर्दा पनि के कस्ता तथ्य र लिखतहरू मेरा विरूद्ध प्रमाणमा लगाइएका हुन् सो कुराको जानकारी पाउने हकबाट मलाई वञ्चित गरिएको छ। विपक्षीहरूले मेराउपर कारबाही चलाउँदा कुनै पनि नागरिकलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ भन्ने नेपालको अन्तरिम संविधान, २०६३को धारा २४(९) को न्यायसम्बन्धी हकबाट समेत वञ्चित गरिएको छ।

म निवेदकले जिल्ला न्यायाधीशको हैसियतमा गरेको थुनछेक आदेशमा कुनै कानूनी त्रुटि भएको भए पनि कानूनी प्रक्रियाअनुसार माथिल्लो तहको अदालतमा जान पाउने ढोका खुला रहेको हुन्छ। न्याय सम्पादनको क्रममा न्यायाधीशद्वारा भएको आदेशको विषयलाई लिएर ठाडो कारबाही गर्नु सरासर अन्यायपूर्ण छ। न्याय सम्पादनकै क्रममा १४ वर्षसम्म मैले गरेको योगदानको मूल्याङ्कन भई न्याय परिषद्ले मलाई पुनरावेदन अदालतको न्यायाधीश पदमा नियुक्ति गरेको अवस्थामा जिल्ला न्यायाधीशको हैसियतले हाल आएर कार्यक्षमताको अभाव रहेको भन्ने विपक्षीहरूको निर्णय आफैँमा विरोधाभाष हुनुको साथै संविधानको धारा १०९(५) र न्याय परिषद् ऐन, २०४७ को दफा ४क विपरीत भई बदरभागी छ।

यसरी विपक्षी न्याय परिषद्को सिफारिसमा पदमुक्त गरिएको भन्ने बेहोराको मिति २०६७/१२/२८को पत्र एवं निर्णय तथा सोही मितिको श्री सर्वोच्च अदालतको पत्रसमेतका सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई पुनरावेदन अदालतको न्यायाधीशको पदमा पूर्ववत रूपमा पुनर्वहाली गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशलगायत आवश्यक पुर्जी जारी गरिपाऊँ। साथै

म निवेदक पुनरावेदन अदालतको न्यायाधीशको पदमा रही न्याय सम्पादनमा दत्तचित्त भई आफ्नो न्यायिक कर्तव्य इमान्दारिताका साथ निर्वाह गरिरहेकोले प्रस्तुत रिट निवेदनको विषय मेरो न्यायिक वृत्ति विकास एवं योग्यतासँग गाँसिएकोले निवेदनको गम्भीरतालाई न्यायिक दृष्टि दिई रिट निवेदनलाई अग्राधिकार दिई हेरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६८/४/३० गतेको रिट निवेदन।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिलसाथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षी नं. १, २, ३ र ४ लाई र विपक्षी नं. ५ लाई सम्बन्धित जिल्ला अदालतमार्फत यो रिट निवेदनको एकप्रति नक्कल साथै राखी म्याद सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतबाट मिति २०६८/५/१ गते भएको आदेश।

काठमाडौं जिल्ला अदालतमा चलेका विनोदकुमार न्यौपानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सञ्जय श्रेष्ठ, रोहित पालिवाल अग्रवाल र भिमसेन पण्डितसमेत भएको फौ.नं.२१९० र ओमकार भट्टचनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै व्यक्ति भएको फौ.नं.२१९१ का अपहरण तथा शरीर बन्धक मुद्दामा काठमाडौं जिल्ला अदालतका तत्कालीन जिल्ला न्यायाधीश हाल पुनरावेदन अदालत हेटौंडामा कार्यरत न्यायाधीश तेजबहादुर कार्कीबाट मिति २०६५/३/१० गते आदेश हुँदा प्रतिवादीहरूसँग धरौटी तथा जेथा जमानत लिई अभियुक्तहरूलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरेको आदेश गैरकानूनी भए नभएको सम्बन्धमा न्याय परिषद् ऐन, २०४७ को दफा ६ बमोजिम जाँचबुझ गरी रायसहितको प्रतिवेदन दिन सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बलराम के.सी.को अध्यक्षतामा एक सदस्यीय समिति मिति २०६७/३/३१ मा गठन गरिएको थियो। सोही जाँचबुझ समितिले अनुसन्धान गरी रायसहितको प्रतिवेदन दिने र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९(११) बमोजिम निवेदकलाई आफ्नो पदको कार्य नगर्नु भनी सूचना दिने गरी भएको कार्य कानूनसम्मत रहेको छ।

जाँचबुझ समितिले सम्बन्धित मुद्दाको मिसिल अध्ययन गरी सम्बन्धित मुद्दाका अभियुक्तसँग बयान लिई अनुसन्धानको कार्य सम्पन्न गरी निवेदकले उक्त सरकारवादी मुद्दामा प्रतिवादीहरूलाई धरौटी लिई तारेखमा राख्ने गरी भएको आदेशका कारण तारेखमा छुटेका प्रतिवादीहरूले अर्को अपहरणको जघन्य अपराध गरेको र तारेखमा छुटेका कारण विचाराधीन मुद्दाको काम कारबाहीमा नै अनुचित प्रभाव पारेको हुँदा उक्त थुनछेक आदेश गर्ने न्यायाधीशका काम कारबाही न्याय परिषद् ऐन, २०४७ को दफा ४क(२) को देहाय (घ) को अवस्था विद्यमान भई कार्य क्षमताको अभाव देखिन आएको भनी समितिले किटानी रायसहितको प्रतिवेदन न्याय परिषद्मा पेस गरेको थियो। उक्त रायसहितको प्रतिवेदनमा पुनरावेदन अदालतमा फैसला गर्ने न्यायाधीशहरूको सरहको त्रुटि जिल्ला अदालतमा आदेश गर्ने न्यायाधीशको नदेखिएको हुँदा निजलाई अभिलेख रहने गरी पहिलो पटकको लागि सचेत गराउने भन्ने राय प्राप्त भएको थियो।

यसरी जाँचबुझ समितिको रायसहितको प्रतिवेदन प्राप्त भएपछि न्याय परिषद्को मिति २०६७/३/३१ को निर्णयबमोजिम निज रिट निवेदक तत्कालीन जिल्ला न्यायाधीश श्री तेजबहादुर कार्कीलाई न्याय परिषद् ऐन, २०४७ को दफा ४क(२) को खण्ड (घ) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९(१०)(ग) बमोजिम कार्य क्षमताको अभाव र इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेको आधार कारणबाट तपाईँलाई किन कारबाही

नगर्ने भनी पत्र प्राप्त भएको मितिले ७ दिनभित्र स्पष्टीकरण पेस गर्नु भनी सफाइको मौका दिई न्याय परिषद्को मिति २०६७/८/२८ को निर्णयबमोजिम स्पष्टीकरण सोधिएको हो।

न्याय परिषद्ले गठन गरेको जाँचबुझ समितिले दिएको प्रतिवेदनमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूचीभित्र समावेश भएका मुद्दामा तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने मुद्दामा तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादी कसुरदार हो भन्ने देखिएमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्नेमा धरौटी माग्ने गरी तत्कालीन काठमाडौं जिल्ला अदालतका माननीय न्यायाधीश श्री तेजबहादुर कार्कीले मिति २०६५/३/१० गरेको आदेशका कारण प्रतिवादीहरू छुटी गई मानिस अपहरणसम्बन्धी अर्को जघन्य अपराध र विचाराधीन मुद्दाको कारबाहीमा नै अनुचित प्रभाव परेको हुँदा उक्त थुनछेक आदेश गर्ने न्यायाधीशका काम कारबाही न्याय परिषद् ऐन, २०४७ को दफा ४क(२) को देहाय (घ) को अवस्था विद्यमान भई कार्य क्षमताको अभाव देखिन आएको तर कुन न्यायाधीशलाई कुन किसिमको कारबाही गर्ने भन्ने निर्णय गर्ने अधिकार न्याय परिषद्मा निहित रहेको भनी समितिले किटानी रायसहितको प्रतिवेदन न्याय परिषद्मा पेस गरेको थियो । उक्त रायसहितको प्रतिवेदनमा पुनरावेदन अदालतमा फैसला गर्ने न्यायाधीशहरूको सरहको त्रुटि जिल्ला अदालतमा आदेश गर्ने न्यायाधीशको नदेखिएको हुँदा निजलाई पहिलो पटकको लागि अभिलेख रहने गरी सचेत गराउने भन्ने राय प्राप्त भएको थियो। नेपालको अन्तरिम संविधानको धारा ११३ र न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२)(३) र (४)को अवस्था विद्यमान रहेको अवस्थामा के कस्तो कारबाही गर्ने भन्ने कुराको निर्णय लिने अन्तिम अधिकार न्याय परिषद्लाई नै रहेको र न्यायाधीशलाई कारबाही गर्दा जाँचबुझ समिति गठन नगरेर पनि कारबाही गर्न सक्ने नै हुन्छ । जाँचबुझ समितिले न्याय परिषद्लाई सहयोगसम्म गर्ने हो । समितिले सजाय कम गर्ने गरी गरेको सिफारिसलाई न्याय परिषद्ले त्यसलाई स्वीकार गर्ने आधार देखिएन।

यसरी अपहरण जस्तो गम्भीर प्रकृतिको मुद्दामा प्रतिवादीहरूलाई धरौटीमा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी निवेदकले गरेको आदेश विद्यमान कानूनी व्यवस्थाको प्रतिकूल भएको र निजले गरेको आदेशका कारण विचाराधीन मुद्दाको काम कारबाहीमा नै अनुचित प्रभाव परेको र अर्को अपराध हुन गएको हुँदा उक्त थुनछेक आदेश गर्ने तत्कालीन जिल्ला न्यायाधीश हाल पुनरावेदन अदालत हेटौंडाका न्यायाधीश तेजबहादुर कार्कीले न्याय परिषद् ऐन, २०४७ को दफा ४क(२) को देहाय (घ) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (१०)(ग) बमोजिम निजमा कार्यक्षमताको अभाव देखिनुका साथै इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन गरेकोसमेत देखिन नआएकोले न्याय परिषद् ऐन, २०४७ को दफा ८ बमोजिम सोधिएको स्पष्टीकरणसमेत सन्तोषजनक नदेखिएकोले अन्तरिम संविधानको धारा १०९(१०)(ग) बमोजिम निजलाई पदमुक्त गर्न सम्माननीय प्रधानन्यायाधीशसमक्ष सिफारिस गर्ने न्याय परिषद्बाट मिति २०६७/१२/२८ मा निर्णय भएको हो।

तसर्थ नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ बमोजिम अधिकार प्राप्त निकाय न्याय परिषद्बाट धारा १०९ को उपधारा (१०) न्याय परिषद् ऐन, २०४७ र न्याय परिषद् कार्यविधि नियमावली, २०५६ ले निर्दिष्ट गरेको आधार, कारण र प्रक्रियाबमोजिम रिट निवेदकलाई न्यायाधीश पदबाट पदमुक्त गर्ने सिफारिस गर्ने न्याय परिषद्बाट निर्णय भई सम्माननीय प्रधानन्यायाधीशबाट पदमुक्त गरिएको हुँदा निवेदकले संविधान, कानून तथा नजिर र न्यायका मान्य सिद्धान्तविपरीत पदमुक्त गरिएको भनी लिएको जिकिर तथ्यहीन तथा आधारहीन भएको हुँदा

कानूनबमोजिम भएका काम कारबाही र निर्णय बदर हुनुपर्ने होइन गैरसंवैधानिक र गैरकानूनी आधारमा दिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको न्याय परिषद् र न्याय परिषद्का सचिवसमेतको तर्फबाट परिषद्का निमित्त सचिव कृष्ण गिरीले पेस गरेको लिखित जवाफ।

यस अदालत तथा यस अदालतका रजिस्ट्रारबाट रिट निवेदकलाई पुनरावेदन अदालतको न्यायाधीश पदबाट पदमुक्त गर्ने सम्बन्धमा कुनै कारबाही एवं निर्णय भएको भनी निवेदकले निवेदनपत्रमा खुलाउन सक्नु भएको छैन। न्यायाधीशलाई कारबाही गर्ने सम्बन्धमा संविधान र कानूनद्वारा अधिकार प्राप्त निकाय न्याय परिषद्ले प्रचलित कानूनबमोजिम पदमुक्त गर्न सम्माननीय प्रधानन्यायाधीशसमक्ष सिफारिस गर्ने मिति २०६७/१२/२८ मा निर्णय गरी न्याय परिषद्को च.नं.२६६ मिति २०६७/१२/२८ मा यस अदालतमा प्राप्त भएको हो । निवेदक यस अदालत मातहत पुनरावेदन अदालत हेटौंडामा कार्यरत रहेको कारणले न्याय परिषद्को सिफारिसको आधारमा पदमुक्त गर्ने कार्य गरिएको हो। यस अदालतबाट न्याय परिषद्को सिफारिस कार्यान्वयन गर्ने कार्यसम्म गरिएको हुँदा यस अदालत र यस अदालतका रजिस्ट्रारलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको सर्वोच्च अदालत र आफ्नो तर्फबाट समेत सर्वोच्च अदालतका रजिस्ट्रारबाट पेस भएको लिखित जवाफ।

यसमा मिति २०६७/४/२ को राजपत्रमा प्रकाशित सूचनामा उल्लिखित जाँचबुझ गर्दा उल्लेख भएका मुद्दाहरूको मिसिलहरू र यस अदालतबाट मिति २०६९/५/१४ मा फैसला भएको निवेदक चित्रदेव जोशी विपक्षी न्याय परिषद्समेत भई चलेको ०६७-WF-००३३ नं.को उत्प्रेषण परमादेशसमेत मुद्दाको मिसिल साथै राखी नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७१/१०/२५ मा भएको आदेश।

यसमा वादी नेपाल सरकार प्रतिवादी राम श्रेष्ठ भन्ने रामकुमार श्रेष्ठ भएको हातहतियार खरखजाना मुद्दा र वादी नेपाल सरकार प्रतिवादीहरू संजय श्रेष्ठ, नारायण तमाङ, मोहनबहादुर तामाङ भएको हातहतियार खरखजाना मुद्दाको सुरू र रेकर्ड मिसिलसमेत सम्बन्धित निकायबाट झिकाई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७३/९/४ गतेको आदेश।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसीमा सूचीमा चढी पेस हुन आएको प्रस्तुत निवेदनसहितको सम्पूर्ण मिसिल संलग्न कागजसमेत अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बद्रीबहादुर कार्की, श्री शम्भु थापा, श्री तुलसी भट्ट, श्री कृष्णप्रसाद सापकोटा र विद्वान् अधिवक्ताहरू श्री परशुराम कोइराला, श्री गोविन्द बन्दी, श्री इन्द्र खरेल, श्री रक्षा बस्यालले निवेदक एक इमान्दार र कर्तव्यनिष्ठ न्यायाधीश हुन्। न्यायपालिकाको स्वतन्त्रता भनेको न्यायाधीशको लागि पनि हो। निवेदकउपर खराब आचरण भएको, घुस लिनुदिनु गरेको भनेर आरोप लगाउन सकेको अवस्था छैन । निवेदकको आदेशले प्रतिवादीहरू छुटेको नभई पुनरावेदन अदालतको आदेशले छुटेको अवस्था छ । जाँचबुझ समितिले सचेतसम्म गराउन सकिने भनेको छ, बर्खास्त गर्ने गरी प्रतिवेदन दिएको छैन । निवेदकउपर जुन आरोप लगाएर स्पष्टीकरण सोधिएको छ सोबाहेकको आरोपमा कारबाही गर्न मिल्दैन । जाँचबुझ समितिको रायबाहेकको विषयमा स्पष्टीकरण सोध्ने अधिकार न्याय परिषद्लाई छैन। कार्य क्षमता र इमान्दारिताको अभावको बारेमा जाँचबुझ गरिएको छैन । निवेदकलाई जुन आरोपमा हटाएको छ सो आरोपमा स्पष्टीकरण सोध्ने कार्य भएको छैन। न्याय परिषद्को जवाफको प्रकरण (घ) मा परिषद्बाट त्रुटि भएको भनी स्वीकार गरिएको

छ । परिषद्ले निवेदकलाई कुन आधारमा बर्खास्त गरेको हो सो कुरा कतै खुल्दैन । यसबाट स्वविवेकमा हटाएको देखिएको छ । राष्ट्रसेवक र न्यायाधीशबीच कारबाही गर्ने व्यवस्था समान हुनुपर्छ । परिषद्का पदाधिकारीको स्वेच्छाचारी एवं मनोगत धारणाले निर्णयलाई प्रभावित गर्न पाइँदैन । न्याय परिषद्बाट प्रवृत्त भावनाबाट प्रेरित भई स्पष्टीकरण सोधिएको छ। जुन आरोपमा स्पष्टीकरण सोधिएको छ सो बाहेकमा सजाय गरिएको छ। स्वच्छ सुनुवाइ विपरीत सजाय गर्न पाइँदैन । रिट निवेदकउपर Doctrine of Pleasure अनुसार पनि कारबाही गर्न मिल्दैन। न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (४) बमोजिमको खराब आचरणमा कुनै अनुसन्धान नै नगरी स्पष्टीकरण नलिई सजाय गरेको मिलेको छैन । एउटा कसुर गरेर छुटेको अवस्थाको प्रतिवादीले पुन: अर्को कसुर गर्छ भने सो कुराको दोषारोपण गरी न्यायाधीशलाई सजाय गर्न मिल्दैन । न्यायाधीशको पहिलाको कार्य सम्पादन राम्रो छ भने एउटै मुद्दाको विषयलाई लिएर नोकरीबाट बर्खास्त गर्ने कार्य औचित्यपूर्ण छैन । एउटै मुद्दाबाट कार्यक्षमताको अभाव छ भन्ने निष्कर्ष निकाल्न मिल्दैन । जाँचबुझ प्रतिवेदनबाट निवेदकलाई खराब आचरण र कार्यक्षमताको अभाव भनेको छैन । तसर्थ, न्याय परिषद्को निर्णय बदर गरी निवेदकलाई साबिक पुनरावेदन अदालत तथा हालको उच्च अदालतको न्यायाधीश पदमा स-सम्मान बहाली गर्न परमादेशसमेत जारी हुनु गरिनु पर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

विपक्षी न्याय परिषद्समेत तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले न्याय परिषद्को निर्णय न्यायिक पुनरावलोकन हुन सक्तैन । सचेतसम्म नगराइकन पनि पदमुक्त गर्ने अधिकार न्याय परिषद्लाई रहेको छ । जाँचबुझ समितिको प्रतिवेदनविपरीत निर्णय गर्न सक्ने अधिकार न्याय परिषद्लाई रहेको छ । छानबिन समितिले पनि न्याय परिषद् ऐन, २०४७ दफा ४क(२)(छ) को कसुर गरेको कुरालाई स्वीकार गरेको अवस्था रहेको छ । समितिको सिफारिस बाध्यकारी रूपमा ग्रहण गर्न जरूरी छैन। न्यायाधीशलाई न्याय परिषद् ऐन, २०४७ को दफा ४क २(छ) बमोजिमको कसुरमा सजाय नगर्नु भनेको छैन । छानबिन समिति नै गठन नगरिकन पनि न्यायाधीशको काम कारबाही वा आचरण पदअनुसार नभएको भए कारबाही गर्न सक्ने अधिकार न्याय परिषद्लाई रहेको छ। थुनछेक गर्ने न्यायाधीशले अ.बं. ११८को देहाय २ लाई नजर अन्दाज गर्न मिल्दैन । थुनामा राखी कारबाही गर्नुपर्ने प्रतिवादीहरू धरौट मागेको कारण छुटी गई अर्को अपराध गरी विचाराधीन मुद्दामा अनुचित प्रभाव पारेको अवस्था रहेको छ । विदेशी नागरिकलाई कानूनबमोजिम थुनामा राखी कारबाही गर्नुपर्नेमा धरौट मागेको देखिन्छ । तसर्थ न्याय परिषद्ले गरेको निर्णय र सो निर्णयको आधारमा प्रधानन्यायाधीशले पदमुक्त गर्ने कार्य संविधान तथा प्रचलित कानूनअनुकूल नै देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

रिट निवेदक तथा विपक्षीतर्फका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस जिकिर सुनी मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा निम्न प्रश्नहरूको निरूपण गर्नुपर्ने देखिन आयो:-

१. न्याय परिषद्बाट कुनै न्यायाधीशलाई पदमुक्त गर्ने गरी भएको निर्णयको न्यायिक पुनरावलोकन हुन सक्छ वा सक्दैन ?
२. न्यायाधीशलाई पदमुक्त गर्नुपर्दा सम्पूर्ण आरोपका सम्बन्धमा सफाइ पेस गर्न मनासिब मौका दिनु पर्छ वा पर्दैन ?
३. निवेदकलाई तत्कालीन पुनरावेदन अदालतको न्यायाधीशको पदबाट मुक्त गर्न प्रधानन्यायाधीशसमक्ष न्याय परिषद्बाट गरिएको सिफारिस र प्रधानन्यायाधीशबाट निजलाई पदमुक्त गर्ने गरी भएको निर्णय

कानूनसम्मत रहेको छ वा छैन ?

४. निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ?

२. यसमा प्रथम प्रश्नको सम्बन्धमा विचार गर्दा तत्काल प्रचलनमा रहेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) ले *"यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ"* भन्ने संवैधानिक व्यवस्था गरेको छ। यसैगरी धारा ११३(१) ले यस संविधानबमोजिम न्यायाधीशहरूको नियुक्ति, सरूवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य कुराहरूको सिफारिस गर्न वा परामर्श दिन एउटा न्याय परिषद् रहने व्यवस्था गरेको छ भनी धारा १०९ को उपधारा (१०) को खण्ड (ग) बमोजिम पुनरावेदन अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीशलाई पदमुक्त गर्ने गरी गरिएको आदेश वा निर्णयउपर पुनरावेदन लाग्ने व्यवस्था नगरिएकोले त्यस्तो निर्णय वा आदेश न्यायिक पुनरावलोकन गर्ने अधिकार धारा १०७(२) अन्तर्गत यस अदालतलाई भएकै देखियो।

३. न्यायाधीशको जवाफदेहिता प्रचलित संविधानअन्तर्गत बनेको ऐन, कानून एवं न्यायिक व्यवहारमा आधारित हुन्छ । अनुशासनात्मक वा फौजदारी कसुर वा अयोग्यताका कारण आफ्नो पदीय कर्तव्य पालना गर्नमा असक्षम प्रमाणित भएमा मात्र स्वच्छ प्रक्रियाको अवलम्बन गरी न्यायाधीशलाई पदमुक्त गर्न सकिन्छ। न्यायाधीशउपरको कारबाहीका लागि संविधान एवं कानूनले स्पष्ट आधार र उचित प्रक्रियाहरूको व्यवस्था गरेकोले स्वेच्छाचारी रूपमा कारबाही गर्न सकिने स्थितिको परिकल्पना हुन सक्दैन। न्यायाधीशहरूको कार्य प्रणाली वा व्यवहारका आधारमा पदमुक्त गर्नका लागि स्वच्छ सुनुवाइको मूल्य र मान्यता अवलम्बन गरिनु पनि त्यत्तिकै आवश्यक हुन्छ। तसर्थ, निवेदकउपर लगाइएको आरोप के हो ? ती आरोपहरू के कुन कानूनमा आधारित रहेका छन् ? न्यायाधीशउपरको कारबाहीका लागि कानूनको स्पष्ट र उचित प्रक्रियाको व्यवस्था भएअनुसार निवेदकको सम्बन्धमा आरोप लगाउने कार्यदेखि सजाय निर्धारण गर्ने निर्णय गर्दासम्म न्यायको स्थापित मूल्य र मान्यताहरूको अनुशरण गरिएको छ, छैन ? सुनुवाइको पर्याप्त अवसर दिई न्यायिक मनको प्रयोग गरी निर्णय गरिएको छ, छैन ? नेपालको अन्तरिम संविधान र प्रचलित कानूनद्वारा प्रदत्त हकको सम्मान भए नभएको के हो ? सो सम्बन्धमा अन्तरिम संविधानको धारा १०७(२) को अधीनमा रही पुनरावलोकन गरी आवश्यक र उपर्युक्त आज्ञा आदेश जारी गर्न सक्ने संवैधानिक दायित्व यस अदालतको रहेकोले न्याय परिषद्को निर्णय पुनरावलोकन नै हुन सक्दैन भन्ने विपक्षीहरूतर्फको जिकिरसँग सहमत हुन सकिएन।

४. अब दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा रिट निवेदक न्यायाधीश तेजबहादुर कार्कीको कार्य क्षमताको अभाव देखिए नदेखिएको सम्बन्धमा जाँचबुझ गर्न न्याय परिषद् ऐन, २०४७ को दफा ६ बमोजिम न्याय परिषद्ले एक सदस्यीय जाँचबुझ समिति गठन गर्ने निर्णय गरेको देखिन्छ । मिति २०६७/३/३१ मा न्याय परिषद्ले जाँचबुझ समिति

गठन गर्ने गरेको निर्णय हेर्दा विनोदकुमार न्यौपानेको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सञ्जय श्रेष्ठ, रोहित पलिवाल अग्रवाल र भिमसेन पण्डितसमेत भएको फौ.नं. २१९० को अपहरण तथा शरीर बन्धक मुद्दा १, ओमकार भट्टचनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै व्यक्ति भएको फौ.नं. २१९१ को अपहरण तथा शरीर बन्धक मुद्दामा काठमाडौं जिल्ला अदालतका तत्कालीन जिल्ला न्यायाधीश हाल पुनरावेदन अदालत, हेटौंडाका न्यायाधीश श्री तेजबहादुर कार्कीबाट मिति २०६५/३/१०/३ मा आदेश हुँदा फौ.नं. २१९० मा अभियुक्तसँग जनही रू.१,२५,०००।– र फौ.नं. २१९१ मा जनही रू.३५,०००।– नगद धरौट वा सो बराबरको जेथा जमानत लिई अभियुक्तहरूलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश गरेको देखियो। यसरी उपर्युक्त मुद्दाको कारबाही गर्दा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को देहाय (२) को खण्ड (घ) बमोजिम प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट असन्दिग्ध व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी उक्त मुद्दाको कारबाहीमा अनुचित असर पुऱ्याए वा नपुऱ्याएको र उक्त मुद्दाहरूमा अनुसन्धान तहकिकातबाट संकलित सबुद प्रमाणहरूको मूल्याङ्कन गर्ने सम्बन्धमा निज न्यायाधीशको कार्य क्षमताको अभाव देखिए नदेखिएको सम्बन्धमा न्याय परिषद् ऐन, २०४७ को दफा ६ बमोजिम जाँचबुझ गर्ने साथै उल्लिखित प्रतिवादीहरू संलग्न रहेका अन्य मुद्दाहरूको कारबाहीको सिलसिलामा भएका आदेश तथा फैसलाहरूको विस्तृत अध्ययन गरी सो आदेश वा फैसला गर्ने न्यायाधीशबाट गैरकानूनी एवं अनियमित रूपमा काम कारबाही भएको छ, छैन ? सोसमेत छानबिन गरी रायसहितको प्रतिवेदन दिन सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बलराम के.सी.को अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समितिको गठन गरिएको छ। समितिले उक्त दफा ७ बमोजिम सम्बन्धित न्यायाधीशलगायत अन्य व्यक्तिहरूलाई बुझ्ने, बयान गराउने र आरोपका सम्बन्धमा तहकिकात अनुसन्धान गरी कार्य प्रारम्भ गरेको मितिले १ महिनाभित्र रायसहितको प्रतिवेदन दिने। साथै नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (११) बमोजिम न्यायाधीश श्री तेजबहादुर कार्कीलाई आफ्नो पदको कार्य नगर्नु भनी सूचना दिने" भनी निर्णयसमेत गरेको देखिन्छ।

५. जाँचबुझ समितिले निवेदक तत्कालीन जिल्ला न्यायाधीश हाल पुनरावेदन अदालत, हेटौंडाका न्यायाधीश तेजबहादुर कार्कीको काम कारबाहीमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा २को देहाय खण्ड (घ) को अवस्था विद्यमान भए पनि निजको Deliberate Mistake नदेखिएकोले न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) बमोजिम पहिलो पटकको लागि अभिलेख रहने गरी सचेत गराउन रायसहितको प्रतिवेदन पेस गरेको छु भनी जाँचबुझ प्रतिवेदन न्याय परिषद्समक्ष पेस गरेको देखिन्छ।

६. उक्त प्रतिवेदन पेस भएपछि न्याय परिषद्ले मिति २०६७/८/२८ को निर्णयअनुसार रिट निवेदकसँग मिति २०६७/८/२९ मा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को देहाय खण्ड (घ) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (१०) को देहाय (ग) बमोजिम कार्यक्षमताको अभाव र इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेको आधार र कारणबाट तपाइँलाई किन कारबाही नगर्ने भनी पत्र प्राप्त भएको मितिले ७ दिनभित्र स्पष्टीकरण पेस गर्नु भनी स्पष्टीकरण मागेको र निवेदकले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को देहाय खण्ड (घ) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (१०) को देहाय (ग) बमोजिम निवेदकमा कार्यक्षमताको

अभाव देखिनुका साथै इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना गरेकोसमेत देखिन नआएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (१०) (ग) बमोजिम निवेदकलाई पदमुक्त गर्न सम्माननीय प्रधानन्यायाधीशसमक्ष सिफारिस गर्ने निर्णय न्याय परिषद्‌बाट मिति २०६७/१२/२८ मा भएको देखिन्छ । त्यसपछि सर्वोच्च अदालतको रजिस्ट्रारले *"न्याय परिषद्‌को मिति २०६७/१२/२८ को निर्णयानुसार न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा २को देहाय (घ) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (१०) को देहाय (ग) बमोजिम कार्य क्षमता र इमान्दारिताको अभाव देखिएकोले न्याय परिषद्‌को सिफारिसमा माननीयज्यूलाई मिति २०६७/१२/२८ देखि लागू हुने गरी पदमुक्त गरिएको बेहोरा मिति २०६७/१२/२८ को निर्णयानुसार अनुरोध गर्दछु* भनी रिट निवेदकलाई पदमुक्त गरिएको मिति २०६७/१२/३० को पत्र मिति २०६८/२/२६ मा बुझाइएको देखिन्छ ।

७. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा १० मा पुनरावेदन अदालत वा जिल्ला अदालतका न्यायाधीश पदबाट मुक्त हुने भनी व्यवस्था गरेकोमा सो धारा १०९ को उपधारा १० को खण्ड (ग) मा *"कार्य क्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको, शारीरिक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ भएको, न्यायमा विचलित भएको भन्ने आधारमा पदमुक्त गर्ने भनी न्याय परिषद्‌को निर्णयबमोजिम प्रधानन्यायाधीशबाट पदमुक्त हुने भन्ने उल्लेख भएको पाइन्छ । साथै आरोप लागेको पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिइनेछ र सो प्रयोजनको लागि निजसँग बयान लिन, प्रमाण संकलन गर्न* र *रायसहितको प्रतिवेदन पेस गर्न न्याय परिषद्‌ले जाँचबुझ समिति गठन गर्न सक्नेछ । सो समितिको कार्यविधि कानूनद्वारा निर्धारित हुनेछ* भन्ने बाध्यात्मक व्यवस्थासमेत भइरहेको देखिन्छ । यसरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (१०) को देहाय (ग) मा उल्लिखित सम्पूर्ण अवस्थाका सम्बन्धमा आरोप लागेको पुनरावेदन तथा जिल्ला अदालतको न्यायाधीशलाई सफाइ पेस गर्न मनासिब मौका दिनुपर्ने बाध्यात्मक व्यवस्था गरेको देखियो भने सफाइ पेस गर्ने प्रयोजनको लागि न्याय परिषद्‌ले जाँचबुझ समिति गठन गर्न सक्ने व्यवस्था गरेको देखिन्छ ।

८. तर रिट निवेदकको सम्बन्धमा न्याय परिषद्‌द्वारा गठित जाँचबुझ समितिलाई न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को देहाय (घ) बमोजिम न्यायाधीश तेजबहादुर कार्कीको कार्य क्षमताको अभाव देखिए नदेखिएको सम्बन्धमा मात्र छानबिन गर्न कार्यादेश दिइएको र उक्त समितिले पनि आफूलाई तोकिएको क्षेत्राधिकारमा सीमित रही छानबिन गरी प्रतिवेदन दिएको देखिँदा न्याय परिषद् ऐनको दफा ४क को उपदफा (३) बमोजिम निवेदकले आफ्नो कर्तव्य इमान्दारीपूर्वक पालना गरे नगरेको सम्बन्धमा जाँचबुझ समितिले छानबिन गरेको र सो आरोपका सम्बन्धमा सफाइको मौका दिएकोसमेत देखिन आएन । अन्तरिम संविधानको धारा १०९ को उपधारा १० को खण्ड (ग) मा उल्लिखित विभिन्न अवस्थाका सम्बन्धमा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२)(३)(४) मा बेग्लाबेग्लै उल्लेख भएको र पदीय कर्तव्य इमान्दारीपूर्वक पालन नगरेको सम्बन्धमा ऐनका दफा ४क को उपदफा (३) मा व्यवस्था भएको देखिँदा निवेदकलाई पदमुक्त गर्ने निर्णय गरिँदा लगाइएको सम्पूर्ण आरोपहरूका सम्बन्धमा निवेदकलाई अन्तरिम संविधानको धारा १०९ को उपधारा (१०) को खण्ड (ग) बमोजिम सफाइ पेस गर्न मनासिब मौका दिइएको देखिन आएन ।

९. अब निवेदकलाई तत्कालीन

पुनरावेदन अदालतको न्यायाधीशबाट पदमुक्त गर्न प्रधानन्यायाधीशसमक्ष न्याय परिषद्बाट गरिएको सिफारिस र पदमुक्तको निर्णय कानूनसम्मत रहेको छ, छैन ? भन्ने तेस्रो प्रश्नको सम्बन्धमा हेर्दा अन्तरिम संविधानको धारा ११३ को उपधारा (५) ले कुनै न्यायाधीशको विषयमा पर्न आएको उजुरीको सम्बन्धमा प्रारम्भिक छानबिन गराउँदा विशेषज्ञबाट विस्तृत छानबिन गर्नुपर्ने देखिएमा न्याय परिषद्ले जाँचबुझ समिति गठन गर्न सक्ने संवैधानिक व्यवस्था गरेको छ।

१०. अन्तरिम संविधानको धारा १०९ को उपधारा (१०) को देहाय (ग) बमोजिम आरोप लागेको पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशलाई आफ्नो सफाइ पेस गर्न मनासिब मौका दिइनेछ र सो प्रयोजनको लागि निजसँग बयान लिन प्रमाण संकलन गर्न र रायसहितको प्रतिवेदन पेस गर्न न्याय परिषद्ले जाँचबुझ समिति गठन गर्न सक्ने भन्ने व्यवस्था रहेको छ । उल्लिखित संवैधानिक प्रावधानहरूले कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालन नगरेको भनी आरोप लागेको पुनरावेदन अदालत तथा जिल्ला अदालतको न्यायाधीशलाई आफूउपर लागेको आरोपका सम्बन्धमा सफाइ र आवश्यक सबुद प्रमाण पेस गर्नसमेतका लागि न्याय परिषद्ले जाँचबुझ समिति गठन गर्नुपर्ने व्यवस्था गरेको देखिन आउँछ। यसैगरी न्याय परिषद् ऐन, २०४७ को दफा ६ ले संविधानको धारा १०९ को उपधारा (१०) बमोजिम कुनै न्यायाधीश विरूद्ध लागेको आरोपका सम्बन्धमा जाँचबुझ समितिबाट जाँचबुझ गराउनुपर्ने देखेमा न्याय परिषद्ले जाँचबुझ समिति गठन गर्नेछ र त्यसको सूचना राजपत्रमा प्रकाशित गर्नेछ भन्ने कानूनी व्यवस्थासमेत गरेको देखिन्छ । न्याय परिषद् ऐन, २०४७ को दफा ७ अनुसार जाँचबुझ समितिले आरोप लागेको न्यायाधीशलाई सूचना दिने, सूचना तामेल गर्ने, बयान गराउने, साक्षी प्रमाण बुझ्ने सम्बन्धमा अदालतलाई भएसरहको अधिकारसमेत प्रयोग गर्न सकिने र जाँचबुझको कार्य समाप्त भएपछि जाँचबुझ समितिले आफ्नो रायसहित जाँचबुझको प्रतिवेदन परिषद्लाई दिनुपर्ने व्यवस्था रहेको तथ्य माथि विवेचना भइसकेको छ।

११. उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा विपक्षी न्याय परिषद्को काम कारबाहीको मूल्याङ्कन गर्दा रिट निवेदक तेजबहादुर कार्की काठमाडौं जिल्ला अदालतको न्यायाधीश पदमा कार्यरत रहँदाको अवस्थामा विनोदकुमार न्यौपानेको जाहेरीले वादी नेपाल सरकार विरूद्ध प्रतिवादी संजय श्रेष्ठ, रोहित पालिवाल अग्रवाल र भिमसेन पाण्डेसमेत भएको फौ.नं. २१९० र ओमकार भट्टचनको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै व्यक्तिहरू भएको फौ.नं.२१९१ को अपहरण तथा शरीरबन्धक मुद्दाहरूमा प्रतिवादीहरूबाट मुद्दा पुर्पक्षका लागि धरौट वा जेथा जमानी लिने गरी निवेदक तत्कालीन जिल्ला न्यायाधीशबाट भएको आदेशका सम्बन्धमा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश बलराम के.सी. को अध्यक्षतामा एक सदस्यीय जाँचबुझ समिति गठन भएको देखिन्छ । जाँचबुझ समितिको कार्यादेश हेर्दा उपर्युक्त उल्लिखित फौ.नं. २१९० र फौ.नं. २१९१ मुद्दाहरूमा काठमाडौं जिल्ला अदालतका तत्कालीन जिल्ला न्यायाधीश हाल पुनरावेदन अदालत हेटौंडाका न्यायाधीश श्री तेजबहादुर कार्कीबाट मिति २०६५।१०।३ मा आदेश हुँदा फौ.नं. २१९० को मुद्दामा अभियुक्तहरूसँग जनही १,३५,०००।- र फौ.नं. २१९१ को मुद्दामा अभियुक्तहरूसँग जनही ३५,०००।- नगद धरौट वा सो बराबरको जेथा जमानत लिई अभियुक्तहरूलाई तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश गरेको देखियो। यसरी उपर्युक्त मुद्दाको कारबाही गर्दा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को देहाय (घ) बमोजिम प्रयोग हुनै नसक्ने

कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट असंदिग्ध व्याख्या वा अर्थलाई छोडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी उक्त मुद्दाको कारबाहीमा अनुचित असर पुऱ्याए वा नपुऱ्याएको र उक्त मुद्दाहरूमा अनुसन्धान तहकिकातबाट संकलित सबुद प्रमाणको मूल्याङ्कन गर्ने सम्बन्धमा निज न्यायाधीशको कार्यक्षमताको अभाव देखिए नदेखिएको सम्बन्धमा न्याय परिषद् ऐन, २०४७ को दफा ६ बमोजिम जाँचबुझ गर्ने, साथै उल्लिखित प्रतिवादीहरू संलग्न रहेका अन्य मुद्दाहरूको कारबाहीको सिलसिलामा भएका आदेश तथा फैसलाहरूको विस्तृत अध्ययन गरी सो आदेश वा फैसला गर्ने न्यायाधीशबाट गैरकानूनी एवं अनियमित रूपमा काम कारबाही भएको छ, छैन सोसमेत छानबिन गरी रायसहितको प्रतिवेदन दिने भन्ने कार्यादेश भएको रहेछ।

१२. उक्त कार्यादेशबमोजिम जाँचबुझ समितिले छानबिन गरी न्याय परिषद्समक्ष प्रस्तुत गरेको प्रतिवेदनमा जाँचबुझको क्रममा देखिन आएको वस्तुगत आधारमा काठमाडौं जिल्ला अदालतका तत्कालीन जिल्ला न्यायाधीश हाल पुनरावेदन अदालत हेटौंडाका न्यायाधीश तेजबहादुर कार्कीले थुनछेकको आदेश गर्दा फौजदारी मुद्दामा सरकारी वकिलले अभियोग लगाई अभियोगपत्र पेस गरेपछि अ.बं. १८४क नं. बमोजिम मुद्दाको काम कारबाही अगाडि बढाउने क्रममा अभियुक्तहरूलाई पुर्पक्षको लागि थुनामा राख्ने वा धरौट वा जमानत माग्ने वा तारेखमा राख्ने सम्बन्धमा फौजदारी अभियोगमा तत्काल प्राप्त प्रमाण भएमा थुनामा राख्नु पर्ने कानूनी व्यवस्था र फौजदारी न्यायको निहित सिद्धान्तलाई ध्यानमा नराखी धरौट मागेको देखिए पनि Deliberate Mistake थुनछेक आदेश गर्ने न्यायाधीशको काम कारबाहीमा देखिएन। प्रतिवादीहरू छुटेको वास्तविक थुनछेकको आदेशबाट नभई पुनरावेदन अदालतबाट भएको फैसलाका कारण छुटी गई परिणामतः अर्को अपराध गर्न पुगेको देखिन्छ। यसरी न्यायाधीशको काम कारबाहीमा Deliberate Mistake नदेखिएको अवस्थामामा बदनियत तत्त्व हुनसक्ने नदेखिएकाले न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) बमोजिम पहिलो पटकका लागि अभिलेख राख्ने गरी सचेत गराउने राय व्यक्त गर्दछु भन्ने उल्लेख भएको देखिन्छ।

१३. जाँचबुझ समितिले जाँचबुझको कार्य समाप्त भएपछि पेस गरेको प्रतिवेदनपश्चात् न्याय परिषद् ऐन, २०४७ को दफा ८ (१) ले व्यवस्था गरेबमोजिम न्याय परिषद्ले निवेदकसँग स्पष्टीकरण माग गर्ने सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको पाइन्छः

> <u>८(१)</u> *"दफा ७ को उपदफा (५) बमोजिम पेस भएको जाँचबुझको प्रतिवेदन र मिसिल कागजातबाट आरोप लागेको न्यायाधीशलाई संविधान वा अन्य कानूनबमोजिम सजाय हुनुपर्ने देखिएमा परिषद्ले आरोप लागेको न्यायाधीशलाई कारण र आधार खोली स्पष्टीकरण प्रस्तुत गर्न मनासिब समय दिई सूचना दिनुपर्नेछ। सो म्यादभित्र निजले कुनै स्पष्टीकरण पेस नगरेमा वा निजले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा परिषद्ले संविधानको धारा १०९ को उपधारा (१०) को खण्ड (ग) बमोजिम निर्णय गर्नेछ"*
>
> ८(२) *"जाँचबुझको प्रतिवेदन वा आरोप लागेको न्यायाधीशले उपदफा (१) अन्तर्गत पेस गरेको स्पष्टीकरणबाट निजउपरको आरोप तथ्यहीन देखिएमा परिषद्ले निजउपरको कारबाहीलाई तामेलीमा राख्न सक्नेछ।"*

१४. उपरोक्तानुसार निवेदकबाट स्पष्टीकरण सोध्ने र पदमुक्त गर्नेसमेतको कार्य भएकोमा सो

प्रक्रियाको प्रयोग कानूनी रूपमा भए नभएको सन्दर्भमा विवेचना गर्नुपर्ने हुन आयो। निवेदकलाई न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को देहाय (घ) बमोजिम कार्यक्षमताको अभाव र इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना गरेको भन्ने आधार लिइएका तथ्य मिति २०६८/४/२४ को स्पष्टीकरण सोधिएको पत्रबाट देखिन आएकोमा ती कानूनी प्रावधानहरूतर्फ विवेचना गर्दा दफा ४क मा देहायको अवस्थामा न्यायाधीशमा कार्यक्षमताको अभाव रहेको मानिने भनी उल्लेख भई उपदफा २ (घ) मा *"मुद्दाको कारबाही वा निर्णय गर्दा प्रयोग हुनै नसक्ने कानूनको प्रयोग गरी वा कानूनको स्पष्ट र असंदिग्ध व्याख्या वा अर्थलाई छाडेर बलपूर्वक अर्को व्याख्या वा अर्थ गरी सो कारबाही वा निर्णयमा अनुचित असर पुऱ्याएको"* भन्ने बेहोरा उल्लेख रहेको पाइयो। स्पष्टीकरणमा उल्लिखित उपर्युक्त प्रावधानमा न्यायाधीशले इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेमा निजलाई पदबाट हटाउने आधारबारे उल्लेख भएको पाइँदैन।

१५. न्यायाधीशले पदीय कर्तव्य इमान्दारीपूर्वक पालना नगरेको अवस्थाहरू बारे दफा ४क को उपदफा (३) मा निम्नानुसार व्यवस्था रहेको पाइन्छः

(३) देहायको अवस्थामा न्यायाधीशले आफ्नो पदीय कर्तव्यको इमान्दारी पूर्वक पालन नगरेको मानिनेछः-

(क) मुद्दालाई पन्छाउने, लम्ब्याउने वा अनुचित रूपमा प्रभावित गर्ने मनसायले उपदफा (२) को खण्ड (क) देखि (झ) सम्ममा उल्लिखित कुनै कुरा जानीजानी गरेको,

(ख) कुनै उचित कारणविना निर्धारित समयमा इजलासमा नबस्ने गरेको वा पर्याप्त समय हुँदाहुँदै पनि मुद्दाको सुनुवाइ नगरी पन्छाउने गरेको,

(ग) कुनै उचित कारणविना कानूनद्वारा निर्धारित समयभित्र फैसला वा आदेश नलेखी ढिला सुस्ती गर्ने गरेको,

(घ) बिदा दिने अधिकारीबाट बिदा स्वीकृत नगराई वा त्यस्तै अधिकारीसँग पूर्वअनुमति नलिई अदालतबाट अनुपस्थित हुने गरेको, वा

(ङ) माथिल्लो तहको अदालतले दिएको आदेश वा प्रशासनिक काम कुराको सम्बन्धमा प्रधानन्यायाधीश वा मुख्य न्यायाधीश वा अदालतको प्रशासन चलाउने न्यायाधीशले दिएको निर्देशनको पालना नगरेको वा गर्न आलटाल गरेको।

१६. निवेदकलाई न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को देहाय (घ) को आरोपमा सेवाबाट बर्खास्त गरिएको तर दफा ४क को उपदफा (३) मा भएको कुन प्रावधानको उल्लङ्घन रिट निवेदकबाट भएको हो सो कुरा स्पष्टीकरणमा स्पष्ट रूपमा समावेश हुनुपर्ने भए पनि निजलाई सोधिएको स्पष्टीकरणमा समावेश भएको देखिएन। कसैलाई सजाय गर्नु परेमा स्पष्ट आधार र कारण खुलाई स्पष्टीकरण लिने र सो स्पष्टीकरण सन्तोषजनक नभएमा निजलाई कानूनबमोजिम सजाय गर्ने भन्ने सिद्धान्त हाम्रो न्यायिक अभ्यास रहेको पाइन्छ। उपर्युक्त सन्दर्भमा निवेदकको रिट निवेदन, विपक्षीहरूको लिखित जवाफ र प्राप्त फायलको बेहोराबाट सोबमोजिम भए गरेको पाइएन। साथै निवेदकले जानीजानी मुद्दालाई लम्बाएको वा अनुचित रूपमा प्रभावित गर्नेलगायतका कार्य गरेको कुरा स्पष्ट रूपमा समर्थित भएको नदेखिएकाले रिट निवेदकलाई सुनुवाइको पर्याप्त र प्रभावकारी अवसर प्रदान नगरी निजलाई पदमुक्त गर्ने गरी भएको कारबाहीलाई विवेकसम्मत र न्यायसम्मत मान्न नसकिने हुँदा

निजलाई पदमुक्त गर्ने गरी आत्मगत आधारमा भएको निर्णय कानूनअनुरूप भएको नदेखिँदा सदर कायम रहन सक्दैन।

१७. स्वतन्त्र, निष्पक्ष तथा निर्भिक न्यायपालिका नै कानूनको शासन र प्रजातन्त्रको आधार स्तम्भ भएकोले नै संविधान तथा कानूनले न्यायपालिकाको स्वतन्त्रता र न्यायाधीशको निर्भिकता तथा निष्पक्षता संरक्षणका सम्बन्धमा सतर्कतापूर्वक विभिन्न व्यवस्थाहरू गरेको पाइन्छ। यसैगरी उत्तरदायी न्यायपालिकाबेगर न्यायिक निष्पक्षताको कल्पना गर्न सकिँदैन। न्यायिक निर्भिकताको नाममा न्यायाधीशको स्वच्छन्दतालाई पनि बढावा दिनु हुँदैन। त्यसकारण न्यायपालिकाप्रतिको जनआस्था र विश्वास जगेर्ना गर्नका लागि न्यायाधीशलाई स्वच्छन्द हुनबाट रोक्नका लागि न्यायाधीशउपरको अनुशासनसम्बन्धी कारबाही र बर्खासीसमेतका लागि संविधानले न्याय परिषद् जस्तो स्वतन्त्र निकायको व्यवस्था गरेको हो। तर अनुशासनसम्बन्धी वा बर्खासीको कारबाही गर्ने निकाय स्वयंले पनि न्यायिक मूल्य र मान्यतामा आधारित कारबाही प्रक्रिया अँगाल्नु पर्दछ। न्यायाधीशले आफ्नो ओहदाको कर्तव्य पालनाको सिलसिलामा सम्पादन गरेको न्याय निरूपणसम्बन्धी कार्य त्रुटिपूर्ण छ, छैन भन्ने कुरा पुनरावेदकीय अधिकार क्षेत्रको प्रयोगबाट हेरिने र बोलिने विषय हुन्। मुद्दाको रोहमा न्यायाधीशबाट हुने आदेश वा निर्णयका सम्बन्धमा अनुशासनसम्बन्धी कारबाही गर्नुभन्दा अगाडि संवेदनशील भई न्यायाधीशको स्वतन्त्रतासम्बन्धी स्थापित मान्यतातर्फ सचेत रही न्यायिक प्रक्रियाको पूर्ण पालनाका साथ अनुसन्धान गरी त्यस अनुसन्धानबाट प्राप्त प्रतिवेदनको औचित्यको पुष्टि तथ्यपरक ढङ्गबाट भएमा मात्र कारबाही अगाडि बढाइनु न्यायिक स्वतन्त्रताको लागि हितकर हुन्छ। वैयक्तिक मूल्याङ्कन वस्तुपरक नभई आत्मपरक हुने हुँदा वस्तुनिष्ठ आधार र प्रमाणबेगर न्याय परिषद्का पदाधिकारीहरूको वैयक्तिक मूल्याङ्कनको आधारमा न्यायाधीशको न्यायिक काम कारबाहीको मूल्याङ्कन गर्ने परिपाटीले न्याय सम्पादनको कार्य स्वतन्त्र रूपबाट सम्पादन गर्न दुरूह हुन जाने देखिन्छ।

१८. निवेदकउपर गरिएको कारबाहीद्वारा निवेदक के कति कारणले कसुरदार देखिनुका साथै निजले पेस गरेको स्पष्टीकरण किन सन्तोषजनक भएन सो कुरा निर्णय गर्ने अधिकारीले न्यायिक मनको प्रयोग गरी वस्तुगत प्रमाणको आधारमा मूल्याङ्कन गरेको देखिनु पर्दछ। न्यायाधीशलाई सेवाबाट पदमुक्त गर्नु भनेको गम्भीर सजाय हो। न्याय परिषद्ले कुनै न्यायाधीशलाई पदमुक्त गर्न सिफारिस गर्दा उचित र पर्याप्त कारण विद्यमान भएकै हुनुपर्दछ। न्यायाधीशको पदीय सुरक्षा निजको नैसर्गिक एवं संवैधानिक अधिकार पनि हो। त्यसकारण निवेदकलाई पदमुक्त गर्ने न्याय परिषद्को निर्णयमा उचित र पर्याप्त कारण तथा आधार रहेको कुरा निर्णयमा वस्तुगत रूपबाट देखिनु पर्दछ। कुनै सबुद प्रमाण नखुलाई वस्तुनिष्ठ कारण र आधारसमेत नदेखाई गरेको निर्णयलाई न्यायिक मन प्रयोग गरी निर्णय गरेको भन्न सकिने अवस्था रहँदैन।

१९. उपर्युक्त उल्लिखित एवं विवेचित कारण र आधारहरूबाट न्याय परिषद्ले निवेदकलाई पदमुक्त गर्ने निर्णय गर्दा लगाएको सम्पूर्ण आरोपहरूको सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (१०) को खण्ड (ग) तथा न्याय परिषद् ऐन,२०४७ को दफा ४क को उपदफा (२) को देहाय खण्ड (घ) मा उल्लेख भएबमोजिम सफाइको मौका पेस गर्न मुनासिब मौका प्रदान गरेको नदेखिएको र निवेदकका हकमा जाँचबुझ समितिले प्रस्तुत गरेको प्रतिवेदनको विपरीत निवेदकलाई पदमुक्त गर्ने भनी गरिएको निर्णयमा स्पष्ट कारण र आधार नखुलाइएबाट समेत निवेदकउपरको कारबाही र निर्णय स्वच्छ कारबाहीको सिद्धान्त (Doctrine of fair trail) प्रतिकूल र आत्मनिष्ठ भई प्रवृत्त

भावनाबाट प्रेरित भई निर्णय गरेको देखिन आयो। यसै सन्दर्भमा रिट निवेदक चित्रदेव जोशी विरूद्ध न्याय परिषद्समेत भएको (ने.का.प. २०६९, नि.नं. ८८५७, अंक ७, पृष्ठ ३८१) मुद्दामा ...*स्वच्छ कारबाहीको सिद्धान्त (Doctrine of fair trail) अन्तर्गत न्यायिक स्वच्छताका साथै प्रक्रियागत स्वच्छता (Procedural Fairness) पनि आवश्यक तत्त्व हुन्छ । अर्थात् कानूनबमोजिमको प्रक्रिया र कार्यविधि अवलम्बन गरेपछि मात्र प्रमाणको आधारमा कोही व्यक्ति दोषी हो, होइन भनी निर्णय गर्न सकिन्छ। विभागीय कारबाहीमा पनि यो सिद्धान्त लागू हुन्छ । यसको बेवास्ता वा उपेक्षा गर्न मिल्दैन...*भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। यो प्रतिपादित सिद्धान्तसमेतबाट संविधान, कानूनले तोकेको बाध्यात्मक प्रक्रिया अवलम्बन नगरी आरोपित न्यायाधीशलाई पदमुक्त गर्न मिल्ने देखिन आएन । आत्मनिष्ठ भई प्रवृत्त भावनाबाट प्रेरित भई गरेको निर्णयले संवैधानिक तथा कानूनी मान्यता प्राप्त गर्न सक्दैन र कानूनको शासन (Rule of Law) अनुरूप पनि हुँदैन । तसर्थ यी रिट निवेदकलाई तत्कालीन पुनरावेदन अदालतको न्यायाधीशको पदबाट मुक्त गर्न प्रधानन्यायाधीशसमक्ष सिफारिस गर्ने न्याय परिषद्को मिति २०६७।१२।२८ गतेको निर्णय तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०९ को उपधारा (१०) को देहाय (ग) र न्याय परिषद् ऐन, २०४७ को दफा ४क र ८ को कानूनी व्यवस्था एवं स्वच्छ सुनुवाइको सिद्धान्तसमेतको विपरीत भएको देखिँदा उक्त निर्णय र सोको आधारमा भएका सम्पूर्ण काम कारबाहीसमेत त्रुटिपूर्ण देखिन आयो।

२०. अब रिट निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने हो होइन भन्ने प्रश्नतर्फ विचार गर्दा न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (२) को खण्ड (घ) बमोजिम कार्य क्षमताको अभाव भनी निवेदकउपर जाँचबुझ समितिमार्फत जाँचबुझ गराई सोही विषयमा स्पष्टीकरण माग गरिएको न्याय परिषद् ऐन, २०४७ को दफा ४क को उपदफा (५) बमोजिम अभिलेख रहने गरी सचेत गराउने रायसहितको प्रतिवेदन पेस भएको छ । सोविपरीत आरोपित न्यायाधीशसँग स्पष्टीकरण सन्तोषजनक नभएको भन्दै कार्यक्षमता र इमान्दारिताको अभाव रहेको भन्ने आरोप लगाई न्यायाधीशको पदबाट मुक्त गर्ने गरी भएको न्याय परिषद्को मिति २०६७।१२।२८ गतेको निर्णय र सो निर्णयको आधारमा पदमुक्त गर्ने गरी रिट निवेदकलाई दिइएको सर्वोच्च अदालतको मिति २०६७।१२।२८ गतेको पत्रलगायतका सम्पूर्ण काम कारबाहीसमेत संवैधानिक एवं कानूनी व्यवस्थाका साथै उल्लिखित कानूनी सिद्धान्तसमेत विपरीत भई त्रुटिपूर्ण देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ।

रिट निवेदक तेजबहादुर कार्कीलाई सेवाबाट पदमुक्त गर्दाका बखत निज तत्कालीन पुनरावेदन अदालतको न्यायाधीश पदमा कार्यरत रहेकोले नेपालको संविधानअनुसार पुनरावेदन अदालत उच्च अदालतमा परिणत भएकोले निजको जेष्ठता पूर्ववत् रूपमा गणना हुने गरी अवकाश भएको मितिदेखि बहाल नभएसम्मको अवधिको हाल उच्च अदालतमा कार्यरत न्यायाधीशहरूले खाईपाई आएसरहको तलब भत्तालगायतका अन्य सेवा सुविधा उपलब्ध गरी गराई उच्च अदालतको न्यायाधीश पदमा बहाल गर्नु गराउनु भनी विपक्षीहरू न्याय परिषद्, न्याय परिषद् सचिवालय र सर्वोच्च अदालतसमेतको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ठहर्छ । न्याय परिषद्को मिति २०६७।१२।२८ गतेको निर्णय बदर भई निवेदकलाई साबिक पुनरावेदन अदालत हाल उच्च अदालतको न्यायाधीशको पदमा पूर्ववत् रूपमा बहाली गराउनु भनी तत्कालै संक्षिप्त पाठ जारी भइसकेको अवस्था छ। अतः प्रस्तुत आदेशको प्रतिलिपिसमेत साथै राखी

यो आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.मीरा खड्का

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम् ।

निर्णय नं. १०००७

प्रस्तुत मुद्दामा गोपनीयताको लागि पीडितको परिवारको सदस्यको नाममा .... राखिएको छ ।
- सम्पादक

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी
फैसला मिति : २०७४।९।२३
०७२-CR-०८५३

मुद्दाः जबरजस्ती करणी

पुनरावेदक / प्रतिवादी : कञ्चनपुर जिल्ला रौतेली विचवा गा.वि.स. वडा नं. ९ घर भई हाल जिल्ला कारागार कार्यालय कञ्चनपुर, महेन्द्रनगरमा रहेका दिपक रावल

विरूद्ध

प्रत्यर्थी / वादी : कमलादेवी खत्रीको जाहेरीले नेपाल सरकार

- **जबरजस्ती करणीको कार्य लुकीछिपी गरिने आपराधिक कार्य भएकाले त्यसमा प्रत्यक्षदर्शी साक्षी हुन सक्दैन । यस्तो अपराधमा पीडित महिलाको भनाइलाई अन्यथा नभएसम्म सर्वमान्य प्रमाणको रूपमा लिनुपर्दछ । अन्य वस्तुगत प्रमाणले पीडितको भनाइलाई गलत साबित नगराएसम्म त्यसलाई स्वीकार गर्नुपर्ने ।**
- **सात वर्षकी कुनै पनि नाबालिकाले जबरजस्ती करणी जस्तो गम्भीर आपराधिक कार्यका बारेमा पर्याप्त मात्रामा बुझिसकेको नहुनुका साथै त्यस्तो विषयका बारेमा बनावटी रूपबाट विविध कुरा भन्न सक्ने क्षमता र चेतनासमेतको विकास निज जस्तो बालिकामा भइसकेको हुँदैन । यस्तो अवस्थाका अवोध बालिकाले अदालतमा समेत उपस्थित भई गरेको बकपत्रबाट पीडितउपर नै सो आपराधिक कार्य भएको रहेछ भनेर अन्यथा प्रमाणित भएमा बाहेक विश्वास गर्नुपर्ने ।**

(प्रकरण नं.७)

- **सात वर्षकी पीडितको अन्य कारणले कन्याजाली च्यातिएको भन्ने तथ्य वस्तुनिष्ट रूपबाट पुष्टि नभएकाले निजउपर भएको जबरजस्ती करणी वारदातका स्वरूप र प्रकृतिका कारण नै निजको कन्याजाली च्यातिएको भन्ने अर्थ गर्नुपर्ने ।**

(प्रकरण नं.८)

पुनरावेदक / प्रतिवादीका तर्फबाट :

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

- ने.का.प. २०६५, अंक ५, नि.नं.७९६८

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

मानननीय न्यायाधीश श्री भोजराज अधिकारी

कञ्चनपुर जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री हरिप्रसाद बगाले

माननीय न्यायाधीश श्री रामेश्वरनाथ अमात्य

पुनरावेदन अदालत महेन्द्रनगर

फैसला

न्या.ओमप्रकाश मिश्र : पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२।४।१७ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम प्रतिवादीको तर्फबाट पुनरावेदन परी नियमानुसार पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छ :-

मिति २०६८।११।१३ गते म जाहेरवाली घाँस काट्न भनी जंगलमा गएका अवस्थामा घरमा स-साना केटाकेटी र वृद्ध सासु मात्र रहेका थिए। मेरी वर्ष ७ की छोरी परिवर्तित नाम "आर कुमारी" घाँस काट्न भनी नजिकैको गहुँ बारीमा गएकी रहेछ। सोही अवस्थामा प्रतिवादी दिपक रावल सो ठाउँमा गई छोरीको डोको लुकाई दिएको र पछि निज अन्यायीले तिम्रो डोको म खोजी दिन्छु भनी छोरीलाई फकाई गहुँबारीमा लगी छोरीको मुख हातले छोपी जबरजस्ती करणी गरेको हो भन्नेसमेत बेहोराको पीडितकी आमा कमलादेवी खत्रीको जाहेरी दरखास्त।

जिल्ला कञ्चनपुर रौतेली बिचवा गा.वि.स. वडा नं ९ स्थित बलबहादुर श्रेष्ठको गहुँबारी खेतको पूर्वमा नागु लुहारको जमिन, पश्चिम कमलादेवी खत्रीको जमिन उत्तर कुम्भराज खड्काको खेत दक्षिण शेरबहादुर विष्टको खेत यति चार किल्लाभित्र कञ्चनपुर रौतेली बिचवा ९ बस्ने बलबहादुर श्रेष्ठको गहुँबारी खेतमा पीडित "आर कुमारी" लाई मिति २०६८।११।१३ गते दिउँसो प्रतिवादी दिपक रावलले जबरजस्ती करणी गरिएको भनिएको घटनास्थल मुचुल्का।

उल्लिखित वारदातको दिन मैले लगाएको कट्टु मसँग नै छ। मैले लगाएको swagat fine drawer लेखेको कलेजी रंगको कट्टु उक्त मुद्दाको अनुसन्धानको प्रक्रियाको लागि परीक्षणका लागि मबाट प्रहरीले लिएको ठिक साँचो हो भन्ने बेहोराको प्रतिवादी दिपक रावलले कट्टु बुझाई गरी दिएको कागज।

कमलादेवी खत्रीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिपक रावल भएको जबरजस्ती करणी मुद्दामा अनुसन्धानको क्रममा निज पीडित "आर कुमारी" को शारीरिक परीक्षणपश्चात् निजले लगाएको लुगा परीक्षण गर्ने आदेशानुसार वारदातको समयमा लगाएको लुगा खरानी रंगको ट्राउजरसमेत प्रतिवेदनसाथ पेस गरेको महिला प्रहरी जवान कलावती जोशीको प्रतिवेदन।

मिति २०६८।११।१३ गते म आफ्नै खेतबारीमा घाँस काट्न गएकी थिएँ। सोही खेतको नजिक रहेको गन्ना बारीमा निज प्रतिवादी दिपक रावल राँगा चराउन गएको थियो। म घाँस काटिरहेको अवस्थामा निज प्रतिवादी दिपक रावलले मेरो डोको लुकाएको रहेछ म डोको खोजतलास गर्दै जाँदा निज प्रतिवादीले जबरजस्ती मलाई समाती गहुँबारीतर्फ लगी डोको यसरी समात्छन् भनी मलाई काखमा राखी मैले लगाएको ट्राउजर र कट्टु तल सारी आफ्नो पेन्टको चैन खोली आफ्नो लिङ्ग मेरो योनिमा राखी केहीबेर चलाई एकपटक भित्र छिराई मैले रोए कराएपश्चात् निजले बाहिर निकाली सोपश्चात् मलाई जमिन खेतबारीमा सुताइ आफू हात टेकेर मेरो माथि चढी आफ्नो लिङ्ग मेरो योनिभित्र छिराई मलाई रून कराउन नदिई मुख

च्यापी धेरै बेरसम्म जबरजस्ती करणी गरेको भन्ने पीडित "आर कुमारी" ले आफ्नो आमाको रोहबरमा गरी दिएको कागज।

वारदातस्थलबाट भागी फरार रहेको दिपक रावल भएको जबरजस्ती करणी मुद्दामा प्रतिवादी दिपक रावलको खोजतलास गर्दै जाँदा गाउँघरमा नै लुकीछिपी रहेको अवस्थामा फेला पारी पक्राउ गरी आवश्यक कारबाहीका लागी दाखिल गरेका छौं भन्ने प्र.ना.नि. नरेन्द्र भण्डारीसमेतको प्रतिवेदन।

मिति २०६८।११।११ गतेका दिन म गाउँकै दाजुको विवाहमा गई २ दिनसम्म सोही स्थानमा बसी मिति २०६८।११।१३ गते बिहान घरमा फर्की आइ घरनजिकै रहेको गन्नाबारीमा गई काटेको गन्ना एक ठाउँमा थुपार्ने काम गरी राखेको थिएँ। सोही स्थानमा मेरो आमालगायतका ७/८ जना गन्ना काट्ने तथा घाँस काट्ने काम गरी राखेका थिए । राँगा खेतमा नै बाँधी चराई राखेका थिए । दिउँसो अन्दाजी १३ बजेको समयमा आमालगायत गन्ना काट्ने महिलाहरू घरमा गएका हुन्, आमाले मलाई राँगाहरूलाई पानी खुवाई खेतमा बाँध्नु भनेबमोजिम मैले राँगाहरूलाई पानी खुवाउन सो स्थानबाट केही पर मामाको बारी नजिकै लैजाँदै गरेको अवस्थामा मामाको खेतबारीमा जाहेरवालीकी छोरी पीडित "आर कुमारी" समेत दुई जना नाबालिका घाँस काटिरहेका देखी मैले किन घाँस काट्दै छौ, त्यही आएर पिट्छु भनी भन्दा निजहरूले साथमा ल्याएको घाँस काट्ने डोको सोही खेतबारीमा छोडी रूँदै कराउँदै आ-आफ्नो घरतर्फ गएका हुन, मैले राँगालाई पानी खुवाइ पुनः आफ्नै खेतबारीमा लगी बाँधी केही समय सोही स्थानमा पल्टेको हुँ । सोपश्चात् अन्दाजी दुइ तीन बजेको समयमा आमा खाना खाई खेतबारीमा आएपछि मैले आमालाई गन्ना लैजान टेक्टर खोज्न जान्छु भनी हाम्रै वडाको पारी झिलमिला भन्ने स्थानमा गई मैले २/३ ठाउँमा टेक्टरबारे सोधपुछ गरी पुनः फिर्ता भइ हाम्रै गाउँ टोल नजिक केही समय फुटबल खेली ऐ. बेलुकी १७.०० बजेको समयमा घरमा आउँदा आमासमेतले घटनाको बारेमा मलाई सोधपुछ गरेका हुन् । सोपश्चात मैले उक्त कार्य गरेको छैन भनी जाहेरवालीको घरमा जाँदा पीडितको आमाले पीडितलाई पिट्दै मलाई गाली गर्दै थिई, मैले किन मलाई नभएको आरोप लगाउँदैछौ मैले उक्त अपराध गरेको छैन, सो घटनाबारे मलाई थाहा छैन भनेको थिए। जबरजस्ती करणीको अपराध गरेको होइन भन्नेसमेत बेहोराको प्रतिवादी दिपक रावलको अनुसन्धान अधिकारीसमक्ष भएको बयान।

वारदातको समयमा म कामको खोजीका सिलसिलामा भारतको दिल्लीमा थिएँ, जाहेरवाली .... मेरो श्रीमती हो, पीडित "आर कुमारी" मेरी छोरी हो, प्रतिवादी दिपक रावलले पीडितलाई डोको लुकाई खोज्ने भनी जबरजस्ती करणी गरेको कुरा मलाई मेरी श्रीमतीले फोन गरी जानकारी गराएर थाहा पाएको हुँ भन्नेसमेत बेहोराको पीडितका बुबा .... को कागज।

मिति २०६८।११।१३ गतेका दिन म विद्यालय गएकी थिएँ, विद्यालयबाट इन्टरभल अं. १३:०० बजेको समयमा घर आउन लागेको अवस्थामा पीडित "आर कुमारी" लाई रोई कराई घरतर्फ जान लागेकी देखी मैले के भयो किन रोएकी भनी सोधपुछ गर्दा प्रतिवादी दिपक रावलले मेरो घाँस काट्ने डोको लुकाई मलाई समाती गहुँबारीमा पल्टाई मेरो सुरुवाल ट्राउजर खोली आफ्नो पेन्टको चैन खोली उत्तेजित भएको लिङ्ग मेरो गुप्ताङ्ग योनिमा राखी करणी गरेको हो भनी भन्दा सुनी थाहा पाएकी हुँ भन्नेसमेत बेहोराको कमला कुमारी खत्रीको कागज।

वारदातको मिति र समयमा म आफ्नै घरमा थिएँ, घटनाको बारेमा मैले सुनी थाहा पाएको हुँ। पीडित "आर कुमारी" लाई घटनाबारेमा सोधपुछ गर्दा प्रतिवादी दिपक रावलले खेतबारीमा घाँस काट्न गएको अवस्थामा जबरजस्ती समाती शरीरका लुगा

कपडा खोली आफ्नोसमेत पेन्ट खोली शरीरमाथि चढी जबरजस्ती करणी गरेको हो भनी भन्दा थाहा पाएको हुँ। पीडितको अनुहारमा चोटपटकसमेत लागेको थियो भन्नेसमेत बेहोराको नारायण उपाध्यायको कागज।

वारदात मिति र समयमा म आफ्नो घरमा थिएँ, पीडित "आर कुमारी", जाहेरवाली र प्रतिवादीलाई म चिन्दछु, प्रतिवादी दिपक रावलले पीडितलाई घाँस काट्न गएकी अवस्थामा जबरजस्ती समाती खेतमा पल्टाई सुताई पीडितको शरीरमा लगाएको लुगा कपडा फुकाली आफ्नोसमेत पेन्ट खोली शरीर माथि चढी जबरजस्ती करणी गरेको भनी भन्दा सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको भानबहादुर खड्का, देवीलाल थापा र शेरबहादुर रोकायाले गरी दिएको करिब एकै मिलानको वस्तुस्थिति मुचुल्का।

प्रतिवादी दिपक रावलको कलेजी रंगको कट्टु १, पीडितको खरानी रंगको ट्राउजर १ पीडितको शरीरबाट निकालिएको रगत र प्रतिवादी दिपक रावलको शरीरबाट निकालिएको रगतसमेत परीक्षणको लागि केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाइएको भन्ने मिति २०६८।१२।९ को जिल्ला प्रहरी कार्यालय कञ्चनपुरको पत्र।

मिसिल संलग्न हुन आएका किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादीको बयान, पीडित एवं बुझिएका मानिसहरूले तथा वस्तुस्थिति मुचुल्काका मानिसहरूले लेखाई दिएकोसमेतका आधार प्रमाणहरूबाट मिति २०६८।११।१३ गतेको दिउँसो आफ्नो घरदेखि अन्दाजी ५०० मिटर टाढा रहेको गहुँबारीमा घाँस काट्न गएकी वर्ष ७ कि "आर कुमारी" लाई सोही गहुँबारी नजिकै रहेको गन्ना बारीमा राँगा चराई रहेको प्रतिवादी दिपक रावलले पीडितको डोको लुकाई पुनः आफैँ खोजी दिन्छु भन्दै गहुँबारीभित्र लगी काखमा राखी जबरजस्ती करणी गरेको भन्ने पुष्टि हुन आएकाले निज प्रतिवादी दिपक रावलको उक्त कार्य मुलुकी ऐन जबरजस्ती करणीका महलको १ र ३ नं बमोजिम कसुर अपराध गरेको पुष्टि भएकोले निज प्रतिवादी दिपक रावललाई सोही महलको ३ नं. को देहाय १ नं. बमोजिम सजाय हुन र पीडित परिवर्तित नाम "आर कुमारी" लाई सोही महलको १० नं. बमोजिम मनासिब क्षतिपूर्तिसमेत प्रतिवादी दिपक रावलबाट भराइ दिनु हुनसमेत मागदाबी लिइएको छ भन्नेसमेत बेहोराको अभियोग पत्र।

जाहेरीसमेतको सम्पूर्ण बेहोरा झुट्टा हो। सो दिन पीडित र अर्की वर्ष ८ की ममता सुनार मेरो मामाको बारीमा घाँस काटी रहेका थिए, किन मामाको बारीमा घाँस काट्दै छौ भनी मैले दुवैलाई लाठीले हल्का चोट हान्न खोज्दा ममता भागीहालिन्, पीडितलाइ एक चोट हानेको थिए निज रोइ कराइ गरी भागेकी हुन्, सोही विषयमा पीडितकी आमाले निहुँ खोजी निज पीडितलाई सिकाई झुट्टा बेहोरा लेखाउन लगाएकी हुन्, मैले निजलाई जबरजस्ती करणी गरेको होइन भन्नेसमेत बेहोराको प्रतिवादी दिपक रावलले सुरू अदालतमा गरेको बयान।

पीडितकी बज्यैले प्रतिवादी दिपक रावलले परिवर्तित नाम "आर कुमारी" लाई स्वास्नी बनाएछ भन्यो मैले पनि पीडितको आँखानेर कोरिएको पीडितको सुरूवाल च्यातिएको, पेट र तिघ्रामा खोस्रेको जस्तो देखेको हुँ, पीडितलाई प्रतिवादी दिपक रावलले जबरजस्ती करणी गरेको भन्ने कुरा सुनी थाहा पाएको हुँ भन्ने वस्तुस्थिति मुचुल्का गर्ने शेरबहादुर रोकायाको अदालतमा भएको बकपत्र।

जाहेरवाला र प्रतिवादीका बीचमा जग्गा सम्बन्धमा विवाद थियो त्यही रिसइवीले झुट्टा जाहेरी गरेको हो जबरजस्ती करणी गरेको निजको शरीरमा कुनै लक्षण थिएन भन्ने प्रतिवादीका साक्षी अम्मरबहादुर रोकायाले अदालतमा गरेको बकपत्र।

प्रतिवादीको बाबु र जाहेरवाला पक्षबीच पैसाको लेनदेन र जग्गा विषयमा विवाद थियो, सोही

रिसइवी साँध्न तथा प्रतिवादीको पैसा पचाई खाने नियतले झुट्टा जाहेरी दिएका हुन् प्रतिवादी निर्दोष हुँदा आरोपित कसुरबाट सफाइ पाउनु पर्छ भन्ने प्रतिवादीका साक्षी गोला देवी रोकायाको बकपत्र।

छोरीको योनि पनि मैले हेरेको थिएँ। योनि सुन्निएको च्यातिएको थियो, छोरीको उपचार पनि गरेकी थिएँ, निज प्रतिवादी दिपक रावलले जबरजस्ती करणी गरेको हो भन्ने पीडितकी आमा .... को बकपत्र।

प्रतिवादीसँग खेतमा भेट हुँदा पहिला प्रतिवादीले मेरो डोको लुकाई दियो, डोको खोज्दा प्रतिवादीले मेरो हात समात्यो मुख च्याप्यो, म रून लागेँ मेरो कट्टु खोल्यो र करणी गर्‍यो, निजले करणी गर्दा गन्दा पानी फालेको थियो भन्ने पीडित परिवर्तित नाम "आर कुमारी" ले गरेको बकपत्र।

सो घटना घटेको साँझ ६ बजेको समयमा म पसलमा आएको थिएँ। दिपक रावलले केटीलाई जबरजस्ती करणी गर्‍यो भनी मानिसहरू प्रहरी चौकीमा गएका थिए, प्रहरी चौकीमा म पनि गएँ सोधपुछ गर्दा दिपकले जबरजस्ती करणी गर्‍यो भनी केटीबाट सुनी थाहा पाएको हुँ भन्ने वस्तुस्थिति मुचुल्का गर्ने मानबहादुर खड्काको बकपत्र।

उक्त वारदात मितिमा म आफ्नै गाउँघरमा थिएँ। घटना घटेको कुरा बेलुका थाहा पाएको थिएँ, त्यहाँ हल्ला भई झगडा भयो। नाबालक केटीलाई दिपक रावलले बलात्कार गर्‍यो भन्ने कुरा घरमा सुनेको हुँ। मेरो भाइ टिकाराम उपाध्यायले उक्त कुरा भनेकोले थाहा पाएको हुँ। केटीलाई तेस्रो दिन देखेको थिएँ भन्ने मौकामा कागज गर्ने नारायण उपाध्यायको बकपत्र।

वारदातको दिन म भारत दिल्लीमा थिएँ, सोही दिनको बेलुका श्रीमतीले छोरी घाँस काट्न गएको अवस्थामा एक्लै भएको मौका छोपी दिपक रावलले जबरजस्ती करणी गरेको छ भनी खबर गरेकाले सोही बेलुका दिल्लीबाट घर आएको र ऐ. १४ गते बिहान जिल्ला प्रहरी कार्यालयमा पुगेको थिएँ भन्ने पीडितका बुबा मौकामा कागज गर्ने ....ले सुरू अदालतमा गरेको बकपत्र।

पीडित "आर कुमारी" को हाइमन च्यातिएको देखिएको थियो, तर रगत बगेको देखिएको थिएन बायाँ गालामा निलडाम भएको पाइएको थियो, अरू केही थिएन भन्ने विशेषज्ञ डा. राम बिहारी चौधरीको बकपत्र।

उक्त मितिमा भएको मुचुल्कामा भएको सहिछाप मेरै हो। सनाखत गरी दिएँ। उक्त मुचुल्कामा के लेखेको थियो मलाई थाहा भएन, प्रहरीले मलाई पढीबाची सुनाएको थिएन भनी मौकामा कागज गर्ने कमलाकुमारी खत्रीले सुरू अदालतमा गरिदिएको बकपत्र।

यसमा किटानी जाहेरी दरखास्त, जाहेरवाली (पीडितकी आमा) ....समेतका वादी पक्षका गवाहहरूको अनुसन्धानक्रममा र अदालतसमक्ष गरेको बकपत्र, पीडितको स्वास्थ्य परीक्षण गर्ने डा. राम बिहारी चौधरीको बकपत्र, महाकाली अञ्चल अस्पतालको केस रजिस्टरमा पीडितको Hymen Tear भनी उल्लेख भएको, पीडितले अनुसन्धानको क्रममा तथा अदालतसमक्ष गरिदिएको बकपत्रसमेतका आधार प्रमाणहरूबाट प्रतिवादीले आरोपित कसुर गरेको प्रमाणित भइरहेको देखिएको हुँदा प्रतिवादीको इन्कारी बयानलाई मात्र आधार मानी प्रतिवादीलाई निर्दोष करार गर्न सकिएन। तसर्थ, प्रतिवादी दिपक रावललाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणीको महलको १ र ३ नं. बमोजिमको कसुरमा ऐ. को ३(१) नं. बमोजिम १० वर्ष कैद हुने र पीडितलाई प्रतिवादीबाट जबरजस्ती करणीको १० नं. बमोजिम रू. ५०,०००।- क्षतिपूर्ति भराई दिनेसमेत ठहर्छ भन्नेसमेत बेहोराको सुरू कञ्चनपुर जिल्ला अदालतको मिति २०७१।१०।४ को फैसला।

मैले जबरजस्ती करणीको कसुर गरेको होइन

भनी मौकामा र अदालतसमक्ष बयान गर्दा पूर्ण इन्कार रही बयान गरेको छु र मेरा साक्षीले समेत सो बेहोरालाई समर्थन गरी बकपत्र गरिदिएका छन् । मेरो मामाको गहुँबारीमा पीडित र ममता सुनार घाँस काटी रहेकोमा ममता सुनार भागी हालिन्, पीडितलाई हल्का एक चोट हानेको हुँ । यो नै यथार्थ हो । घटनास्थल मुचुल्कामा घटनास्थलमा गहुँ भाँचिएको, ढलेको मडारिएको केही देखिएको छैन । तथाकथित घटनाका विषयमा सर्वप्रथम आफ्नी फुपू ....लाई बताएको भनी पीडितले मौकामा कागज गरेकोमा मौकामा निज ....ले गरेको कागज प्रहरीले आफैँ लेखेको हो भनी बकपत्र गरी दिएपछि प्रमाण ऐन, २०३१ को दफा १८ को व्यवस्थाबमोजिम अदालतसमक्षको कथन अमान्य र अदालतबाहिरको कथन मान्य हुने होइन। कुनै पनि फौजदारी कसुरलाई शंकारहित तवरले पुष्टि गर्नुपर्ने दायित्व अभियोजन पक्षको हो । संकलित प्रमाणबाट कसैउपरको अभियोग पुष्टि हुने अर्थात् त्यस्तो अभियोग शंकारहित देखिँदैन भने अदालतले वादी वा अभियोजन पक्षको हैसियत ग्रहण गरी विनाआधार कसैलाई दोषी ठहर गर्न मिल्दैन (ने.का.प. २०६९ अंक २ पृष्ट १७१ नि.नं.८७६४ यज्ञबहादुर थापा विरूद्ध नेपाल सरकार) । पीडित वर्ष ७ कि नाबालिकालाई जबरजस्ती करणी गर्दा निजको योनि वा कन्याजाली फाट्ने स्वभाविक कुरा हो । त्यसरी कन्याजाली फाट्दा क्षतविक्षत हुनुपर्ने हो । जबरजस्ती करणीबाट कन्याजाली फाटेको भए जबरजस्ती करणी भएको १/२ दिनभित्र जाँचिएको खण्डमा गुप्तांगमा Hyman Rapture भएको ठाउँबाट रगत आउने, दुख्ने, सुन्निने, सो वरपर रक्ताम्य देखिने लक्षण भेटिनुपर्ने हुन्छ भनी Modi's medical Jurisprudence को २१ औं संस्करणको पृष्ठ ३७५ मा उल्लेख छ । तर प्रस्तुत मुद्दामा R कुमारीको स्थिति सो थिएन भनी पीडितको स्वास्थ्य जाँच गर्ने डाक्टरको बकपत्रबाट देखिई रहेकोले पनि बनावटी वारदात खडा गरेको प्रस्टै छ । R कुमारीको गुप्ताङ्गमा कन्याजाली च्यातिएको भए निजको जीउमा हुन गएको पीडा निको पार्न वा सो घाउ (Tear) लाई निको पार्न कुनै औषधी उपचार पनि त्यहाँ भएको हुनुपर्ने हो, सो गरेको भन्ने निजको शारीरिक जाँच गर्ने डाक्टरको बकपत्र तथा जाहेरवालालगायत कथित पीडितले त्यस्तो आधार प्रमाण देखाउन सकेको छैन । पीडितलाई जाँच गरेको रजिस्टरमा औषधी उपचारको विवरण तथा सुझावसमेत दिएको भन्ने कहिँकतै नभएबाट R कुमारीलाई वारदात मितिमा जबरजस्ती करणी गरेकोले कन्याजालीमा Tear भएको भन्ने ठाउँ छैन । R कुमारीको बकपत्रसमेतबाट धेरैबेरसम्म करणी गरी वीर्यसमेत स्खलन भएको भन्ने छ । निजको र मेरो तल्लो अंगमा लगाएका लुगा तत्काल परीक्षणका लागि कब्जा गरी परीक्षण गराएको छ । कहिँकतैबाट वीर्य वा जनेन्द्रियबाट निस्कने पदार्थ (Fluid) नभेटिएपछि निजको कथन तथा सोको आधारमा लगाएको आरोप मिथ्या साबित भएको छ । यसर्थ, उपर्युक्त पुनरावेदन जिकिरअनुसार सुरू अदालतको फैसला बदर गरी आरोपित कसुरबाट सफाइ दिलाई न्याय पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी दिपक रावलको पुनरावेदन अदालत महेन्द्रनगरमा परेको पुनरावेदन पत्र ।

यसमा पीडितको च्यातिएको कन्याजाली (Hymen tear) पुरानो हो वा आलो हो भन्ने विषयमा विवेचना नगरी सुरू जिल्ला अदालतले गरेको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्नसक्ने देखिँदा मुलुकी ऐन अ.बं. २०२ नं तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ पुनरावेदन सरकारी वकिल कार्यालय महेन्द्रनगरलाई जनाउ दिई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत महेन्द्रनगरको आदेश ।

सुरू कञ्चनपुर जिल्ला अदालतबाट प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद हुने र निज प्रतिवादीबाट

पीडित नाबालिकालाई सोही महलको १० नं. बमोजिम रू. ५०,०००।- क्षतिपूर्ति भराइदिने ठहर गरी मिति २०७१।१०।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने बेहोराको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२।४।१७ को फैसला।

पीडित भनिएकी आर कुमारीको आरोप पत्रसाथ प्रस्तुत स्वास्थ्य परीक्षण रिपोर्टमा हाइमन च्यातिएको रगत बगेको भन्ने उल्लेख छैन। अभियोग पत्रमा पनि हाइमन च्यातिएको रगत बगेको भन्ने तथ्य किटान छैन। निजको स्वास्थ्य परीक्षण गर्ने भनिएका डा. रामबिहारी चौधरीले अदालतमा बकपत्र गर्दा हाइमन अन्य कारणले समेत च्यातिन सक्छ भन्ने विवादास्पद बकपत्र गरेको छ। निजले मौकामा परीक्षण गर्दा हाइमन च्यातिएको पाइएमा वा तत्काल रजिस्टरमा सो बेहोरा अभिलेखिकरण गरेको भए मुलुकी ऐन अ.बं. ७७ नं. बमोजिम सो कुरा आरोप पत्रसाथ आउनु पर्थ्यो। तर त्यस्तो भएको, हुनसकेको अवस्था छैन। अभियोग दायर हुँदाका बखत प्रेषित मेडिकल रिपोर्टमा योनिबाट रगत बगेको भन्ने छैन। पीडित भनिएकी आर कुमारीले वारदात हुँदाका बखत लगाएको कपडाहरूमा रगत, सिमन आदि रहेको छ, छैन भन्ने सम्बन्धमा निज आर कुमारी तथा मेरो कपडाहरूको केन्द्रीय विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाउँदा सो परीक्षण जाँच रिपोर्टमा त्यस्तो कुनै लक्षण नपाइएको भन्ने बेहोराको परीक्षण जाँच रिपोर्टले यसको संपुष्टि गरेको छ र डा. रामबिहारी चौधरीको अदालतसमक्षको बकपत्र सो आधारमा प्रमाणयोग्य छैन। निजको बकपत्र र अदालतमा प्रस्तुत भनिएको जाँच अभिलेख अविश्वसनीय विरोधाभाषयुक्त छ। फौजदारी मुद्दामा कसुर प्रमाणित हुने यथेष्ठ वस्तुनिष्ठ ठोस प्रमाण हुनुपर्दछ, हचुवा विवादास्पद प्रमाणको आधारमा प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्दैन भन्ने आधारमा हेर्दा फौजदारी न्यायको सिद्धान्त उल्लङ्घन भएको पुनरावेदन अदालतको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ५४ को प्रत्यक्ष त्रुटि विद्यमान छ।

जाहेरवाली .... प्रत्यक्षदर्शी होइनन्। सुनेको भन्ने आधारमा जाहेरी दिएको भन्ने तथ्य निजको जाहेरी बेहोराबाट उजागर छ। अदालतसमक्ष बकपत्र गर्दा सुनेको भरमा जाहेरी गरेको तथ्य स्वीकार गरिएको र परस्पर मेल नखाने विसंगतियुक्त अवस्थाको छ। निजको जाहेरी बेहोरा अदालतसमक्षको बकपत्र तथा पीडित भनिएकी आर कुमारी, निजको बाबु .... को कागज र अदालतसमक्षको बकपत्र, ... मौकामा कागज गर्ने कमलादेवी खत्री वस्तुस्थितिको शेरबहादुर रोकाया तथा बुझिएकाहरूको अदालतसमक्ष गरेको बकपत्र आपसी विरोधाभाषपूर्ण प्रमाणयोग्य छैन। प्रत्यक्ष एवं ठोस प्रमाणको अभावमा फौजदारी कसुरमा मलाई कसुरदार ठहर गरेको पुनरावेदन अदालतको फैसला फौजदारी न्यायको मान्य सिद्धान्त प्रतिकूल छ।

कागज गर्ने भनिएका तेजबहादुर खत्री, नारायण उपाध्याय, मानबहादुर खड्का, वस्तुस्थिति मुचुल्काका शेरबहादुर रोकायासमेतका मानिस प्रत्यक्षदर्शी होइनन्। निजहरूले सुनी थाहा पाएको भनी आफ्नो बकपत्र बेहोरा उल्लेखन गरेका छन्। फौजदारी मुद्दामा सुनेको कुरा प्रमाणग्राह्य नहुने अर्थात् "Hearsay evidence is no evidence" भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तको आधारमा प्रमाणग्राह्य नहुँदा निजहरूको भनाइ प्रमाणमा ग्रहण गरी मलाई कसुरदार ठहर गरेको पुनरावेदन अदालतको फैसला न्यायसङ्गत नहुँदा बदर गरी सफाइ दिलाई पाऊँ।

जाहेरवाला, अनुसन्धानमा कागज गर्ने मानिसको भनाइ, केन्द्रीय विधि विज्ञान प्रयोगशालाको परीक्षण रिपोर्ट, चिकित्सकको विवादास्पद बकपत्रलगायतका मिसिल संलग्न कागजहरू एक अर्कामा मेल नखाएको प्रमाण ग्रहणयोग्य नभई शंकाको

स्थिति विद्यमान रहेको र अवलम्बित नजिरको तथ्य यस विवादित तथ्यसँग मेल नखानेसमेतको परिप्रेक्ष्यमा उपयुक्त अन्तर्विरोधपूर्ण कागजहरूका आधारमा मलाई कसुरदार ठहर गरेको पुनरावेदन अदालतको फैसलामा प्रमाणको मूल्याङ्कनसम्बन्धी त्रुटि विद्यमान हुँदा स्वतः बदरभागी छ । अतः म पुनरावेदकको इन्कारी बयान त्यसलाई पुष्ट्याइं गर्ने साक्षी प्रमाण, जन्मदर्ता प्रमाण पत्रलगायतका प्रमाणको न्यायोचित रूपमा मूल्याङ्कन नगरी एवं तिनलाई प्रमाणमा ग्रहण नगरी हचुवा विवादास्पद प्रमाणहरूलाई ग्रहण गरी आत्मनिष्ठ दृष्टिकोणमा निहित भई विवादास्पद प्रमाणको आधारमा मलाई मुलुकी ऐन जबरजस्ती करणीको १ र ३ को कसुरमा ऐ. ३(१) बमोजिम १० वर्ष कैद र ऐ. १० नं. बमोजिम रू. ५०,०००।- क्षतिपूर्ति भराइदिने गरी कसुरदार ठहर गरी मिति २०७१।१०।४ मा कञ्चनपुर जिल्ला अदालतले गरेको फैसलालाई सदर हुने ठहऱ्याएको मिति २०७२।४।१७ को पुनरावेदन अदालत महेन्द्रनगरको फैसला फौजदारी न्यायको मान्य सिद्धान्त, मुलुकी ऐन अ.बं. ७७, ११५, १८४, १८४क, १८५, १८६ र प्रमाण ऐन, २०३१ को दफा ३, २५, २७, ३७(२), ५४ समेतको आधारमा त्रुटिपूर्ण हुँदा सो त्रुटिपूर्ण फैसला बदर गरी आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भन्ने बेहोराको प्रतिवादी दिपक रावलको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।

उल्लिखित बेहोरा भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाण कागजात अध्ययन गरी हेर्दा पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०७२।४।१७ मा भएको फैसला मिले, नमिलेको सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णय सम्बन्धमा विचार गर्दा यी पुनरावेदक / प्रतिवादीले वर्ष ७ कि नाबालिकालाई जबरजस्ती करणी गरेको भन्ने किटानी जाहेरी परी उठान भएको प्रस्तुत मुद्दामा अनुसन्धान भई निजउपर मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. र ३(१) नं. बमोजिमको कसुरमा सोही महलको ३(१) नं. बमोजिम सजाय हुन एवं ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई उचित क्षतिपूर्ति भराई दिन मागसहित सुरू कञ्चनपुर जिल्ला अदालतमा अभियोग दायर भएकोमा सुरू अदालतबाट निज प्रतिवादीलाई अभियोग दाबीबमोजिमकै कसुरमा ऐ. महलको ३(१) नं. बमोजिम १० वर्ष कैद तथा पीडितलाई निज प्रतिवादीबाट क्षतिपूर्ति स्वरूप रू. ५०,०००।- (पचास हजार) भराई दिने ठहर गरी मिति २०७१।१०।४ मा भएको फैसलाउपर यी पुनरावेदक प्रतिवादीको पुनरावेदन अदालत महेन्द्रनगरमा पुनरावेदन परेकोमा सो पुनरावेदन अदालतले समेत सुरू जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर हुने ठहऱ्याई मिति २०७२।४।१७ मा फैसला गरेकोमा चित्त नबुझाई मिसिल संलग्न प्रमाण कागजातको यथोचित मूल्याङ्कन नगरी, सही प्रमाणलाई प्रमाणमा ग्रहण नगरी एवं सुनेका कुरा भनी जाहेरवाला र साक्षीहरूले भनेका हचुवा कुरालाई मात्र प्रमाणमा ग्रहण गरी मलाई दोषी ठहर गर्ने गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२।४।१७ को फैसला प्रमाणको विश्लेषण र मूल्याङ्कनको आधारमा त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्ने बेहोरा उल्लेख गरी प्रतिवादी दिपक रावलको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको देखिन्छ।

३. यसमा यी पुनरावेदक / प्रतिवादीउपर मिति २०६८।११।१३ गते घाँस काट्न गएकी वर्ष ७ की नाबालिका छोरीलाई दिउँसो अं. १ बजेको समयमा प्रतिवादी दिपक रावलले छोरीले बोकेको डोको लुकाई गहुँबारीमा लगी छोरीको कपडा खोली जबरजस्ती करणी गरेको र सो कुरा छोरीले रूँदै भनेकीले छोरीको स्वास्थ्य परीक्षण गराई निज दिपक रावललाई जबरजस्ती करणीको कसुरमा कारबाही गरिपाउँ भनी पीडितको आमा ....ले मौकामा दिएको किटानी जाहेरी दिएको र सो जाहेरीलाई

समर्थन हुने गरी अदालतमा उपस्थित भई किटानी बकपत्र गरिदिएको अवस्थासमेत विद्यमान देखिन्छ।

४. त्यसैगरी घाँस काटिरहेको अवस्थामा यी पुनरावेदक / प्रतिवादीले डोको लुकाइदिएका हुँदा डोको खोज्न जाँदा निजले मलाई जबरजस्ती समाती गहुँबारीमा लगी आफ्नो काखमा राखी मेरो ट्राउजर कट्टु तल सारी आफ्नो पाइन्टको चैन खोली निजको लिङ्ग मेरो योनिमा राखी केहिबेर चलाई भित्र छिराउँदा म रोएपश्चात् मेरो योनिबाट लिङ्ग बाहिर निकालेका र त्यसपछि मलाई जमिनमा सुताई आफू हात टेकेर ममाथि चढी रून कराउन नदिई मेरो मुख च्यापी निजको लिङ्ग मेरो योनिमा छिराई तलमाथि गरिरहेको अवस्थामा निजको चरिरहेको राँगा गहुँबारीमा गई गहुँ खान लागेकोले मलाई छाडी राँगा धपाउन गएका हुन् निज राँगा धपाउन गएपछि म डोको लिई रूँदै घर गएको हुँ भनी यी प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको घटनाक्रम बताई पीडितले मौकामा, अनुसन्धान क्रममा किटानी कागज गरिदिएको र अदालतमा बकपत्र गर्दासमेत सोही घटनाक्रमअनुसार प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेका र करणी गर्दा योनिबाट रगत नआए तापनि पीडा भएको थियो, निजले करणी गर्दा मुखमा कोतरेको र निजले वीर्य योनिमा नफाली बाहिर फालेको भनी मौकाको कागजलाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ।

५. त्यसैगरी मौकामा अनुसन्धानको क्रममा वस्तुस्थिति मुचुल्काको कागज गर्नेहरूमध्येका शेरबहादुर रोकायाले अदालतमा उपस्थित भई बकपत्र गर्दा वारदातको दिन दिउँसो मेरो घरपछाडिको बाटो हुँदै पीडित आर कुमारी र निजको बजै रूँदै प्रतिवादीलाई गाली गर्दै आइरहेको देखी के भएको भनी सोध्दा घाँस काट्न गएकी पीडितलाई प्रतिवादीले स्वास्नी बनाएछ भनी बजैले भनेकी थिइन्, पीडितको आँखानिर कोतरिएको घाउ लागेको, निजको सुरूवाल च्यातिएको जस्तो, पेट र तिघ्रामा खोस्रे जस्तो सक्रा र माटो लागेको देखेको हुँ, प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको भनी पीडितले भनेकीले जबरजस्ती करणी गरेकोमा विश्वास लाग्छ भनी मौकामा कागज गरिदिएको हुँ भनी बकपत्र गरेका छन् भने घाँस काट्न गएको खेतमा प्रतिवादीले जबरजस्ती करणी गरेको भनी पीडितले भनेकी र निजको गालामा कोतरिएको देखेको हुँदा मौकामा जबरजस्ती करणी गरेकोमा विश्वास लाग्छ भनी वस्तुस्थिति मुचुल्काको कागज गरिदिएको हुँ भनी भानबहादुर खड्काले अदालतमा बकपत्र गरिदिएको देखिन्छ । वादी पक्षका अर्का साक्षी नारायण उपाध्यायले पीडितले मलाई म घाँस काटिरहेको खेतमा गई मेरो डोको फाली जबरजस्ती करणी गरी सेतो पानी फाल्यो र दुखाई भइरहेको छ भनी भनेकी हुँदा मौकामा जबरजस्ती करणी गरेको विश्वास लाग्छ भनी घटना विवरणको कागज गरिदिएको हुँ भनी अदालतमा बकपत्र गरेको देखिन्छ।

६. वारदात घटेको दिनको साँझमा म भारतमा भएको अवस्थामा श्रीमतीले फोन गरी प्रतिवादीले छोरीलाई करणी गरेछ, तुरून्त घर आउनु भनी फोन गरेकीले घरमा आएको हुँ, घाँस काट्न गएकी छोरीलाई प्रतिवादीले जबरजस्ती करणी गरेको कुरा पीडित छोरीले म घर आएपछि भनेकी थिइन् भनी घटना विवरणको कागज गर्ने पीडितको बाबु ....ले पनि अदालतमा बकपत्र गरेको स्थिति छ । त्यसैगरी घटना विवरणको कागज गर्ने कमलाकुमारी खत्रीले अदालतमा उपस्थित भई बकपत्र गर्दा वारदातको दिन दिउँसो विद्यालयको इन्टरवलको समयमा म घर जान लाग्दा पीडित रोइरहेको देखी के भएको भनी सोध्दा घाँस काट्न जाँदा प्रतिवादीले गहुँबारीमा लगी जबरजस्ती करणी गरेको भनेकीले मैले निजको आमालाई सोही कुरा भनिदिएको र निजको आमा प्रहरीमा जान्छु भनी गएकी हुन्, प्रहरीमा गरेको कागजको सहिछाप मेरो हो सनाखत गरिदियाँ भनी बकपत्र गरेको अवस्था छ।

७. जबरजस्ती करणीको कार्य लुकीछिपी

गरिने आपराधिक कार्य भएकाले त्यसमा प्रत्यक्षदर्शी साक्षी हुन सक्दैन । यस्तो अपराधमा पीडित महिलाको भनाइलाई अन्यथा नभएसम्म सर्वमान्य प्रमाणको रूपमा लिनुपर्दछ । अन्य वस्तुगत प्रमाणले पीडितको भनाइलाई गलत साबित नगराएसम्म त्यसलाई स्वीकार गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा पीडित, ७ वर्षकी नाबालिका भन्ने देखिन्छ । ७ वर्षकी कुनै पनि नाबालिकाले जबरजस्ती करणी जस्तो गम्भीर आपराधिक कार्यका बारेमा पर्याप्त मात्रामा बुझिसकेको नहुनुका साथै त्यस्तो विषयका बारेमा बनावटी रूपबाट विविध कुरा भन्न सक्ने क्षमता र चेतनासमेतको विकास निज जस्तो बालिकामा भइसकेको हुँदैन । यस्तो अवस्थाका अवोध बालिकाले अदालतमा समेत उपस्थित भई गरेको उल्लिखित बेहोराको बकपत्रबाट पीडितउपर नै सो आपराधिक कार्य भएको रहेछ भनेर अन्यथा प्रमाणित भएमा बाहेक विश्वास गर्नुपर्ने हुन्छ । प्रस्तुत घटनाका सम्बन्धमा पीडितको उक्त बकपत्र खण्डित हुने कुनै वस्तुनिष्ठ प्रमाण प्रतिवादीले प्रस्तुत गर्नसकेको देखिँदैन भने जाहेरवाला, वस्तुस्थिति मुचुल्काका मानिस तथा घटना विवरणका मानिसहरूले मौकामा गरेको कागज एवं अदालतसमक्ष उपस्थित भई गरेको बकपत्रको बेहोरासमेतबाट यी पीडितउपर पुनरावेदक / प्रतिवादीबाट जबरजस्ती करणी भएको कुरा पुष्टि हुन आएको हुँदा केवल सुन्ने व्यक्तिहरूले भनेको भनाइका आधारमा मात्र आफूलाई दोषी ठहर गरेको भनी प्रतिवादीले पुनरावेदन पत्रमा लिएको जिकिर प्रथम दृष्टिमा नै खण्डित हुन पुगेको देखियो ।

८. पीडितको मौकाको स्वास्थ्य परीक्षण प्रतिवेदनमा निजको बायाँ गालामा Abrasion (घस्रेको कोतारेको) देखिएको, Vaginal Swab मा Spermatozoa अर्थात् वीर्य नदेखिएको भन्ने उल्लेख भएको छ उक्त शारीरिक परीक्षण गर्ने महाकाली अञ्चल अस्पतालका डा. राम बिहारी चौधरीलाई बकपत्र गराउँदा पीडितको Hymen (कन्याजाली) च्यातिएको देखिएको थियो, तर रगत बगेको देखिएको थिएन, बायाँ गालामा निलडाम भएको पाइएको थियो, अस्पतालमा स्वास्थ्य परीक्षण हुने सबै केशको रेकर्ड राख्ने एउटा रजिस्टर हुन्छ, सो रेकर्डमा पीडितको Hymen च्यातिएको भन्ने उल्लेख छ । तर मौकामा स्वास्थ्य परीक्षण गर्न पठाउँदा Hymen च्यातिएको छ, छैन भन्नेबारेमा प्रश्न नसोधिएकोले सो कुरा नखुलाइएको भनी बकपत्र गरेका र निजको बकपत्रअनुसार पीडितको स्वास्थ्य परीक्षणको रेकर्ड लेखिएको रजिस्टर सो अस्पतालबाट झिकाई हेर्दा पीडितको Hymen Tear भएको र बायाँ गालामा Abrasion पाइएको भन्ने उल्लेख भएको देखिन्छ । नाबालिका वर्ष ७ कि पीडितले उमेर पुगेका लक्का जवान केटासँग ठूलो बल प्रयोग गरी संघर्ष गर्नसक्ने अवस्था भएन । तापनि पीडितको गालामा Abrasion भएको भन्ने तथ्यले यी पीडितले आफ्नो उमेरअनुसारको सामान्य बल प्रयोग गरेको भन्ने देखाउँछ । त्यसैगरी वारदातपछि पीडितलाई घर जान लाग्दा मेले देखेकी थिएँ, उनी रूँदै थिइन्, डोको बोकेकी थिइन्, उनको सुरूवाल / ट्राउजर च्यातिएको र पेट तथा तिघ्रामा खोस्रेको जस्तो देखिन्थ्यो । आँखानिर कोतरेको थियो भनी वस्तुस्थिति मुचुल्काका मानिस शेरबहादुर रोकायाले अदालतमा समेत आई बकपत्र गरेको देखिएबाट यी पीडितले आफूउपर जबरजस्ती करणी हुँदा सामान्य बल प्रयोग गरी प्रतिरोध गरेको देखिन आयो । यसका अतिरिक्त ७ वर्षकी पीडितको अन्य कारणले कन्याजाली च्यातिएको भन्ने तथ्य वस्तुनिष्ठ रूपबाट पुष्टि नभएकाले निजउपर भएको उक्त वारदातका स्वरूप र प्रकृतिका कारण नै निजको कन्याजाली च्यातिएको भन्ने अर्थ गर्नुपर्ने देखियो ।

९. अस्पतालमा स्वास्थ्य परीक्षण हुँदा केशको रेकर्ड राखिएको रजिस्टरमा पीडितको Hymen च्यातिएको भन्ने उल्लेख देखिएबाट स्वास्थ्य परीक्षण प्रतिवेदनमा हाइमन च्यातिएको उल्लेख नभएकाले

अपराध भएको पुष्टि भएको छैन भन्ने पुनरावेदकको जिकिरमा सत्यता भएको देखिएन।

१०. यी तथ्यका अतिरिक्त पीडित नाबालिका केवल ७ वर्षको उमेरकी भएकी र निजको यौनाङ्ग करणीजन्य क्रियाका लागि विकसित भई नसकेको अवस्थाका कारण प्रतिवादीबाट निजलाई करणी हुँदा निजलाई पीडा भएको तथ्य पीडितको भनाइबाट देखिएकै छ। प्रतिवादीको लिङ्गको केही भाग मात्र पीडितको योनिमा प्रवेश भएको र पूर्णरूपमा योनिमा प्रवेश हुन नसकेको कारण Hymen सम्म Tear भए तापनि योनिको भित्री अंग विच्छेद हुन नपाएको स्थिति हुँदा पीडितको योनिबाट रगत नबगेको अवस्था भएको र प्रतिवादीले पीडितको योनिभित्र वीर्य स्खलन नगरेको कारण वीर्य नदेखिनु स्वभाविकै मान्नुपर्ने हुन्छ। यसरी पीडितको योनिमा रगत नबगेको र पुरूष वीर्य नदेखिएको कारणले मात्र करणीको अपराध नभएको भन्न नमिल्ने भनी J.P. Modi को Medical Jurisprudence and toxicology को २१ औं संस्करणको पृष्ठ, ३६७ मा "…….to constitute the offence of rape, it is not necessary that there should be complete penetration of penis with emission of semen and rapture of hymen. Partial penetration of the penis within the labia majora on the vulva or pudenda with or without emission of semen or even an attempt at penetration is quite sufficient for the purpose of the law….." अर्थात् "जबरजस्ती करणीको अपराध कायम हुन लिङ्गको पूर्ण प्रवेश, वीर्य स्खलन र योनिच्छेदन वा फाटेको हुन आवश्यक छैन। वीर्य स्खलनसहित वा रहित स्त्री जनेन्द्रिय (योनि) को बाह्य भागभित्र आंशिक लिङ्ग प्रवेश गराउनु वा लिङ्ग प्रवेश गराउने प्रयत्न गर्नु मात्र पनि कानूनी प्रयोजनको निमित्त जबरजस्ती करणी सिद्ध हुन पर्याप्त हुन्छ।" भन्ने उल्लेख भएको देखिन्छ।

११. जबरजस्ती करणीको सम्बन्धमा उल्लिखित विधिशास्त्रीय मान्यता विकास हुनुका साथै यस अदालतबाट "मुलुकी ऐन जबरजस्ती करणीको १ नं. अनुसार जबरजस्ती करणीको वारदात कायम हुनको लागि योनिभित्र लिङ्ग पूर्ण प्रवेश गरेको हुनुपर्ने वा योनिभित्र वीर्य स्खलन भएको हुनुपर्ने वा पीडितको योनिको कन्याजाली च्यातिएको हुनुपर्ने कुरा उल्लेख नभएको अवस्थामा लिङ्ग र योनिबीच सामान्य घर्षण पर्याप्त हुने, घटनासँग सम्बद्ध अन्य तथ्यहरूबाट जबरजस्ती करणीको आपराधिक कार्य गरेको कुरा पुष्टि हुन आएको अवस्थामा योनिभित्र लिङ्गको पूर्ण प्रवेश नभएको, कन्याजाली नच्यातिएको, वीर्य स्खलित नभएको भन्ने आधारमा अभियुक्तलाई आरोपित कसुरबाट मुक्त गर्न नमिल्ने" भनी ने.का.प. अंक ४, नि.नं. ७६८२ मा सिद्धान्त प्रतिपादन भई प्रकाशन भइसकेको देखिन्छ। त्यस्तै "उमेर नपुगेकी अवोध बालिकाउपर प्रतिवादीबाट भएको Sexual Assault (यौनसम्बन्धी आक्रमण) निर्दयी र लज्जित प्रकारको रहेको, अपराधजन्य मनसायबाट बालिकाउपर गरिएको कार्य indecent assault (अभिष्ट आक्रमण) भएको र त्यस्तो कार्य मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. बमोजिम sexual offence भित्र पर्ने भनी व्याख्या भई ने.का.प. २०६५, अंक ५, नि.नं. ७९६८ मा सिद्धान्त प्रकाशन भइसकेको देखिन्छ। तसर्थः पीडितको हाइमन नच्यातिएको तथा योनिबाट रगत नबगेको अवस्थामा पनि अन्य परिस्थितिजन्य प्रमाण एवं तथ्यगत अवस्थाले समर्थन गर्दछ भने जबरजस्ती करणी भएको मानिने हुँदा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा हाइमन च्यातिएको र रगत बगेको भन्ने उल्लेख नभएको अवस्थामा जबरजस्ती करणीको अपराधमा सजाय ठहर गरेको मिलेको छैन भन्ने पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन सकिएन।

१२. यस्तो करणीजन्य अवस्थाको

विद्यमानता भई प्रतिवादीउपर आरोपित कसुरमा पीडितको आमाले दिएको जाहेरीलाई प्रतिवादीले जिकिर लिएअनुसार सुनेको आधारमा दिएको जाहेरी विश्वसनीय नहुने भनी भन्न मिल्ने देखिँदैन । यसका अतिरिक्त कुनै पनि संरक्षक आमा बाबुले आफ्नो छोरीको सामाजिक इज्जत, सम्मान र प्रतिष्ठामा आँच आउने गरी छोरीलाई प्रयोग गरी जबरजस्ती करणी जस्तो जघन्य अपराधमा झुट्टा जाहेरी दिएको भनी अनुमान लगाउनु सर्वथा न्यायोचित नहुने हुँदा जाहेरीका सम्बन्धमा प्रतिवादी / पुनरावेदकले व्यक्त गरेको कुरा न्यायोचित र औचित्यपूर्ण नभई अपराधपछि सजायबाट बच्न व्यक्त गरेको दूषित विचार मात्र भएको देखियो ।

१३. अतः माथि विभिन्न प्रकरणहरूमा विवेचित तथ्य, आधार र कारणसमेतबाट यी पुनरावेदक प्रतिवादीले पीडित वर्ष ७ कि बालिकाउपर जबरजस्ती करणी गरेको तथ्य स्थापित हुन आएकोले निज पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १० वर्ष कैद हुने तथा ऐ. महलको १० नं. बमोजिम निजबाट रू. ५०,०००।- क्षतिपूर्ति स्वरूप पीडितले भराई लिन पाउने ठहर गरी भएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७२।४।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । तसर्थः उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत फैसलाको जानकारी पुनरावेदकलाई दिई फैसलाको प्रति विद्युतीय अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.पुरूषोत्तम भण्डारी

इजलास अधिकृतः- उद्धवप्रसाद गजुरेल
इति संवत् २०७४ साल पौष २३ गते रोज १ शुभम् ।

निर्णय नं. १०००८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
फैसला मिति : २०७३।८।३

मुद्दाः- कर्तव्य ज्यान

०७०-CR-०४७२

पुनरावेदक / प्रतिवादी : इलाम जिल्ला, चुलाचुली गा.वि.स. वडा नं.२ घर भई हाल कारागार कार्यालय झापामा थुनामा रहेको देवीप्रसाद पराजुली

विरूद्ध

प्रत्यर्थी / वादी : दिलिप लिम्बू खजुमको जाहेरीले नेपाल सरकार

०७०-CR-०५२१

पुनरावेदक / प्रतिवादी : इलाम जिल्ला, चुलाचुली गा.वि.स. वडा नं.२ घर भई हाल कारागार कार्यालय झापामा थुनामा रहेको छविलाल पराजुली

विरूद्ध

प्रत्यर्थी / वादी : दिलिप लिम्बू खजुमको जाहेरीले नेपाल सरकार

०७०-CR-०५२२

पुनरावेदक / वादी : दिलिप लिम्बू खजुमको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : इलाम जिल्ला, चुलाचुली गा.वि.स. वडा नं.२ बस्ने देवीप्रसाद पराजुली

- **ज्यानसम्बन्धीको १३(४) नं. अनुसारको "ज्यान मार्नमा वचन दिने" भन्ने शब्दको निरपेक्ष अर्थ नगरी समय सापेक्ष अर्थ गर्नुपर्ने हुन्छ । 'मार' भनी भनेकोलाई सबै सन्दर्भ परिस्थितिमा कानूनअनुसार सजाय गर्दा व्यावहारिक नहुने र यसो गर्दा अन्यायसमेत पर्न जान्छ । त्यसैले 'मार् हान्' भनी भनेको कुरा साँच्चिकै मार्ने मनसायसहित भनेको हो, होइन ? यसरी 'मार्' भनी वचन दिएकोले मात्र मारेको हो, होइन ? भन्ने जस्ता कुरा यसमा विचारणीय हुन आउने ।**
- **ज्यान मार्ने मनसायले नै मार् भनेको र मार् भनेका कारणले मात्र मारेको भन्ने नि:सन्देह पुष्टि नभएको यस्तो अवस्थामा यी प्रतिवादीले नेपाल सरकारको पुनरावेदन जिकिरअनुसार ज्यानसम्बन्धी महलको १३(४) नं. को कसुरमा सहभागिता रहेको हो भनी भन्न नसकिने ।**

(प्रकरण नं.१०)

वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनी
प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री बिमला यादव
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने:-
मानननीय न्यायाधीश श्री शेखरचन्द्र अर्याल
इलाम जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः-
मा. मुख्य न्या. श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री उदयप्रकाश चापागाइँ
पुनरावेदन अदालत इलाम

फैसला

न्या.चोलेन्द्र शमशेर ज.ब.रा.: न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार रहेको छः-

इलाम जिल्ला, चुलाचुली गा.वि.स. वडा नं.२ स्थित कच्ची सडकको बीच भागमा झारपातहरू माडिएको, सो भागमा रगतजस्तो तरल पदार्थ जमेको, सोही स्थानदेखि १० मिटर टाढा २ फिट ३ इन्च लामो खुर्पा रहेको, सो खुर्पाले देवेन्द्र खजुमलाई मिति २०६८/०५/२२ मा छविलाल पराजुलीले घाँटीमा प्रहार गरी गम्भीर घाइते बनाएको र उपचारको लागि दमकस्थित लाइफ लाइन अस्पतालतर्फ पठाएको भन्नेसमेत बेहोराको मिति २०६८/०५/२२ को घटनास्थल मुचुल्का ।

झापा जिल्ला, दमक नगरपालिका वडा नं.१० स्थित दमक लाइफ लाइन अस्पतालको इमरजेन्सी कोठाभित्र बेडमा मृतक देवेन्द्र खजुमको शव दक्षिण टाउको, उत्तर गोडा भई बेडमा उत्तानो अवस्थामा रहेको, मृतकका लासको दाहिने साइडको घाँटीमा ७ इन्च लामो ५ इन्च गहिरो काटेको चोट रहेको, घाँटी पछाडि पूरै काटी रगत बगिरहेको भन्नेसमेत बेहोराको मिति २०६८/०५/२२ को लास जाँच मुचुल्का ।

मेरो छोरा इलाम जिल्ला, चुलाचुली गा.वि.स. वडा नं.२ बस्ने वर्ष २६ को देवेन्द्र खजुम र प्रतिवादी छविलाल पराजुलीबीच मिति २०६८/०५/२२ गते फुटबल खेल खेल्ने विषयमा वादविवाद भई छविलाल पराजुली निज छोरालाई गालीगलौज गर्दै घरतर्फ लागेछन् । सोपछि छविलालको बाबु देवीप्रसाद पराजुलीले यो गधाको छोरा देवेन्द्रलाई मार, म जेल जान तयार छु भन्दै झम्टिएपछि प्रतिवादी छविलाल

पराजुलीले धारिलो हतियार खुर्पाले देवेन्द्र खजुमको घाँटीमा २ पटक प्रहार गर्दा देवेन्द्र भुइँमा लडेपछि देवीप्रसाद पराजुलीले लात्तीले हानेछन् । उक्त कुरा चन्द्रकुमार फ्याकसमेतले सुनाएको हो । निज प्रतिवादीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको दिलिप लिम्बू खुजुमको जाहेरी दरखास्त ।

प्रतिवादी छविलाल पराजुली र मृतक देवेन्द्र खजुम मिति २०६८/०५/२३ गते फुटबल खेल्ने विषयमा वादविवाद भएपछि मैले सम्झाई बुझाएपछि प्रतिवादी छविलाल आफ्नो घर गएका थिए । सोपछि देवीप्रसाद पराजुली गधाको छोरा भन्दै आई मृतक देवेन्द्रसँग वादविवाद गरी ठेलाठेल गरेपछि मसमेतले छुट्याई रहेको अवस्थामा देवीप्रसाद पराजुलीले ए छोरा हान् मार् भनी आदेश दिनासाथ छविलाल पराजुलीले धारिलो खुर्पाले देवेन्द्र खजुमको घाँटीमा एक्कासी प्रहार गरी काटी रगतपच्छे गराई भुइँमा लडेपछि देवीप्रसाद पराजुलीसमेतले मृतकलाई लात्तीले हानी छोरा ठीक गरिस् भन्दै भागी गएका हुन् । प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको चन्द्रकुमार फ्याक लिम्बूले गरेको घटना विवरण कागज ।

प्रतिवादी छविलाल पराजुली र मृतक देवेन्द्र खजुमबीच मिति २०६८/०५/२२ गते फुटबल खेल्ने विषयमा वादविवाद गरी दुवैजनालाई सम्झाई बुझाई छुट्याएपछि प्रतिवादी देवीप्रसाद पराजुली गालीगलौज गर्दै आई मृतकसँग वादविवाद गरेपछि मसमेतले छुट्याइरहेको अवस्थामा देवीप्रसाद पराजुलीले छोरा हान् काट् मार् भनी आदेश दिनासाथ छविलालले एक्कासी खुर्पा लिई आई देवेन्द्रको घाँटीमा प्रहार गरी लडाएको हो । पछि छोरा ठीक गरिस् भन्दै देवीप्रसादले मृतकलाई लात्तीले हानेको हो । निजहरूलाई कारबाही होस् भन्नेसमेत बेहोराको सुजन खजुमले गरेको घटना विवरण कागज ।

मिति २०६८/०५/२२ गते बेलुकी अन्दाजी ८:३० बजेको समयमा मृतक देवेन्द्र खजुम र मेरो छोरा छविलाल पराजुलीबीच फुटबल खेलको विषयमा वादविवाद गरिरहेको सुनी तत्कालै निजहरू भएको ठाउँमा गई मेरो छोरालाई तिमीहरू जहिले पनि हेप्छौ भन्नासाथ मृतक देवेन्द्र खजुम र मेरो एकआपसमा वादविवाद भई ठेलाठेल भइरहेको अवस्थामा मेरो छोरा छविलाल पराजुली के कति खेर घरमा गई खुर्पा लिई आई देवेन्द्र खजुमको घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको हो । मैले मार म जेल जान तयार छु भनी छोरालाई आदेश दिएको होइन । मृतकलाई लात्तीले हानेको हैन । बरामद भएको खुर्पा मेरै घरको हो भन्नेसमेत बेहोराको देवीप्रसाद पराजुलीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

मेरो घरमाथि बाटोमा मृतक देवेन्द्र खजुम र प्रतिवादी छविलाल पराजुलीबीच वादविवाद सुनी तत्काल जाँदा निजहरू फुटबलको विषयमा विवाद गरिरहेका थिए । चन्द्रकुमार फ्याकसमेतले निजहरूलाई सम्झाई बुझाई छविलाललाई घर पठाएपछि निजको बाबु देवीप्रसाद गालीगलौज गर्दै आई देवेन्द्र खजुमसँग वादविवाद गरी ठेलाठेल गरिरहेको अवस्थामा प्रतिवादी देवीप्रसाद पराजुलीले छोरा काट् मार् हान् भनी आदेश दिनासाथ छविलालले खुर्पा लिई देवेन्द्र खजुमको घाँटीमा काटेको हो र मृतकलाई लात्ती हानी ठीक गरिस् छोरा भन्दै निजहरू भागी गएको हो भन्नेसमेत बेहोराको अनिता खजुमले गरेको घटना विवरण कागज ।

मृतक मेरो छोरा देवेन्द्र खजुम र प्रतिवादी छविलाल पराजुलीबीच फुटबलको विषयमा वादविवाद हुँदा प्रतिवादी देवीप्रसाद पराजुलीसमेतले गालीगलौज गर्दै छविलाल पराजुलीलाई काट् मार् भन्ने आदेश दिनासाथ छविलालले देवेन्द्रलाई खुर्पाले घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको हुँदा निज प्रतिवादीहरूलाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको

कृष्णकुमार खजुमले गरिदिएको घटना विवरण कागज।

देवेन्द्र खजुम र प्रतिवादी छविलाल पराजुलीबीच फुटबलको विषयमा विवाद हुँदा देवीप्रसाद पराजुलीसमेतले गालीगलौज गर्दै छविलाल पराजुलीलाई काट् मार् भनी आदेश दिनासाथ छविलाल पराजुलीले देवेन्द्रलाई खुर्पाले घाँटीमा हानी कर्तव्य गरी मारेको हो भन्नेसमेत बेहोराको मृतककी आमा मिनाकुमारी खजुम र मृतकको श्रीमती कान्ती खुजुमले गरिदिएको करिब एकै मिलानको घटना विवरण कागज।

मृतक देवेन्द्र खजुम र प्रतिवादी छविलाल पराजुलीबीच फुटबलको विषयमा विवाद हुँदा सोही रिसइवीमा प्रतिवादी देवीप्रसाद पराजुलीसमेत देवेन्द्र खजुमसँग विवाद गरी प्रतिवादी छविलाल पराजुलीले देवेन्द्र खजुमलाई खुर्पाले प्रहार गरी भुइँमा लडेपछि देवीप्रसाद पराजुलीले पनि लात्तीले हानेको हो । मृतकलाई प्रतिवादी देवीप्रसाद पराजुली र छविलाल पराजुली मिली कर्तव्य गरी मारेकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत बेहोराको सिता खजुम लिम्बूसमेतले गरेको प्रायः एकै मिलानको वस्तुस्थिति मुचुल्का।

मृतक देवेन्द्र खजुम लिम्बूको घाँटीमा काटेको चोटबाट रक्तस्राव भएको कारणबाट मृत्यु भएको भन्नेसमेत बेहोराको शव परीक्षण प्रतिवेदन।

मिसिल संलग्न कागजातबाट फुटबलका विषयमा विवाद भई प्रतिवादीहरू बाबुछोराको मिलेमतोमा खुर्पाले प्रहार गरी मृतकको मृत्यु हुन गएको देखिन्छ । प्रतिवादीहरू छविलाल पराजुली र देवीप्रसाद पराजुलीसमेतले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ नं. बमोजिम कसुर अपराध गरेकोले प्रतिवादीमध्येका छविलाल पराजुलीलाई ऐ.महलको १३(१) नं. बमोजिम सजाय हुन र अर्का प्रतिवादी देवीप्रसाद पराजुलीले छोरालाई हान् मार् भनी वचन दिई निज स्वयंले पनि लात्ती हानेकोले ऐ.महलको १३(४) नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको अभियोग पत्र।

उक्त दिन बेलुका ९:०० बजेको समयमा म रेडियो सुनिरहेको थिएँ। मेरो घरमा मृतक देवेन्द्र, चन्द्रबहादुर फ्याक, सुसन खजुम आई सुतिरहेकोमा मेरो छोरालाई उठाई केही पर लगी कुटपिट गर्न थालेछन्। हल्ला सुनी जाँदा लिम्बूवान् क्षेत्रमा हामीले भनेको मान्नुपर्छ भन्दै थिए । मेरो छोरालाई राति कुटपिट किन गर्छौ भन्दा मलाई देवेन्द्रले कुटपिट गर्न थाल्यो। त्यही समयमा छोरा खुर्पा लिएर घरबाट आई देवेन्द्रलाई प्रहार गरेछ । सो कुरा मैले देखिन । चन्द्र फ्याक र म मृतक देवेन्द्र लडेको ठाउँमा पुगी निजलाई मोटरसाइकलमा राखी उपचार गर्न लगेको हो । कहाँ मृत्यु भयो थाहा छैन, निजलाई मार्न सहयोग गरेको र आदेश दिएको छैन। मैले झगडा नगर भनी छुट्याएको मात्र हो । जाहेरी र वस्तुस्थिति मुचुल्कामा समेत लेखाएको बेहोरा झुट्टा हो। मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी देवीप्रसाद पराजुलीले सुरू अदालतमा गरी दिएको बयान।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम गरी प्रतिवादी देवीप्रसाद पराजुलीलाई मुलुकी ऐन, अ.बं.११८ को देहाय २ नं.बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने सुरू अदालतको मिति २०६८/०६/०९ को आदेश।

मिति २०६८/०५/२३ गतेका दिन एक दिवसीय फुटबल खेल हुन गइरहेको थियो । उक्त खेलमा म खेल्दिनँ भनेको थिएँ । सोही विषयलाई लिएर अन्दाजी साँझ ७/८ बजेको समयमा देवेन्द्रसहित आई तँलाई आज सिध्याउँछु भनी कराउन थाले र कुटपिट गर्न थाले। सो मेरो बुबाले सुन्नुभएछ र बुबा आई सम्झाउँदा बुबालाई पनि कुट्न थाले। बुबालाई कुटेको देख्न नसकी म घरमा गई खुर्पा लिई आउँदा मृतक देवेन्द्र मपट्टि झम्टिए। मैले खुर्पाले हान्दा निजको घाँटीमा लाग्यो र भुइँमा ढल्यो। त्यसपछि मलाई केही थाहा भएन। म घर आई पेन्ट बोकी खोलातर्फ गएँ।

भोलिपल्ट २ बजेतिर म इन्डिया पुगेँ। बुबालाई कुटपिट नगरेको भए हिर्काउने थिइनँ। मार् भनी बुबाले मलाई आदेश दिएको होइन भन्नेसमेत बेहोराको प्रतिवादी छविलाल पराजुलीले सुरू अदालतमा गरेको बयान।

हाल प्रतिवादी छविलाल पराजुलीलाई मुलुकी ऐन, अ.बं.११८ को देहाय २ नं.बमोजिम पुर्पक्षको लागि थुनामा राख्नु भन्ने निमित्त स्रेस्तेदारको मिति २०६८/०६/२६ को आदेशलाई सदर गरिदिएको छ भन्ने सुरू अदालतको मिति २०६८/०७/०६ को आदेश।

मिति २०६८/०५/२२ गते बेलुका साढे ८ बजेको घटना हो। फुटबलको विषयलाई लिएर मृतक देवेन्द्रको टिमबाट नखेल्ने भनेपछि छविलाल पराजुलीसँग वादविवाद भयो र निज प्रतिवादी घर पुग्ने बित्तिकै देवीप्रसाद पराजुलीले देवेन्द्र खजुमलाई अपशब्द गाली गरी मार् जेल जानु परे म जान्छु भनी मृतकसँग वादविवाद गरिरहेको बेला छविलाल पराजुलीले धारिलो खुर्पा ल्याई देवेन्द्रको घाँटीमा हानी घटनास्थलमा नै मारेपछि छविलाल फरार भए र देवीप्रसाद पराजुलीलाई प्रहरी कार्यालय, दमकमा बुझाइयो भन्नेसमेत बेहोराको जाहेरवाला दिलिप लिम्बू र बुझिएको मानिस सुजन खजुमले सुरू अदालतमा गरी दिएको करिब एकै मिलानको बकपत्र।

घटना मेरो घर नजिकैको हो। देवीप्रसाद पराजुली ठूलो स्वरमा चिच्याउँदै त्यो गधाको छोरालाई मार्दे भनेको आवाज सुनी त्यस घटनास्थलमा पुग्दा मृत अवस्थामा देवेन्द्र खजुम भुइँमा लडेका थिए। मैले देवीप्रसादलाई काका तपाईँले के गर्नुभएको भन्दा मैले जे गरेँ ठीक गरेँ। स्याबास् छोरा भन्दै लात्तीले भुइँमा र मृतकको खुट्टामा हिर्काए। यसमा बाबु छोराको नै संलग्नता भएकोले निजहरू दुवैलाई सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको वस्तुस्थिति मुचुल्काका मानिस सिता खजुमले सुरू अदालतमा गरिदिएको बकपत्र।

मिति २०६८/०५/२२ गते बेलुकी ८:३० बजेतिर सुजन, चन्द्र र मेरो छोरा देवेन्द्र गोलको विषयमा छलफल गर्न प्रतिवादी छविलालको घरमा गएका हुन्। यी प्रतिवादी निजको घरभन्दा मुनि सीता खजुमको घर अगाडि रहेछन्। मैले घरबाट सुन्दा छविलाललाई देवेन्द्रले हाम्रो टिमबाट किन नखेलेको भन्दै थिए। छविलालले सरी भोलि तिम्रै टिमबाट खेल्छु भन्यो। एकछिनपछि बाबु देवीप्रसाद आई यो गधाका छोरालाई मार्, यसलाई मार्दा हामीलाई के हुन्छ भन्दै कराए। छविलाल घर गएका थिए। निजले घरबाट खुर्पा ल्याएर एक्कासी मेरो छोरालाई हानेछन्। अरू केटाहरू त्यहाँबाट भागेछन्। म कुद्दै जाँदा ढलिसकेका रहेछन् भन्नेसमेत बेहोराको बुझिएका मानिस कृष्णप्रसाद खजुमले सुरू अदालतमा गरिदिएको बकपत्र।

मिति २०६८/०५/२३ गते एक दिवसीय फुटबल म्याच हुने भएको थियो। त्यहीँ फुटबल खेलको विषयमा लिएर मृतक र प्रतिवादीबीच वादविवाद भएको हो। यसै क्रममा हात हालाहाल भएपछि मैले छुट्याई घरतिर लाग्ने क्रममा छविलाल पराजुली खुर्पा लिई आएको अवस्था देखी देवीप्रसाद पराजुलीले मार् छोरा भन्दै आदेश दिएपछि देवेन्द्रको घाँटीमा २ पटक प्रहार गरेपछि देवेन्द्र ढले, अनि छिटो मर् भन्दै लात्तीले मृतकको खुट्टामा हाने। म कराएपछि गाउँलेहरू आए अनि मृतकलाई अस्पताल लग्यो भन्नेसमेत बेहोराको बुझिएका मानिस चन्द्रकुमार फ्याक लिम्बूले सुरू अदालतमा गरिदिएको बकपत्र।

मैले भोलिपल्ट बिहान छविलाल र देवेन्द्र खजुमबीच झगडा भएको र छविलाल पराजुलीले गोलको निहुँमा खुर्पाले हानी मारेको हो भन्ने सुनेको हो। अरू केही थाहा छैन भन्नेसमेत बेहोराको प्रतिवादी देवीप्रसाद पराजुलीका साक्षी त्रिलोकसिंह जवेगु भन्ने त्रिलोकप्रसाद जवेगुले सुरू अदालतमा गरिदिएको बकपत्र।

प्रतिवादी छविलाल पराजुली र मृतक देवेन्द्र खजुमबीच गोलको विषयमा झगडा भएको, सोही

विषयलाई लिएर छविलालले देवेन्द्र खजुमलाई खुर्पाले काटी कर्तव्य गरी मारेको भन्ने सुनी थाहा पाएको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी देवीप्रसाद पराजुलीका साक्षी खगेन्द्र राईले सुरू अदालतमा गरेको बकपत्र।

यसमा प्रतिवादी छविलाल पराजुलीकै खुर्पाको प्रहारबाट लाग्न गएको घाँटीको चोटबाट देवेन्द्र खजुमको मृत्यु हुन गएको देखियो । यसरी घाँटीमा खुर्पा प्रहार गरी काटी देवेन्द्र खजुमको ज्यान मारेकोमा यी प्रतिवादी छविलाल पराजुलीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.को कसुर अपराधमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्छ र प्रतिवादी देवीप्रसाद पराजुलीले समेत वारदातका अवस्थामा मृतकलाई हात हाल्नुका साथै ज्यान मार्न वचन दिएको भन्ने देखिई निज देवीप्रसाद पराजुलीसमेतको मृतक देवेन्द्र खजुमलाई ज्यान मार्ने कार्यमा संलग्नता रहेको देखियो। तसर्थ निजउपरको मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत ऐ. १३(४) नं.को कसुर अपराध स्थापित आएबाट निज देवीप्रसाद पराजुलीलाई सोही ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्छ भन्ने सुरू इलाम जिल्ला अदालतको मिति २०६९/०४/३१ को फैसला।

मृतक र म प्रतिवादीबीच पूर्वरिसइवी नरहेको, मृतकलाई मार्नेसम्मको पूर्वतयारी तथा मनसाय नभएको, मृतक तथा म पुनरावेदक एउटै समूहको फुटबल खेलाडी भएको, एकै गाउँघरका साथी भएको अवस्थामा सुरू इलाम जिल्ला अदालतबाट मलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम पूर्ण आपराधिक दायित्व बहन गराई गरिएको फैसला न्यायोचित छैन । घटना घट्नुको कारण, मृतकको क्रियाकलाप, घटनाको परिस्थितिसमेतलाई न्यायिक विश्लेषण गरिँदा प्रस्तुत मुद्दामा म पुनरावेदकको कार्य ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुर कायम हुन नसक्ने भएकोले अभियोग माग दाबीबमोजिम सुरू अदालतबाट भएको सजाय बदर गरिपाउँ भन्ने प्रतिवादी छविलाल पराजुलीको पुनरावदेन पत्र।

मैले मृतकलाई मार्न वचन दिएको होइन भन्ने भनाइ मेरो साक्षीको बकपत्रबाट समर्थन भइरहेको तथ्यलाई फैसलामा विश्लेषण नगरी र प्रस्तुत मुद्दाका अर्का प्रतिवादी छविलाल पराजुलीले घटना घट्नुको कारण, घटनाको अवस्था र परिस्थितिसमेतलाई उल्लेख गरी गरेको बयानसमेतलाई वास्ता नगरी मलाई सजाय गरिएको छ। म र मृतकबीच कुनै पूर्वरिसइवी नरहेको, फुटबल खेलको विषयलाई लिएर मृतकले प्रतिवादी छविलाललाई कुटपिट गालीगलौज गरी मैले मृतकसमेतलाई सम्झाउँदा मृतकले मलाई निर्घात कुटपिट गरेको र प्रतिवादी छविलालले मृतकलाई खुर्पाले प्रहार गरी मृतकको मृत्यु भएको देखिइरहेको अवस्थामा म निर्दोष वृद्ध व्यक्तिलाई न्यायिक मन, विवेकसमेत प्रयोग नगरी सुरू इलाम जिल्ला अदालतबाट भएको फैसला फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत भएकोले उल्टी गरी अभियोग माग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने प्रतिवादी देवीप्रसाद पराजुलीको पुनरावेदन पत्र।

यसमा वारदातको कारण, अवस्था र परिस्थितिसमेतको सन्दर्भबाट सुरू फैसला फरक पर्न सक्ने देखिँदा छलफलका लागि मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियमबमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय इलामलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत इलामको मिति २०६९/११/२१ को आदेश।

प्रतिवादी देवीप्रसाद पराजुलीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.को कसुर गरेको भनी निजलाई सोही नम्बरबमोजिम जन्मकैद गरेको इलाम जिल्ला अदालतको मिति २०६९/०४/३१ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी

देवीप्रसादले उक्त महलको १७(३) नं. बमोजिमको कसुर गरेकोले निजलाई ३ वर्ष कैद हुने ठहर्छ। प्रतिवादी छविलाल पराजुलीले ऐ.महलको १३(१) नं.को कसुर गरेको ठहऱ्याई निजलाई सोही नम्बरबमोजिम सर्वस्वसहित जन्मकैद गरेको हदसम्मको सुरू फैसला सदर हुने ठहर्छ भन्ने मिति २०६९/१२/११ को पुनरावेदन अदालत इलामको फैसला।

मेरो छोरा छविलाललाई यी मृतकले कुटपिट गरिरहेको समयमा म उक्त स्थानमा जाँदा मलाई मृतकले हात हालेको कुरा मैले बयानमा समेत उल्लेख गरेको छु । म कुनै घटना घटाउन त्यहाँ गएको होइन । सो कुरालाई फैसलामा बेवास्ता गरिएको छ । वारदातको प्रकृति, परिस्थिति हेर्दा वारदातको सहायक कारण म नभएको मिसिलबाट प्रस्ट हुँदाहुँदै सोही आधारमा मलाई सजाय गरेको मिलेको छैन । ज्यानसम्बन्धी महलको १७ नं. अनुसार सजाय हुन ज्यान मार्नलाई मतलबमा पसेको हुनुपर्नेमा मेरो कार्यबाट सो भएको नदेखिएकोले पुनरावेदन अदालतको फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी देवीप्रसाद पराजुलीको यस अदालतमा परेको पुनरावेदन पत्र।

मेरो मृतकलाई मार्ने कुनै मनसाय थिएन र सोको कुनै पूर्वयोजना तथा तयारी पनि थिएन। मृतकले मलाई एक्लै लगी कुटपिट गर्न थालेपछि बुबा आई सम्झाउँदासमेत नमानी उल्टै कुटपिट गरी मार्ने धम्की दिएपछि मलाई रिस उठी तर्साउन भनी खुर्पा लिई आउँदा मलाई पुनः कुटपिट गर्न थालेपछि अचानक निजको घाँटीमा लागी मृत्यु हुन गएको हो । यस्तो अवस्थामा मलाई अभियोग दाबीअनुसार पूर्ण दायित्व बहन गराएको मिलेको नहुँदा उक्त फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी छविलाल पराजुलीको यस अदालतमा परेको पुनरावेदन पत्र।

प्रतिवादी कसुरमा इन्कार हुँदैमा अभियोग दाबीबमोजिमको कसुर गरेको होइन भन्न मिल्दैन । यी प्रतिवादीले वारदात स्थलमा गालीगलौजसमेत गर्दै उपस्थित भई मृतकलाई मार्नलाई आदेश दिएको र मृतक भुइँमा लडेपछि पनि मृतकलाई लात्तीले हानेको भन्ने प्रत्यक्षदर्शीहरूको भनाइमा सारभूत रूपमा भिन्नता छैन। यी प्रत्यक्षदर्शीहरूले मौकाको कागजमा र अदालतमा आई सोही कुरालाई समर्थन गरी अदालतमा आई बकपत्र गरिदिएको अवस्थामा प्रतिवादी देवीप्रसाद पराजुलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. आकृष्ट भई सजाय हुनुपर्नेमा सोबमोजिम नगरी सोही महलको १७(३) नं.बमोजिम घटी सजाय गरी पुनरावेदन अदालतले फैसला गरेकोमा त्रुटिपूर्ण छ । उक्त फैसला बदर गरी प्रतिवादी देवीप्रसाद पराजुलीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदन पत्र।

यसमा वादी प्रतिवादीहरूको दोहोरो पुनरावेदन परेको हुँदा मुलुकी ऐन अ.बं.२०२ नं.को प्रयोजनको लागि प्रतिवादीहरूको पुनरावेदनको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई र नेपाल सरकारको पुनरावेदनको जानकारी प्रतिवादी देवीप्रसाद पराजुलीलाई दिई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७३/०२/२८ को आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा विद्वान् उपन्यायाधिवक्ता श्री उद्धवप्रसाद पुडासैनीले प्रतिवादी देवीप्रसाद पराजुली वारदात स्थलमा गई मृतकसँग झगडा गरी जे परे पर्ला यसलाई मार् छोरा भनी आदेश दिएबाट छोरा छविलाल पराजुलीले खुर्पाले हानेको प्रत्यक्षदर्शी र स्वयं प्रतिवादीहरूको अनुसन्धानमा लेखाइदिएबाट प्रस्ट हुन्छ । यस्तो अवस्थामा प्रतिवादी देवीप्रसाद पराजुलीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो। त्यस्तै प्रतिवादी छविलाल पराजुलीका तर्फबाट विद्वान् अधिवक्ता श्री बिमला यादवले यसमा प्रतिवादी छविलाल पराजुलीको

मृतकलाई मार्ने मनसाय थिएन, निजले मार्न कुनै तयारी गरेर गएको पनि मिसिलबाट देखिँदैन । मृतक र यी प्रतिवादी दुवैको बीचमा फुटबल खेल्ने विषयलाई लिएर झगडा भएको र यी मृतकले प्रतिवादी छविलाल र निजको बुबालाई समेत कुटपिट गरेकोबाट छविलाललाई रिस उठी हिर्काएको कारण मृतकको मृत्यु हुन गएको हो। यदि मृतकलाई खुर्पाले नहिर्काएको भए यी प्रतिवादीको नै मृत्यु हुने परिस्थिति थियो । यस्तो अवस्थामा प्रतिवादी छविलाललाई हदैसम्मको सजाय गरेको मिलेको छैन। निजलाई अ.बं.१८८ नं. बमोजिम राय लगाई कमभन्दा कम सजाय हुनुपर्ने हो भनी बहस प्रस्तुत गर्नुभयो।

यसरी बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा सुरू फैसला केही उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छ, छैन ? तथा वादी नेपाल सरकार र प्रतिवादीहरू देवीप्रसाद पराजुली र छविलाल पराजुलीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भनी निर्णयमा पुग्न निम्न विषयहरूको निरूपण गर्नुपर्ने हुन आयो।

१. प्रतिवादी छविलाल पराजुलीको वारदातमा के कस्तो संलग्नता रहेको छ ? निजको संलग्नता के कति सजाय हुने कसुरजन्य कार्यभित्र पर्दछ ?
२. त्यस्तो संलग्नताका आधारमा निजलाई के कति सजाय गर्नु उपयुक्त हुन्छ ?
३. प्रतिवादी देवीप्रसाद पराजुलीको वारदातमा संलग्नता छ छैन र यदि छ भने निजको के कस्तो संलग्नता रहेको छ र त्यस्तो संलग्नतामा कति सजाय हुन्छ ?

यसमा प्रतिवादीहरू छविलाल पराजुली र देवीप्रसाद पराजुलीउपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३ नं. बमोजिमको कसुर अपराधमा प्रतिवादीमध्येका छविलाल पराजुलीलाई ऐ.महलको १३(१) नं. बमोजिम सजाय हुन र अर्को प्रतिवादी देवीप्रसाद पराजुलीलाई ऐ.महलको १३(४) नं. बमोजिम सजाय गरिपाउँ भनी अभियोग पत्र दायर भएकोमा सुरू जिल्ला अदालतबाट निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय हुने गरी फैसला भएको पाइयो । सो फैसलाउपर प्रतिवादी छविलाल पराजुलीले अभियोग दाबीबमोजिम पूर्ण आपराधिक दायित्व बहन गराउने गरी भएको फैसला बदर गरिपाउँ भनी र अर्को प्रतिवादी देवीप्रसाद पराजुलीको अभियोग दाबीबाट सफाइ पाउँ भनी पुनरावेदन परी पुनरावेदन अदालत इलामबाट प्रतिवादी छविलाल पराजुलीको हकमा सुरूले ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गरेको सदर हुने र प्रतिवादी देवीप्रसाद पराजुलीको हकमा ऐ.महलको १३(४) बमोजिम सजाय गरेको सुरू फैसला केही उल्टी गरी निजलाई ऐ. १७(३) बमोजिमको कसुरमा ३ वर्ष मात्र कैद हुने ठहर्‍याई फैसला भएको पाइयो । उक्त फैसलाउपर प्रतिवादी छविलाल पराजुलीको पूर्ण आपराधिक दायित्व बहन गराउने गरी भएको फैसला बदर गरिपाउँ भनी, प्रतिवादी देवीप्रसाद पराजुलीको अभियोग दाबीबाट सफाइ पाउँ भनी र वादी नेपाल सरकारको प्रतिवादी देवीप्रसाद पराजुलीलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भनी यस अदालतमा पुनरावेदन परी आज इजलाससमक्ष पेस हुन आएको छ।

२. यसमा निर्णयतर्फ विचार गर्दा, मेरो छोरा देवेन्द्र खजुम र प्रतिवादी छविलाल पराजुलीबीच मिति २०६८/०५/२२ गते फुटबल खेल्ने विषयमा विवाद हुँदा छविलाल पराजुलीले देवेन्द्रलाई गालीगलौज गर्दै घरतर्फ लागेकोमा छविलालको बाबु देवीप्रसाद पराजुलीले यो गधाको छोरा देवेन्द्रलाई मार म जेल जान तयार छु भन्दै झम्टिएपछि निज छविलालले धारिलो हतियार खुर्पाले छोरा देवेन्द्रको घाँटीमा २ पटक प्रहार गरी निज भुइँमा लडेपछि देवीप्रसाद पराजुलीले लात्तीले हानेको कुरा चन्द्रकुमार फ्याकसमेतले सुनाएको हो

भनी दिलिप लिम्बू खुजुमले जाहेरी दरखास्त दिएको पाइयो । निजले अदालतमा बकपत्र गर्दासमेत सोही बेहोरा उल्लेख गरिदिएको देखियो । घाँटी गहिरो काटेको चोट रहेको भन्नेसमेत बेहोराको मिति २०६८/०५/२२ को लास जाँच मुचुल्का, घटनास्थल प्रकृति मुचुल्का र मृतक देवेन्द्र खजुम लिम्बूको घाँटीमा काटेको चोटबाट रक्तस्राव भएको कारणबाट मृत्यु भएको भन्नेसमेतको शव परीक्षण प्रतिवेदनबाट समेत निज मृतकको मृत्यु घाँटीमा धारिलो हतियारले प्रहार गरेको कारणबाट भएको देखिएको छ । घटना विवरण कागज गर्ने चन्द्रकुमार फ्याक लिम्बू, सुजन खजुम, अनिता खजुम, कृष्णकुमारी खजुम, मिनाकुमारी खजुम, कान्ती खजुम र वस्तुस्थिति मुचुल्काका सीता खजुमसमेतले प्रतिवादी छविलाल पराजुली र मृतक देवेन्द्र खजुमबीच फुटबल खेल्ने विषयमा वादविवाद भएकोमा सम्झाउँदा प्रतिवादी छविलाल आफ्नो घर गएकोमा पछि देवीप्रसाद पराजुली आई मृतकसँग विवाद गरेपछि मसमेतले छुट्याइरहेको अवस्थामा देवीप्रसाद पराजुलीले मार् भनी आदेश दिँदा छविलालले धारिलो खुर्पाले देवेन्द्र खजुमको घाँटीमा प्रहार गरी निज भुइँमा लडेपछि देवीप्रसाद पराजुलीसमेतले मृतकलाई लात्तीले हानी छोरा ठीक गरिस् भन्दै निजहरू भागी गएका हुन् भनी लेखाइदिएको पाइन्छ । सोही बेहोरासँग मिल्ने गरी नै मौकामा बुझिएका चन्द्रकुमार फ्याक, सुजन खजुम, कृष्णकुमारी खजुम, कान्ती खुजुमले अदालतमा समेत बकपत्र गरिदिएका छन् ।

३. प्रतिवादीमध्येका देवीप्रसाद पराजुलीले उक्त दिन मृतक देवेन्द्र खजुम र मेरो छोरा छविलाल पराजुलीबीच फुटबल खेलको विषयमा विवाद भएको सुनी त्यहाँ गई मेरो छोरालाई तिमीहरू जहिले पनि हेप्छौ भन्नासाथ मृतक देवेन्द्र खजुम र मेरो बीचमा विवाद भई ठेलाठेल भइरहेको अवस्थामा मेरो छोरा छविलाल पराजुली खुर्पा लिई आई देवेन्द्र खजुमको घाँटीमा प्रहार गरी कर्तव्य गरी मारेको हो । मैले मार् भनी छोरालाई आदेश दिएको होइन । मृतकलाई लात्तीले हानेको पनि होइन । बरामद भएको खुर्पा मेरै घरको हो भनी अनुसन्धानका क्रममा बयान गरिदिएको पाइन्छ । त्यस्तै यी प्रतिवादीले अदालतमा बयान गर्दा मेरो घरमा मृतक देवेन्द्र, चन्द्रबहादुर फ्याक, सुसन खजुम आई सुतिरहेको मेरो छोरालाई उठाई केही पर लगी कुटपिट गर्न थालेकोमा त्यहाँ गई मेरो छोरालाई राति कुटपिट किन गर्छौ भन्दा मलाई मृतक देवेन्द्रले कुटपिट गर्न थाल्यो । त्यही समयमा छोरा खुर्पा लिएर आई देवेन्द्रलाई प्रहार गरेछ सो कुरा मैले देखिनँ । पछि चन्द्र फ्याक र मैले मृतक देवेन्द्रलाई मोटरसाइकलमा राखी उपचार गर्न लगेको हो । निजलाई मैले मार्न सहयोग गरेको र मार्न आदेश दिएको नभई झगडा छुट्याउन खोजेको मात्र हो भनी लेखाइदिएको देखियो । प्रतिवादी छविलाल पराजुलीले मैले फुटबल खेल्दिनँ भनेको विषयलाई लिएर देवेन्द्रसहित आई तँलाई आज सिध्याउँछु भनी कराउन थाले र कुटपिट गर्न थाले । सो मेरो बुबाले सुन्नुभएछ र बुबा आई सम्झाउँदा बुबालाई पनि कुट्न थालेकोले म घरमा गई खुर्पा लिई आउँदा मृतक देवेन्द्र मपट्टि झम्टिए । मैले खुर्पाले हान्दा निजको घाँटीमा लागी भुइँमा ढलेका हुन् बुबालाई कुटपिट नगरेको भए हिर्काउने थिइन । मार् भनी बुबाले मलाई आदेश दिएको होइन भनी अदालतको बयानमा लेखाइदिएको पाइयो ।

४. उपर्युक्तानुसारका तथ्य प्रमाण रहेको सन्दर्भमा प्रतिवादी छविलाल पराजुलीको वारदातमा के कस्तो संलग्नता रहेको छ ? भन्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा यी प्रतिवादी छविलाल पराजुलीले फुटबल खेल्ने विषयमा विवाद गरी मृतक देवेन्द्रलाई गालीगलौज गर्दै घरतर्फ लागेकोमा छविलालको बाबु देवीप्रसाद पराजुलीले यो गधाको छोरा देवेन्द्रलाई मार् म जेल जान तयार छु भन्दै झम्टिएपछि निज छविलालले धारिलो हतियार खुर्पाले छोरा देवेन्द्रको घाँटीमा २ पटक प्रहार गरी मृतकलाई

कर्तव्य गरी मारेको भन्ने जाहेरी दरखास्तको बेहोरा वारदातका प्रत्यक्षदर्शीसमेत रहेका अनुसन्धानमा बुझिएका व्यक्तिहरूको अनुसन्धानको र अदालतको बयानसमेतबाट समर्थित हुन आएको छ। सहप्रतिवादी देवीप्रसाद पराजुलीको अनुसन्धान र अदालतको बयानबाट समेत सोही तथ्य पुष्टि हुन आउँछ। यी प्रतिवादी छविलाल पराजुलीले मृतकको मससँग झगडा हुँदा सम्झाउन गएको मेरो बुबालाई समेत निज मृतकले कुटपिट गर्न लागेकोले मैले मृतकलाई रिस उठी खुर्पाले हानेको हो। मार्न भनी हानेको होइन भनेर लेखाए पनि निजले खुर्पा प्रहार गरेकोबाट मृतकको मृत्यु भएको तथ्य भने निजले स्वीकार गरेको नै पाइयो। यसरी मिसिल संलग्न आधार प्रमाणबाट मृतक देवेन्द्र खजुमको मृत्यु यी प्रतिवादी छविलाल पराजुलीले मृतकको घाँटीमा खुर्पा प्रहार गरेकोबाट हुन गएको प्रस्ट हुन आएको छ।

५. अब त्यसरी प्रहार गरेको कार्यलाई निज प्रतिवादीको के कस्तो संलग्नता मान्ने भन्ने सम्बन्धमा हेर्दा वारदात हुँदाको परिस्थितिलाई विद्यमान कानूनको आधारमा विश्लेषण गर्नुपर्ने हुन आयो। वारदात हुँदाको परिस्थिति हेर्दा यी प्रतिवादी छविलाल पराजुली र मृतकबीच फुटबल खेलको विषयलाई लिएर झगडा भएको देखिन्छ। सोही विषयमा झगडा हुँदा वारदातका प्रत्यक्षदर्शीसमेत रहनुभएका चन्द्रकुमार फ्याकसमेतका व्यक्तिहरूले सम्झाउँदा यी प्रतिवादी घर गएकोमा पछि निजको बुबासमेत आई बुबासँग पनि मृतकको झगडा भएको देखी यी प्रतिवादी पुनः घरबाट खुर्पा बोकी आई मृतकको संवेदनशील अङ्ग घाँटीमा नै खुर्पा जस्तो धारिलो हतियारले दुई चोटी प्रहार गरेको देखिएको छ। यसरी आफू आफ्नो बुबासँग झगडा भएको विषयलाई लिएर मृतकको घाँटी जस्तो अङ्गमा धारिलो हतियारले प्रहार गरेको कार्यलाई कार्यको परिणामको जानकारी नहुने अवस्था थियो तथा परिणामको पूर्वअनुमान गर्न नसक्ने परिस्थिति रहेको थियो भनी मान्न सकिँदैन। कार्यको परिणामको पूर्वजानकारी रहने वा परिणामको सम्भावनासम्म रहेको देखिने यस्तो अवस्थामा गरेको कार्य र सोबाट परिणामसमेत आइसकेको स्थितिमा सो परिणाम घटाउने मेरो मनसाय थिएन भनी भन्ने अवस्था रहँदैन।

६. मुलुकी ऐन ज्यानसम्बन्धी महलको १४ नं. अनुसारको कसुरअन्तर्गतको कसुर हुन ज्यान मार्नाको मनसाय नभई उसै मौकामा उठेको रिस थाम्न नसकी जोखिम हतियारले नहानेको वा साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादिले मात्र हानेको हुनुपर्दछ। प्रस्तुत वारदातमा प्रतिवादीले मृतकलाई तत्काल झगडा हुँदाको अवस्थामा नै साधारण लाठा ढुङ्गाले नै प्रहार गरेको नदेखिई आफूसँग झगडा भइसकेपछि गई घरबाट खुर्पा जस्तो जोखिम हतियार बोकी ल्याई हानेको देखिएको छ। यस्तो क्रियालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसारको आवेशप्रेरित हत्याको कोटीमा राख्नसमेत मिल्ने देखिँदैन। त्यस्तै ज्यानसम्बन्धी महलको ५ नं. अनुसारको भवितव्य ज्यानको कसुर हुन ज्यान मार्ने मनसाय नभएको र कुनै कार्य गर्दा मानिस मर्ला जस्तो पनि नदेखिएको अवस्थामा कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई अकस्मात मानिस मर्न गएको देखिनुपर्दछ। प्रस्तुत वारदात उक्त ५ नं.अनुसारको सावधानी अपनाउँदा अपनाउँदै केबल आकस्मिक तथा अप्रत्यासित रूपमा मात्र हुन गएको वारदात नभई मृतक प्रतिको झगडाको रिसइवीको कारण प्रतिवादीले मृतकलाई प्रहार गर्न भनेर नै खुर्पा जस्तो धारिलो हतियार प्रयोग गरेकोबाट घट्न गएको देखिएकोले भवितव्य ज्यानको कसुरका रूपमा पनि लिन सकिँदैन। त्यसैले ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसारको पूर्ण दायित्व बहन गराएको त्रुटिपूर्ण छ भनी यी प्रतिवादी छविलाल पराजुलीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिँदैन।

७. तसर्थ प्रस्तुत वारदातमा यी प्रतिवादीले झगडाको रिसइवी साँध्न खुर्पा जस्तो धारिलो जोखिम

हतियार घाँटी जस्तो संवेदनशील अङ्गमा परिणामको पूर्वजानकारी पर्याप्त रहन सक्ने अवस्थामा प्रहार गरेको देखिएकोले उक्त कसुरलाई मनसायपूर्ण रूपमा भएको कसुर नै मानिन्छ। सो मानिँदा उक्त कसुर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसारको कर्तव्य ज्यानअन्तर्गतको नै कसुर देखिन आएकोले अभियोग दाबीअनुसार सोही नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको नै देखिन आयो।

८. यसरी सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिए पनि निजलाई के कति सजाय गर्नु उपयुक्त हुन्छ भन्ने दोस्रो प्रश्नका सम्बन्धमा हेर्दा कसुर हुनुको कारण, वारदातको परिस्थिति तथा अवस्थाका सम्बन्धमा विचार गर्नुपर्ने हुन आयो। यसमा यी प्रतिवादीमा मृतकलाई मार्नेसम्मको कुनै पूर्वरिसइवी रहे भएको देखिँदैन। मार्नेसम्मको योजना बनाई तयारी गरेको पनि देखिँदैन । पहिला यी मृतकले आफ्नो टिमबाट प्रतिवादी छविलालले फुटबल नखेलेको कारण आफैँ झगडा गर्न यी प्रतिवादीको घर गएको र निजलाई गाली गरी बाहिर बाटोमा ल्याई झगडा गरेको देखिन्छ । सामान्य खेलको विषयलाई लिएर यसरी झगडा हुँदा यी प्रतिवादी एकचोटी घर गइसकेको अवस्थामा पुनः मृतकले आफ्नो बुबासँग पनि झगडा गर्न लागेको देखी मृतक आक्रोशमा आई खुर्पाले प्रहार गरेको पाइएको छ। यसरी मिसिल संलग्न कागज हेर्दा मृतकले पहिला आफैँ झगडा गरेका कारण वारदात भएको देखिएको छ। यस्तै यी प्रतिवादीको उमेर पनि २० वर्षको मात्र रहेको र आर्थिक अवस्थासमेत कमजोर नै रहेको देखिन्छ। यस्तो अवस्थामा ठहरिएको कसुरमा ऐनअनुसार सजाय गर्दा दण्ड सजायको मक्सदसमेत पूरा हुँदैन। तसर्थ निजलाई १६ वर्ष मात्र कैद सजाय गर्नु उपयुक्त देखिन्छ।

९. अब प्रतिवादी देवीप्रसाद पराजुलीको वारदातमा संलग्नता छ, छैन र यदि छ भने निजको के कस्तो संलग्नता रहेको छ र त्यस्तो संलग्नतामा कति सजाय हुन्छ ? भन्ने तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, यसमा यी प्रतिवादी देवीप्रसाद पराजुलीउपर मार्नलाई वचन दिएको वा वारदात भइरहेको ठाउँमा गई मार्नलाई संयोग पारिदिएको भनी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. को कसुरमा सोही नं.अनुसार जन्मकैदको सजाय माग दाबी लिई अभियोग पत्र दायर भएकोमा सोहीअनुसार सजाय हुनुपर्दछ भनी यस अदालतमा वादी नेपाल सरकारले पुनरावेदन जिकिर लिएको छ। यसतर्फ विचार गर्न यी प्रतिवादीले ज्यान मार्ने कार्यमा त्यस्तो सहयोगी भूमिका थियो थिएन ? अर्थात् निजलाई अभियोग दाबीअनुसारको सहयोगी दायित्व बहन गराउन मिल्छ, मिल्दैन ? भन्ने विषय नै विचारणीय हुन आयो। उक्त सन्दर्भमा हेर्दा मृतकलाई मार् भनी प्रतिवादी छविलाललाई वचन दिएको अथवा मृतक भुइँमा ढलेपछि मृतकलाई छिटो मर् भन्दै लात्तीले हानेको कुरामा यी प्रतिवादी अनुसन्धान र अदालतमा इन्कार रहेका छन्। तर यी प्रतिवादीले आफूसमेत वारदातस्थलमा रहेको कुरालाई भने स्वीकार नै गरेको पाइएको छ । सहप्रतिवादी छविलाल पराजुलीले पनि आफ्नो बुबा यी प्रतिवादी देवीप्रसाद पराजुलीले मार् भनी नभनेको झगडा नगर भनी सम्झाएको हो भनी अदालतमा र अनुसन्धानमा लेखाइदिएको पाइन्छ । यसबाट यी प्रतिवादी वारदातको समयमा घटनास्थलमा मौजुद रहेको कुरा पुष्टि हुन जान्छ। घटना विवरण कागज गर्ने चन्द्रकुमार फ्याक लिम्बू, सुजन खजुम, अनिता खजुमसमेतले र वस्तुस्थिति मुचुल्काका सीता खजुमसमेतले प्रतिवादी छविलाल पराजुली र मृतकबीच फुटबल खेल्ने विषयमा विवाद भएकोमा सम्झाउँदा प्रतिवादी छविलाल आफ्नो घर गएकोमा पछि देवीप्रसाद पराजुली आई मृतकसँग विवाद गरी मार भनी आदेश दिएकाले छविलालले धारिलो खुर्पाले देवेन्द्र खजुमको घाँटीमा प्रहार गरी

निज भुइँमा लडेपछि देवीप्रसाद पराजुलीसमेतले मृतकलाई लात्तीले हानी छोरा ठीक गरिस् भन्दै भागी गएका हुन् भनी लेखाइदिएको पाइन्छ । यसरी लेखाए पनि यी प्रतिवादीले मृतकलाई ज्यानै लिने मनसायले नै मार भनी आदेश दिएको भनी भन्न सकेको छैन ।

१०. ज्यानसम्बन्धीको १३(४) नं. अनुसारको "ज्यान मार्नमा वचन दिने" भन्ने शब्दको निरपेक्ष अर्थ नगरी समय सापेक्ष अर्थ गर्नुपर्ने हुन्छ । 'मार' भनी भनेकोलाई सबै सन्दर्भ परिस्थितिमा कानूनअनुसार सजाय गर्दा व्यावहारिक नहुने र यसो गर्दा अन्यायसमेत पर्न जान्छ । त्यसैले 'मार् हान्' भनी भनेको कुरा साँच्चिकै मार्ने मनसायसहित भनेको हो, होइन ? यसरी 'मार्' भनी वचन दिएकोले मात्र मारेको हो, होइन ? भन्ने जस्ता कुरा यसमा विचारणीय हुन आउँछ। सोसम्बन्धमा हेर्दा यसमा यी प्रतिवादी देवीप्रसाद पराजुलीको यी मृतकलाई मार्नेसम्मकै पूर्वरिसइवी केही रही मार्नलाई अभियोग दाबीबमोजिमको सहयोगी भूमिका निर्वाह गर्ने वा मार्नकै लागि भनी वचन दिनुपर्ने कार्य कारणसमेत केही रहे भएको पाइएन । प्रतिवादी देवीप्रसाद आफैँले हातहतियार बोकी वा सरसल्लाह गरी मृतकलाई मार्ने योजना बनाई वारदातस्थलमा गएको र अर्का प्रतिवादी छविलाल पराजुलीसँग पनि सो विषयमा कुनै पूर्व सरसल्लाह, योजना तथा तयारी गरी आएको भनी वादी नेपाल सरकारले भन्न सकेको छैन । मिसिल संलग्न कागज प्रमाणबाट समेत त्यस्तो कुरा पुष्टि हुन सक्दैन । वारदातको परिस्थिति र सन्दर्भ हेर्दा आफ्नो छोरा र मृतकहरूबीच रातको समयमा भनाभन हात हालाहाल भएको देखेपछि कुनै पनि बाबुले त्यसमा चासो लिएर जानु स्वाभाविक हुन्छ । यी प्रतिवादी त्यसरी आफ्नो छोरासँग झगडा भएकोमा त्यहाँ जाँदा मृतकसमेतको कारणले भएको झगडा तथा हात हालाहाल र आफूलाई समेत हात हालेकोमा रिस उठी परिणामको कुनै विचार नगरी स्वाभाविक तथा सामान्य रूपमा नै 'मार्' छोरा भनेको हुन सक्ने देखिन्छ । त्यस्तै मृतकको मुख्य रूपमा प्रतिवादी छविलालसँग नै झगडा भएको र पछि निजका बुबा यी प्रतिवादीसँग पनि मृतकले झगडा गरेको कारण मारेको भन्ने मिसिल संलग्न माथि वर्णित कागजपत्रबाट देखिएको छ । यस्तो अवस्थामा प्रतिवादीमध्येका छविलालले यी प्रतिवादी देवीप्रसाद पराजुलीले 'मार्' भनेकोले मात्र प्रहार गरेको भनी भन्न सक्ने देखिँदैन । यसरी ज्यान मार्ने मनसायले नै मार् भनेको र मार् भनेका कारणले मात्र मारेको भन्ने नि:सन्देह पुष्टि नभएको यस्तो अवस्थामा यी प्रतिवादीले नेपाल सरकारको पुनरावेदन जिकिरअनुसार ज्यानसम्बन्धी महलको १३(४) नं. को कसुरमा सहभागिता रहेको हो भनी भन्न नसकिने हुँदा सोअनुसारको कसुर नठहऱ्याएको पुनरावेदन अदालतको फैसला मिलेकै देखियो । सो सम्बन्धमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्नसक्ने देखिँदैन ।

११. यसरी माथि विवेचना गरिएअनुरूप यी प्रतिवादी वारदातस्थलमा रही स्वाभाविकरूपमा 'मार् हान्' भनी भनेको ज्यानसम्बन्धी महलको १३(४) नं.को कसुरअन्तर्गत नपर्ने देखिएपछि निजको उक्त कार्य कसुरजन्य कार्यभित्र पर्छ, पर्दैन ? यदि पर्छ भने के कस्तो कसुरजन्य कार्यभित्र पर्छ ? अर्थात् उक्त कार्यलाई ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसारको कसुरअन्तर्गत पर्ने ठहऱ्याई पुनरावेदन अदालतले गरेको फैसला मिलेको छ, छैन ? तथा सफाइ पाउँ भन्ने प्रतिवादी देवीलाल पराजुलीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन ? भन्नेतर्फ विचार गर्नुपर्ने हुन आयो । यस सम्बन्धमा हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं.ले अरू किसिमले मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरिरहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई कसुरदार मानी सजायको व्यवस्था गरेको पाइन्छ । यी प्रतिवादी आफ्नो छोरासँग झगडा गरिरहेको अवस्थामा वारदातस्थलमा पुगेको र

मृतकलाई आफ्नो छोरा छविलालले प्रहार गर्दासमेत त्यही रहे भएको देखियो । यस्तो अवस्थामा निजले प्रतिवादी छविलाललाई कसुरजन्य कार्य गर्नबाट रोक्नुपर्ने निजको कर्तव्य हुनेमा निजले रोक्नलाई कुनै प्रयाससमेत गरेको देखिँदैन । निजले मार्नकै लागि भनी मार् नभनेको वा वचन नदिएको र निजले भनेकै कारणले मात्र प्रहार गरेको नभए पनि त्यसो नगर् भनी रोक्नुपर्ने अवस्थामा यस्तो आपत्तिजनक शब्द प्रयोग गरी आफ्नो छोरा प्रतिवादी छविलाललाई कसुर गर्न साथ दिएको वा कसुरका लागि झन् उत्प्रेरित गराएको भन्ने देखिन आउँछ । यस्तो अवस्थामा यी प्रतिवादी पूर्ण निर्दोष रहेको मानी निजको सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिँदैन । यसरी यी प्रतिवादी देवीप्रसाद पराजुलीले अर्का प्रतिवादीसँग मत सल्लाहमा पसेको, मार्ने ठाउँमा गई अरू केही नगरी हेरिरहेको तथा कसुर गर्न सहयोग पुग्ने गरी आपत्तिजनक शब्द प्रयोग गरेको देखिन आयो । निजको यस्तो दूषित कार्य (Blameworthy Conduct) ज्यानसम्बन्धी महलको १७(३) नं.ले परिभाषित गरेको कसुरभित्र नै पर्ने देखिएकोले निजलाई सोही नं. बमोजिम ३ (तीन) वर्ष कैद गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आयो । सफाइ पाउँ भन्ने प्रतिवादी देवीप्रसाद पराजुली र अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१२. अतः माथि विवेचित आधार कारणबाट सुरू इलाम जिल्ला अदालतले प्रतिवादी छविलाल पराजुलीलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको फैसला सो हदसम्म सदर गरेको र प्रतिवादी देवीप्रसाद पराजुलीलाई ऐ.महलको १३(४) नं. अनुसार जन्मकैदको सजाय गर्ने गरी भएको फैसलालाई सो हदसम्म केही उल्टी गरी निजलाई ऐ.महलको १७(३) नं. अनुसार ३ (तीन) वर्ष मात्र कैद हुने ठहर्‍याई पुनरावेदन अदालत इलामबाट मिति २०६९/१२/११ मा भएको फैसला मिलेकै देखिन आएकोले सदर हुने ठहर्छ । सो ठहरे पनि वारदातको कार्यकारण, वारदात हुँदाको परिस्थिति, प्रतिवादी छविलाल पराजुलीको उमेर र आर्थिक अवस्था जस्ता कुराहरूमा विचार गर्दा निजलाई ठहरेबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले निज प्रतिवादी छविलाल पराजुलीलाई अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १६ (सोह्र) वर्ष कैद सजाय हुने ठहर्छ । सो ठहर्नाले अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा प्रतिवादीमध्येका छविलाल पराजुलीलाई १६(सोह्र) वर्ष मात्र कैद सजाय हुने ठहरी फैसला भएकोले निजलाई सर्वस्वसहित जन्मकैद हुने गरी भएको जिल्ला तथा पुनरावेदन अदालतको फैसलाअनुसार कसिएको लगत संशोधन गरी १६(सोह्र) वर्ष मात्र कैद सजायको लगत कसी सोहीअनुसारको कैदी पुर्जीसहित जानकारी सम्बन्धित कारागार कार्यालय र प्रतिवादी छविलाल पराजुलीलाई दिनु भनी साथै यी प्रतिवादी छविलाल पराजुलीको सर्वस्व गर्ने प्रयोजनार्थ अंश रोक्का भएको भए फुकुवा गरिदिनु भनी सुरू जिल्ला अदालतमा लेखी पठाई दिनू --१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ------------------------२

उक्त रायमा सहमत छु ।
न्या.हरिकृष्ण कार्की

इजलास अधिकृत: यदुराज शर्मा
इति संवत् २०७३ साल मङ्सिर ३ गते रोज ६ शुभम् ।

निर्णय नं. १०००९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
फैसला मिति : २०७४।२।९
०७१-CI-००५६

मुद्दाः अपुताली हक कायम दर्ता चलन

पुनरावेदक / वादी : रौतहट जिल्ला, इनरवारी गाउँ विकास समिति, वडा नं. ५ बस्ने नन्दलाल प्रसाद यादव

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : रौतहट जिल्ला, इनरवारी गाउँ विकास समिति, वडा नं. ६ बस्ने ओमप्रकाश राय यादवसमेत

- **अंश र अपुतालीका विषयहरू झट्ट हेर्दा उस्तै देखिने भए पनि पृथक विषयहरू हुन् । अंशको विवादमा अंशियार हुनलाई नाता सम्बन्ध महत्त्वपूर्ण हुन्छ । तर अपुतालीको सम्बन्धमा स्याहार सम्भार गर्ने व्यक्तिलाई मर्ने व्यक्तिको सम्पत्तिको हकदार मानिएको देखिन्छ । बाँचुञ्जेल मर्ने व्यक्तिलाई स्याहार सम्भार नगर्ने, आफ्नो कर्तव्य निर्वाह नगर्ने तर मरेपछि मर्ने व्यक्तिसँग केवल नाता र हकदार हुनुको आधार देखाएर अपुतालीको सम्पत्ति दाबी गर्ने र त्यस्तो सम्पत्तिमा हक प्राप्त गर्ने कुरालाई प्रस्तुत कानूनी व्यवस्थाले अनुमति दिएको नदेखिने ।**

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट :
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :
मा. जिल्ला न्यायाधीश श्री बाबुराज कार्की
रौतहट जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने :
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री जीवनहरि अधिकारी
पुनरावेदन अदालत, हेटौंडा

फैसला

न्या.हरिकृष्ण कार्की : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यसप्रकार छः-

मूल पुरूष रामपृत राय यादवको ४ छोरा भएकोमा जेठा सुरूज राय यादव, माहिला हामी फिरादीहरूको स्व.बाबु अंचीत राय यादव, साहिला जादु राय यादव र कान्छा प्रतिवादीहरूको सगोलको बाबु रामप्रसाद राय यादव भएकोमा रामपृत राय यादवको मृत्युपछि चारै दाजु भाइ २०३७।८।४ मा रौतहट जिल्ला अदालतबाट अंशबन्डा भई भिन्दै बसी आउनु भएकोमा जेठा सुरूज राय यादवको एक मात्र छोरा विश्वनाथ राय यादव भएको निज विश्वनाथ राय यादवको एक मात्र श्रीमती सुनरी देवी भएको र विश्वनाथ राय र सुनरी देवीको छोरा छोरी कोही नभई विश्वनाथ राय यादवको मिति २०६५।५।६ र सुनरी देवी मिति २०६५।६।१० मा आफ्नो कालगतीले स्वर्गबास भई सक्नुभएको र माहिला अंचीत रायको दुई छोरा भएकोमा जेठा विन्दालाल राय यादव, कान्छा नन्दलालप्रसाद यादव भएको र साहिला जादु राय

यादव र निजको श्रीमती चुनुचुनीया देवी लोग्ने स्वास्नी नि:सन्तान भई स्वर्गवास भएको र कान्छा रामप्रसाद राय यादवको एक मात्र श्रीमती हेमचली देवी भएको र निजहरूको २ छोरा भएकोमा जेठा जयप्रकाश राय यादव, कान्छा ओमप्रकाश राय यादव भएकोमा रामपृत राय यादव लोग्ने स्वास्नी, सुरूज राय यादव लोग्ने स्वास्नी र निज सुरूज राय यादवको छोरा विश्वनाथ राय यादव र निजको एक मात्र श्रीमती सुनरी देवी, माहिला अंचीत राय यादव लोग्ने स्वास्नी, साहिला जादुराय यादव निःसन्तान भई लोग्ने स्वास्नी, रामप्रसाद राय यादवसमेत अघिपछि गरी आ-आफ्नो कालगतीले स्वर्गबास भई सक्नुभएको छ । विश्वनाथ राय यादव र निजको श्रीमती सुनरी देवीको छोरा छोरी नभई विश्वनाथ राय यादव र सुनरी देवीको अपुताली खाने बेहोर्ने हकवाला हामी वादी र प्रतिवादीहरू मात्र हकवाला भएको र निज विश्वनाथ राय यादवको मृत्युपछि निजको क्रिया प्रतिवादी ओमप्रकाश राय यादवले र सुनरी देवीको क्रिया फिरादीमध्येको म विन्दालाल राय यादवले गरेको र विश्वनाथ राय यादव र सुनरी देवी लोग्ने स्वास्नीको श्राद्धमा लाग्ने खर्च हामी वादी र प्रतिवादीहरूले समानुपातिक तवरले लगाई श्राद्ध गरेको र विश्वनाथ राय यादव र सुनरी देवी बिरामी परेको अवस्थामा निज दाजु भाउजूको सेवा सुसार औषधी उपचार हामी वादी प्रतिवादीहरूले गर्दै आएकोले विश्वनाथ राय यादव र सुनरी देवीको अपुताली खाने बेहोर्ने हकवाला हामी भएकोले दाजु भाउजूको नाम दर्ताको जग्गाहरू हामी वादी प्रतिवादीहरूले नामसारी दर्ता गराई हालौं भनी प्रतिवादीहरूलाई भन्दा बाधा अवरोध गरी नामसारी दाखिल खारेज दर्ता गराउन नदिएकोले विश्वनाथ राय यादवको परेको अपुतालीमा २ भागको १ भाग प्रतिवादीहरूको स्व. लोग्ने बाबु रामप्रसाद राय यादवले र हाम्रो स्व. बाबु अंचीत राय यादवले पाउने १ भागमा परेको मोल रू. २,६२,०००।– जाने देहायबमोजिमका जग्गा घरहरूमा हामी वादीहरूको संयुक्त नाममा अपुताली हक कायम गरी हाम्रो नाउँमा दाखेल खारेज दर्तासमेत हुने र ऐलानी घर जग्गा र त्यसमा भएका घरहरूमा हक कायम भई भोग व्यवहार गर्न पाउनेसमेत गरिपाउँ भन्नेसमेत बेहोराको विन्दालाल राय यादव र नन्दलाल प्रसाद यादवको फिराद पत्र ।

दर्तावालाको नाम	जिल्ला	गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल
विश्वनाथ राय यादव	रौतहट	ईनरवारी	५	४७	०-२-३ मध्ये पश्चिमबाट ०-१-१ १/२
,,	,,	,,	५	६२	०-१-० मध्ये उत्तरबाट ०-०-१०
,,	,,	,,	५	६९	०-१-१५ मध्ये पूर्वबाट ०-०-१७ १/२
,,	,,	,,	५	७७	०-०-९ मध्ये दक्षिणबाट ०-०-४ १/२
,,	,,	,,	५	८७	०-३-० मध्ये उत्तरबाट ०-१-१०
,,	,,	,,	५	३२४	०-०-५ १/२ मध्ये पूर्वबाट ०-०-२ ३/४
,,	,,	,,	६	२९७	०-१-१८ मध्ये पूर्वबाट ०-०-१९
,,	,,	,,	६	३०४	०-१-७ मध्ये पश्चिमतर्फबाट ०-०-१३ १/२
विश्वनाथ राय यादव	,,	पिपरीया	१	९४४	०-१-१० मध्ये पूर्वबाट ०-०-१५
विश्वनाथ राय यादव	रौतहट	पिपरीया	१	९४६	०-२-१५ मध्ये दक्षिणतर्फबाट ०-१-७ १/२
,,	,,	,,	,,	१२६४	०-२-१४ मध्ये पूर्वबाट ०-१-७

,,	,,	,,	,,	१२६८	०-०-१० मध्ये दक्षिणतर्फबाट ०-०-५
,,	,,	,,	,,	९६४	०-०-१५ मध्ये पूर्वबाट ०-०-७$^{१}/_{२}$
,,	,,	,,	,,	९८४	०-१-१४ मध्ये पश्चिमतर्फबाट ०-०-१७
,,	,,	,,	,,	९९१	०-२-१० मध्ये उत्तरतर्फबाट ०-१-५
,,	,,	,,	,,	९९५	०-२-४ मध्ये पश्चिमतर्फबाट ०-१-२
,,	,,	पिपरीया	५	९०३	०-१-० मध्ये उत्तरतर्फबाट ०-०-१०
विश्वनाथ राय यादवको हक प्राप्त भई भोगी आएको जग्गा	रौतहट	ईनरवारी	६	२६३	०-०-५$^{१}/_{२}$ मध्ये पूर्वबाट ०-०-२$^{३}/_{४}$ फुसको घरसमेत
,,	,,	,,	,,	१६	०-०-४ मध्ये पूर्वतर्फबाट ०-०-२र फुसको घरसमेत
सुरूज राय	,,	,,	५	२६०	०-०-२$^{१}/_{४}$ मध्ये दक्षिणतर्फबाट ०-०-१-२र फुसको घरसमेत
सुरूज राय	,,	पिपरिया (प)	१	९७८	को जग्गा घरमध्ये पूर्वतर्फबाट ०-०-०-८ कनवामा बनेको फुसको घरसमेत
सुरूज राय	,,	,,	१	९८०	०-०-१८मध्ये दक्षिणतर्फबाट ०-०-९ र फुसको घरसमेत

काका सुरूज राय यादव र निजको छोरा दाजु विश्वनाथ राय यादव हाम्रो सगोलको अंशियार नभई निजहरू तथा हाम्रो पिताहरूबीच २०३७।८।४ मा रौतहट जिल्ला अदातलबाट अंशबन्डा भई बसेका अंशियार हौं । काका सुरूज राय यादव तथा दाजु विश्वनाथ राय यादव र भाउजू सुनरी देवीको सेवा सुसार औषधी

उपचार तथा मृत्युपश्चात क्रिया श्राद्धसमेत हामी वादी प्रतिवादीले गरेको होइन छैन । निजहरूको क्रिया श्राद्ध औषधी उपचार रेखदेखसमेत निज सुरूज रायको छोरी तथा विश्वनाथ रायको बहिनी राजपती देवीले नै माइती घरमा बसी गरेकी हुन् । पछि वादी दाबीको जग्गा घर हामी वादी प्रतिवादीसमेतले कहिले पनि जोतभोग चलन गरेको होइन छैन । दाबीको घर जग्गा विश्वनाथ राय यादव तथा काका सुरूज राय आफ्नो जीवनकालमा आफैँले जोतभोग चलन गरेका हुन् । निजहरूको बुढेसकालमा निजको छोरी बहिनी राजपती देवीले दाबीको घर जग्गा जोतभोग गरी आएकोमा सो घर जग्गामा विपक्षीको खिचोला कब्जा लगाई दिएको हुँदा काका सुरूज रायको छोरी राजपती देवीले हामीसमेत उपर दे.नं. १३२९ को अपुताली हक कायम दर्ता चलन मुद्दा गरेकी हुन् । प्रमाण लगाई पाऊँ । वादी दाबीको घर जग्गामा यी वादी तथा हामी प्रतिवादीसमेतको अपुताली हक कायम दर्तासमेत हुनुपर्ने होइन छैन भन्नेसमेत बेहोराको प्रतिवादी जयप्रकाश राय यादव र ओमप्रकाश राय यादवसमेतको संयुक्त प्रतिउत्तर पत्र ।

प्रतिवादी हेम चली देवी यादवको नाउँमा रौतहट जिल्ला अदालतबाट जारी भएको इतलायनामा मिति २०६५।११।११ गतेमा तामेल भई म्यादभित्रमा प्रतिउत्तर पत्र नदिई सुरू म्याद गुजारी बसेको ।

यी वादी प्रतिवादीहरू दाजुभाइ नाताका हुन् । मृतक विश्वनाथ राय र सुनरी देवीको सेवा सुसार रेखदेख औषधी उपचार तथा निजहरूको मृत्युपछि निजहरूका क्रिया श्राद्धसमेत यी वादीहरू तथा प्रतिवादीसमेत मिलीजुली सामूहिकरूपमा गरेको हो । विश्वनाथ राय तथा निजको श्रीमती सुनरी देवीको अपुताली यी वादीहरू तथा प्रतिवादीहरू समेतले बराबर पाउनु पर्ने हो । फिराद पत्रमा उल्लिखित सम्पूर्ण जग्गाहरूमा वादी दाबीअनुसार वादीहरूको अपुताली हक कायम दर्तासमेत हुनुपर्ने हो भन्नेसमेत बेहोराको वादीको साक्षी जयनुल मियाँ अंसारीले रौतहट जिल्ला अदालतमा गरेको बकपत्र ।

अपुतालीको महलको १ नं. को व्यवस्थाअनुसार सात पुस्ताभित्रको नजिकको अंशीयार र २ नं. को अपुतालीको क्रम निर्धारणभित्र यी वादीहरू परेको देखिँदा यी वादीहरूको अपुताली हक दुई भागको १ भाग रहेको देखिँदा मृतक विश्वनाथ र सुनरी देवीको अपुताली परेको सम्पत्तिबाट वादीहरूले दुई भागको १ भाग अपुताली पाउने ठहर्छ । मृतकहरूका अपुताली मृतकको विवाहित बहिनी राजपतीले पाउनु पर्ने भन्ने प्रतिउत्तर जिकिर पुग्न सक्दैन भन्ने रौतहट जिल्ला अदालतबाट मिति २०६७।९।८ मा भएको फैसला ।

विपक्षीका पिता अंचीत राय र हाम्रो बाबु रामप्रसाद राय र राजपती देवीको बाबु सुरूज राय दाजु विश्वनाथ रायबीच सुरू अदालतबाट संवत् २०३७।८।४ मा विधिवत् अंशबन्डा भई अलगिया अंशियार रहेको तथ्य स्थापित छ । मृतक विश्वनाथको किरिया श्राद्ध यी विपक्षी वादीले नगरेको कुरा निजको फिराद लेखबाट खुलेको छ । मृतक विश्वनाथ राय यादव निजका श्रीमती सुनरी देवी र काका सुरूज रायको स्याहार सम्भार, औषधी उपचार तथा मृत्युपश्चात् किरिया श्राद्ध विश्वनाथको बहिनी राजपती देवीले गरेकी हुन् । अपुतालीको ७, ११ नं. बमोजिम दाबीको जग्गामा राजपती देवीको अपुताली पर्ने हो । अपुतालीको १, २ नं. सामान्य व्यवस्था हो भने सोही महलको ७, ११ नं. विशेष व्यवस्था हो । मृतकले खाएको ऋण निजको बहिनी राजपती देवीले अपुताली खाएको हुँदा निजबाट भरिपाउने लगाउको लेनदेन मुद्दाबाट ठहर भएको छ । यी आधार प्रमाणको आधारमा सुरू रौतहट जिल्ला अदालतबाट वादी दाबी पुग्ने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त सुरू फैसला उल्टी गरी हाम्रो सुरू प्रतिउत्तर जिकिरबमोजिम इन्साफ गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादीहरू जयप्रकाश राय

यादव र ओमप्रकाश राय यादवको पुनरावेदन पत्र।

राजपती देवीले विश्वनाथको अपुताली खाएको आधार दिई २०६५ सालको दे.नं. १०७४।५२-०६५ को लेनदेन, २०६५।७।१८।२ दे.नं. १०९४ को लेनदेन, २०६५।६।१३।२ को दे.नं. १०३१ को लेनदेन मुद्दामा विश्वनाथले गरिदिएको लिखतअनुसारको साँवा ब्याज तिर्न बुझाउनु पर्ने गरी फैसला भइरहेको तथा मुलुकी ऐन, अपुतालीको ७ नं. तथा ११ नं. को व्याख्यात्मक प्रश्न विद्यमान रहेको सन्दर्भमा सुरूको फैसला विचारणीय भई फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।४।२८ मा भएको आदेश।

सुरूजको छोरा विश्वनाथ र निजको श्रीमती सुनरीको मृत्युपश्चात् निजले खाएको ऋण अपुताली खाने बहिनी राजपतिदेवीले तिर्नुपर्नेसमेत ठहरी बिगोसमेत भराइसकेको स्थिति मिसिलबाट देखिन्छ । पुनरावेदक प्रतिवादी जयप्रकाश र ओमप्रकाशले विश्वनाथ र निजको श्रीमतीको पालनपोषण र काज किरियासमेत हामी वादी प्रतिवादीहरूले गरेको नभई बहिनी राजपतिदेवीले नै गरेको हो भनी प्रतिउत्तर फिराएको देखिन्छ । यसरी प्रतिवादीहरू मध्येका एउटाको हाँगाको व्यक्तिहरूले हामीले पालनपोषणसमेत गरेको छैन । बहिनीले नै गरेको हो भनेको स्थितिमा अर्को हाँगाको छोराहरूले हामी सबै भएर पालनपोषण र काजकिरिया गरेको हो भन्ने भनाइलाई विश्वास गर्ने स्थिति देखिएन । विश्वनाथले खाएको ऋण तिर्ने दायित्व बहिनी राजपति देवीले स्वीकार गरिसकेपछि अपुतालीमा पनि राजपति देवीको नै हक हुने स्थिति देखिन आयो । तसर्थ, विश्वनाथ र निजको श्रीमतीको अपुताली हक बहिनी राजपति देवीले पाउने ठहरी आज यसै इजलासवाट दे.पु.नं.०६८-DP-०६५५ को जग्गा खिचोला अपुताली हक कायम दर्ता चलन मुद्दामा फैसला भएको समेत हुँदा यस मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहर गर्नुपर्नेमा वादी दाबीबमोजिम अपुताली हक कायम हुने ठहर्‍याएको सुरू रौतहट जिल्ला अदालतको मिति २०६७।९।८ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। वादी दाबी पुग्न सक्दैन भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।२७ मा भएको फैसला।

विपक्षीहरूले हामीले अपुताली हक खाने भए भन्ने डरले विपक्षीहरूको मिलोमतोमा राजपती देवीले बाबु विश्वनाथ र आमा सुनरीदेवीलाई पालनपोषण गरेको भनी गलत प्रतिउत्तर लगाई हामीउपर कुनियत चिताई लेनदेनसमेतका मुद्दा दायर गरेका हुन्। मुलुकी ऐन, अपुतालीको ११ नं.ले नजिकको व्यक्तिले पालनपोषण नगरेमा टाढाको व्यक्तिले पालनपोषण गरेकोमा अपुताली हक खान पाउने हो। पालनपोषण नगरेकी राजपती देवीले अपुताली पाउने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला उल्टी गरी सुरू जिल्ला अदालतको फैसला कायम गरिपाउँ भन्ने नन्दलालप्रसाद यादवको पुनरावेदन पत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी मृतक विश्वनाथ र सुनरी देवीको अपुताली परेको सम्पत्तिबाट वादीहरूले दुई भागको १ भाग अपुताली पाउने ठहर्‍याई रौतहट जिल्ला अदालतबाट भएको फैसला उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलामा चित्त नबुझाई वादीको तर्फबाट पुनरावेदन परेको देखिँदा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको छ छैन ? वादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? सोही विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

२. प्रस्तुत मुद्दाको मिसिल अध्ययन गर्दा मूल पुरूष रामपृत राय यादवको ४ छोरा भएकोमा जेठा सुरूज राय यादव, माहिला हामी फिरादीहरूको स्व.

बाबु अंचीत राय यादव, साहिला जादु राय यादव र कान्छा प्रतिवादीहरूको सगोलको बाबु रामप्रसाद राय यादव भएकोमा रामपृत राय यादवको मृत्युपछि चारै दाजु भाइ २०३७।८।४ मा रौतहट जिल्ला अदालतबाट अंशबन्डा भई भिन्दै बसी आउनु भएकोमा जेठा सुरूज राय यादवको एक मात्र छोरा विश्वनाथ राय यादव भएको निज विश्वनाथ राय यादवको एक मात्र श्रीमती सुनरी देवी भएको र विश्वनाथ राय र सुनरी देवीको छोराछोरी कोही नभई विश्वनाथ राय यादवको मिति २०६५।५।६ र सुनरी देवी मिति २०६५।६।१० मा आफ्नो कालगतीले स्वर्गबास भई सक्नुभएको र माहिला अंचीत रायको दुई छोरा भएकोमा जेठा विन्दालाल राय यादव, कान्छा नन्दलालप्रसाद यादव भएको र साहिला दुरा यादव र निजको श्रीमती चुनुचुनीया देवी लोग्ने स्वास्नी नि:सन्तान भई स्वर्गवास भएको र कान्छा रामप्रसाद राय यादवको एक मात्र श्रीमती हेमचली देवी भएको र निजहरूको २ छोरा भएकोमा जेठा जयप्रकाश राय यादव, कान्छा ओमप्रकाश राय यादव भएकोमा रामपृत राय यादव लोग्ने स्वास्नी, सुरूज राय यादव लोग्ने स्वास्नी र निज सुरूज राय यादवको छोरा विश्वनाथ राय यादव र निजको एक मात्र श्रीमती सुनरी देवी माहिला अंचीत राय यादव लोग्ने स्वास्नी, साहिला जदुराय यादव निःसन्तान भई लोग्ने स्वास्नी रामप्रसाद राय यादवसमेत अघिपछि गरी आ-आफ्नो कालगतीले स्वर्गबास भई सक्नुभएको छ । विश्वनाथ राय यादव र निजको श्रीमती सुनरी देवीको छोरा छोरी नभई विश्वनाथ राय यादव र सुनरी देवीको अपुताली खाने बेहोर्ने हकवाला हामी वादी र प्रतिवादीहरू मात्र हकवाला भएको र निज विश्वनाथ राय यादवको मृत्युपछि निजको क्रिया प्रतिवादी ओमप्रकाश राय यादवले र सुनरी देवीको क्रिया फिरादीमध्येको म विन्दालाल राय यादवले गरेको र विश्वनाथ राय यादव र सुनरी देवी लोग्ने स्वास्नीको श्राद्धमा लाग्ने खर्च हामी वादी र प्रतिवादीहरूले समानुपातिक तवरले लगाई श्राद्ध गरेको र विश्वनाथ राय यादव र सुनरी देवी बिरामी परेको अवस्थामा निज दाजु भाउजूको सेवा सुसार औषधी उपचार हामी वादी प्रतिवादीहरूले गर्दै आएकोले विश्वनाथ राय यादव र सुनरी देवीको अपुताली खाने बेहोर्ने हकवाला हामी भएकोले दाजु भाउजूको नाम दर्ताको जग्गाहरू हामी वादी प्रतिवादीहरूले नामसारी दर्ता गराई हालौं भनी प्रतिवादीहरूलाई भन्दा बाधा अवरोध गरी नामसारी दाखिल खारेज दर्ता गराउन नदिएकोले विश्वनाथ राय यादवको परेको अपुतालीमा २ भागको १ भाग प्रतिवादीहरूको स्व. लोग्ने बाबु रामप्रसाद राय यादवले र हाम्रो स्व. बाबु अंचीत राय यादवले पाउने १ भागमा परेको मोल रू. २,६२,०००।–जाने जग्गा घरहरूमा हामी वादीहरूको संयुक्त नाममा अपुताली हक कायम गरी हाम्रो नाउँमा दाखेल खारेज दर्तासमेत हुने र ऐलानी घर जग्गा र त्यसमा भएका घरहरूमा हक कायम भई भोग व्यवहार गर्न पाउनेसमेत गरिपाउँ भन्ने मुख्य फिराद दाबी भएको प्रस्तुत मुद्दामा काका सुरूज राय यादव तथा दाजु विश्वनाथ राय यादव र भाउजू सुनरी देवीको सेवा सुसार औषधी उपचार तथा मृत्युपश्चात् क्रिया श्राद्धसमेत हामी वादी प्रतिवादीले गरेको होइन छैन । निजहरूको क्रिया श्राद्ध औषधी उपचार रेखदेखसमेत निज सुरूज रायको छोरी तथा विश्वनाथ रायको बहिनी राजपती देवीले नै माइती घरमा बसी गरेको हुन् । वादी दाबीको घर जग्गामा यी वादी तथा हामी प्रतिवादीसमेतको अपुताली हक कायम दर्तासमेत हुनुपर्ने होइन छैन भन्नेसमेत बेहोराको प्रतिवादी जयप्रकाश राय यादव र ओमप्रकाश राय यादवसमेतको संयुक्त प्रतिउत्तर रहेको वादी दाबीबमोजिम हुने ठहराई सुरू जिल्ला अदालतबाट फैसला भएकोमा पुनरावेदन अदालतबाट सुरू इन्साफ उल्टी भएकोले वादीको यस अदालतमा पुनरावेदन परी यस इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको देखियो ।

३. वादीले आफू र प्रतिवादीहरूले मृतक

विश्वनाथ र निजका बाबु सुरज रायको जीवनकालमा आफूसाथ पालन पोषण गरिआएको र निजको मृत्युपछि विवादित जग्गा भोगचलन गरिआएको हुँदा उक्त जग्गाको जग्गा पजनीको २ नं. र अपुतालीको महलको २ र २० नं. अनुसार आफू स्वाभाविक हकदार रहेको देखाउन खोजेको पाइन्छ । यस तथ्यलाई पुष्टि गर्न अन्य कुनै प्रमाणबाट समर्थित भएको देखिँदैन । उक्त तथ्यलाई प्रतिवादीहरूले प्रतिउत्तरमा इन्कार गरेको र वादी तथा आफूहरूले पनि परलोक भएका विश्वनाथ र निजको श्रीमती सुनरी देवीको सेवा टहल नगरेको र मृतक विश्वनाथकी बहिनी राजपति देवीले सेवा टहल गरेको भनी जिकिर लिएको देखिन्छ । यसबाट वादीले मर्ने विश्वनाथ र निजको श्रीमती सुनरी देवीको जीवनकालमा सेवा टहल नगरेको र मृत्युपछि श्राद्ध किरियालगायतका संस्कारहरू सम्पन्न नगरी मृतककी बहिनीले सेवा टहल गरेको भन्ने दे.नं. १३२९ को वादी राजपति देवी र प्रतिवादी ओमप्रकाश रायसमेत भएको घर जग्गा खिचोला अपुताली हककायम मुद्दामा विश्वनाथ र निजको श्रीमतीको अपुताली हक बहिनी राजपतिदेवीले पाउने ठहर भई मुद्दा अन्तिम भई बसेको भन्ने तथ्यमा विवाद देखिँदैन । त्यस्तै २०६५ सालको दे.नं. १०७४/५२-०६५, २०६५ सालको दे.नं. १०३१ का लेनदेन मुद्दाका साक्षीहरूले विश्वनाथ र निजको श्रीमतीको पालन पोषण र काजकिरियासमेत राजपति देवीले नै गरेकोले विश्वनाथले खाएको ऋण निज राजपति देवीले नै तिर्नु पर्ने हो भनी बकपत्र गरी सोही आधारमा उक्त लेनदने मुद्दाहरूमा विश्वनाथले खाएको ऋण राजपति देवीले तिर्नु पर्ने ठहर गरी भएको फैसला बदर गरिपाउँ भनी वादी नन्दलाल र विन्दलालले फिराद दिएकोमा वादी दाबी पुग्न नसक्ने ठहरी अन्तिम भई बसेको देखिन्छ । यसरी विश्वनाथ र निजको श्रीमतीको अपुताली हक बहिनी राजपति देवीको अपुतालीको महल अनुसार के कस्तो हक हुने रहेछ भनी हेर्दा मुलुकी ऐन, अपुतालीको ११ नं.मा देहायअनुसार कानूनी व्यवस्था रहेको देखिन्छः

> **११ नं. यस महलको अन्य नम्बरहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि अपुताली पर्दा मर्नेको स्याहार सम्भार नजिकको हकवालाले नगरी अन्य व्यक्तिले गरेको रहेछ भने त्यस्तो व्यक्तिको अपुतालीको सबै चल अचल सम्पत्ति त्यस्तो स्याहार सम्भार गर्नेले पाउँछ ।**

४. प्रस्तुत कानूनी व्यवस्थाले अपुतालीको सम्बन्धमा मर्ने व्यक्तिको सँगसाथमा रही स्याहार सम्भार गर्ने व्यक्तिलाई मर्ने व्यक्तिको पहिलो प्राथमिकता प्राप्त हकवाला व्यक्तिको रूपमा राखेको पाइन्छ । प्रस्तुत मुद्दाका सन्दर्भमा हेर्दा मर्ने व्यक्तिको कुनै छोरा सन्तान नभएको तथ्यमा विवाद भएन । वादीले मर्ने व्यक्तिलाई स्याहार सम्भार गरेको भनी दाबी लिएकोमा सो सम्पत्तिबाट आधा हक प्राप्त गर्न सक्ने प्रतिवादीहरूले वादी र आफूहरू समेतले स्याहार सम्भार गरेको नभई विश्वनाथकी बहिनी राजपती देवीले स्याहार सम्भार टहल चाकर गरेको भनी प्रतिउत्तर फिराएको र वादीले स्याहार सम्भार गरेको भन्ने दाबी खण्डित भएको यस्तो अवस्थामा विश्वनाथ र निजको श्रीमतीलाई सेवा सुसार औषधो उपचार हामी वादी प्रतिवादीले गरी मृत्युपश्चात् काज क्रिया, श्राद्ध गरेको भन्ने वादीको दाबी प्रमाणित हुनसकेको देखिएन ।

५. प्रस्तुत विवादमा वादीको भनाइ मूलतः आफू र प्रतिवादीहरू मर्ने व्यक्तिको हकदार भएकोले मर्ने व्यक्तिसँगको नाताको आधारमा आफूले समेत अपुताली परेको सम्पत्तिमा हिस्सा पाउनु पर्ने भन्ने जिकिरमा आधारित देखिन्छ । तर प्रस्तुत विवाद अंशको सम्बन्धमा परेको नभई अपुताली सम्बन्धमा परेको देखिन्छ । अंश र अपुतालीका विषयहरू झट्ट हेर्दा उस्तै देखिने भए पनि पृथक विषयहरू हुन् । अंशको विवादमा अंशियार हुनलाई नाता सम्बन्ध

महत्त्वपूर्ण हुन्छ । तर अपुतालीको सम्बन्धमा माथि विवेचना गरिएअनुसार स्याहार सम्भार गर्ने व्यक्तिलाई मर्ने व्यक्तिको सम्पत्तिको हकदार मानिएको देखिन्छ । बाँचुन्जेल मर्ने व्यक्तिलाई स्याहार सम्भार नगर्ने, आफ्नो कर्तव्य निर्वाह नगर्ने तर मरेपछि मर्ने व्यक्तिसँग केवल नाता र हकदार हुनुको आधार देखाएर अपुतालीको सम्पत्ति दाबी गर्ने र त्यस्तो सम्पत्तिमा हक प्राप्त गर्ने कुरालाई प्रस्तुत कानूनी व्यवस्थाले अनुमति दिएको देखिँदैन ।

६. अतः राजपति देवी अपुतालीको ११ नं. अनुसार मर्नेका स्याहार सम्भार गर्ने व्यक्ति भएकोले निज विश्वनाथ र निजको श्रीमतीको सम्पत्तिमा स्वाभाविक रूपमा हक लाग्ने व्यक्ति देखिएको हुँदा सुरु जिल्ला अदालतले वादी दाबीबमोजिम हुने ठहर्‍याई गरेको फैसला उल्टी हुने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।१०।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत काटी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. चोलेन्द्र शमशेर ज.ब.रा.

इजलास अधिकृत : जगतबहादुर पौडेल
इति संवत् २०७४ साल जेष्ठ ९ गते रोज ३ शुभम् ।

निर्णय नं. १००१०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७४।१।१९
०६९-WO-१३३०

मुद्दाः उत्प्रेषण

निवेदक : ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १९ बस्ने रत्नदास श्रेष्ठको छोरा नारायण दास श्रेष्ठसमेत

विरूद्ध

विपक्षी : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

- **विवादित जग्गा नेपाल सरकारको नाउँमा आउनको लागि मुलुकी ऐन अपुताली महलको उल्लिखित १७ नं. ले तोकेको उल्लिखित प्रक्रिया पूरा गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको र सो कार्य गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै ऐनले नदिएको अवस्थामा प्रचलित कानूनविपरीत नेपाल सरकारको नाउँमा कायम गर्नु गराउनु भनी आदेश दिने कानूनी अख्तियारी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहेको नदेखिने ।**
- **अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. मा सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य गरेको ठहर भएपछि सो अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित**

सर्वोच्च अदालत

कानूनबमोजिम सच्याउनका लागि विपक्षी आयोगले दफा १२ख. बमोजिम लेखी पठाउन सक्ने देखिन्छ। विवादित जग्गाको विषयमा पक्षहरूका बीच खिचोला हक कायम मुद्दा चली सो मुद्दामा भएको अन्तिम फैसलाको आधारमा मालपोत कार्यालयले एकपटक व्यक्तिको नाममा दर्ता गरेको निर्णयलाई अदालतको अन्तिम भई बसेको फैसलासमेतको विपरीत हुने गरी उत्प्रेषण प्रकृतिको आदेश जारी गर्ने अधिकार प्रत्यर्थी आयोगलाई विद्यमान कानूनले प्रदान गरेको नदेखिने।

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री जगदिश चन्द्र पाण्डे
विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री उद्धव पुडासैनी
अवलम्बित नजिर :
सम्बद्ध कानून :

आदेश

न्या. केदारप्रसाद चालिसे : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यसप्रकार छ:-

रिट निवेदनको बेहोरा

ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १३ बस्ने सानु धौमाकु श्रेष्ठको २०११ सालमा मृत्यु भएको र निज नि:सन्तान रही निजको अपूताली खाने नजिकका हकदार नभएको र निजको नाउँमा ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका साबिक वडा नं. १३ मा कि.नं. २०२ र २६१ को जग्गा रहेको थियो। उक्त जग्गामा हामीले निज जीवित रहेकै समयदेखि गुठी सञ्चालन गरी दशैंको खड्ग जात्रा र पाटनको कुमारी पूजालगायतका काम गर्दै आएका हुँदा निज सानु धौमाकुका हामी अपुताली खाने हकदार रहेकोमा कुनै विवाद छैन। २०१८ सालमा निज सानु धौमाकुको घर धरापमा परेको भनी जाँचकीबाट रिपोर्ट पर्न आएकोमा सर्जमिन गर्दा हामी निवेदकहरूका बाबु बाजे र ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १९ बस्ने तुलसीलाल श्रेष्ठले हकदार भनी तत्कालित ललितपुर नगरपालिकासमक्ष बयान गरेको र नगरपालिकाले हकबेहकको लागि बाँडफाँड इलाका अदालतमा नालेस गर्न जानु भनी मिति २०२०/०५/१४ मा निर्णय पर्चा गरेको थियो। सो निर्णय पर्चाउपर तुल्सीलाल श्रेष्ठले मिति २०२१/०६/१५ मा जिल्ला पञ्चायत ललितपुरमा पुनरावेदन गरेकोमा मिति २०५४/०१/०८ गते जिल्ला विकास समिति ललितपुरबाट अपुतालीको हक बेहकसम्बन्धी निर्णय गर्ने अधिकार नभएकोले अदालतमा हकबेहक छुट्याउन जानु भनी निर्णय भएको थियो। उक्त जिल्ला विकास समितको निर्णयउपर मु.स. गर्ने हेमलाल श्रेष्ठले हामीहरूका बुबा भक्तलाल श्रेष्ठ, विष्णुप्रसाद श्रेष्ठ, रत्नदास श्रेष्ठ, बलदेवदास श्रेष्ठ, मुकुन्दलाल श्रेष्ठ, मदनलाल श्रेष्ठ, भिममायाँ श्रेष्ठसमेतलाई प्रतिवादी तुल्याई ललितपुर जिल्ला अदालतमा हक कायम निर्णय दर्ता बदरसमेतको मुद्दा दायर गरेकामा ललितपुर जिल्ला अदालतले मिति २०५७/०३/१९ मा वादी दाबी पुग्न नसक्ने हुँदा खारेज हुने ठहर्छ भनी फैसला गरेको र उक्त फैसलाउपर हेमलाल श्रेष्ठले पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेकामा उक्त अदालतबाट मिति २०५९/१०/०९ मा सुरू फैसला सदर हुने गरी फैसला गरी अन्तिम रही बसेको अवस्था छ।

उक्त फैसलापश्चात् हामी निवेदकहरू समेतले फैसला कार्यान्वयन गरी दा.खा. समेत गरिपाउँ भनी

मालपोत कार्यालय, ललितपुरसमक्ष निवेदन दिएकामा मालपोत कार्यालय, ललितपुरबाट उक्त कि.नं. २०२ र २६१ का घर जग्गाहरू हामी निवेदक नारायणदास श्रेप्ठ, देवन्द्रलाल श्रेष्ठ, रामप्रसाद श्रेष्ठ, बद्रिदास श्रेष्ठ, मनोजकुमार श्रेष्ठ र मुकुन्दलाल श्रेष्ठसमेतका नाममा संयुक्त दा.खा. गरिदिने गरी मिति २०६९/०३/१३ मा निर्णय भई जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरी उल्लिखित घर जग्गाहरू गुठीको रूपमा चलाई भोगचलन गरी आइरहेका छौं । साथै मुकुन्दलाल श्रेष्ठको मिति २०६९/०३/१९ गते परलोक भएकोमा निजको हकबाट हामी निवेदकहरू मध्ये देवेशलाल श्रेष्ठ र रघु श्रेष्ठको नाममा मिति २०६९/०६/१६ गते नामसारीसमेत भएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७०/०१/१३ गते मुलुकी ऐन, अपुतालीको महलको १७ नं. ले ३ महिनाभित्र मर्नेको हकवाला कोही आएन वा पत्ता लागेन भने सो अपुताली नेपाल सरकारको हुने प्रस्ट कानूनी व्यवस्था हुँदाहुँदै निजी गुठी जनाई व्यक्तिहरूका नाममा दा.खा. गर्ने गरेको मालपोत कार्यालय, पाटनको निर्णय कानूनसम्मत नदेखिँदा उक्त निर्णय सच्याई उल्लिखित कित्ता जग्गाहरू नेपाल सरकारको नाममा कायम गर्नु गराउनु भनी मालपोत विभाग लेखी पठाउने भनी गरेको निर्णयबमोजिम मालपोत कार्यालय, ललितपुरबाट हामी निवेदकहरूलाई उल्लिखित कित्ता जग्गा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०/०१/२० को पत्रानुसार निर्णय सच्याई नेपाल सरकारको नाममा कायम गर्नु भनी भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०७०/०१/२४ को पत्रबाट लेखी आएकोले यस कार्यालयको मिति २०६९/०३/११ को दर्ता दा.खा. निर्णय सच्याई तपाईँसमेतको नाममा निजी गुठी जनिई उल्लिखित कित्ता जग्गा २०७०/०१/२६ को निर्णयले नेपाल सरकारको नाममा कायम गरिएको बेहोरा जानकारी गराइन्छ भन्ने पत्र मिति २०७०/०२/२० मा थाहा जानकारी पाएकोमा म्यादैभित्र उक्त निर्णयहरू बदर गरिपाउन सम्मानित अदालतसमक्ष उपस्थित हुन आएका छौं।

तुलसीलाल श्रेष्ठको मु.स. गर्ने हेमलाल श्रेष्ठले हक बेहकको सम्बन्धमा ललितुर जिल्ला अदालतमा मुद्दा गरी हक कायम नहुने गरी फैसला भएको र पुनरावेदन अदालतबाट पनि सदर भएको साथै उल्लिखित घरजग्गा हामी निवेदकमध्ये देवेशलाल श्रेष्ठ र रघु श्रेष्ठको बाबु मुकुन्दलाल श्रेष्ठ र सुवर्णलाल श्रेष्ठको नाउँमा मिति २०४१/०९/११ मा दर्ता भएकोमा सोसमेत बदर गरिपाउँ भनी नालेस दिएकोमा सो निर्णय दर्तासमेत सदर हुने ठहर्छ भनी ललितपुर जिल्ला अदालतबाट मिति २०५७/०३/१९ र पुनरावेदन अदालत पाटनबाट २०५९/१०/०९ गते फैसला भएकोमा उल्लिखित फैसलाहरूको आधारमा मालपोत कार्यालय ललितपुरबाट हामी निवेदकहरूको नाममा दर्ता नामसारी भएकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले उक्त जग्गा नेपाल सरकारको नाउँमा कायम हुने गरी निर्णय गरेकोले उक्त निर्णय गर्ने अधिकार निजलाई नभएकोले बदरभागी छ । हामीले उक्त घर जग्गाको पर्खाल जिर्ण भएकामा निर्माण गरेका र यशकुमार शिल्पकारले ललितपुर उपमहानगरपालिकामा उक्त जग्गा सार्वजनिक हो भनी दिएको निवेदनमा सार्वजनिक भन्न मिलेन भनी निर्णयसमेत भएको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अपुतालीको १७ नं. लाई आधार मानी नेपाल सरकारको नाउँमा ल्याउनु भनी गरेको निर्णय हेर्दा अपुतालीको १७ नं. मा निज विपक्षीले भने जस्तो व्यवस्था भएको पाइँदैन। अपुतालीको १७ नं. मा अपुताली पर्दा निजको हकदार कोही रहेनछ भने सोको सूचना गाउँ विकास समिति वा नगरपालिकालाई दिनुपर्छ र गाउँ विकास समिति वा नगरपालिकाले पनि एकप्रति मुचुल्कासहित

सो कुराको जाहेरी जिल्ला कार्यालयमा पठाउनु पर्छ । सो मर्ने मानिस फलाना ठाउँको हो भन्ने पत्ता लागे मर्नेका हकवालाका नाउँमा ३ महिने म्याद पठाउनु पर्दछ । म्यादभित्र हकवाला कोही आएन वा पत्ता लागेन भने अपुताली नेपाल सरकारको हुने भन्ने व्यवस्था छ । अर्कोतर्फ विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सक्षम अधिकारप्राप्त अदालतले गरेको फैसलाबमोजिम सक्षम निकाय मालपोत कार्यालय ललितपुरले गरेको दा:खा नामसारीलाई आफ्नो कुनै हकै नभएको अवस्थामा बदर गर्न निर्णय गरी आदेश दिएको छ । विपक्षीले हामी निवेदकलाई सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेको छ । विपक्षीले निर्णय गर्दा यो कानूनले गर्दा बदर हुन्छ भनी खुलाएकोसमेत छैन ।

अत: हक बेहकको सम्बन्धमा तहतह हुँदै सम्मानित ललितपुर जिल्ला अदालत मिति २०५७/०३/१९ र पुनरावेदन अदालत पाटनबाट २०५९/१०/०९ गते फैसला भई सो फैसलाको आधारमा हामी निवेदकहरूको नाउँमा मालपोत कार्यालय ललितपुरबाट मिति २०६७/०३/१३ मा कित्ता नं. २०२ र २६१ को घरजग्गा दर्ता भएकोमा सोविपरीत अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णय गरी नेपाल सरकारको नाउँमा कायम गराउन आदेश दिएकोले उक्त आदेशले हामी निवेदकहरूको कानूनी हक हनन् भई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०/०१/०९ र २०७०/०१/१३ को निर्णय, विपक्षी भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०७०/०१/२४ को निर्णय र मालपोत कार्यालय लगनखेल ललितपुरको मिति २०७०/०१/२६ को दर्ता दा.खा. निर्णय र सोसम्बन्धी सम्पूर्ण काम कारबाही बदर गरी निवेदकहरूका नाउँमा साबिकबमोजिम दर्ता स्रेस्ता र धनीपुर्जा यथावत् कायम राख्नु भन्ने परमादेशलगायत जो जाहिने उपयुक्त आज्ञा आदेश जारी गरी इन्साफ पाउँ साथै विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरले हामीहरूको नाउँमा रहेको उक्त कि.नं. २०२ र २६१ को घर जग्गालाई खाली गर्नु, घरमा लगाई राखेको ताल्चा खोल्नु भनी विपक्षी प्रहरी परिसर जाउलाखेललाई पत्राचार गरेको हुँदा विपक्षीहरूबाट उल्लिखित घरजग्गा कब्जा गरी गुठी सञ्चालन गर्न नसक्ने अवस्था विद्यमान हुने हुँदा प्रस्तुत निवेदन पत्रको अन्तिम टुङ्गो नलागेसम्म प्रत्यर्थी आयोगको विवादित निर्णयको आधारमा उल्लिखित घरजग्गामा प्रवेश गर्ने, घरजग्गा खाली गर्ने गराउने, घरमा लागेको ताल्चा खोल्न लगाउनेलगायतका कुनै पनि कार्य नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूका नाउँमा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदन पत्र ।

यस अदालतको मिति २०७०/०३/१४ को आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुन नपर्ने कुनै कारण भए सोको आधार खुलाई यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाउँमा रिट निवेदनको १ प्रति नक्कल साथै राखी सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई लिखित जवाफ पेस भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । साथै अन्तरिम आदेश जारी गरिपाउँ भनी माग गरेको सम्बन्धमा विपक्षीसमेत बुझी छलफल हुन उपयुक्त देखिँदा मिति २०७०/०३/२० का दिन छलफलका लागि उपस्थित हुनु भनी विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नू ।

महानगरीय प्रहरी परिसर, पाटन, ललितपुरको मिति २०७०/०३/१९ को लिखित जवाफ

सत्यदेवी देवकोटाले विपक्षी रिट निवेदक बद्रीदास श्रेष्ठको विरूद्धमा जिल्ला प्रशासन कार्यालय,

ललितपुरमा दिएको निवेदन जिल्ला प्रशासन कार्यालय, ललितपुरको चलानी नं. ६८३६ मिति २०६९/०२/१७ गतेको पत्रसाथ शान्ति सुरक्षाको हकमा आवश्यक कारबाही गरिदिनु हुन भनी तोक आदेश भई यस परिसरमा सक्कलै निवेदन पत्र प्राप्त भएकोमा शान्ति सुरक्षाको हकमा के भएको हो भनी बुझ्नेसम्मका कार्य यस परिसरबाट भएको हो। अन्य केही नगरिएकाले उक्त आधारहीन एवं कपोलकल्पित रिट निवेदन खारेज भागी छ, खारेज गरिपाऊँ।

जिल्ला प्रशासन कार्यालय ललितपुरका तर्फबाट प्रमुख जिल्ला अधिकारी शशिशेखर श्रेष्ठको मिति २०७०/०३/२४ को लिखित जवाफ

विपक्षी रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेको विषय सम्बन्धमा स्थानीय प्रशासन ऐन, २०२८ को अधिकार प्रयोग गरी शान्ति सुरक्षाको हकमा बुझी आवश्यक कारबाही हुन महानगरीय प्रहरी परिसर ललितपुरमा पत्राचार गरिएको र शान्ति सुरक्षा कायम गराउन दुवै पक्षबीच छलफलसम्म गराइएको बाहेक विपक्षी रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेको जस्तो कार्य यस कार्यालयबाट भए गरेको नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

नेपाल सरकार, भूमिसुधार तथा व्यवस्थापन विभागको तर्फबाट महानिर्देशक तेजराज पाण्डेको मिति २०७०/०३/२७ को लिखित जवाफ

यस विभागको च.नं. २७०६ मिति २०७०/०१/२४ को पत्राचारको विषय छ उक्त पत्राचार अख्तियार दुरूपयोग अनुसन्धान आयोगको २०७०/०१/०९ को निर्णय कार्यान्वयन सम्बन्धमा च.नं. १३३१ मिति २०७०/०१/२० को पत्रबाट लेखी आएबमोजिम भएको देखिन्छ। उक्त पत्राचारको फोटोकपी यसैसाथ संलग्न छ। अत: रिट दाबीको जग्गा दर्ता सम्बन्धमा यस विभागबाट कुनै निर्णय नभएको र रिट निवेदनमा उल्लिखित यस विभागबाट भएको मिति २०७०/०१/२४ को पत्राचार अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०/०१/०९ को निर्णय एवं च.नं. १३३१ मिति २०७०/०१/२० को पत्रबाट लेखिआएबमोजिम भएको हुँदा प्रस्तुत विषयमा यस विभागलाई विपक्षी बनाई रहन पर्ने अवस्था नहुँदा विनाआधार र कारण यस विभागलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज भागी हुँदा खारेज गरिपाऊँ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालको तर्फबाट सचिव केशवप्रसाद भट्टराईको मिति २०७०/०३/३१ को लिखित जवाफ

विवादित कित्ता जग्गाहरू सानु धौमाकुका नै हुन् भन्ने तथ्यलाई निवेदकहरू स्वंयले स्वीकार गरिरहेका छन्। तथापि सानु धौमाकुको परलोकपछि ती कित्ता जग्गाहरूमा निजी गुठीमार्फत आफूहरूको हक स्थापित हुनसक्ने गरी दाताले दिएको कुनै लिखत र आधार निजहरूबाट पेस हुनसकेको छैन। ती जग्गाहरू सानु धौमाकुकै हुन् र निज नि:सन्तान भई परलोक भएपछि सो जग्गामा कसैको हक लाग्ने होइन भनी स्थानीय मानिसहरूको उजुरीसमेतको आधारमा यस आयोगबाट विस्तृत अनुसन्धान हुँदा पनि ती कित्ता जग्गाहरूमा निवेदकलगायत कसैको पनि हक स्थापित हुने नदेखिएको र ऐनले म्यादभित्र ती जग्गाहरूमा कोही पनि हकवाला दाबी गर्न नआएको आधारमा मुलुकी ऐन, अपुताली महलको १७ नं. बमोजिम ती कित्ता जग्गाहरू नेपाल सरकारको नाममा दर्ता हुने गरी यस आयोगबाट भएको मिति २०७०/०१/०९ मा निर्णय भएको हो। यसर्थ उक्त निर्णयबाट निवेदकहरूको कुनै संवैधानिक एवं कानूनी हक हनन नभएकोले उक्त रिट निवेदन खारेज भागी छ।

निवेदकले उल्लिखित गरेबमोजिम उक्त कित्ता जग्गाहरूमा अदालतको फैसलाबाट कसैको अपुताली हक सृजना भएको छैन तथापि अदालतबाटै

हक स्थापित भएको भनी मालपोत कार्यालय, ललितपुरका कर्मचारीहरूलाई हात लिई उक्त कित्ता जग्गाहरू निवेदकहरूले आफूहरूको नाममा दर्ता गराएको देखिन्छ । सो नभएको तथ्यलाई बङ्ग्याई भएको तथ्यलाई लुकाई यी निवेदकहरू पुन: सम्मानित अदालतसमक्ष आएको देखिन्छ । तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

मालपोत कार्यालय, ललितपुरका प्रमुख मालपोत अधिकृत राजेन्द्रप्रसाद पराजुलीको मिति २०७०/०४/०१ को लिखित जवाफ

यसमा वादी तुल्सीलाल श्रेष्ठको मु.स. गर्ने हेमलाल श्रेष्ठ र प्रतिवादी रत्नदास श्रेष्ठको मु.स. गर्ने नारायण दास श्रेष्ठसमेत भएको हक कायम मुद्दामा सम्मानित ललितपुर जिल्ला अदालतबाट मिति २०५७/०३/१९ गते फैसला हुँदा वादी दाबी खारेज हुने ठहरी फैसला भएको र उक्त फैसलाउपर विपक्षी वादीको पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेकोमा सम्मानित पुनरावेदन अदालत पाटनबाट मिति २०५९/१०/०९ मा फैसला हुँदा सुरु फैसला सदर हुने गरी फैसला भएको र उक्त फैसला अन्तिम भई बसेकोले ललितपुर नगरपालिका साबिक १३ हाल १९ को कि.नं. २०२ को क्षेत्रफल ०-४-१-१ र कि.नं. २६१ को क्षे.फ. ०-०-१-० को जग्गा हामी प्रतिवादीहरूको नाममा फैसलाबमोजिम दा.खा. गरिपाउँ भनी रत्नदास श्रेष्ठको मु.स. गर्ने नारायण दास श्रेष्ठसमेत ६ जनाले ललितपुर जिल्ला अदालतको मिति २०६८/०८/१४ को जनाउ पत्रसमेत संलग्न गरी निवेदन प्राप्त भई उक्त मागबमोजिम कुल देवता निजी गुठीका थकालीहरू नारायणदास श्रेष्ठ, देवन्द्रलाल श्रेष्ठ, रामप्रसाद श्रेष्ठ, बद्रिदास श्रेष्ठ, मनोजकुमार श्रेष्ठ, मुकन्दलाल श्रेष्ठसमेतको नाममा अदालतको फैसलाबमोजिम दा.खा. गर्ने निर्णय भई मिति २०६९/०३/१३ मा दा.खा. भएको । उक्त दा.खा. सच्चाई उल्लिखित कित्ता जग्गाहरू नेपाल सरकारको नाममा गर्नु भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. १३३१ मिति २०७०/०१/२० को पत्रबाट लेखिन आएकोले उपर्युक्तबमोजिम गर्नु भनी भूमिसुधार तथा व्यवस्थापन विभागको च.नं. २७०६ मिति २०७०/०१/२४ को पत्रबाट लेखी आएकोले सोही निर्देशन कार्यान्वयन गरी नेपाल सरकारको नाममा दा.खा. गर्ने गरी यस कार्यालयबाट मिति २०७०/०१/२६ मा निर्णय भएकोले यस मुद्दामा यस कार्यालयलाई विपक्षी बनाई रहनु पर्ने अवस्था छैन । यस कार्यालयलाई तालुक अड्डाबाट प्राप्त निर्देशन कार्यान्वयनसम्म गरिएकोले रिट निवेदन खारेज भागी भएकोले खारेज गरिपाऊँ।

यस अदालतको मिति २०७०/०५/०२ को आदेश

यसमा निवेदन मागको विषयमा पूर्ण सुनुवाइबाट नै निराकरण हुनु उपयुक्त देखिनाले तत्काल अन्तरिम आदेश जारी गरिरहनु परेन। धार्मिक परम्परासमेतसँग सम्बन्धित गुठीको विषय हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३(३)(च)(५) बमोजिम अग्राधिकार प्रदान गरी नियमानुसार पेस गर्नू।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदनसहित मिसिल संलग्न कागजात अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री जगदीशचन्द्र पाण्डेले निवेदकहरूले कि.नं. २०२ र २६१ को जग्गा सानु धौमाकु जीवित रहँदै निजको इच्छाबमोजिम इखालखुमा रहेको प्रजा श्रेष्ठ र तत्त्व श्रेष्ठहरूको आँगन देवता निजी गुठी बनाई परापूर्वदेखि गर्दै आएको दशैंको खड्ग जात्रा र पाटनको कुमारी पूजालगायतको काम गर्दै आएको जग्गा हो। घरजग्गा धनी सानु धौमाकुको २०११ सालमा निधनपछि २०१८ सालमा घर धरापमा परेकोमा निवेदकहरूका

बाबु र तुल्सीलाल श्रेष्ठबीच अपुतालीमा तेरो मेरो भएकोमा तुल्सीराम श्रेष्ठले तत्कालीन नगरपञ्चायतमा निवेदन गरेकामा हक बेहकको विषयमा अदालत जान भनी निर्णय सुनाएकोमा नगई बसेको अवस्था छ । त्यस्तैमा निवेदकहरू मध्ये देवेशलाल श्रेष्ठ र रघु श्रेष्ठको बाबु मुकुन्दलाल श्रेष्ठ र सुवर्णलाल श्रेष्ठको नाउँमा मिति २०४१/०९/११ मा उक्त विवादित जग्गाहरू दर्ता भएकोमा सो बदर गराउन तुल्सीलाल श्रेष्ठको मु.स. गर्ने हेमलाल श्रेष्ठले हक कायम र निर्णय दर्ता बदर मुद्दा ललितपुर जिल्ला अदालतमा गरेकोमा निजको वादी दाबी कायम हुन नसकी खारेज हुने ठहर्छ भनी फैसला भएको र उक्त फैसला पुनरावेदन अदालत पाटनको मिति २०५९/१०/०९ को फैसलाले सदर गरेको अवस्था रहेको छ । उक्त जग्गाको विषयमा यशकुमार शिल्पकारसमेतले ललितपुर उपमहानगरपालिकासमक्ष सार्वजनिक जग्गा भनी निवेदन दिएकामा ललितपुर उपमहानगरपालिकाबाट सार्वजनिक भन्न मिलेन भनि मिति २०६९/०६/१५ मा फैसलासमेत भएको छ । यस्तो अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सक्षम अदालतबाट भएको फैसलाबमोजिम मालपोत कार्यालले मिति २०६९/०३/१३ मा गरेको निर्णयविपरीत अधिकार क्षेत्र नाघी सरकारको नाममा आउने गरी गरेको निर्णय कानूनविपरीत रहेको छ । निवेदकहरूलाई कुनै जानकारी र स्पष्टीकरण पेस गर्ने मौकासमेत नदिई सक्षम अदालतको फैसला अन्तिम भइरहेको अवस्थामा अदालतको फैसलाविपरीत निजी गुठी जग्गालाई सार्वजनिक कायम गर्नु भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको निर्णय र सोही निर्णयका आधारमा विपक्षी भूमिसुधार तथा व्यवस्थापन विभागले गरेको मिति २०७०/०१/२४ को निर्णय र मालपोत कार्यालय लगनखेल ललितपुरको मिति २०७०/०१/२६ को दर्ता दा.खा. निर्णय र सोसम्बन्धी सम्पूर्ण काम कारबाही बदर गरी निवेदकहरूका नाउँमा साबिकबमोजिम दर्ता स्रेस्ता र धनीपुर्जा यथावत् कायम राख्नु भनी परमादेशको आदेश जारी गरिपाउँ भनी गर्नुभएको बहस र विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री उद्धव पुडासैनीले निवेदकहरूले ललितपुर जिल्ला अदालत र पुनरावेदन अदालत पाटनको फैसलाबमोजिम हाम्रो नाउँमा दर्ता कायम गरेको भने पनि फैसलामा निजहरूको हक कायम सम्बन्धमा कुनै कुरा उल्लेख छैन । उक्त जग्गा सानु धौमाकु श्रेष्ठको भएको र निजको २०११ सालमा मृत्युपश्चात् निजको नजिकको हकवाला कोही नभएको अवस्था हो । निज निवेदकहरूले हकवाला हौं भने पनि उक्त कुराको पुष्टि गर्न नसकेकाले नै लामो समयसम्म उक्त जग्गा निजहरूको नाउँमा कायम हुन नसकेको हो । अपुताली खाने हकदार नै नभएको अवस्थामा बेवारिसे जग्गा नेपाल सरकारको हुने भन्ने व्यवस्था मुलुकी ऐन अपुतालीको १७ मा रहेको हुँदा सोहीबमोजिम मालपोत कार्यालयले निवेदकहरूको नाउँमा कायम रहने निर्णय गरी दर्ता भएको कार्य गलत भएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरी नेपाल सरकारको हुने निर्णय गरेको र सोही आधारमा नेपाल सरकारको नाउँमा कायम भएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी गर्नु भएको बहससमेत सुनियो ।

निवेदन र लिखित जवाफको अध्ययनपश्चात् निवेदक र विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूबाट गरिएको बहससमेत सुनी निवेदकहरूको निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन ? सोही विषयमा नै निर्णय गर्नुपर्ने देखिन आयो ।

२. ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका साबिक वडा नं. १३ बस्ने सानु धौमाकु श्रेष्ठ नि:सन्तान रही मिति २०११ सालमा मृत्यु भएकामा हामीहरूले निजको काजक्रिया गरी निजको नाउँको कि.नं. २०२ र २६१ को जग्गामा निजको इच्छाअनुसार निज जीवित रहेको समयदेखि नै सोही घर जग्गाबाट हामी इखालखुमा रहेको प्रजा श्रेष्ठ र तत्त्व

श्रेष्ठहरूको आँगन देवता निजी गुठी सञ्चालन गर्दै गुठीले परापूर्वकालदेखि गर्दै आएको दशैंको खड्ग जात्रा, पाटनको कुमारी पूजालगायतको काम गर्दै आएकोले निजको सम्पत्तिमा हामीहरूको हक लाग्ने निर्विवाद छ। स्व. धौमाकुको घर २०१८ सालमा धराप भएको कुरा जाँचकी रिपोर्ट पर्न आएकोमा हामीहरूका बाबु बाजे र तुल्सीलाल श्रेष्ठबीच हकदारको विषयमा विवाद भई तुल्सीलाल श्रेष्ठले तत्कालीन नगरपालिकामा निवेदन गरेकामा हक बेहकको सम्बन्धमा अदालत जानु भनेकोमा नगएको अवस्था छ। तुल्सीलाल श्रेष्ठको मु.स. गर्ने हेमलाल श्रेष्ठले हक कायम र निर्णय बदर मुद्दा दायर गरेकामा ललितपुर जिल्ला अदालतबाट मिति २०५७/०३/१९ मा वादी दाबी कायम रही रहन नसकी खारेज हुने ठहरी फैसला भएको र पुनरावेदन अदालत पाटनबाट समेत सुरू ललितपुर जिल्ला अदालतको फैसला सदर हुन्छ भनी मिति २०५९/१०/०९ मा फैसला भएको छ। सोअनुसार उक्त कि.नं. २०२ र २६१ को घर जग्गा हामी निवेदकहरू नारायणदास श्रेष्ठसमेतको नाममा संयुक्त दर्ता दा.खा. गरिदिने गरी मिति २०६९/०३/१३ मा निर्णय भई जग्गाधनी पुर्जा प्राप्त गरी उल्लिखित घर जग्गामा गुठी चलाई आइरहेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०/०१/०९ र २०७०/०१/१३ को नेपाल सरकारको नाममा कायम गर्ने निर्णय र सोअनुसार मिति २०७०/०१/२० मा लेखेको पत्र, भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०७०/०१/२४ को निर्णय र मालपोत कार्यालय ललितपुरको मिति २०७०/०१/१६ दर्ता दा.खा. निर्णय र सोसम्बन्धी सम्पूर्ण काम कारबाही बदर गरी निवेदकहरूको नाउँमा साबिकबमोजिम दर्ता स्रेस्ता र धनीपुर्जा यथावत् कायम राख्नु भन्ने परमादेशलगायत जे चाहिने आज्ञा वा आदेश जारी गरिपाउँ भन्ने मुख्य रिट दाबी र ललितपुर जिल्ला अदालत र पुनरावेदन अदालत पाटनमा तुल्सीलालको मु.स. गर्ने हेमलाल श्रेष्ठले निर्णय दर्ता बदर र हक कायम मुद्दा गरी हद म्यादको कारण दाबी नपुग्ने गरी फैसला भएकोमा सोही आधारमा निवेदकहरूले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको अवस्था हो। विवादको कि.नं. २०२ र २६१ को जग्गा नि:सन्तान रहेका सानु धौमाकु श्रेष्ठको भई अपुताली खाने नजिकको हकदार नभएको अवस्थामा मुलुकी ऐन अपुतालीको १७ नं. बमोजिम उक्त जग्गा नेपाल सरकारको हुने देखिन्छ। यस्तो अवस्थामा खाली हामीहरूले कुल देवता कायम गरेका थियौं भन्ने आधारमा अदालतको फैसलाले निज निवेदकहरूको हो भनी नभनेको अवस्थामा समेत मालपोत कार्यालयमा निवेदन गरी दर्ता स्रेस्ता पुर्जा लिएको कार्य सरासर गलत भएकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन गरी निर्णय गरी नेपाल सरकारको नाउँमा कायम गर्नका लागि भूमिसुधार तथा व्यवस्थापन विभागमा लेखी पठाएको र सोही आधारमा मालपोत कार्यालय ललितपुरले मिति २०६९/०३/१३ मा निर्णय गरी जग्गाधनी प्रमाण पुर्जा दिएको कार्य बदर गरी नेपाल सकारको नाउँमा ल्याउने कार्य गरेको हुँदा उक्त कार्य कानूनबमोजिम नै भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ।

३. निवेदकले दाबी लिएको जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका साबिक वडा नं. १३ स्थित कि.नं. २०२ र २६१ को जग्गा सानु धौमाकु श्रेष्ठको रहेको र निज नि:सन्तान रही मृत्यु भएपछि निजको नजिकको अपुताली खाने हकदार कोही नभएकोमा विवाद देखिँदैन। सानु धौमाकु जीवित छँदै निवेदकहरूले ईखालखुमा रहेको प्रजा श्रेष्ठ र तत्त्व श्रेष्ठहरूको आँगन देवता निजी गुठी सञ्चालन गरेको भनी दाबी गरेको देखिन्छ। २०१८ सालमा उक्त जग्गामा रहेको सानु धौमाकुको घर धरापमा परेको सम्बन्धमा जाँचकीले रिपोर्ट गरेकोमा तत्कालीन नगरपञ्चायतमा धराप बचाउनेतर्फ कारबाही सुरू

भएकोमा तुल्सीलाल श्रेष्ठ र निवेदकहरूका बाबु बाजेबीचमा हक बेहक सम्बन्धमा विवाद देखिएकाले हक बेहक गर्न जानु भनी मिति २०२०/०५/१४ मा निर्णय भएकोमा वादी तुल्सीलाल अदालतमा जान सकेको देखिँदैन । विवादित जग्गा मालपोत कार्यालय ललितपुरको मिति २०४१/०९/११ को निर्णय बमोजिम मुकुन्द श्रेष्ठ र सुवर्णलाल श्रेष्ठसमेतका नाउँमा दर्ता भएको कुरा ललितपुर जिल्ला अदालतबाट हक कायम मुद्दामा भएको फैसलासमेतबाट देखिन्छ । सो विषयमा हेमलाल श्रेष्ठले मेरो अपुताली लाग्ने जग्गा विपक्षीहरूले खिचोला गरेको हुँदा खिचोला मेटाई मेरो हक कायम गरिपाउँ भनी ललितपुर जिल्ला अदालतमा निर्णय दर्ता बदर र हक कायम मुद्दा दायर गरेको देखिन्छ । उक्त मुद्दामा ललितपुर जिल्ला अदालतबाट मिति २०५७/०३/१९ मा वादी दाबी कायम रहन सक्ने नदेखिएकोले खारेज हुने ठहर्छ भनी फैसला भएको र उक्त फैसलाउपर हेमलाल श्रेष्ठले पुनरावेदन अदालत पाटनमा पुनरावेदन गरेकामा सुरू अदालतको फैसला सदर हुने गरी मिति २०५९/१०/०९ मा फैसला भएको देखिन्छ । उक्त फैसलाउपर पुनरावेदन नपरी अन्तिम रहेकोमा विवाद देखिँदैन । उक्त विवादित जग्गाहरूको सम्बन्धमा मालपोत कार्यालय ललितपुरबाट मिति २०६९/०३/११ मा पुनरावेदन अदालत पाटनको मिति २०५९/१०/०९ को फैसलाअनुसार उक्त जग्गा निजी कुल देवता आँगन निजी गुठी ईखालखु जनाई थकालीहरू निवेदकहरू नारायण दास श्रेष्ठ, देवेन्द्रलाल श्रेष्ठ, रामप्रसाद श्रेष्ठ, बद्री दास श्रेष्ठ, मनोजकुमार श्रेष्ठ र मुकुन्दलाल श्रेष्ठसमेतको संयुक्त नाममा दर्ता नामसारी गरी दिने भनी निर्णय गरी जग्गाधनी प्रमाण पुर्जा दिएको देखिन्छ ।

४. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०७०।०१।१३ को निर्णय हेर्दा ***"... मुलुकी ऐन, अपुतालीको महलको १७ नं. ले तीन महिनाभित्र मर्नेको हकवाला कोही आएन वा पत्ता लागेन भने सो अपुताली नेपाल सरकारको हुने प्रस्ट कानूनी व्यवस्था हुँदाहुँदै निजी गुठी जनाई व्यक्तिहरूका नाममा दा.खा. गर्ने गरेको मालपोत कार्यालय, पाटनको निर्णय कानूनसम्मत नदेखी उक्त निर्णय सच्याई माथि उल्लिखित कित्ता जग्गाहरू नेपाल सरकारका नाममा कायम गर्नु गराउनु भनी मालपोत विभाग, बबरमहललाई लेखी पठाउने"*** भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । त्यस्तै भूमिसुधार तथा व्यवस्थापन विभागले मालपोत कार्यालय, ललितपुरलाई मिति २०७०/०१/२४ को पत्र लेखी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं. १३३१ मिति २०७०/०१/२० को पत्रअनुसार त्यहाँको मिति २०६९/०३/११ को निर्णय सच्याई उल्लिखित कित्ता जग्गा नेपाल सरकारको नाममा कायम गर्नु भनी लेखेको र मालपोत कार्यालय, ललितपुरले २०७०/०१/२६ मा निर्णय गरी मिति २०७०/०१/२७ मा उक्त कि.नं. २०२ र २६१ को निजी गुठी जनिई कायम भएका जग्गाहरू नेपाल सरकारको नाममा कायम गरिएको देखिन्छ ।

५. उक्त जग्गा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुलुकी ऐन अपुतालीको १७ नं. बमोजिम नेपाल सरकारको हुने हो भनी दाबी गरी निर्णय गरे तापनि मुलुकी ऐन, अपुतालीको १७ नं. को व्यवस्था हेर्दा *"कुनै गृहस्थी नेपाल सरहदभित्र मर्‍यो र सो ठाउँमा निजको हकदार कोही रहेनछ र सम्पत्ति रहेछ भने सो ठाउँको जिमिदार तालुकदार र निजहरू नभए निजहरूको दाम काम गर्ने व्यक्तिले सो कुराको सूचना सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकालाई दिनुपर्छ र गाउँ विकास समिति वा नगरपालिकाले पनि त्यस्तो जिमिदार तालुकदार वा दामकाम गर्ने व्यक्ति र कम्तीमा दुई जना स्थानीय भलाद्मी साक्षी राखी सो मर्नेको धनमाल तायदात गरी सो तायदातीको एकप्रति मुचुल्कासहित सो कुराको जाहेरी नजिकको जिल्ला कार्यालयमा पठाउनु पर्छ । सोबमोजिमको जाहेरी*

आएमा जिल्ला कार्यालयले पनि सो मर्ने मानिस फलानो ठाउँको हो भन्ने पत्ता लागे मर्नेका हकवालाका नाउँमा ऐनबमोजिम तीन महिने म्याद पठाउनु पर्छ । म्यादभित्र हकवाला आए दशौंद लिई ऐनको रीत पुर्‍याई निजलाई बुझाई दिनुपर्छ । म्यादभित्र हकवाला कोही आएन वा पत्ता लागेन भने त्यो अपुताली नेपाल सरकारको हुनेछ ।" भन्ने व्यवस्था रहेको पाइन्छ । विवादित जग्गा नेपाल सरकारको नाउँमा आउनको लागि मुलुकी ऐन अपुतालीको महलको उल्लिखित १७ नं. ले तोकेको उल्लिखित प्रक्रिया पूरा गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको र सो कार्य गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई कुनै ऐनले नदिएको अवस्थामा प्रचलित कानूनविपरीत नेपाल सरकारको नाउँमा कायम गर्नु गराउनु भनी आदेश दिने कानूनी अख्तियारी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहेको देखिँदैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. मा सार्वजनिक पदधारण गरेको व्यक्तिले अनुचित कार्य गरेको ठहर भएपछि सो अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित कानूनबमोजिम सच्याउनका लागि विपक्षी आयोगले दफा १२ख. बमोजिम लेखी पठाउन सक्ने देखिन्छ । विवादित जग्गाको विषयमा पक्षहरूका बीच खिचोला हक कायम मुद्दा चली सो मुद्दामा भएको अन्तिम फैसलाको आधारमा मालपोत कार्यालयले एकपटक व्यक्तिको नाममा दर्ता गरेको निर्णयलाई अदालतको अन्तिम भई बसेको फैसलासमेतको विपरीत हुने गरी उत्प्रेषण प्रकृतिको आदेश जारी गर्ने अधिकार प्रत्यर्थी आयोगलाई विद्यमान कानूनले प्रदान गरेको देखिँदैन ।

६. अदालतको फैसलासमेतका आधारमा व्यक्तिका नाममा दर्ता कायम रहेको जग्गा दर्तावालालाई प्रतिवाद गर्न र प्रमाण पेस गर्नको लागि सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत विपक्षी आयोगले निर्णय गरेको भन्ने निवेदकको कथन छ । निवेदकको सो कथनलाई अन्यथा हो तथा निवेदकहरूको नामको दर्ता अन्त्य गर्नुअघि निजहरूलाई सुनुवाइको मौका दिएको थियो भनी प्रत्यर्थीहरूले सप्रमाण खण्डन गर्न सकेको देखिँदैन । जसको हक र हितमा प्रतिकूल असर पर्ने गरी निर्णय गरिन्छ सो व्यक्तिलाई आफ्नो कुरा भन्ने तथा तत्सम्बन्धी प्रमाण पेस गर्ने मौका दिनु पर्दछ । कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीले कुनै निर्णय गर्दा जबसम्म सम्बन्धित पक्षलाई उसको विरूद्धमा निर्णय गर्नुपूर्व प्रतिरक्षा गर्ने वा सफाइ पेस गर्ने पूर्ण अवसर प्रदान गरेको हुँदैन यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल तथा बदरयोग्य हुन्छ । अर्धन्यायिक निकायले निर्णय गर्दा पनि सो निर्णयबाट असर पर्ने व्यक्तिलाई आफ्नो कुरा भन्ने उचित मौका दिनु पर्ने र प्राकृतिक न्यायको सिद्धान्तको पालना गर्नैपर्ने हुन्छ ।

७. कि.नं. २०२ र २६१ को जग्गा निवेदकहरूको नाममा दर्ता गर्दा मालपोत कार्यालयले कुनै प्रशासकीय निर्णयबाट वा आफूमा निहित रहेको कानूनी अधिकारअन्तर्गत रही निर्णय गरेको नभई पुनरावेदन अदालतको मिति २०५९।१०।०९ को अन्तिम फैसलाअनुसार दर्ता गरेको देखिन्छ । उक्त दर्तालाई कानूनीरूपमा चुनौती दिई बदर नगराएसम्म सो फैसलाहरू प्रतिकूल हुने गरी तथा उक्त जग्गामा हाल स्वामित्व ग्रहण गर्ने यी रिट निवेदकहरूलाई सुनुवाइको मौकासमेत नदिई प्राकृतिक न्यायको सिद्धान्तविपरीत निर्णय गरेको देखिएकोले अख्तियार दुरूपयोग अनुसन्धानको सो निर्णय संविधान र प्रचलित कानूनले प्रदान गरेको क्षेत्राधिकारभित्र रहेर गरेको देखिएन ।

८. तसर्थ, विवेचित आधार कारणबाट विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो अधिकार क्षेत्र नाघी निवेदकहरूलाई सुनुवाइको मौकासमेत नदिई पुनरावेदन अदालत पाटनको मिति २०५९/१०/०९ को फैसलाको समेत प्रतिकूल हुने गरी मिति २०७०।०१।०९ र मिति २०७०/०१/१३

नेपाल कानून पत्रिका

मा निर्णय गरेको र सोही निर्णयको आधारमा विपक्षी भूमिसुधार तथा व्यवस्थापन विभागले मिति २०७०/०१/२४ मा निर्णय गरेको र मालपोत कार्यालय ललितपुरले मिति २०७०/०१/२६ मा गरेको दर्ता दा.खा. निर्णय र सोसम्बन्धी सम्पूर्ण काम कारबाहीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब साबिकबमोजिम निवेदकका नाउँमा कि.नं. २०२ र २६१ को जग्गाको दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जा यथावत् कायम राख्नु भनी विपक्षी मालपोत कार्यालयको नाममा परमादेशसमेत जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीहरूलाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य
इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम् ।

निर्णय नं. १००११

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला मिति : २०७४।३।१

मुद्दाः लागु औषध खैरो हेरोइन

०७१-CR-१२१७

पुनरावेदक / प्रतिवादी : गोकुलप्रसादको छोरा, दाङ जिल्ला, (त्रिभुवननगर) घोराही नगरपालिका वडा नं.११ दिपशिखा टोल घर भई हाल कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेको शोभित गौतम

विरूद्ध

प्रत्यर्थी / वादी : प्रहरी नायब निरीक्षक कृष्णकुमार यादवसमेतको प्रतिवेदनले नेपाल सरकार

०७२-CR-०५९१

पुनरावेदक / प्रतिवादी : फणिन्द्रराज के.सी.को छोरा दाङ जिल्ला, त्रिभुवन (घोराही) नगरपालिका वडा नं. ११ जनप्रतिभा टोल घर भई हाल कारागार कार्यालय जगन्नाथदेवल त्रिपुरेश्वरमा थुनामा रहेको रंजित के.सी.

विरूद्ध

प्रत्यर्थी / वादी : प्रहरी नायब निरीक्षक कृष्णकुमार यादवसमेतको प्रतिवेदनले नेपाल सरकार

- **कुनै आपराधिक कार्य गर्ने व्यक्तिले त्यस्तो कार्य गरेको वा गरिरहेको अवस्थामा अन्य सो अपराधमा संलग्नता नै नभएका व्यक्ति विभिन्न कारण, प्रयोजन वा**

सर्वोच्च अदालत

संयोगको कारणबाट त्यस्तो आपराधिक कार्य गर्ने व्यक्तिसमक्ष पुग्न सक्ने वा रहन सक्ने सम्भावना रहन्छ । यसबाट कुनै आपराधिक क्रिया भएको समयमा त्यस्तो कार्य गर्ने व्यक्तिसमक्ष पुगेकै वा रहेकै आधारमा निजको समेत त्यस्तो अपराधमा निरपेक्षरूपमा सो आपराधिक कार्य गर्ने व्यक्तिसरह आपराधिक दायित्व हुन्छ भन्नु *फौजदारी अपराधमा व्यक्तिगत दायित्व हुन्छ* भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेतको विपरीत हुन जान्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी अभियोग दाबीमा इन्कार रहेको, निजबाट लागु औषध बरामद नभएको अवस्था रहेको र वादी पक्षले यी प्रतिवादीको मौकाको साबितीलाई पुष्टि गर्ने अन्य प्रमाण गुजार्न सकेको अवस्था नहुँदा यी प्रतिवादीले आरोपित कसुर गरेको स्थापित हुन नआउने ।

(प्रकरण नं.७)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : वरिष्ठ अधिवक्ता श्री कृष्ण सापकोटा, विद्वान् अधिवक्तात्रय श्री मदनबहादुर कार्की, अधिवक्ता श्री प्रकाश पन्थी, अधिवक्ता श्री नेत्र आचार्य

प्रत्यर्थी / वादीका तर्फबाट : सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- लागु औषध (नियन्त्रण) ऐन, २०३३

सुरू तहमा फैसला गर्ने :

माननीय न्यायाधीश श्री पशुपति आचार्य
काठमाडौं जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री मोहनबहादुर कार्की
माननीय न्यायाधीश श्री नारायणप्रसाद शाह
पुनरावेदन अदालत पाटन

फैसला

न्या.सारदाप्रसाद घिमिरे : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस हुन आएको प्रस्तुत मुद्दाको तथ्य र ठहर यसप्रकार छः-

काठमाडौं जिल्ला, महाँकाल गा.वि.स. वडा नं.९ गल्फुटार स्थित गल्फुटार चोकदेखि १०० मिटर दक्षिणतर्फ सडकको पूर्व रहेको प्रतिक्षालय नजिक मिति २०६९/०६/१७ गतेका दिन १६:०० बजेको समयमा शंकास्पद रूपमा फेला परेका रञ्जित के.सी.र शोभित गौतमलाई नियन्त्रणमा लिई निजहरूको शरीर तलासी लिँदा रञ्जित के.सी.ले लगाएको जिन्स पाईन्टको अगाडि दाहिने खल्तीमा कालो प्लाष्टिकको पोको फेला परेकोले प्लाष्टिक पोका निकाली हेर्दा लागु औषध खैरो हेरोइन फेला परेको हुँदा उक्त लागु औषध तौल गर्दा जम्मा ४० (चालीस) ग्राम लागु औषध खैरो हेरोइन भएको, निजको साथमा रहेका शोभित गौतमको साथमा कुनै अवैध चीजवस्तु केही फेला नपरेको, बरामदी लागु औषध खैरो हेरोइन हामी दुवै जनाले खरिद गरी ल्याएको र बिक्रीको लागि ग्राहकको प्रतिक्षामा बसेको भनी बताएकोले फेला परेको लागु औषध खैरो हेरोइन ४० ग्राम कानूनबमोजिम बरामद गरी शोभित गौतम र रञ्जित के.सी.लाई प्रहरीले पक्राउ गरेको ठीक साँचो हो भन्ने बेहोरासमेतको मिति २०६९/०६/१७ गतेको खानतलासी / बरामदी मुचुल्का।

दाङ घोराहीतिर घर बताउने रञ्जित के.सी., शोभित गौतमसमेतका व्यक्तिहरूले काठमाडौं जिल्ला, महाँकाल गा.वि.स. अन्तर्गत गल्फुटार भन्ने

स्थानमा लागु औषध खैरो हेरोइन खरिद गरी ल्याई साथमा सञ्चय गरी राखी बिक्री वितरण कारोबार गर्दै आइरहेका छन् भन्ने विशेष सुराकीबाट जानकारी प्राप्त हुन आएकोले निज रञ्जित के.सी. शोभित गौतमसमेतको खोजतलास गर्दै जाँदा काठमाडौं जिल्ला, महाँकाल गा.वि.स. वडा नं.९ गल्फुटार स्थित गल्फुटार सडकको पूर्व रहेको प्रतिक्षालय नजिक आज मिति २०६९/०६/१७ गतेका दिन १६:०० बजेको समयमा शंकास्पद रूपमा फेला परेका रञ्जित के.सी.र शोभित गौतमलाई नियन्त्रणमा लिई निजहरूको शरीर (जीउ) कानूनको रीतपूर्वक तलासी लिँदा बरामदी मुचुल्कामा उल्लेख भएबमोजिम रञ्जित के.सी.को साथबाट लागु औषध खैरो हेरोइन ४० (चालीस) ग्राम फेला परेको, शोभित गौतमको साथमा कुनै अवैध चीजवस्तु केही फेला नपरेको, बरामदी लागु औषध खैरो हेरोइन हामी दुवै जनाले खरिद गरी ल्याएको र बिक्रीको लागि ग्राहकको प्रतिक्षामा बसेको भनी बताएकोले फेला परेको लागु औषध खैरो हेरोइन ४० ग्राम कानूनबमोजिम बरामद गरी दाङ जिल्ला त्रिभुवन (घोराही) नगरपालिका वडा नं.११ घर हुने शोभित गौतम दाङ जिल्ला त्रिभुवन (घोराही) नगरपालिका वडा नं.११ घर हुने रञ्जित के.सी.लाई पक्राउ गरी आवश्यक कानूनी कारबाहीको लागि दाखिला गराएको छौं । कानूनबमोजिम गरिपाउँ भन्ने बेहोरासमेतको मिति २०६९/०६/१७ गतेको प्र.ना.नि.कृष्णकुमार यादवसमेतको प्रतिवेदन।

म पढ्नको लागि घरबाट काठमाडौंमा आई बस्ने क्रममा साथी रञ्जित के.सी.सँग भेट भई घुमफिर गर्दा विभिन्न लागु औषध दुर्व्यसनीहरूको सङ्गतमा परी हामीले लागु औषध खैरो हेरोइन सेवन गर्न थालेकोमा चिनजानको लागु औषध खैरो हेरोइन बिक्री गर्ने अजय बगालेसँग कुराकानी गर्दा निजले पैसाको समस्या पर्ने भए म लागु औषध बिक्री वितरण गर्ने व्यक्ति चिनाई दिन्छु सम्पर्क गरी आफैँले मगाई बिक्री गर्नु, सेवन गर्न पनि पैसा पुग्छ भनेकोले साथी रञ्जित के.सी.र मेरो सल्लाहअनुसार अजय बगालेमार्फत वकिल भन्ने व्यक्तिसँग सम्पर्क गरी प्रतिएक ग्रामको रू.१०००।– को दरमा खरिद गरी लिएको लागु औषध खैरो हेरोइन प्रति एक ग्रामको रू.२०००।– को दरले लागु औषध दुर्व्यसनीहरूलाई बिक्री गर्ने गर्दै आएको र हामी पक्राउमा पर्दा बरामद भएको लागु औषध खैरो हेरोइन पनि साथी रञ्जित के.सी. र मेरो सल्लाहअनुसार नै दुवै जनाको बराबरी लगानीमा हामी नेपालगञ्जमा गई वकिल भन्ने व्यक्तिसँग खरिद गरी ल्याएको लागु औषध खैरो हेरोइन ४० ग्राम लागु औषध दुर्व्यसनीहरूलाई बिक्री गर्न भनी हामी दुवै जना काठमाडौं गल्फुटारमा पुगी लागु औषध खैरो हेरोइन खरिद गर्न आउने व्यक्तिहरूको प्रतिक्षामा रहेको अवस्थामा प्रहरीले हामीलाई पक्राउ गरी साथी रञ्जित के.सी.को साथमा रहेको लागु औषध खैरो हेरोइनसमेत बरामद गरेको हो भन्ने बेहोरासमेतको पक्राउमा परेका प्रतिवादी शोभित गौतमले मिति २०६९/०६/२२ गते गरेको बयान कागज।

म पढ्नको लागि घरबाट काठमाडौंमा आई बस्ने क्रममा साथी शोभित गौतमसँग भेट भई घुमफिर गर्दा विभिन्न लागु औषध दुर्व्यसनीहरूको सङ्गतमा परी हामीले लागु औषध खैरो हेरोइन सेवन गर्न थालेकोमा, चिनजानको लागु औषध खैरो हेरोइन बिक्री गर्ने अजय बगालेसँग लागु औषधको बारेमा कुराकानी गर्दा निजले वकिल भन्ने व्यक्तिसँग चिनजान गराई दिएकोले अजय बगालेमार्फत वकिल भन्ने व्यक्तिसँग सम्पर्क गरी प्रति एक ग्रामको रू.१०००।– को दरमा खरिद गरी लिएको लागु औषध खैरो हेरोइन प्रति एक ग्रामको रू.२०००।– को दरले लागु औषध दुर्व्यसनीहरूलाई बिक्री गर्ने गर्दै आएको र हामी पक्राउमा पर्दा बरामद भएको लागु औषध खैरो हेरोइन पनि साथी शोभित गौतम र मेरो सल्लाहअनुसार नै दुवै जनाको बराबरी लगानीमा हामी नेपालगञ्जमा गई वकिल भन्ने व्यक्तिसँग खरिद

गरी ल्याएको लागु औषध खैरो हेरोइन ४० ग्राम लागु औषध दुर्व्यसनीहरूलाई बिक्री गर्न भनी हामी दुवै जना काठमाडौं गल्फुटारमा पुगी लागु औषध खैरो हेरोइन खरिद गर्न आउने व्यक्तिहरूको प्रतिक्षामा रहेको अवस्थामा प्रहरीले हामीलाई पक्राउ गरी मेरो साथमा रहेको लागु औषध खैरो हेरोइनसमेत बरामद गरेको हो भन्ने बेहोरासमेतको पक्राउमा परेका प्रतिवादी रञ्जित के.सी.ले मिति २०६९/०६/२२ गते गरेको बयान कागज।

Ncell बाट प्राप्त भएको कागजातहरू देखाउँदा देखी पाएँ। Ncell बाट प्राप्त हुन आएको ९८१६५४१४६४ नं.को मोबाइल सिमकार्ड लिँदा पेस भएको आवेदन फाराममा टाँस भएको फोटो मेरो बयानमा उल्लिखित वकिल भन्ने व्यक्तिको फोटो होइन। उक्त मोबाइल सिमकार्ड लिने मोहमद कयूम खाँलाई म चिन्दिन भन्ने बेहोरासमेतको प्रतिवादी शोभित गौतमले मिति २०६९/०८/०६ गते गरेको तितम्बा (थप) बयान कागज।

मिति २०६९/०६/१७ गतेका दिन प्रतिवादी रञ्जित के.सी.को साथबाट बरामद भएको लागु औषध खैरो हेरोइन ४० ग्राममध्येबाट कानूनबमोजिम निकालिएको नमुनाहरूमा "लागु औषध हेरोइन पाइयो" भन्ने बेहोरासमेतको मिति २०६९/०७/२३ गतेको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमल्टार ललितपुरबाट प्राप्त परीक्षण प्रतिवेदन।

पक्राउमा परेका प्रतिवादी शोभित गौतमसमेतको बयान पोलमा परी फरार रहेका अजय बगाले, वकिल, लक्की खरेल, अनुसन्धानको क्रममा बुझ्नु पर्ने मोहमद कायूम खाँ र टिकाराम निरौलासमेतका व्यक्तिहरूको खोजतलास गर्दा फेला नपरेको भन्ने बेहोरासमेतको मिति २०६९/०८/२५ गतेको प्र.ना.नि. होम विक्रम कार्कीको प्रतिवेदन।

रञ्जित के.सी.र शोभित गौतमलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) विपरीतको कसुर अपराधमा सोही ऐनको दफा १४ (१) को खण्ड (छ)(२) बमोजिम सजाय हुन मागदाबी लिई दायर भएको अभियोग पत्र।

मेरो साथबाट उल्लिखित लागु औषध खैरो हिरोइन बरामद भएको होइन। म उभिरहेको स्थानबाट केही पर प्रहरीहरूले टल्किने खालको प्लास्टिकमा पोको पारी राखेको लागु औषध ल्याई मलाई पक्राउ गरी लगेको हो। उक्त बरामदी मुचुल्कामा मेरो नाउँबाट भएको सहिछाप मेरो आफ्नै हो। मेरो साथबाट उल्लिखित लागु औषध खैरो हिरोइन बरामद भएको होइन। बरामदी मुचुल्कासहित प्रतिवेदन किन दिए मलाई थाहा छैन। मलाई पढ्न नदिई बरामदी मुचुल्कामा सहिछाप गराएका हुन्। म लागु औषध खैरो हिरोइन सेवन गर्दिन। मैले अनुसन्धान अधिकारीसमक्ष बयान गर्न आउँदाको अवस्थामा प्रहरीले ४० ग्राम बरामद भएको हो भनी मलाई भन्न लगाएकोले मैले उक्त बयान म आफैँले लेखाएको हुँ। प्रहरीहरूले धाक धम्की दिएकोले मैले उक्त बयान बेहोरा लेखाएको हुँ। सो बयानमा भएको सहिछाप मेरो हो। प्रतिवादी शोभित गौतमले अनुसन्धानको क्रममा बयान गर्दाको अवस्थामा हामीलाई हो भनी भन्न लगाएकोले र प्रहरीले धम्की दिएकोले उक्त बयान लेखाई दिएको हुनसक्छ। शोभित गौतमले गरेको तितम्बा बयान सम्बन्धमा मलाई केही थाहा भएन। वकिल, अजय, लक्की खरेल भन्ने व्यक्तिलाई म चिन्दिन। मलाई प्रहरीले सिनामङ्गलबाटै पक्राउ गरेका हुन्। पक्राउ पर्दा मेरो मोबाइल, पर्स र रूमाल मात्र बरामद भएको थियो। मैले कसुर नगरेकोले अभियोगबमोजिम सजाय हुनु हुँदैन भनी प्रतिवादी रञ्जित के.सी.ले सुरू अदालतमा गरेको बयान।

रञ्जित के.सी. का साथबाट ४० ग्राम लागु औषध खैरो हिरोइन बरामद भएको हो। म र रञ्जित के.सी. भई लागु औषध खरिद गर्न मेरो साथबाट रू.२०, ०००।- (बीस हजार) मैले दिएको होइन। उक्त रकम सहप्रतिवादी रञ्जित के.सी. को किस्ट

बैंक कलंकी शाखाबाट मिति २०६९/०८/११ गते झिकेको थियो । के प्रयोजनले हो मलाई थाहा भएन । उक्त लागु औषध कहाँबाट ल्याएको मलाई थाहा भएन । म पहिलेदेखि लागु औषध खैरो हिरोइन सेवन गर्ने गर्दथेँ । २०६९/०६/१७ गतेका दिन मेरो चिनजानका साथी भएकोले रञ्जितले फोन गरी मसँग सामान आएको छ, खान आउ भनेकाले कलंकीमा भेट भई रञ्जितको कोठामा बसी सेवन गर्न आएको अवस्थामा गोल्फुटारमा प्रहरीले मलाई र रञ्जित के.सी. लाई पक्राउ गरेको हो । मेरो बयानमा लेखिएका बेहोराहरू सबै अनुसन्धान गर्ने प्रहरी कर्मचारीहरूद्वारा तयार भएको मलाई बेहोरा पढ्न नदिई सहिछाप गर्न लगाएको हो । बयानमा लेखिएको मेरोसमेत सहभागितामा उक्त लागु औषध खरिद भएको होइन । मैले लागु औषध बिक्री गर्न कसैलाई बोलाएको छैन । यसबारे मलाई थाहा छैन । रञ्जित के.सी. लाई थाहा होला । लागु औषध खैरो हिरोइन मसँग बरामद भएको होइन । सहप्रतिवादी रञ्जित के.सी.ले मौकामा बयान गर्दा के कसरी लेखाउनु भयो थाहा भएन । मैले मगाएको होइन, निजले खुवाउँछु भनेकोले कहिलेकाहीँ खाने (सेवन गर्ने) गरेकोले सेवन गर्न रञ्जित के.सी. सँग गएको हुँ । मैले मौका एवं ततिम्बा बयानमा वकिल भन्ने व्यक्तिलाई चिनेको छैन भनेको थिएँ । मैले निजको उक्त मोबाइलको बारे बयान बेहोरामा लेखाएको होइन । मैले मौकामा गरेको बयान मलाई नसुनाई पढ्न नदिई मेरो सहिछाप गराएको हो । मेरो साथबाट बरामद लागु औषध बरामद नभएकोले मैले उक्त कारोबारमा संलग्न नहुँदा मैले सेवन गर्ने गरेकोले अभियोग दाबीअनुसार सजाय हुनुपर्ने होइन भनी प्रतिवादी शोभित गौतमले सुरु अदालतमा गरेको बयान ।

प्रतिवादी रञ्जित के.सी.का साक्षी भिम प्रकाश खड्का, प्रतिवादी शोभित गौतमका साक्षी विपित घिमिरे, बुझिएका कृष्णकुमार यादव, अमृता राई, राजाराम कार्की र पदम कान्त न्यौपानेले सुरु अदालतमा गरेको बकपत्र मिसिल सामेल रहेको ।

यी दुवै जना प्रतिवादीहरूले अदालतमा आई बयान गर्दा आफूहरूबाट लागु औषध खैरो हेरोइन बरामद भएको होइन र हिरोइनको कारोबार आफूहरूले गरेको होइन भन्ने बेहोरा लेखाएको भए पनि प्रतिवादीमध्येका रञ्जित के.सी.ले अधिकार प्राप्त अधिकारीसमक्षको बयानमा मेरो सल्लाहअनुसार नै दुवै जनाले बराबरी लगानीमा हामी नेपालगञ्जमा गई वकिल भन्ने व्यक्तिसँग खरिद गरी ल्याएको लागु औषध खैरो हिरोइन ४० ग्राम लागु औषध दुर्व्यसनीलाई बिक्री गर्न भनी हामी दुवै जना काठमाडौं गल्फुटारमा पुगी लागु औषध खैरो हेरोइन खरिद गर्न आउने व्यक्तिहरूको प्रतिक्षामा रहेको अवस्थामा प्रहरीले हामीलाई पक्राउ गरेको हो भन्ने बेहोरा लेखाएको पाइन्छ । अर्का प्रतिवादी शोभित गौतमले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा साथी रञ्जित के.सी.र मेरो सल्लाहअनुसार अजय बगालेमार्फत वकिल भन्ने व्यक्तिसँग सम्पर्क गरी प्रति एक ग्रामको रू.१०००।– को दरमा खरिद गरी लिएको लागु औषध खैरो हेरोइन प्रति एक ग्रामको रू.२०००।– को दरले लागु औषध दुर्व्यसनीहरूलाई बिक्री गर्ने गर्दै आएको र हामी दुवै जनाले खरिद गरी ल्याएको लागु औषध खैरो हिरोइन बिक्रीको लागि ग्राहकको प्रतिक्षामा बसेको अवस्थामा प्रहरीले हामीलाई पक्राउ गरेको हो भन्ने बेहोरा लेखाएको पाइन्छ । यसरी प्रतिवादीहरू आपसी मिलेमतोमा लागु औषध खैरो हिरोइन बिक्री गर्न प्रतिक्षामा रहेको अवस्थामा पक्राउ परेको हो भनी एक अर्कालाई प्रस्तुत वारदातमा संलग्नता भएको भनी पोल गर्दै अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा एकै मिलानको बयान लेखाएको पाइन्छ । प्रतिवादीहरूका साक्षीले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीहरू कसुरमा संलग्न नरहेको भनी बकपत्र गरे तापनि मौकाको बेहोरालाई समर्थन हुने गरी प्रतिवेदक प्र.ना.नि. कृष्णकुमार यादवले बकपत्र गरिदिएको पाइन्छ । निजले आफ्नो बकपत्रमा गल्फुटार नजिकै

सडक किनारमा कोही कसैलाई प्रतिक्षा गरी लागु औषध खैरो हिरोइन ४० ग्रामसहित उभिरहेको अवस्थामा सुराकको आधारमा प्रतिवादी रञ्जित के.सी. र शोभित गौतमलाई ४० ग्राम लागु औषध खैरो हिरोइनसहित पक्राउ गरेको हो भनी बेहोरा लेखाएको पाइन्छ। मौकाको बेहोरालाई समर्थन हुनेगरी प्रतिवेदक प्र.स.नि. पदमकान्त न्यौपाने, प्र.ज. राजाराम कार्की र प्र.ह. अमृता राई अदालतमा आई बकपत्र गरिदिएको पाइन्छ । यसरी प्रतिवादीमध्येका रञ्जित के.सी.का साथबाट ४० ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको र अर्का प्रतिवादी शोभित गौतमसमेत लागु औषध बिक्री गर्न निज प्रतिवादी रञ्जित के.सी.को साथमा रहेको अवस्थामा पक्राउ परेको देखिन्छ । प्रतिवादी रञ्जित के.सी.बाट बरामद भएको लागु औषध खैरो हिरोइन यी प्रतिवादीहरूले लागु औषध दुर्व्यसनीलाई बिक्री वितरण गर्न लागेको अवस्थामा पक्राउ परेको भनी एक अर्कालाई पोल गर्दै मौकामा एकै मिलानको बयान गरेको देखिन्छ । प्राप्त ४० ग्राम पदार्थ खैरो हेरोइन भएको भन्ने परीक्षण प्रतिवेदनबाट खुलिरहेको र प्रतिवेदक प्र.ना.नि. कृष्णकुमार यादवले आफ्नो मौकाको प्रतिवेदनलाई पुष्टि गर्दै बकपत्र गरेकोसमेत देखिन्छ । यसरी प्रतिवादीहरू बिक्री गरी उभिरहेको अवस्थामा पक्राउ परेका निजहरूबाट उल्लिखित लागु पदार्थ बरामद भएको र सो पदार्थ लागु औषध रहेको भन्ने विशेषज्ञको राय तथा प्रतिवेदक प्र.ना.नि कृष्णकुमार यादवको बकपत्रबाट समेत पुष्टि भएको देखिँदा यी प्रतिवादीहरूले आरोपित कसुर गरेका रहेनछन् भन्न सकिने अवस्था नहुँदा यसमा प्रतिवादी शोभित गौतम तथा रञ्जित के.सी. ले आरोपित कसुर गरेको ठहर्छ । सो ठहर्नाले निज प्रतिवादीहरू शोभित गौतम तथा रञ्जित के.सी.लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को दफा १४(१) को खण्ड ६(२) बमोजिम जनही कैद वर्ष १०(दश) र रू.७५,०००।- (पचहत्तर हजार) जरिवानासमेत हुन्छ भन्नेसमेत बेहोराको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०/०९/२२ को फैसला।

लागु औषध सहप्रतिवादी रञ्जित के.सी.का साथबाट बरामद भएको, म सेवनका लागि निजसँग पुगेको अवस्थामा प्रहरीले पक्राउ गरी इच्छाविपरीत एकआपसमा पोलापोल गराई जबरजस्ती सहिछाप गराएको, बरामदी मुचुल्कामा बस्नेले पनि रञ्जित के.सी.को साथबाट मात्र लागु औषध बरामद भएको भनी लेखाई दिएको, म लागु औषधको कारोबारी नभई सेवनकर्ता हुँ भनी प्रहरीमा र अदालतमा पनि बयान गरेको छु, सेवनकर्ता दुर्व्यसनीलाई पुष्टि गर्ने प्रमाण वीर अस्पतालको कागज र पुनर्स्थापना केन्द्रमा बसी निस्केको खुलेको कागज रहेकोसमेतका आधारमा मलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ५ र ५(क) बमोजिम सेवनतर्फ सजाय गर्न सक्नेमा कानून र नजिर सिद्धान्त प्रतिकूल मैले गर्दै नगरेको कसुर अपराधतर्फ चर्को सजाय गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०/०९/२२ को फैसला त्रुटिपूर्ण हुँदा बदर गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्नेसमेत पुनरावेदक / प्रतिवादी शोभित गौतमको पुनरावेदन पत्र।

म रञ्जित के.सी. दाङमा अध्ययन गरी काठमाडौं आएको र आफन्तको डेरामा बसी घुम्ने सिलसिलामा सिनामङ्गल बाटोमा जाँदै गर्दा मेरो जस्तै लुगा लगाएको १ जना केटाले प्याकेटमा केही चिज फाली गएकोमा पछि प्रहरी आई मलाई पक्रेको र सो वस्तु लागु औषध रहेको थाहा पाएको हुँ। म लागु औषध सेवन, खरिद बिक्री गर्ने व्यक्ति होइन, अनुसन्धानमा भएको बयान बेहोरा मेरो होइन, मलाई यातना दिई सहिछाप गराएका हुन्, वकिल र लक्की खरेल भन्ने व्यक्ति को हो अनुसन्धानकर्ताले खोजी गरेको छैन। मेरो साक्षीको बकपत्रलाई प्रमाणमा लिएको छैन। प्रतिवेदक र प्रहरीले बाहेक बरामदी मुचुल्काका अन्य स्वतन्त्र साक्षीहरू अदालतमा आई बकपत्र गरेको अवस्था

छैन। बरामदी मुचुल्का र प्रहरी प्रतिवेदन बरामद स्थानकै विवाद छ, म र शोभित गौतम साथै पक्राउ परेको होइन, मलाई पक्राउ गरेपछि मेरो फोनमा निजको फोन आएको व्यक्ति को हो भनी निजलाई पक्राउ गरेको हो। बाटोमा फालिएको झोला परीक्षण नगरी मेरो विरूद्ध प्रमाणमा लाग्ने होइन, मसँगबाट ढक तराजु बरामद भएको छैन। अतः म दाङबाट काठमाडौं आएको विद्यार्थीलाई राम्रो कलेज खोज्ने सिलसिलामा अन्य व्यक्तिले खसालेको प्लाष्टिकको पोका मैले नै खसालेको भनी अनुमान गरी बरामदी मुचुल्का तयार गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) र (च) को कसुर लगाई १० वर्ष कैद र रू.७५,०००।- जरिवाना गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०/०९/२२ को फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत पुनरावेदक प्रतिवादी रञ्जित के.सी.को पुनरावेदन पत्र।

यसमा सुरू काठमाडौं जिल्ला अदालतको फैसला बरामदी मुचुल्कालगायतका प्रमाणहरूको मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई उपस्थित भए वा म्याद भुक्तान भएपछि नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०७१/०७/०४ को आदेश।

प्रतिवादीहरू रञ्जित के.सी. र शोभित गौतमलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(६)(२) बमोजिम जनही कैद वर्ष १० (दश) र रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) जरिवानासमेत हुने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/०९/२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने बेहोराको मिति २०७१/०९/०८ को पुनरावेदन अदालत पाटनको फैसला।

वादी नेपाल सरकारले मउपर लगाएको आरोप झुट्ठा हो। सेवनका क्रममा सहप्रतिवादी रन्जित के.सी. कहाँ पुगेको मात्र हो। बरामद भनिएको लागु औषधको बारेमा केही जानकारी थिएन। शंकाको भरमा प्रहरीले मलाई पक्राउ गरेको हो। बरामदी मुचुल्कामा बस्नेले पनि रन्जित के.सी.को साथबाट मात्र लागु औषध बरामद भएको भनी लेखाएका छन्। म कारोबारी नभइ सेवनकर्ता मात्र हुँ भनी प्रहरी तथा सम्मानित अदालतमा पनि बयानको क्रममा लेखाएको अवस्थामा मलाई सेवनतर्फ मात्र सजाय गर्न सक्नेमा सो नगरी कानून एवं नजिर सिद्धान्तप्रतिकूल गई चर्को सजाय गर्ने गरेको का.जि.अ. को मिति २०७०/०९/२२ को फैसला सदर गरेको पु.वे.अ. पाटनको मिति २०७१/०९/०८ फैसला त्रुटिपुर्ण हुँदा बदर गरी सफाइ प्रदान गरिपाउँ भन्नेसमेत बेहोराको शोभित गौतमको मिति २०७१/१२/२९ मा यस अदालतमा परेको पुनरावेदन।

म पुनरावेदक एक विद्यार्थी भएको र दाङबाट काठमाडौं आई आफन्तको घरमा बसी कलेज खोज्ने सिलसिलामा मिति २०६९/०६/१४ गते शंखमुल जाने क्रममा अन्य व्यक्तिले खसालेको प्लाष्टिकको पोका मैले खसालेको भनी अनुमान गरी मलाई पक्राउ गरी हिरासतमा राखी २०६९/०६/१७ गते कथित बरामदी मुचुल्का तयार गरी कानूनविपरीत लागु औषध नियन्त्रण ब्युरोमा कागज तयार गराई जोर जुलुममा पारी सही गराई दायर भएको लागु औषध मुद्दामा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को (४) र (च) को कसुर पुष्टि नहुँदा नहुँदै समग्र प्रमाणहरूको उचित विश्लेषण नगरी ऐ. ऐनको १४(१)(६)(२) बमोजिम १० वर्ष कैद र ७५०००/- जरिवाना हुने गरी गरिएको का.जि.अ.को फैसला सदर गर्ने गरी पु.व.अ. पाटनबाट भएको फैसला लागु औषध (नियन्त्रण) ऐन, २०३३ को मक्सदविपरीत तथ प्रमाण ऐन, २०३१ को दफा २५ विपरीत भएकोले उल्टी गरी सफाइ पाउँ भन्ने बेहोराको रन्जित के.सी.को मिति २०७२/०७/१० मा

यस अदालतमा परेको पुनरावेदन।

यसमा यी पुनरावेदक प्रतिवादीको सँगसाथबाट लागु औषध बरामद नभई सहप्रतिवादी रन्जित के.सी. को साथबाट बरामद भएकोमा निज सहप्रतिवादी रन्जित के.सी. को साथमा रहेकै कारण यी पुनरावेदकलाई समेत अभियोग दाबीअनुसार कसुरदार कायम गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१/०९/०८ को फैसला फरक पर्ने हुँदा मुलुकी ऐन अ.बं. २०२ बमोजिम प्रत्यर्थी झिकाई कानूनबमोजिम गरी पेस गर्नुहोला भन्ने यस अदालतको मिति २०७३/०७/२६ को आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ता श्री कृष्ण सापकोटा, विद्वान् अधिवक्तात्रय श्री मदनबहादुर कार्की, अधिवक्ता श्री प्रकाश पन्थी, अधिवक्ता श्री नेत्र आचार्यले प्रतिवादी शोभित गौतम लागु औषध कारोबारी नभई सेवन कर्ता मात्र हुन्। सोको पुष्टि हुने वीर अस्पतालको कागज तथा प्रारम्भ उपचार तथा पुनर्स्थापना केन्द्रमा बसी सुधार भई निस्केको भन्ने बेहोरा खुलेको कागज प्रमाण पेस भएको अवस्थासमेतले गर्दा सुरू सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७२/०९/०८ को फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ प्रदान गरिपाउँ भनी र प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले प्रतिवादी लागु औषध बिक्री कारोबारको सन्दर्भमा पक्राउ परेको देखिएको निजहरूबाट बरामद भएको लागु औषध रहेको भन्ने विशेषज्ञको राय एवं प्रतिवेदक प्र.ना.नि. कृष्ण यादवको बकपत्रसमेतबाट यी प्रतिवादीले कसुर गरेको पुष्टि हुने हुँदा सुरू सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०/९/२२ मा भएको फैसला सदर होस् भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

उपर्युक्तानुसारको बहस जिकिरसमेत सुनी मिसिल संलग्न प्रमाण कागजहरूको अध्ययन गरी विचार गर्दा पुनरावेदन अदालत पाटनको मिति २०७१/०९/०८ को फैसला मिलेको छ वा छैन ? र पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी रन्जित के.सी. र शोभित गौतमउपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ) र (च) विपरीतको कसुर अपराधमा सोही ऐनको दफा १४(१) को खण्ड ६(२) बमोजिम सजाय हुन माग दाबीसहितको अभियोग पत्र भएकोमा प्रतिवादीहरूलाई मागबमोजिम जनही कैद वर्ष १०(दश) र रू.७५०००।- (पचहत्तर हजार रुपैयाँ) जरिवानासमेत हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७१/०९/०८ को फैसलाउपर प्रतिवादीहरूको छुट्टाछुट्टै पुनरावेदन पत्र दायर भएको देखियो।

३. प्रस्तुत मुद्दामा मिसिल संलग्न बरामदी मुचुल्का हेर्दा, काठमाडौं जिल्ला, महाँकाल गा.वि.स. वडा नं.९ स्थित प्रतिक्षालय नजिक दिनको ४ बजेको समयमा शंकास्पद रूपमा फेला परेको रन्जित के.सी. र शोभित गौतमलाई नियन्त्रणमा लिई निजहरूको शरीर तलासी गर्दा रन्जित के.सी. को जिन्स पाइन्टको खल्तीबाट कालो प्लाष्टिकको पोको निकाली तौल गर्दा ४० ग्राम लागु औषध खैरो हेरोइन दुवै जनाले खरिद गरी ल्याएको बिक्रीको लागि ग्राहकको प्रतिक्षामा बसेको भन्ने उल्लेख भएको देखिन आयो।

४. प्रस्तुत मुद्दामा पुनरावेदक / प्रतिवादी शोभित गौतमको हकमा विचार गर्दा निजले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पढ्नको लागि घरबाट काठमाडौं बस्ने क्रममा रन्जित के.सी.सँग भेट भई लागु औषध दुर्व्यसनीहरूको सङ्गतमा लागु औषध खैरो हेरोइन

सेवन गर्न थालेको, चिनजानको बिक्री गर्ने व्यक्ति अजय बगालेले पैसाको समस्या भएमा लागु औषध बिक्री गर्ने मान्छे चिनाइदिन्छु सम्पर्क गरिहाल्नु भनेअनुसार साथी रन्जित के.सी. र मसमेतलाई अजय बगालेमार्फत वकिल भन्ने व्यक्तिसँग सम्पर्क भई लागु औषध खैरो हिरोइन प्रति एक ग्रामको रू.१०००।- मा खरिद गरी दुर्व्यसनीहरूलाई रू.२,०००।- मा बिक्री गर्दै आएको हो । बरामद लागु औषध खैरो हेरोइन साथी रञ्जित के.सी. र मेरो सल्लाहअनुसार नै दुवै जनाको बराबर लगानीमा नेपालगञ्ज गई वकिल भन्ने व्यक्तिसँग खरिद गरी ल्याएको लागु औषध खैरो हेरोइनसहित हामी पक्राउ परी साथी रञ्जित के.सी.को साथमा रहेको लागु औषध खैरो हेरोइनसमेत बरामद गरेको भनी निजसमेत उपर लगाइएको आरोपित कसुरजन्य कार्य गरेकोमा साबित भई बेहोरा लेखाएको पाइन्छ भने निजले अदालतमा बयान गर्दा अर्का प्रतिवादी रञ्जित के.सी. को साथबाट ४० ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको हो । म र रञ्जित के.सी.भई लागु औषध खरिद गर्न मेरो साथबाट रू.२,०००।- मैले दिएको होइन । उक्त रकम सहप्रतिवादी रञ्जित के.सी.को किस्ट बैंक कलङ्की शाखाबाट झिकेको थियो, के प्रयोजनको लागि थाहा भएन । लागु औषध कहाँबाट ल्याए थाहा भएन । म पहिलेदेखि लागु औषध सेवन गर्ने गर्दथें । रञ्जित के.सी.ले फोन गरी मसँग सामान आएको छ खान आउ भनेकोले सेवन गर्न आएको अवस्थामा मलाई र रञ्जित के.सी.लाई पक्राउ गरेको हो । मौकामा मेरो बयान प्रहरी कर्मचारीद्वारा तयार भएको बेहोरा पढ्न नदिई सहिछाप गर्न लगाएको हो । लागु औषध मेरो साथबाट बरामद भएको होइन । कारोबारमा संलग्न नहुँदा मैले सेवन गर्ने गरेकोले अभियोग दाबीअनुसार सजाय हुनुपर्ने होइन भनी अभियोग दाबीलाई इन्कार गरी आफूले पहिलेदेखि लागु औषध सेवन गर्ने गरेको तथ्यलाई स्वीकार गरेको देखिन्छ ।

५. यी प्रतिवादीका साक्षीले अदालतमा आई बकपत्र गर्दा आफू कसुरमा संलग्न नरहेको भनी बकपत्र गरेको देखिन्छ । बरामदी मुचुल्कामा प्रतिवादीहरू रञ्जित के.सी. र शोभित गौतमको शरीर तलासी गर्दा रञ्जित के.सी.को जिन्स पाइन्टको खल्तीबाट कालो प्लाष्टिकको पोकोमा रहेको ४० ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको र शोभित गौतमबाट केही वस्तु फेला नपरेको भन्ने उल्लेख भएको देखिन आयो । प्र.ना.नि. कृष्णकुमार यादवले सडक किनारामा कोही कसैलाई प्रतिक्षा गरी लागु औषध खैरो हेरोइन ४० ग्रामसहित उभिरहेको अवस्थामा सुराकीको आधारमा प्रतिवादीहरूलाई उक्त लागु औषध खैरो हेरोइनसहित पक्राउ गरेको भनी बकपत्र गरेको पाइयो । यसैगरी प्रतिवेदक प्र.स.नि. पदमकान्त न्यौपाने, प्रहरी जवान राजाराम कार्की र प्रहरी हवल्दार अमृता राईसमेतले अदालतमा आई बकपत्र गरिदिएको अवस्था छ । शोभित गौतमबाट केही वस्तु फेला नपरे पनि बरामदी लागु औषध खैरो हेरोइन दुवै जनाले खरिद गरी ल्याएको बिक्रीको लागि ग्राहकको प्रतिक्षामा बसेको भन्ने बरामदी मुचुल्कामा उल्लेख भएको देखिएकोमा यी प्रतिवादी शोभित गौतम उक्त बरामद भएको लागु औषध खैरो हेरोइन खरिद गर्ने र बिक्रीको लागि ग्राहकको प्रतिक्षामा बस्ने कार्यमा संलग्न भएको भन्ने बरामदी मुचुल्कामा उल्लेख भएको तथ्य सो मुचुल्कामा उल्लेख हुनुको आधार देखिँदैन र अदालतमा बकपत्र गर्ने उक्त बरामदी मुचुल्काका मानिसले खुलाउन सकेको अवस्थासमेत मिसिलबाट समेत देखिएको छैन ।

६. लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ मा *कुनै व्यक्तिको साथमा लागु औषध भएको फेला परेमा वा निजले खेती गरेको जग्गामा गाँजा, अफिम वा कोकाको खेती भइरहेको वा सो भएको कुराको प्रमाण फेला परेमा वा कुनै लागु औषधको निर्माण वा उत्पादनको निमित्त चाहिने केही विधि पुगिसकेको कुनै पदार्थ फेला परेमा वा कुनै पदार्थबाट लागु औषध उत्पादन गरिएपछि सो पदार्थको बाँकी*

रहेको केही कसर निजको साथमा राखिएको फेला परेमा त्यस्तो पदार्थ निजले यो ऐन र यस ऐनअन्तर्गत बनेका नियम वा जारी गरिएका आदेशबमोजिम प्राप्त गरेको वा राखेको भन्ने कुराको प्रमाण निजैले पेस गर्नुपर्नेछ । त्यस्तो प्रमाण पेस गर्न नसकेमा र अन्यथा प्रमाणित भएमा बाहेक निजले यस ऐनअन्तर्गत सजाय हुने अपराध गरेको मानिनेछ भन्ने कानूनी व्यवस्था गरी निषेधित लागु औषध वा सोसँग सम्बन्धित कुनै चिजवस्तु आफ्नो सँगसाथबाट, कब्जाबाट वा आफ्नो घर वा खेतमा खेती भएको अवस्थामा सो स्थानबाट बरामद भएमा वा फेला परेमा सोको वैधता प्रमाणित गर्ने भार त्यस्तो वस्तु सँगसाथबाट वा घरबाट फेला पर्ने व्यक्तिमा रहने गरी विधायिकाले प्रमाणको भार प्रतिवादीमा सारेको (Shifting of burden of proof to the defendant party) पाइन्छ । प्रस्तुत कानूनी व्यवस्थाले निषेधित लागु औषध वा सोसँग सम्बन्धित कुनै चिजवस्तु आफ्नो सँगसाथबाट फेला परेको अवस्थालाई प्रतिवादीले वैधता प्रमाणित गर्न नसकेमा अपराधको (Possessory crime) रूपमा परिभाषित गरेको पाइन्छ । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी शोभित गौतमबाट केही वस्तु फेला नपरेको भनी बरामदी मुचुल्कामा नै उल्लेख भएको अवस्था देखिँदा यी प्रतिवादीको हकमा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम प्रमाणको भार प्रतिवादीमा सरेको मान्न मिल्ने भएन । यस्तो अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादीको कसुर प्रमाणित गर्ने भार अभियोजन पक्षमा रहेको देखियो ।

७. प्रस्तुत मुद्दामा यी प्रतिवादी अभियोगमा इन्कार रहेको र निजबाट लागु औषध बरामद भएको पुष्टि हुन नसकेको अवस्थामा अर्का प्रतिवादीबाट लागु औषध बरामद हुँदा निजसँग यी प्रतिवादी साथमा रहेको भन्ने मात्र आधारमा निजको मौकाको साबिती बयान स्वतः स्थापित हुन सक्ने हुँदैन । कुनै आपराधिक कार्य गर्ने व्यक्तिले त्यस्तो कार्य गरेको वा गरिरहेको अवस्थामा अन्य सो अपराधमा संलग्नता नै नभएका व्यक्ति विभिन्न कारण, प्रयोजन वा संयोगको कारणबाट त्यस्तो आपराधिक कार्य गर्ने व्यक्तिसमक्ष पुग्न सक्ने वा रहन सक्ने सम्भावना रहन्छ । यसबाट कुनै आपराधिक क्रिया भएको समयमा त्यस्तो कार्य गर्ने व्यक्तिसमक्ष पुगेकै वा रहेकै आधारमा निजको समेत त्यस्तो अपराधमा निरपेक्षरूपमा सो आपराधिक कार्य गर्ने व्यक्तिसरह आपराधिक दायित्व हुन्छ भन्नु *फौजदारी अपराधमा व्यक्तिगत दायित्व हुन्छ* भन्ने फौजदारी न्यायको मान्य सिद्धान्तसमेतको विपरीत हुन जान्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी अभियोग दाबीमा इन्कार रहेको, निजबाट लागु औषध बरामद नभएको अवस्था रहेको र वादी पक्षले यी प्रतिवादीको मौकाको साबितीलाई पुष्टि गर्ने अन्य प्रमाण गुजार्न सकेको अवस्था नहुँदा यी प्रतिवादीले आरोपित कसुर गरेको स्थापित हुन आएन ।

८. तर, यी प्रतिवादीले अदालतमा बयान गर्दा म पहिलेदेखि लागु औषध सेवन गर्ने गर्दथेँ, अर्का प्रतिवादी रञ्जित के.सी.ले फोन गरी मसँग सामान छ, खान आउ भनेकाले सेवन गर्न आएको अवस्थामा मलाई र रञ्जित के.सी.लाई पक्राउ गरेको हो भनी आफू लागु औषध सेवनकर्तासम्म रहेको र अर्का प्रतिवादी रञ्जित के.सी.बाट उल्लिखित लागु औषध फेला परेको स्वीकार गरेको देखिन्छ । निजको बयानबाट नै यी प्रतिवादीको अर्का प्रतिवादी रञ्जित के.सी.सँग पूर्वपरिचय रहेको र निजबाट उल्लिखित लागु औषध बरामद हुँदा यी प्रतिवादी अर्का प्रतिवादी रञ्जित के.सी.को साथमा रहेकोमा विवाद देखिएन । यी प्रतिवादीले आफू सेवनकर्ता भनी जिकिर लिए पनि निज सेवनकर्ता भए आफूलाई चाहिने मात्राको लागु औषध अर्का प्रतिवादी रञ्जित के.सी.सँग लिई जानुपर्नेमा नगई निजले लागु औषधको कारोबार गर्न बसेको ठाउँमा निजसँग बसी निजले अर्का प्रतिवादी

रञ्जित के.सी.लाई आरोपित कसुर गर्न दुरूत्साहन दिई आफूसमेत सो आपराधिक कार्यको मतमा पसेको देखिन आयो। लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ मा *यस ऐनअन्तर्गत सजाय हुने, अपराध गर्ने, षड्यन्त्र वा उद्योग गर्ने, त्यस्तो अपराध गर्न अरूलाई दुरूत्साहन गर्ने वा त्यस्तो अपराध गर्नमा मतियार हुने व्यक्तिलाई सोही अपराध गरेबापत हुने सजायको आधा सजाय हुनेछ* भन्ने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत कानूनी व्यवस्थाबमोजिम यी प्रतिवादीलाई अर्का प्रतिवादी रञ्जित के.सी.लाई भएको सजायको आधा सजाय हुने देखिन आयो।

९. प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी रन्जित के.सी. को हकमा विचार गर्दा, निजले अनुसन्धानको क्रममा गरेको बयानमा म पढ्नको लागि घरबाट काठमाडौंमा आई बस्ने क्रममा साथी शोभित गौतमसँग भेट भई घुमफिर गर्दा विभिन्न लागु औषध दुर्व्यसनीहरूको सङ्गतमा परी हामीले लागु औषध खैरो हेरोइन सेवन गर्न थालेकोमा, चिनजानको लागु औषध खैरो हेरोइन बिक्री गर्ने अजय बगालेसँग लागु औषधको बारेमा कुराकानी गर्दा निजले वकिल भन्ने व्यक्तिसँग चिनजान गराई दिएकोले अजय बगालेमार्फत वकिल भन्ने व्यक्तिसँग सम्पर्क गरी प्रति एक ग्रामको रू.१०००।– को दरमा खरिद गरी लिएको लागु औषध खैरो हेरोइन प्रति एक ग्रामको रू.२०००।– को दरले लागु औषध दुर्व्यसनीहरूलाई बिक्री गर्ने गर्दै आएको र हामी पक्राउमा पर्दा बरामद भएको लागु औषध खैरो हेरोइन पनि साथी शोभित गौतम र मेरो सल्लाहअनुसार नै दुवै जनाको बराबरी लगानीमा हामी नेपालगञ्जमा गई वकिल भन्ने व्यक्तिसँग खरिद गरी ल्याएको लागु औषध खैरो हेरोइन ४० ग्राम लागु औषध दुर्व्यसनीहरूलाई बिक्री गर्न भनी हामी दुवै जना काठमाडौं गल्फुटारमा पुगी लागु औषध खैरो हेरोइन खरिद गर्न आउने व्यक्तिहरूको प्रतिक्षामा रहेको अवस्थामा प्रहरीले हामीलाई पक्राउ गरी मेरो साथमा रहेको लागु औषध खैरो हेरोइनसमेत बरामद गरेको हो भन्ने बेहोरा उल्लेख गरी आरोपित कसुरमा आफ्नो संलग्नता स्वीकार गरी बयान गरेको देखिन्छ। निजले अदालतमा बयान गर्दा बरामदी मुचुल्कामा उल्लिखित लागु औषध आफूबाट बरामद भएको होइन, आफू उभिरहेको स्थानबाट केही पर प्रहरीहरूले टल्किने खालको प्लाष्टिकको पोका पारी राखेको लागु औषध ल्याई मलाई पक्राउ गरी लगेको हो भनी आफूबाट लागु औषध बरामद भएको होइन भन्ने जिकिर लिएको देखिन्छ। निजले सो बरामदी मुचुल्कामा आफ्नो नामबाट भएको सहिछाप आफ्नो भएको स्वीकार गरेको देखिन्छ।

१०. यी प्रतिवादीबाट उल्लिखित लागु औषध बरामद भएको हो होइन भन्ने सम्बन्धमा विचार गर्दा, उक्त लागु औषध बरामद गर्ने कार्यमा संलग्न रहेका प्र.ना.नि. कृष्णकुमार यादव, प्र.ना.नि. पदमकान्त न्यौपाने, प्र.ह. अमृत राई, प्र.ज. राजराम कार्कीले अदालतमा आई बकपत्र गर्दा उक्त बरामदी मुचुल्का र प्रतिवेदनलाई समर्थन गरी बेहोरा लेखाएको पाइन्छ। यसबाट यी प्रतिवादीको साथबाट उल्लिखित लागु औषध बरामद भएको पुष्टि हुन आउँछ। यी प्रतिवादीबाट दाबीको लागु औषध बरामद भएको पुष्टि हुँदा यी प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम कसुर ठहर गरेको सुरू फैसलालाई सदर गर्ने पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन आएन।

११. तसर्थ, उल्लिखित विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादी रन्जित के.सी. ले आरोपित कसुर गरेको पुष्टि हुन आएकोले निजलाई अभियोग माग दाबीबमोजिम १० वर्ष कैद र रू. ७५,०००/- जरिवाना हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०/०९/२२ को फैसलालाई सदर हुने ठहराएको पुनरावेदक अदालत पाटनको मिति २०७१/०९/०८ को फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने र प्रतिवादी शोभित

गौतमलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम अर्का प्रतिवादी रञ्जित के.सी.लाई भएको सजायको आधा सजाय गर्नुपर्नेमा निजलाई समेत अर्का प्रतिवादी रञ्जित के.सी.सरह कैद वर्ष १०(दश) र रू.७५,०००।- (पचहत्तर हजार रूपैयाँ) जरिवानासमेत हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७०/०९/२२ को फैसलालाई सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७१/०९/०८ को फैसला सो हदसम्म केही उल्टी भई यी पुनरावेदक प्रतिवादी शोभित गौतमलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम कैद वर्ष ५ (पाँच) र रू.३७,५००।- (सैंतीस हजार पाँच सय रूपैयाँ) जरिवाना हुने ठहर्छ । सोबमोजिम त्यस अदालतको लगत सच्याई लगत राखी कैद जरिवाना असुलउपर गर्नु भनी सुरू काठमाडौं जिल्ला अदालतमा लेखी पठाउनू । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृत (शा.अ.):- बिमला पौडेल
इति संवत् २०७४ साल असार १ गते रोज ५ शुभम् ।

निर्णय नं. १००१२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खड्का
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
आदेश मिति : २०७४।७।२७
०६७-WO-०३३७

मुद्दा:- उत्प्रेषण

निवेदक : बुद्धनगर विकास समिति काठमाडौंको तर्फबाट काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बुद्धनगर बस्ने किरण तण्डुकार

विरूद्ध

विपक्षी : अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत

- **न्यायिक निकायबाट भएको फैसला वा प्रशासनिक निकायले अर्धन्यायिक क्षेत्राधिकार प्रयोग गरी गरेको निर्णयउपर पुनरावेदन लाग्ने कानूनी व्यवस्था रहे भएको सन्दर्भमा त्यस्ता निकायहरूको फैसला वा निर्णयमा भएको त्रुटि सच्याउन वा सोको परीक्षण गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अधिकार रहेको देखिँदैन । यस्ता न्यायिक निरूपण गर्ने प्रकृतिका विषयमा एउटा विशेष उद्देश्यका लागि गठित संवैधानिक निकायको क्षेत्राधिकार हुने भनी अर्थ लगाइयो भने न्यायिक मूल्य मान्यताप्रतिकूल परिणाम पैदा हुने अवस्था सिर्जना हुन जाने ।**

(प्रकरण नं.७)

- **अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा १२ख को प्रतिबन्धात्मक वाक्यांशले न्यायिक प्रकृतिको निर्णयमा दुष्परिणाम सच्याउन नहुने सीमा (Limitation as regards to Judicial Issue having Appeal Rights) तोकेको देखिन्छ। जुन कानूनत: अभिव्यक्त सीमा (Expressed Limitation) को रूपमा रहेको देखिन्छ। प्रस्तुत संवैधानिक तथा कानूनी दायित्वबाट विपक्षी आयोगसमेतले उन्मुक्ति नपाउने स्पष्ट छ। अदालतका फैसलाहरूको सम्मान तथा परिपालना (Respect and Adherence to Verdicts of Court) गर्नुपर्नेमा सो नगरी नेपाल सरकार यु.एन.पार्क विकास समितिको नाममा दर्ता भई हक भोगमा रहेको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने गरी भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उक्त निर्णय विधिसम्मत र न्यायिक रहेको भन्नसमेत नमिल्ने।**

(प्रकरण नं.८)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री गुणनिधि न्यौपाने, श्री बोर्णबहादुर कार्की र विद्वान् अधिवक्ताद्वय श्री रामबहादुर खड्का र श्री देवराज कटुवाल

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री रमा पराजुली, विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री बद्रिबहादुर कार्की, श्री श्यामप्रसाद खरेल, श्री वेदप्रसाद शिवाकोटी र श्री यदुनाथ खनाल, विद्वान् अधिवक्ता श्री सुरेन्द्रबहादुर खड्का,

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या.मीरा खड्का : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ:-

जिल्ला काठमाडौं साबिक महादेवस्थान गा.पं. वडा नं.९(ग) कि.नं.१२७ साबिक धोबीखोला हाल नगर १० सिट नं.११४५-२५ कि.नं.२९ को जग्गा क्षेत्रफल २-३-०-१ जग्गासमेतको उक्त साबिकको कि.नं.१२७ समेतको जग्गा मिति २०५९।७।१३ को मालपोत कार्यालय, डिल्लीबजारको निर्णयले श्री ५ को सरकारको नाममा स्रेस्ता पुर्जा तयार भएको अवस्थामा हालको कि.नं.२९ को भनिएको जग्गासमेत १२७ साबिक धोबीखोलाको भई सोहीबमोजिम श्री ५ को सरकारको नाममा स्वामित्व स्थापित भएको तथ्य अद्यावधिक अस्तित्वमा रहेको छ । जुन मिति २०५९।७।१३ को निर्णयबमोजिम यु.एन. पार्क विकास समितिको नाममा रहेको अवस्था छ।

यस्तै हालको कि.नं.२९ साबिक कि.नं.१२७ धोबीखोला जग्गालाई आफ्नो भएको दाबी गरी विपक्षी नं.९,१०,११ (पूर्णबहादुर तण्डुकार, दुर्गा तण्डुकार र नानी छोरी तण्डुकार) र सिद्धिबज्र बज्राचार्यबीच निर्णय बदर हक कायम मुद्दा चली उक्त जग्गा सिद्धिबज्र बज्राचार्यको हकको नभएको भनी सर्वोच्च अदालतबाट मिति २०५९।२।१७ गते अन्तिम फैसला भएको छ।

यसरी सिद्धिबज्र बज्राचार्यसँग चलेको निर्णय बदर हक कायम मुद्दामा सिद्धिबज्रको हकको नदेखिएको भनी अन्तिम फैसला भएको अवस्थामा विपक्षी नं.९, १०, ११ (पूर्णबहादुर तण्डुकार, दुर्गा तण्डुकार र नानी छोरी तण्डुकार) ले आफ्नो हकको भएको स्वभाविक अर्थ लगाई उक्त कि.नं.२९ को जग्गा आफ्ना नाममा दर्ता गराउनका निमित्त मालपोत कार्यालय, डिल्लीबजार गएको र विपक्षी नं.७ (मालपोत कार्यालय

डिल्लीबजार) ले विपक्षी नं.९,१०,११ (पूर्णबहादुर तण्डुकार, दुर्गा तण्डुकार र नानी छोरी तण्डुकार) का नाममा निजहरूको हक स्थापित नहुने भनी दर्ता नहुने निर्णय भएपश्चात् निज विपक्षीहरू उक्त विपक्षी नं.७ (मालपोत कार्यालय डिल्लीबजार) को निर्णयउपर पुनरावेदन गरेकोमा पुनरावेदन अदालत पाटनबाट मिति २०६३।९।१८ गते मालपोत कार्यालय, डिल्लीबजारको मिति २०५९।७।१३ को निर्णय बदर नभएसम्म पुनरावेदकका नाममा हक कायम गर्न मिलेन भनी फैसला भएको र सो फैसलाउपर विपक्षी नं.९,१०,११ (पूर्णबहादुर तण्डुकार, दुर्गा तण्डुकार र नानी छोरी तण्डुकार) ले सर्वोच्च अदालतमा मुद्दा दोहर्‍याई पाउँ भनी निवेदन गएकोमा यस अदालतबाट मिति २०६५।९।१८ गते मुद्दा दोहर्‍याई हेर्ने निस्सा दिन मिलेन भनी आदेश भई अन्तिम भई बसेको अवस्था छ।

यसरी मालपोत कार्यालय, डिल्लीबजारको मिति २०५९।७।१३ गतेको निर्णयबमोजिम श्री ५ को सरकारको स्वामित्वमा रहेको संयुक्त राष्ट्र संघ पार्क विकास समितिको दर्ता हक भोग स्वामित्वमा रहेको साबिक धोबीखोला रहेको कि.नं.१२७ का सरकारी जग्गा बुद्धनगर वासीको सार्वजनिक प्रयोजनका निमित्त प्रयोगमा ल्याइएको तथा महानगरीय प्रहरी प्रभाग बुद्धनगरको सरकारी भवन तथा बुद्धनगरवासीले सार्वजनिक पूजा अर्चना गर्नको निमित्त मन्दिरसमेत निर्माण भई बाँकी रहेको जग्गा संयुक्त राष्ट्र संघ पार्क विकास समितिको भोगचलनमा रहेको र केही जग्गामा सार्वजनिक पक्की सडकसमेत निर्माण भई सञ्चालनमा रहेको अवस्थामा उक्त जग्गा विपक्षी नं.९,१०,११ (पूर्णबहादुर तण्डुकार, दुर्गा तण्डुकार र नानी छोरी तण्डुकार) को पहल एवं अगुवाईमा व्यक्तिका नाममा किनबेच भएको तथ्य सार्वजनिक भएपछि विपक्षी आयोगमा गई बुझ्दा मिति २०६६।९।१७ गते संयुक्त राष्ट्र संघ पार्क विकास समितिको नाममा रहेको उक्त जग्गा विपक्षी नं.९,१०,११ (पूर्णबहादुर तण्डुकार, दुर्गा तण्डुकार र नानी छोरी तण्डुकार) का नाममा दा.खा. समेत गरी दिने गरी भएको निर्णयको नक्कल (प्रतिलिपि) हेर्दा यथार्थ बेहोरा अवगत भयो।

नेपाल सरकारअन्तर्गतको संयुक्त राष्ट्र संघ पार्क विकास समितिको नाम दर्ता एवं हक भोगचलनमा रहेको दाबीको जग्गाका सम्बन्धमा दर्तावाला रहेको निकायसमेतलाई नबुझी सार्वजनिक हित र महत्त्वको सार्वजनिक प्रयोगमा रहेको सरकारी जग्गालाई बलपूर्वक एवं हचुवा तवरबाट आफूलाई अख्तियार नै नभएको विषयमा कसैको हक समाप्त गरी कसैको हक स्थापित गराउने गरी सर्वोच्च अदालतबाट समेत भएका फैसलाहरू प्रतिकूल, प्रभावित एवं निस्तेज गर्ने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) को मनोगत रूपमा अपव्याख्या गरी स्वयंमा अख्तियारीभन्दा बाहिर गई निर्णय बदर गरी दर्ता कायम गर्ने जस्तो न्यायिक निकायबाट सम्पन्न हुने प्रकृतिको कार्य अनधिकृत एवं गैरकानूनी छ।

अतः विपक्षीहरूको उक्त अनधिकृत एवं गैरकानूनी कार्य बदर गरी यथोचित कानूनी उपचारको वैकल्पिक मार्गसमेतको अभाव रहेकोले विपक्षीहरूको मिति २०६६।९।१७ मा भएको निर्णय सो निर्णयबमोजिम विपक्षी नं.७ (मालपोत कार्यालय डिल्लीबजार) को कार्यालयमा विपक्षी नं.८ (प्रेमबहादुर खापुङ) ले गरेको मिति २०६६।११।१३ को दा.खा. दर्ता निर्णयसमेतका निर्णय एवं विपक्षी नं.९,१०,११ (पूर्णबहादुर तण्डुकार, दुर्गा तण्डुकार र नानी छोरी तण्डुकार) र १२ (शशीकला राजभण्डारी) बीच सम्पन्न खरिद बिक्री कार्यबमोजिम पारित मिति २०६६।११।१८ को र.नं.३२६५(घ) को राजीनामा लिखत सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाहीसमेतलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ।

अख्तियारीभन्दा बाहिर गई अनधिकृतरूपमा

गैरकानूनी निर्णयसमेत गर्ने गराउनेलाई कानूनबमोजिम कारवाहीसमेत गरी सरकारी एवं सार्वजनिक महत्त्वको सम्पत्तिको व्यवस्थित रेखदेख संरक्षण एवं सम्बर्द्धनसमेत गर्ने भनी नेपाल सरकारका नाममा निर्देशनात्मक परमादेशको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिलसाथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सूचना पठाई दिनु र निवेदन मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी विपक्षी पूर्णबहादुर तण्डुकारसमेतलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम गरी पेस गर्नू। अन्तरिम आदेश जारी गरिपाउँ भन्ने मागका सम्बन्धमा विचार गर्दा, अदालतका फैसला प्रतिकूल हुने गरी एकाका नाममा दर्ता रहेको जग्गा अन्य कसैको नाममा दर्ता गर्नु भनी निर्णय गर्ने अधिकार र कार्यक्षेत्र विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई संविधान र ऐनले प्रदान गरेको नहुँदा सो निर्णय प्रथम दृष्टिमा नै अधिकारको अतिक्रमण गरी गरेको देखिँदा सो निर्णयबमोजिम विपक्षीहरूको नाममा दर्ता गर्ने कार्य र दर्ता भएकोमा जसको नाममा दर्ता भएपनि हक हस्तान्तरण गर्नेलगायतका कुनै कार्य व्यवहार गर्दा निवेदक समेतलाई अपूरणीय क्षति पुग्न जाने हुँदा प्रस्तुत रिट निवेदन टुङ्गो नलागेसम्म सो जग्गाको दर्ता, दा.खा. र हक हस्तान्तरणसमेतको कुनै कार्य नगर्नु, नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी दिएको छ भन्नेसमेत बेहोराको यस अदालतको मिति २०६७।६।२० गतेको आदेश।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय कार्यान्वयन गर्नु यस कार्यालयको कानूनी दायित्व भएको साथै काठमाडौं जिल्ला साबिक महादेवस्थान गा.पं. वडा नं.९(ग) कि.नं.१२७ को जग्गा यस कार्यालयबाट कसैको नाममा हकहस्तान्तरण भएको स्रेस्ताबाट देखिँदैन । नगर १० कि.नं.२९ नापीको प्रतिवेदनसमेतबाट यु.एन. पार्कभित्र नपर्ने भनी पेस भएको प्रतिवेदनसमेतको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पूर्णबहादुर तण्डुकारको नाममा नापी गोश्वाराबाट प्राप्त पुर्जा अद्यावधिक गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) अनुसार दुष्परिणाम सच्याउने आदेशअनुसार यस कार्यालबाट दुष्परिणाम सच्याई ऐ. ऐनको दफा १२(ग) बमोजिम आयोगलाई समेत जानकारी दिई आयोगबाट भएको निर्णय कार्यान्वयन भएकोमा यस कार्यालयलाई विपक्षी बनाउनुपर्ने कुनै आधार नभएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी मालपोत कार्यालय, डिल्लीबजार तथा ऐ. का प्रमुख मालपोत अधिकृतको मिति २०६७।७।११ गतेको लिखित जवाफ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णयका सम्बन्धमा व्यक्तिगत रूपमा मलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमा नै खारेज भागी छ । विपक्षीले मबाट भएको के कुन काम कारबाही कानूनविपरीत भएको हो? सो खुलाउन सक्नुभएको अवस्थासमेत छैन । यसर्थ विपक्षीको महलमा मेरो नाम समावेश गरेको कारणले मात्र मसमेत उपर रिट जारी हुन नसक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको अख्तियार दुरूपयोग अनुसन्धान अयोगका सचिव भगवतीकुमार काफ्ले, सहन्यायाधिवक्ता खगराज पौडेल र शाखा अधिकृत गोविन्दप्रसाद अधिकारीको एकै बेहोराको छुट्टाछुट्टै लिखित जवाफ।

हाम्रो परापूर्वकालदेखि अविछिन्न भोग चलन रहेको व्यक्तिगत जग्गालाई हाम्रो निवेदन परिरहेको अवस्थामा त्यसतर्फ कुनै कारबाही नचलाई बदनियतपूर्वक UN PARK भित्र परेको भन्ने गैरकानूनी आधारमा भए गरेको काम कारबाहीउपर छानबिन गरी कारबाही गरी जग्गा हाम्रो नाममा कायम गरिपाउँ भनी पूर्णबहादुर तण्डुकारसमेतले दिएको निवेदनउपर अनुसन्धान भई यस आयोगबाट मिति २०६६।९।१७ मा "...निवेदकहरूको साबिक लगतभित्रको जग्गा भई वि.सं.२०२१ सालको सर्भे नापी हुँदा उक्त जग्गामा धोबीखोला पसेको कारणले निवेदकहरूको नाममा दर्ता हुन नसकेको, वि.सं.२०२५ बाट पुन: धोबीखोलाको बहाव परिवर्तन भई नदी उकास भई पुन: नापजाँच हुँदा उक्त जग्गा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१० कि.नं.२९ क्षेत्रफल २-३-०-१ भई कान्छी तण्डुकार, पूर्ण तण्डुकार र नानीछोरी तण्डुकारको नाममा फिल्डबुक कायम भएको भनी निवेदन गरेको देखियो। जग्गा दर्ताको क्रममा मालपोत कार्यालय डिल्लीबजारले मिति २०६३।११।८ मा गरेको सर्जमिन मुचुल्का हेर्दा जग्गा नदी उकास भई कान्छी तण्डुकारसमेतले भोग गरेको जग्गा हो भनी उल्लेख गरेको देखिएको, नापी शाखा डिल्लीबजारको अमिन कमलराज श्रेष्ठले दिनु भएको प्रतिवेदनमा कि.नं.२९ को जग्गा हाल घनावस्तीभित्रको भई यु.एन. पार्कभित्र नपरेको भन्ने उल्लेख भएको, यसरी नै वादी सिद्धीबज्र बज्राचार्यको मु.स. गर्ने रत्नमाया बज्राचार्य, प्रतिवादी कान्छी तण्डुकारसमेत भएको निर्णय बदर हक कायम मुद्दामा प्रतिवादीहरूको कि.नं.२९ को जग्गामा वादीको क्षेत्रफल ०-१४-१ जग्गा घुसाई नापी दर्ता गराएको भनी दिएको फिराद दाबी पुग्न नसक्ने गरी २०५९।२।१७।६ को सर्वोच्च अदालतको फैसलाबाट देखिई कि.नं.२९ को जग्गा त्यस मुद्दाकी प्रतिवादी कान्छी तण्डुकार (निवेदिकासमेतको) रहेको देखिएको। यसरी निवेदक पूर्णबहादुर तण्डुकारसमेतका हक भोगको जग्गालाई मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०५९।९।१३ मा कि.नं.१२७ को जग्गा यु.एन. पार्कको नाममा दर्ता गर्दा कटाई अन्य बाँकी जग्गा यु.एन. पार्कको नाममा कायम गर्नुपर्नेमा सो भए गरेको देखिएन। अत: पुन: नापीमा कि.नं.२९ क्षेत्रफल २-३-०-१ कायम भएको उक्त निवेदकहरूको जग्गालाई नकटाई मिति २०५९।७।१३ मा भएको निर्णय कानूनबमोजिम भएको भन्न नमिल्ने हुँदा उक्त कि.नं.२९ को जग्गा नकटाई गरेको निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा १२(ख) बमोजिम बदर गरी दुष्कृति सच्याई सम्मानित सर्वोच्च अदालतको फैसलासमेतबाट साबिक कि.नं.१२७ बाट हाल कायम भएको कि.नं.२९ कटाई निवेदक पूर्णबहादुर तण्डुकारसमेतका नाममा दर्ता गरिदिन मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाउने..." भन्नेसमेतको निर्णय भई कार्यान्वयनको लागि मिति २०६६।९।२१ मा मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाएको हो।

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) ले सार्वजनिक पद धारण गरेका व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउन सम्बन्धित अधिकारी वा निकायलाई लेखिपठाउन सक्ने गरी आयोगलाई अधिकार दिएकोले सोही अधिकार प्रयोग गरी आयोगबाट सो निर्णय भएको हो।

उक्त जग्गाका सम्बन्धमा नदी उकास भई कान्छी तण्डुकारसमेतले भोग गरेको भन्ने सर्जमिनबाट देखिएको, अमिनले दिएको प्रतिवेदनमा प्रस्टसँग उक्त जग्गा यु.एन. पार्कमा नपरेको भन्ने उल्लेख भएको, फिल्डबुकको बेहोराबाट उक्त जग्गा कान्छी तण्डुकार, पूर्णबहादुर तण्डुकार र नानीछोरी तण्डुकारको भन्ने देखिन आएको छ। यसरी नापी, भोग, सर्जमिनसमेतको आधारमा यस आयोगबाट निर्णय भएको हुँदा रिट निवेदन खारेज भागी छ भन्नेसमेत बेहोराको विपक्षी

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६७।८।३ गतेको लिखित जवाफ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णयका सम्बन्धमा निर्णयकर्ताहरूलाई व्यक्तिगत रूपमा विपक्षी बनाइरहनु पर्ने अवस्था, कारण, आधार एवं औचित्य निवेदकले खुलाउन नसक्नु भएकोले रिट खारेजभागी छ । आयोगबाट भएको मिति २०६६।९।१७ को निर्णय मुख्यरूपमा उजुरकर्ताहरूका नाउँमा २०४४ सालमै कि.नं.२९ को जग्गा स्वाभाविक रूपमा दर्ता भई सो दर्ताउपर निर्णय बदर हक कायम मुद्दामा तहतह फैसला हुँदै जाँदा सम्मानित सर्वोच्च अदालतबाट २०५९।२।१७ मा (संवत् २०५६ सालको दे.पु.नं. ३७४२) आयोगमा उजुर गर्ने पूर्णबहादुर तण्डुकारसमेतको दर्ता यथावत् कायम रहने गरी फैसला भएको र नापी कार्यालयको अमिनबाट प्राप्त प्रतिवेदनबाट उक्त कि.नं.२९ को जग्गा यु.एन. पार्कभित्र नपर्ने भन्ने लेखिएको आधार एवं अवस्थामा, साबिक कि.नं.१२७ नेपाल सरकारका नाउँमा दर्ता गर्ने भनी निर्णय भएको कारणले मात्र एक नागरिकले स्वाभाविक प्रक्रियाबाट दर्ता गरेको जग्गाको हक स्वामित्व स्वत: समाप्त हुन नसक्ने अर्थ लगाई आयोगबाट हाल साबिक गर्न लेखी पठाएको देखिन्छ । २०५९ सालपछि पुन: मुद्दा परी अन्यथा फैसला भएको भन्ने कुरा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट कारबाही हुँदा सम्बद्ध मालपोत कार्यालयका प्रतिवेदनमा उल्लेख भएको नदेखिएको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) बमोजिम गरे भएको निर्णय बदनियतपूर्वक गरिएको भन्ने रिट निवेदकको आरोप निरर्थक हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी वेदप्रसाद सिवाकोटी र ललितबहादुर लिम्बूको मिति २०६७।८।२६ गतेको लिखित जवाफ।

काठमाडौं जिल्ला, काठमाडौं नगरपालिका वडा नं. १० (नक्सा सिट नं.११४५-२५) कि.नं.२९ को क्षेत्रफल २-३-०-१ जग्गा हामीहरूको साबिक लगतभित्रको भई वि.स.२०२१ सालको सर्भे नापी हुँदा उक्त जग्गामा धोबीखोला पसेको कारणले हामीहरूको नाममा दर्ता हुन नसकेको, वि.सं. २०२५ बाट पुन: धोबीखोलाले बहाव परिवर्तन गरी नदी उकास भई पुन: मिति २०४४।७।८ मा नापी नक्सा हुँदा उक्त जग्गा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१० कि.नं.२९ क्षेत्रफल २-३-०-१ भई हाम्री आमा स्व.कान्छी तण्डुकार, पूर्णबहादुर तण्डुकार, दुर्गा तण्डुकार र नानीछोरी तण्डुकारको नाममा फिल्डबुक कायम भएको हो । मिति २०४४।७।८ मा नापी नक्सा हुँदा दाबीको उक्त कि.नं.२९ को जग्गाको जग्गाधनी प्रमाणपुर्जा लिन सिद्धिबज्र बज्राचार्यले "मेरो जग्गा घुसाएर नापी गराएको" भन्ने उजुरी गरेको कारणले हामीले ज.ध. दर्ता प्रमाणपुर्जा प्राप्त गर्न सकेनौं । मुद्दा चल्दै जाँदा सर्वोच्च अदालतबाट मिति २०५९।२।१७।६ मा वादी सिद्धिबज्र बज्राचार्य प्रतिवादी कान्छी तण्डुकारसमेत भएको निर्णय बदर हक कायम मुद्दामा वादी दाबी नपुग्ने गरी अन्तिम फैसला भएपछि हामी लिखित जवाफ प्रस्तुतकर्ताको साबिक लगत फिल्डबुकको ज.ध. महलमा हामीहरूको नाम जनिएको अवस्था एवं भोग चलनसमेत हामीहरू कै भएको हुँदा हाल साबिक स्रेस्ता अद्यावधिक गरी (सम्मानित सर्वोच्च अदालतको फैसलाअनुसार पनि) जग्गाधनी प्रमाणपुर्जा पाउँ भन्नेसमेत बेहोराको हामी लिखित जवाफ प्रस्तुतकर्तासमेतको मिति २०५९।७।५ मा मालपोत कार्यालय काठमाडौंमा निवेदन परेको अवस्था थियो।

हामीहरूको दाबीको उक्त कि.नं.२९ को क्षे.फ. २-३-०-१ जग्गा साबिक महादेवस्थान गा.वि.स. वडा नं.९(ग) कि.नं.१२७ को क्षे.फ.५७-१२-० सँग भिड्ने भनी नापीबाट हाल साबिक विवरण पठाइएको आधारमा मालपोत कार्यालय डिल्लीबजार काठमाडौंले

मोठ स्रेस्ता भिडाउँदा साबिक कि.नं.१२७ समेतका जग्गाहरू यस कार्यालयको मिति २०५९।७।१३ को निर्णयले नेपाल सरकार यु.एन. पार्कको नाममा स्रेस्ता तथा पुर्जा तैयार गरी दिने निर्णय भई पुर्जासमेत तयार भइसकेको देखिँदा निवेदकले पेस गरेको सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाले उक्त पार्कका नाममा भएको दर्ता बदर नभएसम्म निवेदकहरूको मागबमोजिम हाल साबिक स्रेस्ता अद्यावधिक गरी फैसलाअनुसार कायम राख्न मिलेन भनी मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंबाट मिति २०६१।११।१० मा निर्णय भएको छ।

सर्वोच्च अदालतबाट मिति २०५९।२।१७।६ मा वादी सिद्धिबज्र बज्राचार्य प्रतिवादी कान्छी तण्डुकारसमेत भएको निर्णय बदर हक कायम मुद्दामा वादी दाबी नपुग्ने गरी अन्तिम फैसला भएपछि यु.एन. पार्क(UN Park) लाई जग्गा दिने निर्णय नभएको, अदालतबाट भएको नाप नक्सासमेतको नक्सा कुण्डलीबाट कि.नं.२९ को जग्गा रहे भएको ठाउँमा घनावस्तीसमेत देखिएको र हामीहरूको कि.नं.२९ को जग्गाबाट खोला निकै टाढा रहेको अवस्थामा सुरूले हाल साबिक गरी जग्गाधनी दर्ता प्रमाणपुर्जा दिन मिलेन भनी गरेको निर्णय न्याय र कानूनविपरीत भएकोले हाम्रो निवेदन मागदाबीअनुसार गरिपाउँ भनी मालपोत कार्यालयले गरेको निर्णयउपर हामीहरूको पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी पुनरावेदन अदालत, पाटनबाट नेपाल सरकारको मिति २०५९।७।१३ को निर्णयले विवादित कि.नं.२९ को जग्गासमेत यु.एन. पार्कको नाउँमा दर्ता स्रेस्ता कायम गर्ने गरेको, सोअनुसार संयुक्त राष्ट्र संघ पार्क विकास समितिको नाउँमा स्रेस्ता कायम भइसकेको देखिएको र सो निर्णय बदर गराई विवादित जग्गामा वादी पक्षले आफ्नो निर्विवाद हकसमेत कायम गराउन सकेको अवस्था नदेखिएको, सर्वोच्च अदालतबाट भएको मिति २०५९।२।१७ को फैसलाले प्रतिवादी पक्ष रहेका यी पुनरावेदकहरूले वादीको स्थान ग्रहण गर्न सक्नेसमेत नदेखिएको, सो फैसलाले विवादित जग्गामा यी पुनरावेदकहरूको हक स्थापित भइरहेको भन्न मिल्ने अवस्था देखिएन, विवादित जग्गा यु.एन. पार्कको नाउँमा दर्ता गर्ने गरेको मालपोत कार्यालयको मिति २०५९।७।१३ को निर्णय बदर नभएसम्म फिराद दाबीको जग्गाको हाल साबिक स्रेस्ता अद्यावधिक गरी फैसलाअनुसार यी पुनरावेदकहरूको नाउँमा हक कायम गर्न मिलेन भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।९।१८ गते फैसला भएको छ।

हामीहरूकै भोग चलनमा रहे भएको, फिल्डबुकको ज.ध. महलमा हाम्रै नाम जनिएको र साबिक लगतसमेत भिडेको, नयाँ नापीमा छुट्टै कि.नं.२९ क्षेत्रफल २-३-०-१ कायम भएको कि.नं.२९ को जग्गालाई नकटाई मालपोत कार्यालयबाट मिति २०५९।७।१३ मा भएको निर्णय कानूनबमोजिम भएको नहुँदा उक्त कि.नं.२९ को जग्गा नकटाई गरेको निर्णयले हामीलाई अन्याय परेको हुँदा यसरी बदनियतपूर्वक गरेको काम कारबाहीउपर छानबिन गरी दोषीउपर कारबाही गरी जग्गा हाम्रो नाममा कायम गरिपाउँ भनी हामीले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष हामीले निवेदन दिएका थियौं।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६६।९।१७ मा भएको निर्णयमा निवेदक पूर्णबहादुर तण्डुकारसमेतका हक भोगको जग्गालाई मालपोत कार्यालय डिल्लीबजारबाट मिति २०५९।९।१३ मा कि.नं.१२७ को जग्गा यु.एन. पार्कको नाममा दर्ता गर्दा कटाई अन्य बाँकी यु.एन. पार्कको नाममा गर्नुपर्नेमा सो भए गरेको देखिएन। अत: पुन: नापीमा कि.नं.२९ क्षेत्रफल २-३-०-१ कायम भएको उक्त निवेदकहरूको जग्गालाई नकटाई मिति २०५९।७।१३ मा भएको निर्णय कानूनबमोजिम भएको भन्न नमिल्दा उक्त कि.नं.२९ को जग्गा नकटाई गरेको निर्णय अख्तियार दुरूपयोग

अनुसन्धान आयोग ऐन,२०४८ को दफा १२(ख) बमोजिम बदर गरी दुष्कृति सच्याई सम्मानित सर्वोच्च अदालतको फैसलासमेतबाट साबिक कि.नं.१२७ बाट हाल कायम भएको कि.नं.२९ कटाई पूर्णबहादुर तण्डुकारसमेतका नाममा दर्ता गरिदिन मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाउने" भन्नेसमेत बेहोराको निर्णय भई कार्यान्वयनका लागि मिति २०६६।९।२१ मा मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाएको अवस्था हो।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प.सं.१ भूमि ।३०१।०६६।६७ च.नं. ८९३ मिति २०६६।९।२१ को पत्रसमेतको आधारमा मिति २०५९।९।१३ को मालपोत कार्यालयको निर्णय बदर गरी दुष्कृति सच्याई सर्वोच्च अदालतको फैसलासमेतबाट साबिक कि.नं.१२७ हाल कायम भएको कि.नं.२९ कटाई पूर्णबहादुर तण्डुकारसमेतका नाममा दर्ता गरी दिने भनी लेखी आएकोमा सोहीअनुसार गरी निर्णय कार्यान्वयन भएको जानकारी आयोगलाई दिने गरी मिति २०६६।११।१३ गते मालपोत कार्यालय काठमाडौंबाट निर्णय भएको अवस्था छ।

मालपोत कार्यालयका सार्वजनिक पद धारण गरेका व्यक्तिले आफूसमक्ष मिति २०५९।५।७ मा परेको हाम्रो साबिक स्रेस्ता अद्यावधिक गरी ज.ध.प्र. समेत पाउँ भन्ने निवेदनलाई नजर अन्दाज गरी हाम्रो साबिक लगत, नापी र भोगसमेत बुझ्दै नबुझी, ध्यानै नदिई बेवास्ता गरी कि.नं.२९ को जग्गासमेत नेपाल सरकार यु.एन. पार्कको नाममा दर्ता हुने गरी मिति २०५९।५।१३ मा गरेको निर्णय बदनियत चिताई गरिएको अनुचित कार्य भएको र सो अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनको लागि सम्बन्धित अधिकारी वा निकायलाई लेखिपठाउने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) ले आयोगलाई प्रदान गरेको छ।

अत: साबिक लगत, नापी, भोग, सर्जमिनसमेतको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६६।९।१७ मा भएको कानूनसम्मत एवं न्यायपूर्ण निर्णयका आधारमा मालपोत कार्यालयबाट मिति २०६६।११।१३ मा दुष्कृति सच्याउने गरी भएको निर्णयसमेत बदर हुन नसक्ने हुँदा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी पूर्ण तण्डुकार, दुर्गाबहादुर तण्डुकार र नानीछोरी तण्डुकारको मिति २०६७।९।२६ गतेको संयुक्त लिखित जवाफ।

साबिक महादेवस्थान वडा नं.९(ग) कि.नं.१२७ हाल नगर कि.नं.२९ को क्षेत्रफल २-३-०-१ जग्गा मालपोत कार्यालय, काठमाडौंमा प्रत्यर्थीमध्येकै पूर्णबहादुर तण्डुकारसमेतका नाउँमा दर्ता रहेको, मालपोत कार्यालय काठमाडौंको मिति २०६६।११।१८ र.नं. ३२६५(घ) को पारित राजीनामाबमोजिम दाबीको जग्गा मेरो नाउँमा दर्ता भएको छ । कानूनबमोजिम पारित भएको लेखत सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रबाट बदर हुन सक्तैन। पारित लेखत बदर वा निष्क्रिय गर्ने क्षेत्राधिकार मुलुकी ऐन लेनदेन व्यवहारको १०/४०, दानबकसको महलबमोजिम बदर वा निष्क्रिय हुने हो र सोसम्बन्धी मुद्दा हेर्ने सामान्य अधिकार क्षेत्र न्याय प्रशासन ऐन, २०४८ को दफा ७ तथा मुलुकी ऐन अ.बं.२९ नं. ले सम्बन्धित जिल्ला अदालतलाई रही सामान्य कानूनअन्तर्गत हेरिने विषयमा प्रस्तुत रिट दायर भएका हुँदा तथ्यमा नै प्रवेश गर्न नमिली रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बेहोराको विपक्षी शशिकला राजभण्डारीको मिति २०६७।१०।३ गतेको लिखित जवाफ।

यस अदालतको मिति २०६९।२ । ३ को आदेशानुसार मिसिलहरू प्राप्त भई मिसिल सामेल रहेको।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट

निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री गुणनिधि न्यौपाने, श्री बोर्णबहादुर कार्की र विद्वान् अधिवक्ताद्वय श्री रामबहादुर खड्का र श्री देवराज कटुवालले जग्गा दर्ता गर्नेसम्बन्धी अधिकार मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई दिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) को व्यवस्था भ्रष्टाचार गरेको कार्यबाट उत्पन्न परिणामको विषयमा आकृष्ट हुन्छ । उक्त ऐनको दफा १२(ख) को प्रतिबन्धात्मक वाक्यांशमा पुनरावेदन लागू हुने व्यवस्था उल्लेख भएकोले यस्तो अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको दुष्परिणाम सच्याउने अधिकार आकर्षितसमेत हुँदैन । विवादित कि.नं.२९ को जग्गा दर्ता गर्न मालपोत कार्यालय, डिल्लीबजारमा कारबाही चली ०५९ सालमै नेपाल सरकारको नाममा पुर्जा तयार गरिदिने निर्णय भई स्रेस्तासमेत तयार भइसकेको अवस्था छ । मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६१।११।१० को निर्णयउपर विपक्षी कान्छी तण्डुकारसमेतको परेको पुनरावेदनमा पुनरावेदन अदालत पाटनबाट मालपोत कार्यालयको २०५९।७।१३ को निर्णय बदर नभएसम्म दाबीको जग्गाको हाल साबिक स्रेस्ता अद्यावधिक गरी फैसलाअनुसार पुनरावेदकहरूको नाउँमा हक कायम गर्न मिलेन भनी मालपोत कार्यालय, डिल्लीबजारको निर्णय सदर भई सो पुनरावेदन फैसलाउपर दोहोर्‍याई पाउँको निवेदन परी निस्सा प्रदान नहुने आदेश भई सर्वोच्च अदालतबाट अन्तिम भएको अवस्था पनि रहेको छ । कि.नं.२९ को जग्गा विपक्षी तण्डुकारहरूको जग्गा हो भने सो कुरा निजहरूले नै स्थापित गर्नुपर्दछ तर त्यसो पनि हुन सकेको छैन । यु.एन. पार्क विकास समितिको नाममा जग्गा दर्ता गर्नेसम्बन्धी मिति २०५९।७।१३ को निर्णयउपर चुनौती नै छैन । यसरी आफ्नो क्षेत्राधिकारबाहिर गई दुष्परिणाम सच्चाउने नाउँमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मालपोत कार्यालयको निर्णय बदर गर्ने गरी गरेको निर्णय कानूनसम्मत नरहेकाले रिट जारी हुनुपर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेतका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री बद्रीबहादुर कार्की, श्री श्यामप्रसाद खरेल र विपक्षीसमेत रहेका विद्वान् वरिष्ठ अधिवक्ता श्री वेदप्रसाद शिवाकोटी स्वयंले सर्वोच्च अदालतबाट ०५६ सालको दे.पु.नं. ३७४२ मिति २०५९।२।१७।६ मा भएको फैसलालाई आधार मानेर आयोगले निर्णय गरेको छ । वादी सिद्धिबज्र ब्रजाचार्य प्रतिवादी कान्छी तण्डुकारसमेत भएको निर्णय बदर हक कायम मुद्दामा नापी गोश्वाराबाट ०४४।८।११ मा साबिक कि.नं.१२७ हाल कायम कि.नं.२९ जग्गामा तण्डुकारहरूको नाममा पुर्जा जारी गरेको छ र सो निर्णय हालसम्म कायम नै रहेको छ । तसर्थ विपक्षी तण्डुकारहरूको उक्त कि.न.२९ को जग्गामा हक स्थापित रहेको प्रस्ट छ । साबिक कि.नं.१२७ बाट विभिन्न ६० कित्ता जग्गा कायम भएको छ । चैत्र २६,२०५२ अतिरिक्त ५२ (क) परराष्ट्र मन्त्रालयको सूचनामा यु.एन.पार्कको क्षेत्राधिकार शंखमुलदेखि टेकु दोभानको बागमती क्षेत्र भनी उल्लेख छ । बुद्धनगर विकास समितको प्रस्तुत मुद्दामा मुद्दा गर्ने हकदैया नै छैन । Error of Judgement को कुरामा रिटको माध्यमबाट कारबाही गर्न मिल्दैन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानबिन गर्दा आफूले Clean चिट पाइसकेको अवस्था छ । तसर्थ न्यायिक टिप्पणी खारेज गर्नुका साथै आयोगबाट भएको निर्णय कानूनसम्मत रहेकोले रिट खारेज हुनुपर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो ।

त्यसैगरी विद्वान् सहन्यायाधिवक्ता श्री रमा पराजुलीले सिद्धिबज्र बज्राचार्य भएको २०५६ सालको दे.पु.नं.३७४२ को निर्णय बदर हक कायम मुद्दाबाट विवादित कि.नं.२९ को जग्गा यु.एन.पार्कभित्रको भन्ने देखिँदैन । नदी उकास भएको जग्गा ०४४।८।११ मा

नापी हुँदा कि.नं.२९ कान्छी तण्डुकारसमेतको नाउँमा दर्ता गर्ने निर्णय ३ नं. नापी टोलीबाट भएको छ। यिनै आधारले आयोगबाट निर्णय भएको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

त्यस्तै विपक्षी शशीकला राजभण्डारीको तर्फबाट विद्वान् अधिवक्ता श्री सुरेन्द्रबहादुर खड्काले १९३० सालसम्मको स्रेस्तामा तण्डुकारहरूकै नाम छ। मेरो पक्ष जग्गा खरिदकर्ता हो। दर्ता भएको जग्गा पास गरेर खरिद गरेको हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

अर्का विपक्षी पूर्णबहादुर तण्डुकारसमेतका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री यदुनाथ खनालले आयोगबाट प्राविधिकको प्रतिवेदनमा ०२५ सालबाट धोबीखोलाले बहाव परिवर्तन गरेपछि भएको नापी फिल्डबुकमा कान्छा तण्डुकारहरू समेतको नाम उल्लेख भएको र उक्त जग्गा तण्डुकारले भोग गर्दै आएको भनी मुचुल्का प्रतिवेदनसमेतका आधारमा कि.नं.२९ को जग्गा तण्डुकारको नाममा दर्ता गरी दिने निर्णय भएको छ। गुगलको नक्साबाट उक्त जग्गा यु.एन. पार्कभित्रको पर्दैन। प्रस्तुत विषयमा आयोगलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) अनुसार दुष्परिणाम सच्चाउन आदेश दिन सक्ने अधिकार रहेको छ। अत: प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो।

निवेदक तथा विपक्षीतर्फका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उपर्युक्त तर्कपूर्ण बहस जिकिर सुनी मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनमा मूलत: देहायका विषयमा निर्णय गर्नुपर्ने देखियोः

(१) मालपोत कार्यालय, डिल्लीबजारले नेपाल सरकार यु.एन. पार्क विकास समितिको नाममा गरेको जग्गा दर्ताको निर्णय बदर गरी व्यक्तिको नाममा दर्ता गर्नु भनी आदेश दिने क्षेत्राधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई छ, छैन ?

(२) निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो वा होइन ?

यसमा, जिल्ला काठमाडौं साबिक महादेवस्थान गा.वि.स. वडा नं. ९(ग) कि.नं.१२७ साबिक धोबीखोला हाल नगर १० सिट नं. ११४५-२५ कि.नं. २९ को क्षेत्रफल २-३-०-१ जग्गासमेत मालपोत कार्यालय, डिल्लीबजारको मिति २०५९।७।१३ गतेको निर्णयबमोजिम श्री ५ को सरकार, संयुक्त राष्ट्र संघ पार्क विकास समितिको दर्ता हक भोगको रहेको र कि.नं.२९ को जग्गा आफ्नो भएको दाबी गरी विपक्षी तण्डुकारहरू र सिद्धिब्रज बज्राचार्यबीच निर्णय बदर हक कायम मुद्दा चली उक्त जग्गा सिद्धिब्रज बज्राचार्यको हक नभएको भनी सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको छ। यसरी अन्तिम फैसला भई बसेकोमा आफ्नो हकको अर्थ लगाई उक्त कि.नं.२९ आफ्ना नाममा दर्ता गराउनका निमित्त विपक्षी तण्डुकारहरूको तर्फबाट मालपोत कार्यालय, डिल्लीबजारमा निवेदन परेकोमा निजहरूको हक स्थापित नहुने भनी दर्ता नहुने निर्णय भएको, यसैउपर यिनै विपक्षीहरूबाट पुनरावेदन परी पुनरावेदन अदालत पाटनबाट मिति २०६३।९।१८ गते मालपोत कार्यालय, डिल्लीबजारको मिति २०५९।७।१३ को निर्णय बदर नभएसम्म पुनरावेदकका नाममा हक कायम गर्न मिलेन भनी फैसला भएको र उक्त फैसलाउपर पनि मुद्दा दोहोऱ्याई पाउँ निवेदन परी मिति २०६५।९।१८ मा दोहोऱ्याई हेर्ने निस्सा दिन मिलेन भनी सर्वोच्च अदालतबाट आदेश भई अन्तिम भई बसेको अवस्था भएपनि उक्त कि.नं.२९ को जग्गा यिनै विपक्षी तण्डुकारहरूको अगुवाईमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८

को दफा १२(ख) को अपव्याख्या भई दाबीको जग्गाका सम्बन्धमा दर्तावाला रहेको निकायसमेतलाई नबुझी सर्वोच्च अदालतसमेतबाट भएका फैसलाहरू प्रतिकूल र निस्तेज गर्ने गरी संयुक्त राष्ट्र संघ पार्क विकास समितिको नाम दर्ता एवं हक भोगचलनमा रहेको उक्त जग्गा विपक्षी तण्डुकारहरूको नाममा दा.खा.समेत गरी दिने गरी मिति २०६६।९।१७ मा निर्णय भएको र सोही निर्णयबमोजिम मिति २०६६।११।१३ मा भएको दा.खा. दर्ता एवं विपक्षी पुर्ण तण्डुकार, दुर्गा तण्डुकार, नानी छोरी तण्डुकार र शशीकला राजभण्डारीबीच मिति २०६६।११।१८ (र.नं. ३२६५(घ)) मा राजीनामा पारित भएकोले सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाही बदर गरी सरकारी एवं सार्वजनिक महत्त्वको सम्पत्तिको व्यवस्थित रेखदेख संरक्षण एवं सम्बर्द्धनसमेत गर्ने भनी नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसहितको परमादेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दाबी रहेको पाइयो ।

विपक्षीहरूको लिखित जवाफमा जग्गा दर्ताको क्रममा मालपोत कार्यालय, डिल्लीबजारले मिति २०६३।११।१८ मा गरेको सर्जमिन मुचुल्कामा नदी उकास भई कान्छी तण्डुकारसमेतले भोग गरेको जग्गा हो भनी उल्लेख भएको देखिएको, नापी शाखाको प्रतिवेदनमा कि.नं. २९ को जग्गा हाल घनावस्तीभित्रको भई यू.एन.पार्कभित्र नपरेको भन्ने उल्लेख भएको, वादी सिद्धिब्रज बर्जाचार्यको मु.स. गर्ने रत्न ब्रजाचार्य प्रतिवादी कान्छी तण्डुकारसमेत भएको निर्णय बदर हक कायम मुद्दामा प्रतिवादीहरूको कि.नं.२९ को जग्गामा क्षेत्रफल ०-१४-१ वादीको जग्गामा घुसाई नापी दर्ता गराएको भनी दिएको फिराद दाबी पुग्न नसक्ने गरी २०५९।२।१७।६ मा भएको सर्वोच्च अदालतको फैसलाबाट कि.नं.२९ को जग्गा प्रतिवादी कान्छी तण्डुकारको रहेको देखिएको, यसरी पुर्ण तण्डुकारसमेतका हक भोगको जग्गालाई मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०५९।९।१३ मा कि.नं. १२७ बाट हाल कायम भएको कि.नं.२९ को क्षेत्रफल २-३-०-१ कटाई बाँकी जग्गा यु.एन. पार्कको नाममा कायम गर्नुपर्नेमा सो नगरकोले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) बमोजिम बदर गरी दुष्कृति सच्याई सम्मानित सर्वोच्च अदालतको फैसलासमेतबाट साबिक कि.नं. १२७ बाट हाल कायम भएको कि.नं.२९ कटाई निवेदक पूर्णबहादुर तण्डुकारसमेतका नाममा दर्ता गरिदिन मालपोत कार्यालय, डिल्लीबजारलाई लेखी पठाउने भनी भएको निर्णयबमोजिम मालपोत कार्यालय, डिल्लीबजारले उक्त आयोगको निर्णय कार्यान्वयन गरेको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) ले सार्वजनिक पद धारण गरेका व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउन सम्बन्धित अधिकारीलाई लेखी पठाउन सक्ने गरी आयोगलाई दिएको अधिकार प्रयोग गरी आयोगबाट सो निर्णय भएकोले रिट निवेदन खारेज हुनुपर्ने भन्ने जिकिर रहेको पाइयो ।

मिसिल संलग्न कागजातहरूको अध्ययन गरी हेर्दा संयुक्त राष्ट्र संघको ५० औं वार्षिकोत्सवको उपलक्ष्यमा काठमाडौंको शंखमूलदेखि टेकुसम्मको बागमतीको किनारामा संयुक्त राष्ट्रसंघ पार्क निर्माण गरी सुव्यवस्थित रूपमा सञ्चालन गर्ने उद्देश्य राखी नेपाल सरकार संयुक्त राष्ट्र संघ पार्क विकास समिति (गठन) आदेश, २०५२ जारी भई सोहीबमोजिम संयुक्त राष्ट्र संघ पार्क विकास समिति गठन भएको देखिन्छ । उक्त विकास समितिको २०५३।१।१ को निर्णयबमोजिम पार्क क्षेत्रमा पर्ने कुनै पनि ऐलानी जग्गा दर्ता एवं वितरण नगर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई अनुरोधसमेत भई उपर्युक्त गठन आदेशबमोजिम तोकिएको क्षेत्रको जग्गालाई मालपोत तथा नापी कार्यालयले छुट्ट्याउन सहयोग गरी सो क्षेत्रको कित्ताकाट गरी श्री ५ को सरकार संयुक्त राष्ट्र संघ पार्क विकास समितिको नाममा दर्ता स्रेस्ता

पुर्जा कायम गरिदिने भनी मिति २०५९।५।२५ मा श्री ५ सरकार राज्यमन्त्री स्तरीय निर्णय भई उल्लिखित गठन आदेश र समितिको मिति २०५९।३।३१ को पत्रसमेतका आधारमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट लेखी आएअनुसार बागमती नदी र टेकु दोभानसम्म पर्ने कि.नं.१२७ सहितको जग्गासमेत श्री ५ सरकार यु.एन. पार्कका नाममा स्रेस्ता तथा पुर्जा तयार गरिदिने भनी मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०५९।७।१३ मा निर्णय भई यु.एन.पार्क विकास समितिको नाममा जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार भएको देखिन्छ। मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०५९।७।१३ मा उक्त जग्गा दर्ता गर्ने गरी भएको निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) बमोजिम बदर गरी दुष्कृति सच्याई विपक्षी पूर्णबहादुर तण्डुकारसमेतका नाममा दर्ता गरिदिन मालपोत कार्यालय, डिल्लीबजारलाई लेखी पठाउने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६६।९।१७ मा निर्णय भएको तथ्यमा विवाद देखिएन।

विवादित कि.नं.२९ को जग्गाको विषयमा पुनरावेदक प्रतिवादी कान्छी तण्डुकार, पुर्णबहादुर तण्डुकार, दुर्गाबहादुर तण्डुकार र नानीछोरी तण्डुकार विरूद्ध वादी सिद्धिब्रज बर्जाचार्यको मु.स.गर्ने रत्नमाया बज्राचार्यबीच चलेको संवत् २०५६ सालको दे.पु. नं. ३७४२ को निर्णय बदर हक कायम मुद्दामा मिति २०४४।८।११ मा भएको ३ नं. नापी गोश्वाराको निर्णय बदरको माग दाबी लिएकोमा सो मुद्दामा वादी दाबी नपुग्ने ठहरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत पाटनबाट उल्टी भई वादी दाबी पुग्ने ठहर्‍याएको फैसला सर्वोच्च अदालतबाट उल्टी गरी काठमाडौं जिल्ला अदालतको दाबी नपुग्ने ठहर्‍याएको फैसला मनासिब ठहर्‍याई मिति २०५९।२।१७ मा फैसला भएको मिसिल संलग्न प्रमाण मिसिलबाट देखियो।

यिनै विपक्षी पूर्णबहादुर तण्डुकारसमेतको तर्फबाट उल्लिखित फैसलाकै आधारमा जग्गाधनी प्रमाणपुर्जा पाउँ भनी मालपोत कार्यालय, डिल्लीबजारमा निवेदन परी दाबीको उक्त जग्गा हाल नापीको कि.नं.२९ साबिक बानेश्वर वडा नं.९ कि.नं.१२७ सँग भिड्ने भनी नापीबाट हाल साबिक विवरण प्राप्त भई यस कार्यालयको स्रेस्ता भिडाउँदा साबिक कि.नं.१२७ को जग्गा यस कार्यालयको मिति २०५९।७।१३ को निर्णयले श्री ५ को सरकार यु.एन. पार्कको नाममा स्रेस्ता तथा पुर्जा तयार गरिदिने निर्णय भई स्रेस्ता पुर्जासमेत तयार भइसकेको देखिँदा निवेदकले पेस गरेको सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलाले उक्त पार्कको नाममा भएको दर्ता बदर गराएको नदेखिँदा सो दर्ता बदर नभएसम्म निवेदकहरूको मागबमोजिम हाल साबिक स्रेस्ता अद्यावधिक गरी फैसलाअनुसार कायम राख्न मिलेन भनी मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०६१।११।१० मा निर्णय भएको देखियो । सो निर्णयउपर कान्छी तण्डुकारसमेतको पुनरावेदन परी पुनरावेदन अदालत पाटनबाट मालपोत कार्यालय डिल्लीबजारको मिति २०६१।११।१० को निर्णय सदर हुने ठहरी मिति २०६३।९।१८ मा फैसला भएको र उक्त फैसलाउपर चित्त नबुझी यिनै पुनरावेदक वादी तण्डुकारहरूको मुद्दा दोहर्‍याई पाउँको निवेदन परेकोमा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्न मिलेन भनी २०६५।९।१८ मा सर्वोच्च अदालतबाट आदेशसमेत भएको देखियो।

वस्तुतः उल्लिखित विवादित कि.नं.२९ को जग्गाको विषयमा मुद्दा चली तहतह निर्णय भई अन्तिम रहेको र कुनै पनि निर्णय वा फैसलाले उक्त जग्गामा पुर्णबहादुर तण्डुकारसमेतका व्यक्तिहरूको हक स्थापित भएको नदेखिनुको साथै नेपाल सरकार यु.एन. पार्कको नाममा जग्गा दर्ता गर्ने सम्बन्धमा मालपोत कार्यालय, डिल्लीबजारबाट भएको मिति

२०५९।७।१३ को निर्णय बदर नभई हालसम्म कायमै रहेको प्रस्ट देखिन आउँछ।

२. अब निर्णय दिनुपर्ने हुन आएको पहिलो प्रश्नतर्फ विचार गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।९।१७ को निर्णय हेर्दा **"जग्गा दर्ताको क्रममा मालपोत कार्यालय डिल्लीबजारले मिति २०६३।११।८ मा गरेको सर्जमिन मुचुल्का हेर्दा जग्गा नदी उकास भई कान्छी तण्डुकारसमेतले भोग गरेको जग्गा हो भनी उल्लेख गरेको देखिएको, नापी शाखा डिल्लीबजारको अमिन कमलराज श्रेष्ठले दिनुभएको प्रतिवेदनमा कि.नं.२९ को जग्गा हाल घना वस्तीभित्रको भई यु.एन. पार्कभित्र नपरेको भन्ने उल्लेख भएको, यसरी नै वादी सिद्धिबज्र बज्राचार्यको मु.स. गर्ने रत्नमाया बज्राचार्य, प्रतिवादी कान्छी तण्डुकारसमेत भएको निर्णय बदर हक कायम मुद्दामा प्रतिवादीहरूको कि.नं.२९ को जग्गामा क्षेत्रफल ०-१४-१ वादीको घुसाई नापी दर्ता गराएको भनी दिएको फिराद दाबी पुग्न नसक्ने गरी २०५९।२।१७।६ को सर्वोच्च अदालतको फैसलाबाट देखिई कि.नं.२९ को जग्गा त्यस मुद्दाकी प्रतिवादी कान्छी तण्डुकार (निवेदिकासमेतको) रहेको देखिएको। यसरी निवेदक पूर्ण तण्डुकारसमेतका हक भोगको जग्गालाई मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०५९।९।१३ मा कि.नं. १२७ को जग्गा यु.एन. पार्कको नाममा दर्ता गर्दा कटाई अन्य बाँकी जग्गा यु.एन. पार्कको नाममा कायम गर्नुपर्नेमा सो भए गरेको देखिएन। अत: पुन: नापीमा कि.नं.२९ को क्षेत्रफल २-३-०-१ कायम भएको उक्त निवेदकहरूको जग्गालाई नकटाई मिति २०५९।७।१३ मा भएको निर्णय कानूनबमोजिम भएको भन्न नमिल्दा उक्त कि.नं.२९ को जग्गा नकटाई गरेको निर्णय अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (ख) बमोजिम बदर गरी दुष्कृति सच्याई सम्मानित सर्वोच्च अदालतको फैसलासमेतबाट साबिक कि.नं.१२७ बाट हाल कायम भएको कि.नं.२९ कटाई निवेदक पूर्णबहादुर तण्डुकारसमेतका नाममा दर्ता गरिदिन मालपोत कार्यालय डिल्लीबजारलाई लेखी पठाउने..."** भन्ने निर्णय भएको देखियो।

३. उक्त विवादित कि.नं.२९ को जग्गाको सन्दर्भमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(ख) को प्रयोग भएको पाइन्छ। प्रस्तुत सन्दर्भमा उक्त दफा १२(ख) को कानूनी व्यवस्था हेर्नु सान्दर्भिक देखिन आयो। उक्त दफामा " **सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम प्रचलित कानूनबमोजिम सच्याउनको लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने छ"** भन्ने उल्लेख छ। सोको प्रतिवन्धात्मक वाक्यांशमा **"तर सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको निर्णयउपर प्रचलित कानूनबमोजिम पुनरावेदन लाग्ने रहेछ भने आयोगले त्यस्तो निर्णय प्रभावित हुने गरी लेखी पठाउने छैन"** भन्ने व्यवस्था रहेको छ। उपर्युक्त कानूनी व्यवस्था अनुचित कार्य ठहर भई दुष्परिणाम देखिएको खण्डमा र पुनरावेदन नलाग्ने प्रकृतिको अर्थात् न्यायिक प्रकृतिको निर्णयबाहेकका प्रशासनिक निर्णय (Execut ive decision) उपर मात्र उक्त दफा १२ (ख) आकर्षित भई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार सृजना हुने देखिन्छ।

४. आयोगले मूलत: वादी सिद्धिबज्र बज्राचार्यको मु.स. गर्ने रत्नमाया बज्राचार्य, प्रतिवादी कान्छी तण्डुकारसमेत भएको निर्णय बदर हक कायम मुद्दाको फैसलासमेतलाई आधार लिई साबिक कि.नं. १२७ बाट हाल कायम भएको कि.नं. २९ कटाई निवेदक पुर्ण तण्डुकारको नाममा दर्ता गरिदिने भन्ने

वाक्यांशसमेत निर्णयमा प्रयोग गरेको देखिन्छ। जबकी उल्लिखित कि.नं.२९ को जग्गाको विषयमा मुद्दा चली तह तह निर्णय भई अन्तिम भई बसेको र कुनै पनि निर्णय वा फैसलाले उक्त जग्गामा विपक्षी पुर्णबहादुर तण्डुकारसमेतका व्यक्तिहरूको हक स्थापित भए रहेको कहिँकतैबाट खुल्न आउँदैन। साथै तत्कालीन श्री ५ को सरकार यु.एन. पार्कको नाममा जग्गा दर्ता गर्ने गरेको मालपोत कार्यालय, डिल्लीबजारको मिति २०५९।७।१३ को निर्णय कायमै रहेको अवस्थामा मुद्दाको तथ्यगत विषयवस्तुमा प्रवेश गरी विपक्षीको हक स्वामित्व स्थापित नभएको जग्गामा हक स्वामित्व कायम भएको अर्थ लाग्ने गरी आयोगले मिति २०६६।९।१७ मा गरेको निर्णय कानूनबमोजिम भए गरेको मान्न मिल्ने देखिएन।

५. मालपोत ऐन, २०३४ ले जिल्लाभित्रको जग्गा दर्ता गर्ने अधिकार मालपोत कार्यालयलाई प्रदान गरेको छ । यस ऐनले प्रदान गरेको यस्ता अधिकारसम्बन्धी निर्णय प्रशासनिक प्रकृतिको निर्णय नभई समान्यत: न्यायिक प्रकृतिको हुने गर्दछ। प्रशासनिक निकायबाट न्यायिक रोहमा कसैको हक स्थापित भए वा नभएको निर्णयउपर पुनरावेदकीय अधिकारक्षेत्र (*Appeal Jurisidiction*) आकर्षित हुने गर्दछ। यसरी मालपोत कार्यालयबाट यु.एन. पार्कको नाममा दर्ता हुने गरी गरेको मिति २०५९।७।१३ को निर्णय बदर नभई कायमै रहे भएको र सो निर्णयउपर विपक्षी तण्डुकारहरूबाट कानूनबमोजिम पुनरावेदन गर्ने अधिकारसमेत प्रयोग नगरी उक्त निर्णय स्वीकार गरी बसेको देखिन्छ।

६. न्यायिक तथा अर्ध-न्यायिक निकायको फैसलाउपर चित्त नबुझ्ने पक्षले कानूनबमोजिम पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन दिनसक्ने व्यवस्था रहेको छ । अर्ध-न्यायिक निकायको निर्णयबाट कुनै दुष्परिणाम निस्किन्छ वा बेरीत भएको छ भने त्यसलाई सच्याउन पुनरावेदनको मार्ग रहेको देखिन्छ। अर्कोतर्फ अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनको दफा १२ (ख) को प्रयोग सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको न्यायिक प्रकृतिको निर्णयको कुरामा बाहेक अनुचित तवरको प्रशासकीय कार्यबाट उत्पन्न दुष्परिणामलाई सच्याउन प्रयोग गर्न पाइने विधायिकी मकसद रहेको देखिन्छ । वस्तुत: मालपोत कार्यालयले गरेको जग्गा प्रशासनसम्बन्धी न्यायिक निर्णयमा दफा १२(ख) को प्रयोग गरी निर्देशन दिन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले विपक्षी आयोगलाई अधिकार प्रदान गरेकोसमेत देखिँदैन।

७. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उद्देश्य प्रचलित ऐन कानूनको अधीनमा रही कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरूपयोग गरेको सम्बन्धमा अनुसन्धान तहकिकात गरी आवश्यक कारबाहीको लागि सिफारिस गर्ने र विशेषतः भ्रष्टाचारको हकमा मुद्दा अभियोजन गर्ने रहेको देखिन्छ । न्यायिक निकायबाट भएको फैसला वा प्रशासनिक निकायले अर्ध न्यायिक क्षेत्राधिकार प्रयोग गरी गरेको निर्णयउपर पुनरावेदन लाग्ने कानूनी व्यवस्था रहे भएको सन्दर्भमा त्यस्ता निकायहरूको फैसला वा निर्णयमा भएको त्रुटि सच्याउन वा सोको परीक्षण गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अधिकार रहेको देखिँदैन। यस्ता न्यायिक निरूपण गर्ने प्रकृतिका विषयमा एउटा विशेष उद्देश्यका लागि गठित संवैधानिक निकायको क्षेत्राधिकार हुने भनी अर्थ लगाइयो भने न्यायिक मूल्य मान्यता प्रतिकूल परिणाम पैदा हुने अवस्था सृजना हुन जान्छ।

८. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६ ले अदालतबाट भएका फैसला सबैले पालना गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। त्यसैगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा १२ (ख) को प्रतिबन्धात्मक वाक्यांशले न्यायिक

प्रकृतिको निर्णयमा दुष्परिणाम सच्याउन नहुने सीमा *(Limitation as regards to Judicial Issue having Appeal Rights)* तोकेको देखिन्छ । जुन कानूनत: अभिव्यक्त सिमा (Expressed Limitation) को रूपमा रहेको देखिन्छ । प्रस्तुत संवैधानिक तथा कानूनी दायित्वबाट विपक्षी आयोगसमेतले उन्मुक्ति नपाउने स्पष्ट छ । अदालतका फैसलाहरूको सम्मान तथा परिपालना (*Respect and Adherence to Verdicts of Court*) गर्नुपर्नेमा सो नगरी नेपाल सरकार यु.एन.पार्क विकास समितिको नाममा दर्ता भई हक भोगमा रहेको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने गरी भएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उक्त निर्णय विधिसम्मत र न्यायिक रहेको भन्नसमेत मिलेन ।

९. विपक्षीहरूको हक भोगको जग्गा नेपाल सरकारको नाममा दर्ता भएको स्थिति भए बदरको लागि प्रचलित कानूनबमोजिम न्यायिक उपचारको मार्ग अवलम्बन गर्नुपर्ने हुन्छ । जग्गा दर्ता सम्बन्धमा प्रचलित कानूनबमोजिमकै निर्णय गर्न पाउने साधिकार निकायले गरेको निर्णयउपर प्रचलित कानूनबमोजिमकै न्यायिक उपचारबाट परीक्षण भई अन्तिम भइरहेको विषयमा अदालतको फैसला नै अन्यथा हुन जाने गरी आफूलाई अधिकारै नभएको विषयमा पुनरावेदन सुने जस्तो गरी निर्णय फैसला जाँच्ने अधिकार कानूनले अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई प्रदान गरेको देखिँदैन । तसर्थ मालपोत कार्यालय डिल्लीबजारले नेपाल सरकार यु.एन. पार्क विकास समितिको नाममा गरेको जग्गा दर्ताको निर्णय बदर गरी व्यक्तिको नाममा दर्ता गर्नु भनी आदेश दिने क्षेत्राधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई रहेको देखिन आएन ।

१०. अब, दोस्रो प्रश्नतर्फ विचार गर्दा माथि उल्लिखित तथ्य, प्रमाण, कानून एवं विवेचनाका आधारमा जिल्ला काठमाडौं साबिक महादेवस्थान गा.वि.स. वडा नं. साबिक ९(ग) कि.नं. १२७ हाल नगर १० सिट नं. ११४५-२५ कि.नं. २९ को क्षेत्रफल २-३-०-१ जग्गा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।९।१७ को निर्णयले पूर्ण तण्डुकारसमेतका नाममा दर्ता गर्ने गरेको आदेश अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा १२ (ख) र ऐ. दफाको प्रतिबन्धात्मक वाक्यांशमा उल्लिखित व्यवस्थासमेतको प्रतिकूल भएकोले विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६६।९।१७ को निर्णय, २०६६।९।२१ को पत्र, मालपोत कार्यालय, डिल्लीबजारको २०६६।११।१३ को निर्णय र २०६६।११।१४ को पत्र र सोबमोजिम विपक्षी पुर्ण तण्डुकार, दुर्गा तण्डुकार, नानी छोरी तण्डुकारहरू र शशीकला राजभण्डारीबीच भएको मिति २०६६।११।१८ को र.नं. ३२६५(घ) को राजीनामा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । यो आदेशको कार्यान्वयनको लागि विपक्षीहरूलाई महान्यायाधिवक्ताको कार्यालय, काठमाडौंमार्फत सूचना पठाई दिनू । प्रस्तुत निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृतः नन्दकिशोर प्रसाद यादव
इति संवत् २०७४ साल कात्तिक २७ गते रोज २ शुभम् ।

निर्णय नं. १००१३

प्रस्तुत मुद्दामा गोपनीयताको लागि पीडितको परिवारको सदस्यको नाममा .... राखिएको छ।

- सम्पादक

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
फैसला मिति : २०७४।६।२९
०७१-CR-१०६९

मुद्दाः- जबरजस्ती करणी

पुनरावेदक / वादी : तेजबहादुर पौडेलको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : भारत, हिमाञ्चल प्रदेश, चम्बा जिल्ला, राजधानी सिमला बस्ने जसमोहन भन्ने जसवन्त सिंह

- **क्षतिपूर्तिबापतको रकम निर्धारण गर्दा अपनाउनु पर्ने मनासिब मात्रासम्म फरक पर्नसक्ने तर क्षतिपूर्ति नै भराउनु नपर्ने भनी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. को कानूनी व्यवस्थाको विश्लेषण र व्याख्या गर्न नमिल्ने।**
- **क्षतिपूर्तिको निर्धारण गर्दा प्रतिवादीको बासस्थान, उमेर, चलअचल सम्पत्ति वा आर्थिक अवस्थाका अतिरिक्त पीडितलाई पुग्न गएको शारीरिक, मानसिक अवस्था तथा कसुरको गम्भीरताका आधारमा निर्धारण गरिनु पर्ने।**
- **क्षतिपूर्तिको उद्देश्य पीडितको पुनर्स्थापना र परिपूरणसँग सम्बन्धित हुन्छ। प्रतिवादी विदेशी नागरिक भएकाले निजबाट क्षतिपूर्ति भराउन नसकिने हुँदा क्षतिपूर्ति भराउनु पर्दैन भनी अर्थ गर्न नमिल्ने।**
- **प्रतिवादी विदेशी नागरिक भएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनुपर्ने भनी जबरजस्ती करणीको महलको १० नं. को कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा पीडितको अधिकारमा संकुचन आउने अवस्था रहन्छ । यसबाट पीडितले क्षतिपूर्ति नपाउने अवस्थाको सिर्जना हुन गई पीडितले न्यायप्राप्त गर्नबाट वञ्चित हुनुपर्ने अवस्था पैदा हुन जाने।**

(प्रकरण नं.४)

- **फैसलाबाट भरिपाउने ठहर गरेको क्षतिपूर्तिको रकम पीडितले प्राप्त गर्न नसकेमा ऐनको क्षतिपूर्ति भराउने उद्देश्य नै परास्त हुन पुग्दछ । असक्षम तथा बालबालिकाहरूको अन्तिम संरक्षक राज्य नै हुन्छ भन्ने parens patriae सिद्धान्तको परिप्रेक्ष्यमा यस्ता अपराध पीडितले प्राप्त गर्ने क्षतिपूर्ति रकम राज्यको तर्फबाट उपलब्ध गराउँदा संविधानले प्रत्याभूत गरेको हक अधिकारको प्रचलन हुन सक्ने।**
- **जबरजस्ती करणी मुद्दामा पीडितले भरिपाउने ठहरेको क्षतिपूर्तिको रकम पीडकबाट भराई पाउने नदेखिएको अवस्थामा कानूनद्वारा तोकिएको**

क्षतिपूर्तिको रकम नेपाल सरकारबाट उपलब्ध गराउन उपयुक्त र न्यायसम्मत समेत देखिने।

(प्रकरण नं.५)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारी
प्रत्यर्थी / प्रतिवादीका तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः-
मा. न्यायाधीश श्री कृष्णकमल अधिकारी
बाँके जिल्ला अदालत
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री माधवप्रसाद पोखरेल
माननीय न्यायाधीश श्री दिनेशप्रसाद यादव
पुनरावेदन अदालत नेपालगञ्ज

फैसला

न्या.हरिकृष्ण कार्की : न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोर्‍याई पाउने निस्सा प्राप्त भई पुनरावेदनको रूपमा दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छ:-

तथ्य खण्ड

बाँके जिल्ला नेपालगञ्ज नगरपालिका वडा नं.२ स्थित पूर्व रामप्रसाद घिमिरेको घर, पश्चिम ओमप्रकाश रेग्मीको घर, उत्तर सडक, दक्षिण बाँके एकेडेमी स्कुल भवन, यति चार किल्लाबीचमा उत्तर मोहडा भएको चौधरी सुर्खेती होटल, सो होटलको ३ नं.को कोठामा २/३ वटा खाट, सो खाटहरूको बीचमा खाली स्थान रहेको, सो खाली स्थानमा मिति २०६६/१०/०२ को राति जसवन्त सिंहले परिवर्तित नाम विनिता पौडेललाई जबरजस्ती करणी गरेको हो भन्ने बेहोराको घटनास्थल मुचुल्का।

मिति २०६६/१०/०२ मा बहिनी विनिता पौडेल, भाउजू र म नेपालगञ्ज आई बसपार्क रोडमा सुर्खेती चौधरी होटलमा कोठा भाडा लिई खाना खाई सुतेकोमा राति भाउजूको साथमा सुतेकी बहिनीलाई जसवन्त सिंहले समाती भुइँमा ल्याई जबरजस्ती करणी गर्दा बहिनीले कराएकोमा मसमेत उठी निजलाई समाउन खोज्दा भागी गएका हुन्। निजलाई पक्राउ गरी कारबाही गरिपाउँ भन्ने जाहेरी दरखास्त।

मिति २०६६/१०/०२ मा मसमेत नेपालगञ्ज आई सुर्खेती चौधरी होटलमा बास बसी खाना खाई सुतेकोमा राति जसमोहन भन्ने जसवन्त सिंहले मलाई खाटमा समाती भुइँमा ल्याई सुरूवाल खोली जबरजस्ती करणी गर्दा म कराउँदा दाइ भाउजू उठी आउँदा जसवन्त सिंह भागी गएका हुन्। निजले जबरजस्ती करणी गरेका हुन् भन्ने बेहोराको पीडित विनिता पौडेलको कागज।

मिति २०६६/१०/०२ मा म जाहेरवाला र विनिता पौडेल नेपालगञ्ज आएका थियौं। राति चौधरी सुर्खेती होटलमा कोठा भाडा लिई बसेकोमा राति जसवन्त सिंहले विनिता पौडेललाई खाटबाट समाती भुइँमा झारी जबरजस्ती करणी गरेबाट होहल्ला भई मसमेतले थाहा पाई उठ्दा जसवन्त सिंह भागी गएको हो भन्ने ....को कागज।

मिति २०६६/१०/०२ मा मसमेत नेपालगञ्ज आई सुर्खेती चौधरी होटलमा कोठा भाडामा लिई बसेकोमा राति विनिता पौडेलको राजीखुसीका साथ विनिता पौडेललाई करणी गरेको हुँ। जबरजस्ती गरेको होइन भन्नेसमेत बेहोराको प्रतिवादी जसवन्त सिंहको बयान कागज।

मिति २०६६/१०/०२ गते राति म घरमा नै थिएँ। रातिमा केही थाहा पाइनँ। पीडित विनिता

पौडेलले आफूलाई जसवन्त सिंहले जबरजस्ती करणी गरेको भनी भनेकोबाट थाहा पाएको हुँ भन्नेसमेत बेहोराको बुझाउन चौधरी, जीवन मरासेङ्गनी, गमबहादुर रोकाया, टिकाराम गिरी, अमर विष्टसमेतको विवरण कागज।

पीडित विनिता पौडेलको कन्या झिल्ली च्यातिएको छ भन्नेसमेत बेहोराको भेरी अञ्चल अस्पतालको स्वास्थ्य परीक्षण प्रतिवेदन।

यसमा अभियुक्त जसवन्त सिंहले मिति २०६६/१०/०३ गते बिहान २ बजे पीडित विनिता पौडेललाई नेपालगञ्ज नगरपालिका वडा नं.५ स्थित सुर्खेती चौधरी होटलमा जबरजस्ती करणी गरेको तथ्य सप्रमाण पुष्टि हुन आएकोले निज अभियुक्त जसमोहन भन्ने जसवन्त सिंहलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बर्खिलापको कसुर अपराधमा ऐ.महलको ३ नं.को देहाय (३) बमोजिम सजाय हुन र ऐ.महलको १० नं. बमोजिम निज अभियुक्त जसमोहन भन्ने जसवन्त सिंहबाट पीडित विनिता पौडेललाई मनासिब माफिकको क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने बेहोराको माग दाबी भएको अभियोग पत्र।

मैले पीडितलाई मिति २०६६/१०/०२ को राति सहमतिमा एकपटक मात्र करणी गरेको हो। सो राति निजले कुनै प्रतिकार गरेकी होइनन्। निजको उमेर १७ वर्षको छ। कुनै पीडाको महसुससमेत गरेको थिइनन् भन्ने बेहोराको प्रतिवादी जसवन्त सिंहले सुरू अदालतमा गरेको बयान।

यसमा अभियोग पत्रमा जबरजस्ती करणीको १ नं.को कसुर अपराधमा प्रतिवादीलाई ऐ.३(३) नं.को सजायको माग दाबी लिएको देखिन्छ। प्रतिवादीले अनुसन्धान र अदालतमा आई बकपत्र गर्दा सहमतिमा पीडितलाई करणी गरेको हुँ भनी बयान गरे तापनि कागज गर्ने रीता पौडेल, पीडित परिवर्तित नाम विनिता पौडेलसमेतले सहमति नभई जबरजस्ती करणी गरेका हुन् भनी लेखाएका र जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, घटना विवरण कागज, स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका तत्काल प्राप्त प्रमाणबाट यी प्रतिवादीले अभियोग माग दाबीमा उल्लिखित कसुर गरे होलान् भन्ने विश्वास गर्ने मनासिब आधार भएको हुँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी अ.बं.११८ को दहाय २ नं. बमोजिम प्रतिवादी जसवन्त सिंहलाई पुर्पक्षका लागि थुनामा राख्न अ.बं.१२१ नं. बमोजिम थुनुवा पुर्जी दिई कारागार शाखामा पठाइ दिनु भन्ने सुरू अदालतको आदेश।

प्रतिवादीले करणी लिनुदिनु भएको भन्दै सहमतिमा करणी भएको भनी उन्मुक्तिको जिकिर लिएको देखिन्छ। सो जिकिर सम्बन्धमा विद्यमान जबरजस्ती करणीको महलको १ नं.को कानूनी व्यवस्था हेर्दा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा १६ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भनी उल्लेख भएको छ। प्रस्तुत मुद्दाको पीडित १४ वर्षकी देखिएकी छन्। निजलाई सहमतिबाट करणी लिनुदिनु भएको हो भनी प्रतिवादीले जिकिर लिए पनि उक्त कानूनी व्यवस्थाले जबरजस्ती करणी मानेको छ। मुद्दामा पीडितसमेतले जबरजस्ती करणी भएको भनेकी छन्। पीडितको उमेर १४ वर्ष देखिएको सो उमेर अवस्थाकी नाबालिकालाई सहमतिमा करणी भएको भए पनि प्रचलित कानूनी व्यवस्थाले मद्दत गर्न मिल्ने नदेखिँदा प्रतिवादीको जिकिरसँग सहमत हुन सकिएन। अतः उल्लिखित आधार प्रमाणबाट प्रतिवादी जसवन्त सिंहले अभियोग दाबीबमोजिम जबरजस्ती करणीको महलको १ नं.को कसुर गरेको ठहर्छ र सो ठहर्नाले निजलाई ऐ. ३(३) नं. बमोजिम ६ वर्ष कैद हुने ठहर्छ भनी सुरू बाँके जिल्ला अदालतबाट मिति २०६८/०८/२७ मा भएको फैसला।

प्रतिवादीले जबरजस्ती करणी गरेको ठहर भइसकेपछि मुलुकी ऐन, जबरजस्ती करणीको महलको

१० नं. बमोजिम अनिवार्य रूपमा पीडितलाई क्षतिपूर्ति दिलाई भराई दिनुपर्ने कानूनी व्यवस्था भएकोमा उक्त बाध्यात्मक कानूनी व्यवस्थाको प्रतिकूल पीडितलाई क्षतिपूर्ति दिनबाट इन्कार गर्ने गरी भएको फैसला नमिलेको हुँदा बदरभागी छ। पीडितलाई प्रतिवादीबाट अभियोग माग दाबीबमोजिम क्षतिपूर्ति दिलाई भराई पाउँ भन्ने बेहोराको नेपाल सरकारको पुनरावेदन पत्र।

फौजदारी मुद्दामा जाहेरी दरखास्त आफैँमा प्रमाण होइन । अपराध अनुसन्धानको आधार मात्र हुन सक्छ । प्रहरीमा भएको साबितीलाई अदालतमा समेत स्वीकार गरेको भनी बाँके जिल्ला अदालतको फैसलामा उल्लेख गरिएको छ । मैले गरेको साबिती बयानलाई पीडितको शारीरिक प्रतिवेदनले पुष्टि गरेको अवस्था छैन। मिति २०६६/१०/०२ गते भेरी अञ्चल अस्पतालबाट पीडकको शरीर परीक्षण गरिएको छ। सो प्रतिवेदनमा पीडकले पीडितलाई करणी गरेको छ, छैन भन्न नसकिने पीडक तथा पीडितको शरीरमा संघर्षमा कुनै दाग छैन । पीडितले अदालतमा आएर बकपत्र गरेको अवस्था छैन । प्रतिवादीले सम्पूर्ण कसुरलाई स्वीकार गरे पनि उक्त अवस्थामा प्रतिवादीको मानसिक अवस्था के कस्तो थियो। त्यो कुरा फैसलामा उल्लेख गर्न सकिएको छैन। यी प्रतिवादीले सहमतिमा करणी गरेको कुरा स्वीकार गरेका हुन् त्यो विषयमा अदालतले केही बुझेको छैन । त्यस्तो स्थितिमा न्याय पर्छ कि पर्दैन । वारदातपश्चात् फरार देखाई पक्राउ गरिएको छ। फरार भएको भए भारत पुग्ने थिएँ। प्रमाण ऐन, २०३१ को दफा १८, २५ र ४४ बमोजिम वादी दाबी प्रमाणित गर्ने जिम्मा वादीको भएको र मेरो साबिती प्रमाणबाहेक अन्य मेडिकल रिपोर्टबाट र अन्य व्यक्तिको भनाइबाट पुष्टि भएको हुनुपर्छ। जाहेरी दरखास्त र साबिती बयानको आधारमा कसुरको ठहर गर्नु न्याय कानूनसमेतबाट नमिल्ने हुँदा बाँके जिल्ला अदालतको फैसला बदर भागी हुँदा बदर गरिपाउँ भन्ने बेहोराको प्रतिवादी जसमोहन भन्ने जसवन्त सिंहको पुनरावेदन पत्र।

यसमा क्षतिपूर्तितर्फ वादी नेपाल सरकारको र भएको सजायउपर सफाइ पाउँ भन्ने प्रतिवादी जसमोहन भन्ने जसवन्त सिंहको पुनरावेदन परेको देखिँदा अ.बं.२०२ को प्रयोजनार्थ दुवैको पुनरावेदन एक अर्कालाई जानकारी गराई नियमानुसार पेस गर्नु भन्ने बेहोराको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७०/०२/१९ को आदेश।

बाँके जिल्ला अदालतको मिति २०६८/०८/२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने बेहोराको मिति २०७०/०५/१० मा पुनरावेदन अदालत नेपालगञ्जबाट भएको फैसला।

मुलुकी ऐन, जबरजस्ती करणीको १, ३ र १० नं. का कानूनी व्यवस्था आपसमा अन्तरसम्बन्धित एवं अन्योन्याश्रित व्यवस्थाहरू रहेकोमा विवाद छैन । मुलुकी ऐन, जबरजस्ती करणीको १० नं. अनुसार जबरजस्ती करणी गरेकोमा क्षतिपूर्ति पाउने पीडितको हक रहने हुन्छ । पीडितलाई आफ्नो पीडा र प्रतिष्ठाको क्षतिपूर्ति नभए तापनि पीडकलाई सजाय र राहत स्वरूपको क्षतिपूर्ति प्राप्त गर्दा न्याय प्राप्त गरेको अनुभूति हुन्छ । पीडक विदेशी भएकाले क्षतिपूर्ति भराउन नसकिने भनी भएको फैसला आफैँमा विरोधाभाष र न्यायको मर्मविपरीत भई गम्भीर त्रुटिपूर्ण रहेकोले बदर भागी हुँदा बदर गरी प्रतिवादीबाट अभियोग दाबीबमोजिम क्षतिपूर्तिसमेत भराई पाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको निवेदन जिकिर।

यसमा प्रतिवादी जसमोहन भन्ने जसवन्त सिंहलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा सोही महलको ३(३) नं. बमोजिम कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालतबाट फैसला भए पनि निज प्रतिवादी भारतीय नागरिक भएको हुँदा निज प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराउन

औचित्य नदेखिंएको भनी पुनरावेदन अदालतबाट फैसला भएको देखिन्छ। जबरजस्ती करणीको महलको १०ग नं. मा बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिन्छ। प्रतिवादी विदेशी नागरिक भएमा पीडकबाट पीडितलाई क्षतिपूर्ति भराई दिन नपर्ने भन्ने कानूनी व्यवस्था नभएको परिप्रेक्ष्यमा क्षतिपूर्ति भराउन नपर्ने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०७०/०५/१० को फैसलामा मुलुकी ऐन, जबरजस्ती करणीको १०ग नं. को गम्भीर त्रुटि विद्यमान रहेकोले न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिदिएको छ। विपक्षी प्रतिवादीलाई सूचना जारी गरी सुरू तथा पुनरावेदन रेकर्ड मिसिलसमेत झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७१/१२/२५ को आदेश।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सोमकान्त भण्डारीले प्रतिवादी करणी गरेकोमा अनुसन्धान अधिकारी र अदालतमा साबित भई बयान गरेको र अदालतले समेत सो तथ्यलाई स्वीकार गरी प्रतिवादीलाई सजाय गरेको अवस्था छ। पीडित नाबालक रहेको भन्ने कुरासमेत पुष्टि भएको अवस्था छ। मुलुकी ऐन, जबरजस्ती करणीको १० नं. मा कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा उक्त महिलालाई मनासिब ठहऱ्याएबमोजिमको क्षतिपूर्ति भराई दिनुपर्ने व्यवस्था गरेको छ। यस्तो कानूनी व्यवस्थाको विपरीत नाबालक पीडितलाई क्षतिपूर्ति भराउन नपर्ने भनी भएको सुरू फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगञ्जको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबमोजिम प्रतिवादीलाई क्षतिपूर्तिसमेत भराई दिने गरी फैसला गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

प्रतिवादी जसमोहन भन्ने जसवन्त सिंहले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य सप्रमाण पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुर अपराधमा ऐ.महलको ३(३) नं. बमोजिम सजाय हुन र ऐ.महलको १० नं. बमोजिम प्रतिवादी जसमोहन भन्ने जसवन्त सिंहबाट पीडित परिवर्तित नाम विनिता पौडेललाई मनासिब माफिकको क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्ने अभियोग माग दाबी रहेकोमा प्रतिवादीले अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुर गरेकोले निजलाई ऐ. ३(३) नं. बमोजिम ६ वर्ष कैद हुने ठहरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहरी भएको पुनरावेदन अदालत नेपालगञ्जको फैसलाउपर चित्त नबुझाई प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत भराई पाउँ भनी वादी नेपाल सरकारबाट प्रस्तुत पुनरावेदन पेस हुन आएको देखियो।

अब, उपर्युक्त बहस जिकिर एवं मिसिल अध्ययन गरी पुनरावेदन अदालत नेपालगञ्जबाट भएको फैसला मिलेको छ वा छैन ? र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? सोही विषयमा निर्णय गर्नुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, सुरू बाँके जिल्ला अदालतबाट प्रतिवादीले जबरजस्ती करणी गरेको भनी जाहेरवालाले किटान गरी जाहेरी दिएका, प्रतिवादी जसमोहन भन्ने जसवन्त सिंहले पीडित परिवर्तित नाम विनिता पौडेललाई करणी गरेकोमा अनुसन्धान अधिकारी र अदालतसमक्ष साबित भई बयान गरेका, पीडित परिवर्तित नाम विनिता पौडेल र निजको भाउजू ....ले अनुसन्धान अधिकारीसमक्ष प्रतिवादीले जबरजस्ती करणी गरेको भनी लेखाई दिएको देखिन्छ। पीडितको उमेर १६ वर्षभन्दा कम देखिएको

अवस्थामा प्रतिवादीले सहमतिमा करणी गरेको भने पनि मुलुकी ऐन, जबरजस्ती करणी महलको १(३) नं. को कानूनी व्यवस्थासमेतलाई हेर्दा निजले जबरजस्ती करणी गरेको पुष्टि हुन आएको हुँदा निजलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १(३) नं. बमोजिम सजाय हुने ठहर्छ भनी फैसला गरेको देखिन्छ । पुनरावेदन अदालत नेपालगञ्जबाट सुरू जिल्ला अदालतबाट भएको उक्त फैसलालाई सदर हुने ठहरी फैसला भएको छ। सो फैसलाउपर चित्त बुझाई प्रतिवादीले पुनरावेदन नगरी बसेकोसमेत देखिएको छ । वादी पक्षले समेत प्रतिवादीलाई अभियोग दाबी मुलुकी ऐन, जबरजस्ती करणी महलको १(३) नं. बमोजिम सजाय भएकोतर्फ पुनरावेदन गरेको अवस्था छैन । यस्तो अवस्थामा प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १(३) नं. बमोजिम पुनरावेदन अदालत नेपालगञ्जबाट भएको फैसला मिले नमिलेतर्फ थप विवेचना गरिरहनु पर्ने देखिएन।

३. अब प्रतिवादीलाई जबरजस्ती करणीको कसुर कायम भई सजाय भइसकेको अवस्थामा पीडितलाई मुलुकी ऐन, जबरजस्ती करणीको १० नं. बमोजिम मनासिब क्षतिपूर्ति पीडकबाट भराई दिनुपर्ने भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा त्यस्तो क्षतिपूर्ति पीडित महिलालाई पुग्न गएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिम कसुरदारबाट भराई दिनुपर्ने देखिन्छ। सो सम्बन्धमा कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, जबरजस्ती करणी महलको १० नं. मा *"कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनुपर्नेछ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भीर्य, कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्नेछ"* भन्ने उल्लेख भएको देखिन्छ। जबरजस्ती करणीको वारदातमा कसुरदार कायम भएको अवस्थामा प्रतिवादीबाट अनिवार्यरूपले पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्दछ भन्ने उक्त कानूनको उद्देश्य रहेको देखिन्छ।

४. त्यस्तो क्षतिपूर्तिबापतको रकम निर्धारण गर्दा अपनाउनु पर्ने मनासिब मात्रासम्म फरक पर्नसक्ने तर क्षतिपूर्ति नै भराउनु नपर्ने भनी उक्त कानूनी व्यवस्थाको विश्लेषण र व्याख्या गर्न मिल्ने हुँदैन । क्षतिपूर्तिको निर्धारण गर्दा प्रतिवादीको बासस्थान, उमेर, चलअचल सम्पत्ति वा आर्थिक अवस्थाका अतिरिक्त पीडितलाई पुग्न गएको शारीरिक, मानसिक अवस्था तथा कसुरको गाम्भीर्यका आधारमा निर्धारण गरिनु पर्दछ। क्षतिपूर्तिको उद्देश्य पीडितको पुनर्स्थापना र परिपूरणसँग सम्बन्धित हुन्छ । प्रतिवादी विदेशी नागरिक भएकाले निजबाट क्षतिपूर्ति भराउन नसकिने हुँदा क्षतिपूर्ति भराउनु पर्दैन भनी अर्थ गर्न मिल्दैन । प्रतिवादी विदेशी नागरिक भएकै आधारमा जबरजस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मुनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनुपर्ने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा पीडितको अधिकारमा संकुचन आउने अवस्था रहन्छ। यसबाट पीडितले क्षतिपूर्ति नपाउने अवस्थाको सृजना हुन गई पीडितले न्यायप्राप्त गर्नबाट वञ्चित हुनुपर्ने अवस्था पैदा हुन जान्छ।

५. प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादीको बयानबाट निजको आमा बुबाको मृत्यु भएको र अन्य परिवारका सदस्यहरू नरहेको भन्ने देखिएको अवस्था छ । निजको चल अचल सम्पत्ति रहेको भन्ने पनि देखिँदैन । प्रतिवादी भारतको सिम्लामा लेवरको काम गर्ने भन्ने देखिन आउँछ । यस्तो अवस्थामा क्षतिपूर्तिको रकम प्रतिवादीबाट असुलउपर हुन सक्ने अवस्था देखिँदैन। फैसलाबाट भरिपाउने ठहर

गरेको क्षतिपूर्तिको रकम पीडितले प्राप्त गर्न नसकेमा ऐनको क्षतिपूर्ति भराउने उद्देश्य नै परास्त हुन पुग्दछ । असक्षम तथा बालबालिकाहरूको अन्तिम संरक्षक राज्य नै हुन्छ भन्ने parens patriae सिद्धान्तको परिप्रेक्ष्यमा यस्ता अपराध पीडितले प्राप्त गर्ने क्षतिपूर्ति रकम राज्यको तर्फबाट उपलब्ध गराउँदा संविधानले प्रत्याभूत गरेको हक अधिकारको प्रचलन हुन सक्तछ । मुलुकी ऐन, जबरजस्ती करणी महलको १०(ग) मा समेत *"..कसुरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसुरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा अदालतले सम्बन्धित महिला तथा बालबालिका कार्यालयबाट क्षतिपूर्ति स्वरूप उचित रकम पीडितलाई भराइदिने गरी आदेश आदेश गर्न सक्नेछ । त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्तिबापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनुपर्नेछ"* भन्ने व्यवस्था रहेको पाइन्छ । यसरी जबरजस्ती करणी मुद्दामा पीडितले भरिपाउने ठहरेको क्षतिपूर्तिको रकम पीडकबाट भराई पाउने नदेखिएको अवस्थामा कानूनद्वारा तोकिएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट उपलब्ध गराउन उपयुक्त र न्यायसम्मत समेत देखिन्छ ।

६. तसर्थ प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(३) नं. बमोजिम सजाय गर्ने गरी भएको सुरू अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट २०७०।५।१० मा भएको फैसला सो हदसम्म मिलेको भए पनि पीडितलाई क्षतिपूर्ति भराई दिन नपर्ने ठह-याएको हदसम्मको फैसला मिलेको नदेखिँदा केही उल्टी भई पीडित परिवर्तित नाम विनिता पौडेललाई मुलुकी ऐन, जबरजस्ती करणी महलको १० नं. बमोजिम भराई दिनुपर्ने क्षतिपूर्ति रू.५०,०००/- (पचास हजार) प्रतिवादीबाट भराई दिन सकिने अवस्था नभएबाट सो रकम पीडितले नेपाल सरकारबाट भराई पाउने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम पीडितलाई क्षतिपूर्ति नभराउने हदसम्म पुनरावेदन अदालत, नेपालगञ्जको फैसला केही उल्टी भई नेपाल सरकारबाट पीडितलाई रू.५०,०००/- (पचास हजार) क्षतिपूर्ति भराई दिने ठहरी फैसला भएकोले सो फैसलाको जानकारी पीडितलाई गराई उक्त रकम पीडितलाई नेपाल सरकारको बालबालिकासम्बन्धी विषय हेर्ने सम्बन्धित निकायमार्फत भराई दिनु भनी बाँके जिल्ला अदालतमा लेखी पठाइ दिनू १

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू २

नक्कल माग्ने सरोकारवालाहरूलाई नियमानुसार नक्कल दिनू ३

प्रस्तुत फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू ४

उक्त रायमा सहमत छु ।
न्या.ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृत:- विष्णुप्रसाद आचार्य
इति संवत् २०७४ साल आश्विन २९ गते रोज १ शुभम् ।

निर्णय नं. १००१४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
फैसला मिति : २०७३।७।२३
०७०-CI-०४८८

मुद्दाः बकसपत्र लिखत बदर

पुनरावेदक / प्रतिवादी : पर्सा जिल्ला, मुडली गा.वि.स. वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३२ बस्ने मन्जुर आलम

विरूद्ध

प्रत्यर्थी / वादी : जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. २० बस्ने कल्याण महत

- **मुलुकी ऐन, अंशबन्डाको १ नं. हेर्दा, "अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जीयजीयैको अंश गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । सो कानूनी व्यवस्थाले बाबुआमा, छोराछोरी, लोग्ने स्वास्नीसम्मका नाता पुस्तामा जीवित अंशियारहरूको बीचमा नै अंशबन्डा हुने भन्ने देखिन्छ तापनि नातिको अंशहक आफ्नो बाबुमार्फत प्राप्त हुने हुँदा बाबुले प्राप्त गर्ने अंशहक सम्पत्तिमा नातिको अंशहक निहित रहन जाने ।**
- **पैतृक सम्पत्तिमा आफ्नो बाबुको अंश हकमा नै असर पर्ने गरी बाजेले बिक्री व्यवहार हक हस्तान्तरण गरेको स्थितिमा सर्वप्रथम बाबुले नै आफ्नो हक खोज्न आएको देखिनुपर्ने ।**
- **माथिल्लो पुस्ताका व्यक्तिहरू मिली तेस्रो पुस्ताका व्यक्तिको अंशहक नियतवश अहित गर्ने उद्देश्यले सम्पत्ति हिनामिना गर्ने कार्य भएको प्रमाणित हुने अवस्थामा तेस्रो पुस्ताका व्यक्तिको अंशहक अंशबन्डाको १ नं. ले संरक्षण गर्न नमिल्ने हुँदैन । पिता जीवित नरहेको अवस्थामा पिताको अंश हकमा तेस्रो पुस्ताका नातिले सो ऐनबमोजिम आफ्नो पितातर्फको अंशहक संरक्षण गर्न नपाउने भन्न नमिल्ने ।**

(प्रकरण नं.४)

- **मूल अंशियारमध्येका वादीका पिता जीवितै हुँदा पनि बदरमा दाबी लिई बदर गराउन सकेको पाइँदैन । हक प्राप्त गर्ने व्यक्तिको पनि सम्पत्तिमा हक सुनिश्चित नभएमा सम्पत्तिसम्बन्धी अधिकारमा अनिश्चितता रहन्छ । वादीले आफ्नो पिताबाट अंश हक प्राप्त गर्ने अवस्था रहेकै छ र वादीका पिताले पाउनेभन्दा बढी जग्गा सम्पत्ति दाता बाजेकै नाउँमा रहेको देखिने ।**

(प्रकरण नं.९)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताद्वय श्री विजयकुमार बस्नेत र श्री हरिमोहन थापा
प्रत्यर्थी / वादीका तर्फबाट :
अवलम्बित नजिर :
- ने.का.प. २०६८, नि.नं.८५८४, पृ.५१६

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री अच्युत विष्ट

काठमाडौं जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री यज्ञप्रसाद बस्याल

माननीय न्यायाधीश श्री रामचन्द्र यादव

पुनरावेदन अदालत पाटन

फैसला

न्या. विश्वम्भरप्रसाद श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

विपक्षीमध्येका मेरा एकाघर सगोलमा बस्ने हजुरबुबा नाता पर्ने गणेश भन्ने दिलबहादुर महत र पूर्णकुमारी महतबाट जायजन्म भएको सन्तानमा मेरो एकाघर सगोलमा बस्ने बुबा शरणकुमार महत एक मात्र सन्तान हुन् । बुबा शरणकुमार महतको सन्तान म फिरादी एक मात्र सन्तान (छोरा) हुँ । म फिरादीले आमालगायत हामीहरू जम्मा परिवार संख्या ५ यो फिराद गर्दाका मितिसम्म एकाघर सगोलमा बसिरहेका छौं । मेरो पिता पुर्खाको पालादेखि चल अचल सम्पत्ति हजुरबुबा गणेश भन्ने दिलबहादुरका नाउँ जिम्मामा रहि आएको छ । मेरो पिता शरणकुमारको नाउँमा केही कुनै सम्पत्ति हस्तान्तरण भएको छैन । मिति २०५८ साल मंसिर ४ गतेदेखि म फिरादीका पिता शरणकुमार महत विदेशमा बसिरहनु भएको छ । विपक्षीमध्येकै म फिरादीका हजुरबुबा गणेश भन्ने दिलबहादुर महतको बुबा स्वः चक्रबहादुर महतबाट पुख्यौली सम्पत्ति नामसारी भई आउँदा काठमाडौं जिल्लामा पर्ने विभिन्न ठाउँका ९–०–० जग्गा निज हजुरबुबाको नाउँमा दर्ता कायम भएको थियो र हाल हजुरबुबाले बिक्री वितरण गरी करिब १–०–० जग्गा मात्र बाँकी रहेको छ । यी दुई कित्ता जग्गाहरू विपक्षीको मिलोमतोमा मेरो अंश हक मेट्न गरी लिनुदिनु गरेको हालैदेखिको बकसपत्र पारित लिखत मुलुकी ऐन, अंशबन्डाको महलको १ नं. र ऐ. दान बकसको १ नं.को विपरीत भई बदर भागी भएको हुँदा मिति २०५८।११।२३ र नं.४७०८ को पारित हालैको बकसपत्रको लिखत बदर घोषित गरी अंश हक प्रचलित गरी अंश पाउँ भन्नेसमेत बेहोराको वादीको मिति २०६१।११।१२ को फिराद दाबी ।

विपक्षी वादीले फिराद दायर गर्ने हकदैया नै छैन । निज फिरादीले आफ्नो फिरादमा म प्रतिवादीको दाता दिलबहादुर आफ्नो बाजे हो भनी उल्लेख गरेको छ । नातिले बाजेलाई अंशबापतको हक लाग्ने जग्गामा बिक्री हक हस्तान्तरण भएकाले बदर गरिपाउने माग दाबीमा हकदैया नै छैन । छोराले बाबुसँग मात्र अंशबापतको हक सम्बन्धमा मागदाबी गर्ने हो । बाबु जीवित भएकै अवस्थामा नातिले बाजेसंग अंश माग गर्न कानूनी रूपले मिल्दैन । विपक्षीले आफ्नो फिरादको प्रकरण नं.२ मा आफ्नो अंश हक लाग्ने ९–०–० जग्गा रहेको भन्ने उल्लेख छ । सोमध्येको ८–०–० जग्गा बिक्री हुँदा विपक्षीको हक नलाग्ने तर म प्रतिवादीलाई दिएको १–०–०–० जग्गा बिक्री हुँदा हक जाने कुरा हास्यास्पद छ ।

उक्त जग्गा बिक्री हुँदा विपक्षीलगायतलाई सोही बखत जानकारी थियो । उक्त जग्गामा विपक्षीले इँट्टा खसाल्न ल्याएको पनि छैन र उक्त स्थानमा गएको पनि छैन । अतः म प्रतिवादीलाई दाता दिलबहादुर महतले का.जि.थानकोट गा.वि.स.वडा नं.६ महादेवस्थान कि.नं.३८८ को क्षेत्रफल ०–९–२ कित्ता र ऐ.ऐ.को कि.नं.२१६ को क्षेत्रफल ०–७–२ समेत २ कित्ता जग्गाहरू हस्तान्तरण गरी दिएको मिति २०५८।११।२३ र.नं. ४७०८ को पारित लिखत बदर हुन नसक्ने हुँदा हकदैयाविहीन फिराद खारेज गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मन्जुर आलमको मिति २०६२।६।९ को प्रतिउत्तर जिकिर ।

प्रतिवादी गणेश भन्ने दिलबहादुर महत र

पूर्णकुमारी महतका नाउँमा जारी भएको म्याद मिति २०६१।८।२२ मा तामेल भएकोमा म्यादभित्र प्रतिउत्तर नफिराई सुरू म्यादै गुजारी बसेको रहेछ।

विवादित लिखतमा वादीको मन्जुरी लिएको पनि नदेखिएको र वादीले सगोलको सम्पत्तिबाट ३ भागको १ भागमध्येबाट ३ भागको १ भाग अंश पाउने हुँदा दाबीको लिखतको ३ भागको १ भागको पिताको हकमध्येबाट ३ भागको १ भाग वादीको अंश भाग जति लिखत नरमगरम मिलाई बदर हुने ठहर्छ भन्ने सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।३।२९ को फैसला।

छोराले बाबुसँग मात्र अंशबापतको हक सम्बन्धमा दाबी गर्ने हो। बाबु जीवित भएकै अवस्थामा नातिले बाजेसँग अंश माग गर्न कानूनी रूपले मिल्दैन । मुलुकी ऐन, अंशबन्डाको १ नं. तथा दानबकसको १ नं.ले विपक्षीलाई मद्दत गर्न नै सक्दैन। विपक्षीको हजुरबुबाले गरेको काम कारबाहीउपर निजको बुबाले कुनै किसिमको दाबी विरोध नगरेको अवस्थामा निजका बाजेले बकसपत्र गरेको सम्पत्तिभन्दा आधी बढी सम्पत्ति निजको बाजेको नाममा रहे भएकै छ । सो तथ्य कि.नं.२३३ को स्रेस्ताले पुष्टि गरेको हुँदा कानूनसम्मत रूपमा गरेको हक हस्तान्तरणलाई बदर गरेको सुरू फैसला त्रुटिपूर्ण हुँदा सुरू फैसला उल्टी गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन अदालत पाटनमा परेको मिति २०६७।१।३१ को पुनरावेदन पत्र।

यसमा वादीको बाजे गणेश भन्ने दिलबहादुरका नाममा कि.नं.२३३ को १–९–०–० जग्गा बाँकी रहेको अवस्थामा त्यसतर्फ केही उल्लेख नगरी २०५८।११।२३ को र.नं.४७०८ को लिखत बदर गर्ने गरेको सुरू फैसला फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने पुनरावेदन अदालत पाटनको मिति २०६८।३।१२ को आदेश।

सुरू फैसला मिलेको हुँदा पुनरावेदन पत्र खारेज गरिपाउँ भन्ने बेहोराको प्रत्यर्थीको मिति २०६८।७।३ को पुनरावेदन अदालत पाटनमा पेस भएको लिखित प्रतिवाद बेहोरा।

विवादित लिखतबाट हक हस्तान्तरण भएको कित्ता जग्गाहरूमा यी वादीका पिता र बाजेको अंश हक निहित रहेको पैतृक सम्पत्ति हो भन्ने देखिन आउँछ। वादीका पिता र बाजेका बीचमा अंशबन्डाको लिखत पारित भएको भन्ने मिसिलबाट देखिँदैन । बन्डा लाग्ने पैतृक सम्पत्तिमा अंश हक निहित रहने हुँदा बकसपत्र लिखत गर्दा अंशियारहरूको मन्जुरी लिनु पर्ने हुन्छ। बाबुले नालेस नगर्दैमा यी वादीको समेत अंश हक समाप्त हुने भनी व्याख्या गर्न कानूनसङ्गत पनि देखिँदैन । सो लिखतको ३ भागको १ भाग बाबुको हकमध्ये ३ भागको १ भाग यी वादीको हक निहित रहेको अवस्थामा वादीको हकजति लिखत बदर हुने ठहऱ्याएको सुरू फैसलालाई अन्यथा भन्न सकिएन। यस अवस्थामा सुरू फैसला बदर गरी विवादित लिखत पूरै सदर कायम हुनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र यस अदालतबाट मिति २०६८।३।१२ मा भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन सकिएन।

तसर्थ माथि उल्लिखित आधार कारणबाट ३ भागको १ भाग पिताको हकमध्येबाट ३ भागको १ भाग वादीको अंश भाग लिखत बदर हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।६।२९।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुन्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत पाटनको मिति २०६८।७।२३ को फैसला।

जिल्ला काठमाडौं थानकोट गा.वि.स. वडा नं.६ख कि.नं.३८८ क्षे.फ. रो. ०-९-२ र कि.नं.२१६ क्षे.फ. रो. ०-७-२ को जग्गा र.नं.४७०८ मिति २०५८।११।२३ दाता दिलबहादुर महतबाट हालैको बकसपत्रको लिखत गरी म निवेदकले प्राप्त गरी उक्त मितिदेखि भोगचलन गरी आएको मेरो निजी आर्जनको

सम्पत्तिको हो । उक्त सम्पत्तिको लिखत पारित गर्दा दाताको श्रीमती पूर्णकुमारी महतलाई साक्षी राखी खरिद गरी लिएको हुँ । सो सम्पत्ति मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) नं. बमोजिम दाताले आफूखुस गर्न पाउने सम्पत्ति हो । अंशबन्डाको १९(३) बमोजिम लिखत पारित गर्दाको अवस्थामा २१ वर्ष उमेर नपुगेका नाति नाताका प्रत्यर्थी वादीको मन्जुरी लिई रहनु पर्ने बाध्यता छैन । प्रत्यर्थी वादीका बाबु शरणकुमार महत क्षेत्रीलगायतका अंशियारहरूले उजुर नगरी बसेबाट निजको मन्जुरी रहे भएको देखिन्छ । मुलुकी ऐन, अंशबन्डाको १९(४) नं. ले आफूखुस गर्न नपाउने अवस्थामा पनि आफ्नो हकको अंशजति आफूखुस गर्न पाउने व्यवस्था गरेको छ । दाताले आफ्नो अंश हकको सम्पत्तिबाट मात्र म निवेदकलाई लिखत पारित गरी दिएका छन् । प्रत्यर्थी वादी अंशबन्डाको १ नं. को परिभाषाभित्रको अंशियार नभएको, अंशबन्डाको १९ नं. को व्यवस्थाअनुसार मन्जुरी लिनु पर्ने व्यक्ति नभएको र प्रत्यर्थी वादीले आफ्नो बाबुसँग अंश मुद्दा हाली अंश हक स्थापित नगरी आफ्नो बाजेले पारित गरेको लिखत व्यवहार विरूद्ध दायर गरेको फिराद खारेज भागी छ ।

दाताले लिखत पारित गरिएको समयदेखि मुद्दा फैसला हुँदासम्म प्रत्यर्थीका पिताले पाउने आधाभन्दा बढी सम्पत्ति दाताका नाउँमा रहिरहेको हुँदा लिखत बदर हुने अवस्था छैन । कुनै पैतृक सम्पत्ति बेचबिखन गर्नुपूर्व अंशबन्डाको लिखत पारित गर्नुपर्छ भन्ने कानूनी व्यवस्थासमेत छैन । कानूनको गलत किसिमले व्याख्या गरी आंशिक लिखत बदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड क र ख बमोजिम मुद्दा दोहोऱ्याई हेरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मन्जुर आलमको निवेदन पत्र ।

यसमा मिति २०५८।११।२३ को पारित हालैको बकसपत्र लिखतको सम्बन्धमा मिति २०६१।११।१२ मा मात्र हजुरबाले गरिदिएको लिखत बदर गराउन सो बेलामा २१ वर्षभन्दा कम उमेर रहेका यी वादीले फिराद दायर गरेको पाइन्छ । वादीका बाबु जीवितै हुँदा सोलाई बदर गराउन नसकेको र घर व्यवहार चलाउन दाताले आफूखुस गर्न पाउने तथा हस्तान्तरण गर्दा यी वादीको मन्जुरी लिन नपर्ने अवस्थाको लिखत खण्ड बदर गर्ने गरी कानून तथा प्रमाणको समुचित मूल्याङ्कन नगरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।७।२३ मा भएको फैसलामा अंशबन्डाको १९(१) (३) र (४) नं. तथा प्रमाण ऐन, २०३१ को दफा ३, ५४ को त्रुटि विद्यमान रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७०।६।७ को आदेश ।

यसमा कल्याण महतको नाममा मिति २०७१।१।१५ मा तामेल भएको म्यादमा घरदैलामा टाँस भएकोमा निज फेला नपरेको सम्बन्धमा मात्र उल्लेख भएको र निजको एकासगोलको परिवार फेला परे नपरेको सम्बन्धमा नबोलेकाले उक्त म्याद अ.बं. ११० नं. विपरीत भई तामेल गरेको देखिँदा बदर गरिदिएको छ अब नियमानुसारको रीत पुऱ्याई म्याद तामेल गर्नु भनी पुनः म्याद जारी गरी तामेल भई आएपछि नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७१।८।१६ को आदेश ।

यस अदालतको मिति २०७१।८।१६ को आदेशअनुसार प्रत्यर्थी वादी कल्याण महतका नाउँमा यस अदालतबाट पुनः म्याद जारी भई मिति २०७१।८।२१ मा निजको दैलोमा टाँस भई रीतपूर्वक तामेल भई मिसिल सामेल रहेको र प्रत्यर्थी वादी कल्याण महत हाजिर नभई अनुपस्थित रहेको

देखिन्छ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन भयो । पुनरावेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय विजयकुमार बस्नेत र हरिमोहन थापाले मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) नं. ले चलमा सबै र अचलमा आधासम्म व्यवहार चलाउन स्वास्नी छोरा, अविवाहित छोरी र विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुसी गर्न पाउने व्यवस्था गरेको छ । प्रत्यर्थी वादी अबन्डाको १ नं. भित्रका अंशियार पनि होइनन् । प्रत्यर्थी आफ्नो बाबुसँग अंश लिनुपर्ने हुँदा बाबुसँग अंश मुद्दा हाली अंश हक स्थापित गर्नुपर्छ निज अ.बं.८२ नं. बमोजिम मुद्दा गर्न हक पुग्ने व्यक्ति होइनन् । नातिको अंश भाग बाजेबाट पाउने होइनन् । दाताले जुनबेला बकसपत्र गरी दिएका छन् त्यसबेलादेखि मुद्दा फैसला हुने समयसम्म प्रत्यर्थीका पिताले पाउने आधीभन्दा बढी सम्पत्ति दाताकै नाममा रही रहेको अवस्था छ । प्रत्यर्थीका बाबु र बाजेको बीचमा समेत अंशबन्डा भएको छैन । मुलुकी ऐन, दान बकसको १ नं. ले पनि दातालाई उक्त जग्गा दानबकस गर्न बन्देज लगाएको अवस्था नहुँदा पुनरावेदन अदालत पाटनबाट सुरू काठमाडौं जिल्ला अदालतबाट ३ भागको १ भागबाट वादीको पिताको १ भागको ३ भागको १ भाग वादीको अंश भाग जति लिखत बदर गर्ने ठहर भएको मिति २०६३।३।२९ को फैसला सदर गर्ने गरी मिति २०६८।७।२३ मा भएको फैसला उल्टी गरी बकसपत्र सदर कायम राखिपाउँ भनी गर्नुभएको बहस सुनियो।

यसमा मेरोसमेत अंश हक लाग्ने कि.नं. ३८८ को ज.रो. ०-९-२ र कि.नं.२१६ को ज.रो. ०-७-२ जग्गा दिने मेरो बाजे गणेश भन्ने दिलबहादुर महत र लिने मन्जुर आलम भई मलाई अंश हकबाट वञ्चित गर्ने उद्देश्यले मिति २०५८।११।२३ र.नं. ४७०८ बाट हालैको बकसपत्र गरी लिनुदिनु गरेकोले उक्त बकसपत्र बदर गरी अंश हक सुरक्षित गरिपाउँ भन्ने फिराद दाबी भएकोमा वादी दाबीको लिखतमा उल्लिखित ३ भागको १ भाग वादीको पिताको हकमध्येबाट ३ भागको १ भाग वादीको अंश भाग लिखत नरमगरम मिलाई बदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर चित्त नबुझी मुद्दा दोहोऱ्याई पाउँ भनी प्रतिवादीको यस अदालतमा निवेदन परी यस अदालतको मिति २०७०।६।७ को आदेशबमोजिम प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भई पेस हुन आएको देखियो। यसमा पुनरावेदन अदालत पाटनबाट सुरू फैसला सदर हुने ठहऱ्याई मिति २०६८।७।२३ मा भएको फैसला मिलेको छ छैन ? पुनरावेदकको पुनरावेदन जिकिर पुग्ने हो, होइन सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

२. यसमा निर्णयतर्फ विचार गर्दा एकासगोलका हजुरबा गणेश भन्ने दिलबहादुर महत र पूर्णकुमारी महतका एक मात्र सन्तान मेरो बुबा शरण महत हुनुहुन्छ। शरणकुमार महतको १ एक मात्र सन्तान हुँ। हजुरबुबा, बुबासमेत हालसम्म हामी एकासगोलमा बसी आएका छौं। पिता पुर्खाको पालादेखिको सम्पत्ति हजुरबुबाको नाममा छ । मेरो बुबाको नाममा कुनै पनि सम्पत्ति हक हस्तान्तरण भएको छैन। हजुरबुबा गणेश भन्ने दिलबहादुर महतको बुबा स्व. चक्रबहादुर महतबाट ९-०-० रोपनी हजुरबुबाको नाममा जग्गा नामसारी भई आएको थियो। हाल हजुरबुबाले बिक्री वितरण गरी करिब १ रोपनी जग्गा मात्र बाँकी रहेको छ । हजुरबुबाको नाममा रहेको जग्गामध्ये जिल्ला काठमाडौं, थानकोट गा.वि.स. वडा नं. ६ कि.नं. ३८८ को ज.रो. ०-९-२ ऐ.ऐ. कि.नं. २१६ को ज.रो. ०-७-२ जग्गा दिने हजुरबुबा गणेश भन्ने दिलबहादुर महत लिने प्रतिवादी मन्जुर आलम भई मिति २०५८।११।२३ र नं. ४७०८ बाट हालैको बकपत्र पारित गराएका रहेछन्। विपक्षीहरू उक्त कार्यबाट मेरो अंश हकमा आघात पुग्ने भई अंश पाउनबाट वञ्चित हुनुपर्ने

अवस्था सृजना भएकोले मेरो अंश हक लाग्ने जतिमा उक्त बकसपत्र बदर गरिपाउँ भन्ने वादीको फिराद दाबी रहेको पाइन्छ । नातिले बाजेलाई अंशबापतको हक लाग्ने जग्गामा बिक्री हक हस्तान्तरण गरेकाले बदर गरिपाउन मागदाबी गर्ने कानूनी हकदैया छैन । छोराले बाबुसँग मात्र अंशमा दाबी गर्न सक्छ । बाबु जीवितै भएको अवस्थामा नातिले बाजेसँग अंश माग गर्न कानूनी रूपले मिल्ने होइन । मुलुकी ऐन अंशबन्डाको १ नं. र दान बकस १ नं. ले विपक्षी वादीलाई मद्दत गर्दैन । हकदैयाको अभावमा मुलुकी ऐन, अ.बं. ८२ नं. विपरीतको हकदैयाविहीन फिराद खारेज गरिपाउँ भन्ने प्रतिवदी मन्जुरी आलमको प्रतिउत्तर जिकिर रहेको पाइन्छ । प्रतिवादीहरू दिलबहादुर महत र पूर्णकुमारी महतले प्रतिउत्तर नफिराई बसेको देखिन्छ । बकसपत्रमा उल्लिखित जग्गा वादीको पिता तथा बाजेबीच अंश लाग्ने जग्गा देखिन्छ । यी वादीका पिताले पाउने अंशमध्येबाट ३ भागको वादीको भागमा पर्ने १ भाग अंश हक लाग्ने लिखत बदर हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट फैसला भएकोमा सो फैसलाउपर यी पुनरावेदक प्रतिवादीको पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी उक्त पुनरावेदन अदालतबाट सुरू फैसला सदर हुने ठहऱ्याई मिति २०६८।७।२३ मा फैसला भएको पाइन्छ । सो फैसलाउपर चित्त नबुझाई मुद्दा दोहोऱ्याई हेर्ने निस्सा पाउँ भनी पुनरावेदक प्रतिवादीले यस अदालतमा निवेदन दिएकोमा यस अदालतबाट मिति २०५८।११।२३ को पारित हालैको बकसपत्र लिखतको बदर गराउन सो समयमा २१ वर्षभन्दा कम उमेरका वादीले फिराद दायर गरेको, वादीका बाबु जीवितै हुँदा सोलाई बदर गराउन नसको वादीको मन्जुरी लिन नपर्ने अवस्थाको लिखत बदर हुने फैसला सदर गर्ने पुनरावेदन अदालत पाटनको फैसलामा अंशबन्डाको १९(१) (३) र (४) तथा प्रमाण ऐन, २०३१ को दफा ३, ५४ को त्रुटि विद्यमान रहेको भन्ने आधारमा प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान भएको देखिन्छ ।

३. विवादित मिति २०५८।११।२३ र.नं.४७०८ को पारित हालै देखिको बकसपत्र हेर्दा काठमाडौं जिल्ला थानकोट गा.वि.स. वडा नं.६ महादेवस्थानको कि.नं.३८८ को क्षे.फ. ०-९-२ र कि.नं.२१६ को क्षे.फ. ०-७-२ जग्गा वादीका हजुरबुबा गणेश भन्ने दिलबहादुर महतले प्रतिवादी मन्जुर आलमलाई बकसपत्र पारित गरिदिएको देखिन्छ । सो लिखतमा वादीका हजुरआमा पूर्णकुमारी महत रोहबरमा साक्षी बसेको पनि देखिन्छ । सो विवादित लिखत हुँदा वादी कल्याण महत २१ वर्ष पूरा नभएको भन्ने तथ्यमा पनि विवाद देखिँदैन । वादीले आफ्नोसमेत अंश हक रहने पैतृक सम्पत्ति हक छाडी दिएकोले अंश हक मेट्ने कार्य हुन गएको भनी मुख्य रूपमा फिरादमा अंशबन्डाको १ नं. र दान बकसको १ नं. विपरीत लिखत भएको छ भनी दाबी लिनुभएको छ ।

४. मुलुकी ऐन, अंशबन्डाको १ नं. हेर्दा, "अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जीयजीयैको अंश गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । सो कानूनी व्यवस्थाले बाबुआमा, छोराछोरी, लोग्नेस्वास्नीसम्मका नाता पुस्तामा जीवित अंशियारहरूको बीचमा नै अंशबन्डा हुने भन्ने देखिन्छ । तापनि नातिको अंश हक आफ्नो बाबुमार्फत प्राप्त हुने हुँदा बाबुले प्राप्त गर्ने अंश हक सम्पत्तिमा नातिको अंश हक निहित रहन जाने हुन्छ । पैतृक सम्पत्तिमा आफ्नो बाबुको अंश हकमा नै असर पर्ने गरी बाजेले बिक्री व्यवहार हक हस्तान्तरण गरेको स्थितिमा सर्वप्रथम बाबुले नै आफ्नो हक खोज्न आएको देखिनु पर्दछ । माथिल्लो पुस्ताका व्यक्तिहरू मिली तेस्रो पुस्ताका व्यक्तिको अंश हक नियतवश अहित गर्ने उद्देश्यले सम्पत्ति हिनामिना गर्ने कार्य भएको प्रमाणित हुने अवस्थामा तेस्रो पुस्ताका व्यक्तिको अंश हक अंशबन्डाको १ नं. ले संरक्षण गर्न नमिल्ने

हुँदैन । पिता जीवित नरहेको अवस्थामा पिताको अंश हकमा तेस्रो पुस्ताका नातिले सो ऐनबमोजिम आफ्नो पितातर्फको अंश हक संरक्षण गर्न नपाउने भन्न मिल्दैन ।

५. प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा वादी नाति नाताका व्यक्तिले हजुरबुबाले हालैको बकसपत्र गरेको लिखत बदर गर्न दाबी लिएका छन् । सो दाबीको लिखतमा एकासगोलका हजुरआमा पनि रोहबरमा साक्षी बसेको छ । लिखतको हालैदेखिको बकसपत्रको माध्यमबाट पारित भएको छ । वादीका पिता शरणकुमार महतलगायत अन्य वादी सरहका अंशियारहरूले सो लिखतलाई चुनौती दिएको देखिँदैन । बाबुपछिको अंशमा नजिकको बुबा समान पुस्ताका आमाले दाबी गर्न आएको देखिँदैन । लिखत हुँदाको समयमा वादीको उमेर २१ वर्ष पूरा भएको देखिँदैन । वादीका बाबुआमासमेत मिली वादीको अंश हक मेट्ने परिपञ्च गरेको प्रमाणित हुने तथ्यहरू वादीले पेस गर्न पुष्टि गर्नसकेको पाइँदैन ।

६. हजुरबाबु गणेश भन्ने दिलबहादुर महतका नाउँमा काठमाडौं जिल्ला महादेवस्थान गा.वि.स. वडा नं.८ख मा कि.नं.२३३ मा क्षे.फ.१-९-०-० जग्गा दर्ता कायम नै रहेको, मालपोत कार्यालय कलङ्कीको च.नं.७१८८ मिति २०६२।११।२५ को पत्रसाथ प्राप्त स्रेस्ता उतारबाट देखिएको छ । पिता पुर्खाका पालाको अचल सम्पत्ति आधीसम्म व्यवहार चलाउन घरको मुख्य व्यक्ति बाजेले हक छाडी दिन सक्ने र आधीभन्दा बढी हक छाडी दिनु परेमा २१ वर्ष नाघेको स्वास्नी, छोरा, एकासगोलको छोरी, बिधवा बुहारीको मन्जुरी लिनुपर्ने भनी अंशबन्डाको १९(१) नं. मा कानूनी व्यवस्था छ । आफूखुस गर्न नपाउने अवस्थामा पनि आफ्नो हकको अंशजति भने आफूखुस गर्न पाउँछ भनी सोही महलको १९(३) नं. मा उल्लेख छ । लिखतमा हालैको बकसपत्र लेखिए पनि मूल्य खुलाई लिखत पारित भएको देखिन्छ ।

७. विवादित लिखत हालैको बकसपत्रबाट हक हस्तान्तरण गरेको सम्बन्धमा विचार गर्दा पनि मुलुकी ऐन, दान बकसको महलको १ नं. मा आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरिदिनु हुन्छ । सोबमोजिम दान वा बकस गरिदिँदा हकवालालाई बकस भनेर अरूलाई दान वा बकस जुन बेहोराले दिएपनि हुन्छ । आफूखुस गर्न पाउने बाहेक अरूमा अंशियार र हक पुग्नेहरूको मन्जुरीको लिखत नलिई वा साक्षी नराखी दान बकस गरिदिनु हुँदैन भन्ने कानूनी व्यवस्था रहेको छ ।

८. विवादित लिखत बाजेले गरी दिएका छन् । बाजे समानका अंशियार बज्यै पनि रोहबरमा साक्षी बसेको हुँदा मूल ३ अंश भागमध्ये २ अंश भाग निजहरूका हकमा अंशबन्डाको १९(३) नं. ले आफूखुस गर्न पाउने नै देखिन्छ । वादीको पिताको १ भाग अंश हकमा निज वा निज समानका पुस्ता आमाले दाबी नै गर्न आएका छैनन् । बाजेको नाउँमा यद्यपि हक छाडी दिएको जग्गाभन्दा बढी नै जग्गा दर्ता नै रहेको देखिन्छ । हक छाडी दिने र लिखतमा साक्षी बस्ने बाजे बज्यैले प्रतिउत्तर नै नफिराई बसेका छन् । नाति पुस्ताका वादीको अहित गर्ने कार्यमा बाजे बज्यै आफ्ना पिता मातासमेत संलग्न रहेको भन्ने वादीले तथ्यगत रूपमा पुष्टि गर्न सकेका छैनन् ।

९. जग्गा दर्तावाला घरको मूल व्यक्तिले श्रीमतीसमेत साक्षी राखी हक छाडी दिएको अवस्था छ । मूल अंशियारमध्येका वादीका पिता जीवितै हुँदा पनि बदरमा दाबी लिई बदर गराउन सकेको पाइँदैन । हक प्राप्त गर्ने व्यक्तिको पनि सम्पत्तिमा हक सुनिश्चित नभएमा सम्पत्तिसम्बन्धी अधिकारमा अनिश्चित रहन्छ । वादीले आफ्नो पिताबाट अंश हक प्राप्त गर्ने अवस्था रहेकै छ र वादीका पिताले पाउनेभन्दा बढी जग्गा सम्पत्ति दाता बाजेकै नाउँमा रहेको छ ।

१०. ने.का.प. २०६८ नि.नं.८५८४ पृष्ठ ५१६ मा यस अदालतबाट प्रतिपादित सिद्धान्तअनुसार पहिलो पुस्ताका मूल अंशियारहरू सगोलमा रहँदाको

अवस्थामा घर व्यवहार चलाउन अचल सम्पत्ति बिक्री गर्नुपर्दा आफ्नो समकक्षी सोही पुस्ताका अंशियारहरूको मात्र सहमति वा मन्जुरी लिनुपर्ने र आफ्ना समान पुस्ताका अंशियारहरूको अतिरिक्त आफूभन्दामुनिको दोस्रो वा तेस्रो पुस्ताका अंशियारहरूको पनि सहमति वा मन्जुरी लिनुपर्ने भन्ने अंशबन्डाको १९(१)(२) नं. एवं लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाको प्रयोजन र उद्देश्य नभएको भन्ने उल्लेख भएको पाइन्छ।

११. उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट दिने गणेश भन्ने दिलबहादुर महत र लिने पुनरावेदक प्रतिवादी मन्जुर आलम भएको मिति २०५८।११।२३ र.नं.४७०८ को हालैको बकसपत्रको लिखत कानूनबमोजिम भएको देखिई वादीको अंश हकमा असर पर्न जाने देखिन आएन । सो दाबीको लिखत ३ भागको १ भाग बाबुको हकमध्येबाट ३ भागको १ भाग लिखत बदर हुने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६३।६।२९ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८।७।२३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई दाबीको मिति २०५८।११।२३ र.नं.४७०८ बाट पुनरावेदक प्रतिवादी मन्जुर आलमले प्राप्त गरेको हालैको बकसपत्रको लिखत यथावत् कायम भई वादीको दाबी नपुग्ने ठहर्छ । अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

पुनरावेदन अदालत पाटनबाट मिति २०६८।७।२३ मा भएको फैसला उल्टी भई दाबीको मिति २०५८।११।२३ र.नं.४७०८ बाट पुनरावेदक प्रतिवादी मन्जुर आलमले प्राप्त गरेको बकसपत्रको लिखत यथावत् कायम रहने ठहरी फैसला भएकाले सोको जानकारी सम्बन्धित निकायमा लेखी पठाउनू --१

दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल बुझाई दिनू ---२

उक्त रायमा सहमत छु ।
न्या.ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृत: यमप्रसाद बास्कोटा
इति संवत् २०७३ साल कात्तिक २३ गते रोज ३ शुभम्।

निर्णय नं. १००१५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
फैसला मिति : २०७५।१।३
०७४-WH-००५९

विषयः बन्दीप्रत्यक्षीकरण

पक्ष / रिट निवेदक : दाङ जिल्ला शान्तिनगर गा.वि.स. वडा नं. ४ घर भई हाल सशस्त्र प्रहरी बल तालिम महाविद्यालय लामा पाटन, पोखरा दरबन्दी भई कारागार कार्यालय घोराही दाङमा

थुनामा रहेका सशस्त्र प्रहरी हवल्दार चेतबहादुर खत्रीका हकमा एकाघरका दाइ दाङ जिल्ला, शान्तिनगर गा.वि.स. वडा नं.४ पाते टाकुरा बस्ने वर्ष ३७ का खुमबहादुर तक्मेल खत्री

विरूद्ध

विपक्षी / प्रत्यर्थी : सशस्त्र प्रहरी विशेष अदालत, काठमाडौंसमेत

- **कुनै अभियुक्तउपर एकपटक अभियोगपत्र दायर भइसकेपछि थप अनुसन्धान गर्दै जाँदा नयाँ तथ्यहरू खुल्न आए वा सम्बद्ध थप प्रमाणहरू फेला परेमा मुद्दा हेर्ने विशेष अदालतको अनुमतिले थप अभियोगपत्र लगाउन मिल्ने नै देखिने।**
- **विशेष अदालत ऐन, २०५९ को दफा ९ को व्यवस्थाअनुसार साबिकमा भएको अनुसन्धान कायमै राखी थप अनुसन्धान गर्न पहिले लिएको सजायको माग दाबी थप गर्न सक्ने नै देखिन्छ। यस्तो अवस्था छ भनी मुद्दा हेर्ने विशेष अदालतसमक्ष अनुमति माग गरेको छ र विशेष अदालतले कारण मनासिब ठहऱ्याई थप अभियोग पेस गर्न अनुमति दिएको छ भने थप अभियोगपत्र पेस गर्न सक्ने नै देखिन्छ। पछि मुद्दाको रोहमा कुन अभियोग दाबी मनासिब र उपयुक्त देखिन आउँछ सो हेरी विशेष अदालत निर्णय निष्कर्षमा पुग्न सक्ने नै हुन्छ। यस्तोमा थप अभियोग लगाउँदा अभियोग प्रतिस्थापन हुन पुग्यो भन्न नमिल्ने।**

(प्रकरण नं.८)

- **स्वच्छ सुनुवाइको हकभित्र शीघ्र सुनुवाइको हकसमेत पर्ने।**

(प्रकरण नं.१०)

पक्ष / रिट निवेदकका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री सालिकराम आचार्य र श्री दिपकराज रेग्मी

विपक्षी / प्रत्यर्थीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- सशस्त्र प्रहरी ऐन, २०५८
- विशेष अदालत ऐन, २०५९

आदेश

न्या.डा.आनन्दमोहन भट्टराई: नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३ बमोजिम यसै अदालतको क्षेत्रभित्र भई दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

लापरवाहीपूर्वक हातहतियारहरू हराएको कसुर अपराध पुष्टि भएकोले सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक सुवोधकुमार अधिकारीले पेस गरेको प्रतिवेदनअनुसार सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ को उपदफा ४ को खण्ड (घ) को कसुर अपराधमा सोही ऐनको दफा २७ को उपदफा ४ बमोजिम म निवेदकको भाइ सशस्त्र प्रहरी हवल्दार चेतबहादुर खत्रीलाई हदैसम्मको सजायको मागदाबी गरी मिति २०६७/०७/९ मा पहिलो अभियोग पत्र सशस्त्र प्रहरी विशेष अदालत, काठमाडौंमा दायर गरिएको छ। उक्त अभियोग पत्रमा उल्लिखित माग दाबीबमोजिम ३ वर्षदेखि अधिकतम ५ वर्षसम्म सजाय हुन सक्ने व्यवस्था सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ को उपदफा ४ को खण्ड (घ) मा रहेको छ। दोस्रो अभियोग पत्रलाई थप अभियोग पत्र उल्लेख गरी मिति २०६८/०१/०७ मा दर्ता गरिएको छ। उक्त अभियोग पत्रमा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१)

को खण्ड (ग) अनुसारको कसुरजन्य कार्य भएकोले सो कसुर अपराध गरेको अभियोगमा सोही ऐनको दफा २७(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने माग दाबी गरिएको छ । जुन अभियोग पत्र लगाउँदा पूर्व अनुसन्धानलाई पूर्ण विस्थापित गरिएको छ । म निवेदकको भाइउपर थप अभियोग पत्र ल्याउँदा जिल्ला प्रशासन कार्यालय कास्कीमा चलेको हातहतियार खरखजाना मुद्दाका प्रतिवादी कुवेर सिंह पुनलाई दोहोरो तितिम्बा बयान गराई तितिम्बा बयानको झुट्ठा कुरालाई आधार बनाएको छ । मुलुकी ऐन, अदालती बन्दोबस्तको ८८ नं. मा नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा फिराद पत्र प्रतिउत्तर पत्र वा बयान सो मुद्दा हेर्ने अड्डामा १ पटक दिइसकेपछि अरू पनि अभियुक्त हुन् वा छन् भने उसै मानिसले पछि थपी लेखिदिएको सदर हुँदैन भन्ने व्यवस्था रहेको छ । जसबाट उक्त तितिम्बा बयान कानूनसम्मत नभएको प्रस्ट छ । तितिम्बा लिने व्यवस्था रहे भएको छैन । कानूनभन्दा पर गई लिएको बयानको आधारमा म निवेदकको भाइउपर थप अभियोग लगाउन मिल्दैन । उक्त कार्य कानूनविपरीत हुनुका साथै श्री सर्वोच्च अदालतबाट ने.का.प. २०४० विशेषाङ्क पृष्ठ २२२ नि.नं. ५० र ने.का.प. २०४१ अंक २ पृष्ठ १८७ नि.नं. १९१७ प्रतिपादित नजिर सिद्धान्तविपरीत छ ।

मिति २०६८/०१/१७ मा दर्ता भएको दोस्रो अभियोग पत्रबमोजिम म निवेदकको भाइलाई मिति २०६९/६/३० मा सशस्त्र प्रहरी विशेष अदालतले सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१) बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर गरेपछि सो निर्णयउपर मेरो भाइ चेतबहादुर खत्रीको पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेको थियो । पुनरावेदन अदालत पाटनबाट मिति २०७०/११/२७ मा सशस्त्र प्रहरी विशेष अदालतको मिति २०६९/६/३० को फैसला बदर गरी पुनः फैसला गर्नु भनी श्री सशस्त्र प्रहरी विशेष अदालतमा पठाउने गरी भएको फैसलामा सुरू श्री सशस्त्र प्रहरी विशेष अदालतबाट फैसला हुँदा थप अभियोग पत्रले मूल अभियोग पत्रलाई प्रतिस्थापन गरेको अर्थ लगाई फैसला भएको देखी यी विशेष अदालत ऐन, २०५९ को दफा ९ को त्यसप्रकारको पहिलो पटक दफा २७(४)घ बमोजिम सजाय हुन अभियोग पत्र दायर भएकोमा अर्को पटक २७(१) बमोजिम सजाय हुन थप अभियोग दाबी पेस गरेको अवस्थामा एक पटक अभियोग दायर भइसकेपछि अदालतसमक्ष विचाराधीन विषय विस्थापित हुने गरी अर्को अभियोग पत्र दायर गर्न सकिने अवस्था विशेष अदालत ऐन, २०५९ को दफा ९ मा नहुँदा सुरू दाबीलाई विस्थापित गरी भएको सुरूको मिति २०६९/६/३० मा भएको फैसला नमिलेको हुँदा बदर हुने ठहर्छ भनी बोलिएको छ । उक्त फैसलाको अवज्ञा हुने गरी र उक्त फैसलाको मूल मर्मविपरीत श्री सशस्त्र प्रहरी विशेष अदालतले अभियोजन पक्षबाट पहिलो अभियोगलाई प्रतिस्थापनको दाबी पनि नभएको हुँदा उपर्युक्त अभियोग पत्र दुई फरक अभियोग नभई एकआपसमा परिपूरक अभियोग मान्नुपर्ने गरी विशेष अदालत ऐन, २०५९ को दफा ९(१)(२) ले व्यवस्था गरेको देखिन्छ तसर्थ एउटै वारदातबाट उठेको मूल दाबी र विधिसम्मत थप दाबीलाई फरक फरक अभियोग वा एउटालाई अर्कोले प्रतिस्थापन गरेको अभियोगका रूपमा छुट्याउन मिल्ने देखिएन भनी गरिएको सशस्त्र प्रहरी विशेष अदालतको मिति २०७२/०४/०३ को फैसला श्री पुनरावेदन अदालत पाटनबाट भएको फैसलासँग बाझिएको अवस्था थियो । सो तथ्य म निवेदकको भाइ चेतबहादुर खत्रीको सो सशस्त्र प्रहरी विशेष अदालतको फैसलाउपर पुनरावेदन परी पुनः उच्च अदालत पाटनबाट मिति २०७४/०९/१८ मा फैसला भई उक्त फैसलामा पूर्व फैसलाको मर्मअनुसार भएको देखिएन र प्रतिवादीहरू के कति आधार कारणबट कसुर वा बेकसुरदार रहेको भनी उल्लेख हुन सकेको पाइएन भन्नेसमेतको बोली पारी पुनः अभियोग

दाबीलाई विचार गरी तथ्य र सबुद प्रमाण केलाई सफाइ हुने वा सजाय हुने आधार कारण खोली पुनः फैसला गर्नु भनी सशस्त्र प्रहरी विशेष अदालतमा मिसिल फिर्ता पठाइदिएबाट प्रमाणित भएको छ । पहिलो अभियोग पत्रबमोजिम म निवेदकको भाइ चेतबहादुर खत्रीलाई सजाय हुने ठहरेमा निजलाई ५ वर्षभन्दा बढी सजाय हुन सक्ने अवस्था छैन । यद्यपि विपक्षी सशस्त्र प्रहरी विशेष अदालतले मसँगैका अन्य प्रतिवादीहरूको हकमा आफ्नो दोस्रो फैसलामा केही कुरा नबोली सफाइ दिई मलाई मात्र पछिल्लो अभियोग पत्रबमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने ठहराएको थियो । उक्त फैसला श्री उच्च अदालत पाटनको फैसलाले मिति २०७४/०९/१८ मा बदर भइसकेको छ। विपक्षी सशस्त्र प्रहरी विशेष अदालतले कानूनबमोजिम न्याय सम्पादन गर्ने क्षमता राख्न नसकेको कारणले मात्र म निवेदकले कसुर गरेको ठहर हुँदाको अवस्थामा समेत हदैसम्म सजाय भए पनि सुरू अभियोग पत्रबमोजिम ५ वर्षभन्दा बढी सजाय हुन नसक्ने भएकोले मेरो भाइलाई ५ वर्षभन्दा बढी समयसम्म थुनामा राख्नु पूर्णतः गैरकानूनी छ।

मेरो भाइउपर जिल्ला प्रशासन कार्यालय कास्कीमा चलेको हातहतियार खरखजाना मुद्दाका प्रतिवादी कुवेर सिंह पुनलाई दोहोरो बयान गराई उक्त कानूनविपरीतको बयानलाई तितम्बा बयानको संज्ञा दिई बयानकै आधारमा पूर्व अभियोग पत्रलाई पूर्णरूपमा विस्थापित गरी थप अभियोग पत्रको नाममा अभियोग पत्र मिति २०६७/०७/०९ मा दर्ता गर्ने र गराउने विपक्षी विशेष अदालत तथा अनुसन्धान अधिकृत नेत्रकुमार खत्रीको कार्य मुलुकी ऐन, अदालती बन्दोबस्तको ८८ र ८९ नं. तथा विशेष अदालत ऐन, २०५९ को दफा ९ र नेपालको संविधानको धारा २०(६) प्रतिकूल हुनुका साथै सम्मानित श्री सर्वोच्च अदालतबाट ने.का.प. २०४० विशेषाङ्क पृष्ठ नि.नं. ५० र ने.का.प. २०४१ अंक २ पृष्ठ १८७ नि.नं. १९९७ प्रतिपादित नजिर सिद्धान्तविपरीत भई गैरकानूनी छ ।

विपक्षीहरूको उक्त गैरकानूनी कार्यबाट म निवेदकको भाइको नेपालको संविधानको धारा १६, १७, १८, २० र २५ मौलिक हकसमेत आघात पुग्न गएको छ । तसर्थ मेरो भाइका विरूद्ध गैरकानूनी तवरले विपक्षीहरूले दर्ता गर्ने गराउने गरेको मिति २०६७/७/९ को थप अभियोग पत्र उत्प्रेषणको आदेशले बदर गरी म निवेदकको भाइ चेतबहादुर खत्री मिति २०६७/०७/०८ मा थुनामा रहेको मितिले ७ वर्ष २ महिना १० दिन थुनामा बिताई सकेको र सुरू अभियोगबमोजिम हदैसम्मको सजाय ठहर हुँदाको अवस्थामा समेत ५ वर्षभन्दा बढी कैद बस्न नपर्ने भएकोले मेरो भाइको थुना पूर्णरूपमा गैरकानूनी भएको हुँदा नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम थुनामा रहेको मेरो भाइ चेतबहादुर खत्रीलाई बन्दीप्रत्यक्षीकरणलगायत जो चाहिने आज्ञा आदेश जारी गरी थुनामुक्त गरिपाऊँ । साथै म निवेदकको भाइ चेतबहादुर खत्रीले निजका उपर दायर भएको सुरू अभियोग दाबीबमोजिमको कसुर ठहर भएको अवस्थामा हुन सक्ने हदैसम्मको सजाय ५ वर्ष भुक्तान गरिसकेकोले प्रस्तुत मुद्दाको अन्तिम किनारा नलागेसम्म सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३५(क) म निवेदकको भाइ चेतबहादुर खत्रीलाई हाजिर जमानीमा छोडी दिनु भनी विपक्षीहरूका नाममा विशेष आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूको नाउँमा म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ

परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०७४।१०।१७ को यस अदालतको आदेश।

सशस्त्र प्रहरी बल, नेपाल तालिम महाविद्यालय लामापाटन पोखराको कोतमा कार्यरत सशस्त्र प्रहरी हवलदार चेतबहादुर खत्रीले लापरवाहीपूर्वक हातहतियार हराएको कसुर अपराधमा मिति २०६७।०७।०९ गते सशस्त्र प्रहरी विशेष अदालतमा मुद्दा दायर गरिएको जसमा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ को खण्ड (घ) को कसुर लगाइएकोमा पछि सशस्त्र बल तालिम महाविद्यालयबाट हराएको भनिएको हातहतियार कास्की प्रहरीले प्रतिवादी कुवेर सिंह पुनलाई हातहतियार खरखजाना मुद्दामा पक्राउ गर्दा उक्त हतियार निजबाट बरामद भएको र निज कुवेर सिंह पुनले जिल्ला प्रशासन कार्यालय कास्कीमा बयान गर्दा निज सशस्त्र प्रहरी हवलदार चेतबहादुर खत्रीबाट खरिद गरी लिएको भन्ने बयानको आधारमा सशस्त्र प्रहरी बल प्रधान कार्यालयको पत्रबाट थप अनुसन्धानको लागि अनुसन्धान अधिकृत भई काम गरेको हो। विशेष अदालत ऐन, २०५९ को दफा ९ को उपदफा (१) बमोजिम प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष अदालतमा कुनै अभियुक्तउपर अभियोगपत्र दायर भइसकेपछि सो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरू फेलापरेमा मुद्दा दायर भइसकेका अभियुक्तको हकमा साबिकमा भएको अनुसन्धानलाई कायमै राखी थप अनुसन्धानलाई कायमै राखी थप अनुसन्धान तहकिकात गर्न वा पहिले लिएको सजायको मागदाबीमा थप दाबी गर्न वा अन्य अभियुक्तको हकमा समेत मुद्दा दायर गर्नुपर्ने भएमा थप मागदाबी लिन सोको कारण खोली सरकारी वकिलले अनुमतिको लागि विशेष अदालतमा निवेदन दिन सक्ने छ साथै ऐ. दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम निवेदन परेमा सोको कारण मनासिब भएमा विशेष अदालतले आवश्यकताअनुसार अनुमति दिन आदेश गर्न सक्नेछ र त्यस्तो आदेश भएमा पहिले मुद्दा दायर भएका अभियुक्तउपर थप सजाय माग गर्न वा थप अभियुक्तउपर थप अभियोपत्र दायर गर्न सक्ने कानूनी व्यवस्था भएको हुँदा सोहीअनुरूप थप अभियोग पत्र तयार गरी सशस्त्र प्रहरी विशेष अदालतमा अभियोगपत्र दायर मात्र गरेको हो। सम्मानित अदालतलाई नै भ्रममा पार्ने गरी गलत मनसायले दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयका अनुसन्धान अधिकृत सशस्त्र प्रहरी निरीक्षक भुवन भण्डारीको तर्फबाट सशस्त्र प्रहरी नायब उपरीक्षक युवराज अर्यालको लिखित जवाफ।

विशेष अदालत ऐन,२०५९ को दफा ९ को उपदफा (१) बमोजिम प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष अदालतमा कुनै अभियुक्तउपर अभियोगपत्र दायर भइसकेपछि सो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरू फेलापरेमा मुद्दा दायर भइसकेका अभियुक्तको हकमा साबिकमा भएको अनुसन्धानलाई कायमै राखी थप अनुसन्धानलाई कायमै राखी थप अनुसन्धान तहकिकात गर्न वा पहिले लिएको सजायको मागदाबीमा थप दाबी गर्न वा अन्य अभियुक्तको हकमा समेत मुद्दा दायर गर्नुपर्ने भएमा थप मागदाबी लिन सोको कारण खोली सरकारी वकिलले अनुमतिको लागि विशेष अदालतमा निवेदन दिन सक्ने छ साथै ऐ. दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम निवेदन परेमा सोको कारण मनासिब भएमा विशेष अदालतले आवश्यकताअनुसार अनुमति दिन आदेश गर्न सक्नेछ र त्यस्तो आदेश भएमा पहिले मुद्दा दायर भएका अभियुक्तउपर थप सजाय माग गर्न वा थप अभियुक्त उपर थप अभियोपत्र दायर गर्न सक्ने कानूनी व्यवस्था भएको हुँदा सोहीअनुसार परेको निवेदनमा थप सजायको माग गरी पूरक अभियोगपत्र पेस गर्न अनुमति प्रदान भएको हो। सोहीअनुसार विशेष अदालतको अनुमतिले कानूनबमोजिम रीत पूर्वक थप अभियोग पत्र दायर गरिएको निर्णयमा कुनै कानूनी त्रुटि छैन। रिट

निवेदकलाई यस अदालतबाट मिति २०६९।०६।३० गते सर्वस्वसहित जन्मकैद सजाय गर्ने ठहर गरी अ.बं. १८८ नं. बमोजिम रायसहित साधक सदरका लागि यस अदालतबाट सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३३ बमोजिम पुनरावेदन लाग्ने अदालत तत्कालीन पुनरावेदन अदालत पाटनमा पेस गरेको एवं प्रतिवादीका तर्फबाट पनि सो अदालतमा पुनरावेदन परेपश्चात् पुनःसाधक पेस गर्ने फैसला भई साधक जाँचका लागि सक्कल मिसिलसमेत तत्कालीन पुनरावेदन अदालतमा पठाइएकोमा सो अदालतबाट कुनै निकासा भएको जानकारी यस अदालतलाई नभएको कार्यालयको अभिलेखबाट देखिएको छ । यसरी यस अदालतबाट कानूनबमोजिम भएको फैसलाबमोजिम नै थुनामा रहेको र सो फैसला यस अदालतबाट साधक सदरका लागि पुनरावेदन सुन्ने अदालतसमक्ष पेस भएको सो फैसलाउपर चित्त नबुझेमा निज प्रतिवादीले पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्न पाउने हक रहेको सो हकको प्रयोग निजले गरे नगरेको वा गरेको अवस्थामा तथा साधकको रोहमा के निकासा भएकोसम्बन्धी साधारण अधिकार क्षेत्रभित्रका कुनै विवरण आफ्नो निवेदनमा उल्लेख नगरी असाधारण अधिकार क्षेत्र प्रयोग गरी यस अदालतलाई विपक्षी बनाई सम्मानित अदालतमा दिएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन कानूनी रूपमा त्रुटिपूर्ण हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको सशस्त्र प्रहरी विशेष अदालतको तर्फवाट सशस्त्र प्रहरी विशेष अदालतका अध्यक्ष बद्रिप्रसाद गौतमको लिखित जवाफ।

सशस्त्र प्रहरी विशेष अदालतको मिति २०६७।०७।०९ पत्रअनुसार निवेदकलाई थुनामा राखिएको हो । साथै उक्त अदालतको मिति २०६९।०९।२४ को पत्रअनुसार कैद लगत कायम गरी निजले कैद भुक्तान गर्दै आइरहेका हुन् । निज सशस्त्र प्रहरी हवलदार चेतबहादुर खत्री कारागार कार्यालय, डिल्लिबजारबाट स्थानान्तरण भई यस कारागार घोराहीमा रहँदै आएको हुँदा निजलाई कुनै गैरकानूनी रूपले थुनामा नराखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको कारागार कार्यालय घोराही दाङको लिखित जवाफ।

यसमा वादी नेपाल सरकार प्रतिवादी चेतबहादुर खत्री भएको संवत् २०७० सालको फौ.पु. नं CS-०९२७ को सशस्त्र प्रहरी ऐन, २०५८ को कसुर मुद्दामा पुनरावेदन अदालत पाटनबाट मिति २०७०।११।२७ मा भएको फैसलासहितको मिसिल र वादी नेपाल सरकार प्रतिवादी चेतबहादुर खत्रीसमेत भएको संवत् २०६९ सालको फौ.पु.नं १ र २ को सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ बमोजिमको कसुर अपराध मुद्दामा सशस्त्र प्रहरी विशेष अदालतबाट मिति २०६९।६।२० मा भएको फैसलासहितको मिसिल सम्बन्धित अड्डाबाट झिकाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।१२।६ को आदेश।

नियमानुसार साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट रहनु भएका विद्वान् अधिवक्ताहरू श्री सालिकराम आचार्य र श्री दिपकराज रेग्मीले जिल्ला प्रहरी कार्यालय पोखराले हातहतियार खरखजाना मुद्दामा प्रतिवादीमध्येका कुवेरसिंह पुनले मिति २०२०६७।११।२० मा बयान गर्दा राजकुमार सुयालसँग S.M.G खरिद गरेको भनी बयान गरेको अवस्थामा पुनः निजको मिति २०६७।१२।१३ मा ततिम्बा बयान गर्दा चेतबहादुर खत्रीसँग मिति २०६७।१५।१६ मा उक्त राइफल खरिद गरेको हो भनी बयान गराइएको अवस्था छ । यसरी निज प्रतिवादी कुवेर सिंह पुनलाई पुनः ततिम्बा बयान गराउने कार्य गैरकानूनी छ । पुनः ततिम्बा बयान गराउने व्यवस्था कानूनमा छैन। कानूनमा व्यवस्था नभएको कुरामा पुनः ततिम्बा बयान गराई मलाई पोल गराई सोको आधारमा मलाई मिति २०६७।०७।०९ मा थप लगाई ठूलो

सजायको माग दाबी लिई अभियोगपत्र दायर गरिएको कार्य गैरकानूनी भएको अवस्था छ । सो गैरकानूनी अभियोग माग दाबीका आधारमा म थुनामा बस्नु पर्ने होइन । तसर्थ मिति २०६७।९।७ मा मउपर दायर भएको अभियोग मागदाबीमा माग गरिएको सजायको उपल्लो हद हाल मेरो पक्षले भुक्तान गरेको हुँदा अब थुनामा बस्नु पर्ने कुनै आधार कारण छैन । तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेशबाट थुना मुक्त गरिपाउँ भनी गर्नुभएको बहस र प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले हातहतियार खर खजाना मुद्दाका प्रतिवादी कुवेर सिंह पुनले मिति २०६७।१२।१३ मा ततिम्बा बयान गर्दा बरामद भएको हतियार चेतबहादुर खत्रीसँग खरिद गरेको हो भनी बयान गरेको समेतको आधारमा थप अभियोग लगाउन पर्ने भई अनुसन्धान अधिकारीले विशेष अदालत ऐन, २०५९ को दफा ९ को व्यवस्थाअनुसार विशेष अदालतबाट मिति २०६८।१।७ मा थप अभियोग पत्र दायर गर्ने अनुमति लिई रिट निवेदकउपर थप अभियोग लगाइएको अवस्था हो । विशेष अदालतले अभियोग पत्र दायर भएपछि निजलाई झिकाई बयान गराई पुर्पक्षका लागि थुनामा राख्ने गरी आदेश भएकोमा सो आदेशकै आधारमा निज हालसम्म थुनामा नै रहेको अवस्था हो । सशस्त्र प्रहरी विशेष अदालतको सो अधिकार क्षेत्रअनुसार भए गरेका उल्लिखित काम कारबाहीको सम्बन्धमा हालसम्म निजले कहिँकतै चुनौती दिएको अवस्था छैन । निवेदकलाई थुनामा राख्ने गरी भएको भएको आदेशको औचित्यका बारेमा प्रस्तुत रिट क्षेत्रबाट प्रवेश गर्न मिल्ने अवस्था छैन । कानूनी प्रक्रियासम्म हेर्ने हो । निजउपर लगाइएको दुवै अभियोग पत्रहरू हालसम्म खारेज भएको अवस्था पनि छैन । यस अवस्थामा निज गैरकानूनी थुनामा रहे भएको अवस्था नहुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

दुवै पक्षको उपर्युक्त बहस जिकिर भएको प्रस्तुत रिट निवेदनमा निर्णयतर्फ विचार गर्दा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन सो कुराको निर्णय गर्नुपर्ने हुन आयो ।

२. यसमा निर्णयतर्फ हेर्दा मेरो भाइको विरूद्ध गैरकानूनी तवरले विपक्षीहरूले दर्ता गर्ने गराउने गरेको मिति २०६७/७/९ को थप अभियोग पत्र उत्प्रेषणको आदेशले बदर गरी निज मिति २०६७/०७/०८ मा थुनामा रहेको मितिले ७ वर्ष २ महिना १० दिन थुनामा बिताई सकेको र सुरू अभियोगबमोजिम हदैसम्मको सजाय ठहर हुँदाको अवस्थामा समेत ५ वर्षभन्दा बढी कैद बस्न नपर्ने भएकोले मेरो भाइको थुना पूर्णरूपमा गैरकानूनी हुँदा नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम थुनामा रहेको मेरो भाइलाई बन्दीप्रत्यक्षीकरणलगायत जो चाहिने आज्ञा आदेश जारी गरी थुनामुक्त गरिपाऊँ । साथै म निवेदकको भाइले निजका उपर दायर भएको सुरू अभियोग दाबीबमोजिमको कसुर ठहर भएको अवस्थामा हुन सक्ने हदैसम्मको सजाय ५ वर्ष भुक्तान गरिसकेकोले प्रस्तुत मुद्दाको अन्तिम किनारा नलागेसम्म सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३५(क) म निवेदकको भाइ चेतबहादुर खत्रीलाई हाजिर जमानीमा छोडी दिनु भनी विपक्षीहरूका नाममा विशेष आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत निवेदन जिकिर देखियो ।

३. विपक्षीहरूको लिखित जवाफ हेर्दा सशस्त्र प्रहरी बल, नेपाल तालिम महाविद्यालय लामापाटन पोखराको कोतमा कार्यरत सशस्त्र प्रहरी हवलदार चेतबहादुर खत्रीले लापरवाही पूर्वक हातहतियार हराएकोबाट सशस्त्र प्रहरी ऐन , २०५८ को दफा २७ को खण्ड (घ) को कसुर लगाई मिति २०६७।०७।०९ गते सशस्त्र प्रहरी विशेष अदालतमा मुद्दा दायर गरिएकोमा पछि हातहतियार खरखजाना मुद्दामा सशस्त्र प्रहरीकै भगौडा पूर्व प्रहरी कुवेर सिंह पुन पक्राउ परेपछि सशस्त्र बल तालिम महाविद्यालयबाट हराएको

भनिएको हातहतियार कास्की प्रहरीले प्रतिवादी कुवेर सिंह पुनबाट बरामद गरेको र निज कुवेर सिंह पुनले जिल्ला प्रशासन कार्यालय कास्कीमा बयान गर्दा निज सशस्त्र प्रहरी हवलदार चेतबहादुर खत्रीबाट खरिद गरी लिएको भन्ने बयान गरेकोबाट विशेष अदालत ऐन, २०५९ को दफा ९ को उपदफा (१) (२) बमोजिम विशेष अदालतको अनुमति लिएर नै अभियुक्तउपर थप सजाय माग गरी थप अभियोपत्र दायर गरिएको र मुद्दा हाल न्यायिक निकायमा विचाराधीन हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन भन्नेसमेत विपक्षीहरूको लिखित जवाफ रहेको देखियो।

४. सो सम्बन्धमा हेर्दा बन्दी चेतबहादुर खत्रीउपर आफू जिम्माको यस.एम.जी.(S.M.G.) थान १, ऐ.को म्यागाजिन २, ९ मि.मि. को पेस्तोल थान २, ऐ.को म्यागाजिन २, ५४ मि.मि. को गोली राउण्ड ८०, ७७ मि.मि. को गोली राउण्ड ७८, ७७ मि.मि. को चाइनिज पेस्तोल थान-२ र वाइनाकुलर थान-२ समेत लापरवाहीपूर्वक कोतबाट हराई सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ को उपदफा ४ को खण्ड (घ) को कसुर अपराधमा सोही ऐनको दफा २७ को उपदफा ४ बमोजिम हदैसम्मको सजायको मागदाबी गरी मिति २०६७/०७/९ मा पहिलो अभियोग पत्र सशस्त्र प्रहरी विशेष अदालत, काठमाडौंमा दायर भएको देखिन्छ । पछि सोही हतियारहरू सशस्त्र प्रहरीकै भगौडा पूर्व प्रहरी कुवेर पुनसँग फेला परेको र निजले चेतबहादुर खत्रीसँग खरिद गरेको भनेबाट निजउपर दायर भएको दोस्रो अभियोग पत्रलाई थप अभियोग पत्र भन्ने नाम दिई मिति २०६८/०१/०७ मा दर्ता गरिएको र सो अभियोग पत्रमा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१) को खण्ड (ग) अनुसारको कसुरजन्य कार्य गरेकोले सो कसुर अपराध गरेको अभियोगमा सोही ऐनको दफा २७(१) बमोजिम सजाय हुन माग दाबी लिइएको देखिन्छ । उल्लिखित अभियोग पत्र सशस्त्र प्रहरी विशेष अदालत, काठमाडौंमा दायर भएकोमा उक्त अदालतबाट मिति २०६९।०६।३० मा फैसला हुँदा सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१)(ग) को कसुर गरेको ठहरी सर्वश्वसहित जन्मकैदको सजाय गरी ७ वर्ष कैद हुनुपर्ने रायसमेत व्यक्त गरी फैसला भएको देखिन्छ। उक्त फैसलाउपर यी रिट निवेदकको तत्कालीन पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी मिति २०७०।११।२७ मा उक्त अदालतबाट फैसला हुँदा पहिलो पटक दफा २७ (४) को खण्ड (घ) बमोजिम सजाय हुन अभियोग पत्र दायर भएकोमा अर्को पटक दफा २७ (१) बमोजिम सजाय हुन अभियोग दाबी पेस भएको अवस्थामा एक पटक अभियोग पत्र दायर भइसकेपछि अदालतसमक्ष विचाराधीन विषय विस्थापित हुने गरी अर्को अभियोग दायर गर्न सकिने व्यवस्था विशेष अदालत ऐन,२०५९ को दफा ९ मा नहुँदा सुरू दाबीलाई विस्थापन गरी भएको मिति २०६९।०६।३० मा भएको फैसला नमिलेको हुँदा बदर हुने ठहरी सुरू अभियोग दाबीलाई मूल आधार मानी थप अभियोगसमेतलाई विचार गरी पुनः फैसला गर्नु भनी सशस्त्र प्रहरी विशेष अदालतमा पठाई दिनु भनी फैसला भएको देखियो।

५. तत्पश्चात सशस्त्र प्रहरी विशेष अदालतले पुनः मिति २०७२।५।३ मा फैसला गर्दा यी रिट निवेदकले सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७(१) (ग) को कसुर गरेको ठहरी गरी अ.बं. १८८ नं. अनुसार ७ वर्षको कैद सजाय गर्ने गरी राय पेस गरेकोमा सो फैसलाउपर पुनः रिट निवेदकको पुनरावेदन परी उच्च अदालत पाटनले मिति २०७४।०९।१८ मा फैसला हुँदा सशस्त्र प्रहरी विशेष अदालतबाट मिति २०७२।५।३ मा भएको फैसला तथ्य र सबुद प्रमाणको मूल्याङ्कन एवं विवेचना नगरी सफाइ र सजाय गर्दा आधार कारण केही उल्लेख नगरी पूर्व बदर भइसकेको फैसलामा उल्लिखित बुँदाको आधारमात्र भनी भएको मिति २०७२।५।३ को फैसला बदर गरी पुनः फैसला

गर्नु भनी मिसिल फिर्ता पठाएको अवस्था देखियो। यस अवस्थामा यी निवेदकले प्रस्तुत रिट निवेदन लिई यस अदालतमा प्रवेश गरेको अवस्था देखियो।

६. यसरी हेर्दा बन्दी चेतबहादुर खत्रीउपर दुईवटा अभियोग पत्र पेस भएको, सशस्त्र प्रहरी विशेष अदालतबाट दुईपटक फैसला भएको र पुनरावेदन तहबाट २ पटक फैसला हुँदा सशस्त्र प्रहरी विशेष अदालतको फैसला बदर भई पुनः इन्साफ गर्न विशेष अदालतमा पठाइएको अवस्था देखियो।

७. अब जहाँसम्म एकपटक सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २७ (४) (घ) को कसुर गरेको भनी सोही ऐनको दफा २७ (४) बमोजिम अभियोगपत्र पेस भइसकेपछि उक्त उल्लिखित विशेष अदालत ऐन, २०५९ को दफा ९ को खण्ड (१) र (२) बमोजिम सोही ऐनको दफा २७ (४) (ग) को कसुर गरेको भनी दफा २७ (१) बमोजिम सजाय हुनुपर्ने भनी थप अभियोग लगाउन मिल्छ वा मिल्दैन भन्ने प्रश्न छ सो विषयमा विशेष अदालत ऐन, २०५९ को दफा ९ को व्यवस्था हेर्नुपर्ने हुन आयो। उक्त दफा ९ मा देहायको व्यवस्था रहेको पाइयो।

> थप अभियोग पत्र दायर गर्न सकिने: (१) **प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष अदालतमा कुनै अभियुक्तउपर कुनै अभियोगपत्र दायर भइसकेपछि सो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरू फेला परेमा मुद्दा दायर भइसकेका अभियुक्तको हकमा साबिकमा भएको अनुसन्धानलाई कायमै राखी थप अनुसन्धान तहकिकात गर्न वा पहिले लिएको सजायको मागदाबीमा थप दाबी गर्न वा अन्य अभियुक्तको हकमा समेत मुद्दा दायर गर्न पर्ने भएमा थप माग दाबी लिन सोको कारण खोली सरकारी वकिलले अनुमतिको लागि विशेष अदालतमा निवेदन गर्न सक्नेछ।**
>
> **(२) उपदफा (१) बमोजिम निवेदन परेमा सोको कारण मनासिब भएमा विशेष अदालतले आवश्यकताअनुसार अनुमति दिने आदेश गर्न सक्ने छ र त्यस्तो आदेश भएमा पहिले मुद्दा दायर भएका अभियुक्तउपर थप सजाय मागदाबी गर्न वा थप अभियुक्तउपर थप अभियोगपत्र दायर गर्न सकिनेछ**।

८. उक्त व्यवस्थाबाट कुनै अभियुक्तउपर एक पटक अभियोग पत्र दायर भइसकेपछि थप अनुसन्धान गर्दै जाँदा नयाँ तथ्यहरू खुल्न आए वा सम्बद्ध थप प्रमाणहरू फेला परेमा मुद्दा हेर्ने विशेष अदालतको अनुमतिले थप अभियोगपत्र लगाउन मिल्ने नै देखियो। यसरी थप अनुसन्धान गर्नुपर्ने अवस्थामा सबुद प्रमाणको आधारमा पहिले लागेको अभियोगभन्दा आरोप गम्भीर लाग्न सक्छ, पहिले संलग्नभन्दा बढी व्यक्ति संलग्न देखिन सक्छ, अथवा अपराध संगठित रूपको देखिई अन्य कानून आकर्षित हुने अवस्था पनि देखिन सक्छ वा पहिले अभियोग लगाइएका व्यक्तिमध्ये कोही कम र कोही बढी दोषी देखिन पनि सक्छ। अर्थात्, अवस्था केही परिवर्तन पनि हुन सक्छ। सो स्थिति छ वा छैन भन्ने हेर्न सोही मुद्दाको विषयवस्तु र औचित्यमा प्रवेश गर्नुपर्ने हुन्छ। विशेष अदालत ऐन, २०५९ को दफा ९ को माथि उल्लिखित व्यवस्थाअनुसार साबिकमा भएको अनुसन्धान कायमै राखी थप अनुसन्धान गर्न पहिले लिएको सजायको माग दाबी थप गर्न सक्ने नै देखिन्छ। यस्तो अवस्था छ भनी मुद्दा हेर्ने विशेष अदालतसमक्ष अनुमति माग गरेको छ र विशेष अदालतले कारण मनासिब ठहराई थप अभियोग पेस गर्न अनुमति दिएको छ भने थप अभियोगपत्र पेस गर्न सक्ने नै देखिन्छ। पछि मुद्दाको रोहमा कुन अभियोग दाबी मनासिब र उपयुक्त देखिन

आउँछ सो हेरी विशेष अदालत निर्णय निष्कर्षमा पुग्न सक्ने नै हुन्छ । यस्तोमा थप अभियोग लगाउँदा अभियोग प्रतिस्थापन हुन पुग्यो भन्न मिल्दैन ।

९. यहाँ बन्दी चेतबहादुर खत्री सशस्त्र प्रहरीका हवल्दार हुन् भन्ने देखिन्छ । निज डिउटीमा कार्यरत हुँदा माथि उल्लेख गरिएका हतियारहरू, गोलीगट्ठा र अन्य सामानसमेत हराएको भनी मुद्दा उठान भएको र पछि अनुसन्धान गर्दै जाँदा सोहीमध्येका हतियार र गोली गट्ठा सशस्त्र प्रहरीकै भगौडा पूर्वप्रहरी कुवेर पुनबाट बरामद भएको, निजले बयानको क्रममा आफूले सो हतियारहरू चेतबहादुरबाट पटकपटक गरी खरिद गरेको भनी बयान गरेको, कुवेर पुनलाई चेतबहादुरसँग भेटाउने कार्य अर्को सशस्त्र प्रहरी हवल्दार महेन्द्र साहीले गरेको भनी निजउपर थप अभियोग लगाइएको अवस्था छ । तसर्थ यहाँ असम्बन्धित विषयमा मुद्दा लगाइएको वा अभियोगलाई प्रतिस्थापन गरिएको भन्न सकिने अवस्था नहुँदा दोस्रो अभियोग लगाउन र सो अभियोगलाई समेत मध्यनजर गरी मुद्दा हेर्न मिल्दैन वा दोस्रो अभियोग लगाइनु गैरकानूनी हुन्छ भन्न मिल्ने हुँदैन । यी चेतबहादुरले गरेको कसुर कतिसम्म हो र निजलाई के कति सजाय हुने हो भन्ने कुरा उक्त मुद्दाको रोहमा नै बोल्न पर्ने हुन्छ । बन्दीप्रत्यक्षीकरणको रिटबाट बोल्न मिल्ने हुँदैन । यहाँ एकपटक अभियोगपत्र लगाएपछि थप अनुसन्धानबाट खुल्न आएका कुराहरूको सन्दर्भमा थप अभियोग पत्र लगाइएको, सो लगाउने अनुमति विशेष अदालत ऐनले प्रदान गरेकै अवस्था हुँदा र सोही मुद्दाको पुर्पक्षको रोहमा बन्दी चेतबहादुर खत्री थुनामा हुँदा निजको थुनालाई गैरकानूनी भन्न मिलेन । तसर्थ बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्छ भन्ने निवेदकको माग स्वीकारयोग्य भएन ।

१०. अब जहाँसम्म बन्दीउपर चलेको मुद्दा पटकपटक विशेष अदालतमा फिर्ता पठाइएको विषय छ, बन्दीप्रत्यक्षीकरणको माग नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम गरिएको र उपधारा (३) मा अदालतले उपचार प्रदान गर्ने क्रममा अन्य उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था रहेको समेत सन्दर्भमा प्रस्तुत विवादलाई हेर्नुपर्ने हुन आयो । नेपालको संविधानको धारा २२ को उपधारा (९) ले व्यक्तिलाई स्वच्छ सुनुवाइको हक प्रत्याभूत गरेको छ । स्वच्छ सुनुवाइको हकभित्र शीघ्र सुनुवाइको हकसमेत पर्दछ । प्रस्तुत मुद्दामा उच्च अदालत र सोपूर्व पुनरावेदन अदालतले मुद्दा विशेष अदालतमा फिर्ता पठाउँदा बन्दीको शीघ्र सुनुवाइको हक हनन् हुन्छ वा हुँदैन भन्ने कुरा हेरेको पाइएन । न्याय प्रशासन ऐन, २०७३ को दफा १४ मा पुनरावेदन सुन्ने र साधक जाँच गर्ने अदालतको अधिकारअन्तर्गत उपदफा (१) को खण्ड (ग) मा "मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नसँग सम्बद्ध प्रमाण मातहतका अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैँले बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाणहरू बुझ्न मिसिल तल्लो अदालत, निकाय वा अधिकारीसमक्ष पठाउने", त्यस्तै देहाय (घ) मा "मातहतका अदालत, निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब समय तोकी बाँकी प्रश्नको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल सम्बन्धित अदालत, निकाय वा अधिकारीसमक्ष पठाउने" भन्ने व्यवस्था रहेको पाइन्छ । साथै सोही दफाको उपदफा (२) मा उपदफा (१) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि जिल्ला अदालत र उच्च अदालतले आफूसमक्ष परेको मुद्दामा मातहतका अदालत, निकाय वा अधिकारीले निर्णय गर्न छुटाएको प्रश्नमा समेत प्रवेश गरी निर्णय गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था रहे भएको देखिन्छ । यस स्थितिमा उच्च अदालतले विशेष अदालतले बुझ्न सक्ने सबै प्रमाणहरू आफैँले हेर्न बुझ्न सक्ने, दुवै अभियोगपत्रहरू हेरी, सबुत प्रमाण बुझी मुद्दाको औचित्यमा प्रवेश गरी कुन आरोप ठीक

हो निवेदक दोषी वा निर्दोष के हो यकिन गर्न र आफैँले कानूनबमोजिम निर्णय गर्न सक्ने नै हुन्छ। अतः आफूले मुद्दा नहेरी पुनः सशस्त्र प्रहरी विशेष अदालतमा मुद्दा फिर्ता पठाउने गरेको उच्च अदालत पाटनको मिति २०७४।०९।१८ को फैसला सो हदसम्म संविधान र कानूनअनुरूप नदेखिँदा उत्प्रेषणको आदेश जारी गरी बदर गरिदिएको छ । अब आफूसमक्ष परेको पुनरावेदनको रोहमा जो जे बुझ्नुपर्ने हो आफैँले बुझी फैसलासहितको मिसिल प्राप्त भएको मितिले ३ महिनाभित्र फैसला गर्नु भनी उच्च अदालत पाटनका नाउँमा परमादेशको आदेशसमेत जारी गरिएको छ । मिसिल कानूनबमोजिम गरी उच्च अदालत पाटनमा पठाइ दिनू। प्रस्तुत निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या.अनिलकुमार सिन्हा

इजलास अधिकृतः डोलनाथ न्यौपाने
इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम्।

निर्णय नं. १००१६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
आदेश मिति : २०७४।५।२५
०७१-WO-०१८७

मुद्दाः उत्प्रेषण

निवेदक : बैतडी जिल्ला, सित्तड गाउँ विकास समिति वडा नं. ६ घर भई महेन्द्रनगर उच्च मा.वि. महेन्द्रनगरको मा.वि. अंग्रेजी शिक्षक वीरबहादुर भण्डारी

विरूद्ध

विपक्षी : शिक्षा मन्त्रालय, सिंहदरबारसमेत

- **कुनै पनि पदमा स्थायी नियुक्ति पाएको व्यक्तिको सोही पदमा पदाधिकार कायम रहने गरी नेपाल सरकारले त्यस्तो व्यक्तिलाई कुनै अवधि तोकी वा नतोकी सोभन्दा भिन्न किसिमको पदको वा माथिल्लो पदको जिम्मेवारी दिएको अवस्थामा स्थायी पदमा लियन पदको अवस्था सिर्जना हुन जाने । आफ्नो पदाधिकार कायम रहेकै पदमा रहेर काम गरेको अवस्थामा लियन पदको अवस्था सिर्जना नहुने।**

(प्रकरण नं.४)

- **नेपाल सरकारले कुनै पनि व्यक्तिलाई निजको स्थायी पदमाथिको पदाधिकार यथावत् कायम राखी माथिल्लो कुनै पदमा कार्य गर्न लगाएको अवस्थामा माथिल्लै**

सर्वोच्च अदालत

पदको सेवा सुविधा दिएको भन्ने मात्र आधारमा त्यस्तो पदमा निजको अधिकार सिर्जना हुँदैन । त्यस्तो व्यक्तिको अधिकार स्थायी पद अर्थात् लियन पदमा नै रहेको हुँदा त्यस्तो पदाधिकार रहेको पदमा फर्काउने गरी नेपाल सरकारले निर्णय गर्न वा त्यस्तो निर्णय कार्यान्वयन गर्न मिल्दैन भनी अर्थ गरी अधिकार स्थापित नै नभएको पदमै रहेर काम गराउनु भनी आदेश गर्न मिल्ने नदेखिने ।

(प्रकरण नं.७)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- शिक्षा ऐन, २०२८

आदेश

न्या.सपना प्रधान मल्ल : नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

म निवेदक मिति २०४९।१२।२९ को निर्णयअनुसार प्रा.वि. शिक्षकमा स्थायी नियुक्ति पाई मिति २०५५।९।१७ को पत्रले माध्यामिक शिक्षकमा अस्थायी नियुक्ति पाई प्रा.वि. शिक्षकमा स्थायी तह लियन राखी मा.वि. तहमा नेपाल सरकारको मिति २०६३।१।१० अगाडिको स्वीकृत दरबन्दीमा कार्यरत रहेको अवस्थामा सो स्थानमा अर्को व्यक्तिलाई पदस्थापन गर्न जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरले निवेदकलाई स्थायी पदाधिकार रहेको विद्यालयमा फर्काउने निर्णय गरेकाले सोउपर २०६४-WO-०९५९ को रिट परी अन्तरिम आदेश जारी भएपछि सोही विद्यालयमा कार्यरत रही आएकोमा विपक्षी जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरले शिक्षा मन्त्रालयको मिति २०६०।२।२१ को निर्णय र शिक्षा विभागको मिति २०७१।४।७ को परिपत्रअनुसार पदाधिकार रहेको स्थायी पदमा नै फिर्ता गरिएको छ भनी मिति २०७१।४।३० मा पत्र पठाएको रहेछ । विपक्षी जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरको मिति २०७१।४।३० को पत्र र सो पत्रमा उल्लिखित मिति २०७१।४।२९ को निर्णयले नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रत्याभूत गरेको हकमा आघात परेको र सोको उपचारको लागि अन्य वैकल्पिक उपाय नभएकोले प्रस्तुत रिट लिएर उपस्थित भएको छु ।

विपक्षी शिक्षा विभागको मिति २०६०।९।२८ को पत्रअनुसार स्थायी नियुक्ति गर्दा सम्पूर्ण अस्थायी शिक्षकमध्ये रिक्त पदमा नियुक्त भएका वा तल्लो पद लियन राखी पदोन्नति पाएकामध्येबाट कनिष्ठताका आधारमा लियनमा फर्काई स्थायी नियुक्ति गर्ने भन्ने व्यवस्था गरेको र कञ्चनपुर जिल्लामा मा.वि. अंग्रेजी शिक्षकको दरबन्दी ४ जनाको रहेको र सो पदमा कुनै स्थायी शिक्षक सिफारिस नभएको अवस्थामा म निवेदकलाई विस्थापन गरेको कार्य गैरकानूनी रहेको छ । शिक्षा ऐन, २०२८ को दफा ११च (१) (घ) को (१क) को सुविधा नै नदिई मलाई विस्थापन गर्न मिल्दैन । अतः जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरको मिति २०७१।४।३० को पत्र तथा सो पत्रमा उल्लिखित मिति २०७१।४।२९ को निर्णय तथा तत्सम्बन्धी सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई कार्यरत स्थानमा नै रही सेवा गर्न दिनू भन्ने परमादेश जारी गरिपाऊँ । साथै यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षीको मिति २०७१।४।२९ को

निर्णय तथा सोअनुसार प्रेषित मिति २०७१।४।३० को पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको वीरबहादुर भण्डारीको संयुक्त रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू । अन्तरिम आदेशसमेतको मागतर्फ विचार गर्दा मिति २०६३।५।२० मा काज फिर्ता गरेको निर्णय मिति २०६०।९।१८ र २०६३।५।२९ को सर्कुलर आदेशअनुरूप नभएको भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०६४।२।७ मा अन्तरिम आदेश जारी भई सोअनुसार निवेदक कार्यरत रहेको विद्यालयमा कामकाज गरिरहेको अवस्थामा मिति २०६०।२।२१ को निर्देशनलाई समाई पदाधिकार रहेको विद्यालयमा फिर्ता गरेको न्यायोचित नभएकाले विपक्षी जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरको मिति २०७१।४।३० को पत्र कार्यान्वयन नगर्नु र निवेदकलाई यथावत् रूपमा महेन्द्रनगर उच्च मा.वि. को हाल कार्यरत शिक्षक पदमा काम गर्न दिनु भनी विपक्षीहरूका नाममा अन्तरिम जारी हुने ठहर्छ भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७१।५।३१ को आदेश।

शिक्षक सेवा आयोगबाट सामुदायिक विद्यालयमा रहेको शिक्षक दरबन्दी पूर्ति गर्ने क्रममा सिफारिस भएका स्थायी शिक्षकहरूको पदस्थापन मिलान गर्नका लागि जिल्लाभित्रको दरबन्दी व्यवस्थापनको जिम्मेवारी जिल्ला शिक्षा समितिबाट सम्पादन हुने गरी तोकी दरबन्दी मिलान गर्न निर्देशन भएको र कञ्चनपुर जिल्लाको दरबन्दी पनि मिलान गरिएको हो। शिक्षा सेवा ऐन तथा नियमावलीमा तल्लो तहमा लियन राखी माथिल्लो तहमा काम गर्न वा असाधारण बिदा बसी माथिल्लो तहमा काम गर्न पाउने प्रावधान नरहेकोले तल्लो पद लियन राखी माथिल्लो पदमा अस्थायी नियुक्ति भएका शिक्षकहरूलाई निजहरूको स्थायी दरबन्दीमा नै फर्काउने निर्देशन भएको हो। जिल्लाभित्रको दरबन्दी मिलानको क्रममा जिल्ला शिक्षा समितिबाट निवेदक कार्यरत विद्यालयको शिक्षक दरबन्दी कटौतीमा परेको कारण निजलाई पदाधिकार रहेको विद्यालयमा काज फिर्ता गरिएको हुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको शिक्षा मन्त्रालयको तर्फबाट परेको लिखित जवाफ।

शिक्षा मन्त्रालयको मिति २०६०।२।२१ को निर्णय कुनै कारणवश कार्यान्वयन हुन नसकेको भए हालको स्थायी शिक्षक पदस्थापनाका समयमा कार्यान्वयन गर्न गराउन भनी शिक्षा विभागबाट मिति २०७१।४।७ मा निर्देशन भई आएको र शिक्षा विभागबाट दरबन्दी मिलानपश्चात् पदस्थापन गर्ने र दरबन्दी कटौती हुने पदमा पदस्थापना नगर्ने भनी मिति २०७१।३।२ मा निर्देशन भएबमोजिम स्थायी शिक्षक पदस्थापना गर्ने क्रममा निज निवेदक शिक्षकलाई यस कार्यालयको मिति २०७१।४।२९ को निर्णयानुसार आफ्नै पदाधिकार रहेको पदमा फर्काइएको हो। एकै व्यक्तिले स्थायी र अस्थायी पदमा कामकाज गरी दुई पदमा कार्यरत रहन पाउने कानूनी व्यवस्था नभएकाले माथिल्लो तहबाट भएको निर्णय र निर्देशनअनुसार निवेदकलाई निजको पदस्थापन भएको पदमा फर्काइएको कार्यले निजको हकमा आघात नपुग्ने हुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरको तर्फबाट परेको लिखित जवाफ।

सामुदायिक विद्यालयको नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा एक तहमा स्थायी नियुक्ति भई सो तहको लियन राखी माथिल्लो तहमा अस्थायी बढुवा हुन पाउने व्यवस्था शिक्षा सेवा ऐन तथा

नियमावलीमा नरहेको हुँदा तल्लो तह लियन राखी माथिल्लो तहमा अस्थायी शिक्षकको रूपमा कार्यरत शिक्षकलाई आफ्नै पदमा फर्काउने भनी शिक्षा मन्त्रालयबाट मिति २०६०।२।२१ मा भएको निर्णय कार्यान्वयनका लागि पत्राचार भइसकेको भए पनि केही जिल्लामा हालसम्म उक्त निर्देशन पूर्णरूपमा कार्यान्वयन हुन नसकी त्यस्ता शिक्षक कार्यरत रहेको र सो सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा समेत उजुरी परेको कारण शिक्षा मन्त्रालयको मिति २०६०।२।२१ को निर्णय कार्यान्वयनका लागि २०७१।४।७ मा यस विभागबाट परिपत्र भएको हो। शिक्षा ऐन, २०२८ को दफा ११च(१क) तथा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम १२(१)(क)(ख) रिट निवेदकका हकमा आकर्षित नभई अस्थायी शिक्षकहरूका हकमा मात्र आकर्षित हुने हुँदा रिट निवेदकलाई आफ्नो लियन पदमा फर्काउने शिक्षा मन्त्रालयको मिति २०६०।२।२१ को निर्णय, यस विभागको मिति २०६१।२।२१ र २०७१।४।७ को परिपत्र एवं सो परिपत्रका आधारमा जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरले मिति २०७१।४।३० मा काटेको पत्रसमेत कानूनसम्मत रहेकाले रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको शिक्षा विभागको तर्फबाट परेको लिखित जवाफ।

जसको जे कुरामा हक पुग्छ सो कुरामा मात्र नालिस, उजुर वा रिट दायर गर्ने हक हुन्छ। कानूनले आफूलाई प्रदान नगरेको अधिकारको माग गरी परेको निवेदनमा सम्मानित अदालतले विचार गरिरहन आवश्यक छैन। शिक्षा ऐन, २०२८ मा भएको २०७३ असार १५ गतेको आठौं संशोधनले ऐनको दफा ११च को प्रतिबन्धात्मक वाक्यांशको खण्ड १, २ र ३ को प्रावधानबमोजिम हाल २०७३।१२।१९ गते सबै तहको शिक्षकको लागि विज्ञापन भएको छ। उक्त विज्ञापनले समेत लियन पद राखी माथि अस्थायी काम गरेका शिक्षकहरूलाई उम्मेदवार बनाएको छैन। तल्लो पदमा स्थायी भई आफ्नो पदाधिकार लियनमा राखी अर्को पदमा काम गर्ने शिक्षकहरूको अधिकार आफ्नो स्थायी पदाधिकार रहेको पदमा हुनेमा विवाद छैन। सो पदाधिकार रहेको पदमा फर्काएबाट त्यस्ता शिक्षकहरूको कुनै हक जाने अवस्थासमेत रहँदैन। शिक्षा ऐन, २०२८ तथा नियमावली, २०५९ ले संरक्षण गरेको अधिकार भनेको आफ्नो पदाधिकार रहेको पदको अधिकार हो। एकजना व्यक्तिको सेवालाई एकै समयमा स्थायी र अस्थायी दुवैतर्फ गणना हुन सक्दैन। निवेदक प्रा.वि. शिक्षक रहेका हुँदा एकातिर स्थायी शिक्षकको हैसियतमा सुविधा प्राप्त गर्ने, नियमितरूपमा तलब वृद्धि प्राप्त गर्ने, बढुवासमेत हुने अर्कोतर्फ अस्थायी शिक्षकको हैसियतमा सुविधा पनि दाबी गर्ने कुरा कानून र तर्कसम्मत छैन भन्नेसमेत बेहोराको शिक्षा मन्त्रालयसमेतको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठीले पेस गर्नुभएको बहसनोट।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले रिट निवेदक प्रा.वि. स्थायी शिक्षक रहेका र निजलाई आफ्नो पद लियन राखी २०६३।१।१० अगाडिको स्वीकृत दरबन्दीमा मा.वि. अस्थायी शिक्षकमा नियुक्ति दिई सो समयदेखि निवेदक अविछिन्न रूपमा अस्थायी शिक्षकको रूपमा कार्य गर्दै आएकोमा शिक्षा ऐन, २०२८ को दफा ११च को (घ१) अनुसार स्थायी पदपूर्तिका लागि सहभागी हुने मौका नै नदिई लियन पदमा नै फर्काउने गरी भएको विपक्षीहरूको निर्णय एवं पत्राचार विरूद्धमा ०७३-WO-११६७ को रिट परी विचाराधीन रहेको अवस्थामा रिट निवेदकलाई लियन पदमा नै फर्काउने गरी विपक्षीहरूबाट भए गरेका निर्णय, परिपत्र एवं

पत्राचार कानूनप्रतिकूल रहेकाले उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई यथास्थानमा कार्य गर्न दिनू भनी परमादेशसमेत जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी शिक्षा मन्त्रालयसमेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले एक तहमा स्थायी नियुक्ति भई सो तहको पद लियन राखी माथिल्लो तहमा अस्थायी बढुवा हुन पाउने गरी विद्यमान कानूनमा कुनै व्यवस्था नभएकोले रिट निवेदकले कानूनले नै नदिएको दोहोरो सुविधा प्राप्त गर्न नसक्ने हुँदा रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

पक्ष विपक्ष दुवैतर्फको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा शिक्षा ऐन, २०२८ को मिति २०६३।९।१४ मा भएको संशोधनले लियन पद राख्न पाउने व्यवस्था गरेको अवस्थामा लियन पदमा फर्काउने भनी शिक्षा मन्त्रीस्तरबाट मिति २०६०।२।२१ मा भएको निर्णय कार्यान्वयन गर्न शिक्षा विभागबाट मिति २०७१।४।७ मा भएको परिपत्रबमोजिम विपक्षी जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरले मिति २०७१।४।३० मा निवेदकलाई लियन पदमा फर्काउन गरेको पत्राचार उत्प्रेषणको आदेशले बदर गरी रिट निवेदकलाई कार्यरत स्थानमा नै रही सेवा गर्न दिनु भनी परमादेश जारी गरिपाउँ भन्ने रिट निवेदन बेहोरा देखियो।

३. विद्यमान शिक्षा ऐन तथा नियमावलीले तल्लो तहको स्थायी पद लियन राखी माथिल्लो तहको स्थायी वा अस्थायी कुनै पनि पदमा कार्य गर्न सकिने व्यवस्था नगरेको र शिक्षक सेवा आयोगबाट सामुदायिक विद्यालयमा रहेको शिक्षक दरबन्दी पूर्ति गर्ने क्रममा सिफारिस भएका स्थायी शिक्षकहरूको पदस्थापन मिलान गर्नका लागि जिल्लाभित्रको दरबन्दी व्यवस्थापनको जिम्मेवारी जिल्ला शिक्षा समितिबाट सम्पादन हुने गरी तोकी दरबन्दी मिलान गर्न निर्देशन भएको एवं कञ्चनपुर जिल्लाको दरबन्दी पनि मिलान गरिएको हो । शिक्षा सेवा ऐन तथा नियमावलीमा तल्लो तहमा लियन राखी माथिल्लो तहमा काम गर्न वा असाधारण बिदा बसी माथिल्लो तहमा काम गर्न पाउने प्रावधान नरहेकोले तल्लो पद लियन राखी माथिल्लो पदमा अस्थायी नियुक्ति भएका शिक्षकहरूलाई निजहरूको स्थायी दरबन्दीमा नै फर्काउने निर्देशन भएको हो। जिल्लाभित्रको दरबन्दी मिलानको क्रममा जिल्ला शिक्षा समितिबाट निवेदक कार्यरत विद्यालयको शिक्षक दरबन्दी कटौतीमा परेको कारण निजलाई पदाधिकार रहेको विद्यालयमा काज फिर्ता गरिएको हो। एउटै व्यक्तिलाई स्थायी र अस्थायी गरी दोहोरो पद ओगटी दोहोरो सुविधा दिने व्यवस्था कानूनमा छैन। शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा (१क) निवेदकको हकमा आकर्षित नहुने हुँदा रिट खारेज हुनुपर्ने भन्ने लिखित जवाफ रहेको पाइयो।

४. निवेदन मागबमोजिमको आदेश जारी गर्न पर्ने, नपर्ने ? भन्ने सम्बन्धमा निर्णयमा पुग्नुभन्दा पहिले लियन पद कस्तो पद हो भन्ने सम्बन्धमा विवेचना गर्नु सान्दर्भिक हुने देखिन्छ। कुनै पनि पदमा स्थायी नियुक्ति पाएको व्यक्तिको सोही पदमा पदाधिकार कायम रहने गरी नेपाल सरकारले त्यस्तो व्यक्तिलाई कुनै अवधि तोकी वा नतोकी सोभन्दा भिन्न किसिमको पदको वा माथिल्लो पदको जिम्मेवारी दिएको अवस्थामा स्थायी पदमा लियन पदको अवस्था सिर्जना हुन जान्छ। लियन पद कुनै पनि व्यक्तिको पदाधिकार कायम रहेको पद हो। पदाधिकार भनेको "*कुनै पदमा रहेका अधिकारीले प्रयोग गर्न पाउने अधिकार*" हो भनी नेपाली बृहत् शब्दकोषमा उल्लेख भएको छ । यसर्थ पदाधिकार

कुनै पनि पदमाथिको व्यक्तिको त्यस्तो अधिकार हो जसमा रहेर सो अधिकारीले शक्ति (सो पदले प्रयोग गर्न पाउने अधिकार) को प्रयोग गर्न सक्छ भने त्यस्तो पदमा कानूनले नै सो व्यक्तिको हक अधिकारको संरक्षणलगायतका अन्य सुविधाहरूको सुरक्षासमेतको व्यवस्था गरेको हुन्छ । आफ्नो पदाधिकार कायम रहेकै पदमा रहेर काम गरेको अवस्थामा लियन पदको अवस्था सिर्जना हुँदैन । कुनै पनि व्यक्तिलाई निजको स्थायी पदाधिकार रहेको पदभन्दा अर्के पद वा सोभन्दा माथिल्लो पदको जिम्मेवारी दिएर काम लगाउनु परेको अवस्थामा नेपाल सरकारले त्यस्तो व्यक्तिलाई निजको योग्यता, आवश्यकता र विशेषज्ञतासमेतको आधारमा निजको पदाधिकार साबिक स्थायी पदमा नै राखी तोकिएको अवधि वा सर्तमा रहेर कार्य गर्ने गरी अर्को पद वा माथिल्लो पदको कार्य जिम्मेवारी दिएमा त्यस्तो व्यक्तिको पदाधिकार रहेको पद लियन पदको रूपमा रहन्छ र त्यस्तो पदमा निजको पदाधिकार कायम रहेको हुन्छ । त्यस्तो व्यक्ति सो माथिल्लो पदका लागिसम्म अस्थायी रहने भए पनि निजको हैसियत स्थायी व्यक्तिको रूपमा नै रहेको हुन्छ ।

५. प्रस्तुत निवेदनको सन्दर्भमा हेर्दा अस्थायी शिक्षक र स्थायी पद लियन राखी अर्को पदमा रही काम गर्दै गरेका अस्थायी शिक्षकको सम्बन्धमा रहेको फरक हेर्नुपर्ने हुन्छ। अस्थायी शिक्षक र तल्लो पद लियन राखी माथिल्लो पदमा कार्यरत अस्थायी शिक्षकको अवस्था नितान्त फरक अवस्था हो । अस्थायी शिक्षकको कुनै पनि पदमा पदाधिकार कायम रहेको हुँदैन भने त्यस्तो व्यक्तिले कानूनबमोजिम पाउने निवृत्तिभरणको सुविधासमेत प्राप्त गर्न सक्दैन। तर तल्लो पद लियनमा राखेर माथिल्लो पदमा अस्थायी शिक्षकको रूपमा कार्यरत व्यक्तिको तल्लो पदमा पदाधिकार कायम रहने र कानूनमा व्यवस्था भएबमोजिमको स्थायी शिक्षकले पाउने सुविधाहरू जस्तैः सञ्चय कोष एवं निवृत्तिभरणलगायतका सुविधासमेत प्राप्त गरिरहेको हुन्छ ।

६. शिक्षा ऐन, २०२८ मा मिति २०६३।९।१४ मा भएको संशोधनले दफा ११च(१क) थप गरी "... *यो दफा प्रारम्भ भएपछि हुने पहिलो विज्ञापनमा संवत् २०६३ साल वैशाख १० गतेसम्म सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा वा त्यस्तो स्वीकृत दरबन्दीको लियन पदमा अस्थायी शिक्षकको रूपमा नियुक्ति पाई यो उपदफा प्रारम्भ हुँदाका बखत कार्यरत अस्थायी शिक्षकहरू समेत उम्मेदवार हुन सक्ने गरी आयोगले तोकिएबमोजिमको खुल्ला प्रतियोगिताको व्यवस्था गर्नेछ । अस्थायी शिक्षकहरूका हकमा एकपटकका लागि उम्मेदवार हुन उमेरको हद लाग्ने छैन*" भन्ने व्यवस्था गरेको पाइन्छ। उक्त व्यवस्थाको व्याख्या गर्दा सो उपदफाको मात्र निरपेक्षरूपमा व्याख्या गर्न मिल्ने नभई ऐ. उपदफा (१ख) र (१ग) समेतको सापेक्षतामा रहेर गर्नुपर्ने देखिन्छ । ऐ. दफा ११च(१ख) मा "... *आयोगले उपदफा (१क) मा लेखिएदेखि बाहेक यो उपदफा प्रारम्भ हुँदाका बखत आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाअन्तर्गत अस्थायी शिक्षकको रूपमा कार्यरत शिक्षक र २०५२ तथा २०६१/०६२ सालको विज्ञापनबमोजिम शिक्षक पूर्ति गर्दा शिक्षक पदबाट हटेका व्यक्तिहरू समेत उम्मेदवार हुनसक्ने गरी तोकिएबमोजिम खुल्ला प्रतियोगिताको व्यवस्था गर्न सक्नेछ । अस्थायी शिक्षकहरूका हकमा एकपटकका लागि उम्मेदवार हुन उमेरको हद लाग्ने छैन*" भन्ने र ऐ. उपदफा (१ग) मा "*उपदफा (१क) र (१ख) बमोजिमको प्रतियोगिताबाट स्थायी हुन नसकेका शिक्षकहरूमध्ये पाँच वर्षभन्दा बढी अवधि अस्थायी शिक्षकको रूपमा काम गरेका शिक्षकलाई नेपाल सरकारले तोकेबमोजिमको सुविधा दिन सक्नेछ*" भन्ने व्यवस्था छ । उल्लिखित उपदफाहरूको व्यवस्थालाई हेर्दा

तल्लो पद लियन राखेर माथिल्लो पदमा कार्यरत शिक्षक र लियन पदमा अस्थायी नियुक्ति पाएका वा स्वीकृत दरबन्दीमा अस्थायी नियुक्ति पाएका शिक्षकबीच फरक रहेको भन्ने स्पष्ट हुन आयो।

७. नेपाल सरकारले कुनै पनि व्यक्तिलाई निजको स्थायी पदमाथिको पदाधिकार यथावत् कायम राखी माथिल्लो कुनै पदमा कार्य गर्न लगाएको अवस्थामा माथिल्लै पदको सेवा सुविधा दिएको भन्ने मात्र आधारमा त्यस्तो पदमा निजको अधिकार सिर्जना हुँदैन। त्यस्तो व्यक्तिको अधिकार स्थायी पद अर्थात् लियन पदमा नै रहेको हुँदा त्यस्तो पदाधिकार रहेको पदमा फर्काउने गरी नेपाल सरकारले निर्णय गर्न वा त्यस्तो निर्णय कार्यान्वयन गर्न मिल्दैन भनी अर्थ गरी अधिकार स्थापित नै नभएको पदमै रहेर काम गराउनु भनी आदेश गर्न मिल्ने देखिएन।

८. रिट निवेदक प्रा.वि. शिक्षकमा पदाधिकार कायम रहेको शिक्षक रहेको भन्नेमा विवाद देखिएन। प्रा.वि शिक्षक रहेका रिट निवेदकलाई योग्यता र आवश्यकताको आधारमा प्रा.वि. शिक्षकमा निजको पदाधिकार कायम राखी मा.वि. अस्थायी शिक्षकको रूपमा नियुक्ति गरी लामो समयसम्म माथिल्लो तहमा काम लगाएको भन्ने आधारमा मात्र रिट निवेदकको सो माथिल्लो मा.वि. शिक्षक पदमा पदाधिकार सिर्जना भएको भनी अर्थ गर्न नमिल्ने हुँदा निज रिट निवेदकको पदाधिकार रहेको प्रा.वि. लियन पदमा फर्काउने गरी भएको नेपाल सरकारको मिति २०६०।२।२१ को निर्णय र सो निर्णय कार्यान्वयन गर्नेसम्बन्धी शिक्षा विभागबाट मिति २०७१।४।७ मा भएको परिपत्र, शिक्षा विभागको दरबन्दी मिलानसम्बन्धी मिति २०७१।४।२९ को निर्णय एवं जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरले मिति २०७१।४।३० मा लेखेको पत्रहरू समेत गैरकानूनी रहेको भन्ने रिट निवेदकको निवेदन मागसँग सहमत हुन सकिएन।

९. अतः विवेचित तथ्य, कानूनी व्यवस्थासमेतको आधारमा मिति २०७१।४।२९ को निर्णय र रिट निवेदकलाई निजको लियन पदमा फर्काउने भनी जिल्ला शिक्षा कार्यालय, कञ्चनपुरबाट मिति २०७१।४।३० मा लेखेको पत्र उत्प्रेषणको आदेशले बदर गर्न एवं रिट निवेदकलाई निज कार्यरत रहेको स्थानमा नै काम गर्न दिनु भनी परमादेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने ठहर्छ। रिट खारेज हुने ठहरेकाले यस अदालतबाट मिति २०७१।५।३१ मा जारी गरेको अन्तरिम आदेशसमेत स्वतः निष्क्रिय हुने ठहर्छ। प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. डा.आनन्दमोहन भट्टराई

इजलास अधिकृत : इन्दिरा शर्मा
इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

निर्णय नं. १००१७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
फैसला मिति : २०७४।८।१३
२०७०-CR-१५७७

मुद्दाः वैदेशिक रोजगार

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१५ बस्ने भवानी काफ्ले तुलाधर

विरूद्ध

प्रत्यर्थी / वादी : रमेश पाण्डेको जाहेरीले नेपाल सरकार

- **विवादमा आएको कुनै पनि लिखतमा लेखिएको बेहोरा अवस्था परिस्थितिअनुसार फरकफरक प्रकृतिबाट अन्य तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट समर्थित हुनु पनि आवश्यक हुन्छ । सदैव लिखतको शब्दबाट मात्र फौजदारी दायित्व सृजना हुँदैन, यसको लागि मनसाय र क्रियाको साथसाथै पक्षहरूको परिस्थितिजन्य प्रमाणको विश्वसनीयता आवश्यक हुन्छ । व्यक्तिव्यक्तिबीच भएको लिखतको हरेक अवस्थामा वैदेशिक रोजगारी भन्ने शब्दको प्रयोग हुनासाथ यान्त्रिक तवरबाट सजाय गरिहाल्ने प्रवृत्ति विकास भएमा न्याय मर्ने सम्भावना रहन्छ । यस अवस्थामा पक्षहरूले आफ्ना लेनदेन वा अन्य मनसायबाट खडा भएको कुनै लिखतमा त्यसको कार्यान्वयन गर्न दबाब सृजना गर्ने उद्देश्यले वैदेशिक रोजगार शब्दको प्रयोग गर्दैमा स्वतः दण्डनीय अपराध मानिएमा यसको दुरूपयोग भई परिबन्धबाट निरपराधी पनि सजायको भागी हुन जानेतर्फ अनुसन्धान एवं अभियोजनकर्ता, अदालत तथा न्यायिक निकाय सदैव सचेत हुनुपर्ने ।**

(प्रकरण नं.६)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री विष्णुबहादुर गुरूङ
प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् अधिवक्ता श्री राम पाण्डे
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्नेः

सदस्य माननीय श्री अग्निप्रसाद थपलिया
सदस्य माननीय श्री रवि शर्मा अर्याल
वैदेशिक रोजगार न्यायाधिकरण

फैसला

न्या.अनिलकुमार सिन्हा : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

प्रतिवादी भवानी काफ्ले तुलाधरले वैदेशिक रोजगारका लागि यु.के. पठाइदिन्छु भनी मिति २०६७।८।१५ गते मेरो सक्कल राहदानी र रू.१०,००,०००।– (दश लाख) लिई मिति २०६८।२।१८ मा रोजगार पठाउन नसकी रकमसमेत फिर्ता नगरी ठगी गरेकाले यी प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम सजाय गरी मेरो बिगो र हर्जानासमेत दिलाई भराई पाउँ भनी मिति

२०६८।४।२२ को उजुरी।

जाहेरवालालाई यु.के. पठाउन भनी मैले रकम लिएको होइन । यो जाहेरवालालाई चिनेको समेत थिइन । का.जि.का.म.न.पा वडा नं.१५ डल्लु बस्ने मन्जु नेपालीसँग २०६७ साल मङ्सिर पुसतिर जम्मा रू. ४,००,०००।– (चार लाख रूपैयाँ) घरायसी व्यवहार मिलाउन ऋण लिएकोमा गत जेठ महिनामा मन्जु नेपालीले १२ जना नचिनेका मानिसहरू समेत लगाई जबरजस्ती यी जाहेरवाला रमेश पाण्डेका नाउँमा वैदेशिक रोजगारको कागज गराएका हुन् । सो कागज गराएपश्चात् यी जाहेरवालाहरूलाई रू.७०,०००।– (सत्तरी हजार) फिर्ता गरिसकेको छु । सो बारेमा मन्जु नेपालीलाई बुझेमा सम्पूर्ण कुरा थाहा हुने नै हुँदा उक्त झुट्टा उजुरीबाट फुर्सद पाउँ भन्ने बेहोराको भवानी काफ्ले तुलाधरले वैदेशिक रोजगार विभागसमक्ष गरेको बयान।

प्रतिवादी भवानी काफ्ले तुलाधरबाट नगद रू.१०,००,०००।– (दश लाख) धरौटी वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु नदिए हिरासतमा राख्न वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याद थप गर्ने गरी भएको वैदेशिक रोजगार विभागको आदेश।

प्रतिवादीको बयानमा उल्लेख भएको यस विभागबाट बुझिएकी मन्जु नेपालीले बयान गर्दा यी प्रतिवादीले जाहेरवालालाई अमेरिका पठाउने भनी पटकपटक गरी रू.१०,००,०००।– (दश लाख) लिएको भनी गरी दिएको बयान मिसिल संलग्न रहेको।

प्रतिवादी भवानी काफ्ले तुलाधरले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतसमेत नलिई जाहेरवालालाई विदेश पठाइदिने भनी रकम लिई विदेश नपठाई रकम फिर्ता नगरी ठगी गरेको देखिएको र निजको उक्त कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम सजाय गरी जाहेरवाला रमेश पाण्डेको बिगो रू.१०,००,०००।- (दश लाख) तथा सोको ५० प्रतिशतले हुने हर्जाना रू.५,००,०००।- (पाँच लाख) समेत जम्मा रू.१५,००,०००।– (पन्ध्र लाख) जाहेरवालालाई दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको मिति २०६८।६।२५ मा वैदेशिक रोजगार न्यायाधिकरणमा पेस हुन आएको अभियोग पत्र।

रमेश पाण्डेको जाहेरी सुनी पाएँ । मैले जाहेरवाला रमेश पाण्डेलाई यु.के. पठाउन भनी रू.१०,००,०००।- (दश लाख) लिएको होइन । मन्जु नेपालीसँग व्यवहार चलाउन भनी रू.४,००,०००।- (चार लाख) लिएकी थिएँ । निजले मलाई गोंगबुमा एउटा सल्लाह गर्नु छ भनी बोलाएर निज मन्जु, जाहेरवाला रमेश पाण्डेसमेत १०/१२ जना भेला भएर उक्त रू.४,००,०००।- (चार लाख) फिर्ता गर् नत्र तैँले रू.१०,००,०००।- को कागज गर्नुपर्छ भनी दबाब दिएका थिए । म अहिले तत्कालै दिन सक्दिन, ६ महिनाको समय पाएमा तिर्नेछु भनेकी थिएँ । मैले जाहेरवाला रमेश पाण्डेलाई चिनेको थिइन, सोही दिन गोंगबुमा देखेकी हुँ । रमेशसँग मेरो व्यवहार पनि होइन, मन्जुले किन रमेश पाण्डेलाई अगाडि सारेर कागज गराएकी हुन् र रमेश पाण्डेले किन ममाथि झुट्टा जाहेरी दिएका हुन् मलाई थाहा छैन । मिति २०६८।२।१८ को वैदेशिक रोजगारको लिखत कागज गोंगबुमा मलाई १०/१२ जनाले दबाबमा पारी जबरजस्ती सहिछाप गर्न लगाएका हुन् र मलाई सहिछाप गराएपछि लिखत पढेर सुनाएका हुन् । मैले रू.७०,०००।- (सत्तरी हजार) निज रमेश पाण्डेलाई दिइसकेकी छु, मलाई वैदेशिक रोजगारसम्बन्धी केही थाहा नभएको र मैले वैदेशिक रोजगारको कारोबारसमेत नगरेकी हुँदा मउपरको अभियोग दाबी झुट्टा हो । मैले अभियोग दाबीबमोजिम कसुर अपराध नगरेको हुँदा मैले सजाय पाउनु पर्ने होइन । म निर्दोष छु । सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी भवानी काफ्ले तुलाधरले यस न्यायाधिकरणसमक्ष मिति २०६८।६।२५ मा गरेको

बयान।

प्रतिवादी भवानी काफ्ले तुलाधरले गरिदिएको मिति २०६८।२।१८ को कागजमा वैदेशिक रोजगारमा पठाउनलाई गरिदिएको कागज पेस भए तापनि जाहेरवालाले विदेश जानको लागि पासपोर्ट नदिएको देखिएको र कहिले यु.के. र कहिले अमेरिका भनी फरकफरक बेहोरा उल्लेख गरेको अवस्था र वैदेशिक रोजगारीलाई पैसा लेनदेन भएको कुरा प्रति शङ्का देखिएकोले निज प्रतिवादीले मन्जु नेपालीलाई दिन बाँकी रू.३,३०,०००।- आफैँ स्वीकारेको समेतको अवस्थालाई विचार गर्दा अब ११८ को देहाय ५ र १० लाई आधार लिई पछि ठहरेबमोजिम हुने नै हुँदा तत्काल प्राप्त प्रमाणको आधारमा यी अभियुक्तबाट रू.३,५०,०००।- नगद वा सो बराबरको जेथा जमानत दिए तारेखमा राखी र दिन नसके नियमानुसार सिधा खान पाउने गरी अ.बं.१२१ बमोजिम थुनुवा पुर्जी दिई स्थानीय कारागारमा थुनामा राखी पुर्पक्ष गर्नु भनी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।६।२५ मा भएको थुनछेक आदेश।

प्रतिवादी भवानी काफ्ले तुलाधरले मलाई यु.के. मुलुकमा वैदेशिक रोजगारमा पठाउन भनी रू.१०,००,०००।- लिई नपठाई पैसासमेत फिर्ता नदिई मलाई ठगी गरेका हुन्। निजले मलाई पासपोर्ट र रू.४०,०००।- मात्र फिर्ता दिएकी छन्। सो कुरा सक्कल लिखतको पछाडि लेखिएको छ। मैले प्रतिवादीबाट रू.९,६०,०००।- र सोको ५० प्रतिशतले हुने हर्जानासमेत पाउनुपर्छ भन्नेसमेत बेहोराको जाहेरवाला रमेश पाण्डेले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष मिति २०६८।१२।२२ मा गरेको बकपत्र।

मिति २०६८।२।१८ को कागजको सही मेरो हो। अनुसन्धानको क्रममा वैदेशिक रोजगार विभागमा गरेको बकपत्रको बेहोरा र सही मेरो हो। म प्रतिवादीलाई ६/७ वर्षअघि देखि चिन्दछु। निजको चालचलनबारे मलाई थाहा छैन। म अन्तरसाक्षी मात्र हुँ। प्रतिवादी भवानी काफ्लेले साक्षी बसिदिनु भनेकाले बसेको हुँ। अन्य कुरा मलाई थाहा छैन भन्नेसमेत बेहोराको लिखत साक्षी मन्जु नेपालीले यस न्यायाधिकरणसमक्ष गरेको बकपत्र।

प्रतिवादीले आरोपित कसुर गरेको देखिँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम विदेश पठाइनसकेको स्थितिलाई मध्यनजर राखी यी प्रतिवादी भवानी काफ्ले तुलाधरलाई १।६।० (एक वर्ष छ महिना) कैद रू.१,५०,०००।- जरिवाना हुने र जाहेरवालाले रकम फिर्ता पाएको कुरा सक्कल लिखतको पीठमा जनिएको देखिँदा सो रकम रू.४०,०००।- कट्टा गरी बाँकी रू.९,६०,०००।- र सोको ५० प्रतिशतले हुने रकमसमेत जम्मा रू.१४,४०,०००।- (चौध लाख चालीस हजार रूपैयाँ) हर्जानाबापत प्रतिवादीबाट जाहेरवालाले भरिपाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।८।११ मा भएको फैसला।

प्रमाण ऐन, २०३१ को दफा २५ ले आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भनी कसुर प्रमाणित गर्ने दायित्व वादी पक्षलाई छोडी रहेको अवस्थामा वादी पक्षबाट वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ अन्तर्गतको कसुर प्रमाणित गर्ने कुनै पनि ठोस प्रमाण पेस गर्न सकेको अवस्था छैन। कागज जो कोहीले पनि बनाउन सकिन्छ। तर, सो बेहोराबमोजिमको कारोबार भए नभएको मिसिल संलग्न अन्य प्रमाणहरूले पुष्टि गरिरहेको अवस्था छ, छैन भन्ने कुरा न्यायकर्ताले विश्लेषण गर्ने कुरा हो। जाहेरीकर्ता र लिखतका साक्षीबीचको बयान, बकपत्र आफैँमा विवादास्पद रहेको देखिन्छ। यी जाहेरवालाले विभागमा बोलेको कुरा न्यायाधिकरणमा उपस्थित हुँदा कुरा फेरी जाहेरवालालाई चिन्दिन भनेकी छिन्। मन्जु नेपालीले म पुनरावेदकसँग रकम लिनुछ भनी स्वीकार गरेकी छिन्। हामीबीच भएको लेनदेनलाई

लिई यी जाहेरवालाको नाउँमा कागज गरिएको भन्ने आँकलन गर्न कुनै गाह्रो छैन । यस्तो अवस्थामा पनि न्यायकर्ताबाट न्यायिक विवेकता नपुऱ्याई गरिएको फैसला उल्टी गरिपाऊँ ।

यसरी कसुर प्रमाणित गर्ने प्रमाणहरू विल्कुल शङ्कारहित हुनुपर्ने र शङ्कास्पद भएमा सोको सुविधा अभियुक्तलाई स्वतः जाने भएको फौजदारी कानूनको सर्वमान्य सिद्धान्त तथा प्रतिपादित नजिरविपरीत उक्त फैसला भएको देखिन्छ । एक जनासँग भएको कारोबारलाई लिई आफूअनुकूलको मानिसको नाउँमा जोरजुलुममा पारी बेहोरा नै फरक बनाई पढ्न, सुन्नसमेत नदिई सहिछाप गर्न लगाएको, कहीँकतै उजुरबाजुर गरेमा ज्यानै लिनेसम्मको बाहुबलको धम्की दिई गरेको कागजबाट उठान भएको प्रस्तुत मुद्दामा म एउटा सामान्य घर घरायसी कामकाज गर्ने गृहिणी महिलालाई फसाइएको हो । आजका मितिसम्म मैले कोही कसैलाई विदेश पठाई दिन्छु भनी रकम लिएको छैन । त्यो हैसियत मसँग छैन । तसर्थ, वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ अन्तर्गतको कसुर मैले गरेकै छैन । ऐ. को दफा ४३ बमोजिम मलाई सजाय हुनुपर्ने होइन । बरू यी जाहेरीकर्ता र लिखतका अन्तर साक्षी झिकाइएका मानिस मन्जु नेपालीलाई ममाथि अन्याय गरी करकापमा कागज गराई झुट्टा कपोलकल्पित जाहेरी दिई मलाई फसाउने यी व्यक्तिहरू माथि कानूनबमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादीको तर्फबाट यस अदालतमा परेको निवेदनपत्र ।

यसमा जाहेरवालाले जाहेरी दर्खास्तमा वैदेशिक रोजगारको लागि यु.के. पठाउन मिति २०६७।८।१५ मा रू.१०,००,०००।– र राहदानीसमेत प्रतिवादीले लिएको भनी उजुरी गरेकोमा मिति २०६७।८।१५ को लिखत पेस गर्न नसकेको र मिसिलसाथ संलग्न रहेको मिति २०६८।२।१८ को लिखत बेहोरा हेर्दा वैदेशिक रोजगारको लागि कुन मुलुक पठाउने भनी रकम लिएको हो सो बेहोरा नखुल्नुको अतिरिक्त लिखत बेहोराबाट वैदेशिक रोजगारमा विदेश पठाउनको लागि रकम लिएको भन्ने देखिन नआएकोले समग्र प्रमाणको मूल्याङ्कनको अभावमा वैदेशिक रोजगार न्यायाधिकरणको फैसला फरक पर्ने देखिँदा मुलुकी ऐन, अ.बं.२०२ नं. को प्रयोजनार्थ पुनरावेदनसहितको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७४।२।३० मा भएको आदेश ।

नियमबमोजिम मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातको अध्ययन गर्दा वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेको छ, छैन र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

पुनरावेदक प्रतिवादी भवानी काफ्लेका तर्फबाट इजलासमा उपस्थित विद्वान् अधिवक्ता श्री विष्णुबहादुर गुरूङले मेरो पक्षले आरोपित कसुरमा सुरूदेखि इन्कार गर्दै आएका छन् । जाहेरवालालाई कुन देशमा पठाउने भन्ने कहीँकतैबाट खुलेको छैन । लिखतमा वैदेशिक रोजगार भन्ने उल्लेख भएकै आधारमा कसुरदार कायम हुँदैन । यी जाहेरवालासँग प्रतिवादीको चिनजान नै नभएको अवस्था हुँदा वैदेशिक रोजगारमा कसुरदार ठहर भएको सुरू फैसला उल्टी भई मेरो पक्षले सफाइ पाउनु पर्छ भनी आफ्नो बहस प्रस्तुत गर्नुभयो ।

जाहेरवाला रमेश पाण्डेको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री राम पाण्डेले मेरो पक्षबाट विदेश लैजान्छु भनी पटकपटक गरी रू.१०,००००० (दश लाख) प्रतिवादीले लिएकोमा विदेश लैजान नसकेपछि फिर्ता दिन्छु भनी कागज गरेको हुँदा लेनदेन भएकै हो । करकापबाट कागज भएको होइन । सुरू न्यायाधिकरणबाट भएको फैसला मिलेको हुँदा सदर

हुनुपर्छ भनी बहस गर्नुभयो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी भवानी काफ्ले तुलाधरले वैदेशिक रोजगारका लागि यु.के. पठाइदिन्छु भनी जाहेरवालाबाट रू.१०,००,०००।- (दश लाख) लिई वैदेशिक रोजगारमा पठाउन नसकी रकम फिर्तासमेत नगरी ठगी गरेकाले वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम सजाय गरी बिगो र हर्जाना भराई पाउँ भन्ने अभियोग पेस भएकोमा प्रतिवादीले आरोपित कसुर गरेको देखिँदा १ वर्ष ६ महिना कैद हुने र रू.१४,४०,०००।– बिगो र हर्जानाबापत जाहेरवालाले भरिपाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलामा चित्त नबुझाई प्रतिवादीको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

३. मिसिल अध्ययन गर्दा यी जाहेरवालालाई चिनेको थिएन, यु.के. पठाउन भनी रकम लिएको पनि होइन, घरायसी व्यवहार मिलाउन मन्जु नेपालीसँग २०६७ सालमा चार लाख लिएको थिएँ, निज मन्जुले नचिनेका १०/१२ जना मानिस लगाई मलाई जबरजस्ती जाहेरवाला रमेश पाण्डेका नाउँमा वैदेशिक रोजगारको कागज गराएका हुन्, उजुरी झुट्टा हो भनी प्रतिवादीले वैदेशिक रोजगार विभाग तथा वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गरेको अवस्था छ।

४. जाहेरवालाले जाहेरी दरखास्तमा वैदेशिक रोजगारका लागि यु.के. पठाउन भनी मिति २०६७।८।१५ मा प्रतिवादीले रू.१०,००,०००।- (दश लाख) र सक्कल राहदानी लिएको उल्लेख गरेको अवस्था छ भने मिति २०६८।२।१८ को वैदेशिक रोजगारमा पठाउन नसकेको हुँदा रकम फिर्ता गर्ने भन्ने बेहोरा उल्लिखित लिखतमा दुई महिनाभित्र पाँच लाख र अर्को दुई महिनाभित्र अर्को पाँच लाख फिर्ता दिनेछु भनी प्रतिवादीले कागज गरी दिएको पाइयो। तर, उक्त लिखतमा कुन देशमा वैदेशिक रोजगारमा पठाउने र के सर्तमा कति अवधिका लागि कुन प्रकृतिको काममा कति पारिश्रमिक पाउने गरी पठाउने भन्ने खुलाएको पाइएन। जाहेरी दरखास्तमा यु.के. पठाउने भनी रकम लिएको भन्ने उल्लेख गरे पनि जाहेरवालाको साक्षीले विभागसमक्ष बयान दिँदा अमेरिका पठाउन भनी रकम लिएको भन्ने उल्लेख गरेबाटै वादीतर्फबाट पेस दुईवटा प्रमाणहरू एक आपसमा मेल नखाने प्रकृतिको रहेको छ। तीनै लिखत साक्षी मन्जु काफ्लेले न्यायाधिकरणमा उपस्थित भई बकपत्र गर्दा आफू अन्तरसाक्षी मात्र भएको र प्रतिवादीले साक्षी बसिदिनु भनेकोले बसेको हो, अरू कुरा थाहा छैन भनेबाट वादी तर्फबाट पेस भएका यी प्रमाणहरूको सत्यता र विश्वसनीयतामा गम्भीर शङ्का उपत्न हुन आउँछ।

५. यस्तै जाहेरी दरखास्तमा मिति २०६७।८।१५ मा रू.१०,००,०००।- (दश लाख) प्रतिवादीले लिएको भन्ने बेहोरा उल्लेख भए पनि किटानी रूपमा मिति २०६८।२।१८ मा गरिएको कागजमा उक्त रकम सोही दिन वा त्यसअघि कुन मितिमा कतिकति रकम लिनुदिनु भएको भन्ने बेहोरा उल्लेख हुन सकेको पाइएन। केवल वैदेशिक रोजगारमा पठाइदिनका लागि रकम लिएकोमा रोजगारमा पठाउन नसकेकोले भन्ने बेहोरा उल्लेख गरी लेनदेन प्रकृतिको कागजबाट फौजदारी दायित्व सृजना हुने प्रकृतिको बेहोरा लेखी रकम फिर्ता तिर्ने बुझाउने सर्तको भाका पनि कायम गरेको पाइन्छ।

६. विवादमा आएको कुनै पनि लिखतमा लेखिएको बेहोरा, अवस्था, परिस्थितिअनुसार फरकफरक प्रकृतिबाट अन्य तथ्ययुक्त एवं वस्तुनिष्ठ प्रमाणबाट समर्थित हुनु पनि आवश्यक हुन्छ। सदैव लिखतको शब्दबाट मात्र फौजदारी दायित्व सृजना हुँदैन, यसको लागि मनसाय र क्रियाको साथसाथै पक्षहरूको परिस्थितिजन्य प्रमाणको विश्वसनीयता आवश्यक हुन्छ। व्यक्तिव्यक्तिबीच भएको लिखतको हरेक अवस्थामा वैदेशिक रोजगारी भन्ने शब्दको प्रयोग हुनासाथ यान्त्रिक तवरबाट सजाय गरिहाल्ने

प्रवृत्ति विकास भएमा न्याय मर्ने सम्भावना रहन्छ । यस अवस्थामा पक्षहरूले आफ्ना लेनदेन वा अन्य मनसायबाट खडा भएको कुनै लिखतमा त्यसको कार्यान्वयन गर्न दबाब सृजना गर्ने उद्देश्यले वैदेशिक रोजगार शब्दको प्रयोग गर्दैमा स्वतः दण्डनीय अपराध मानिएमा यसको दुरूपयोग भई परिवन्धबाट निरपराधी पनि सजायको भागी हुन जानेतर्फ अनुसन्धान एवं अभियोजनकर्ता, अदालत तथा न्यायिक निकाय सदैव सचेत हुनुपर्दछ । अदालत वा न्यायाधिकरणमा पटकपटक भएका कतिपय लिखतहरूमा लेनदेन विषयको विवाद सुल्झाउन वैदेशिक रोजगारी भन्नेसम्म उल्लेख गरी कागज बनाई वा बनाउन लगाई फौजदारी मुद्दामा परिणत गराई क्षतिपूर्तिसमेत दाबी गरी अन्यायिक रूपमा फाइदा लिन प्रयत्नरत रहेका उदाहरणहरू पनि टडकारो रूपमा देखिएका छन् । यस्तै प्रकारको विवादमा लिखतमा वैदेशिक रोजगारमा पठाउने योजनाको लागि रकम लिएको भन्ने वाक्यांश उल्लेख भएकै आधारमा मात्र वैदेशिक रोजगार ठगीको कसुर कायम गर्न नमिल्ने भनी सर्वोच्च अदालत बुलेटिन, २०७२ वैशाख १६-३१ पूर्णाङ्क, ५४१ पृष्ठ ४२ नेपाल सरकार विरूद्ध गणेश बम मल्ल भएको मुद्दामा निर्णय भएको पनि देखियो।

७. प्रस्तुत मुद्दामा पनि प्रतिवादीले लिखतका अन्तरसाक्षीसमेत रहेका मन्जु नेपालीसँग २०६७ सालको मङ्सिर पुसतिर घरायसी व्यवहारको लागि रू. ४,००,००० (चार लाख) लिएकोमा निज मन्जु नेपालीकै अगुवाईमा प्रस्तुत कागज जबरजस्ती जाहेरवालाका नाउँमा खडा गरिएको भन्ने प्रतिवादीको भनाइ रहेको, लेनदेन भएको भनिएका मन्जु नेपाली विवादित लिखतमा साक्षी बसेको, निज मन्जु नेपालीको भनाइहरू एक अर्कामा मेल नखाएको अवस्था छ । घरायसी लेनदेनको व्यवहारलाई छिटो छरितो र विश्वसनीय रूपमा कार्यान्वयन गर्ने उद्देश्यसम्मको लागि वैदेशिक रोजगारको कागज बनेको शङ्कास्पद अवस्था मिसिल संलग्न प्रतिवादीको बयान, कागजात एवं जाहेरीमा कारोबार भएको भनिएको मिति २०६७।८।१५ भन्दापछि मिति २०६८।२।१८ मा मात्र लिखत खडा हुनुलगायतका परिस्थितिजन्य प्रमाणबाट देखिन आएको हुँदा जाहेरीमा उल्लेख गरिएको रकम वैदेशिक रोजगारअन्तर्गतको नभई घरायसी लेनदेनअन्तर्गत भएको भन्ने पुष्टि हुन आउँछ।

८. यसरी मिसिल संलग्न जाहेरी बेहोरा तथा जाहेरीसाथ पेस भएको लिखतमा यी पुनरावेदक प्रतिवादीले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन नसकेपछि रकम फिर्ताको कागज गरिदिएको भन्ने बेहोरा देखिए तापनि वैदेशिक रोजगारमा पठाउने प्रयोजनका लागि रकम लिएको भन्नेमा पूर्णतः इन्कारी रही प्रतिवादीले अनुसन्धानका क्रममा र न्यायाधिकरणमा गरेको बयानलगायतका माथि विवेचित प्रमाणहरूबाट जाहेरवाला र प्रतिवादीबीचको कारोबार वैदेशिक रोजगारअन्तर्गतको नभई लेनदेन व्यवहारअन्तर्गत भएको देखिन आयो।

९. यस्तोमा देवानी दायित्वतर्फ कानूनी कारबाही नगरी वैदेशिक रोजगारसम्बन्धी कानूनको दुरूपयोग गरी फौजदारी दायित्व सृजना गराई आफ्नो इच्छा पूर्ति गर्न प्रयत्न गर्ने जाहेरवालालाई यस अदालतले सहयोग गर्न सक्दैन।

१०. अतः यी प्रतिवादीले आरोपित कसुर गरेको ठहर गरी प्रतिवादी भवानी काफ्ले तुलाधरलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद, रू.१,५०,०००।– जरिवाना र जाहेरवालालाई रू.१४,४०,०००।– हर्जाना बुझाउनु पर्ने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।८।११ मा भएको फैसला उल्टी भई आरोपित कसुरबाट प्रतिवादीले सफाइ पाउने ठहर्छ। तपसिलका कुरामा देहायबमोजिम गर्नू।

तपसिल

प्रतिवादी भवानी काफ्ले तुलाधरले अभियोग दाबीबाट

सफाइ पाउने ठहरी फैसला भएकोले निजलाई लागेको १ वर्ष ६ महिना कैद र रू.१,५०,००० जरिवाना असुल गर्नु भनी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलाको तपसिल खण्डको २ नं. मा राखेको लगत कट्टा गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाइदिनू १

प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएकोले जाहेरवालाले प्रतिवादीबाट भरिपाउने भनी राखेको हर्जानाको बिगो भराई दिनु पर्ने नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणको फैसलाको तपसिल खण्डको ३ नं. मा राखेको लगत कट्टा गर्नु भनी सम्बन्धित जिल्ला अदालतमा लेखी पठाइदिनू २

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ३

उक्त रायमा सहमत छु।
न्या.टंकबहादुर मोक्तान

इजलास अधिकृतः हिरा डंगोल
इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम्।

निर्णय नं. १००१८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
आदेश मिति : २०७४।१२।७
०७३-WO-१३०२

विषय : परमादेश

निवेदक : तनहुँ जिल्ला, बन्दीपुर गाउँपालिका वडा नं. ४ स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १६ बालाजु बस्ने अधिवक्ता विकास भट्टराईसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **ट्राफिक व्यवस्थापन सन्दर्भमा ट्राफिक प्रहरीले गरेको जरिवाना नै अन्तिम रहन सक्ने गरी कानूनी व्यवस्था गरेको नभई ट्राफिक प्रहरीले गरेको कारबाहीउपर यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन लाग्न सक्ने र विभागले गरेको निर्णयउपर उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेबाट ट्राफिक प्रहरीमा रहेको जरिवाना गर्न सक्ने विषयवस्तु निर्विकल्प नरही कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्ने प्रस्ट कानूनी व्यवस्था रहेबाट ट्राफिक प्रहरीले प्राप्त गरेको अधिकार कानूनविपरीत रहेको देखिँदैन । कानूनले नै गरेको उपचारसम्बन्धी व्यवस्था तथा**

सर्वोच्च अदालत

पुनरावेदकीय अधिकारसमेत दिएको देखिएबाट स्वेच्छाचारी विषयसमेत रहेको देखिन नआउने।

- **ट्राफिकसम्बन्धी नियम उल्लङ्घन भएको अवस्थामा छिटो छरितोरूपले उचित निकासा दिनुपर्ने व्यवस्थापन गर्नलाई अवरोध हुने गरी जटिल तथा ज्यादै लामो कार्यविधि अवलम्बन गरिरहनु पर्ने अवस्था पनि औचित्यपूर्ण हुन आउँदैन । पर्याप्त कानूनी उपचारको बाटो अवलम्बन गर्ने गरी कानूनले अख्तियारी दिइरहेको देखिँदा प्राकृतिक न्यायको आधार भनी कानूनी जटिलता थपिदिनु पिटि केसको लागि न्यायपूर्ण हुने नदेखिने ।**
- **सानोसानो विषयलाई लिई सो सम्बन्धमा छुट्टै अदालतको व्यवस्था गर्न औचित्यपूर्ण हुन्छ वा हुँदैन ? सबै जिल्लामा त्यस्तो अदालत गठन गर्नुपर्ने हो होइन ? र त्यस्तो अदालतको औचित्य स्थापित गर्न सकिन्छ कि सकिँदैन भन्ने कुरालाई विचार गर्नुपर्ने हुन्छ । पूर्वाधार निर्माण नै नगरी सम्भाव्यताको विषय तथा आवश्यकतासमेतलाई विचार नै नगरी नेपाल सरकार तथा विधायिकाको क्षेत्राधिकारमा हस्तक्षेप हुन सक्ने विषयलाई समेत दृष्टिगत गरी ज्यादै संवेदनशील भई विचार नै गर्नुपर्ने हुन आउँछ । सस्तो लोकप्रियताको लागि गरिएका कुनै पनि कार्यले औचित्य पुष्टि गर्न सक्ने नदेखिने।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री मुकुन्द शर्मा पौडेल र विद्वान् अधिवक्ताहरू श्री जनकराज आचार्य, श्री अनन्त लुइटेल, श्री किशोर खतिवडा

विपक्षीका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

आदेश

न्या.पुरूषोत्तम भण्डारी : नेपालको संविधानको १३३(२) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

नेपालमा यातायातलाई व्यवस्थित गर्नको लागि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४ लागू गरिएको छ। उक्त ऐन तथा नियमावलीमा भएका प्रावधानहरू उल्लङ्घन भएमा कतिपय अवस्थामा ट्राफिक प्रहरीले कारबाही गरी जरिवाना गर्न सक्ने प्रावधान रहेको छ। ट्राफिक प्रहरीले कतिपय अवस्थामा जरिवाना गर्दा आफूखुसी गर्ने गरेको, ट्राफिक प्रहरीले गरेको जरिवानाको विषयलाई लिएर कहीँकतै पनि उजुरी गर्ने निकाय हालसम्म नभएकाले सम्बन्धित ऐन तथा नियमावलीको उल्लङ्घन नभएको अवस्थामा पनि आफूखुसी ट्राफिक प्रहरीले जरिवानाको चिट काटेपछि अनिवार्यरूपमा जरिवाना बुझाउनुपर्ने बाध्यताबाट गुज्रिरहेको अवस्था छ। यस्तो अवस्थामा नेपालको ट्राफिक व्यवस्थापनलाई अझ व्यवस्थित गर्न अन्तर्राष्ट्रिय स्तरको मापदण्डबमोजिम बनाउन, ट्राफिक व्यवस्थापनमा प्राकृतिक न्यायको सिद्धान्तलाई परिपालन गर्न, ट्राफिक प्रहरी र सवारीधनी तथा चालकबीच हुने खिचातानीलाई हटाउनको लागि ट्राफिक अदालतको आवश्यक भएकोले सो अदालत गठनका लागि कानून निर्माण गर्न विपक्षीहरूका नाममा परमादेशलगायत जो चाहिने अन्य आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन पत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने कानूनबमोजिमको आधार कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु। साथै प्रस्तुत निवेदनको विषयवस्तुको गाम्भीर्यसमेतलाई विचार गरी प्रस्तुत रिट निवेदनलाई अग्राधिकार दिई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७४।२।२९ को आदेश।

यस महानगरीय ट्राफिक प्रहरी महाशाखा तथा मातहतसमेतका कार्यालयहरूबाट ड्युटीमा खटिने ट्राफिक प्रहरी कर्मचारीहरूद्वारा सवारी तथा यातायात व्यवस्थासम्बन्धी प्रचलित कानूनबमोजिम काम कारबाही गर्दै आइरहेको अवस्था छ । कानूनविपरीत कुनै पनि सवारी चालक, सवारी धनी तथा सडक प्रयोगकर्ताहरूलाई कारबाही, जरिवाना र अनावश्यक दुःख हैरानी दिने काम ट्राफिक प्रहरी कर्मचारीहरूद्वारा गरिएको छैन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७१ मा ट्राफिक प्रहरीले गरेको निर्णय वा सजायको आदेशउपर चित्त नबुझे सम्बन्धित व्यक्तिले यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन गर्न सकिने कुरा प्रस्टरूपमा व्यवस्था भएकोले रिट निवेदकले लिनु भएका जिकिरहरू वास्तविक नभएका र आधारहीन भएका हुँदा यस महाशाखासमेतलाई विपक्षी बनाई सम्मानित अदालतमा दिनुभएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथको लिखित जवाफ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १३६ मा मानिसहरू पेटीबाट हिँड्नुपर्ने भन्ने व्यवस्था रहनुको साथै ऐनको दफा १३७ मा पैदल हिँड्ने मानिसले बाटो काट्नु पर्दा जेब्रा क्रसिङ्ग, सब-वे, ओभरहेड ब्रिज वा त्यस्तो बाटो काट्नको लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नुपर्छ भनी बाध्यात्मक व्यवस्था गरेको छ। त्यसैगरी ऐनको दफा १६४ मा ऐनविपरीत कार्य गर्नेलाई यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने व्यवस्था रहेको छ। उक्त सजायउपर चित्त नबुझेमा ऐनको दफा १७१ बमोजिम त्यस्तो निर्णय वा सजायको आदेशउपर विभागसमक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको र विभागले गरेको निर्णय वा आदेशउपर उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको छ । ऐनमा दण्ड सजायको व्यवस्था, सजाय गर्ने अधिकारी तथा सजायउपरको पुनरावेदनसमेत गर्न सक्ने व्यवस्था रहेकोले रिट निवेदकले जिकिर गरेजस्तो कानूनमा सुनुवाइको उचित मौका नभएको भन्ने होइन । ऐनले न्यायिक निकायबाट नै अन्तिम निर्णय गर्न सक्ने व्यवस्था गरेको देखिएकोले रिट निवेदकले जिकिर गरेबमोजिम ट्राफिक अदालत गठन गरी हाल्नुपर्ने अवस्था नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने कानून मन्त्रालयको लिखित जवाफ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा सवारी आवागमन नियन्त्रणका लागि विभिन्न ट्राफिक नियमहरूका बारेमा उल्लेख गरिएको छ। उक्त ऐनअनुसार ट्राफिक प्रहरीले ट्राफिक नियम उल्लङ्घन गर्नेलाई कानूनबमोजिम कारबाही तथा जरिवाना गर्ने कार्य गर्दै आइरहेकोले कानून तथा नियम पालना गर्ने व्यक्तिहरूलाई ट्राफिक प्रहरीले कारबाही, जरिवाना गरी अनावश्यक दुःख हैरानी दिने काम गरेको छैन। उक्त ऐनको दफा १७१ अनुसार ट्राफिक नियम उल्लङ्घन गर्नेलाई ट्राफिक प्रहरीले गरेको सजायको निर्णयउपर यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन गर्न सक्ने स्थिति रहेको र यातायात व्यवस्था विभागले गरेको निर्णय वा आदेशउपर उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको छ । यस्तो कानूनी व्यवस्था

हुँदाहुँदै ट्राफिक प्रहरीले गरेको जरिवानाउपर उजुर गर्ने नेपालमा कुनै निकाय छैन भनी ट्राफिक अदालत माग गर्नुको कुनै औचित्य नभएकोले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रहरी प्रधान कार्यालय, नक्सालको लिखित जवाफ।

रिट निवेदकहरूले यस व्यवस्थापिका संसद् सचिवालयलाई विपक्षी बनाउनुपर्ने वस्तुनिष्ठ आधार र कारण खुलाउन सक्नुभएको छैन। सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, विमा व्यवस्था गर्नलगायत यातायात व्यवस्थालाई व्यवस्थितरूपमा सञ्चालन गरी सर्वसाधारण, सवारीधनी र सवारी चालकलाई सरल एवं सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन र यातायात सेवालाई सुदृढ, सक्षम र प्रभावकारी बनाउनको लागि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ जारी भई लागू भइरहेको अवस्था रहेकोले नेपाल सरकारले आवश्यकताअनुसार विद्यमान ऐन कानूनलाई संशोधन गर्न महसुस गरी तदनुकूलको विधेयक पेस गरेको अवस्थामा व्यवस्थापिका संसद्बाट विधि एवं प्रक्रिया पूरा गरी त्यस्ता विधेयक पारित हुने अवस्था भएमा सचिवालयको तर्फबाट आवश्यक सम्पूर्ण प्रशासकीय सहयोग हुने नै हुँदा विना आधार र कारण यस सचिवालयलाई विपक्षी बनाइएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यवस्थापिका संसद् सचिवालयको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत निवेदनमा रिट निवेदकहरूको तर्फबाट उपस्थित निवेदक विद्वान् अधिवक्ता श्री जनकराज आचार्य तथा विद्वान् वरिष्ठ अधिवक्ता श्री मुकुन्द शर्मा पौडेल र विद्वान् अधिवक्ताहरू श्री अनन्त लुइटेल, श्री किशोर खतिवडाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४ मा भएका प्रावधानहरू उल्लङ्घन भएमा ट्राफिक प्रहरीले कतिपय अवस्थामा जरिवाना गर्दा आफूखुसी गर्ने गरेको, ट्राफिक प्रहरीले गरेको जरिवानाको विषयलाई लिएर कहीँकतै पनि उजुरी गर्ने निकाय हालसम्म नभएकाले सम्बन्धित ऐन तथा नियमावलीको उल्लङ्घन नभएको अवस्थामा पनि आफूखुसी ट्राफिक प्रहरीले जरिवानाको चिट काटेपछि अनिवार्यरूपमा जरिवाना बुझाउनुपर्ने बाध्यताबाट गुज्रिरहेको अवस्था रहेको छ। यस्तो अवस्थामा नेपालको ट्राफिक व्यवस्थापनलाई अझ व्यवस्थित गर्न अन्तर्राष्ट्रिय स्तरको मापदण्डबमोजिम बनाउन, ट्राफिक व्यवस्थापनमा प्राकृतिक न्यायको सिद्धान्तलाई परिपालन गर्न, ट्राफिक प्रहरी र सवारीधनी तथा चालकबीच हुने खिचातानीलाई हटाउनको लागि ट्राफिक अदालतको आवश्यक भएकोले सो अदालत गठनका लागि कानून निर्माण गर्न विपक्षीहरूका नाममा परमादेशलगायत जो चाहिने अन्य आदेश जारी गरिपाउँ भनी बहस गर्नुभयो। त्यस्तै गरी विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेले प्रचलित सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७१ (१) ले उक्त ऐनबमोजिम अधिकारप्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेशउपर नेपाल सरकार, निर्माण तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन लाग्ने व्यवस्था गरेको र सोसमेतको लागि यातायात व्यवस्था विभाग स्थापना भई कार्य गरिरहेको अवस्थामा ट्राफिक प्रहरीले गरेको जरिवानाउपर उजुर गर्ने नेपालमा कुनै निकाय छैन भनी ट्राफिक अदालत माग गर्नुको कुनै औचित्य नभएकोले विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

अब यसमा निवेदकहरूको मागबमोजिम आदेश जारी गर्नुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४ मा भएका कतिपय प्रावधानहरू उल्लङ्घन भएको अवस्थामा ट्राफिक प्रहरीले कारबाही गरी जरिवाना गर्न सक्ने प्रावधान रहेकोमा ट्राफिक प्रहरीले कतिपय अवस्थामा जरिवाना गर्दा आफूखुसी गर्ने गरेको, ट्राफिक प्रहरीले गरेको जरिवानाको विषयलाई लिएर कहीँकतै पनि उजुरी गर्ने निकाय हालसम्म नभएको अवस्थामा नेपालको ट्राफिक व्यवस्थापनलाई अझ व्यवस्थित गर्न अन्तर्राष्ट्रियस्तरको मापदण्डबमोजिम बनाउन, ट्राफिक व्यवस्थापनमा प्राकृतिक न्यायको सिद्धान्तलाई परिपालनसमेत गर्नको लागि ट्राफिक अदालतको आवश्यक भएकोले सो अदालत गठनका लागि कानून निर्माण गर्न विपक्षीहरूका नाममा परमादेशलगायत जो चाहिने अन्य आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको पाइन्छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को प्रस्तावनालाई हेर्दा सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा–व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सरल एवं सुलभ ढंगबाट यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउने उद्देश्यका साथ उक्त ऐन जारी भएको पाइन्छ । उक्त ऐनका विभिन्न दफाहरूमा नेपालको ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्ने सम्बन्धमा विभिन्न कानूनी प्रावधानहरू रहेको पाइन्छ । नेपालको ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्ने सन्दर्भमा नै उक्त ऐनको दफा १६४(१) मा (क) देखि (न) सम्म ट्राफिक सङ्केत वा ईशारा उल्लङ्घन गरी सवारी चलाएको, सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएको, बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएको, चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएको लगायतका विभिन्न कसुरहरू उल्लेख गर्दै ती कसुर पहिलो पटक गर्नेलाई पाँच सय रूपैयाँ, दोस्रो पटक गर्नेलाई एक हजार रूपैयाँ र तेस्रो पटक वा सोभन्दा बढी पटक गर्नेलाई एक हजार पाँच सय रूपैयाँको जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्नेछ कानूनी व्यवस्था गरेको पाइन्छ। सोही दफाको उपदफा (२) उक्त जरिवाना रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा अधिकारप्राप्त अधिकारीसमक्ष बुझाउन पुर्जी दिने व्यवस्था रहेको, सोही दफाको उपदफा (३) मा उल्लिखित कसुर गर्दाको बखत कसुरदारलाई सजाय गर्न तत्काल घटनास्थलमा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसुर गर्नेलाई निजले गरेको कसुर खुलाई सोबापत निजलाई हुने जरिवानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पुर्जी दिने कानूनी व्यवस्था गरेको पाइन्छ । त्यस्तै गरी उपदफा (५) मा उल्लिखित समयसम्म पनि अधिकारप्राप्त अधिकारी वा सम्बन्धित प्रहरी कार्यालयसमक्ष त्यस्तो जरिवानाको रकम नबुझाउनेलाई अधिकारप्राप्त अधिकारीले एक हजार रूपैयाँसम्म जरिवाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र, सवारी धनी वा व्यवस्थापक भए सवारीको बाटो इजाजतपत्र वा निजहरूले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्मको लागि निलम्बन गर्न सक्ने र निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नबुझाएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनाको लागि निलम्बन गर्न सक्ने र उपदफा (६) मा निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नबुझाएमा अधिकारप्राप्त अधिकारीले त्यस्तो चालक अनुमतिपत्र, बाटो इजाजतपत्र वा

यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र खारेज गर्न सक्ने कानूनी व्यवस्था भएको पाइन्छ।

३. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा उल्लिखित कानूनी व्यवस्थाबाट ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गर्ने सन्दर्भमा ट्राफिक नियम उल्लङ्घन भएको अवस्थामा ट्राफिक प्रहरीले कारबाही गरी जरिवाना गर्न सक्ने अधिकार रहेको देखिन्छ। साथै ट्राफिक प्रहरीले सो अधिकारको प्रयोग आफूखुसी गर्न नपाउने र तोकिएको प्रक्रियाअनुसार गर्नुपर्ने कुरा कानूनमा नै स्पष्टरूपमा उल्लेख गरेको पाइयो। यदि ट्राफिक प्रहरीले आफूलाई प्राप्त ट्राफिक नियम उल्लङ्घनमा जरिवाना गर्न सक्ने अधिकारको प्रयोग आफूखुसी गरेको अवस्थामा सोउपर कस्तो उपचारप्राप्त हुन्छ भन्ने सन्दर्भमा हेर्दा ऐ. ऐनको दफा १७१ मा देहायबमोजिमको पुनरावेदनसम्बन्धी व्यवस्था रहेको देखिन्छ।

"१७१. पुनरावेदन - (१) यस ऐनबमोजिम अधिकारप्राप्त अधिकारी, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेशउपर विभागसमक्ष पुनरावेदन लाग्नेछ।

२) यस ऐनबमोजिम विभागले गरेको निर्णय वा आदेशउपर उच्च अदालतसमक्ष पुनरावेदन लाग्नेछ।"

४. माथि उद्धृत कानूनी व्यवस्थासमेतलाई हेर्दा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ अनुसार उक्त ऐनविपरीत कार्य गर्नेलाई यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने, यसरी यातायात निरीक्षक वा प्रहरीले गरेको सजायमा चित्त नबुझेमा ऐ. ऐनको दफा १७१ बमोजिम त्यस्तो निर्णय वा सजायको आदेशउपर यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन गर्न सक्ने व्यवस्था रहेको र उक्त विभागले गरेको निर्णय वा आदेशउपर उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको पाइन्छ। यसरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा दण्ड सजायको व्यवस्था, सजाय गर्ने अधिकारी तथा सजायउपरको पुनरावेदनसमेत गर्न सक्ने व्यवस्था रहेबाट ट्राफिक नियम उल्लङ्घन भएको अवस्थामा ट्राफिक प्रहरीले कारबाही गरी जरिवाना गरेको विषयमा न्यायिक निकायबाट नै अन्तिम निर्णय गर्न सक्ने गरी कानूनी व्यवस्था रहेको पाइन्छ।

५. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २ को देहाय (ज्ञ)३ मा "विभाग" भन्नाले नेपाल सरकार, निर्माण तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभाग सम्झनुपर्छ भनी उल्लेख भएबमोजिम ऐ. ऐनको दफा १६४ अनुसार ट्राफिक व्यवस्थापन गर्नका लागि सम्बन्धित ट्राफिक प्रहरीसमेतलाई प्राप्त अधिकारको दुरूपयोग गरी ट्राफिक प्रहरीले आफूखुसी जरिवाना गरेमा सोउपर ऐ. ऐनको दफा १७१ अनुसार यातायात व्यवस्था विभागमा समक्ष पुनरावेदन लाग्ने र उक्त विभागले गरेको निर्णय वा आदेशउपर उच्च अदालतसमक्ष पुनरावेदन लाग्ने कानूनी व्यवस्था गरिएको पाइएबाट ट्राफिक व्यवस्थापन सन्दर्भमा ट्राफिक प्रहरीले गरेको जरिवाना नै अन्तिम रहन सक्ने गरी कानूनी व्यवस्था गरेको नभई ट्राफिक प्रहरीले गरेको कारबाहीउपर यातायात व्यवस्था विभागसमक्ष पुनरावेदन लाग्न सक्ने र विभागले गरेको निर्णयउपर उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेबाट ट्राफिक प्रहरीमा रहेको जरिवाना गर्न सक्ने विषयवस्तु निर्विकल्प नरही कानूनी उपचारको बाटो अवलम्बन गर्न सक्ने प्रस्ट कानूनी व्यवस्था रहेबाट ट्राफिक प्रहरीले प्राप्त गरेको अधिकार कानूनविपरीत रहेको देखिँदैन। कानूनले नै गरेको उपचारसम्बन्धी व्यवस्था तथा पुनरावेदकीय अधिकारसमेत दिएको देखिएबाट स्वेच्छाचारी विषयसमेत रहेको देखिन आउँदैन। ट्राफिकसम्बन्धी

नियम उल्लङ्घन भएको अवस्थामा छिटो छरितो रूपले उचित निकासा दिनुपर्ने हुन आउँछ । यस्तो सानो प्रकृतिको केसलाई जटिल बनाई सामान्य रूपले ट्राफिक व्यवस्थापन गर्नलाई अवरोध हुने गरी जटिल तथा ज्यादै लामो कार्यविधि अवलम्बन गरिरहनु पर्ने अवस्था पनि औचित्यपूर्ण हुन आउँदैन । माथि विवेचना गरेअनुसार पर्याप्त कानूनी उपचारको बाटो अवलम्बन गर्ने गरी कानूनले अख्तियारी दिइरहेको देखिँदा प्राकृतिक न्यायको आधार भनी कानूनी जटिलता थपिदिनु पिटि केसको लागि न्यायपूर्ण हुने देखिँदैन । सानोसानो विषयलाई लिई सो सम्बन्धमा छुट्टै अदालतको व्यवस्था गर्न औचित्यपूर्ण हुन्छ वा हुँदैन ? सबै जिल्लामा त्यस्तो अदालत गठन गर्नुपर्ने हो होइन ? र त्यस्तो अदालतको औचित्य स्थापित गर्न सकिन्छ कि सकिँदैन भन्ने कुरालाई विचार गर्नुपर्ने हुन्छ । पूर्वाधार निर्माण नै नगरी सम्भाव्यताको विषय तथा आवश्यकतासमेतलाई विचार नै नगरी नेपाल सरकार तथा विधायिकाको क्षेत्राधिकारमा हस्तक्षेप हुन सक्ने विषयलाई समेत दृष्टिगत गरी ज्यादै संवेदनशील भई विचार नै गर्न पर्ने हुन आउँछ । सस्तो लोकप्रियताको लागि गरिएका कुनै पनि कार्यले औचित्य पुष्टि गर्न सक्ने देखिँदैन । अतः रिट निवेदनको मागअनुसार परमादेशको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था विद्यमान देखिन आएन । उजुरी गर्ने निकाय हालसम्म नभएकोले कानूनमा सुनुवाइको उचित मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तलाई परिपालन नगरिएकोले सोका लागि छुट्टै ट्राफिक अदालत गठनका लागि कानून निर्माण गर्न विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर मनासिब देखिन आउँदैन ।

६. अतः माथि विवेचित आधार र कारणबाट निवेदकको मागबमोजिम विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत आदेशको प्रति विद्युतीय अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. सपना प्रधान मल्ल

इजलास अधिकृतः शिवप्रसाद पराजुली
इति संवत् २०७४ साल चैत ७ गते रोज ४ शुभम् ।

निर्णय नं. १००११

प्रस्तुत मुद्दामा गोपनीयताको लागि पीडितको नाममा .... राखिएको छ ।
- सम्पादक

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.
माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
फैसला मिति : २०७४।११।६
०७२-CR-१८९३

मुद्दाः- जबरजस्ती करणी र अप्राकृतिक मैथुन

पुनरावेदक / प्रतिवादी : पर्वत जिल्ला तिलाहार गा.वि.स. वडा नं.८ घर भई हाल जिल्ला कारागार कार्यालय, कुश्मामा थुनामा रहेको बमबहादुर खत्री

विरूद्ध

प्रत्यर्थी / वादी : परिवर्तित जिल्ला ४४ को कुश्मा (घ), कुश्मा (ङ) र कुश्मा (च) को जाहेरीले नेपाल सरकार

- **सामान्यतः महिला र पुरूषबीच स्वभाविकरूपमा हुने यौन एवं मैथुनको क्रियालाई प्राकृतिक मैथुन मानिने र प्राकृतिक तवरमा गरिने स्वभाविक मैथुनको क्रियाबाहेक अन्य अस्वभाविक एवं अप्राकृतिक तरिकाबाट हुने विभिन्न प्रकारका यौनजन्य क्रियाकलाप र मैथुनलाई अप्राकृतिक मैथुन भनी बुझ्नुपर्ने हुन्छ । यो क्रियामा पुरूषको लिङ्ग महिला एवं स्त्रीको योनिमा प्रवेश गराउने क्रियादेखि बाहेक अन्य क्रियाकलापहरू जस्तै पुरूषको लिङ्ग खेलाउन लगाउने, लिङ्ग चुसाउने, लिङ्गलाई योनिबाहेक गुद्द्वार एवं मुखमा हाल्ने, निकाल्ने क्रिया गर्ने, लिङ्गलाई स्तन, मुख एवं गुद्द्वारको वरिपरि दल्ने, नाबालिका केटीहरूको स्तन समाउने, यौनाङ्ग मुसार्ने, स्त्री यौनाङ्गमा औंला छिराउने आदि जस्ता क्रिया पर्ने ।**
- **एकै पटकको क्रियामा पीडितको योनि र गुदद्वारलगायत शरीरका अन्य भागमा लिङ्ग दलदाल एवं घर्षण गर्नुको अतिरिक्त लिङ्गसँग सम्बन्धित उपर्युक्त प्रकृतिका अन्य अप्राकृतिक किसिमका क्रियाकलापहरू गरेको अवस्था नै अप्राकृतिक मैथुनको कसुर गरेको मानिन जाने ।**

(प्रकरण नं.६)

- **पुरूष वा महिला नाबालक भनी उल्लेख नगरेबाट दुवै लिङ्गका नाबालकलाई बुझ्नुपर्ने र यस्ता नाबालकउपर गरेको अस्वभाविक यौन क्रियाकलापलाई अप्राकृतिक मैथुनको दर्जामा राखेको पाइने ।**

(प्रकरण नं.९)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल

प्रत्यर्थी / वादीका तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने:-

मा. जिल्ला न्यायाधीश श्री मोहनराज भट्टराई

पर्वत जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्नेः-

माननीय न्यायाधीश श्री भीमबहादुर बोहरा

माननीय न्यायाधीश श्री लोहितचन्द्र शाह

पुनरावेदन अदालत, बागलुङ

फैसला

न्या.तेजबहादुर के.सी.: न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) बमोजिम यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

हाम्रा नाबालिका नातिनी, भतिजी, बहिनी परिवर्तित नाम थर कुश्मा (छ), कुश्मा (ज), कुश्मा (झ) समेत श्री ज्ञानेन्द्र प्रा.वि.मा अध्ययन गर्ने गरेकामा उक्त विद्यालयका शिक्षक प्रतिवादी बमबहादुर खत्री क्षेत्रीले विगतदेखि पटकपटक डर, धाक, धम्की दिई विद्यालयको लाइब्रेरी कोठामा पालैपालो लगी आफ्नो लिङ्ग समाई खेलाई दिने, मुखमा राखी चुस्न लगाउने र नाबालिकाहरूको शरीर, योनिमा समेत घर्षण गराई वीर्य स्खलन गराउने गरेका तथा मिति २०७२।२।२१ को विद्यालय समयमा पनि निज प्रतिवादीले पीडित

नाबालिकाहरू माथि सोही किसिमको दुर्व्यवहार गरेको भन्ने कुरा पीडितहरूले बताई थाहा भएको हुँदा प्रतिवादीलाई मु.ऐ. जबरजस्ती करणी महलको १ नं. तथा ९ नं (क) बमोजिमको कसुरमा सोही महलबमोजिम हदैसम्मको कारबाही गरी पीडितलाई क्षतिपूर्तिसमेत दिलाई भराई पाउँ भन्नेसमेत बेहोराको मिति २०७२।२।२५ को परिवर्तित नाम कुश्मा (घ), कुश्मा (ङ) र कुश्मा (च) को जाहेरी दरखास्त।

पर्वत जिल्ला, तिलाहार-९ थामार्जुङ स्थित पूर्व र उत्तरमा सामुदायिक वन, पश्चिममा खड्गबहादुर खत्रीको पाखोबारी र दक्षिणमा सुनबहादुर खत्रीको पाखोबारी यति चार किल्लाभित्र पर्ने श्री ज्ञानेन्द्र प्राथमिक विद्यालयमा ऐ. विद्यालयका शिक्षक बमबहादुर खत्री क्षेत्रीले ऐ. विद्यालयमा अध्ययन गर्ने जाहेरवाली परिवर्तित नाम थर कुश्मा (घ) समेतको नाबालिका बहिनीहरूलाई मिति २०७२।२।२१ को दिन यौन दुर्व्यवहार गरेको भन्नेसमेत बेहोराको मिति २०७२।२।२५ को घटनास्थल मुचुल्का।

म श्री ज्ञानेन्द प्रा.वि.तिलाहार-९ थामार्जुङमा कक्षा २ मा अध्ययन गर्छु। विद्यालयमा पढाउने शिक्षक प्रतिवादी बमबहादुर खत्री क्षेत्रीले डर त्रास देखाई विगतका विभिन्न दिनहरूमा म तथा परिवर्तित नाम थर जिल्ला ४४ बस्ने कुश्मा (छ), जिल्ला ४४ बस्ने कुश्मा (ज) समेतलाई होमवर्क चेक गर्ने समयमा कक्षामा भएका अन्य केटा साथीहरूलाई बाहिर पठाई म तथा उल्लिखित पीडितहरू समेतको छाती, स्तन, गुप्ताङ्ग छुने चिमोट्ने साथै निजको लिङ्ग खेलाउन लगाउने जस्ता कार्य गर्दै आएका तथा मिति २०७२।२।२१ को दिनसमेत त्यस्तै कार्य गरी हामी नाबालिकामाथि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने अपराध गरेको हुँदा प्रतिवादीलाई हदैसम्म कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।२।२६ को पीडित परिवर्तित नामथर कुश्मा (झ) ले गरेको घटना विवरण कागज।

म श्री ज्ञानेन्द प्रा.वि. तिलाहार-९ थार्माजुङ्गमा कक्षा ३ मा अध्ययन गर्छु। विद्यालयमा पढाउने शिक्षक प्रतिवादी बमबहादुर खत्री क्षेत्रीले डर त्रास देखाई बिगतका विभिन्न दिनहरूमा म तथा परिवर्तित नाम ४४ कुश्मा (छ), ४४ कुश्मा (झ) समेतलाई गृहकार्य चेक गर्ने समयमा कक्षामा भएका अन्य केटा साथीहरूलाई बाहिर पठाई पालैपालो लाइब्रेरी कोठामा हामीहरूलाई डाकी, लगी म तथा उल्लिखित पीडितहरू समेतको छाती, स्तन, गुप्ताङ्ग छुने चिमोट्ने साथै निजको लिङ्ग खेलाउन लगाउने जस्ता कार्य गर्दै आएका तथा मिति २०७२।२।२१ को दिनसमेत निज प्रतिवादीले मसमेतलाई गृहकार्य चेक गर्न भनी लाइब्रेरी कोठामा बोलाई कोठाको झ्याल बन्द गरी मेरो स्तन, योनि मुसार्ने तथा आफ्नो लिङ्ग निकाली समाती खेलाउन लगाएका हुन्। यसरी हामी नाबालिकाहरू माथि निज प्रतिवादी शिक्षकले डरधाक देखाई यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने अपराध गरेको हुँदा प्रतिवादीलाई हदैसम्म कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।२।२६ मा पीडित परिवर्तित नामथर कुश्मा (ज) ले गरेको घटना विवरण कागज।

म श्री ज्ञानेन्द प्रा.वि.तिलाहार ९ थामार्जुङमा कक्षा २ मा अध्ययन गर्छु । विद्यालयमा पढाउने शिक्षक प्रतिवादी बमबहादुर खत्री क्षेत्रीले म कक्षा १ मा पढ्दादेखि नै डर त्रास देखाई लाइब्रेरी कोठामा लगी मेरो छाती, स्तन, योनि समात्ने खेलाउने, आफ्नो लिङ्ग निकाली समात्न, खेलाउन, मुखमा राखी चुस्न लगाउने तथा शरीर, योनिमा लिङ्ग दली वीर्य स्खलन गर्ने जस्ता कार्य गर्दै आएको र त्यस्तै कार्य अन्य पीडितहरू परिवर्तित नाम थर जिल्ला ४४ बस्ने कुश्मा (ज) र जिल्ला ४४ बस्ने कुश्मा (झ) समेतलाई गर्दै आएका तथा मिति २०७२।२।२१ को दिनसमेत त्यस्तै कार्य गरी हामी नाबालिकामाथि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने अपराध गरेको हुँदा

प्रतिवादीलाई हदैसम्म कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।२।२६ को पीडित परिवर्तित नामथर कुश्मा (छ) ले गरेको घटना विवरण कागज।

योनिच्छेद नभएको, योनिबाहिर वीर्य, रौं नभेटिएको, योनिबाहिर घाउचोट नभएको, शारीरिक तथा मानसिक अवस्था सामान्य भन्नेसमेत बेहोराको मिति २०७२।२।२६ मा पर्वत जिल्ला अस्पताल, कुश्माको पीडित कुश्मा (छ) को स्वास्थ्य तथा शारीरिक जाँच प्रतिवेदन।

दाहिने हातमा २ सेमी कोतरिएको घाउ, छातीमा १२.५ सेमीको अप्रेसनको घाउ, योनिच्छेद नभएको, योनिबाहिर वीर्य, रौं नभेटिएको, योनिबाहिर घाउचोट नभएको, शारीरिक तथा मानसिक अवस्था सामान्य रहेको भन्नेसमेत बेहोराका मिति २०७२।२।२६ को पर्वत जिल्ला अस्पताल, कुश्माबाट भएको कुश्मा (ज) को स्वास्थ्य तथा शारीरिक जाँच प्रतिवेदन।

योनिच्छेद नभएको, योनिबाहिर वीर्य, रौं नभेटिएको, योनिबाहिर घाउचोट नभएको, शारीरिक तथा मानसिक अवस्था सामान्य भन्नेसमेत बेहोराको मिति २०७२।२।२६ को पर्वत जिल्ला अस्पताल, कुश्माबाट भएको कुश्मा (झ) को स्वास्थ्य तथा शारीरिक जाँच प्रतिवेदन।

देब्रे छातीको अगाडिको माथिल्लो भागमा ३ वटा कोतरिएको सन्चो हुने अवस्थाको ५ से.मी. को घाउ रहेको, दाहिने पाखुराको अगाडिको भागमा ४१.५ से.मी.को निलडाम भएको, दाहिने पाखुरा उठाउन गाह्रो भएको भन्नेसमेत बेहोराको मिति २०७२।२।२६ को पर्वत जिल्ला अस्पताल, कुश्माबाट भएको प्रतिवादी बमबहादुर खत्री क्षेत्रीको स्वास्थ्य तथा शारीरिक जाँच प्रतिवेदन।

मैले श्री ज्ञानेन्द्र प्रा.वि. तिलाहार ९ थामार्जुङमा मिति २०४८।१२।२५ देखि पढाउँदै आएको छु। कक्षा २ का विद्यार्थीहरूलाई लाइब्रेरी कोठामा राखी पढाइने गरिएको थियो। परिवर्तित नाम थर कुश्मा (छ), कुश्मा (ज) र कुश्मा (झ) कक्षा २ र ३ मा पढ्ने छात्राहरू भएको र निजहरू पढाइमा पनि कमजोर हुनुका साथै दिएको गृहकार्यसमेत नगर्ने हुँदा मैले निजहरूलाई हातले पिट्ने छाती तथा संवेदनशील भागहरूमा चिमोट्ने गरेको हुँ। गृहकार्य चेक गर्ने क्रममा छात्रहरूलाई कक्षाबाहिर निकाली छात्राहरूलाई मात्र कोठामा राखी छातीलगायत संवेदनशील भागहरूमा चिमोट्ने गर्थें। उक्त विद्यालयमा अध्ययन गर्ने छात्राहरू माथि दुर्व्यवहार भएको विषयमा मिति २०६८।५।७ मा विद्यालयका शिक्षक तथा विद्यार्थीहरूको बैठक बसी छलफल गरी पुनः दुर्व्यवहार नगर्ने भनी कबुलियतनामा कागज भएको हो। संवेदनशील अंगमा चिमोट्नु मेरो गल्ती हो तर मैले लिङ्ग खेलाउन लगाउने, चुस्न लगाउने जस्ता कार्य गरेको छैन भन्नेसमेत बेहोराको मिति २०७२।२।२८ मा प्रतिवादी बमबहादुर खत्रीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

श्री ज्ञानेन्द्र प्रा.वि.को अध्ययन अध्यापन कार्यका क्रममा शिक्षक श्री बमबहादुर खत्री क्षेत्रीबाट छात्राहरूमाथि दुर्व्यवहार भएको भन्ने कुरा कार्यालयमा सुनुवाइ हुन आएकोले विद्यालय स्टाफ र छात्रहरूको रोहबरमा अबदेखि निज बमबहादुरलगायत अन्य शिक्षकले त्यस्ता गल्ती दोहोऱ्याउने छैन भन्नेसमेत बेहोराको मिति २०६८।५।७ को कबुलियतनामा कागज।

म जिल्ला पर्वत तिलाहार-९ स्थित श्री ज्ञानेन्द्र प्रा. वि. मा ई.सि.डि.को कोटामा सहजकर्ताको रूपमा एक कक्षासम्म अध्यापन गर्ने गर्छु। मिति २०७२।२।२० का दिन १६.०० बजेतिर कक्षा २ का छात्रा दिया वि.क. तथा पीडितहरू कुश्मा (छ) र (ज) ले प्रधानाध्यापक टेकबहादुर भुवाजी, कार्यालय सहयोगी गंगा खत्री र मसमेतलाई भेटी प्रतिवादी शिक्षक बमबहादुर खत्रीले आफूलाई छाती, पेट, साँप्रामा चिमोट्ने, पिट्ने गरेको कुरा बताएका हुँदा उक्त दिन स्कुल बन्द हुने समय

भइसकेकोले सो विषयमा पछि छलफल गरौंला भनी गएको र ऐ. २१ गतेसमेत पीडितहरू कुश्मा (छ), (ज) र (झ) ले पुनः प्रतिवादी शिक्षकले आफूहरूलाई त्यस्तै व्यवहार गरेको कुरा कार्यालय सहयोगी गंगा खत्रीलाई भनी निजले मलाई बताएकी हुन् । सो विषयमा ऐ.२३ गते बिहान विद्यालयमा शिक्षक र अभिभावकको बैठक बसी छलफल हुँदा पीडितहरूलाई निज प्रतिवादीले आफ्नो लिङ्गसमेत चुसाउने गरेको कुरा अभिभावकहरूबाट थाहा भएको र निज प्रतिवादीले २०६८ सालमा समेत विद्यालयका छात्राहरूमाथि यौन दुर्व्यवहार गरेकोले कबुलियतनामा कागज गरेको थाहा भएको र छलफलमा निज प्रतिवादीले आफूले गल्ती गरेको हुँदा राजीनामा जाने बताएका हुन् । त्यसरी कलिला छात्राहरू माथि यौन दुर्व्यवहार गर्ने निज प्रतिवादी शिक्षकमाथि कानूनबमोजिम कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।२।३२ मा बुझिएकी शिक्षिका अमृता लामिछानेले गरेको घटना विवरण कागज ।

मिति २०७२।२।२१ को दिन म आफूले अध्यापन गराउने विद्यालय श्री ज्ञानेन्द्र प्रा.वि. तिलाहार ९ मा गई अध्यापन गराई फर्किएको र ऐ. २२ गते पनि म विद्यालयमा जान भनी जाँदै गर्दा प्रतिवादी शिक्षक बमबहादुर क्षेत्रीले विद्यालयमा छात्राहरू माथि यौन दुर्व्यवहार गर्छन् रे भनी बाटोमा स्थानीयले आपसमा कुराकानी गरेको सुनी घटना थाहा पाएको हुँ । सो घटना सम्बन्धमा ऐ.२३ को दिन विद्यालयमा शिक्षक अभिभावकको बैठक बस्दा छलफल हुन नसकी प्रहरीमा उजुरी पर्न आएको हो । प्रतिवादीले छात्राहरू माथि यौन दुर्व्यवहार गरेको भए कानूनबमोजिम कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।२।३२ को बुझिएका शिक्षक कमल नेपालीले गरेको कागज ।

मिति २०७२।२।२० को दिन विद्यालय सकिएपछि विद्यार्थीहरूलाई घर पठाउन लाइन लगाउने क्रममा छात्रा दिया वि.क.ले बमबहादुर खत्री सरले मसमेतलाई नराम्रो व्यवहार गर्नुहुन्छ । विद्यालयबाट निकाल्नुपर्छ भनेको र ऐ. २१ गतेका दिनमा पनि निजले सोही कुरा दोहोऱ्याएको हुँदा ऐ.२३ गतेका दिन विद्यालयमा शिक्षक अभिभावक बैठक बसी छलफल हुँदा निज प्रतिवादीले आफूले छात्राहरू कुश्मा (छ), कुश्मा (ज), कुश्मा (झ) माथि दुर्व्यवहार गरेकोमा क्षमा मागी राजीनामा दिन्छु भनेका हुन् । निज प्रतिवादीले पहिला पनि छात्राहरू माथि दुर्व्यवहार गरेकोमा पुनः त्यस्ता गल्ती नदोहोऱ्याउने भनी मिति २०६८।५।७ मा कबुलियतनामा कागजसमेत भएको हो । प्रतिवादीउपर कसुरअनुसारको कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।२।३२ मा बुझिएकी गंगाकुमारी के.सी.ले गरेको कागज ।

प्रतिवादी शिक्षक बमबहादुर खत्रीले २०६८ सालमा पनि छात्राहरू माथि दुर्व्यवहार गरेको विषयमा विद्यालयमा छलफल भई माफी मागी पुनः गल्ती नदोहोऱ्याउने सर्तमा कबुलियतनामा कागज भएकोमा निजले पुनः छात्राहरू माथि दुर्व्यवहार गरेको भनी मिति २०७२।२।२० मा कक्षा २ की छात्रा दिया वि.क.बाट जानकारी हुन आएको, ऐ. २१ गते भतिजाको बिहे परेकोले म विद्यालयमा छुट्टी बसेकोमा ऐ. २२ गते बिहान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेरो घरमा आई केही विद्यार्थीहरू विद्यालय आएनन् । अभिभावकसँग गई बुझ्नु भनेको हुँदा म दिया वि.क.,रोशिका बस्नेतसमेतको घरमा गई बुझ्दा शिक्षक बमबहादुर खत्रीले विद्यालयमा बालबच्चाहरू माथि दुर्व्यवहार गर्दा रहेछन्, बच्चाहरू डराएर विद्यालय जान मानेका छैनन् भनेका ऐ. २३ गते विद्यालयमा बैठक राख्ने सल्लाह भई अभिभावकहरूलाई पत्र काटी डाकी सो विषयमा छलफल हुँदा प्रतिवादी शिक्षकले आफ्नो गल्ती स्वीकार गरी माफी मागी राजीनामा जान्छु भनेका हुन् । प्रतिवादीले गरेको कसुरको बारेमा मलाई पीडित विद्यार्थीहरू तथा अभिभावकहरूबाट जानकारी हुन आएको हुँदा प्रतिवादीउपर कानूनबमोजिम कारबाही

हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।३।१ मा बुझिएका शिक्षक प्र.अ. टेकबहादुर भुवाजीले गरेको कागज।

मिति २०७२।२।२१ का दिन म विद्यालयबाट तालिमको लागि कुश्मा स्थित स्रोत केन्द्र शिवालयमा आई ऐ.२२ गते घर फर्कने क्रममा प्र.अ. टेकबहादुर भुवाजीले फोन गरी बमबहादुर सरले विद्यालयमा छात्रहरूमाथि दुर्व्यवहार गरेको भन्ने विद्यार्थी अभिभावकको उजुरी छ। २३ गते बिहान विद्यालयमा बैठक छ भनी जानकारी गराएको हुँदा सो दिन विद्यालयमा शिक्षक अभिभावकको बैठक बसी छलफल हुँदा अभिभावकहरू आक्रोशित भई छलफल हुन नसकेको हो। प्रतिवादीले विद्यार्थीलाई दिएको गृहकार्य नगरेकोमा सजाय दिएको हुनुपर्छ। निज प्रतिवादीले २०६८ सालमा पनि विद्यार्थीहरू माथि कुटपिट दुर्व्यवहार गरेकोले विद्यालयमा कबुलियतनामा कागज गराएकोमा पुनः गल्ती नदोहोऱ्याएका हुँदा नाबालिका छात्राहरू माथि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुनका घटना घटाएको भए कानूनबमोजिम कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।३।१ मा बुझिएका शिक्षक धनबहादुर खत्रीले गरेको कागज।

मिति २०७२।२।२१ मा परिवर्तित नामथर कुश्मा (ट) ले मलाई फोन गरी प्रतिवादी शिक्षकले छोरीहरू माथि यौन दुर्व्यवहार गर्ने गर्दा रहेछन् भनी बताउनुभएकोले मैले पीडितहरू कुश्मा (छ), (ज), (झ) लाई भेटी सोधपुछ गर्दा आफूहरूलाई प्रतिवादी शिक्षकले विद्यालयको लाइब्रेरी कोठामा पालैपालो बोलाई स्तन माड्ने, योनि चलाई दिने, आफ्नो लिङ्ग निकाली खेलाउन, चुस्न लगाउने, योनिमा घर्षण गराई वीर्य स्खलन गराउने गर्छन् भनी बताएका र सो घटनाबारे विद्यालयमा बुझ्दा निज प्रतिवादीले उक्त वारदातका दिन तथा सोभन्दा पहिला पनि पीडितहरू माथि त्यस्ता कार्य गर्दै आइरहेको, सो विषयमा विद्यालयमा बैठक बसी कुराकानी हुँदा प्रतिवादीले आफूले गल्ती गरेको हुँदा राजीनामामा जान्छु भनेको, निज प्रतिवादीले पहिला पनि छात्राहरू माथि त्यस्तै कार्य गरेको हुँदा मिति २०६८ सालमा विद्यालयमा कबुलियतनामा कागजसमेत गरी छाडेको भन्ने बुझिएको र उक्त २१ गते वारदातका दिन प्रतिवादीले कक्षा २ का विद्यार्थीको हाजिर नगरेको भन्नेसमेत सुनेको हुँ। शिक्षक भएर विद्यार्थीहरू माथि यौन दुर्व्यवहार गर्ने निज प्रतिवादीउपर कानूनबमोजिम कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।३।२ मा बुझिएका मानबहादुर क्षेत्रीले गरेको कागज।

मिति २०७२।२।२१ को साँझ पीडितहरू कुश्मा (छ), (ज), (झ) लाई प्रतिवादी शिक्षक बमबहादुर खत्रीले विद्यालयमा यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्छन् भन्ने कुरा जाहेरवालाहरूबाट सुनी थाहा पाई मेरो छोरी दिया भन्ने दिक्षा वि.क.लाई सोध्दा निज प्रतिवादीले गृहकार्य नगरेको भन्ने बहानामा छाती समात्ने, साँप्रामा हान्ने चिमोट्ने गर्छन् भनी बताएको र पीडितहरूसँग समेत बुझ्दा निज प्रतिवादीले पीडितहरूलाई पालैपालो लाइब्रेरी कोठामा बोलाई स्तन, यौनाङ्ग चलाई आफ्नो लिङ्ग चुस्न लगाउने, योनिमा लिङ्ग घर्षण गराउने, कुश्मा (झ) को योनिमा लिङ्ग घर्षण गराई वीर्य स्खलन गराएको कुरा थाहा भएको हो। सो विषयमा विद्यालयमा शिक्षक अभिभावकबीच छलफल हुँदा निज प्रतिवादीले आफूले गल्ती गरेको हुँदा माफी पाउँ भनी राजीनामा दिन्छु भनेका र २०६८ सालमा पनि छात्राहरू माथि दुर्व्यवहार गरेकोले कबुलियतनामा कागज भएको भन्ने बैठकमा सुनेको हुँ। त्यसरी नाबालिका छात्राहरू माथि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने निज प्रतिवादी शिक्षकउपर कानूनबमोजिम कडा कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।३।२ मा बुझिएका गिता वि.क.ले गरेको कागज।

म श्री ज्ञानेन्द्र प्रा.वि.मा मिति २०७१।१।२१

गतेदेखि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा कार्यरत रहँदै आएको छु । प्रतिवादी शिक्षक बमबहादुर खत्रीले विद्यालयका छात्राहरू माथि नराम्रो व्यवहार गर्ने गरेकोले अभिभावकले विद्यार्थीलाई पढ्न नपठाउने भनेका छन् रे बुझ्न जाउँ भनी मिति २०७२।२।२२ को बिहान प्र.अ. टेकबहादुर भुवाजीको घरमा गई जानकारी गराई छात्रा रोशिका बस्नेतको घरमा गई बुझ्दा निज प्रतिवादीले पहिलादेखि नै छात्राहरू माथि यौन दुर्व्यवहार गर्दै आएको कुरा खुलेको र पीडितहरू कुश्मा (छ),(ज),(झ) ले समेत आफूहरूलाई प्रतिवादी सरले लिङ्ग खेलाउन चुस्न लगाउने, स्तन चिमोट्ने, गुप्ताङ्ग चलाउने जस्ता कार्य गर्ने गरेको बताएका हुँदा ऐ.२३ गते बिहान विद्यालयमा शिक्षक अभिभावक बैठक बसी छलफल हुँदा प्रतिवादी शिक्षक बमबहादुर खत्रीले आफ्नो कसुर स्वीकार गरी माफी मागी राजीनामा दिने भनेका हुन् । निज प्रतिवादीले २०६८ सालमा पनि छात्राहरू माथि यौन दुर्व्यवहार गरेको हुँदा कबुलियतनामा कागज भएको भन्ने सुनेको छु । शिक्षक भएर नाबालिका छात्राहरू माथि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने निज प्रतिवादीउपर कानूनबमोजिम हदैसम्म सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।३।२ मा बुझिएका श्री ज्ञानेन्द्र प्रा.वि.का विद्यालय व्यवस्थापन समिति अध्यक्ष भिमप्रसाद भट्टराईले गरेको कागज ।

मिति २०७२।२।२१ मा मेरी छोरी परिवर्तित नामथर कुश्मा (छ) विद्यालय गएर घरमा आउँदा नबोलेकी र ऐ. बेलुकी अ ५:३० बजेतिर विना वि.क. सँग भेट हुँदा निजले प्रतिवादी बमबहादुर सरले विद्यालयमा परिवर्तित नामथर कुश्मा (छ),(ज), (झ) को स्तन, गुप्ताङ्ग चिमोट्ने, लिङ्ग खेलाउन लगाउने चुस्न लगाउने गर्छन् रे भनी बताएपछि छोरीलाई फकाई फुलाई सोधपुछ गर्दा निजले रूँदै आफू तथा उल्लिखित अन्य पीडितहरू माथि डर धाक देखाई यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने गरेको बताएकी हुन् । सो विषयमा ऐ.२३ गते विद्यालयमा बैठक हुँदा प्रतिवादीले आफूले गल्ती गरेको भनी माफी मागी राजीनामा मागेका थिए । निजले २०६८ सालमा पनि छात्राहरू माथि यौन दुर्व्यवहार गरेका कारण कबुलियतनामा कागज भएको रहेछ । यसरी विद्यालयमा अध्ययन गर्न गएका नाबालिका छात्राहरू माथि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने निज प्रतिवादीउपर कानूनबमोजिम हदैसम्मको सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।३।२ मा परिवर्तित नामथर कुश्मा (ट) ले गरेको कागज ।

मिति २०७२।२।२१ मा पीडितहरू परिवर्तित नाम थर कुश्मा (छ),(ज),(झ) तथा अन्य छात्राहरू .... समेतले विद्यालयमा बमबहादुर खत्री सरले आफूहरूको स्तन, गुप्ताङ्ग चिमोट्ने निजको लिङ्ग खेलाउन, चुस्न लगाउने गरेको कुरा बताएका हुन् । निज प्रतिवादीले २०६८ सालमा पनि विद्यालयमा छात्राहरू माथि दुर्व्यवहार गरेको कारण कबुलियतनामा कागज भएको हो । त्यसरी नाबालिका छात्राहरू माथि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने निज प्रतिवादी माथि कानूनबमोजिम कडा कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।३।५ मा बुझिएका रामकृष्ण सुनारले गरेको कागज ।

मिति २०७२।२।२१ को बेलुकी गिता वि.क. मेरो घरमा आई विद्यालयमा बमबहादुर सरले छोरीहरू माथि दुर्व्यवहार गर्छन् रे तपाइँको छोरीसँग पनि बुझ्नु न भनेकी हुँदा मैले छोरी रेजिना वि.क. सँग बुझ्दा निज प्रतिवादीले कक्षामा पढ्ने छात्राहरूलाई पालैपालो बोलाई लिङ्ग खेलाउन, चुस्न लगाउने, योनि खेलाइदिने, स्तन चिमोट्ने गरेको कुरा बताएकी र वारदातका दिनमा निज प्रतिवादीले परिवर्तित नाम थर कुश्मा (छ), (ज), (झ) लाई लाइब्रेरी कोठामा पालैपालो बोलाई उल्लिखित किसिमको कार्य गरेको कुरा छोरीबाट थाहा भएको हो । सो विषयमा ऐ.२३ गते विद्यालयमा बैठक हुँदा प्रतिवादीले आफूले गल्ती गरेको

भनी माफी मागी राजीनामा दिने भनेका थिए । निजले २०६८ सालमा पनि छात्राहरू माथि यौन दुर्व्यवहार गरेको कारण कबुलियतनामा कागज भएको रहेछ । यसरी विद्यालयमा अध्ययन गर्न गएका नाबालिका छात्राहरू माथि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने निज प्रतिवादीउपर कानूनबमोजिम सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।३।६ मा बुझिएका विनाकुमारी वि.क.ले गरेको कागज ।

प्रतिवादी शिक्षक बमबहादुर खत्रीले विद्यालयमा मेरो भतिजी नाता पर्ने परिवर्तित नाम थर कुश्मा (छ) समेतलाई यौन दुर्व्यवहार गर्छन् रे भन्ने कुरा मिति २०७२।२।२२ मा थाहा पाई पीडित भतिजीसँग बुझ्दा ऐ.२१ गते तथा सोपूर्वका दिनहरूमा समेत निज प्रतिवादीले विद्यालयको लाइब्रेरी कोठामा पीडितहरूलाई पालैपालो बोलाई छाती, गुप्ताङ्ग चिमोट्ने, चलाई दिने, आफ्नो लिङ्ग पीडितहरूको हातले खेलाउन लगाउने, मुखले चुस्न लगाउने, योनिमा घर्षण गरी वीर्य स्खलन गर्ने जस्ता कार्य गरेको थाहा भएको हो । नाबालिकाहरू माथि त्यसरी यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन गर्ने निज प्रतिवादीउपर कानूनबमोजिम कडा कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।३।६ मा बुझिएकी चन्द्रा क्षेत्रीले गरेको कागज ।

प्रतिवादी शिक्षक बमबहादुर खत्रीले विद्यालयमा छात्राहरू माथि दुर्व्यवहार गर्ने गरेको कुरा मिति २०७२।२।२० मा ज्ञानेन्द्र प्रा.वि. तिलाहारमा अध्ययन गर्ने छात्रा दिया भन्ने दिक्षा वि.क.ले बताएकी र ऐ.२१ गते वारदातका दिनमा पीडितहरू परिवर्तित नाम थर कुश्मा (छ),(ज),(झ) लाई निज प्रतिवादीले आफ्नो लिङ्ग खेलाउन, चुस्न लगाउने, पीडितहरूको छाती, योनि चिमोट्ने, खेलाई दिने, योनिमा लिङ्ग घर्षण गरी वीर्य स्खलन गरेको कुरा जाहेरवाला तथा पीडितहरू समेतले बताएकाले थाहा भएको हो । सो विषयमा ऐ.२३ गते विद्यालयमा बैठक हुँदा प्रतिवादीले आफूले गल्ती गरेको भनी माफी मागी गोजीबाट राजीनामा निकाली टेवलमा राखेका थिए । निजले २०६८ सालमा पनि छात्राहरू माथि यौन दुर्व्यवहार गरेको कारण कबुलियतनामा कागज भएको रहेछ । यसरी विद्यालयमा अध्ययन गर्न गएका नाबालिका छात्राहरू माथि यौन दुर्व्यवहार तथा अप्राकृतिक मैथुन र जबरजस्ती करणी गर्ने निज प्रतिवादीउपर कानूनबमोजिम हदैसम्मको सजाय हुनुपर्छ भन्नेसमेत बेहोराको नन्दकली नेपाली, विष्णु नेपाली र तेजबहादुर सुनारसमेत जना ३ ले मिति २०७२।३।१० मा गरेको वस्तुस्थिति मुचुल्का ।

विद्यालयमा पढ्ने छात्रालाई कुटपिट गरेको विषयमा मिति २०६८।५।७ मा गरिएको कबुलियतनामा कागजमा भएको मेरो नामको दस्तखत मेरो हो । मैले पहिलो पिरियड कक्षा २ मा पढाउँछु । वारदात मिति २०७२।२।२१ मा कक्षा १ मा हाजिरी गराएँ । कक्षा २ मा हाजिर गराउन बिर्सिएँ । मैले विद्यार्थीलाई दुर्व्यवहार गरेको कुरा आएपछि गल्ती स्वीकारी माफ मागी राजीनामा दिन्छु भनेको हुँ भन्नेसमेत बेहोराको मिति २०७२।३।१४ को प्रतिवादी बमबहादुर खत्रीको तितम्बा बयान ।

मिति २०७२।२।२१ मा मेरो कक्षामा म, दिया वि.क., विन्दिया वि.क., परिवर्तित नाम कुश्मा (झ) समेत गएका थियौं । सो दिन पहिलो पिरियड पढाउन आएका प्रतिवादीले हाजिरी किताब ल्याई हाजिरी रोल नं. अनुसार हाम्रो नाम बोलाएकोमा निजले हाजिरीमा हाम्रो हाजिर गरे गरेनन् मलाई थाहा भएन । हाजिरी रोलक्रम बोलाएपछि निजले अरूलाई बाहिर पठाई निजले आफ्नो लिङ्ग मलाई मुखले चुस्न लगाई सो लिङ्ग मेरो योनिमा दल्दा घोट्दा मलाई दुखेकोले म रोएपछि निजले मलाई छोडेको हो भन्नेसमेत बेहोराको पीडित कुश्मा (छ) को पूरक कागज ।

मिति २०७२।२।२१ को बिहानको खाना खाई मेरो नातिनी परिवर्तित नाम कुश्मा (ज) विद्यालय

गएकोमा विद्यालयबाट घर आउँदा निजको दाहिने हातमा कोतरिएको देखी के भयो भनी सोध्दा प्रतिवादीले मेरी नातिनीलाई एक्लै कक्षामा राखी आफ्नो लिङ्ग नातिनीलाई खेलाउन लगाई नातिनीको योनिमा लिङ्ग घर्षण गरेको र सो घर्षणको पीडा खप्न नसकी प्रतिकार गर्न खोज्दा कोठाको भित्तामा ठोक्किन गई कोतरिई चोट लागेको तथा प्रतिवादीले सोपूर्वका दिनहरूमा पनि बालिकाहरूमाथि यौन दुर्व्यवहार गरेको कुरा नातिनीले बताएकोले सुनी थाहा पाएको हुँ, भन्ने परिवर्तित नाम कुश्मा (ठ) को मिति २०७२।३।१४ को कागज।

मिति २०७२।२।२१ मा श्री ज्ञानेन्द्र प्राथमिक विद्यालयमा म, परिवर्तित नामथर जिल्ला ४४ बस्ने कुश्मा (छ), (ज) र (झ) समेत गई बिहानको प्रार्थना सामेली भई आ-आफ्नो कक्षा कोठामा गई अध्ययन गर्ने क्रममा सोही विद्यालयका शिक्षक बमबहादुर खत्रीले कापी चेक गर्ने क्रममा कक्षा कोठामा अध्ययन गर्ने केटाहरूलाई बाहिर खेल्न पठाई मसमेतलाई सो कोठामा राखी आफ्नो लिङ्ग खेलाउन लगाई, मेरो छातिमा, गुप्ताङ्गमा समातेका थिए । सो वारदात मितिमा प्रतिवादीले कक्षा कोठामा पीडितहरू कुश्मा (छ), (ज) र (झ) समेतलाई राखी निजको लिङ्ग समाउन, खेलाउन लगाउने, पीडितहरूको छाती, स्तन समात्ने, आफ्नो लिङ्ग पीडितहरूको योनिमा राख्ने गरेको कुरा पीडितहरूले वारदातको मितिमा घर फर्कने क्रममा बताएर थाहा पाएकी हुम भन्नेसमेत बेहोराको मिति २०७२।०३।१५ मा बुझिएकी रेजिना सुनारले गरेको कागज।

मिति २०७२।२।२१ मा म श्री ज्ञानेन्द्र प्राथमिक विद्यालयमा पढ्न गएकोमा सो दिन मेरो कक्षामा म, दिया वि.क.,परिवर्तित नाम कुश्मा (छ) र (झ) समेत भएकोमा सो दिन पहिलो पिरियडमा प्रतिवादी बमबहादुर खत्री सर आउनु भई हामीहरूको हाजिरी रोलक्रमअनुसार बोलाउनु भएकोमा हाम्रो हाजिरी निजले हाजिरी पुस्तिकामा जनाए जनाएनन् थाहा भएन, हाजिरी नाम बोलाइसकेपछि निजले मसमेतलाई बाहिर पठाई कुश्मा (छ) लाई कक्षाकोठामा राखेकोमा निजलाई के गरे मलाई थाहा भएन । केही समयपश्चात् प्रतिवादीले मेरो कपी जाँच्न भनी मलाई बोलाई भित्र जाँदा निजले मेरो छातीमा समाई साँप्रामा चिमोटी मलाई बाहिर पठाएका हुन् । सो दिन प्रतिवादीले पीडितहरूलाई कक्षा कोठामा पालोपालो बोलाई निजको लिङ्ग समाई मुखले चुस्न लगाई, आफ्नो लिङ्ग पीडितहरूको योनिमा जोडी सेतो चिप्लो तरल पदार्थ निकालेको र सो कार्य प्रतिवादीले वारदातपूर्वका दिनहरूमा पनि पटकपटक गर्ने गरेको कुरा पीडितरूले वारदातको मितिमा घर फर्कने क्रममा बताएर थाहा पाएकी हुँ । निजलाई कारबाही हुनुपर्छ भन्नेसमेत बेहोराको मिति २०७२।०३।१५ मा बुझिएकी विन्दिया वि.क.ले गरेको कागज।

मिति २०७२।२।२१ मा म आफ्नो विद्यालयमा पढ्न गएको थिएँ। सो दिन मेरो कक्षामा म, दिया वि.क.,परिवर्तित नाम कुश्मा (झ) र विन्दिया सुनारसमेत थियौं। सो दिन पहिलो पिरियड पढाउन प्रतिवादी बमबहादुर खत्री आउनु भई हाजिरी रोलक्रमअनुसार नाम बताइसकेपछि निजले गृहकार्य चेक गर्ने भनी अरूलाई बाहिर पठाई मलाई कक्षाकोठामा राखी निज कुर्चीमा बसी निजको लिङ्ग निकाली मलाई चलाउन मुखले चुस्न लगाई चुसाई मलाई निजैको अगाडि उभ्याई मेरो पिसाब घर निजले चलाई पुनः निजको लिङ्ग मेरो योनिमा जोडी दल्दा मलाई दुखेकोले मैले प्रतिकार गर्दा मेरो हातको नङले निजको छातीमा कोतारिनुको साथै म जबरजस्ती निजबाट फुत्किँदा उछिट्टिई भित्तामा मेरो दाहिने हात धसारिँदा सो हातमा ददारेको कोतारेको हो। प्रतिवादीले सो दिन अन्य पीडितहरूलाई पनि मलाई जस्तै नराम्रो व्यवहार गरेको कुरा पीडितहरूले विद्यालयबाट घर फर्कने बेलामा मलाई बताएको हो । निजले वारदातका दिन तथा पटकपटक मसमेतलाई अप्राकृतिक मैथुन गरी

जबरजस्ती करणी गरेको हुँदा कानूनबमोजिम कारबाही हुनुपर्छ भन्ने मिति २०७२।०३।१५ मा परिवर्तित नामथर जिल्ला ४४ बस्ने कुश्मा (ज) ले गरेको कागज।

प्रतिवादी बमबहादुर खत्रीले आफूले पढाउने गरेको श्री ज्ञानेन्द्र प्रा.वि. तिलाहार पर्वतका छात्राहरूउपर विगत समयमा पनि यौनजन्य दुर्व्यवहारसमेत गर्दै आएका वारदात मिति २०७२।२।२१ का दिन एवं सोअघिका दिनहरूमा समेत कक्षा २ र ३ मा अध्ययन गर्ने पीडित छात्राहरू परिवर्तित नामथर वर्ष ६ की कुश्मा (छ), वर्ष ९ की कुश्मा (ज) र वर्ष ६ की कुश्मा (झ) समेतलाई डरधाक धम्की, अनुचित प्रभाव, झुक्यानमा पारी विद्यालय समयमा विद्यालय कक्षा कोठाभित्र राखी जबरजस्ती करणी र अप्राकृतिक मैथुन गरेकोले निज प्रतिवादी बमबहादुर खत्रीको उल्लिखित कार्य मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं विपरीत ३(१) र ९क.नं अनुसारको कसुर अपराध भएको देखिँदा निज प्रतिवादीलाई सोही महलको ३(१) नं. बमोजिम सजाय गरी ऐ. महलको ९क नं. बमोजिम थप सजाय हुन र पीडितहरू कुश्मा (छ), कुश्मा (ज) र कुश्मा (झ) समेतलाई सोही महलको ९क, १०, १०ग. नं बमोजिम प्रतिवादीबाट मनासिब क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ । प्रतिवादीको अंश भागसमेत सोही महलको १०ग नं. बमोजिम रोक्का गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग पत्र।

अभिभावकहरूले रिसइवीका कारण जाहेरी दिएका हुन्। वारदात भएको भनिएको दिन विद्यार्थीहरू कक्षा २ मा एकजना पनि उपस्थित थिएनन्। जाहेरीमा भनेजस्तो गर्न स्कुलमा सम्भव छैन, मेरो नातिनी जस्तै बालबालिकालाई यस्तो कार्य गर्न महापाप हुन्छ। विद्यार्थीलाई यस्तो व्यवहार गर्‍यो भन्ने जाहेरी झुट्टा ठहर्छ। रिसइवीका कारण जाहेरी परेको हो। मेरो चरित्र हत्या गर्नका लागि जाहेरी दिएका हुन् । मेरो कुनै गल्ती छैन । प्रहरीले जबरजस्ती मुचुल्का खडा गरेको हो। छोरीको विवाहमा दलितलाई निम्ता नगरेको रिसइवीसमेत साँधेका हुन् । अभिभावकले सिकाएर विद्यार्थीले त्यस्तो झुट्टा बेहोरा लेखाएका हुन् । मैले अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भन्नेसमेत बेहोराको प्रतिवादी बमबहादुर खत्रीले सुरू अदालतमा गरको बयान।

होमर्वक चेक गराउन जाँदा बमबहादुर सरले मेरो दूध छाम्ने आफ्नो फोहोरी कुरामा मेरो हात लैजानुहुन्थ्यो । यस्तो गरेको भनिस् भने पुलिसले लान्छन् भन्नुहुन्थ्यो । फोहोरी कुराबाट सेतो सेतो के हो झार्नुहुन्थ्यो । यस्तो कार्य गरेको टेकबहादुर सरलाई भने त्यसपछि टेकबहादुर सरले गंगा मिसलाई भन्नुभयो, मैले साथीहरूलाई पनि भने भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम कुश्मा (ज) ले यस अदालतमा अभिभावक कुश्मा (ङ) को रोहबरमा गरेको बकपत्र।

बमबहादुर सरले आफ्नो फोहोरी कुरा मेरो फोहोरी कुरामा जोडनु हुन्थ्यो। कसैलाई नभन् भनिस् भने पुलिसले लैजान्छ भन्नुहुन्थ्यो। आफ्नो फोहोरी कुरा खेलाउन लगाउनुहुन्थ्यो भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम कुश्मा (छ) ले सुरू अदालतमा गरेको बकपत्र।

मलाई स्कुलमा बमबहादुर सरले पढाउँदा फोहोर कुरा गर्नुहुन्थ्यो, फोहोर कुरा छाम्न लगाउनुहुन्थ्यो। आफ्नो फोहोर कुरामा हात लैदिनु हुन्थ्यो र दुध-दुधमा समाउनु हुन्थ्यो भन्नेसमेत बेहोराको पीडित परिवर्तित नाम कुश्मा (झ) ले सुरू अदालतमा गरेको बकपत्र।

उक्त मितिमा उक्त विद्यालयमा त्यस्तो जबरजस्ती करणी र अप्राकृतिक मैथुन गर्ने वातावरण थिएन। प्रतिवादी बमबहादुरको आनीबानी राम्रो थियो। जबरजस्ती करणी र अप्राकृतिक मैथुन गर्ने जस्तो कार्य यी प्रतिवादीले गरेको भन्ने मलाई लाग्दैन भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी भिमबहादुर के.सीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीको समाजमा आनीबानी राम्रो थियो। पहिला केही कुरा सुनिन। पछि स्कुलमा जम्मा भई छलफल भएको थियो । प्रतिवादीले मैले गरेको होइन भन्नु भयो अरूले प्रतिवादीलाई दोष लगाए भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी मानबहादुर खत्रीले सुरू अदालतमा गरेको बकपत्र।

कामदार र विद्यार्थीहरू समेत भएको अवस्थामा त्यस्तो कार्य गर्न मिल्दैन । तहाँ त्यस्तो वातावरण थिएन। प्रतिवादीउपर लगाइएको अभियोग सरासर झुट्टा हो । उहाँले जाँड रक्सीसमेत खानु हुन्न र यौन शोषण र दुर्व्यवहार गर्ने स्वभावका व्यक्ति होइनन । प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिनुपर्दछ भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी सिता अखेलीले सुरू अदालतमा गरेको बकपत्र।

मेरो बहिनीलाई मैले सोध्दाखेरी मेरो बहिनीले प्रतिवादीले आफ्नो मुखमा लिङ्ग चुसाउन लगाउनुहुन्थ्यो । आफ्नो लिङ्ग हातमा समाउन लगाउने, डर धम्की देखाएर घरमा कसैलाई भन्न हुन्न भन्ने गर्नुहुँदो रहेछ । बहिनीले उक्त कुरा भनेर थाहा पाएको हुँ। पीडितहरूले भनेअनुसार सोभन्दा पहिला पनि गर्ने गर्नुहुन्थ्यो । केटालाई टवाइलेट जा भनेर पठाउने र त्यस्तो क्रियाकलाप गर्नुहुँदो रहेछ भन्नेसमेत बेहोराको जाहेरवाला परिवर्तित नाम कुश्मा (घ) ले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी बमबहादुर एउटा अनुशासित शिक्षक थिए। निजले महिलामाथि यौन दुर्व्यवहार गर्ने जस्ता घृणित कार्य गर्दैनथे । यी प्रतिवादीलाई झुट्टा आरोप लगाइएको हो। प्रतिवादीले नाबालिकाहरूलाई अप्राकृतिक मैथुन, जबरजस्ती करणी गर्ने काम नगरेको हुँदा घरायसी रिसइवीका कारण झुट्टा आरोप लगाएको देखिन्छ । वनसम्बन्धी विषयमा आन्तरिक रिसइवी थियो भन्नेसमेत बेहोराको प्रतिवादीका साक्षी नरबहादुर भुवाजीले सुरू अदालतमा गरेको बकपत्र।

अनुसन्धानमा गरेको कागज बेहोरा, सहिछाप मेरो हो। पीडित ....लाई सोध्दा आफूलाई बमबहादुर सरले लाइब्रेरी कोठामा लगेर गुप्ताङ्ग खेलाउने गर्नुहुन्थ्यो। घिउ जस्तो चिज निकाल्नुहुन्थ्यो भन्थी । प्रतिवादीलाई सजाय त हुनैपर्छ भन्नेसमेत बेहोराको वादीका साक्षी चन्द्र क्षेत्रीले यस अदालतमा गरेको बकपत्र।

बच्चाहरूलाई प्रतिवादी बमबहादुरले लाइब्रेरीको कोठामा बोलाएर चेन खोल्ने, लिङ्ग बाहिर निकाल्ने, छाम भन्ने काखमा राख्ने गरेको कुरा स्कुलमा पढ्ने ....ले घरमा आइ भने पछि थाहा भएको हो । उक्त मितिभन्दा पहिला पनि यस्तो कार्य गरेको थाहा पाएकी हुँ भन्नेसमेत बेहोराको वादीका साक्षी नन्दकली नेपालीले सुरू अदालतमा गरेको बकपत्र।

छोरीले सरले घिउजस्तो पदार्थ निकाल्नु भयो भनेपछि मैले विश्वास गरेकी हुँ। बमबहादुर सरले काखमा राख्ने, लिङ्ग खेलाउन लगाउने, नानीको पिसाब फेर्नेमा औंला राखेर नानीका पिसाब फेर्नेमा आफ्नो पिसाब फेर्ने राखेर घिउ जस्तो पदार्थ निकाल्ने गर्नुहुन्छ भन्थी। हामीले देखेको होइन छोरीले भनेको आधारमा भनेको हो भन्नेसमेत बेहोराको वादीका साक्षी परिवर्तित नाम कुश्मा (ट) ले सुरू अदालतमा गरेको बकपत्र।

हामीले नातिनीलाई स्कुल पठाएको हो, सरले कोठामा तानी तानी दुध खेलाउनी, होमर्वक लिएर जाँदा खेरी पिसाब फेर्ने खेलाउन लगाउने, आदि गर्नुहुँदो रहेछ। मैले नातिनीले भनेर उक्त कुरा थाहा पाएकी हुँ भन्नेसमेत बेहोराको जाहेरवाली परिवर्तित नाम कुश्मा (ङ) ले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीले बच्चाहरूलाई एकएक गरी बोलाई बालकहरूलाई बाहिर जाउ भनी बालिकाहरूलाई आफ्नो लिङ्ग खेलाउन लगाउने, चुसाउने जस्ता कार्य गरेको भनी बच्चाहरूले भनेपश्चात् थाहा भएको भन्नेसमेत बेहोराको जाहेरवाल परिवर्तित नाम कुश्मा (च) ले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०७२।२।२१ मा विद्यालयमा यी पीडित भनिएका बच्चीहरू नै नआएका हुँदा जबरजस्ती करणी र यौन दुर्व्यवहार गर्ने कुरा भएन भन्नेसमेत बेहोराको वादीका साक्षी अमृता लामिछानेले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी बमबहादुर सरले बच्चाहरूलाई आफ्नो लिङ्ग चुसाउन लगाउने गर्नुहुँदो रहेछ । हामीले देखेको होइन । बमबहादुर सरले फोहोरी कुरा खेलाउन दिनुहुन्छ । घिउ झार्नुहुन्छ भन्थे बच्चाहरूले भन्नेसमेत बेहोराको वादीका साक्षी विष्णु नेपालीले सुरू अदालतमा गरेको बकपत्र।

हामीलाई बच्चाले भनेर थाहा पाएको हो । बच्चाहरूले भनेअनुसार बमबहादुर सरले लाइब्रेरीमा लैजाने चिमोटने, लिङ्ग समाउन भन्ने जस्ता कुराहरू गर्नुहुन्थ्यो भन्थे भन्नेसमेत बेहोराको वादीका साक्षी मानबहादुर क्षेत्रीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीले पहिला पनि त्यस्तो काम गर्ने गर्दथे मैले सो कुरा बच्चाबाट सुनेको हुँ। निज दोषी छन्, अपराध गरेका हुन् भन्नेसमेत बेहोराको वादीका साक्षी तेजबहादुर सुनारले सुरू अदालतमा गरेको बकपत्र।

उल्लेख गरेजस्तो क्रियाकलाप केही पनि देखिएन, त्यस्तो क्रियाकलाप हुन सक्छ जस्तो लाग्दैन भन्नेसमेत बेहोराको वादीका साक्षी गंगाकुमारी के.सीले सुरू अदालतमा गरेको बकपत्र।

म त्यो दिन बिदामा रहेको छु, त्यसकारण यो बारेमा मलाई थाहा छैन भन्नेसमेत बेहोराको वादीका साक्षी टेकबहादुर भुवाजीले सुरू अदालतमा गरेको बकपत्र।

म तालिममा थिएँ यस विषयमा थाहा भएन अरू प्रमाण बोल्ला भन्नेसमेत बेहोराको वादीका साक्षी धनबहादुर खत्रीले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी बमबहादुर सरले फोहोरी कुरा गर्नुहुन्थ्यो । अनि ममीलाई भन्छेस् कि भन्दिनस् भन्नुहुन्थ्यो भनिस् भने मारदिन्छु भन्नुहुन्थ्यो । छातीहरू छाम्नुहुन्थ्यो, अनि हाम्रो कुरामा आफ्नो फोहोरी कुरा हाल्नु हुन्थ्यो । आफ्नो पिसाब फेर्ने ठाँउमा समाउन लगाउनुहुन्थ्यो नसमाते पिट्नुहुन्थ्यो भन्नेसमेत बेहोराको वादीका साक्षी रेजिना सुनारले सुरू अदालतमा गरेको बकपत्र।

योनिच्छेदन नभएको, योनिबाहिर घाउचोट नभएको, योनिबाहिर वीर्य रौं नभेटिएको शारीरिक जाँच गर्दा नै पत्ता लागेको हो भन्नेसमेत बेहोराको स्वास्थ्य परीक्षण गर्ने चिकित्सक डा.कुशल रानाभाटले सुरू अदालतमा गरेको बकपत्र।

जिल्ला सरकारी वकिल कार्यालय पर्वतको च.नं ३० मिति २०७२।४।२२ को पत्रसाथ प्राप्त केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको।

मिसिल संलग्न कागज प्रमाण हेर्दा प्रतिवादी बमबहादुर खत्री ज्ञानेन्द्र प्रा.वि को शिक्षक भएको, पीडितहरू सोही विद्यालयका विद्यार्थीहरू भएको देखिएको, शिक्षा नियमावली २०५९ को नियम १३३ को उपनियम (१) को खण्ड (ङ) मा "विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने छ" भन्ने उल्लेख भएको छ भने सोही उपनियमको खण्ड (च) मा "आज्ञाकारिता, अनुशासन, सदभावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य, सच्चरित्रलाई प्रोत्साहन दिनुपर्ने" भन्ने उल्लेख भएको छ भने सो उपनियमको खण्ड (ट) मा "विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने" भनी शिक्षकले पालना गर्नुपर्ने आचार संहिताको कानूनले व्यवस्था गरेकोमा प्रतिवादीले आफ्नो पेसागत आचार संहिताविपरीत पीडितहरूलाई पढाउनुको सट्टा मानसिक, शारीरिक यातना दिई आफ्नो मैथुनको इच्छा अप्राकृतिक तरिकाबाट पूरा गरेको देखियो । सामुदायिक विद्यालयमा अध्ययनरत पीडित बालिकाहरूलाई

सोही विद्यालयका सामाजिक विषय पढाउने शिक्षक पदमा आसिन प्रतिवादी बमबहादुर खत्रीले डर, त्रास र प्रभावमा पारी अप्राकृतिक मैथुन गरेको हुँदा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ९क नं को कसुर अपराधमा सोही महलको ३ नं को देहाय (१) बमोजिम १० वर्ष कैद र सोही महलको ९क नं. वमोजिम थप १ वर्ष कैदसमेत गरी जम्मा ११ वर्ष कैद सजाय हुने ठर्हछ साथै वादी नेपाल सरकारले आफ्नो अभियोग पत्रमा प्रतिवादीबाट पीडितहरूलाई क्षतिपूर्ति दिलाई पाउँ भनी अभियोग माग दाबी सम्बन्धमा विचार गर्दा, जबरजस्ती करणीको महलको १० नं. मा कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराइदिनुपर्ने छ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गाम्भिर्य, कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजका आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्नेछ भन्ने कानूनी व्यवस्था भएको हुँदा प्रतिवादीले यी नाबालक पीडितहरू आफ्नो विद्यार्थीहरू ६, ७ र ९ वर्षका कलिला बालिकाहरूलाई अप्राकृतिक मैथुन गरी जबरजस्ती करणी गरेको हुँदा प्रतिवादीबाट पीडितहरूलाई पर्न गएको सामाजिक, आर्थिक, मानसिक, शारीरिक क्षतिको वास्तविक क्षतिपूर्ति नभए तापनि निजहरूलाई केही राहत पुगोस् भन्ने अभिप्रायले क्षतिपूर्ति भराइ दिन व्यवस्था कानूनले गरेको देखिँदा प्रतिवादीको आर्थिक हैसियत, पीडितलाई पुगेको क्षतिसमेतका आधारमा प्रतिवादीबाट पीडितहरू परिवर्तित नाम कुश्मा (छ), कुश्मा (ज) र कुश्मा (झ) ले जनही रू.५०,०००।- का दरले क्षतिपूर्ति पाउने ठहर्छ भन्नेसमेत बेहोराको सुरू पर्वत जिल्ला अदालतको मिति २०७२।६।११ को फैसला।

म पुनरावेदक ज्ञानेन्द्र प्रा.वि.को शिक्षक हुनु र पीडित भनिएकाहरू विद्यार्थी भएकै तथ्यले अपराध भएको भन्न मिल्दैन। जहाँसम्म मिति २०७२।२।२१ मा पीडित भनिएकाहरूलाई सांकेतिक नम्बरअनुसार पालैपालो बोलाई विद्यालयको लाइब्रेरी कोठामा लगी आफ्नो लिङ्ग समाउने चुसाउने लिङ्ग खेलाउन लगाउने गरेको कुरा पीडितहरूले घरमा आई भनेबाट थाहा पाई जाहेरी गरेको भन्ने किटानी जाहेरीलाई समर्थन गरी बकपत्र भएको भन्ने मलाई दोषी करार गर्न लिएको आधार छ त्यस सम्बन्धमा पीडित भनिएकाहरू मध्ये कुश्मा (ज) ले अनुसन्धानमा कागज गर्दा टेकबहादुर भुवाजी सरलाई रिपोट गरेकी अरू कोही कसैलाई नभनेकी भन्ने कागज गरेकी छिन् । त्यस्तै पीडित भनिएकी कुश्मा (झ) ले अदालतमा बकपत्र गर्दा बकपत्रको स.ज. १३ मा गंगा मिस अमृता मिसलाई फोहोरी कुरा गरेको कुरा बताएकी र मिसलाई बताइन भनी बकपत्र गरेकी छिन्। कुश्मा (झ) को आमा कुश्मा (च) सो बकपत्रको रोहवरमा संरक्षक भई सहीछापसमेत गरेकी छन् । पीडित भनिएकी कुश्मा (छ) ले अदालतमा बकपत्र गर्दा बकपत्रको स.ज. १२ मा बमबहादुर सरले फोहोर कुरा गरेको भनी को कोलाई भन्नुभयो भनी सोधिएको प्रश्नमा साथी सरलाई भनेकोले ममीलाई आफूले नभनेको भन्ने बकपत्र गरेकी छिन्। त्यस्तै जाहेरवाली कुश्मा (ट) ले अदालतमा बकपत्र गर्दा बकपत्रको स.ज. १५ मा हामीले देखेको होइन छोरीले भनेको आधारमा भनेको हो भनी बकपत्र गरेकी छन्। यसरी जाहेरवालाहरूको भनाइ र पीडित भनिएकाहरूको भनाइसमेत परस्पर बाझिएको तथ्य स्पष्ट देखिएकोमा जाहेरवालाको किटानी जाहेरी भनी प्रमाणमा ग्रहण गरी म पुनरावेदकलाई दोषी करार गर्न मिल्ने होइन। त्यस्तै मौकामा कागज गर्ने रेजिना वि.क., तेजबहादुर र मानबहादुर क्षेत्रीसमेत घटनाका प्रत्यक्षदर्शी होइनन। वारदात भयो भनिएको दिन हाजिर नभएकी रेजिना र घटनास्थलभन्दा टाढा चित्रे घर भएका

मानबहादुर र तेजबहादुरले सुनेको कुराहरू भनेको अवस्था छ । निजहरू विद्यालयमा आएको अवस्था होइन । मैले भन्दै नभएको कुराहरू अनुसन्धानको बयानमा मलाई पढ्न लेख्न नदिई सहीछापसम्म गराइएको हो भनी मैले सुरू अदालतसमक्ष बयान गर्दा उल्लेख गरेको र मैले गरेको इन्कारी बयानलाई प्रमाण ग्रहण नगरी २०६८ सालमा भएको भनिएको कबुलियत नामाको कागज र पीडितहरूलाई होमवर्क नगर्दा पिट्ने र चिमट्ने गरेको भनी मैले गरेको बयानको गलत तर्क गरी मैले पीडित भनिएकाहरूलाई पुस्तकालयमा यौन दुर्व्यवहार गरेको भन्ने जस्ता गलत अर्थ लगाई मलाई दोषी करार गर्न सुरू अदालतले लिएको आधार अनुमान र मनोगत तर्कका आधारमा आधारित छ । त्यस्तै पीडित भनिएकाहरू कक्षा २ र ३ मा पढ्ने भनिएको र एउटा शिक्षकको २ वटा कक्षामा प्रथम पिरियड पढाउने हुन सक्दैन । पीडित कुश्मा (ज) वारदात मिति २०७२।२।२१ मा विद्यालयम हाजिर नभएको हाजिरी रजिस्टारबाट स्पष्ट देखिएको छ । हाजिर लिन छुटेको भनी मलाई गराइएको ततिम्बा बयान स्पष्ट झुट्टो देखिएको हुँदा सुरूबाट भएको फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको बमबहादुर खत्रीको पुनरावेदन अदालतमा परेको पुनरावेदन पत्र ।

यसमा प्रतिवादी बमबहादुर खत्रीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ९क नं. को कसुरको सोही महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र सोही महलको ९क नं. बमोजिम थप १ वर्ष कैदसमेत गरी जम्मा ११ वर्ष कैद सजाय हुने र ऐ. महलको १० नं. बमोजिम पीडितहरूले जनही रू. ५०,०००।- का दरले क्षतिपूर्ति पाउने ठहरी भएको सुरू पर्वत जिल्ला अदालतको मिति २०७२।६।११ को फैसला प्रमाण मूल्याङ्नको रोहमा फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं. को प्रयोजनार्थ पुनरावेदन सरकारी वकिल कार्यालय, बागलुङलाई पेसीको जानकारी दिई नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालतको मिति २०७२।९।२७ को आदेश ।

आफ्ना विद्यालयमा पढ्ने नाबालिकाहरूलाई पुस्तकालयभित्र लगी निज बालबालिकाहरूको स्तन समाउने, योनिमा मुसार्ने, आफ्नो लिङ्ग निकाली खेलाउन र चुस्न लगाउने साथै आफ्नो वीर्य स्खलन गराउने जस्ता अप्राकृतिक मैथुनका कार्यहरू गरेको भन्ने कुरा जाहेरवालाहरूले किटानी जाहेरी र निजहरूले गरेको बकपत्र तथा प्रतिवादीले गरेको कबुलियतनामासमेतबाट यी प्रतिवादी बमबहादुर खत्रीले अभियोग मागदाबीअनुसार कसुर गरेकोले निजलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(१) र ९क बमोजिम सजाय गर्ने गरेको सुरू पर्वत जिल्ला अदालतको मिति २०७२।०६।०१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने बेहोराको पुनरावेदन अदालत बागलुङको मिति २०७२।११।०५ को फैसला ।

घटनास्थल भनिएको लाइब्रेरी र निर्माणाधीन भवन नजिकै रहेकोमा सो भवनमा निर्माण गर्ने व्यक्तिहरू रहेको दिनको बिहान १० बजेदेखि ४ बजेसम्म पीडितलाई पालैपालो बोलाई लाइब्रेरीमा यौन दुर्व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का गराई पीडित भनिएकालाई लिङ्ग समाउन लगाउने, चुसाउने, खेलाउन लगाउने कुरा घरमा आई भनेको भनी झुट्टा जाहेरी दिई त्यस्तो वारदात नै सम्भव नहुने कुरालाई कसुर कायम गरी सुरू र पुनरावेदन अदालतले ११ वर्षसम्म कैद सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीको यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले वारदातको प्रकृति र वारदात स्थल तथा

वारदात समयलाई विचार गर्दा प्रतिवादीले कसुर गरेको भन्ने अवस्था देखिँदैन । अभियोग दाबी र पीडितको बयानलाई सही सत्य भन्दा पनि वारदात केवल उद्योगसम्मको देखिएको अवस्था हुँदा सोतर्फ विश्लेषण नै नगरी भएको पुनरावेदन अदालत बागलुङको फैसला त्रुटिपूर्ण हुँदा प्रत्यर्थी झिकाउने आदेश हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

प्रतिवादी बमबहादुर खत्रीले आफूले पढाउने गरेको श्री ज्ञानेन्द्र प्रा.वि. का छात्राहरूउपर बिगत समयमा पनि यौनजन्य दुर्व्यवहारसमेत गर्दै आएका र प्रस्तुत मुद्दाको वारदात मिति २०७२।०२।२१ मा कक्षा २ र ३ मा अध्ययन गर्ने पीडित छात्राहरूसमेतलाई डर धाक धम्की अनुचित प्रभाव झुक्यानमा पारी विद्यालय समयमा विद्यालय कक्षा कोठाभित्र राखी जबरजस्ती करणी र अप्राकृतिक मैथुन गरेको तथ्य पुष्टि भएकोले प्रतिवादीको उल्लिखित कार्य मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. विपरीत ३(१) र ९(क) नं. बमोजिम थप सजाय हुन र पीडितहरू ४४ कुश्मा (छ) ४४ कुश्मा (ज) र ४४ कुश्मा (झ) समेतलाई सोही महलको ९क, १०, १०(ग) नं. बमोजिम मनासिब क्षतिपूर्तिसमेत दिलाई पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग मागदाबी रहेकोमा प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(१) बमोजिम १० वर्ष कैद र सोही महलको ९क नं. बमोजिम थप १ वर्ष कैद गरी जम्मा ११ वर्ष कैद सजाय गरी पीडितलाई जनही रू.५०,०००।- क्षतिपूर्ति भराउने गरी भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत बागलुङको मिति २०७२।११।०५ को फैसलाउपर चित्त नबुझी प्रतिवादीको यस अदालतमा पुनरावेदन परेको देखिँदा पुनरावेदन अदालत बागलुङको फैसला मिलेको छ छैन र प्रतिवादीको पुनरावेदन जिकिर पुग्ने नपुग्ने के हो? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. यसमा निर्णयतर्फ विचार गर्दा, पीडित पढ्ने विद्यालयका शिक्षक प्रतिवादी बमबहादुर खत्रीले परिवर्तित नाम वर्ष ७ की कुश्मा (छ), वर्ष ९ की कुश्मा (ज) र वर्ष ६ की कुश्मा (झ) लाई ज्ञानेन्द्र प्रा.वि.को लाइब्रेरी कोठामा स्कुल समयमा पीडितलाई पालैपालो बोलाई लिङ्ग चुस्न लगाउने, लिङ्ग शरीर र योनिमा दल्ने पीडितलाई काखमा राखी चुम्बन गरी लिङ्ग खेलाउन लगाउने तथा जिउज्यान योनिमा घर्षण गरी वीर्य स्खलनसमेत गरी कसुर अपराध गरेकाले कानूनबमोजिम कारबाही गरिपाउँ भनी पीडितका अभिभावक परिवर्तित नाम कुश्मा (घ), कुश्मा (ङ) र कुश्मा (च) को जाहेरी परी प्रस्तुत मुद्दामा अनुसन्धान सुरू भएको देखिन्छ ।

३. मिसिल संलग्न रहेको घटनास्थल मुचुल्का र पीडितहरूले गरेको घटना विवरण कागजबाट श्री ज्ञानेन्द्र प्राथमिक विद्यालयका शिक्षक प्रतिवादी बमबहादुर खत्रीले पीडित नाबालिकाहरूलाई विद्यालय समयमा पालैपालो लाइब्रेरीमा बोलाई विभिन्न यौन दुर्व्यवहार गर्ने गरेको र मिति २०७२।०२।२१ गतेका दिन जाहेरी दरखास्तमा उल्लेख भएबमोजिमका क्रियाकलापहरू जस्तै आफ्नो लिङ्ग समाउन लगाउने शरीरका विभिन्न भागमा दल्ने, मुखमा लगेर चुस्न लगाउने, लिङ्ग योनिमा दल्ने, वीर्य निकाल्ने जस्ता कार्य गरेको भनी पीडित कुश्मा (छ) समेतले कागज गरिदिएको देखिन्छ ।

४. प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही विभिन्न रिसइवीको कारण गाउँलेले जाहेरी दिएका हुन् भनी बयान गरे पनि अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा पीडित भनिएका विद्यार्थीले गृहकार्य नगरेकाले छाती तथा अन्यत्र चिमोट्ने, पिट्ने गरेको चिमोट्दा कता चिमोटियो थाहा भएन । मिति २०६८।०५।०७ मा विद्यालयमा छलफल हुँदा मैले अरू कोही छात्रामाथि दुर्व्यवहार नगर्ने भनी कबुलियतनामा गरी मलाई सुध्रने मौका स्वरूप छाडिएको थियो । पीडितहरूलाई संवेदनशील अंगमा चिमोट्नेसमेत गर्नु मेरो गल्ती हो

भनी वारदातलाई स्वीकार गरी बयान गरेको देखिन्छ।

५. पीडितहरू अदालतमा उपस्थित भई बकपत्र गर्दा कुश्मा (ज) ले होमवर्क चेक गराउन जाँदा बमबहादुर सरले मेरो दूध छाम्ने, आफ्नो फोहोरी कुरामा मेरो हात लैजाने गर्नुहुन्थ्यो, यसो गरेको भनेमा पुलिसले लान्छन् भन्नुहुन्थ्यो, अनि आफ्नो फोहरी कुराबाट सेतो सेतो लेदो झार्नुहुन्थ्यो। सो कुरा टेकबहादुर सर र गंगा मिसलाई भनेकी थिएँ भनी लेखाएको अवस्था छ भने कुश्मा (झ) र कुश्मा (छ) ले सरले दूधमा समाउने, आफ्नो फोहोर कुरा छाम्न लगाउने र सो कुरा कसैलाई नभन्नु भन्नुहुन्थ्यो भनी जाहेरी लाई पुष्टि हुने गरी बकपत्र गरेको देखिन्छ। वादीका साक्षी विद्यालयमा कार्यरत शिक्षक टेकबहादुर भुवाजीले बकपत्र गर्दा यस विषयमा गाउँका अभिभावक र प्रतिवादीबीच झगडा र तनावको स्थिति सृजना भएको भनी वारदात घटेको कुरालाई समर्थन हुने गरी लेखाइदिएको देखिन्छ भने जाहेरवालाहरूले मौकाको जाहेरी समर्थन हुनेगरी अदालतमा समेत बकपत्र गरिदिएको देखिन्छ।

६. सामान्यत: महिला र पुरुषबीच स्वभाविकरूपमा हुने यौन एवं मैथुनको क्रियालाई प्राकृतिक मैथुन मानिने र प्राकृतिक तबरमा गरिने स्वभाविक मैथुनको क्रियाबाहेक अन्य अस्वाभाविक एवं अप्राकृतिक तरिकाबाट हुने विभिन्न प्रकारका यौनजन्य क्रियाकलाप र मैथुनलाई अप्राकृतिक मैथुन भनी बुझ्नुपर्ने हुन्छ। यो क्रियामा पुरुषको लिङ्ग महिला एवं स्त्रीको योनिमा प्रवेश गराउने क्रियादेखि बाहेक अन्य क्रियाकलापहरू जस्तै पुरुषको लिङ्ग खेलाउन लगाउने, लिङ्ग चुसाउने, लिङ्गलाई योनिबाहेक गुद्द्वार एवं मुखमा हाल्ने, निकाल्ने क्रिया गर्ने, लिङ्गलाई स्तन, मुख एवं गुद्द्वारको वरिपरि दल्ने, नाबालिका केटीहरूको स्तन समाउने, यौनाङ्ग मुसार्ने, स्त्री यौनाङ्गमा औला छिराउने आदि जस्ता क्रिया पर्ने गर्दछन्। प्रतिवादी शिक्षक कसुर प्रति अदालतको बयानमा इन्कार रहेपनि मौकामा प्रहरीसमक्ष पीडित छात्राले गृह कार्य नगरेको भनी चिमोट्ने तथा पिटने कार्यसम्म गरेको हो भनी तथ्यको नजिकसँग मिल्ने गरी बयान गरेका छन्। प्रतिवादीले प्रहरीसमक्ष गरेको बयानलाई हेर्दा पीडितहरूले आफूहरू उपर प्रतिवादीले अप्राकृतिक मैथुनको क्रिया गरेको भनी अदालतमा गरेको बकपत्रलाई नै संपुष्टि गरेको देखिन आउँछ। प्रतिवादीले आफ्नो लिङ्ग समाउन, खेलाउन र चुस्न लगाउने, छाती तथा शरीरका अन्य भागमा दल्ने जस्ता क्रियाहरू प्रतिवादी एवं पीडितका शारीरिक एवं यौनाङ्गको परीक्षण एवं पीडितको योनि रसको परीक्षणबाट देखिने कुरा नभई केबल सोको घटनाबाट पीडित भएका महिला, स्त्री एवं नाबालिका केटीहरूले मात्र मौकामा वा अदालतमा नै उपस्थित भएर कागज गरी दिएको वा बयान गरेको अवस्थालाई नै अन्य स्वतन्त्र प्रमाणहरूसँग केलाएर र दाँजेर हेर्नुपर्ने हुन्छ। यस्तो किसिमको वारदातमा पुरुष वीर्य पीडितको शरीर एवं कपडामा फेला पर्ने अवस्था नहुन पनि सक्छ। **एकै पटकको क्रियामा पीडितको योनि र गुद्द्वारलगायत शरीरका अन्य भागमा लिङ्ग दलदाल एवं घर्षण गर्नुको अतिरिक्त लिङ्गसँग सम्बन्धित उपर्युक्त प्रकृतिका अन्य अप्राकृतिक किसिमका क्रियाकलापहरू गरेको अवस्था नै अप्राकृतिक मैथुनको कसुर गरेको मानिन जान्छ।** नाबालिकाउपरको अप्राकृतिक मैथुनको क्रिया आफैँ मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९क नं. ले जबरजस्ती करणीको कसुरको दायराभित्र पर्ने गरी परिभाषासमेत गरेको पाइन्छ।

७. प्रस्तुत मुद्दामा शिक्षकसमेत रहेका बमबहादुर खत्रीले आफ्नै विद्यालयमा अध्ययन गर्ने नाबालिका छात्रालाई गृहकार्य चेक गर्ने भनी पुस्तकालय कक्षमा पालैपालो बोलाई लगी नाबालिकाहरूको स्तन खेलाउने, यौन अंग मुसार्ने, आफ्नो लिङ्ग समाउन वा खेलाउन लगाउने, लिङ्ग चुस्नसमेत लगाई आफ्नो वीर्य स्खलन गराउने गरेको क्रिया भए

गरेको तथ्य मिसिल संलग्न कागजहरूबाट देखिन आउँछ । यसरी प्रतिवादी शिक्षकले आफ्नै छात्राहरू पीडित नाबालिकाहरूलाई अप्राकृतिक मैथुनका क्रिया गरी नैतिक शिक्षा सिकाउनुपर्ने शिक्षक जस्तो मर्यादित पेसालाई नै लज्जाबोध हुनेगरी नाबालिका छात्राउपर अप्राकृतिक मैथुनको कसुर गरेको तथ्य मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, मौकाको कागज र जाहेरवाला तथा पीडितहरू स्वयं अदालतमा उपस्थित भई गरेका बकपत्रसमेतबाट पुष्टि भइरहेको देखिन आउँछ।

८. मुलुकी ऐन, जबरजस्ती करणीको महलको कानूनी व्यवस्थालाई हेर्दा सो महलको ९क नं. मा ***"कसैले कुनै नाबालकसँग कुनै किसिमको अप्राकृतिक मैथुन गरे गराएमा जबरजस्ती करणी गरेको मानी यसै महलको ३ नं. बमोजिम हुने सजायमा थप एक वर्षसम्म कैद गरी त्यस्तो नाबालकलाई निजको उमेर र उसलाई पुग्न गएको मर्कासमेत विचार गरी अदालतले अप्राकृतिक मैथुन गर्नेबाट मनासिब माफिकको क्षतिपूर्तिसमेत भराई दिनुपर्छ"*** भन्ने कानूनी व्यवस्था भएको देखिन्छ।

९. उल्लिखित कानूनी व्यवस्थाले पीडितलाई नाबालक भनी उल्लेख गरेको सन्दर्भमा पुरूष वा महिला नाबालक भनी उल्लेख नगरेबाट दुवै लिङ्गका नाबालकलाई बुझ्नुपर्ने र यस्ता नाबालकउपर गरेको अस्वाभाविक यौन क्रियाकलापलाई अप्राकृतिक मैथुनको दर्जामा राखेको पाइन्छ । त्यसैगरी जबरजस्ती करणी महलको ९क. ले नाबालक एवं नाबालिकाउपरको अप्राकृतिक मैथुनको क्रियालाई जबरजस्ती करणीको १ नं. को कसुरको दायराभित्रको परिभाषामा समेटी सोही महलको ३ नं. ले १० वर्षभन्दा कम उमेरको बालिकालाई जबरजस्ती करणी गरेमा १० वर्षदेखि १५ वर्षसम्म कैदको सजाय हुने व्यवस्था गरेको देखिँदा पीडितहरूको उमेर ६, ७ र ९ वर्षको रहेको सन्दर्भमा उल्लिखित कानूनी व्यवस्थाबमोजिम प्रतिवादीले नाबालिकाउपर अप्राकृतिक मैथुन गरेको ठहर गरी प्रतिवादीलाई १० वर्ष कैद र १ वर्ष थप कैदसमेत गरी जम्मा ११ वर्ष कैद गरेको पुनरावेदन अदालतको फैसलालाई मोल्हुसेन हेन्ड्रिक ओटो वि. नेपाल सरकार भएको अप्राकृतिक मैथुन र जबरजस्ती करणी मुद्दामा (ने.का.प.२०६९ कात्तिक नि.नं.८८६०, पृ.१०९६) श्री सर्वोच्च अदालतबाट प्रतिपादन भएको सिद्धान्तसमेतको आधारमा अन्यथा भन्न मिलेन।

१०. तसर्थ, माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी बमबहादुर खत्रीले जबरजस्ती करणीको महलको १ नं. र सोही महलको ९क नं. विपरीतको कसुर गरेको तथ्य पुष्टि भएकोले निजलाई सोही महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष साथै ९क नं. बमोजिम थप १(एक) वर्ष कैद गरी जम्मा ११ वर्ष कैद र ऐ. महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडित कुश्मा (छ), कुश्मा (ज) र कुश्मा (झ) लाई जनही रू.५०,०००।- क्षतिपूर्ति भराई दिने ठहऱ्याई भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत बागलुङको मिति २०७२।११।०५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. पुरूषोत्तम भण्डारी

इजलास अधिकृत: ढाकाराम पौडेल
इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम्।

निर्णय नं. १००२०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ
माननीय न्यायाधीश श्री टंकबहादुर मोक्तान
आदेश मिति : २०७५।३।२८
०७४-WH-०११५

मुद्दाः बन्दीप्रत्यक्षीकरण

निवेदक : नुवाकोट जिल्ला, बेलकोटगढी नगरपालिका वडा नं.१३ बस्ने अभिवक्ता नरोत्तम पाण्डेको हकमा शारदा पाण्डे

विरूद्ध

विपक्षी : नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

- **संविधान र प्रचलित कानूनबमोजिम राज्य सञ्चालनको व्यवस्थाले मात्र कानूनी राज्यको स्थापना र प्रवर्द्धनमा सहयोग पुग्ने हुन्छ । सार्वजनिक अधिकारप्राप्त निकाय वा पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा नगर्दा कानूनको परिधिभित्र रहेर कानूनबमोजिम गरेमा मात्र कानूनको शासन स्थापित गर्न मद्दत पुग्ने ।**
- **कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी बिना आधार र कारण व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन् गर्ने अधिकार संविधान र कानूनले कसैलाई पनि प्रदान गरेको छैन । व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्दा संवेदनशील हुनुपर्ने ।**

(प्रकरण नं.५)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री एकराज भण्डारी, विद्वान् अधिवक्ताद्वय श्री दयाभक्त डंगोल र श्री कान्तिराम ढुङ्गाना

विपक्षीका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री लोकबहादुर कटुवाल

अवलम्बित नजिर :

- ने.का.प. २०६८, अंक ८, नि.नं.८६७२

सम्बद्ध कानून :

- केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७

आदेश

न्या.बमकुमार श्रेष्ठ : नेपालको संविधानको धारा ४६ र धारा १३३ को उपधारा (२) र (३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने भई दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः

निवेदक कानून व्यवसायी र पत्रकारितामा संलग्न भएकै कारण विभिन्न सामाजिक कार्यक्रममा सहभागी हुँदै आउनु भएको छ। मिति २०७५/०३/१६ मा का.जि. तारकेश्वर न.पा. नेपालटारस्थित गणतान्त्रिक सम्पर्क समाजद्वारा आयोजित वैधानिक एवं राजनीतिक छलफल कार्यक्रममा सहभागी हुन गएको अवस्थामा दिउसो अन्दाजी १:१५ बजे तारकेश्वर नगरपालिका, नेपालटारस्थित ग्रामीण आदर्श क्याम्पसको हलबाट गिरफ्तार गरी प्रहरी वृत्त तथा प्रहरी प्रभाग सोह्रखुट्टेको हिरासतमा राखिएकोमा मिति २०७५।३।१७ का दिन रिहा गरियो। तर निवेदकलाई आजका मितिसम्म रिहा नगरी वृत्त बालाजुको हिरासतमा मानसिक र शारीरिक यातना दिई राखिएको आशंका विद्यमान भएकाले निवेदकको हकमा प्रस्तुत निवेदन लिई अदालतसमक्ष उपस्थित भएको छु। निवेदकले कुनै पनि गैरकानूनी कार्य गर्नुभएको छैन । विपक्षीहरूले निवेदकलाई के, कति कारणले थुनामा राखिएको हो भनी जानकारी

माग्दा नदिएको र माननीय मन्त्रीज्यूको आदेशमा पक्राउ गरिएको र अनुसन्धानका लागि भन्दै गैरकानूनी थुनामा रहनुभएको निवेदकलाई आजका मितिसम्म रिहा नगरिएको हुँदा नेपालको संविधानको धारा १६(१), १७(१) र १७(२) को (क), (ख), (ग), (घ), (ङ), (च), धारा १८(१), धारा २०(१), (२), (३), (८),धारा २२ समेतद्वारा प्रदत्त मौलिक हक अधिकार कुण्ठित हुन गएकाले विपक्षीहरूले सुनियोजित मिलेमतोमा बिना कारण पक्राउ गरी गैरकानूनी थुनामा राखिएका निवेदक नरोत्तम पाण्डेलाई तुरुन्त सम्मानित अदालतसमक्ष उपस्थित गराई गैरकानूनी थुनाबाट मुक्त गर्न उल्लिखित विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदक नरोत्तम पाण्डेको हकमा शारदा पाण्डेको मिति २०७५।३।२२ को निवेदन पत्र।

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने मुनासिब आधार, कारण र प्रमाण भए सोसमेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले २४(चौबीस) घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत बन्दी र लिखित जवाफसहित उपस्थित हुन आउनू भनी विपक्षीहरू र महानगरीय प्रहरी वृत्त बालाजु र ऐ.का प्रमुखलाई यो आदेश र निवेदन पत्रको प्रतिलिपिसमेत साथै राखी म्याद सूचना जारी गरी नियमानुसार पेस गर्नू भनी यस अदालतबाट मिति २०७५/०३/२४ मा भएको आदेश।

विपक्षी रिट निवेदक नरोत्तम पाण्डेलाई गैरकानूनी तवरले पक्राउ गरी हिरासतमा राख्नेलगायतका कुनै कार्य यस कार्यालय तथा कार्यालय प्रमुखसमेतबाट गरिएको छैन । अतः विपक्षी रिट निवेदकले कपोलकल्पित झुट्टा बेहोरा उल्लेख गरी यस परिसर र परिसर प्रमुखलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दायर गर्नुभएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन बदरभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको महानगरीय प्रहरी परिसर काठमाडौंको र ऐ.का प्रमुखका तर्फबाट पर्न आएको संयुक्त लिखित जवाफ।

विपक्षी रिट निवेदक नरोत्तम पाण्डेलाई यस कार्यालयबाट पक्राउ नगरिएको हुँदा हिरासतमा समेत राखिएको छैन । अतः विपक्षी रिट निवेदकले कपोलकल्पित झुट्टा बेहोरा उल्लेख गरी यस कार्यालयसमेतलाई विपक्षी बनाई सम्मानित अदालतसमक्ष दायर गर्नुभएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन बदरभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको महानगरीय प्रहरी वृत्त बालाजु र ऐ.का प्रमुखकातर्फबाट पर्न आएको संयुक्त लिखित जवाफ।

विपक्षी रिट निवेदक नरोत्तम पाण्डेको हकमा शारदा पाण्डेले यस कार्यालयसमेतलाई विपक्षी बनाई पेस गरेको बन्दीप्रत्यक्षीकरण मुद्दामा मिति २०७५/०३/१६ मा अन्दाजी १६:०० बजे यस कार्यालय मातहत काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका वडा नं.१० नेपालटार स्थित ग्रामीण आदर्श कलेजमा केही मानिसहरू भेला जम्मा भई अवाञ्छित गतिविधि सञ्चालन गरिरहेका छन् भन्ने सूचनाको आधारमा यस प्रहरी कार्यालयबाट प्रहरी अधिकृतसमेतको टोली उल्लिखित स्थानमा खटिई गई बुझ्दा विपक्षी नरोत्तम पाण्डेसमेतका मानिसहरूले समाजको शान्ति सुरक्षामा खलल् पुऱ्याई सर्वसाधारण जनमानसमा भय त्रास सिर्जना गर्ने गरी गतिविधि सञ्चालन गर्नको लागि भेला भई योजना बनाइरहेको अवस्थामा फेला पारी सम्झाई बुझाई गर्दा उक्त सुरक्षा टोलीउपर निजले कर्तव्य पालन गर्नमा बाधा अवरोध पुऱ्याई सार्वजनिक स्थानमा जथाभावी व्यवहार गरेकाले निज विपक्षीहरूलाई पक्राउ गरी केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ बमोजिम अनुसन्धान गर्न सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम मजकुर जिल्ला प्रशासन कार्यालय,

बबरमहल, काठमाडौंबाट हिरासत म्याद लिई जिल्ला सरकारी वकिल कार्यालय बबरमहल काठमाडौंमा बयान गर्ने कार्य सम्पन्न भएकोमा उक्त कार्य सम्पन्न गरी रायसहित मिसिल पेस गर्न बाँकी रहेकोले मिति २०७५/०३/२३ बाट लागू हुने गरी तेस्रो पटक ६(छ) दिनको हिरासत म्याद थप गरिएको हो। निज विपक्षीलाई गैरकानूनीरूपमा थुनामा राखिएको होइन। अतः विपक्षी निवेदकले दिएको निवेदनमा झुट्टा बेहोरा लेखी लेखाई पेस गरेकाल बन्दीप्रत्यक्षीकरणको रिट खारेज गरी कानूनबमोजिम हुन सम्मानित सर्वोच्च अदालतसमक्ष गरिएको अनुरोधसहित महानगरीय प्रहरी वृत्त बालाजु र ऐ.का प्र.ना.उ. चिरञ्जिवी कोइरालाको तर्फबाट पर्न आएको लिखित जवाफ।

रिट निवेदकले प्रमुख जिल्ला अधिकारी र यस कार्यालयलाई विपक्षी कायम गर्दा सुनियोजित मिलेमतोमा राजनीतिक आस्था र विचारको आधारमा विना कारण पक्राउ गरी केही सार्वजनिक अपराध मुद्दामा गैरकानूनी थुनामा राखिएको भन्ने विषयलाई मुख्य रूपमा उठान गर्नुभएको देखिन्छ। केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ५(१) को व्यवस्थाअनुसार प्रमुख जिल्ला अधिकारी अर्थात् मुद्दा हेर्ने अधिकारीलाई सोही ऐनको दफा ४(२) तथा सोको प्रतिबन्धात्मक वाक्यांशको व्यवस्थाअनुसार म्याद तथा हदम्याद थप गर्ने स्पष्ट अधिकार प्रदान गरेको देखिँदा प्रस्तुत रिट निवेदन प्रमुख जिल्ला अधिकारी र यस कार्यालयको हकमा खारेज भागी छ। प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालय काठमाडौं र ऐ.का प्रमुख जिल्ला अधिकारीका तर्फबाट पर्न आएको लिखित जवाफ।

"मिति २०७५/०३/१६ गते अन्दाजी १६:०० बजे यस कार्यालय मातहत काठमाडौं जिल्ला, तारकेश्वर नगरपालिका वडा नं.१० नेपालटार स्थित ग्रामीण आदर्श कलेजमा केही मानिसहरू भेला जम्मा भई अवाञ्छित गतिविधि सञ्चालन गरिरहेका छन् भन्ने सूचनाको आधारमा यस कार्यालयबाट प्रहरी कार्यालयबाट प्रहरी अधिकृतसमेतको टोली उल्लिखित स्थानमा खटिई बुझ्दा विपक्षी नरोत्तम पाण्डेसमेतका मानिसहरूले समाजको शान्ति सुरक्षामा खलल् पुऱ्याई सर्वसाधारण जनमानसमा भय त्रास सिर्जना गर्ने गरी गतिविधि सञ्चालन गर्नको लागि भेला भई योजना बनाइरहेको अवस्थामा फेला पारी सम्झाई बुझाई गर्दा उक्त सुरक्षा टोलीउपर निजले कर्तव्य पालन गर्नमा बाधा अवरोध पुऱ्याई सार्वजनिक स्थानमा जथाभावी व्यवहार गरेकाले निज विपक्षीहरूलाई पक्राउ गरी केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ बमोजिम अनुसन्धान गर्न सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम मजकुर जिल्ला प्रशासन कार्यालय, बबरमहल, काठमाडौंबाट हिरासत म्याद लिई जिल्ला सरकारी वकिल कार्यालय बबरमहल काठमाडौंमा बयान गर्ने कार्य सम्पन्न भएकोमा उक्त कार्य सम्पन्न गरी रायसहित मिसिल पेस गर्न बाँकी रहेकोले मिति २०७५/०३/२३ बाट लागू हुने गरी महानगरीय प्रहरी परिसर टेकुबाट तेस्रो पटक ६(छ) दिन हिरासतमा राख्न म्याद थप गरिएको हो। निज विपक्षीलाई गैरकानूनी रूपमा थुनामा राखिएको होइन। अतः प्रहरी प्रधान कार्यालय नक्सालसमेतलाई विपक्षी बनाई दायर भएको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भनी प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौंको तर्फबाट पर्न आएको लिखित जवाफ।

गृह मन्त्रालय संविधान एवं कानूनप्रदत्त नागरिकका हकाधिकारको संरक्षण गर्न सदा कटिबद्ध रहेको छ। प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले कुनै मुद्दाको सन्दर्भमा व्यक्तिलाई अनुसन्धानको क्रममा पक्राउ गरी अनुसन्धान गर्न पाउने नै हुन्छ। मुद्दाको अनुसन्धान प्रक्रियालाई बाधा पुग्ने गरी यस मन्त्रालयले आदेश दिन मिल्दैन। कुनै पनि नागरिकलाई गैरकानूनीरूपमा पक्राउ गर्न र थुनामा राख्नको लागि मन्त्रालयले मातहत

निकायलाई कुनै किसिमको आदेश निर्देशन दिएको छैन । मन्त्रालयको के, कस्तो काम कारबाहीबाट निवेदकको के, कस्तो हकाधिकार कुण्ठित हुन गएको हो भनी निवेदकले निवेदनमा ठोस एवं वस्तुनिष्ठ आधार र कारणसमेत दर्शाउन सक्नुभएको छैन। यसरी विना आधार र प्रमाण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर गरेको निरर्थक रिट निवेदन खारेजभागी हुँदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भनी गृहमन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ।

रिट निवेदकहरूले रिट निवेदनको प्रकरण ५ मा गृह मन्त्रीज्यूको आदेशमा निवेदकहरूलाई पक्राउ गरी थुनामा राखिएको भन्नेसमेतको बेहोरा सरासर गलत छ। विधिको शासन र संविधानको पूर्ण पालना गर्ने व्यक्ति भएको हुँदा मैले कसैलाई पनि गृहमन्त्रीको हैसियतमा गलत र ठाडो आदेश दिई थुनामा राख्न लगाएको छैन। तसर्थ, म र मेरो मन्त्रालय संविधान र कानून प्रदत्त नागरिकका हकाधिकारको संरक्षण गर्न सदा कटिबद्धता रहेको छ। प्रचलित कानूनको अधीनमा रही अधिकारप्राप्त अधिकारीले कुनै मुद्दाको सन्दर्भमा व्यक्तिलाई अनुसन्धानको क्रममा पक्राउ गरी अनुसन्धान गर्न पाउने नै हुन्छ। मुद्दाको अनुसन्धान प्रक्रियालाई बाधा पुग्ने गरी मैले आदेश दिन मिल्दैन र कुनै पनि नागरिकलाई गैरकानूनीरूपमा पक्राउ गर्न र थुनामा राख्नको लागि मातहत निकायलाई कुनै किसिमको आदेश निर्देशन दिएको पनि छैन। यसरी विना आधार र प्रमाण मसमेतलाई विपक्षी बनाई दायर गरेको निरर्थक रिट निवेदन खारेजभागी हुँदा यस मन्त्रालयको हकमा रिट निवेदन खारेज गरिपाउँ भनी गृहमन्त्री रामबहादुर थापा ‹बादल› को तर्फबाट पर्न आएको लिखित जवाफ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री एकराज भण्डारी, विद्वान् अधिवक्ताद्वय श्री दयाभक्त डंगोल र श्री कान्तिराम ढुङ्गानाले निवेदक कानून व्यवसायी र पत्रकारितामा संलग्न भएको कारण विभिन्न सामाजिक कार्यक्रममा सहभागी हुँदै आउनु भएको छ। मिति २०७५/०३/१६ मा का.जि. तारकेश्वर न.पा. नेपालटारस्थित गणतान्त्रिक सम्पर्क समाजद्वारा आयोजित वैधानिक एवं राजनीतिक छलफल कार्यक्रममा सहभागी हुन गएको अवस्थामा दिउँसो अन्दाजी १:१५ बजे तारकेश्वर नगरपालिका, नेपालटारस्थित ग्रामीण आदर्श क्याम्पसको हलबाट गिरफ्तार गरी प्रहरी वृत्त तथा प्रहरी प्रभाग सोह्रखुट्टेको हिरासतमा राखिएकोमा त्यहाँबाट महानगरीय प्रहरी वृत्त बालाजुमा लगी निवेदकलाई आजका मितिसम्म हिरासतमा मानसिक र शारीरिक यातना दिई राखिएको छ। निवेदकलाई मिति २०७५।३।१६ मा पक्राउ गरी मिति २०७५।३।२८ सम्म तेस्रोपटक म्याद थप गरेको छ। विपक्षीहरूले विना आधार कारण ७ दिनभन्दा बढी थुनामा राख्न नपाउने हुँदा निवेदन मागबमोजिम आदेश जारी हुनुपर्दछ भनी तथा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री लोकबहादुर कटुवालले विपक्षी निवेदकसमेतका व्यक्तिहरू भेला जम्मा भई सार्वजनिक शान्ति खलबलाउने,समाजमा डर त्रास फैलाउने योजना गरिरहेको अवस्थामा निजलाई पक्राउ गरिएको हो। कानूनको उल्लङ्घन गर्ने व्यक्तिलाई पक्राउ गरी अनुसन्धान तहकिकात गर्न पाउने कानूनी व्यवस्था रहेको हुँदा निवेदकको थुना गैरकानूनी नभएको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था नरहेकाले निवेदन खारेज हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो।

उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत मुद्दामा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. सो सन्दर्भमा विचार गर्दा, निवेदकलाई बिना कारण पक्राउ गरेको र केही सार्वजनिक (अपराध

र सजाय) ऐन, २०२७ बमोजिम ७ दिनभित्र मुद्दा दायर गरी सक्नु पर्नेमा मुद्दा दायर नगरी तेस्रो पटकसम्म म्याद थप गरी बिना आधार र कारण ७ दिनभन्दा बढी गैरकानूनी रूपमा थुनामा राखेको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भन्ने निवेदन माग दाबी रहेकोमा निवेदकसमेतका व्यक्तिहरू भेला जम्मा भई सार्वजनिक शान्ति खलबलाउने, समाजमा डर त्रास फैलाउने योजना गरिरहेको अवस्थामा निजलाई पक्राउ गरिएको हो । कानूनको उल्लङ्घन गर्ने व्यक्तिलाई पक्राउ गरी अनुसन्धान तहकिकात गर्न पाउने कानूनी व्यवस्था रहेको हुँदा निवेदकको थुना गैरकानूनी नभएको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था नरहेकाले निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत लिखित जवाफ रहेको पाइयो।

३. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को दफा ४ मा निम्न व्यवस्था रहेको छ।

दफा ४. मुद्दा दायर गर्ने हदम्यादः(१) यस ऐनअन्तर्गतको मुद्दा वारदात भएको सात दिनभित्र दायर गरी सक्नुपर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्यायमा पर्ने कुनै व्यक्तिले यस ऐनअन्तर्गतको मुद्दाको कारबाई चलाउन चाहेमा बाटाका म्यादबाहेक वारदात भएको ७ दिनभित्र प्रहरीमा उजुर गर्नुपर्छ। त्यस्तोमा उजुर परेको मितिले उपदफा(१) बमोजिम म्याद प्रारम्भ हुनेछ।

तर, वारदात भएको सात दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैंतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरी दिन सक्नेछ।

४. उपर्युक्त कानूनी व्यवस्थाअनुसार निवेदकलाई सार्वजनिक शान्ति भङ्ग गर्ने कार्य गरेको भनी मिति २०७५/०३/१६ का दिन पक्राउ गरी केही सार्वजनिक (अपराध तथा सजाय) ऐन, २०२७ अन्तर्गतको कसुरमा तेस्रोपटक म्याद थप गरी थुनामा राखेको देखियो। उक्त ऐनको दफा ४ को कानूनी प्रावधानअनुसार वारदात भएको मितिले ७(सात) दिनभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष मुद्दा दायर गरिसक्नुपर्नेमा विपक्षी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट तेस्रो पटक म्याद थप गरेको पाइयो। सोही ऐनको उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा वारदात भएको ७ (सात) दिनभित्र मुद्दा दायर गर्न नसकेमा मनासिब माफिकको कारण भएमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको ३५ दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरिदिन सक्नेछ भन्ने कानूनी प्रावधान रहेको छ । मिसिल संलग्न मिति २०७५।३।२३ को म्याद थप आदेश हेर्दा निवेदकको हकमा थुनामा राखी मुद्दाको अनुसन्धान गर्नुपर्ने वस्तुनिष्ठ औचित्यपूर्ण आधार कारण केही पनि उल्लेख गरेको पाइएन।

५. राज्यको सार्वभौमसत्ता राज्यको शासकीय क्षमताबाट प्रदर्शित हुने हो । संविधान र प्रचलित कानूनबमोजिम राज्य सञ्चालनको व्यवस्थाले मात्र कानूनी राज्यको स्थापना र प्रवर्द्धनमा सहयोग पुग्ने हुन्छ। सार्वजनिक अधिकारप्राप्त निकाय वा पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा नगर्दा कानूनको परिधिभित्र रहेर कानूनबमोजिम गरेमा मात्र कानूनको शासन स्थापित गर्न मद्दत पुग्ने हुन्छ । कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी बिना आधार र कारण व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन् गर्ने अधिकार संविधान र कानूनले कसैलाई पनि प्रदान गरेको छैन । व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्दा संवेदनशील हुनुपर्ने हुन्छ।

६. यसै सन्दर्भमा निवेदक लोप्साङ शेर्पासमेत, विपक्षी जिल्ला प्रशासन कार्यालय,

काठमाडौंसमेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दा (ने.का.प. २०६८, अंक ८, नि.नं. ८६७२) मा यस अदालतको संयुक्त इजलासबाट मिति २०६८।३।२६ मा *"कानूनद्वारा सात दिनभित्र मुद्दा दायर गर्नुपर्ने भनी अनिवार्य गरेकोमा सो अवधिमा मुद्दा दायर नगरेकोमा सोको ठोस एवं मनासिब कारणबिना नै पुनः १० दिन म्याद थप गरी थुनामा राखेको कार्य कानूनबमोजिम मान्न नमिल्ने । वैयक्तिक स्वतन्त्रताको अपहरण हुनु अति संवेदनशील विषय हो । यस्तो विषयमा अदालत गम्भीर हुनुपर्दछ । कुनै पनि व्यक्तिलाई पक्राउ गरिसकेपश्चात् के कुन कसुरमा पक्राउ गरिएको हो भन्ने जानकारीसहितको थुनुवा पुर्जी दिनुपर्ने कानूनी राज्यको न्यूनतम् मापदण्ड मात्र नभई त्यसरी पक्राउ गरी थुनामा राख्नुको कारणसहितको सूचना पाउनु पर्ने हरेक व्यक्तिको मौलिक हक नै हो । नेपालको अन्तरिम संविधानको धारा २४ ले यसलाई व्यक्तिको मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ । केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ को कसुरमा कसुरदारलाई बिना वारेन्ट पक्राउ गर्न सकिने व्यवस्था उक्त ऐनको दफा (३) मा भए पनि त्यसरी थुनामा राख्नुको कारणसहितको थुनुवा पुर्जी दिन नपर्ने भन्ने व्यवस्था उक्त ऐनमा भएको नदेखिँदा कानूनबमोजिमको थुनुवा पुर्जी अनिवार्य रूपमा दिनुपर्ने ।"* भनी सिद्धान्त प्रतिपादन भएको छ ।

७. तसर्थ माथि विवेचित आधार कारण र प्रतिपादित सिद्धान्तका आधारमा निवेदकउपर वारदात भएको मितिबाट ७(सात) दिनभित्र मुद्दा दर्ता नगरी पटकपटक म्याद थप गरेको र निवेदकलाई थुनामा राखी मुद्दाको अनुसन्धान गर्न अनुमति दिई थुनामा राख्ने गरेको सो कार्य कानूनसम्मत नभई निवेदकलाई गैरकानूनी थुनामा राखेको देखिएकोले निवेदकलाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनू भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको प्रतिलिपि साथै राखी सोको जानकारी विपक्षीहरूलाई दिनू । प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.टंकबहादुर मोक्तान

उपरजिस्ट्रार: शिवलाल पाण्डेय
इति संवत् २०७५ साल असार २८ गते रोज ५ शुभम् ।

सर्वोच्च अदालत